CC-0. Digitized by eGangotri and MIDF- Delhi

भट्टोजिदीक्षितविरचित
वैयाकरण सिद्धान्तकौमुदी
'रञ्जना' नेपाली व्याख्या संवलित



स्वरवैदिकी प्रक्रिया

डा.शालिग्राम सुवेदी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैयाकरणसिद्धान्तकौमुदी
'रञ्जना'नेपाली व्याख्या संवलित

स्वरवैदिकी प्रक्रिया

व्याख्याकार : डा.शालिग्राम सुवेदी
नव्य व्याकरणाचार्य पिएच.डी.
सह प्राध्यापक
नेपाल संस्कृत विश्वविद्यालय विन्दुवासिनी संस्कृत विद्यापीठ,पोखरा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशक	: स्याङ्जा साहित्य प्रतिष्ठान, स्याङ्जा ।
संस्करण	: प्रथम २०७१ श्रीपञ्चमी
सर्वाधिकार	: व्याख्याकारमा
प्रकाशित सङ्ख्या	: १००१ प्रति
मूल्य	: ३२५/-
ISBN	: ९७८-९९३७-२-९३३९-६
कम्प्युटर	: रमेश सुवेदी
मुद्रक	:बन्धु अफ्सेट प्रेस पोखरा- ९,नयाँबजार
ईमेल्	:bandhupress@gmail.com,gov_yours@Yahoo.com

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समर्पण

व्याकरण–न्याय–पुराण–इतिहास–धर्मशास्त्रादि अनेक शास्त्रको परिशीलनबाट प्राप्त ज्ञानज्योतिद्वारा समाजलाई समुज्ज्वल गरी अग्रता प्रदान गर्ने, तथा सत्प्रेरणा र शुभाशीर्वादसहित मलाई पनि व्याकरण पढाउने र पढ्ने अवसर प्रदान गर्ने एवम् राधाकृष्णका चरणोपासक प्रातः स्मरणीय स्वर्गीय पिता मुक्तिनाथ सुवेदीको स्मृतिमा सादर समर्पित ।

समर्पक
डा.शालिग्राम सुवेदी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नमो वाग्देवतायै

शुभाशंसा

व्याकरण खास गरेर भारतीय भाषा र यसभन्दा बढी संस्कृत भाषाको मर्यादा र अनुशासन कायम गर्ने विषय हो। यसै कारण यसलाई शब्दानुशासन भनिन्छ । शब्दानामनुशासनं शब्दानुशासनम् हो । पतञ्जलिले पाणिनीय अनुशासन या अष्टाध्यायीका सूत्रहरूको व्याख्याको प्रारम्भमा महाभाष्यको मङ्गलाचरणको रूपमा 'अथ शब्दानुशासनम्' भनेर यसै कारण लेखेका छन् । अनुशासन शब्दको व्युत्पत्ति हो 'अनुशिष्यन्ते = असाधुशब्देभ्यो विविच्य बोध्यन्ते ।' व्याकरणले आफ्नो प्रवृत्ति भएका शब्दहरू साधु र प्रयोगार्ह र आफ्नो प्रवृत्ति हुन नसक्ने या नभएकाहरूलाई असाधु र अप्रयोगार्ह मान्दछ । साधुशब्दको प्रयोग भएमा धर्म, पुण्य र सफलता प्राप्त हुन्छ भने असाधुशब्दको प्रयोग भएमा अधर्म, अपुण्य र असफलता प्राप्त हुन्छन् । यसै कारण, महाभाष्यकार पतञ्जलिले महाभाष्यको प्रथमाह्निकमा र भर्तृहरिले 'वाक्यपदीयम्'को ब्रह्मकाण्डमा लेखेका छन् – "समानायामर्थावगतौ शब्दैश्चापशब्दैश्च शास्त्रेण धर्मनियमः क्रियते" "वाचकत्वाविशेषेऽपि नियमः पुण्यपापयोः।" यस कारण शब्दहरूको साधुता जान्नु पर्दछ र जनाउनु पर्दछ। सो जान्नका लागि उपायहरू गर्नु पर्दछ। यसै उपाय अन्तर्गत नेपाली भाषामा लिखित प्रकृत व्याख्या हो । व्याकरणाध्यायनका शास्त्रीय फलहरू हुन् – व्याकरणज्ञानद्वारा वेदमन्त्रहरूको संरक्षण, मन्त्रहरू र वचनहरूमा अनुकूल विभक्तिविपरिणाम, व्याकरण पढ्नु पर्दछ या व्याकरण पढ भनेर दिइएको आगमादेशको परिपालन, लघुता र सन्देहको अभाव । लौकिक प्रयोजनहरूमा व्याकरणको पठनीयतामा यो श्लोक प्रसिद्ध नै छ –

यद्यपि बहुनाधीषे तथापि पठ पुत्र व्याकरणम् ।
श्वजनः स्वजनो मा भूत् सकलं शकलं सकृच्छकृत् ॥ अर्थात् धेरै विद्याहरू र शास्त्रहरू पढ्न नसके पनि व्याकरण त पढ्नु नै पर्दछ, अन्यथा श्वजन (कुकुर) अर्थमा आफ्ना मानिस अर्थ भएको स्वजन शब्दको तथा खण्डमा (टुक्रा अर्थमा) सम्पूर्णताको बोधक सकल शब्दको एवम् एक पटक भन्ने अर्थमा शकृत्– विष्टाबोधक शब्दको प्रयोग पनि हुन सक्छ । यसरी संस्कृतवाङ्मयका अध्येता र तत्समशब्दका प्रयोक्ताहरूलाई त व्याकरणको अध्ययनको आवश्यकता छ नै । व्याकरणशास्त्रका पारखीहरू भन्छन् –निघण्टुशास्त्र वा कोशज्ञानविनाको वैद्य र कविराज, व्याकरणज्ञानविनाको अन्य शास्त्रहरूको पनि विद्वान् र तालिम एवम् प्रशिक्षण विनाको सैनिक दुई कौडीका हुन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपहासका पात्र हुन्छन् । र यिनीहरू सफल हुँदैनन् । देश र जनतालाई ठग्ने खालका हुन्छन् –

निघण्टुना विना वैद्यो विद्वान् व्याकरणं विना ।
अनभ्यासेन धानुष्कस्त्रयो हास्यस्य भाजनम् ॥ (भावप्रकाश निघण्टु भूमिका) ।

ज्योतिषशास्त्रका विद्वान् एवम् शास्त्रकार सिद्धान्तशिरोमणिकार लेख्दछन् –

यो वेद वेदवदनं सदनं हि सम्यक् ब्राह्म्याः स वेदमपि वेद किमन्यशास्त्रम् ।
यस्मादतः प्रथममेतदधीत्य धीमान् शास्त्रान्तरस्य भवति श्रवणेऽधिकारी ॥ अर्थात् जसले वेदवदन र सरस्वतीको निवासस्थानस्वरूप व्याकरणलाई जान्दछ, त्यसले वेदशास्त्रहरूलाई पनि जान्दछ । अरू शास्त्रहरूको त के कुरा ? यसकारण पहिले व्याकरणशास्त्र पढेर नै अरू शास्त्र पढ्नु पर्दछ । जब अन्य शास्त्रहरू सुन्न र बुझ्न त व्याकरणको पूर्वज्ञान आवश्यक पर्दछ भने ग्रन्थ लेख्न र रचना गर्न त व्याकरणज्ञान नभई हुँदैन । यसैकारण व्याकरण र स्वरवैदिकव्याकरण ज्ञानलाई सुकर बनाउन यो 'रञ्जना' नामक नेपाली व्याख्या प्रवृत्त भएको हो जस्तो मलाई लाग्छ ।

व्याकरणको प्रमुख र मूल ग्रन्थ हो पाणिनिको अष्टाध्यायी ग्रन्थ । यसका दुई थरी व्याख्या छन् – सूत्रक्रमानुसारी व्याख्या र प्रक्रियानुसारी व्याख्या । सूत्रक्रमानुसारीमा सूत्रार्थापन सजिलो हुन्छ । पदसंयोजन गरेपछि सूत्रको अर्थ बन्छ । यसमा कण्ठस्थीकरण आवश्यक हुँदैन । तर यसमा सूत्रहरू एकै ठाउँमा नहुने हुँदा प्रक्रिया कठिन र दुरूह चाहिँ हुन्छ । प्रक्रियाक्रमको व्याख्यामा प्रक्रिया सजिलो हुन्छ । किनकि त्यसमा आवश्यक सूत्रहरू प्रायः त्यहीँ हुन्छन् या पढिसकिएका हुन्छन् । तर यसमा कुन सूत्रबाट कुन पद आएको हो भन्ने थाहा नहुने हुँदा सूत्रार्थ कठिन र रटनीय हुन जान्छ । दुवै क्रमको संयोजनबाट आज व्याकरण पढ्नु र पढाउनु पर्ने स्थिति बनेको छ । प्रकृत नेपाली व्याख्या प्रक्रियानुसारी क्रमको अनुसरण गरेर नै लेखिएको छ । किनभने स्वरवैदिक प्रक्रिया प्रक्रियानुसारी नै भएकाले त्यसको व्याख्या पनि त्यसै अनुसारको छ ।

सिद्धान्तकौमुदी र त्यसका कुनै पनि प्रकरणको हालसम्म नेपाली भाषामा टीका टिप्पणी र व्याख्या लेखिएको छैन । प्रकृत नेपाली व्याख्या नयाँ र आवश्यक पनि छ । वैदिक र स्वरप्रक्रिया लौकिक प्रक्रियाभन्दा कठिन र नौलो पनि छ । यसको नौलोपन लौकिक प्रक्रियाभन्दा वैदिक शब्दहरूमा भिन्नता हुनु पनि हो । वैदिक प्रक्रियामा विकल्प र बहुलता धेरै दिएर पाणिनिले वेदका शब्दहरूमा छनौटको स्वतन्त्रता दिएका छन् । यो स्वतन्त्रता र बहुलता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जान्नु नौलो र कठिन पनि हुन जान्छ । लोकमा प्रयुक्त हुने शब्दहरूभन्दा वैदिक शब्दहरू भिन्न पनि छन् र ती धेरै छन् ।

लोकमा आत्मना, जहार, मधुना, गृह्णामि आदि शब्दहरू बन्दछन् भने वेदमा त्मना, जभार, मध्वा, गृभ्णामि आदि बन्ने भएकाले लौकिक प्रक्रिया र सूत्रहरूद्वारा काम नचल्ने हुँदा पाणिनिले वैदिक सूत्रहरू लेखे र व्याख्याता रामचन्द्राचार्य, भट्टोजिदीक्षित आदिले तिनको प्रक्रिया लेखे । तिनमाथि थोरै मात्र सुरबोधिनी आदि संस्कृत टीका र हिन्दी टीका पनि लेखिए । तर राष्ट्रभाषा नेपालीमा स्वरवैदिक प्रकरणमा कुनै पनि टीका टिप्पणी र व्याख्या नलेखिएको हुनाले रञ्जना नेपाली व्याख्या नयाँ र छात्रहितावह नै होला भन्ने मैले ठानेको छु ।

वैदिक शब्दमा रूपभेद भएकाले नौलो हो र स्वरविधि त सर्वथा नौलो भएकाले अलग प्रकरणको रूपमा पाणिनिलाई र भट्टोजिदीक्षितलाई लेख्नु पऱ्यो । पाठकलाई त झन बुझ्न गाह्रो भएकाले पनि टीका र 'रञ्जना' टीकाको आवश्यकता भयो । शब्दहरू वर्णतः र स्वरतः साधु र असाधु हुन्छन् । दुवै दृष्टिले शब्दहरू मिथ्याप्रयुक्त नहोऊन् भनेर स्वरवैदिकप्रकरण र त्यसका टीका हुन् । वैदिकप्रक्रियामा केही लोकदेखि पार्थक्य देखाएपछि पुग्छ भने स्वर को परिचय मूलकार र टीकाकारहरूले समेत नदेखाएकाले व्याकरण पढ्ने हरूका लागि यो अपरिचित नै रहेको छ । स्वर भनेका अच्का उदात्त आदि धर्म हुन् । तद्धर्मत्वात् अच् पनि उदात्त,अनुदात्त, स्वरित र स्वरित भनिएका हुन् । स्वरको विग्रह हो- स्वेन (स्वयमेव) राजन्ते, स्वरन्ति (शब्दायन्ते वा स्वर्यन्ते अर्था एभिः) हो । यसरी आफ्नो उच्चारणमा स्वतन्त्र, उच्चस्वरमा सुनिने गरी बोलिने अक्षर र अर्थस्पष्ट पार्ने भन्ने अर्थ बुझिन्छ । स्वरहरू उदात्त, अनुदात्त, स्वरित र प्रचय हुन्छन् । सामान्यतया कुनै चिह्न नभएको उदात्त, तल तेस्रो (–) रेखा भएको अच् अनुदात्त, माथि ठाडो (।) धर्को लगाइएको स्वरित र स्वरितदेखि पर ठाडो धर्को नभएको अच् प्रचय हो । (अनन्तो वै स्वरः) श्रुति भएकोले यसका अनेक अर्थ हुन्छन् । तर यस्ता चिह्न पनि अस्तव्यस्त भएकाले आज स्वरप्रक्रिया झन कठिन भएको छ ।

वैदिक र स्वरसम्बन्धी सूत्रहरू लेखेर पनि पाणिनिको व्याकरण सर्वाङ्गीण भएको हो । 'शतं वद एकं न लिख'को स्थितिमा गुज्रिरहेको आजको संस्कृतवर्गमा हिम्मत गरेर स्वरवैदिक प्रकरणमा कलम चलाउने उत्साह सहप्रा.डा. शालिग्राम सुवेदीमा आएकोमा धन्यवाद दिन चाहन्छु । स्वरवैदिक प्रकरण व्याकरणविषय लिएर शास्त्रीतहमा अध्ययन गर्ने छात्र/छात्रहरूका लागि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्धारित भएकाले यस व्याख्याबाट ती विद्यार्थीहरू र अन्य जिज्ञासुहरूको पनि हित नै होला भन्ने मैले ठानेको छु । यसमा वैदिक र स्वरप्रक्रियालाई राष्ट्रभाषामा सम्झाउने र स्पष्ट पार्ने प्रयास गरिएको छ । यसमा सूत्रहरूका पदहरूको विच्छेद र तिनको प्रथमान्तता, द्वितीयान्तता आदि देखाएर सूत्रार्थको ज्ञानमा सहयोग पुऱ्याउने प्रयास राम्रो छ । "इको यणचि" आदिमा 'इकः' इति षष्ठ्यन्तं प्रथमं पदम्, 'यण्' इति प्रथमान्तं द्वितीयं पदम्, 'अचि' इति सप्तम्यन्तं तृतीयं पदमिति त्रिपदमिदं सूत्रम्, भन्ने र लेख्ने समेत हाम्रो व्याकरणको प्रक्रिया पढाउने या सूत्रार्थ गर्ने प्राचीन परम्परा हो । सूत्रस्थ पद र अनुक्त पदहरूको संयोजनबाट सूत्रार्थ बन्ने न हो । यसलाई कायम राख्नु पर्दछ र सूत्रको अर्थ र स्वरूप जान्न यस तरिकाले मद्दत पनि गर्दछ । सूत्रस्थ पदहरूमा प्रथमान्तलाई १ द्वितीयान्तलाई २ आदि राखेर पनि पदच्छेद गर्ने प्रचलन पनि छ । पदच्छेद र अनुवृत्त वा अपकृष्ट पदहरूको संयोजन नै सूत्रार्थ हो । यस रीतिले सूत्रार्थ स्पष्ट हुन्छ ।

प्रक्रियाग्रन्थ र प्रयोगहरूको प्रक्रिया सिद्धि पढाउँदा आवश्यक हुने र प्रचलनमा समेत आएका तत्त्वहरू हुन् – सूत्रहरूको अर्थापन, या पदकृत्य, प्रयोगसाधन र फक्किकालापन । वास्तवमा सिद्धान्तकौमुदी जस्ता प्रक्रियाग्रन्थ पढाउँदा यी विषयहरू आवश्यक हुन्छन् नै । प्रयोगसाधन मात्रै पढाउने र परीक्षामा समेत सोध्ने (जस्तो कि आज प्रायेण हुन्छ) हो, भने त मध्यसिद्धान्तकौमुदी, प्रक्रियाकौमुदी, रूपावतार, रूपमाला नै किन न पढाउँने ? फक्किकालापन, पदकृत्य र सूत्रव्याख्याबाट छात्रहरू र प्राध्यापकहरूको पनि बुद्धि विशद हुन्छ । प्रौढमनोरमा र शेखर आदिको अध्ययनको आधार पनि बन्दछ । आज पनि ती ग्रन्थ माथिल्लो तहरूमा पाठ्यग्रन्थहरूको रूपमा छन् । यसकारण व्याकरणमा र विशेष गरेर प्रक्रियाक्रममा यी तत्त्वरूको राम्रो र यथार्थज्ञानका लागि यस्ता व्याख्या र टीकाहरू आवश्यक हुन्छन् । यस प्रयोजनका निमित्त प्रकृत शालिग्रामीय व्याख्या सफल होस् भन्ने चाहन्छु ।

हिन्दीका टीका र संस्कृतका टीकाहरू छँदै छन्, किन अर्को लेख्ने ? भएका ग्रन्थ त पढिदिने कोही छैन नयाँ ग्रन्थ, टीका या व्याख्या के लेख्ने ? भन्ने सोचेर निष्क्रिय र कृतिविहीन हुनु अवश्य पनि राम्रो होइन । नयाँ कृति टीका या व्याख्याले नयाँ दृष्टि, कुरा र शैली दिन सक्छ । पाठकहरूलाई त्यसमा केही प्राचीन र निजी शैली पनि प्राप्त हुने हुँदा नयाँ मूल ग्रन्थ, टीका ग्रन्थ र व्याख्या ग्रन्थ अन्यथासिद्ध हुँदैनन् । प्रकृत व्याख्यामा पनि यो यथार्थता देखिने छ । यस नेपाली व्याख्यालाई द्रुतगतिमा भए पनि मैंले पढें । मलाई लागेका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुराहरू सुझावका रूपमा प्रस्तुत छन् । ती सुझावहरूको उपयोग भएमा नेपाली व्याख्याको र यस कृतिको महत्त्व अझ बढ्ने छ , यसमा गुणाधान नै हुने छ। विद्वान्हरूका रचनात्मक या ग्रन्थाकार मात्रै कृति होइनन् जस्तो मलाई लाग्दछ। टीका र व्याख्या पनि कृति नै हुन्। एउटा शिक्षक या प्राध्यापकद्वारा अनेक ग्रन्थहरू र विषयहरूको मनन र अवगाहन गरेर कृति लेखिएमा र कृतिरूपी छात्रछात्रहरूलाई पढाइएमा ती दुवै प्रामाणिक आप्त र विश्वसनीय हुने भएकाले प्राध्यापक र लेखकहरूले यसमा पनि ध्यान दिनु पर्दछ ।

"नैकं शास्त्रमधीयानो गच्छति शास्त्रनिर्णयम् ।
तस्माद् बह्वागमः कार्यो विवादेषूत्तमो बुधैः ॥" कृत्यकल्पतरुको व्यवहारकाण्डको यस भनाइलाई व्यवहारमा ल्याउनु पर्दछ । तब रचित कृति र न्यायालयीय निर्णणसमेत प्रौढ, प्रामाणिक र प्राज्ञ हुन सक्ने छन् । अन्यथा ती हचुवा हुन जाने छन् । मानव कोही पनि पूर्ण र अच्युत हुँदैन । अध्ययन, मनन र लेखनले अपेक्षाकृत पूर्णता ल्याउँछ । निरपेक्ष पूर्णता त ईश्वरमा मात्रै छ । मानिस र लेखकको विद्वत्ता यसरी बढ्दै र खारिँदै जान्छ -

यः पठति लिखति पश्यति परिपृच्छति पण्डितानुपाश्रयति ।
तस्य दिवाकरकिरणैर्नलिनीदलमिव विकास्यते बुद्धिः ॥

कर्त्ता र कृतिको सफलताको कामना गर्दै यिनै शब्दहरूका साथ विश्राम लिन्छु –

प्रा डा. विष्णुप्रसादशर्मा देवकोटा
कलङ्कीस्थान, काठमाडौँ,
वैक्रमाब्द २०७१, श्रीपञ्चमी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुभेच्छा

संस्कृत वाङ्मयमा वेद, व्याकरण, ज्योतिष, छन्द, कल्प आदि अनेकौं विधा विद्यमान भए पनि सबै शास्त्रको व्युत्पादन गर्न उपयोगी व्याकरणलाई मुख्यता दिइएको तथ्य अध्येताहरूमा विदितै छ । संस्कृत व्याकरण भनेर यद्यपि ब्राह्म, ऐशान, ऐन्द्र, प्राजापत्य, बृहस्पति, त्वाष्ट्र, अपिशल र पाणिनीय भेदले आठ प्रकारका अथवा ऐन्द्र, चान्द्र, काशकृत्स्न, कौमार, शाकटायन, सारस्वत, आपिशल, शाकल्य र पाणिनीय समेत नौ प्रकारका रहेको तथ्य ऐतिह्यकारले उल्लेख गरेको पाइन्छ, तथापि वर्तमान सन्दर्भमा पाणिनीय व्याकरण नै पठनपाठनमा बहुप्रचारित रहेको यथार्थ नकार्न सकिन्न ।

पाणिनीय व्याकरणमा पनि लौकिक र वैदिक शब्दहरूको सिद्धिप्रक्रिया व्युत्पादन गर्ने गरी आठै अध्यायमा सूत्रहरू विभक्त छन् । वैदिक शब्दहरूको सिद्धिप्रक्रियाको निर्देश मात्र यसमा छैन अपितु वेदमा प्रचलित स्वरको व्यवस्थापन पनि लगभग ४०० सूत्रमा गरिएको छ । उपर्युक्त लौकिक र वैदिक शब्दको सिद्धिप्रक्रिया नेपाल संस्कृत विश्वविद्यालयमा व्याकरणविषय अन्तर्गत सिकाइन्छ । वर्तमान सन्दर्भमा प्राचीन शैलीका ग्रन्थहरूको पठनपाठनमा कठिनाइको अनुभव भइरहेको यथार्थ विद्यमान छ । यस प्रकारको कठिनाइ हटाउन केही उत्साही प्राध्यपकहरू निजी प्रयासमा सन्नद्ध रहनु भएको छ । यसै क्रममा विन्दुवासिनी संस्कृत विद्यापीठ पोखरामा प्राध्यापनरत सहप्रा. शालिग्राम सुवेदीले वैदिक प्रक्रियको समग्र व्याख्या सरल नेपाली भाषामा प्रस्तुत गर्न लाग्नु भएको छ । यस ग्रन्थमा व्याकरणविषयका स्नातक तहमा अध्ययन गराइने वैदिक प्रक्रियाका साथै स्वरप्रकरणका निर्धारित अंशको व्याख्यान पनि नेपाली भाषामा प्रस्तुत गरिएको छ । यसबाट अध्ययन अध्यापन मा सहजता एवम् सरलता हुने निश्चित छ । प्राचीन शैलीमा रहेका ग्रन्थभन्दा आधुनिक शिक्षा शास्त्रको मान्यता अनुरूप अभ्यास आदिको पनि समावेश गरिएका पाठ्यसामग्रीको प्रस्तुति गरिनु विशेष लाभदायक मानिन्छ । विद्यार्थीको उमेर, स्तर अनुरूपको शिक्षणविधि एवम् शिक्षण सामग्रीको प्रयोग गरिनु वाञ्छनीय देखिन्छ । क्रमशः यसतर्फ पनि ग्रन्थप्रणेताको ध्यान आकृष्ट होला भन्ने अपेक्षा छ । प्रस्तुत कार्य अत्यन्त प्रशंसनीय रहेकोले यस ग्रन्थका व्याख्याता डा. शालिग्राम सुवेदीलाई धन्यवाद दिँदै यस पुस्तकको सबैतिरबाट चाहना हुने छ भन्ने अपेक्षा लिएको छु । भविष्यमा पनि डा. शालिग्रमा सुवेदीको प्रवृत्ति यसतर्फ बढ्दै जाओस् भन्ने शुभेच्छा व्यक्त गर्दै लेखनीलाई विराम दिन्छु ।

२०७१ श्रीपञ्चमी

डा.माधवशरण उपाध्याय
प्राध्यापक
वाल्मीकि विद्यापीठ काठमाडौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीय

पूर्वीय संस्कृतिको फेदसम्म पुग्न वेदको अभ्ययन अनिवार्य हुन्छ । गीत–सङ्गीत र लोकसंस्कृतिका अध्येताहरू जोसुकैले वेदका प्रसङ्हरूलाई उद्धृत गरिरहाल्छन् । नगर्दा उनीहरूका विचार र अभिमतले प्रामाणिकता पाउँदैनन् । यो यथार्थ हो । आर्य संस्कृतिका स्रोतग्रन्थहरू संस्कृतमा लेखिएका छन् । रामायण, महाभारत, योगवाशिष्ठ आदि ग्रन्थहरू लौकिक संस्कृत भाषामा भएकाले सुबोध्य छन् । वैदिक संस्कृत किल्ष्ट छ । यही किल्ष्टताकै कारण अपार ज्ञानको भण्डार वेदको अध्ययन सामान्य मानिसले गर्न सक्दैनन् । हरेक भाषाको आफ्नै नियम हुन्छन् । व्याकरण हुन्छ, कोश हुन्छ । लौकिक संस्कृत भाषाको व्याकरण र कोशले वैदिक संस्कृतको अध्ययन पूर्ण हुँदैन । व्याकरण भाषाज्ञानको आँखा मानिन्छ, त्यसैले व्याकरण नजान्ने, नपढने अन्धो हुन्छ भनिन्छ ।

नव्यव्याकरण विषय लिएर शास्त्री (स्नातक तह) मा अध्ययनरत विद्यार्थीहरूको अवस्थालाई दृष्टिगत गर्दै वैयाकरण डा. श्री शालिग्राम सुवेदीज्यूले 'रञ्जना' नाम दिएर यो कृति तयार गर्नु भएको छ । यस कृतिले एउटै आधार पदबाट कसरी भिन्दा भिन्दै व्युत्पन्न शब्द सम्पन्न हुन्छ - जान्न सकिन्छ । उसैको सहराले अनेक दुरुह शब्दहरूको निर्वचन गर्न पनि अध्येताहरू समर्थक बन्नेछन् । यस्तो उपयोगी कृतिको प्रकाशक बन्ने अवसर स्याङ्जा साहित्य प्रतिष्ठानलाई प्राप्त भएकोमा कृतिकारप्रति संस्था आभार व्यक्त गर्दछ र आशा पनि गर्दछ कि सम्बन्धित क्षेत्रबाट यसको हार्दिक स्वागत हुनेछ । धन्यवाद !

विश्वप्रेम अधिकारी
अध्यक्ष
स्याङ्जा साहित्य प्रतिष्ठान
स्याङ्जा

श्रीपञ्चमी २०७१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राक्कथन

ज्ञान, विज्ञान, सभ्यता र संस्कृतिको स्रोतको रूपमा विद्यमान वेदको अर्थ दुरूह छ। वेदको अर्थलाई प्रकृति र प्रत्ययको विभागद्वारा खुलस्त गरिदिने हुँदा व्याकरणलाई वेदाङ्ग भनिएको हो। प्रातिशाख्यादि केही वैदिक व्याकरणले वैदिक शब्दको मात्र ज्ञान गराउँछन् भने कातन्त्रादि केही लौकिक व्याकरणले लौकिक शब्दको मात्र बोध गराउँछन्। तर पाणिनीय व्याकरणले लौकिक र वैदिक दुवै शब्दको सिद्धि र स्वरसञ्चारसमेतको बोध गराउने हुँदा पाणिनीय व्याकरणलाई सर्वाङ्गीण र सर्वोत्तम भनिएको हो।

भट्टोजिदीक्षितको सिद्धान्तकौमुदी पाणिनीय व्याकरणको एक अनुपम प्रक्रिया ग्रन्थ हो। यहाँ अष्टाध्यायीका सूत्रहरूको क्रम आफ्नो अनुकूलताको अनुसार यसरी परिवर्तन गरिएको छ कि यो एक मौलिक ग्रन्थ जस्तो प्रतीत हुन्छ। यसमा अष्टाध्यायीका कुनै पनि सूत्र छुटेका छैनन्। जनमानसमा यसको यस्तो गहिरो प्रभाव परेको छ कि सबैले पाणिनिलाई नै भुल्ने अवरुद्धाको सृजना एवम् अष्टाध्यायी क्रमको अध्ययन अध्यापनको मार्गलाई नै अवरुद्ध गरेको छ। दीक्षितले सिद्धान्तकौमुदीलाई लौकिक र वैदिक गरी दुई भागमा विभाजन गरेर वैदिक खण्डलाई अन्तमा राखेका छन्। पाणिनिले भने वैदिक सूत्रलाई अष्टाध्यायीमा प्रथम अध्यायदेखि अष्टम अध्यायतक छिरलेर राखेका छन्। स्वरप्रक्रियालाई भने उनले ६।१।१५५ ॥ देखि प्रारम्भ गरेर पुरै दोस्रो पाउतक राखेका छन्। अष्टम अध्यायका पनि केही सूत्रको वेदसँग सम्बन्ध रहेको छ।

वैदिक प्रक्रियामा दीक्षितले पाणिनिको नै आश्रय लिएका छन्। पाणिनिको लक्ष्य वैदिक व्याकरण लेख्ने नभई केवल लौकिक संस्कृतदेखि भिन्नता रहेका स्थलमा वैदिक सूत्र देखाउनु मात्र थियो। तसर्थ वैदिक खण्ड निकै छोटो छ। यसमा ५९१ सूत्र रहेका छन्। लौकिक संस्कृतमा प्रयुक्त शब्दस्वरूपदेखि भिन्न शब्दस्वरूप हुने शब्दसिद्धिका लागि मात्र पाणिनिले अष्टाध्यायीमा वैदिक सूत्रको रचना गरेका हुनाले ती प्रथम अध्यायदेखि अष्टम अध्यायतक विकीर्ण छन्। आठै अध्यायमा छिरलिएर रहेका तिनै अष्टाध्यायीका वैदिक सूत्रलाई राख्नका लागि दीक्षितले वैदिक प्रक्रियालाई आठ अध्यायमा विभाजन गरी प्रत्येक अध्यायबाट सङ्कलित सूत्रलाई आफ्नो सङ्ख्याको अध्यायमा राखेर लेखेका छन्। वैदिक खण्डमा कुनै विषयगत विभाजन गरिएको छैन। अष्टाध्यायीको क्रमलाई नहेर्ने हो भने सूत्रको अर्थ बुझ्न कठिन हुन्छ। जस्तै – दीक्षितले "छन्दसि पुनर्वस्वोरेकवचनम्।१।२।६१ ॥" सूत्रलाई वैदिक प्रकरणको प्रथम अध्यायको प्रथम स्थानमा राखेका छन्। यसको अर्थ बुझ्नका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लागि पूर्वापर सूत्रहरूको ज्ञान आवश्यक हुन्छ। उक्त सूत्रमा "जात्याख्यायामेकस्मिन् बहुवचनमन्यतरस्याम्। १। २। ५८॥ सूत्रबाट 'अन्यतरस्याम्' को अनुवृत्ति तथा "अस्मदो द्वयोश्च। १। २। ५९॥" बाट 'द्वयोः'को अनुकर्षण गरेर मात्र सूत्रको अर्थबोध गर्न सकिन्छ। अष्टाध्यायीको क्रमबाट अध्ययन गरेको खण्डमा वैदिक प्रक्रियालाई पृथक् पढ्न आवश्यक छैन।

दीक्षितले स्वरप्रक्रियामा साधारण स्वर, धातुस्वर र प्रातिपदिकस्वरको वर्णन गरेर शान्तनवाचार्यद्वारा रचित फिट् सूत्रको वर्णन गरेका छन्। चार पादमा विभाजित ८७ सूत्रहरूको प्रकरण फिट् प्रकरण छ। जसले प्रातिपदिक शब्दमा स्वरनिर्देशको विधि बताउँछ। त्यसपछि पाणिनिको आधारमा प्रत्ययस्वर, समासस्वर र तिङन्तस्वरको नियम बताएर सामान्यरूपमा स्वरसञ्चारप्रक्रिया बताएका छन्।

वेदार्थ ज्ञानका लागि लौकिक र वैदिक दुवै शब्दको ज्ञान आवश्यक पर्छ। यसै कुरालाई इङ्गित गर्दै व्याकरण महाभाष्यकार पतञ्जलिले महाभाष्यमा - "अथ शब्दानुशासनम्॥ केषां शब्दानाम्? लौकिकानां वैदिकानां च। रक्षार्थं वेदानामध्येयं व्याकरणम्। लोपागमवर्णविकारज्ञो हि सम्यग्वेदान् परिपालयिष्यति॥" इत्यादि भनेका छन्।

वेदमा लौकिक शब्ददेखि भिन्न शब्दहरू धेरै छन्। तिनको ज्ञान विना वेदार्थको ज्ञान हुँदैन। वैदिक शब्दहरू लोकमा प्रयुक्त हुने शब्दस्वरूपमा कहीँ लोप, कहीँ आगम, कहीँ वर्णविकार, कहीँ लिङ्गपरिवर्तन, कहीँ वचनपरिवर्तन, कहीँ विभक्तिविपरिणमन र कहीँ अर्थपरिवर्तन भई लोकमा प्रयुक्त हुने शब्दस्वरूपदेखि भिन्न स्वरूपमा र भिन्न अर्थमा प्रयुक्त भएका छन्। यथा -

लोकमा	वेदमा	लोकमा	वेदमा	लोकमा	वेदमा
पुनर्वसू	पुनर्वसुः	पत्या	पतिना	कुरु	कृधि
अयोमयम्	अयस्मयम्	ऋग्वता	ऋक्वता	वृणु	वृधि
घृतेन यजते	घृतस्य यजते	हन्ति	हनति	देवैः	देवेभिः
शेते	शयते	म्रियते	मरते	रमस्व	रारन्धि
भवति	भवाति	गृह्णामि	गृभ्णामि	कर्तुम्	कर्तवे
जहार	जभार	देवाः	देवासः	प्रयातुम्	प्रयै
वक्तुम्	वक्षे	दातुम्	दातवै	त्र्यम्बकम्	त्रियम्बकम्
द्रष्टुम्	दृशे	आत्मना	त्मना	गत्वा	गत्वाय
शृणु	श्रुधी/शृणुधी	आगच्छति	आगनिगन्ति	इन्द्रियवान्	इन्द्रियावान्
अक्षिभ्याम्	अक्षीभ्याम्	गृहाण	गृभाय	एव	एवा
अत्र	अत्रा	यत्र	यत्रा	चक्र	चक्रा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दधार दाधार विद्म विद्मा इत्यादि ।

यसरी लोकमा प्रयुक्त नभएका तर वेदमा प्रशस्त मात्रमा प्रयोगमा देखिएका वैदिक शब्दहरूको यथार्थ ज्ञानको अभावमा वेदार्थको ज्ञानमा कठिनाइ नहोओस् तथा वैदिक शब्दहरूको बोध सहजरूपमा सरल तरिकाले होओस् भनेर नै वैयाकरणसिद्धान्तकौमुदीको स्वरवैदिकप्रक्रियाको राष्ट्रभाषा नेपालीमा व्याख्या गर्ने प्रयास गरेको छु ।

नेपाल संस्कृत विश्वविद्यालयद्वारा नव्यव्याकरण विषय पढ्ने विद्यार्थीका लागि शास्त्रिप्रथम वर्षको पाठ्यक्रममा निर्धारण गरिएको आजसम्म नेपाली भाषामा रूपान्तरित र अनूदित नभएको वैयाकरणसिद्धान्तकौमुदीको सम्पूर्ण वैदिक प्रक्रिया तथा रूपसिद्धि प्रक्रिया र स्वरप्रक्रियाका ४३ सूत्रसमेतको नेपाली भाषामा व्याख्या र रूपसिद्धि प्रक्रियासहित पाठकहरूको करकमलमा समर्पित गर्न पाउँदा मलाई अत्यन्त हर्षको अनुभव भएको छ । यसबाट पाणिनीय व्याकरणका जिज्ञासु तथा अध्येतृवर्ग लाभान्वित हुने छन् तथा राष्ट्रभाषा नेपालीको र नेपाली भाषाको जननी संस्कृतको पनि सेवा हुने छ भन्ने विश्वास गरेको छु ।

गच्छतः स्खलनं क्वापि भवत्येव प्रमादतः । हसन्ति दुर्जनास्तत्र समादधति सज्जनाः ॥ किमधिकं विज्ञेषु । अन्त्यमा कापीकलमलाई यथास्थानमा राखी यस कार्यमा सहजता गरिदिने तनुजाद्वय रञ्जना र विमलालाई, यथासमयमा सप्रेम खानपानको व्यवस्थापन गरिदिने सहधर्मिणी गीता एवम् टाइपिङ्को कार्यमा सहयोग पुऱ्याउने पुत्र रमेशलाई शुभाशीर्वादसहित, यस कार्यका लागि सधैँ उत्प्रेरित गर्ने पोखरा कास्की फुलबारी ११ निवासी आदरणीय व्यक्तित्व डा. टुबराज बाँस्तोला ज्यू तथा सहृदयी मित्र उपप्राध्यापक श्री राधाकृष्ण गैरे, ज्ञानुबाबा आवासीय उ.मा.वि.का संस्थापक श्री कृष्णबहादुर गुरुङ तथा प्राचार्य श्री दिनेश अर्यालप्रति आभार व्यक्त गर्दछु। प्रोत्साहनका लागि आफ्नो प्राज्ञिक अभिमत सहित शुभेच्छा प्रकट गर्नुहुने आदरणीय गुरु प्रा. डा.विष्णुप्रसाद देवकोटा तथा प्रा.डा. माधवशरण उपाध्यायप्रति हृदयतः कृतज्ञता ज्ञापन गर्दछु । यस कृतिलाई प्रकाशित गरी पाठक समक्ष ल्याई दिने स्याङ्जा साहित्य प्रतिष्ठान तथा अनवरत रूपमा लोकवाङ्मयको सेवामा समर्पित सहृदयी उक्त संस्थाका वर्तमान अध्यक्ष श्री विश्वप्रेम अधिकारीज्यू प्रति हृदयतः आभार व्यक्त गर्दछु । यथा समयमा मुद्रण गरिदिने बन्धु अफ्सेटका प्रो.सहृदयी श्री गोविन्दप्रसाद रेग्मीलाई धन्यवाद दिन चाहन्छु। विज्ञहरूबाट प्राप्त सुझावहरूलाई मनन गरी अर्को संस्करणमा समावेश गर्ने प्रतिबद्धताका साथ लेखनीलाई विश्राम दिन्छु ।

विदुषां वशंवद

डा. शालिग्राम सुवेदी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषयानुक्रमणिका	पृष्ठाङ्क		
प्रथम अध्याय	१	–	७
द्वितीय अध्याय	७	–	१४
तृतीय अध्याय	१४	–	४८
चतुर्थ अध्याय	४९	–	६७
पञ्चम अध्याय	६७	–	७६
षष्ठ अध्याय	७७	–	१०४
सप्तम अध्याय	१०४	–	१३७
अष्टम अध्याय	१३७	–	१६२
स्वरप्रक्रिया	१६३	–	१९२
स्वरसंचालप्रक्रिया	१९२	–	१९५
सूत्रसूची	१९६	–	२०६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीगणेशाय नमः

'रञ्जना' नेपाली व्याख्या संवलित
वैयाकरण सिद्धान्त कौमुदी
स्वरवैदिकी प्रक्रिया

सरस्वतीं नमस्कृत्य ढुण्डिं वै विघ्ननाशकम् ।
स्वरवैदिकयोर्व्याख्यां नेपाल्यां कर्त्तुमारभे ॥
अथ वैदिकीप्रक्रियाया 'रञ्जना'नेपालीव्याख्या प्रारभ्यते

अथ प्रथमोऽध्यायः

१ छन्दसि पुनर्वस्वोरेकवचनम् । १ । २ । ६१ ॥ द्वयोरेकवचनं वा स्यात् । पुनर्वसुर्नक्षत्रम्, पुनर्वसू वा । लोके तु द्विवचनमेव ॥

'छन्दसि' यो सप्तम्यन्त प्रथम पद, 'पुनर्वस्वोः' यो षष्ठ्यन्त द्वितीय पद र 'एकवचनम्' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "जात्याख्यायामेकस्मिन् बहुवचनमन्यतरस्याम्" सूत्रबाट 'अन्यतरस्याम्' पदको अनुवृत्ति आएपछि पदसंयोजनबाट सूत्रको अर्थ :– वैदिक संस्कृतमा नक्षत्रवाची 'पुनर्वसु' शब्ददेखि द्वित्वको प्रतीतिमा पनि एकवचन विकल्पले हुन्छ, हो । लौकिक संस्कृतमा ज्योति समुदायको बोधक 'पुनर्वसु' शब्दबाट द्वित्वको प्रतीति हुने हुँदा "द्वचेकयोर्द्विवचनैकवचने । १ । ४ ।२२ ॥" ले सधैँ द्विवचनान्त मात्र प्रयुक्त हुन्छ ।

पुनर्वसुर्नक्षत्रम्, पुनर्वसू वा = उद्भूतावयवज्योति समुदायको बोधक सधैँ द्विवचनान्त नक्षत्रवाची 'पुनर्वसु' शब्ददेखि "द्वचेकयोर्द्विवचनैकवचने । १ । ४ ।२२ ॥" प्रथमा विभक्तिको द्विवचनको प्राप्ति थियो त्यसलाई बाँधेर "छन्दसि पुन ०" ले विकल्पले प्रथमाको एकवचन 'सु' गरेपछि पुनर्वसु+सु, यस स्थितिमा सकारोत्तरवर्ती उकारको "उपदेशेऽजनुनासिक इत् । १ । ३ । २ ॥" ले 'इत्'संज्ञा "तस्य लोपः । १ । ३ । ९ ॥" ले लोप, "ससजुषो रुः । ८ । २ । ६६ ॥" ले रुत्व र अनुबन्धलोप गरेपछि 'पुनर्वसुर्नक्षत्रम्' सिद्ध हुन्छ । पक्षमा पुनर्वसु+औ, यस स्थितिमा "प्रथमयोः पूर्वसवर्णः । ६ । १ । १०२ ॥"ले पूर्वसवर्ण दीर्घ भएर 'पुनर्वसू नक्षत्रम्' बन्दछ ।

२ विशाखयोश्च । १ । २ । ६२ ॥ प्राग्वत् । विशाखा नक्षत्रम्, विशाखे वा ॥

'विशाखयोः' यो षष्ठ्यन्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "जात्याख्यायामेकस्मिन् बहुवचनमन्यतरस्याम्" बाट 'अन्यतरस्याम्' को अनुवृत्ति आएपछि क्रियापदको अध्याहारबाट सूत्रको अर्थ :– वैदिक संस्कृतमा नक्षत्रवाची 'विशाखा'शब्ददेखि द्वित्वको प्रतीतिमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि एकवचन विकल्पले हुन्छ, हो । सूत्रार्थ गर्दा सर्वत्र 'स्यात्' आदि पद अध्याहृत हुन्छन् ।

विशाखा नक्षत्रम्, विशाखे वा = सर्धैं द्विवचनान्त नक्षत्रबोधक 'विशाखा' शब्द-देखि "द्वयेकयोर्द्विवचनैकवचने । १ । ४ । २२ ॥" ले प्रथमा विभक्तिको द्विवचन 'औ' को प्राप्ति थियो त्यसलाई बाँधेर "विशाखयोश्च" ले विकल्पले एकवचन 'सु' (विशाखा+सु) अनुबन्धलोपपछि "अपृक्त एकाल् प्रत्ययः । १ । २ । ४१ ॥" ले 'अपृक्त' संज्ञा "हल्ङ्याब्भ्यो दीर्घात्सुतिस्यपृक्तं हल् । ६ । १ । ६८॥" ले 'स्'को लोप भएर 'विशाखा नक्षत्रम्' बन्दछ । पक्षमा विशाखा+औ,"औङ आपः । ७ । १ । १८ ॥"ले 'औ' को स्थानमा 'शी'हुन्छ र अनुबन्धलोपपछि "आद् गुणः । ६ । १ । ८७ ॥" ले गुण भएर 'विशाखे' रूप हुन्छ । लौकिक संस्कृतमा ज्योति समुदायको बोधक 'विशाखा'शब्दबाट द्वित्वको प्रतीति हुने हुँदा "द्वयेकयोर्द्विवचनैकवचने । १ । ४ । २२ ॥" ले सर्धैं द्विवचनान्त मात्र प्रयुक्त हुन्छ ।

३ षष्ठीयुक्तश्छन्दसि वा । १ । ४ । ९ ॥ षष्ठचन्तेन युक्तः पतिशब्दश्छन्दसि घिसंज्ञो वा स्यात् । क्षेत्रस्य पतिना वयम् । इह वेति योगं विभज्य छन्दसीत्यनुवर्तते । तेन सर्वे विधयश्छन्दसि वैकल्पिकाः । 'बहुलं छन्दसि' इत्यादिरस्यैव प्रपञ्चः ॥

'षष्ठीयुक्तः' यो समस्त प्रथमान्त प्रथम पद, 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद र 'वा' यो अव्यय तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "पतिः समास एव" बाट 'पतिः' को र "शेषो घ्यसखि" बाट 'घि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा षष्ठचन्त पदले युक्त असमस्त 'पति'शब्दको 'घि' संज्ञा विकल्पले हुन्छ हो । लौकिक संस्कृतमा "शेषो घ्यसखि । १ । ४ । ७ ॥" ले 'पति'शब्दको सर्वत्र प्राप्त 'घि'संज्ञालाई "पतिः समास एव । १ । ४ । ८ ॥" ले समासमा मात्र नियमित हुँदा असमस्त स्थलमा 'पति' शब्दको 'घि'संज्ञा हुँदैन ।

क्षेत्रस्य पतिना वयम् = प्रातिपदिक संज्ञक 'पति'शब्ददेखि तृतीयाको एकत्वको विवक्षामा 'टा' विभक्ति आएपछि (पति+टा) "षष्ठीयुक्तश्छ ०" ले 'पति'शब्दको विकल्पले 'घि'संज्ञा "आङोऽनास्त्रियाम् । ७ । ३ । १२० ॥" ले 'टा'को स्थानमा 'ना'आदेश भएर 'पतिना' रूप बन्दछ । लौकिक संस्कृतमा 'पत्या' रूप हुन्छ । उक्त सूत्रलाई षष्ठीयुक्तश्छन्दसि' तथा 'वा' यसरी दुई भागमा विभक्त गरेर 'वा' मा "छन्दसि"को अनुवृत्ति गरेपछि "वा छन्दसि" सूत्र बन्छ र यसको अर्थ वेदमा सबै विधिहरू विकल्पले हुन्छन् भन्ने हुन्छ, त्यसकारण "बहुलं छन्दसि । २ । ४ । ७६ ॥" इत्यादि सूत्रहरू योगविभागद्वारा प्राप्त अर्थका अनुवादक मात्र हुन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"यचि भम् ॥" नभोऽङ्गिरोमनुषां वत्युपसङ्ख्यानम् (वा०) ॥ नभसा तुल्यं नभस्वत्, भत्वाद् रुत्वाभावः । अङ्गिरस्वदङ्गिरः (ऋ.१ । २ । ३५) । मनुष्वदग्ने (ऋ.१.२.३५) । जनेरुसीति विहित उसिप्रत्ययो मनेरपि बाहुलकात् ॥

वैदिक संस्कृतमा वति प्रत्यय पर भएमा नभस्, अङ्गिरस् तथा 'मनुष्' शब्दको 'भ' संज्ञा हुन्छ । लौकिक संस्कृतमा असर्वनामस्थान 'सु'देखि 'कप्' प्रत्ययसम्मका हलादि प्रत्यय पर भएमा "स्वादिष्वसर्वनामस्थाने । १ । ४ । १७ ॥" ले पूर्वको पदसंज्ञा हुन्छ तथा असर्वनामस्थान 'सु' देखि 'कप्' प्रत्ययसम्मका यकारादि एवम् अजादि प्रत्यय पर भएमा "यचि भम्" ले पूर्वको 'भ' संज्ञा हुन्छ । **नभस्वत्** = नभसा तुल्यम्, यस विग्रहमा नभस्+टा देखि "तेन तुल्यं क्रिया चेद्वतिः । ५ । १ । ११५ ॥" ले 'वति'प्रत्यय भएपछि अनुबन्धलोप तद्धितान्त हुनाले "कृत्तद्धितसमासाश्च । १ । २ । ४६ ॥" ले प्रातिपदिक संज्ञा, "सुपो धातुप्रातिपदिकयोः । २ । ४ । ७१ ॥" ले 'सुप्'को लुक्, हुन्छ, त्यसपछि समुदायबाट प्रथमाको एकवचन 'सु'विभक्ति भएपछि "नभोऽङ्गिरोमनुषां ०" ले 'भ' संज्ञा, भत्वात् पदसंज्ञाको अभावमा 'नभस्'को सकारको "ससजुषो रुः" ले रुत्वको अभाव तथा स्वादिकार्यबाट 'नभस्वत्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'नभोवत्' रूप हुन्छ ।

अङ्गिरस्वदङ्गिरः = अङ्गिरसा तुल्यम् अङ्गिरस्वत् । **मनुष्वदग्ने** = मनुषा तुल्यम् मनुष्वत् । यहाँ 'नभस्वत्'मा जस्तै कार्य हुन्छन् । लौकिक संस्कृतमा 'अङ्गिरोवत्' रूप हुन्छ । उणादि सूत्र "जनेरुसिः । २७२ ।" ले 'जन्' धातुदेखि विधान गरिएको 'उसि' प्रत्यय बहुलतया 'मन्' धातुदेखि पनि भएपछि "आदेशप्रत्यययोः । ८ । ३ । ५९ ॥" ले षत्व भएर 'मनुष्' शब्द बनेको हो । बहुलको अर्थलाई आचार्यहरूले (बहून् अर्थान् लाति ददातीति बहुलम्, बहुलस्य भावो बाहुलम् ।) गरेका छन् । बहुल पदबाट अनेक अर्थको बोध हुन्छ - **"क्वचित्प्रवृत्तिः क्वचिदप्रवृत्तिः क्वचिद्विभाषा क्वचिदन्यदेव । विधेर्विधानं बहुधा समीक्ष्य चतुर्विधं बाहुलकं वदन्ति ॥"** क्वचित् प्रवृत्तिः :– बहुल पदबाट कहीँ अप्राप्ति स्थलमा पनि कार्यको विधान हुन्छ । जस्तै 'स्नानीयं चूर्णम्' यहाँ करण अर्थमा अप्राप्त 'अनीयर्' प्रत्ययको "कृत्यल्युटो बहुलम् । ३ । ३ । ११३ ॥" ले विधान भएको छ । क्वचिदप्रवृत्तिः :– बहुल पदबाट कहीँ हुनु पर्ने विधिको पनि विधान हुँदैन । जस्तै 'अग्रसरः' यहाँ "पुरोऽग्रतोऽग्रेषु सर्त्तेः । ३ । २ । १८ ॥" ले अग्रसर शब्दको स्थानमा हुनु पर्ने एकारान्तत्वको विधान बहुल पदको अनुवृत्तिका कारण भएको छैन । क्वचिद्विभाषा :– बहुल पदबाट कहीँ हुनु पर्ने कार्य विकल्पले हुन्छ । जस्तै "मघवा बहुलम् । ६ । ४ । १२८ ॥" को बहुल पदबाट 'मघवन्' शब्दको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नकारका स्थानमा 'तृ' आदेश विकल्पले भएको छ । क्वचिदन्यदेव :– कहीँ बहुल पदबाट विकल्पले हुनु पर्ने विधि नित्यले हुन्छ। जस्तै 'उन्मत्तगङ्गम्' यहाँ "तृतीयासप्तम्योर्बहुलम् । २ । ४ । ८४ ॥" को बहुल पदबाट नित्यले अम्भाव भएको छ। यसरी विज्ञहरूले बहुलपदका चार किसिमका अर्थ हुन्छन् भनी परिभाषित गरेका छन् ।

वृषण्वस्वश्वयोः (वा०) ॥ वृष वर्षकं वसु यस्य स वृषण्वसुः । वृषा अश्वो यस्य स वृषणश्वः । इहान्तर्वर्तिनीं विभक्तिमाश्रित्य पदत्वे सति नलोपः प्राप्तो भत्वाद्वार्यते । अत एव पदान्तस्येति णत्वनिषेधोऽपि न । "अल्लोपोऽनः" इत्यल्लोपो न । अनङ्गत्वात् ॥

'वसु' तथा 'अश्व' शब्द पर भएमा 'वृषन्'शब्दको 'भ'संज्ञा हुन्छ । **वृषण्वसुः** = वृष वर्षकं वसु यस्य सः, यस विग्रहमा "अनेकमन्यपदार्थे । २ । २ । २४ ॥" ले समास, प्रातिपदिक संज्ञा र 'सुप्'को लुक् भएपछि (वृषन्+वसु) अन्तर्वर्ती विभक्तिलाई मानेर पदसंज्ञा मानेपछि "नलोपः प्रातिपदिकान्तस्य । ८ । २ । ७ ।" ले 'वृषन्'को 'न्'को लोप प्राप्त थियो तर " वृषण्वस्वश्वयोः" ले 'भ'संज्ञा भएपछि पदत्वको अभावले 'न्'को लोप भएन, तथा पदत्व नभएको हुँदा "अट्कुप्वाङ्नुम्व्यवायेऽपि । ८ । ४ । २ ॥" द्वारा प्राप्त णत्वको "पदान्तस्य । ८ । ४ । ३७ ॥" ले निषेध पनि नभएपछि णत्व भएर 'वृषण्वसुः' रूप बन्छ । लौकिक संस्कृतमा नकारको लोप भएर 'वृषवसुः' रूप हुन्छ ।

वृषणश्वः = वृषा अश्वो यस्य सः, यस विग्रहमा 'वृषण्वसुः' मा जस्तै कार्य भएर 'वृषणश्वः' रूप बन्छ । वृषन्+अश्व यहाँ "अल्लोपोऽनः । ६ । ४ । १३४ ॥" ले 'वृषन्'को षकारोत्तरवर्ती अकारको लोप हुँदैन, किनकि यो सूत्र अङ्गको अधिकार भित्र पर्दछ । "यस्मात्प्रत्ययविधिस्तदादिप्रत्ययेऽङ्गम् । १ । ४ । १३ ॥" ले 'अङ्ग' संज्ञा प्रत्यय पर भएमा मात्र हुन्छ, तर यहाँ कुनै प्रत्यय पर नभएकाले 'अङ्ग' संज्ञा हुँदैन र 'अङ्ग' संज्ञाको अभावमा "अल्लोपो०" ले 'अन्' को अकारको लोप पनि हुँदैन । लौकिक संस्कृतमा 'सु' देखि लिएर 'कप्' प्रत्ययसम्मका यकारादि र अजादि प्रत्यय पर भएमा मात्र "यचि भम् । १ । ४ । १८ ॥" ले पूर्वको 'भ' संज्ञा हुने हुँदा यहाँ वसु र अश्व प्रत्यय नभएकाले 'भ' संज्ञा हुँदैन अपितु अन्तर्वर्ती विभक्तिलाई मानेर पदसंज्ञा हुन्छ । लौकिक संस्कृतमा नकारको लोप र दीर्घ भएर 'वृषाश्वः' रूप हुन्छ ।

४ अयस्मयादीनि छन्दसि । १ । ४ । २० ॥ एतानि छन्दसि साधूनि । भपदसंज्ञाधिकाराद्यथायोग्यं संज्ञाद्वयं बोध्यम् । तथा च वार्तिकम् ॥ उभयसंज्ञान्यपीति वक्तव्यमिति (वा०) ॥ स सुष्टुभा स ऋक्वता गणेन । पदत्वात्कुत्वम् । भत्वाज्जश्त्वाभावः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जश्त्वविधानार्थायाः पदसंज्ञाया भत्वसामर्थेन बाधात् । नैनं हिन्वन्त्यपि वाजिनेषु । अत्र पदत्वाज्जश्त्वम् । भत्वात्कुत्वाभावः ॥

'अयस्मयादीनि' यो प्रथमान्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "सुप्तिङन्तं पदम्" बाट 'पदम्' को र "यचि भम्" बाट 'भम्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'अयस्मय' आदि शब्द निपातनद्वारा सिद्ध हुन्छन्, हो । अर्थात् 'भ' संज्ञा र 'पद' संज्ञा दुवैको अधिकार रहेको हुँदा लक्ष्यको आवश्यकतानुसार 'भ' संज्ञा या 'पद'संज्ञा अथवा दुवै संज्ञा हुन्छन्, हो । लौकिक संस्कृतमा "आकडारादेका संज्ञा । १ । ४ । १ ॥" को अनुसार एउटाको एउटै मात्र संज्ञा हुन्छ ।

स सुष्ठुभा स ऋक्वता गणेन । ऋक्वता = ऋचा तुल्यम्, यस विग्रहमा "तेन तुल्यं ०" ले 'वति'प्रत्यय अनुबन्धलोप प्रातिपदिक संज्ञा 'सुप्'को लुक्बाट 'ऋच्+वत्' भएपछि "उभयसंज्ञान्य ०" को अनुसार पहिले 'पद' संज्ञा "चोः कुः । ८ । २ । ३० ॥" ले कुत्व ऋक्, अनि 'भ' संज्ञा, भत्वात् पदसंज्ञाको अभावमा "झलां जशोऽन्ते । ८ । २ । ३९ ॥"ले जश्त्वको अभाव, तृतीयाको एकवचन 'टा' विभक्ति आएपछि (ऋक्वत् + टा) वर्णमेलनबाट 'ऋक्वता' सिद्ध हुन्छ । जश्त्वविधानका लागि आवश्यक पर्ने 'पद' संज्ञाको 'भ' संज्ञाविधानको सामर्थ्यले निषेध भएपछि पदत्वको अभावमा यहाँ जश्त्व हुँदैन । लौकिक संस्कृतमा 'ऋग्वता' हुन्छ ।

नैनं हिन्वन्त्यपि वाजिनेषु । वाजिनेषु = वाचाम् इनाः, यस विग्रहमा "षष्ठी" ले षष्ठीतत्पुरुष समास, प्रातिपदिक संज्ञा 'सुप्'को लुक्पछि (वाच्+इन) पदसंज्ञा भएर "झलां जशो ०"ले जश्त्व वाज्, अनि 'भ'संज्ञा भएपछि पदत्वको अभावले "चोः कुः" ले कुत्व नभएपछि वर्णमेलन भएर बनेको 'वाजिन' देखि सप्तमी विभक्तिको बहुवचन 'सुप्'अनुबन्धलोप "बहुवचने झल्येत् । ७ । ३ । १०३ ॥" ले एत्व तथा "आदेशप्रत्यययोः" ले षत्व भएर 'वाजिनेषु' हुन्छ । लौकिक संस्कृतमा कुत्व भएर 'वागिनेषु' रूप हुन्छ ।

"ते प्राग्धातोः ॥"५ छन्दसि परेऽपि । १ । ४ । ८१ ॥ हरिभ्यां याह्योक आ ॥

'छन्दसि' यो सप्तम्यन्त प्रथम पद, 'परे' यो सप्तम्यन्त द्वितीय पद र 'अपि' यो अव्यय तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "उपसर्गाः क्रियायोगे" बाट 'उपसर्गाः' को र "गतिश्च" बाट 'गतिः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा गतिसंज्ञक र उपसर्गसंज्ञक शब्दको धातुदेखि पर पनि प्रयोग हुन्छ, हो ।

हरिभ्यां याह्योक आ । याह्योक आ = यहाँ गतिसंज्ञक 'आ'को क्रियारूप 'याहि' देखि ('या' धातुदेखि) पर प्रयोग भएको छ । लौकिक संस्कृतमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्वप्रयोग भएर 'आयाहि' रूप हुन्छ ।

६ व्यवहिताश्च । १ । ४ । ८२ ॥ आ मन्द्रैरिन्द्र हरिभिर्याहि ॥

'व्यवहिताः' यो प्रथमान्त प्रथम पद, र 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "उपसर्गाः क्रियायोगे" बाट 'उपसर्गाः' को र "गतिश्च" बाट 'गतिः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा गतिसंज्ञक र उपसर्गसञ्ज्ञक शब्दको धातु र यिनको बिचमा अन्य पदले व्यवधान भए तापनि प्रयोग हुन्छ, हो । **आ मन्द्रैरिन्द्र हरिभिर्याहि** = यहाँ 'आ' र 'याहि' का बिचमा मन्द्र आदि पदले व्यवधान रहेको छ । लौकिक संस्कृतमा गतिसंज्ञक र उपसर्गसंज्ञक शब्दको प्रयोग "ते प्राग्धातोः । १ । ४ । ८० ॥" ले धातुदेखि अव्यवहित पूर्वमा मात्र हुन्छ ।

७ इन्धिभवतिभ्यां च । १ । २ । ६ ॥ आभ्यां परोऽपिल्लिट् कित् स्यात् । समीधे दस्युहन्तमम् । पुत्र ईधे अथर्वणः । बभूव । इदं भाष्ये प्रत्याख्यातम् । इन्धेश्छन्दोविषयत्वाद् भुवो वुको नित्यत्वात्ताभ्यां लिटः किद्वचनानर्थक्यमिति ॥ इति प्रथमोऽध्यायः ।

'इन्धिभवतिभ्याम्' यो समस्त पञ्चम्यन्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "असंयोगाल्लिट् कित्"बाट लिट् र कित् को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'इन्ध्' धातु र 'भू' धातुदेखि पर रहेका लिट्सम्बन्धी अपित् (तिप - सिप् - मिप् देखि भिन्न) प्रत्यय कित् हुन्छन्, हो ।

समीधे दस्युहन्तमम् । समीधे = 'सम्' पूर्वक अनुबन्धविनिर्मुक्त 'इन्ध्' (ञि इन्धी दीप्तौ, रुधादि) धातुदेखि लिट्, अनुबन्धलोप 'ल्'को स्थानमा आत्मनेपदको उत्तम पुरुषको एकवचन इट् (सम्+इन्ध्+इ) "इन्धिभवति ०" ले कित्त्व "अनिदितां हल उपधायाः क्ङिति । ६ । ४ । २४ ॥" ले 'न्'को लोप, द्वित्व, अभ्यासादि कार्य (इ इध् इ) "टित आत्मनेपदानां टेरे । ३ । ४ । ७९ ॥" ले एत्व"अकः सवर्णे दीर्घः । ६ । १ । १०१ ॥" ले सवर्णदीर्घ र वर्णमेलनपछि 'ईधे' रूप बन्छ ।

बभूव = भू+लिट्+तिप्+णल् (अ) "इन्धिभवति०" ले कित्त्व "अचो ञ्णिति । ७ । २ । ११५ ॥" ले वृद्धि प्राप्त थियो त्यसको ङ्क्ङिति च । १ । १ । ५ ॥" ले निषेध भएपछि 'वुक्' आगम द्वित्व अभ्यासादि कार्य र वर्णमेलन भई 'बभूव' बन्छ । 'इन्ध्' धातु संयोगान्त भएको हुँदा तथा 'भू' धातुदेखि पित् पर भएको हुँदा "असंयोगाल्लिट् कित् । १ । २ । ५ ॥" ले अप्राप्त किन्त्वको यस सूत्रले विधान गर्छ ।

'इन्ध्' धातु वेदमा मात्र प्रयोग हुने हुँदा "छन्दस्युभयथा । ३ । ४ । ११७ ॥" ले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिट्लाई पनि सार्वधातुक मानेर "सार्वधातुकमपित् । १ । २ । ४ ॥" ले ङित् गरी 'इन्ध्'को 'न्'को लोप गर्न सकिन्छ तथा 'भू'धातुमा "भुवो वुग्लुङ्लिटोः । ६ । ४ । ८८ ॥" ले हुने 'वुक्' आगम नित्य हुनाले "नित्यत्वाद् वुग्गुणवृद्धी बाधते" को अनुसार 'वुक्'द्वारा गुणवृद्धि बाँधिन्छन् । तसर्थ 'इन्ध्' को 'न्' को लोप गर्न तथा 'भू' को वृद्धिनिषेध गर्न, यस सूत्रको आवश्यकता छैन भन्ने भाष्यकारको मत छ ।

इति शालिग्राम सुवेदीद्वारा विरचित 'रञ्जना' नेपाली व्याख्याको वैदिकी प्रक्रियाको प्रथम अध्याय ।

अथ द्वितीयोऽध्यायः ।

८ तृतीया च होश्छन्दसि । २ । ३ । ३ ॥ जुहोतेः कर्मणि तृतीया स्याद् द्वितीया च । यवाग्वाऽग्निहोत्रं जुहोति । अग्निहोत्रशब्दोऽत्र हविषि वर्तते । यस्याग्निहोत्रमधिश्रितममेध्यमापद्येत इत्यादि प्रयोगदर्शनात् । अग्नये हूयत इति व्युत्पत्तेश्च । यवाग्वाख्यं हविर्देवतोद्देशेन त्यक्त्वा प्रक्षिपतीत्यर्थः ॥

'तृतीया' यो प्रथमान्त प्रथम पद, 'च' यो अव्यय द्वितीय पद, 'होः' यो षष्ठचन्त तृतीय पद र 'छन्दसि' यो सप्तम्यन्त चतुर्थ पद गरी यस सूत्रमा चार पद छन् । यहाँ "कर्मणि द्वितीया" बाट 'कर्मणि' को अनुवृत्ति तथा सूत्रस्थ 'च' पदबाट द्वितीयाको अनुकर्षण गरेपछि पदसंयोजन गर्दा सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'हु' धातुको कर्ममा द्वितीया र तृतीया दुवै विभक्ति हुन्छन्, हो । लौकिक संस्कृतमा अनुक्त कर्ममा "कर्मणि द्वितीया । २ । ३ । २ ॥" ले सधैँ द्वितीया विभक्ति हुन्छ । **यवाग्वाऽग्निहोत्रं जुहोति** = यहाँ यवागू र अग्निहोत्र 'हु' धातुका कर्म हुन् । "कर्मणि द्वितीया । २ । ३ । २ ॥" ले दुवै शब्ददेखि द्वितीया प्राप्त थियो, त्यसलाई बाँधेर "तृतीया च०" ले 'यवागू'शब्ददेखि तृतीया तथा 'अग्निहोत्र' शब्ददेखि द्वितीया भएर 'यवाग्वाऽग्निहोत्रं जुहोति' हुन्छ । लौकिक संस्कृतमा 'यवाग्वाऽग्निहोत्रेण जुहोति' हुन्छ । जसको राखेको अग्निहोत्र (हविः) अशुद्ध भयो, इत्यादि प्रयोगको दर्शनले तथा जुन वस्तु अग्निलाई दिइन्छ, इत्यादि व्युत्पत्तिका कारण यहाँ 'अग्निहोत्र' शब्दको अर्थ हविः हो । 'यवाग्वाऽग्निहोत्रं जुहोति' को अर्थ यवागू (हलुवा) [redacted] नामक हविः देवताका लागि समर्पण गरी दान गर्छ भन्ने हो ।

९ द्वितीया ब्राह्मणे । २ । ३ । ६० ॥ ब्राह्मणविषये प्रयोगे दिवस्तदर्थस्य कर्मणि द्वितीया स्यात् । षष्ठचपवादः । गामस्य तदहः सभायां दीव्येयुः ॥

'द्वितीया' यो प्रथमान्त प्रथम पद र 'ब्राह्मणे' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "अधीगर्थदयेशां कर्मणि" बाट 'कर्मणि' को

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र "दिवस्तदर्थस्य" बाट सम्पूर्ण सूत्रको अनुवृत्ति आएपछि पदसंयोजन गर्दा सूत्रको अर्थ :– मन्त्रदेखि भिन्न वैदिक प्रयोगमा द्यूत तथा क्रयविक्रयव्यवहार्थक 'दिव्' धातुको कर्ममा द्वितीया हुन्छ, हो । लौकिक संस्कृतमा द्युत तथा क्रयविक्रयव्यवहार्थक 'दिव्' धातुको कर्ममा "दिवस्तदर्थस्य । २ । ३ । ५८ ॥" ले षष्ठी हुन्छ । यो सूत्र "दिवस्तदर्थस्य । २ । ३ । ५८ ॥" ले प्राप्त षष्ठीको अपवाद हो । **गामस्य तदहः सभायां दीव्येयुः** । **गाम्** = यहाँ 'दिव्' धातुको कर्म गो (वाणी) शब्ददेखि "दिवस्त०" ले प्राप्त षष्ठीलाई बाँधेर "द्वितीया ब्रा०" ले द्वितीया हुन्छ ।

१० चतुर्थ्यर्थे बहुलं छन्दसि । २ । ३ । ६२ ॥ षष्ठी स्यात् । पुरुषमृगश्चन्द्रमसः । गोधाकालकादार्वाघाटस्ते वनस्पतीनाम् । वनस्पतिभ्य इत्यर्थः ॥

'चतुर्थ्यर्थे' यो सप्तम्यन्त प्रथम पद, 'बहुलम्' यो प्रथमान्त द्वितीय पद र 'छन्दसि' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "षष्ठी शेषे" सूत्रबाट षष्ठीको अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा चतुर्थीको अर्थमा षष्ठी बहुलतया हुन्छ, हो । लौकिक संस्कृतमा चतुर्थीको अर्थमा षष्ठी हुँदैन । **पुरुषमृगश्चन्द्रमसः । चन्द्रमसः** = यहाँ चतुर्थीको अर्थमा 'चन्द्रमस्' शब्ददेखि "चतुर्थ्यर्थे ब०" ले षष्ठी हुन्छ । लौकिक संस्कृतमा 'चन्द्रमसे' रूप हुन्छ । **गोधाकालकादार्वाघाटस्ते वनस्पतीनाम् ।** (तिम्रा वनस्पतिका लागि गोहोरो, कालक र ठेउवा आदि) **वनस्पतीनाम्** = यहाँ चतुर्थीको अर्थमा 'वनस्पति' शब्ददेखि "चतुर्थ्यर्थे ब०" ले षष्ठी हुन्छ । लौकिक संस्कृतमा 'वनस्पतिभ्यः' रूप हुन्छ ।

षष्ठ्यर्थे चतुर्थीति वाच्यम् (वा०) ॥ या खर्वेण पिबति तस्यै खर्वः ॥

वैदिक संस्कृतमा षष्ठीको अर्थमा चतुर्थी हुन्छ । लौकिक संस्कृतमा षष्ठीको अर्थमा चतुर्थी हुँदैन । **या खर्वेण पिबति तस्यै खर्वः** । (जुन स्त्रीले गर्भावस्थामा सानु पात्रमा अन्नपानादि ग्रहण गर्छे, त्यसका सन्तान पुङ्का हुन्छन्) यहाँ षष्ठीको अर्थमा 'तद्'शब्ददेखि "षष्ठ्यर्थे चतु०" ले चतुर्थी भई 'तस्यै' बन्छ । लौकिक संस्कृतमा 'तस्याः' रूप हुन्छ ।

११ यजेश्च करणे । २ । ३ । ६३ ॥ इह छन्दसि बहुलं षष्ठी । घृतस्य घृतेन वा यजते ॥

'यजेः' यो षष्ठ्यन्त प्रथम पद, 'च' यो अव्यय द्वितीय पद र 'करणे' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "बहुलं छन्दसि" बाट सम्पूर्ण सूत्रको अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'यज्' धातुको करणमा बहुलतया षष्ठी हुन्छ, हो । लैकिक संस्कृतमा अनुक्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

करणमा "कर्तृकरणयोस्तृतीया । २ । ३ । १८ ॥" ले सर्धैं तृतीया हुन्छ । **घृतस्य घृतेन वा यजते** = यहाँ 'घृत'शब्ददेखि "कर्तृकरणयोस्तृतीया । २ । ३ । १८ ॥" ले नित्य तृतीया प्राप्त थियो, त्यसलाई बाँधेर "यजेश्च०"ले षष्ठी विकल्पले हुन्छ । त्यसपछि विभक्तिकार्य भएर यो वाक्य बन्दछ । पक्षमा तृतीया हुन्छ । लौकिक संस्कृतमा 'घृतेन यजते' हुन्छ ।

१२ बहुलं छन्दसि । २ । ४ । ३९ ॥ अदो घस्लादेशः स्यात् । घस्तान्नूनम् । लुङि मन्त्रे घसेति च्लेर्लुक् । अडभावः । सग्धिश्च मे ॥

'बहुलम्' यो प्रथमान्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "अदो जग्धिर्ल्यपि किति" बाट 'अदः' को तथा "लुङ्सनोर्घस्लृ" बाट 'घस्लृ' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'अद्' धातुको स्थानमा 'घस्लृ'आदेश बहुलतया हुन्छ, हो । लौकिक संस्कृतमा "लुङ्सनोर्घस्लृ । २ । ४ । ३७ ॥" ले लुङ् लकार तथा 'सन्' प्रत्यय पर भएमा मात्र 'अद्' धातुको स्थानमा 'घस्लृ' आदेश हुन्छ ।

घस्तान्नूनम् = अद् (अद भक्षणे, अदादि) धातुदेखि 'लुङ्' 'ल्'को स्थानमा प्रथम पुरुषको द्विवचन 'तस्' त्यसको सार्वधातुक संज्ञा भएपछि प्राप्त 'शप्' लाई बाँधेर "च्लि लुङि । ३ । १ । ४३ ॥ ले 'च्लि' "मन्त्रे घस०" ले 'च्लि'को लुक् "लुङ्लङ्लृङ्क्ष्वडुदात्तः ६ । ४ । ७१ ॥" ले प्राप्त 'अट्' आगमको "बहुलं छन्दस्य०" ले निषेध "बहुलं छन्दसि । २ । ४ । ३९ ॥" ले 'अद्'को स्थानमा 'घस्लृ'आदेश, "तस्थस्थमिपां तान्तन्तामः" ले 'तस्'को स्थानमा 'ताम्'आदेश 'म्'को अनुस्वार र परसवर्ण भएर उक्त रूप सिद्ध हुन्छ ।

सग्धिश्च मे = 'अद्' धातुदेखि "स्त्रियां क्तिन् । ३ । ३ । ९४ ॥" ले 'क्तिन्' "बहुलं छ ०" ले 'अद्'को स्थानमा 'घस्लृ'आदेश अनुबन्धलोप "घसिभसोर्ह ०" ले घकारोत्तरवर्ती अकारको लोप "झलो झलि । ८ । २ । २६ ॥" ले 'स्' को लोप "झषस्तथोर्धोऽधः । ८ । २ । ४० ॥" ले 'त्' को 'ध्' "झलां जश् झशि । ८ । ४ । ५३ ॥"ले जश्त्व र स्वादिकार्य भएर 'ग्धिः' सिद्ध हुन्छ । यहाँ "अचः परस्मिन् पूर्वविधौ । १ । १ । ५७ ॥"ले प्राप्त स्थानिवद्भावको "न पदान्तद्विर्वचनवरेय-लोपस्वरसवर्णानुस्वारदीर्घजश्चर्विधिषु । १ । १ । ५८ ॥" ले निषेध हुनाले जश्त्व हुन कुनै बाधा पर्दैन । 'समाना ग्धिः' यस विग्रहमा समास भएपछि प्रातिपदिक संज्ञा 'सुप्' को लुक् "समानस्य ०" ले 'समान' शब्दको स्थानमा 'स' आदेश तथा समुदायबाट स्वादिकार्यपछि 'सग्धिः' सिद्ध हुन्छ ।

१३ हेमन्तशिशिरावहोरात्रे च छन्दसि । २ । ४ । २८ ॥ द्वन्द्वः पूर्ववल्लिङ्गः । हेमन्तश्च शिशिरञ्च हेमन्तशिशिरौ । अहोरात्रे ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'हेमन्तशिशिरौ' यो प्रथमान्त प्रथम पद, 'अहोरात्रे' यो प्रथमान्त द्वितीय पद, 'च' यो अव्यय तृतीय पद र 'छन्दसि' यो सप्तम्यन्त चतुर्थ पद गरी यस सूत्रमा चार पद छन् । यहाँ "पूर्ववदश्ववडवौ" बाट 'पूर्ववत्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'हेमन्त' र 'शिशिर' शब्दको तथा 'अहन्' र 'रात्रि'शब्दको द्वन्द्व समास भएको छ भने समुदायबाट द्वन्द्वावयव पूर्ववर्त्ती शब्दको अनुसार लिङ्ग हुन्छ, हो । लैकिक संस्कृतमा तत्पुरुष र द्वन्द्व समासमा "परवल्लिङ्ग ०" ले समुदायबाट परवर्ती शब्दको अनुसार लिङ्ग हुन्छ ।

हेमन्तशिशिरौ = हेमन्तश्च शिशिरञ्च, यस विग्रहमा "चार्थे द्वन्द्वः । २ । २ । २९ ॥" ले इतरेतरयोग समास, प्रातिपदिक संज्ञा 'सुप्'को लुक् भएपछि समस्त 'हेमन्तशिशिर'शब्ददेखि "परवल्लिङ्गं द्वन्द्वतत्पुरुषयोः । २ । ४ । २६ ॥" ले परवर्त्ती 'शिशिर'शब्दको अनुसार नपुंसक लिङ्ग प्राप्त थियो त्यसलाई बाँधेर "हेमन्तशिशि०" ले पूर्ववर्त्ती 'हेमन्त' शब्दको अनुसार पुँल्लिङ्ग भएर 'हेमन्तशिशिरौ' बन्दछ । लौकिक संस्कृतमा 'हेमन्तशिशिरे' हुन्छ ।

अहोरात्रे = अहश्च रात्रिश्च यस विग्रहमा पूर्ववत् समास भएपछि सुप्को लुक्, "अहःसर्वैकदेशसंख्यातपुण्याच्च रात्रेः । ५ । ४ । ८७ ॥" ले 'रात्रि' शब्ददेखि समासान्त 'अच्' प्रत्यय "यचि भम् । १ । ४ । १८ ॥" ले 'भ' संज्ञा "यस्येति च । ६ । ४ । १४८ ॥" ले इकारको लोप अहन्को 'न्' को "अहन् । ८ । २ । ६८ ॥" ले रुत्व "हशि च । ६ । १ । ११४ ॥" ले उत्व र गुण भएर बनेको 'अहोरात्र' देखि "रात्राऽह्नाहाः पुंसि । २ । ४ । ३९ ॥" ले परवर्त्ती 'रात्र' को अनुसार प्राप्त पुँल्लिङ्गलाई बाँधेर "हेमन्तशिशि०" ले पूर्ववर्त्ती 'अहन्' शब्दको अनुसार नपुंसक लिङ्ग भई 'अहोरात्रे' हुन्छ । लौकिक संस्कृतमा 'अहोरात्रः' रूप हुन्छ ।

"अदिप्रभृतिभ्यः शपः ॥" १४ बहुलं छन्दसि । २ । ४ । ७३ ॥ वृत्रं हनति वृत्रहा । अहि शयत उप पृक्पृथिव्याः । अत्र लुक् न । अदादिभिन्नेऽपि क्वचिल्लुक् । त्राध्वं नो देवाः ॥

'बहुलम्' यो प्रथमान्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "ण्यक्षत्रियार्षञितो यूनि लुगणिञोः" बाट लुक् तथा "अदिप्रभृतिभ्यः शपः" बाट 'शपः' को अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा अदादिगणपठित धातुदेखि विहित 'शप्'को बहुलतया लुक् हुन्छ, हो । लैकिक संस्कृतमा अदादि गणपठित धातुदेखि विहित 'शप्' को मात्र "अदिप्रभृतिभ्यः शपः । २ । ४ । ७२ ॥" ले लुक् हुन्छ । **वृत्रं हनति वृत्रहा ।**

हनति = 'हन्' (हन हिंसागत्योः, अदादि) धातुदेखि लट्, तिप्, "कर्तरि शप् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३ । १ । ६८ ॥" ले शप्,"अदिप्रभृतिभ्यः शपः । २ । ४ । ७२ ॥" ले 'शप्'को लुक् प्राप्त थियो तर "बहुलं छन्दसि" ले बाहुल्यको विधान भएको हुँदा 'शप्' को लुक् नभएर 'हनति' रूप हुन्छ । लौकिक संस्कृतमा 'हन्ति' हुन्छ ।

अहि शयत उप पृक्पृथिव्याः । **शयते** = अनुबन्धविनिर्मुक्त 'शी' (शीङ् स्वप्ने, अदादि) धातुदेखि लट्, 'ल्'को स्थानमा प्रथम पुरुषको एकवचन त, शप्, 'शप्' को लुक् प्राप्त थियो त्यसको "बहुलं छन्दसि" ले निषेध, "शीङः सार्वधातुके गुणः । ७ । ४ । २१ ॥" ले गुण "टित आत्मनेपदानां टेरे । ३ । ४ । ७९ ॥" ले एत्व "एचोऽयवायावः । ६ । १ । ७८ ॥" ले 'अय्' आदेश र वर्णमेलनबाट 'शयते' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'शेते' रूप हुन्छ ।

कहीँ अदादिगणपठित धातुदेखि भिन्न धातुदेखि विहित 'शप्'को पनि लुक् हुन्छ । जस्तै – **त्राध्वं नो देवाः** । **त्राध्वम्**= अनुबन्धविनिर्मुक्त 'त्रै' (त्रैङ् पालने, भ्वादि) धातुदेखि लोट्,'ल्'को स्थानमा मध्यम पुरुषको बहुवचन ध्वम्, शप्, "बहुलं छन्दसि" ले 'शप्'को लुक्, शित्त्वको अभावमा "आदेच उपदेशेऽशिति ! ६ । ४ । ६५ ॥" ले धातुको 'ऐ'को आत्व,"टित आत्मने ०"ले 'टि'को एत्व "सवाभ्यां वामौ । ३ । ४ । ९१ ॥" ले एकारका स्थानमा 'अम्' भएपछि 'त्राध्वम्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'त्रायध्वम्' रूप हुन्छ ।

"जुहोत्यादिभ्यः श्लुः ॥" १५ बहुलं छन्दसि । २ । ४ । ७६ ॥ दाति प्रियाणि चिद्वसु । अन्यत्रापि । पूर्णा विवष्टि ॥

'बहुलम्' यो प्रथमान्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्वसूत्रमा भ्रँ लुक् र शपः को अनि "जुहोत्यादिभ्यः श्लुः" बाट 'श्लुः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा जुहोत्यादि गणमा पठित धातुदेखि विहित 'शप्'को बहुलतया 'श्लु' हुन्छ, हो । लैकिक संस्कृतमा जुहोत्यादि गणपठित धातुदेखि विहित 'शप्'को मात्र "जुहोत्यादिभ्यः श्लुः । २ । ४ । ७५॥" ले श्लु हुन्छ । **दाति प्रियाणि चिद्वसु** । **दाति** = अनुबन्धविनिर्मुक्त 'दा' (डुदाञ् दाने, जुहोत्यादि) धातुदेखि लट्, तिप्, शप् "जुहोत्या ०" ले 'शप्'को 'श्लु' प्राप्त थियो तर "बहुलं छन्दसि" ले बाहुल्यको विधान भएपछि दीर्घ भएर 'दाति' रूप सिद्ध हुन्छ । 'श्लु'भएमा 'ददाति' पनि हुन्छ । लौकिक संस्कृतमा 'ददाति' रूप हुन्छ ।

कहीँ जुहोत्यादिगणपठित धातुदेखि भिन्न धातुदेखि विहित 'शप्'को पनि 'श्लु' हुन्छ । जस्तै – **पूर्णा विवष्टि** = 'वश्' (वश कान्तौ, अदादि) धातुदेखि लट्, तिप् , शप् "अदिप्रभृतिभ्यः शपः । २ । ४ । ७२ ॥" ले प्राप्त 'शप्'को लुक् लाई बाँधेर "बहुलं छन्दसि" ले 'शप्'को 'श्लु' "श्लौ । ६ । १ । १० ॥"ले द्वित्व

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभ्यासादि कार्य "बहुलं छन्दसि । ७ । ४ । ७८ ॥" ले अभ्यासको अकारको इत्व "व्रश्चभ्रस्जसृजमृजयजराजभ्राजच्छशां षः । ८ । २ । ३६ ॥" ले 'श्' को षत्व "ष्टुना ष्टुः । ८ । ४ । ४१ ॥" ले ष्टुत्व भएपछि 'विवष्टि' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'वष्टि' रूप हुन्छ ।

१६ मन्त्रे घसह्वरणशवृदहाद्वृच्कृगमिजनिभ्यो लेः । २ । ४ । ८० ॥ एभ्यो लेर्लुक् स्यान्मन्त्रे । अक्षन्नमीमदन्त हि । घस्लादेशस्य गमहनेत्युपधालोपे "शासिवसि" इति षः । माह्वर्मित्रस्य । धूर्तिः प्रणङ्मर्त्यस्य । नशेर्वेति कुत्वम् । सुरुचो वेन आवः । मा न आधक् । आदित्याकारान्तग्रहणम् । आ प्रा द्यावापृथिवी । परावर्ग्भारभृद्यथा । अक्रन्नुषासः । त्वे रयिं जागृवांसो अनुग्मन् । मन्त्रग्रहणं ब्राह्मणस्याप्युपलक्षणम् । अज्ञत वा अस्य दन्ताः । विभाषानुवृत्तेर्नेह । न ता अगृभ्णन्नजनिष्ट हि षः ॥ इति द्वितीयोऽध्यायः ॥

'मन्त्रे' यो सप्तम्यन्त प्रथम पद, 'घसह्वरणशवृदहाद्वृच्कृगमिजनिभ्यः' यो समस्त पञ्चम्यन्त द्वितीय पद र 'लेः' यो षष्ठचन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "ण्यक्षत्रियार्षञितो यूनि लुगणिञोः " बाट 'लुक्' पदको अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा घस्, ह्वर्, णश्, वृ, दह्, आत् (आकारान्त धातु) वृज्, कृ, गम् तथा जन् धातुदेखि विहित 'लि'को लुक् हुन्छ, हो । प्राचीन वैयाकरणहरूले 'च्लि'लाई 'लि' भन्छन् । लौकिक संस्कृतमा 'च्लि'को लुक् हुँदैन । **अक्षन्नमीमदन्त हि । <u>अक्षन्</u>** = 'अद्' (अद भक्षणे, अदादि) धातुदेखि लुङ्, 'अट्' आगम "लुङ्सनोर्घस्लृ । २ । ४ । ३७ ॥" ले 'अद्'को स्थानमा 'घस्लृ'आदेश अनुबन्धलोप 'ल्'को स्थानमा प्रथम पुरुषको बहुवचन झि, 'च्लि', "मन्त्रे घस ०"ले 'च्लि'को लुक्, "झोऽन्तः । ७ । १ । ३ ॥" ले 'झ्'को स्थानमा 'अन्त्' आदेश "इतश्च । ३ । ४ । १०० ॥"ले इकारको लोप "गमहनजनखनघसां लोपः क्ङित्यनङि । ६ । ४ । ९८ ॥"ले उपधाको लोप (अघ्स्+अन्त) "शासिवसिघसीनां च । ८ । ३ । ६० ॥"ले षत्व "खरि च । ८ । ४ । ५५ ॥"ले चर्त्व "क्ष्संयोगे क्षः" को अनुसार क्षत्व "संयोगान्तस्य लोपः । ८ । २ । २३ ॥"ले 'त्'को लोप र वर्णमेलन भई 'अक्षन्' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'अघसन्' रूप हुन्छ ।

मा ह्वर्मित्रस्य । <u>माह्वः</u> = 'माङ्'पूर्वक 'ह्वृ' (ह्वृ कौटिल्ये भ्वादि) धातुदेखि लुङ्, "लुङ्लङ्लृङ्क्ष्वडुदात्तः । ६ । ४ । ७१ ॥" ले प्राप्त 'अट्'आगमको "न माङ्योगे । ६ । ४ । ७४ ॥" ले निषेध 'ल्'को स्थानमा प्रथम पुरुषको एकवचन 'तिप्' च्लि, "मन्त्रे घस ०" ले 'च्लि'को लुक्, "सार्वधातुकार्धधातुकयोः । ७ । ३ । ८४ ॥" ले गुण रपरत्व "इतश्च" ले इकारको लोप "हल्ङ्याब्भ्यो दीर्घात्सुतिस्यपृक्तं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हल् । ६ । १ । ६८ ॥" ले 'त्'को लोप, रुत्व र विसर्ग भएर 'माह्वः' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'माह्वार्षीत्' रूप हुन्छ ।

धूर्तिः प्रणङ् मर्त्यस्य । प्रणङ् = 'प्र'पूर्वक 'नश्' (णश अदर्शने दिवादि) धातुदेखि लुङ्, "लुङ्लङ्लृङ् ० ॥" ले प्राप्त 'अट्'आगमको "बहुलं छन्दस्य ०" ले विकल्पले विधान 'ल्'को स्थानमा प्रथम पुरुषको एकवचन तिप्, च्लि, "मन्त्रे घस०" ले 'च्लि'को लुक्, "इतश्च" ले तकारोत्तरवर्ती इकारको लोप "नशेर्वा । ८ । २ । ६३ ॥" ले 'श्'को 'क्' "उपसर्गादसमासेऽपि णोपदेशस्य । ७ । ४ । १७ ॥" ले 'न्'को 'ण्' "हल्ङ्याब्भ्यो ०" ले 'त्'को लोप तथा "यरोऽनुनासिकेऽनुनासिको वा । ८ । ४ । ४५ ॥" ले 'क्'को'ङ्' भएर 'प्रणङ्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'प्राणशत्' रूप हुन्छ ।

सुरुचो वेन आवः । आवः =अनुबन्धविनिर्मुक्त 'वृ' (वृञ् वरणे स्वादि) धातुदेखि लुङ्, 'अट्'आगम प्राप्त थियो त्यसलाई निषेध गरेर "छन्दस्यपि ०" ले 'आट्' आगम 'ल्'को स्थानमा प्रथम पुरुषको एकवचन तिप्, च्लि, "मन्त्रे घस ०" ले 'च्लि' को लुक्, "सार्वधातुकार्धधातुकयोः" ले गुण रपरत्व"इतश्च" ले इकारको लोप "हल्ङ्याब्भ्यो ०" ले 'त्'को लोप, रुत्व र विसर्ग भएर 'आवः' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'अवारीत्' रूप हुन्छ ।

मान आधक् = 'आङ्'पूर्वक 'दह्' (दह भस्मीकरणे भ्वादि) धातुदेखि लुङ्, 'अट्' आगम वृद्धि 'ल्'को स्थानमा प्रथम पुरुषको एकवचन तिप्, च्लि, "मन्त्रे घस ०" ले 'च्लि'को लुक्, "दादेर्धातोर्घः । ८ । ४ । ३२ ॥" ले 'ह्'को 'घ्' "इतश्च" ले इकारको लोप "हल्ङ्याब्भ्यो ०" ले 'त्'को लोप "एकाचो बशो भष् झषन्तस्य स्ध्वोः । ८ । २ । ३७ ॥" ले 'द्'को 'ध्' जश्त्व तथा चर्त्व भएर 'आधक्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'अधाक्षीत्' रूप हुन्छ ।

आप्रा द्यावापृथिवी । आप्रा = 'आङ्'पूर्वक 'प्रा' (प्रा पूरणे अदादि) धातुदेखि लुङ्, 'अट्'आगम, वृद्धि दीर्घ, 'ल्'को स्थानमा मध्यम पुरुषको एकवचन सिप्, च्लि, "मन्त्रे घस ०"ले 'च्लि'को लुक्, "इतश्च" ले इकारको लोप, रुत्व र विसर्ग भएर 'आप्राः' रूप सिद्ध भएपछि अश् पर रहेको हुँदा "भोभगोअघोअपूर्वस्य योऽशि । ८ । ३ । १७ ॥"ले यत्व र "हलि सर्वेषाम् । ८ । ३ । २२ ॥"ले 'य्'को लोप भएर 'आप्रा द्यावापृथिवी' हुन्छ । लौकिक संस्कृतमा 'आप्रासीः' हुन्छ ।

परावर्ग्भारिभृद्यथा । परावर्ग् = अनुबन्धविनिर्मुक्त 'परा'पूर्वक 'वृज्' (वृजी वर्जने रुधादि) धातुदेखि लुङ्, 'अट्'आगम 'ल्'को स्थानमा प्रथम पुरुषको एकवचन तिप्, च्लि, "मन्त्रे घस ०" ले 'च्लि'को लुक्, "पुगन्तलघूपधस्य च । ७ । ३ । ८६ ॥" ले गुण रपरत्व,"चो कुः । ८ । २ । ३० ॥" ले कुत्व "इतश्च" ले इकार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

को लोप र "हल्ङ्याब्भ्यो ०" ले 'त्'को लोप भएर 'परावर्ग्' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'अवर्जीत्' रूप हुन्छ।

अक्रन्नुषासः । अक्रन् = अनुबन्धविनिर्मुक्त 'कृ' (डुकृञ् करणे तनादि) धातुदेखि लुङ्, 'अट्'आगम 'ल्'को स्थानमा प्रथम पुरुषको बहुवचन 'झि' च्लि, "मन्त्रे घस ०" ले 'च्लि'को लुक्, "झोऽन्तः" ले 'झ्'को स्थानमा 'अन्त्'आदेश "सार्वधातुकमपित्। १। २। ४॥" ले ङित्त्व "इको यणचि। ६। १। ७७॥" ले 'यण्' "इतश्च" ले इकारको लोप र "संयोगान्तस्य लोपः" ले 'त्' को लोप भएर 'अक्रन्' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'अकार्षुः' रूप हुन्छ।

त्वे रयिं जागृवांसा अनुग्मन् । अनुग्मन् = अनुबन्धविनिर्मुक्त अनुपूर्वक 'गम्' (गम्लृ गतौ भ्वादि) धातुदेखि लुङ्, "लुङ्लङ्लृङ् ०॥" ले प्राप्त 'अट्'आगमको "बहुलं छन्दस्य ०" ले निषेध 'ल्'को स्थानमा प्रथम पुरुषको बहुवचन 'झि' च्लि, "मन्त्रे घस ०" ले 'च्लि'को लुक्, "झोऽन्तः" ले 'झ्'को स्थानमा 'अन्त्' आदेश "गमहनजनखनघसां लोपः क्ङित्यनङि। ६। ४। ९८॥" ले उपधाको लोप"इतश्च" ले इकारको लोप तथा "संयोगान्तस्य लोपः" ले 'त्'को लोप भएर 'अनुग्मन्' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'अन्वगमन्' रूप हुन्छ।

अज्ञत वा अस्य दन्ताः । अज्ञत = अनुबन्धविनिमुक्त 'जन्' (जनी प्रादुर्भावे भ्वादि) धातुदेखि लुङ्, 'अट्'आगम, 'ल्'को स्थानमा प्रथम पुरुषको बहुवचन 'झ' च्लि, "मन्त्रे घस ०" ले 'च्लि'को लुक्, "आत्मनेपदेष्वनतः। ७। १। ५॥" ले 'झ्'को स्थानमा 'अत्' आदेश "गमहनजन०" ले उपधाको लोप श्चुत्व तथा "जञोर्ज्ञः"को अनुसार ज्ञत्व भएर 'अज्ञत' रूप सिद्ध हुन्छ। यस सूत्रमा विभाषाको अनुवृत्ति रहेको हुँदा कहीं 'च्लि'को लोप हुँदैन। जस्तै अजनिष्ट। लौकिक संस्कृतमा 'अजनि'/'अजनिष्ट' रूप हुन्छ।

इति शालिग्राम सुवेदीद्वारा विरचित 'रञ्जना' नेपाली व्याख्याको वैदिकी प्रक्रियाको द्वितीय अध्याय।

अथ तृतीयोऽध्यायः।

१७ अभ्युत्सादयां प्रजनयां चिकयां रमयामकः पावयांक्रियाद्विदामक्रन्नितिच्छन्दसि। ३।१। ४२॥ आद्येषु चतुर्षु लुङि आम् अक इत्यनुप्रयोगश्च। अभ्युत्सादयामकः। अभ्युदसीषददिति लोके। प्रजनयामकः। प्राजीजनदित्यर्थः। चिकयामकः। अचैषीदित्यर्थे चिनोतेराम् द्विर्वचनं कुत्वं च। रमयामकः। अरीरमत्। पावयांक्रियात्। पाव्यादिति लोके। विदामक्रमन्। अवेदिषुः॥

'अभ्युत्सादयां प्रजनयां चिकयां रमयामकः पावयांक्रियाद्विदामक्रन्' यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुकरणात्मक प्रथम पद, 'इति' यो अव्यय द्वितीय पद र 'छन्दसि' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "विदाङ्कुर्वन्त्वित्यन्यतरस्याम्" बाट 'अन्यतरस्याम्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा अभ्युत्सादयामकः, प्रजनयामकः, चिकयामकः, रमयामकः, पावयांक्रियात् तथा विदामक्रन् शब्दहरू निपातनद्वारा सिद्ध हुन्छन्, हो । पहिलेका चार शब्द (क्रियापद) लुङ् लकारमा आम् तथा 'अकः'को अनुप्रयोग गरेर सिद्ध हुन्छन् ।

अभ्युत्सादयामकः = अनुबन्धविनिर्मुक्त अभि,'उत्'पूर्वक 'सद्' (षद्लृ विशरणगत्यवसादनेषु, भ्वादि) धातुदेखि णिच्, लुङ्, "अभ्युत्साद ०" ले निपातनद्वारा 'आम्' "आमः । २ । ४ । ८१ ॥"ले लुङ्को लुक्,"अत उपधायाः । ७ । २ । ११६ ॥" ले उपधावृद्धि "सार्वधातुकार्धधातुकयोः । ७ । ३ । ८४ ॥" ले गुण, 'अय्' आदेश र वर्णसंमेलन भएर बनेको 'अभ्युत्सादयाम्' देखि "अभ्युत्साद ०" ले निपातनद्वारा लुङ्परक 'कृ' धातुको अनुप्रयोग,अट् आगम, तिप्, च्लि, 'च्लि'को "मन्त्रे घस ०" ले लुक्, गुण, "इतश्च । ३ । ४ । १०० ॥" ले तिप्को 'इ'को लोप, "हल्ङ्याब्भ्यो ०" ले 'त्'को लोप र रेफको विसर्गपछि 'अकः' पद बन्दछ र वर्णमेलनबाट अभ्युत्सादयाम् + अकः = अभ्युत्सादयामकः रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'अभ्युदसीषदत्' हुन्छ ।

प्रजनयामकः = अनुबन्धविनिर्मुक्त 'प्र'पूर्वक 'जन्' (जनी प्रादुर्भावे, दिवादि) धातुदेखि णिच्, लुङ्, "अभ्युत्साद ०" ले निपातनद्वारा 'आम्' "आमः । २ । ४ । ८१ ॥" ले लुङ्को लुक्,"अत उपधायाः । ७ । २ ॥ ११६" ले उपधावृद्धि प्राप्त थियो त्यसको "जनिवध्योश्च । ७ । ३ । ३५ ॥" ले निषेध, गुण, 'अय्' आदेश, 'अकः' को अनुप्रयोगद्वारा 'प्रजनयामकः' बन्दछ । लौकिक संस्कृतमा 'प्राजीजनत्' हुन्छ ।

चिकयामकः = अनुबन्धविनिर्मुक्त 'चि' (चिञ् चयने ,स्वादि) धातुदेखि लुङ्, "अभ्युत्साद ०" ले निपातनद्वारा 'आम्' "आमः । २ । ४ । ८१ ॥" ले 'लुङ्'को लुक्, निपातनद्वारा धातुको द्वित्व, कुत्व, (चि कि आम्) गुण 'अय्' आदेश 'अकः' को अनुप्रयोग भएर 'चिकयामकः' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'अचैषीत' हुन्छ ।

रमयामकः = अनुबन्धविनिर्मुक्त 'रम्' (रमु क्रीडायाम्, भ्वादि) धातुदेखि णिच्, लुङ्, "अभ्युत्साद ०" ले निपातनद्वारा 'आम्' "आमः । २ । ४ । ८१ ॥" ले लुङ्को लुक्,"अत उपधायाः । ७ । २ । ११६ ॥" ले उपधावृद्धि, "जनीजृष्–क्वनसरञ्जोऽमन्ताश्च" (ग०सू०) ले मित्संज्ञा "मितां ह्रस्वः । ६। ४। ९२ ॥"ले उपधाको ह्रस्व, गुण, 'अय्'आदेश 'अकः' को अनुप्रयोग तथा वर्णमेलनबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'रमयामकः' बन्दछ । लौकिक संस्कृतमा चाहिँ 'अरीरमत्' हुन्छ ।

पावयांक्रियात् = अनुबन्धविनिर्मुक्त 'पू' (पूञ् पवने क्र्यादि /पूङ् पवने भ्वादि) धातुदेखि णिच्, आशीर्लिङ् "अभ्युत्साद ०" ले निपातनद्वारा आम्, 'आमः २ । ४ । ८१ ॥' ले 'लिङ्'को लुक् "अचो ञ्णिति । ७ । २ । ११५ ॥"ले वृद्धि, 'आव्' आदेश वर्णमेलन गुण, 'अय्' आदेशपछि निपातनद्वारा आशीर्लिङ्परक 'कृ' धातुको अनुप्रयोग तिप्, यासुट् आगम, "रिङ् शयग्लिङ्क्षु । ७ । ४ । २८ ॥"ले ऋकारको 'रिङ्' आदेश "इतश्च"ले 'इ'को लोप, "स्कोः संयोगाद्योरन्ते च । ८ । २ । २९ ॥"ले 'स्'को लोप भएर 'पावयांक्रियात्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'पाव्यात्' हुन्छ ।

विदामक्रन् = 'विद्' (विद ज्ञाने, अदादि) धातुदेखि लुङ्, "अभ्युत्साद ०" ले निपातनद्वारा 'आम्' "आमः । २ । ४ । ८१ ॥" ले लुङ्को लुक्, "पुगन्तलघूपधस्य च । ७ । ३ । ८६ ॥" ले गुण प्राप्त थियो त्यसको "अभ्युत्साद ०" ले निपातनद्वारा निषेध तथा लुङ्परक 'कृ'धातुको अनुप्रयोग, 'अट्'आगम 'ल्'को स्थानमा झि, "झोऽन्तः । ७ । १ । ३ ॥" ले 'झ्'को स्थानमा 'अन्त'आदेश "सार्वधातुकमपित् । १ । २ । ४ ॥" ले ङिद्वद्भाव हुनाले गुणको अभाव, यण्, "इतश्च ३ । ४ । १०० ॥"ले 'इ'को लोप अनि संयोगान्तलोप भएर 'विदामक्रन्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'अवेदिषुः' हुन्छ ।

१८ गुपेश्छन्दसि । ३ । १ । ५० ॥ च्लेश्चङ् वा । गृहानजूगुपतं युवम् । अगौप्तमित्यर्थः ॥

'गुपेः' यो पञ्चम्यन्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "च्लेः सिच्" बाट 'च्लेः' को र "णिश्रिद्रुस्रुभ्यः कर्तरि चङ्" बाट 'चङ्' को एवम् "विभाषा धेट्श्व्योः" बाट 'विभाषा' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'गुप्' धातुदेखि विधान गरिएको 'च्लि'को स्थानमा 'चङ्' विकल्पले हुन्छ, हो । लौकिक संस्कृतमा अण्यन्त 'गुप्'धातुदेखि विहित 'च्लि'को स्थानमा 'चङ्' हुँदैन । **गृहानजूगुपतं युवम् । अजूगुपतम्** = अनुबन्धविनिर्मुक्त 'गुप्' (गुपू रक्षणे, भ्वादि) धातुदेखि "आयादय आर्धधातुके वा । ३ । १ । ३१ ॥" ले आय नभएको पक्षमा लुङ्, 'अट्' आगम, च्लि, "गुपेश्छन्दसि । ३ । १ । ५० ॥" ले 'च्लि'को स्थानमा विकल्पले 'चङ्' 'ल्' को स्थानमा मध्यम पुरुषको द्विवचन 'थस्' "तस्थस्थमिपां तान्तन्तामः । ३ । ४ । १०१ ।" ले 'थस्'को स्थानमा तम्,"चङि । ६ । १ । ११ ॥" ले द्वित्व भएपछि अभ्यासादि कार्य र "तुजादीनां दी ०" ले अभ्यासको दीर्घ भएर 'अजूगुपतम्' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'चङ्'को अभावमा अगौप्तम्, अगोपिष्ट हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१९ नोनयतिध्वनयत्येलयत्यर्दयतिभ्यः । ३ । १ । ५१ ॥ च्लेश्चङ् न । मा त्वायतो जरितुः कामनूनयीः । मा त्वाऽग्निर्ध्वनयीत् ॥

'न' यो अव्यय प्रथम पद र 'ऊनयतिध्वनयत्येलयत्यर्दयतिभ्यः' यो समस्त पञ्चम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "णिश्रिद्रुस्रुभ्यः कर्तरि चङ्" बाट 'णेः' र 'चङ्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा णिजन्त ऊनि, ध्वनि, एलि र अर्दि सनाद्यन्त धातुदेखि विहित 'च्लि'को स्थानमा 'चङ्' आदेश हुँदैन, भन्ने हो । लौकिक संस्कृतमा "णिश्रिद्रुस्रुभ्यः कर्तरि चङ् । ३ । १ । ४८ ॥" ले णिजन्त धातुदेखि विहित 'च्लि' को स्थानमा सधैँ 'चङ्' आदेश हुन्छ । **मा त्वायते जरितुः कामनूनयीः । ऊनयीः** = 'ऊन' (ऊन परिहाणे, चुरादि) धातुदेखि णिच्, "अतो लोपः । ६ । ४ । ४८ ॥" ले 'अ' को लोप, "अचः परस्मिन् पूर्वविधौ । १ । १ । ५७ ॥" ले अकारलोपको स्थानिवद् भाव हुनाले उपधावृद्धिको अभाव, लुङ्, "आडजादीनाम् । ६ । ४ । ७२ ॥" ले प्राप्त 'आट्'आगमको "न माङ्योगे । ६ । ४ । ७४ ॥" ले निषेध, 'ल्'को स्थानमा मध्यम पुरुषको एकवचन सिप्, 'च्लि' "णिश्रिद्रुस्रुभ्यः कर्तरि चङ् । ३ । १ । ४८ ॥" ले 'च्लि' को स्थानमा 'चङ्' प्राप्त थियो त्यसको "नोनयतिध्वन ०" ले निषेध भएपछि 'च्लि'को स्थानमा सिच्, आर्धधातुक संज्ञा 'इट्'आगम "इतश्च" ले 'सिप्'को इकारको लोप "अस्तिसिचोऽपृक्ते । ७ । ३ । ९६ ॥" ले अपृक्त 'ईट्' आगम, "इट ईटि । ८ । ३ । २२८ ॥" ले 'स्' को लोप, दीर्घ, गुण, 'अय्' आदेश, रुत्व र विसर्ग भएर 'ऊनयीः' रूप सिद्ध हुन्छ ।

मा त्वाऽग्निर्ध्वनयीत् । ध्वनयीत् = 'ध्वन' (ध्वन शब्दे, चुरादि) धातुदेखि णिच्, "अतो लोपः । ६ । ४ । ४८ ॥" ले 'अ'को लोप, "अचः परस्मिन् पूर्वविधौ । १ । १ । ५७ ॥" ले अकारलोपको स्थानिवद्भाव हुनाले उपधा वृद्धिको अभाव, लुङ्, "आडजादीनाम् । ६ । ४ । ७२ ॥" ले प्राप्त 'आट्'आगमको "न माङ् योगे । ६ । ४ । ७४ ॥" ले निषेध 'ल्'को स्थानमा प्रथम पुरुषको एकवचन तिप्, 'च्लि' "णिश्रिद्रुस्रुभ्यः ०" ले 'च्लि'को स्थानमा 'चङ्' प्राप्त, "नोनयतिध्वन ०" ले निषेध, 'च्लि'को स्थानमा सिच्, 'इट्'आगम "इतश्च" ले 'तिप्'को इकारको लोप "अस्ति सिचोऽपृक्ते । ७ । ३ । ९६ ॥" ले अपृक्त 'ईट्'आगम, "इट ईटि । ८ । ३ । २२८ ॥" ले 'स्'को लोप, दीर्घ, गुण र 'अय्'आदेश, भएर 'ध्वनयीत्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा अदिध्वनत् । अदध्वनत् । रूप हुन्छ ।

२० कृमृदृरुहिभ्यश्छन्दसि । ३ । १ । ५९ ॥ च्लेरङ् वा । इदं तेभ्योऽकरं नमः । अमरत् । अदरत् । यत्सानोः सानुमारुहत् ॥

'कृमृदृरुहिभ्यः' यो समस्त पञ्चम्यन्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "च्लेः सिच्" बाट 'च्लेः' को र "अस्यतिवक्तिख्यातिभ्योऽङ्" बाट 'अङ्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा कृ, मृ, दृ तथा रुह् धातुदेखि विहित 'च्लि'को स्थानमा 'अङ्' आदेश विकल्पले हुन्छ, हो । लौकिक संस्कृतमा कृ,मृ आदि धातु, इरित् तथा "जृस्तन्भू ०" सूत्रमा परिगणित नभएका हुँदा यी धातुदेखि विहित 'च्लि' को स्थानमा 'चङ्' हुँदैन ।

इदं तेभ्योऽकरं नमः । अकरम् = अनुबन्धविनिर्मुक्त 'कृ' (डु कृञ् ,करणे, तनादि) धातुदेखि लुङ्, 'अट्' आगम, 'ल्'को स्थानमा उत्तम पुरुषको एकवचन मिप्, 'मिप्'को स्थानमा 'अम्' च्लि, 'च्लि'को स्थानमा प्राप्त 'सिच्' लाई निषेध गरेर "कृमृदृरुहि ०" ले विकल्पले 'अङ्'आदेश, "ऋदृशोऽङि गुणः । ७ । ४ । १६ ॥"ले गुण "अतो गुणे" ले पररूप भएर 'अकरम्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'अकार्षम्' रूप हुन्छ ।

अमरत् = अनुबन्धविनिर्मुक्त 'मृ' (मृङ् प्राणत्यागे, तुदादि) धातुदेखि लुङ्, अट्, 'ल्' को स्थानमा व्यत्ययद्वारा परस्मैपद, प्रथम पुरुषको एकवचन तिप्, 'च्लि' 'च्लि'को 'अङ्' गुण र"इतश्च" ले इकारको लोप भएर 'अमरत्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'अमृत' रूप हुन्छ ।

अदरत् = 'दृ' (दृ विदारणे, क्र्यादि) धातुको "प्वादीनां ह्रस्वः । ७ । ३ । ८० ॥" ले ह्रस्व भएपछि 'अमरत्' मा जस्तै अरू कार्य हुन्छन् । लौकिक संस्कृतमा 'अदारीत्' रूप हुन्छ ।

यत्सानोः सानुमारुहत् । **आरुहत्** = 'रुह्' (रुह बीजजन्मनि, प्रादुर्भावे च, भ्वादि) धातुदेखि लुङ्, "छन्दस्यपि दृ ०" ले' आट्' 'ल्'को स्थानमा प्रथम पुरुषको एकवचन तिप्, 'च्लि' 'च्लि'को स्थानमा 'अङ्' "इतश्च"ले 'इ'को लोप र वर्णसंमेलनद्वारा 'आरुहत्' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'अरुक्षत्' रूप हुन्छ ।

२१ छन्दसि निष्टर्क्यदेवहूयप्रणीयोन्नीयोच्छिष्यमर्यस्तर्याध्वर्यखन्यखान्यदेवयज्या–पृच्छ्यप्रतिषीव्यब्रह्मवाद्यभाव्यस्ताव्योपचाय्यपूडानि । ३ । १ । १२३ ॥ कृन्ततेर्निस्पूर्वात्क्यपि प्राप्ते ण्यत् । आद्यन्तयोर्विपर्यासो, निसः षत्वं च । निष्टर्क्यं चिन्वीत पशुकामः । देवशब्दे उपपदे ह्वयतेर्जुहोतेर्वा क्यप्, दीर्घश्च । स्पर्धन्ते वा उ देवहूये । प्र,उत् आभ्यां नयतेः । क्यप् । प्रणीयः । उन्नीयः । उत्पूर्वाच्छिषेः क्यप् । उच्छिष्यः । मृङ्स्तॄध्वृभ्यो यत् । मर्यः । स्तर्या । स्त्रियामेवायम् । ध्वर्यः । खनेर्यण्यतौ । खन्यः । खान्यः । यजेर्यः । शुन्धध्वं दैव्याय कर्मणे देवयज्यायै । आङ्पूर्वात्पृच्छेः क्यप् । आपृच्छ्यं ध्रुणं वाज्यर्षीति । सीव्यतेः क्यप् षत्वं च । प्रतिसीव्यः । ब्रह्मणि वदेर्ण्यत् । ब्रह्मवाद्यम् । लोके तु "वदः सुपि क्यप् च" इति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्यब्ययतौ । भवतेः स्तौतेश्च ण्यत् । भाव्यः । स्ताव्यः । उपपूर्वाच्चिनोतेर्ण्यत्, आयादेशश्च पृडे उत्तरपदे । उपचाय्यपृडम् । हिरण्य इति वक्तव्यम् (वा.) ॥ उपचेयपृडमन्यत् । मृड सुखने पृड चेत्यस्मादिगुपधलक्षणः कः ॥

'छन्दसि' यो सप्तम्यन्त प्रथम पद र 'निष्टर्क्यदेवहूयप्रणीयोन्नीयोच्छिष्यमर्यस्तर्याध्वर्यखन्यखान्यदेवयज्यापृच्छचप्रतिषीव्यब्रह्मवाद्यभाव्यस्ताव्योपचाय्यपृडानि' यो समस्त प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । सूत्रको अर्थ :– वैदिक संस्कृतमा निष्टर्क्य, देवहूय, प्रणीय, उन्नीय, उच्छिष्य, मर्य, स्तर्या, ध्वर्य, खन्य, खान्य, देवयज्य, आपृच्छच, प्रतिषीव्य, ब्रह्मवाद्य, भाव्य, स्ताव्य, उपचाय्य तथा पृड शब्दहरू निपातनद्वारा सिद्ध हुन्छन्, हो ।

निष्टर्क्यं चिन्वीत पशुकामः । निष्टर्क्यम् = अनुबन्धविनिर्मुक्त 'निस्'पूर्वक 'कृत्' (कृती छेदने, तुदादि) धातुदेखि "ऋदुपधाच्चाक्लृपिचृतेः । ३ । १ । ११० ॥" ले प्राप्त 'क्यप्'लाई बाँधेर "छन्दसि निष्ट ०" ले निपातनद्वारा 'ण्यत्'प्रत्यय, आदिवर्ण तथा अन्त्यवर्णको विपर्यास (स्थानपरिवर्तन) तथा निस्को षत्व, "पुगन्तलघूपधस्य च । ७ । ३ । ८६ ॥"ले गुण, ष्टुत्व तथा स्वादिकार्य भएर 'निष्टर्क्यम्' रूप सिद्ध हुन्छ ।

स्पर्धन्ते वा उ देवहूये । देवहूये = अनुबन्धविनिर्मुक्त 'देव'पूर्वक 'ह्वे' (ह्वेञ् स्पर्धायाम्, भ्वादि /हु दानादनयोः, जुहोत्यादि) धातुदेखि "छन्दसि निष्ट ०" ले निपातनद्वारा 'क्यप्' दीर्घ र स्वादिकार्य भएर 'देवहूये' रूप सिद्ध हुन्छ ।

प्रणीयः = अनुबन्धविनिर्मुक्त 'प्र'पूर्वक 'णी' (णीञ् प्रापणे, भ्वादि) धातुदेखि "छन्दसि निष्ट ०" ले 'क्यप्' णत्व र स्वादिकार्य भएर 'प्रणीयः' रूप सिद्ध हुन्छ ।

उन्नीयः = 'उत्'पूर्वक 'णी' धातुदेखि पूर्ववत् कार्य हुन्छन् ।

उच्छिष्यः = 'उत्'पूर्वक 'शिष्' (शिष हिंसायाम्, भ्वादि) धातुदेखि "छन्दसि निष्ट ०" ले 'क्यप्' "स्तोः श्चुना श्चुः । ८ । ४ । ४० ॥"ले श्चुत्व, "शश्छोऽटि । ८ । ४ । ६३ ॥"ले छत्व र स्वादिकार्यबाट 'उच्छिष्यः' रूप सिद्ध हुन्छ ।

मर्यः = अनुबन्धविनिर्मुक्त 'मृ'(मृङ् प्राणत्यागे,तुदादि) धातुदेखि "छन्दसि निष्ट०" ले निपातनद्वारा 'यत्' "सार्वधातुकार्ध ०" ले गुण, रपर र स्वादिकार्यद्वारा 'मर्य' सिद्ध हुन्छ ।

स्तर्या = अनुबन्धविनिर्मुक्त 'स्तृ' (स्तृञ् आच्छादने, स्वादि) धातुदेखि "छन्दसि निष्ट ०" ले निपातनद्वारा 'यत्' "सार्वधातुकार्ध ०" ले गुण रपर, स्त्रीत्वको विवक्षामा "अजाद्यतष्टाप् । ४ । १ । ४ ॥" ले 'टाप्' दीर्घ र स्वादिकार्य भएर 'स्तर्या' रूप सिद्ध हुन्छ ।

ध्वर्यः = 'ध्वृ' (ध्वृ हूर्च्छने, भ्वादि) धातुदेखि "छन्दसि निष्ट ०" ले निपातनद्वारा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'यत्' "सार्वधातुकार्धं ०" ले गुण, रपर र स्वादिकार्य भएर 'ध्वर्यः' रूप सिद्ध हुन्छ।

खन्यः = अनुबन्धविनिर्मुक्त 'खन्' (खनु अवदारणे, भ्वादि) धातुदेखि "छन्दसि निष्ट ०" ले निपातनद्वारा 'यत्' र स्वादिकार्य भएर 'खन्यः' रूप सिद्ध हुन्छ।

खान्यः = 'खन्' (खनु अवदारणे, भ्वादि) धातुदेखि "छन्दसि निष्ट ०" ले निपातनद्वारा 'ण्यत्' "अत उपधायाः। ७। २। ११६ ॥" ले उपधावृद्धि र स्वादिकार्य भएर 'खान्यः' रूप सिद्ध हुन्छ।

शुन्धध्वं दैव्याय कर्मणे देवयज्यायै। देवयज्यायै = देवपूर्वक 'यज्' (यज देवपूजासङ्गतिकरणदानेषु, भ्वादि) धातुदेखि "छन्दसि निष्ट ०"ले निपातनद्वारा 'यत्' टाप्, दीर्घ र स्वादिकार्य भएर 'देवयज्यायै' रूप सिद्ध हुन्छ।

आपृच्छ्यं धरुणं वाज्यर्षीति। आपृच्छ्यम् = 'आङ्'पूर्वक प्रच्छ् (प्रच्छ ज्ञीप्सायाम्, तुदादि) धातुदेखि "छन्दसि निष्ट०"ले निपातनद्वारा 'क्यप्' "ग्रहिज्यावयिव्यधि–वष्टिविचतिवृश्चतिपृच्छतिभृज्जतीनां ङिति च ६। १। १६ ॥" ले सम्प्रसारण, "सम्प्रसारणाच्च। ६। १। १०८ ॥" ले पूर्वरूप र स्वादिकार्य भएर 'आपृच्छ्यम्' रूप सिद्ध हुन्छ।

प्रतिषीव्यः= अनुबन्धविनिर्मुक्त प्रतिपूर्वक 'सिव्' (षिवु तन्तुसन्ताने, दिवादि) धातुदेखि "छन्दसि निष्ट ०" ले निपातनद्वारा 'क्यप्' "हलि च। ८। २। ७७।" ले दीर्घ, षत्व र स्वादिकार्य भएर 'प्रतिषीव्यः' रूप सिद्ध हुन्छ।

ब्रह्मवाद्यम् = 'ब्रह्मन्'उपपदक 'वद्' (वद व्यक्तायाम् वाचि, भ्वादि) धातुदेखि "छन्दसि निष्ट ०" ले निपातनद्वारा 'ण्यत्' उपधावृद्धि नकारको लोप र स्वादिकार्य भएर 'ब्रह्मवाद्यम्' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा "वदः सुपि क्यप् च। ३। १। १०६ ॥" ले 'क्यप्' हुँदा ब्रह्मोद्यम् र 'यत्' हुँदा ब्रह्मवद्यम् रूप हुन्छ।

भाव्यः = 'भू' (भू सत्तायाम्, भ्वादि).धातुदेखि "छन्दसि निष्ट ०" ले निपातनद्वारा 'ण्यत्' "अचो ञ्णिति। ७। २। ११५ ॥" ले वृद्धि "वान्तो यि प्रत्यये। ६। १। ७९ ॥" ले 'आव्' आदेश र स्वादिकार्य भएर 'भाव्यः' रूप सिद्ध हुन्छ।

स्ताव्यः = अनुबन्धविनिर्मुक्त 'स्तु' (ष्टुञ् स्तुतौ, अदादि) धातुदेखि "छन्दसि निष्ट ०" ले निपातनद्वारा 'ण्यत्' "अचो ञ्णिति। ७। २। ११५ ॥" ले वृद्धि "वान्तो यि प्रत्यये। ६। १। ७९ ॥" ले 'आव्'आदेश र स्वादिकार्य भएर 'स्ताव्यः' रूप सिद्ध हुन्छ।

उपचाय्यपृडम् = अनुबन्धविनिर्मुक्त 'उप'पूर्वक 'चि' (चिञ् चयने, स्वादि) धातुदेखि "छन्दसि निष्ट ०"ले निपातनद्वारा 'ण्यत्' "अचो ञ्णिति। ७। २। ११५ ॥"ले वृद्धि निपातनद्वारा 'आय्' आदेश तथा स्वादिकार्यबाट 'उपचाय्यम्' बन्छ त्यसपछि उपचाय्यं च तत्पृडम्, यस विग्रहमा कर्मधारय समासादि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कार्यबाट 'उपचाय्यपृडम्' बन्दछ। हिरण्यदेखि भिन्न अर्थमा 'उपचेयपृडम्' हुन्छ। पृड र मृड शब्द 'मृड' सुखने, 'पृड' सुखने तुदादि धातुदेखि "इगुपधज्ञाप्रीकिरः कः। ३। १। १३५ ॥"ले 'क' भएर सिद्ध हुन्छन्।

२२ छन्दसि वनसनरक्षिमथाम्। ३। २। २७ ॥ एभ्यः कर्मण्युपपदे इन् स्यात्। ब्रह्मवनि त्वा क्षत्रवनिम्। उत नो गोषणिं धियम्। ये पथां पथिरक्षयः। चतुरक्षौ पथिरक्षी। हविर्मथीनामभि ॥

'छन्दसि' यो सप्तम्यन्त प्रथम पद र 'वनसनरक्षिमथाम्' यो समस्त षष्ठचन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "कर्मणि भृतौ" बाट 'कर्मणि' को र "स्तम्बशकृतोरिन्" बाट 'इन्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा कर्म उपपद रहेमा वन्, सन्, रक्ष् र मथ् धातुदेखि 'इन्' प्रत्यय हुन्छ, हो।

ब्रह्मवनि त्वा = ब्रह्म वनति, यस विग्रहमा 'ब्रह्मन्' उपपदमा रहेको वन् (वन सम्भक्तौ, भ्वादि) धातुदेखि "छन्दसि वन ०"ले 'इन्' प्रत्यय अनुबन्धलोप, "नलोपः प्रातिपदिकान्तस्य" ले 'न्'को लोप, उपपद संज्ञा, "उपपदमतिङ्। २। २। १९ ॥" ले समास र सुपो धातुप्रातिपदिकयोः। २। ४। ७१ ॥ ले सुप्को लुक् भएपछि समुदायबाट स्वादिकार्य भएर 'ब्रह्मवनि' रूप सिद्ध हुन्छ।

क्षत्रवनिम् = क्षत्रं वनति, यस विग्रहमा 'क्षत्र' उपपद रहेको वन् (वन सम्भक्तौ, भ्वादि) धातुदेखि "छन्दसि वन ०"ले 'इन्'प्रत्यय अनुबन्धलोप, उपपद संज्ञा, समास र सुप्को लुक् भएपछि स्वादिकार्य भएर 'क्षत्रवनिम्' रूप सिद्ध हुन्छ।

उत नो गोषणिं धियम्। गोषणिम् = गां सनति यस विग्रहमा 'गो' उपपद रहेको सन् (षण सम्भक्तौ, भ्वादि) धातुदेखि "छन्दसि वन ०"ले 'इन्' प्रत्यय अनुबन्धलोप, उपपद संज्ञा, समास र सुप्को लुक् भएपछि "सुषमादिषु च। ८। ३। ८३ ॥" ले षत्व, "अट्कुप्वाङ् ०" ले णत्व र स्वादिकार्यबाट 'गोषणिम्' सिद्ध हुन्छ।

ये पथां पथिरक्षयः = पन्थानं रक्षति, यस विग्रहमा 'पथिन्' उपपद रहेको रक्ष् (रक्ष पालने, भ्वादि) धातुदेखि "छन्दसि वन ०" ले 'इन्' प्रत्यय अनुबन्धलोप, "नलोपः प्राति ०" ले 'न्'को लोप उपपद संज्ञा, समास र सुप्को लुक् भएपछि स्वादिकार्य भएर 'पथिरक्षयः' रूप सिद्ध हुन्छ। **चतुरक्षौ पथिरक्षी** = पूर्ववत्।

हविर्मथीनामभि = हविर्मन्थति यस विग्रहमा 'हविस्' उपपद रहेको मथ् (मन्थ विलोडने, भ्वादि) धातुदेखि "छन्दसि वन ०" ले 'इन्' प्रत्यय अनुबन्धलोप, मन्थको 'न्'को लोप उपपद संज्ञा, समास र सुप्को लुक् भएपछि स्वादिकार्य भएर 'हविर्मथीनाम्' रूप सिद्ध हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२३ छन्दसि सहः । ३ । २ । ६३ ॥ सुप्युपपदे सहेर्ण्विः स्यात् । पृतनाषाट् ॥

'छन्दसि' यो सप्तम्यन्त प्रथम पद र 'सहः' यो पञ्चम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "सुपि स्थः" बाट 'सुपि'को, "सत्सूद्विषद्रुहयुजविदमिदच्छिदजिनीराजामुपसर्गेऽपि क्विप्" बाट 'उपसर्गे' को र "भजो ण्विः" बाट 'ण्विः'को अनुवृत्ति गरेपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा कर्मवाचक सुबन्त उपपद रहेमा 'सह्'धातुदेखि 'ण्वि' प्रत्यय हुन्छ, हो ।

पृतनाषाट् = पृतनां सहते, यस विग्रहमा 'पृतना' उपपदमा रहेका सह् (षह मर्षणे, भ्वादि) धातुदेखि "छन्दसि सहः" ले 'ण्वि' प्रत्यय 'ण्वि'को 'ण्'को "चुटू । १ । ३ । ७ ॥" ले 'इत्'संज्ञा 'इ'को "उपदेशेऽजनुनासिक इत् । १ । ३ । २ ॥" ले 'इत्'संज्ञा "तस्य लोपः । १ । ३ । ९ ॥" ले लोप, एवम् 'व्'को "वेरपृक्तस्य । ६ । १ । ६७ ॥" ले लोप यसरी 'ण्वि'को सर्वापहारी लोप हुन्छ "अत उपधायाः । ७ । २ । ११६ ।"ले उपधावृद्धि, उपपद संज्ञा, समास र सुप्को लुक् भएपछि "हो ढः । ८ । २ । ३१ ॥"ले 'ह्'को 'ढ्' "सहेः साडः सः । ८ । ३ । ५६ ॥" ले षत्व, "झलां जशोऽन्ते" ले जश्त्व, "वावसाने" ले चर्त्व र स्वादिकार्यले 'पृतनाषाट्' सिद्ध हुन्छ ।

२४ वहश्च । ३ । २ । ६४ ॥ प्राग्वत् । दित्यवाट् । योगविभाग उत्तरार्थः ॥

'वहः' यो पञ्चम्यन्त प्रथम पद, 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्वसूत्रमा भैँ तत् तत् सूत्रबाट 'सुपि' को र 'ण्विः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा कर्मवाचक सुबन्त उपपद रहेमा 'वह्'धातुदेखि 'ण्वि'प्रत्यय हुन्छ, हो ।

दित्यवाट् = दित्यं वहति, यस विग्रहमा वह् (वह प्रापणे, भ्वादि) धातुदेखि "वहश्च" ले 'ण्वि'प्रत्यय ण्विको सर्वापहारी लोप "अत उपधायाः । ७ । २ । ११६ ॥" ले उपधावृद्धि, उपपद संज्ञा र समास भएपछि "हो ढः । ८ । २ । ३१ ॥" ले 'ह्'को 'ढ्' जश्त्व, चर्त्व र स्वादिकार्य भएर 'दित्यवाट्' रूप सिद्ध हुन्छ । उत्तर सूत्रमा केवल 'वह्'धातुको मात्र अनुवृत्तिका लागि योगविभाग गरिएको हो ।

२५ कव्यपुरीषपुरीष्येषु ञ्युट् । ३ । २ । ६५ ॥ एषु वहेर्ञ्युट् स्याच्छन्दसि । कव्यवाहनः । पुरीषवाहनः । पुरीष्यवाहनः ॥

'कव्यपुरीषपुरीष्येषु' यो सप्तम्यन्त प्रथम पद र 'ञ्युट्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "वहश्च" बाट 'वहः' को अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा कव्य, पुरीष र पुरीष्य शब्द उपपद रहेमा 'वह्' धातुदेखि 'ञ्युट्' प्रत्यय हुन्छ, हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कव्यवाहनः = कव्यं वहति, यस विग्रहमा 'कव्य' उपपदमा रहेको वह् (वह प्रापणे, भ्वादि) धातुदेखि "कव्यपुरीष ०" ले 'ण्युट्'प्रत्यय अनुबन्धलोप "युवो–रनाकौ । ७ । १ । ७ ॥" ले 'यु'को स्थानमा 'अन' आदेश "अत उपधायाः । ७ । २ । ११६ ॥"ले उपधावृद्धि, उपपद संज्ञा, समास र सुप्को लुक् भएपछि स्वादिकार्य भएर 'कव्यवाहनः' शब्द बन्दछ । **पुरीषवाहनः** = पुरीषं वहति । **पुरीष्यवाहनः** = पुरीष्यं वहति, यस विग्रहमा पनि पूर्ववत् कार्य गर्नुपर्दछ ।

२६ हव्येऽनन्तःपादम् । ३ । २ । ६६ ॥ अग्निश्च हव्यवाहनः । पादमध्ये तु वहश्चेति ण्विरेव । हव्यवालग्निरजरः पिता नः ॥

'हव्ये' यो सप्तम्यन्त प्रथम पद र 'अनन्तःपादम्' यो समस्त प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'वहः' को र "कव्य–पुरीषपुरीष्येषु ण्युट्" बाट 'ण्युट्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– 'ण्युट्' प्रत्ययद्वारा निष्पन्न शब्द यदि पादको बिचमा छैन भने 'हव्य'शब्द उपपदमा रहेको 'वह्'धातुदेखि 'ण्युट्'प्रत्यय हुन्छ, हो ।

हव्यवाहनः = हव्यं वहति, यस विग्रहमा 'वह्' धातुदेखि "हव्येऽनन्तः ०" ले 'ण्युट्' प्रत्यय अनुबन्धलोप "युवोरनाकौ" ले 'यु'को स्थानमा 'अन' आदेश "अत उपधायाः" ले उपधावृद्धि वर्णमेलन उपपद संज्ञा, समास र सुप्को लुक् भएपछि स्वादिकार्य भएर 'हव्यवाहनः' रूप सिद्ध हुन्छ । पादको बिचमा छ भने त "वहश्च" ले 'ण्वि' प्रत्यय नै हुन्छ ।

हव्यवालग्निरजरः पिता नः । <u>हव्यवाल्</u> = हव्यं वहति, यस विग्रहमा 'हव्य' उपपदमा रहेको 'वह्'धातुदेखि "वहश्च" ले 'ण्वि' सर्वापहारी लोप, उपधावृद्धि उपपद संज्ञा, समास र 'सुप्'को लुक् भएपछि 'सु'विभक्ति, 'सु'को लोप, ढत्व र जश्त्व भएर 'हव्यवाड्' बनेपछि वैदिक संस्कृतमा दुई 'अच्'को बिचमा रहेको डकारको **("द्वयोश्चास्य स्वरयोर्मध्यमेत्य सम्पद्यते स डकारो लकारः")** ले लकार, र वर्णसम्मेलन भएर 'हव्यवालग्निः' सिद्ध हुन्छ ।

२७ जनसनखनक्रमगमो विट् । ३ । २ । ६७ ॥ "विड्वनोः" इत्यात्वम् । अब्जाः । गोजाः । गोषा इन्द्रो नृषा असि । "सनोतेरनः" इति षत्वम् । इयं शुष्मेभिर्बिसखा इवारुजत् । आ दधिक्राः शवसा पञ्च कृष्टीः । अग्रेगाः ॥

'जनसनखनक्रमगमः' यो पञ्चम्यन्त प्रथम पद र 'विट्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "सुपि स्थः" बाट 'सुपि' को र "सत्सूद्विषद्रुहदुहयुजविदभिदच्छिदजिनीराजामुपसर्गेऽपि क्विप्" बाट 'उपसर्गे' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– सुबन्त उपपद रहेमा जन्, सन्, खन्, क्रम् तथा गम् धातुदेखि 'विट्'प्रत्यय हुन्छ, हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अब्जाः = अप्सु जाताः, यस विग्रहमा 'अप्' उपपदमा रहेको जन् (जनी प्रादुर्भावे, दिवादि) धातुदेखि "जनसनखन ०" ले 'विट्' प्रत्यय विट्को सर्वापहारी लोप उपपद संज्ञा, समास र 'सुप्'को लुक् भएपछि "विड्वनोरनुनासिकस्यात् ६ । ४ । ६१ ॥" ले 'न्'को आत्व, दीर्घ, "झलां जशोऽन्ते । ८ । २ । ३९ ॥" ले जश्त्व र स्वादिकार्यले 'अब्जाः' शब्द बन्दछ । **गोजाः** = गोषु जाताः यस विग्रहमा 'गो'पूर्वक 'जन्'धातुदेखि पूर्ववत् कार्य हुन्छन् ।

गोषाः = गां सनति, विग्रहमा 'गो'पूर्वक सन् (षणु दाने,तनादि) धातुदेखि "जनसनखन ०" ले 'विट्' प्रत्यय, विट्को सर्वापहारी लोप उपपद संज्ञा, समास र सुप्को लुक् भएपछि "विड्वनो० ६ । ४ ।६१ ॥"ले 'न्'को आत्व, दीर्घ "सनोतेरनः । ८ । ३ । १०८ ॥"ले षत्व र स्वादिकार्य भएर 'गोषाः' सिद्ध हुन्छ ।

इन्द्रो नृषा असि । <u>नृषा</u> = नॄन् सनोति विग्रहमा 'नृ'पूर्वक 'सन्' धातुदेखि पूर्ववत् कार्य हुन्छन् ।

इयं शुष्मेभिर्विसखा इवारुजत् । <u>बिसखा</u> = बिसं खनति, यस विग्रहमा 'बिस'पूर्वक खन् (खनु अवदारणे, भ्वादि) धातुदेखि "जनसनखन ०" ले 'विट्'प्रत्यय विट्को सर्वापहारी लोप उपपद संज्ञा, समास र सुप्को लुक्, "विड्वनो ० ६ । ४ । ६१ ॥"ले 'न्'को आत्व, दीर्घ र स्वादिकार्यबाट 'बिसखा' सिद्ध हुन्छ ।

आ दधिक्राः शवसा पञ्चकृष्टीः । <u>दधिक्राः</u> = दधि क्रामति, यस विग्रहमा 'दधि' पूर्वक क्रम् (क्रमु पादविक्षेपे, भ्वादि) धातुदेखि "जनसनखन ०" ले 'विट्' प्रत्यय, विट्को सर्वापहारी लोप उपपद संज्ञा, समास र 'सुप्'को लुक् भएपछि "विड्वनो ० ६ । ४ । ६१ ॥" ले 'म्'को आत्व, दीर्घ र स्वादिकार्यबाट 'दधिक्राः' रूप सिद्ध हुन्छ ।

अग्रेगाः = अग्रे गच्छति, यस विग्रहमा गम् (गम्लृ गतौ, भ्वादि) धातुदेखि "जनसनखन ०" ले 'विट्'प्रत्यय विट्को सर्वापहारी लोप उपपद संज्ञा र समास भएपछि प्राप्त सुब्लुक् को "हलदन्तात् सप्तम्याः संज्ञायाम् । ६ । ३ । ९ ॥"ले अलुक् "विड्वनो ० ६ । ४ । ६१ ॥" ले 'म्'को आत्व, दीर्घ, तथा स्वादिकार्यबाट 'अग्रेगाः' रूप सिद्ध हुन्छ ।

२८ मन्त्रे श्वेतवहोक्थशस्पुरोडाशो ण्विन् । ३ । २ । ७१ ॥ श्वेतवहादीनां डस्पदस्येति वक्तव्यम् (वा.) ॥ यत्र पदत्वं भावि तत्र ण्विनोऽपवादो डस् वक्तव्य इत्यर्थः । श्वेतवाः । श्वेतवाहौ । श्वेतवाहः । उक्थानि उक्थैर्वा शंसति उक्थशा यजमानः । उक्थशासौ । उक्थशासः । पुरो दाश्यते दीयते पुरोडाः ॥

'मन्त्रे' यो सप्तम्यन्त प्रथम पद, 'श्वेतवहोक्थशस्पुरोडाशः' यो समस्त पञ्चम्यन्त द्वितीय पद र 'ण्विन्' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ सूत्रको अर्थ :– मन्त्रविषयक प्रयोगमा कर्तृवाचक 'श्वेत'शब्द उपपद

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहेमा 'वह्' धातुदेखि कर्मकारकमा 'ण्विन्', कर्म या करणवाचक 'उक्थ'शब्द उपपद रहेमा 'शंस्' धातुदेखि 'ण्विन्' एवम् धातुको 'न्'को लोप, तथा 'पुरस्'शब्द उपपद रहेमा 'दाश्' धातुदेखि कर्ममा 'ण्विन्' प्रत्यय हुन्छ, हो। **(वा)** श्वेतवह आदि शब्ददेखि पदत्वको विवक्षामा 'ण्वि'लाई बाँधेर 'डस्' प्रत्यय हुन्छ। **श्वेतवाः** = श्वेता एनं वहन्ति, यस विग्रहमा 'श्वेत' पूर्वक वह् (वह प्रापणे, भ्वादि) धातुदेखि "मन्त्रे श्वेत०"ले प्राप्त 'ण्वि'लाई बाँधेर "श्वेतवहां०"द्वारा 'डस्' प्रत्यय अनुबन्धलोप, "डित्त्वसामर्थ्यादभस्यापि टेर्लोपः" द्वारा टि (वह् को अह्)को लोप (श्वेतव्+अस्) वर्णमेलन, उपपद संज्ञा, समास र सुप्को लुक् भएपछि 'सु'विभक्ति (श्वेतवस् सु) "अत्वसन्तस्य चाधातोः। ६।४।१४॥" ले उपधादीर्घ "हल्ङ्याब्भ्यो०" ले 'सु'को लोप रुत्व र विसर्ग भएर 'श्वेतवाः' रूप सिद्ध हुन्छ।

श्वेतवाहौ, श्वेतवाहः = श्वेता एनं वहन्ति, यस विग्रहमा 'श्वेत'पूर्वक वह् (वह प्रापणे, भ्वादि) धातुदेखि "मन्त्रे श्वेत०"ले 'ण्वि'सर्वापहारी लोप उपपद संज्ञा "उपपदमतिङ्" ले समास 'सुप्'को लुक् "अत उपधायाः"ले उपधावृद्धि वर्णमेलन र स्वादिकार्यबाट यी रूप सिद्ध हुन्छन्।

उक्थशाः = उक्थानि उक्थैर्वा शंसति, यस विग्रहमा 'उक्थ'पूर्वक शंस् (शंसु स्तुतौ, भ्वादि) धातुदेखि 'श्वेतवाः'मा जस्तै कार्य हुन्छन्। **उक्थशासौ ,उक्थशासः** = उक्थानि उक्थैर्वा शंसति, यस विग्रहमा उक्थ'पूर्वक शंस् (शंसु स्तुतौ, भ्वादि) धातुदेखि 'ण्विन्' 'न्'को लोप, बाँकी कार्य श्वेतवाहौ, श्वेतवाहः,मा जस्तै हुन्छन्।

पुरोडाः = पुरो दाश्यते दीयते, यस विग्रहमा 'पुरस्'पूर्वक दाश् (दाशृ दाने, भ्वादि) धातुदेखि '~~मन्त्रे श्वेत०~~'ले 'ण्वि' तथा निपातनात् 'द'को स्थानमा'ड',भएपछि बाँकी कार्यहरू 'श्वेतवाः'मा जस्तै हुन्छन्।

२९ अवे यजः। ३। २। ७२॥ अवयाः। अवयाजौ। अवयाजः॥

'अवे' यो सप्तम्यन्त प्रथम पद र 'यजः' यो पञ्चम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "मन्त्रे श्वेत०" बाट 'ण्विन्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– मन्त्रविषयक प्रयोगमा अव उपसर्ग पूर्वक 'यज्'धातुदेखि 'ण्विन्'प्रत्यय हुन्छ, हो। यदि पदत्वको विवक्षा छ भने 'ण्वि'लाई निषेध गरेर 'डस्' प्रत्यय हुन्छ। **अवयाः** = 'अव'पूर्वक 'यज्'धातुदेखि 'श्वेतवाः'मा जस्तै कार्य हुन्छन्। अवयाजौ, **अवयाजः** = 'अव'पूर्वक 'यज्'धातुदेखि 'श्वेतवाहौ', 'श्वेतवाहः'मा जस्तै कार्य हुन्छन्।

३० अवयाः श्वेतवाः पुरोडाश्च। ८। २। ६७॥ एते सम्बुद्धौ कृतदीर्घा निपात्यन्ते। चादुक्थशाः॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'अवयाः' यो प्रथमान्त प्रथम पद, 'श्वेतवाः' यो प्रथमान्त द्वितीय पद, 'पुरोडाः' यो प्रथमान्त तृतीय पद र 'च' यो अव्यय चतुर्थ पद गरी यस सूत्रमा चार पद छन् । यहाँ सूत्रस्थ 'च' बाट सूत्रमा अनुक्त 'उक्थशस्' को अनुकर्षण गरेपछि सूत्रको अर्थ :– मन्त्रविषयक प्रयोगमा श्वेतवाः, पुरोडाः तथा उक्थशाः शब्द सम्बुद्धिको एकवचनमा निपातनद्वारा दीर्घ भएर सिद्ध हुन्छन्, हो । 'अव'पूर्वक 'यज्', 'श्वेत'पूर्वक 'वह्', 'पुरस्'पूर्वक 'दाश्' तथा 'उक्थ'पूर्वक 'शंस्' धातुदेखि 'डस्'प्रत्यय लागेर बनेका अवयस्, श्वेतवस्, पुरोडश् तथा उक्थशस् शब्ददेखि सम्बोधनको एकवचनमा 'सु' "अत्वसन्तस्य चाधातोः । ६ । ४ । १४ ॥" ले प्राप्त नभएको उपधादीर्घ "अवयाः श्वेत ०" ले निपातनद्वारा विधान भएपछि यी प्रयोग सिद्ध हुन्छन् ।

३१ विजुपे छन्दसि । ३ । २ । ७३ ॥ उपे उपपदे यजेर्विच् । उपयट् ॥

'विच्' यो प्रथमान्त प्रथम पद, 'उपे' यो सप्तम्यन्त द्वितीय पद र 'छन्दसि' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "अवे यजः" बाट 'यजः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'उप'पूर्वक 'यज्' धातुदेखि 'विच्' प्रत्यय हुन्छ, हो ।

उपयट् = उपपूर्वक 'यज्' धातुदेखि "विजुपे छन्दसि" ले 'विच्' प्रत्यय सर्वापहारी लोप "व्रश्चभ्रस्जसृजमृजयजराजभ्राजच्छशां षः । ८ । २ । ३६ ॥" ले 'ज्'को स्थानमा 'ष्', "झलां जशोऽन्ते" ले जश्त्व "वावसाने"ले चर्त्व र स्वादिकार्यबाट 'उपयट्' रूप सिद्ध हुन्छ ।

३२ आतो मनिन्क्वनिब्वनिपश्च । ३ । २ । ७४ ॥ सुप्युपसर्गे चोपपदे आदन्तेभ्यो धातुभ्यश्छन्दसि विषये मनिनादयस्त्रयः प्रत्ययाः स्युः । चाद्विच् । सुदामा । सुधीवा । सुपीवा । भूरिदावा । घृतपावा । विच् । कीलालपाः ॥

'आतः' यो पञ्चम्यन्त प्रथम पद, 'मनिन्क्वनिब्वनिपः' यो प्रथमान्त द्वितीय पद र 'च' यो अव्यय तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "विजुपे छन्दसि" बाट 'विच्' को अनुकर्षण गरेपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा सुबन्त तथा उपसर्ग उपपदमा रहेको आकारान्त धातुदेखि 'मनिन्', 'क्वनिप्' तथा 'वनिप्' प्रत्यय हुन्छन्, हो । सूत्रमा 'च' को प्रयोग भएको हुनाले "आतो मनिन् ०" द्वारा आकारान्त धातुदेखि 'विच्' प्रत्यय पनि हुन्छ ।

सुदामा = अनुबन्धविनिर्मुक्त 'सु'पूर्वक 'दा' (डुदाञ् दाने, जुहोत्यादि) धातुदेखि "आतो मनिन् ०" ले 'मनिन्' प्रत्यय 'सुदामन्'देखि प्रथमाको एकवचन 'सु' विभक्ति "सर्वनामस्थाने चासम्बुद्धौ । ६ । ४ । ८ ।" ले उपधादीर्घ "हल्ङ्याब्भ्यो ०" ले 'सु'को लोप तथा "नलोपः प्रातिपदिकान्तस्य । ८ । २ । ७ ॥" ले 'न्'को

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लोप भएर 'सुदामा' रूप सिद्ध हुन्छ ।

सुधीवा = अनुबन्धविनिर्मुक्त 'सु'पूर्वक 'धा' (डुधाञ् धारणपोषणयोः, जुहोत्यादि) धातुदेखि "आतो मनिन् ०" ले 'क्वनिप्'प्रत्यय "घुमास्थागापाजहातिसां हलि । ६ । ४ । ६६ ॥"ले धकारोत्तरवर्ती आकारको ईकार बाँकी कार्यहरू 'सुदामा' जस्तै हुन्छन् । **सुपीवा** = 'सु'पूर्वक 'पा' (पा पाने, भ्वादि) धातुदेखि "आतो मनिन् ०" ले 'क्वनिप्' बाँकी कार्यहरू 'सुधीवा'मा जस्तै हुन्छन् ।

भूरिदावा = 'भूरि'पूर्वक 'दा' धातुदेखि"आतो मनिन् ०" ले 'वनिप्' बाँकी कार्य 'सुदामा'मा जस्तै । **घृतपावा** = घृतं पिबति, यस विग्रहमा 'घृत'पूर्वक 'पा' धातुदेखि "आतो मनिन् ०" ले 'वनिप्' अनुबन्धलोप "उपपदमतिङ्"ले समास र सुप्को लुक् भएपछि स्वादिकार्य भई 'घृतपावा' सिद्ध हुन्छ ।

कीलालपाः = कीलालं पिबति, विग्रहमा 'कीलाल'पूर्वक 'पा'धातुदेखि "आतो मनिन् ०" ले 'विच्' प्रत्यय सर्वापहारी लोप, समास र सुप्को लुक् भएपछि स्वादिकार्यबाट 'कीलालपाः' रूप सिद्ध हुन्छ ।

"ब्रह्मभ्रूणवृत्रेषु क्विप् ॥" ३३ बहुलं छन्दसि । ३ । २ । ८८ ॥ उपपदान्तरेऽपि हन्तेर्बहुलं क्विप् स्यात् । यो मातृहा । पितृहा ॥

'बहुलम्' यो प्रथमान्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "ब्रह्मभ्रूणवृत्रेषु क्विप्" बाट 'क्विप्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा ब्रह्म, भ्रूण र वृत्रदेखि भिन्न उपपद रहेमा पनि 'हन्' धातुदेखि बहुलतया 'क्विप्' प्रत्यय हुन्छ, हो । लौकिक संस्कृतमा "ब्रह्मभ्रूणवृत्रेषु क्विप् । ३ । २ । ८७ ॥" ले कर्मत्वविशिष्ट ब्रह्म, भ्रूण तथा वृत्र उपपद रहेमा मात्र 'हन्' धातुदेखि 'क्विप्' प्रत्यय हुन्छ ।

यो मातृहा/ पितृहा = मातरं/पितरं हन्ति, यस विग्रहमा 'मातृ'पूर्वक/ 'पितृ'पूर्वक हन् (हन हिंसागत्योः, अदादि) धातुदेखि "बहुलं छन्दसि" ले 'क्विप्' सर्वापहारी लोप,"उपपदमतिङ्" ले समास र सुप्को लुक् भएपछि स्वादिकार्य भएर मातृहा/ पितृहा सिद्ध हुन्छन् ।

३४ छन्दसि लिट् । ३ । २ । १०५ ॥ भूतसामान्ये । अहं द्यावापृथिवी आततान ॥

'छन्दसि' यो सप्तम्यन्त प्रथम पद र 'लिट्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "भूते" बाट 'भूते'को अनुवृत्तिपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा सामान्य भूतकालमा पनि लिट् लकार हुन्छ, हो । लौकिक संस्कृतमा सामान्य भूतकालमा "लुङ् ३ । २ । ११० ॥" ले 'लुङ्'लकार हुन्छ ।

अहं द्यावापृथिवी आततान । आततान = अनुबन्धविनिर्मुक्त 'आङ्'पूर्वक तन् (तनु विस्तारे, तनादि) धातुदेखि सामान्यभूत अर्थमा "छन्दसि लिट्" ले लिट्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लकार 'ल्'को स्थानमा उत्तम पुरुषको एकवचन मिप्, (णल्–अ) द्वित्व अभ्यासादि कार्य "णलुत्तमो वा । ७ । १ । ९१ ॥" ले विकल्पले णित्व उपधावृद्धि भएर 'आततान' रूप सिद्ध हुन्छ ।

३५ लिटः कानज्वा । ३ । २ । १०६ ॥ छन्दसि लिटः कानच् वा । चक्राणा वृष्णिम् ॥

'लिटः' यो षष्ठचन्त प्रथम पद, 'कानच्' यो प्रथमान्त द्वितीय पद र 'वा' यो अव्यय तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "छन्दसि लिट्" बाट 'छन्दसि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– भूतसामान्य अर्थमा विहित लिट्को स्थानमा 'काचन्' विकल्पले हुन्छ, हो ।

चक्राणा वृष्णिम् । चक्राणा = अनुबन्धविनिर्मुक्त 'कृ' (डुकृञ् करणे, तनादि) धातुदेखि "छन्दसि लिट्" ले लिट्, "लिटः कानज्वा" ले लिट्को स्थानमा विकल्पले 'कानच्' आदेश अनुबन्धलोप द्वित्व अभ्यासादि कार्य "उरत्" ले अत्व रपरत्व हलादिशेष "कुहोश्चुः । ७ । ४ । ६२ ॥" ले चुश्त्व, (चकृ आन) "इको यणचि"ले यण्, णत्व, टाप्, दीर्घ र स्वादिकार्यबाट 'चक्राणा' रूप सिद्ध हुन्छ ।

३६ क्वसुश्च । ३ । २ । १०७ ॥ छन्दसि लिटः क्वसुर्वा । यो नो अग्ने अररिवाँ अघायुः ॥

'क्वसुः' यो प्रथमान्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "छन्दसि लिट्" बाट 'छन्दसि' र 'लिट्' को अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– भूतसामान्य अर्थमा विहित लिट्को स्थानमा 'क्वसु'प्रत्यय विकल्पले हुन्छ, हो ।

यो नो अग्ने अररिवाँ अघायुः । अररिवाँ अघायुः = 'नञ्'पूर्वक रा (रा दाने, अदादि) धातुदेखि "छन्दसि लिट्" ले लिट्, "क्वसुश्च" ले लिट्को स्थानमा 'क्वसु' प्रत्यय अनुबन्धलोप (रा वस्) द्वित्व अभ्यास संज्ञा "ह्रस्वः ७ । ४ । ५९ ॥" ले अभ्यासको ह्रस्व "वस्वेकाजाद्घसाम् । ७ । २ । ६७ ॥" ले 'क्वसु'को 'इट्' आगम "आतो लोप इटि च । ६ । ४ । ६४ ॥" ले रेफोत्तरवर्त्ती आकार को लोप वर्णमेलन (अररिवस्) देखि 'सु'विभक्ति "अत्वसन्तस्य चाधातोः" ले उपधादीर्घ "उगिदचां सर्वनामस्थानेऽधातोः । ७ । १ । ७० ॥" ले 'नुम्' (अररि–वंस्) "हल्ङ्याब्भ्यो ०" ले 'सु'को लोप र संयोगान्तलोप भएर 'अररिवान्' रूप सिद्ध भएपछि अररिवान्+अघायुः यहाँ "दीर्घादटि समानपदे । ८ । ३ । ९ ॥" ले 'न्'को रुत्व, "आतोऽटि नित्यम् । ८ । ३ । ३ ॥" ले रुत्वदेखि पूर्ववर्त्ती आकारको अनुनासिक "भोभगोअघोअपूर्वस्य योऽशि " ले उकारानुबन्ध रेफको स्थानमा यकार "लोपः शाकल्यस्य । ८ । ३ । १९ ।" ले 'य्'को लोप भएर 'अररिवाँ अघायुः' वाक्यांश बन्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३७ णेश्छन्दसि । ३ । २ । १३७ ॥ ण्यन्ताद्धातोश्छन्दसि इष्णुच् स्यात्तच्छीलादौ । वीरुधः पारयिष्णवः ॥

'णेः'यो षष्ठ्यन्त प्रथम पद, र 'छन्दसि'यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "आक्वेस्तच्छीलतद्धर्मतत्साधुकारिषु"बाट 'तच्छीलादिषु'को र "अलङ्कृञ्निराकृञ्प्रजनोत्पचोत्पतोन्मदरुच्यपत्रपवृतुवृधुसहचर इष्णुच् । ३ । २ । १३६ ॥" बाट 'इष्णुच्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा तच्छीलादि अर्थमा ण्यन्त धातुदेखि 'इष्णुच्' प्रत्यय हुन्छ, हो ।

वीरुधः पारयिष्णवः = पारयितुं शीलमस्य, यस विग्रहमा पॄ (पॄ पूरणे,चुरादि) पारि धातुदेखि "णेश्छन्दसि" ले 'इष्णुच्' प्रत्यय "णेरनिटि । ६ । ४ । ५१ ॥"ले प्राप्त णिलोपलाई निषेध गरेर "अयामन्ताल्वाय्येत्न्विष्णुषु । ६ ।४ । ५५ ॥" ले 'णि'को स्थानमा 'अय्' आदेश र स्वादिकार्यबाट 'पारयिष्णवः' रूप सिद्ध हुन्छ ।

३८ भुवश्च ३ । २ । १३८ ॥ अस्मात् केवलात्प्राग्वत् । भविष्णुः ॥

'भुवः' यो पञ्चम्यन्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'तच्छीलादिषु' को र 'इष्णुच्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा तच्छीलादि अर्थमा अण्यन्त 'भू'धातु देखि 'इष्णुच्' प्रत्यय हुन्छ, हो । **भविष्णुः** = 'भू'धातुदेखि "भुवश्च" ले 'इष्णुच्' प्रत्यय, गुण, 'अय्' आदेश र स्वादिकार्यबाट 'भविष्णुः' रूप सिद्ध हुन्छ ।

छन्दसि परेच्छायां क्यच उपसंख्यानम् (वा०) ॥ क्याच्छन्दसि । ३ । २ । १७० ॥ उ प्रत्ययः स्यात् । अघायुः ॥

वैदिक संस्कृतमा इच्छाको कर्म यदि इच्छा गर्ने व्यक्तिसँग सम्बन्धित छैन भने पनि इच्छा अर्थमा 'क्यच्'प्रत्यय हुन्छ । लौकिक संस्कृतमा भने "सुप आत्मनः क्यच् । ३ । १ । ८ ॥" ले इच्छाको कर्म यदि इच्छा गर्ने व्यक्तिसँग सम्बन्धित छ भने मात्र इच्छा अर्थमा 'क्यच्' प्रत्यय हुन्छ । **अघायुः** = परस्य अघं पापम् इच्छति, विग्रहमा 'अघ'शब्ददेखि "छन्दसि परे ०" ले 'क्यच्' प्रत्यय, "सनाद्यन्ता धतवः । ३ । १ । ३२ ॥"' ले धातुसंज्ञा सुप्' को लुक्, "अश्वाघस्यात् । ७ । ४ । ३७ ॥" ले घकारोत्तरवर्त्ती अकारको आकारादेश, "क्याच्छन्दसि । ७ । २ । १७० ॥" ले 'उ' प्रत्यय "अतो लोपः । ६ । ४ । ४८ ॥" ले अकारको लोप, वर्णमेलन र स्वादिकार्यबाट 'अघायुः' रूप सिद्ध हुन्छ ।

एरजधिकारे जवसवौ छन्दसि वाच्यौ (वा०) ॥ जवे याभिर्यूनः । ऊर्वोर्मे जवः । देवस्य सवितुः सवे ॥

वैदिक संस्कृतमा उवर्णान्त धातुदेखि पनि 'अच्' प्रत्यय हुन्छ । **जवे याभिर्यूनः । जवे** = जु (जु इति सौत्रः) धातुदेखि "ऋदोरप् । ३ । ३ । ५७ ॥"ले प्राप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'अप्' प्रत्ययलाई बाँधेर "एरजधिकारे ०" ले 'अच्' प्रत्यय, गुण, 'अव्' आदेश र स्वादिकार्यबाट 'जवे' रूप सिद्ध हुन्छ।

ऊर्वोर्मे जवः। जवः = जु (जु इति सौत्रः) धातुदेखि पूर्ववत् कार्य हुन्छन्। **देवस्य सवितुः सवे। सवे** = सू (षूङ् प्राणिगर्भविमोचने/षु प्रसवैश्वर्ययोः, अदादि) धातुदेखि पूर्ववत् कार्य भएर 'सवे' रूप हुन्छ।(७)

३९ मन्त्रे वृषेषपचमनविदभूवीरा उदात्तः। ३। ३। ९६॥ वृषादिभ्यः क्तिन् स्यात् स चोदात्तः। वृष्टिं दिवः। सुम्नमिष्टये। पचात्पक्तीरुत। इयं ते नव्यसी मतिः। वित्तिः। भूतिः। अग्न आयाहि वीतये। रातौ स्यामोभयासः॥

'मन्त्रे' यो सप्तम्यन्त प्रथम पद, 'वृषेषपचमनविदभूवीराः' यो समस्त प्रथमान्त द्वितीय पद र 'उदात्तः' यो पनि प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "स्त्रियां क्तिन्" बाट सम्पूर्ण सूत्रको र "स्थागापापचो भावे" बाट 'भावे' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा वृष्, इष्, पच्, मन्, विद्, भू, वी तथा रा धातुदेखि 'क्तिन्' प्रत्यय हुन्छ, तथा 'क्तिन्' उदात्त हुन्छ, हो।(७) लौकिक संस्कृतमा "एरच् ३। ३। ५६॥" ले भाव अर्थमा इवर्णान्त धातुदेखि मात्र 'अच्' प्रत्यय हुन्छ। 'जु' तथा 'सू' उवर्णान्त धातु हुनाले "ऋदोरप्। ३। ३। ५७॥" ले 'अप्' प्रत्यय भएर 'जवः' र 'सवः', रूप हुन्छन्। 'अच्' र 'अप्' प्रत्ययको रूपमा भेद नभए तापनि स्वरमा भेद हुन्छ। 'अच्' प्रत्यय हुँदा "चितः। ६। १। ६३।" ले अन्तोदात्त हुन्छ भने 'अप्' प्रत्यय हुँदा अन्तोदात्त हुँदैन।

वृष्टिं दिवः = अनुबन्धविनिर्मुक्त 'वृष्' (वृषु सेचने, भ्वादि) धातुदेखि "मन्त्रे वृषेष ०" ले 'क्तिन्' प्रत्यय, अनुबन्धलोप "ष्टुना ष्टुः। ८। ४। ४१॥" ले ष्टुत्व र स्वादिकार्यबाट 'वृष्टिम्' रूप सिद्ध हुन्छ।

सुम्नमिष्टये। इष्टये = अनुबन्धविनिर्मुक्त 'इष्' (इषु इच्छायाम्, तुदादि) धातु देखि "मन्त्रे वृषेष ०" ले 'क्तिन्' प्रत्यय "ष्टुना ष्टुः। ८। ४॥ ४१।" ले ष्टुत्व र स्वादिकार्यबाट 'इष्टये' रूप सिद्ध हुन्छ।

पचात्पक्तीरुत। पक्तीः = अनुबन्धविनिर्मुक्त 'पच्' (डुपचष् पाके, भ्वादि) धातु देखि "मन्त्रे वृषेष ०" ले 'क्तिन्' प्रत्यय "चोः कुः। ८। २। ३०॥" ले कुत्व र स्वादिकार्यबाट 'पक्तीः' रूप सिद्ध हुन्छ। **इयं ते नव्यसी मतिः। मतिः** = मन् (मन ज्ञाने दिवादि) धातुदेखि "मन्त्रे वृषेष ०" ले 'क्तिन्' प्रत्यय "अनुदात्तोपदेशवनतितनोत्यादीनामनुनासिकलोपो झलि क्ङिति। ६। ४। ३७॥" ले 'न्' को लोप र स्वादिकार्यद्वारा 'मतिः' रूप सिद्ध हुन्छ।

वित्तिः = विद् (विद सत्तायाम् दिवादि) धातुदेखि"मन्त्रे वृषेष ०" ले 'क्तिन्'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रत्यय "खरि च । ८ । ४ । ५७ ॥" ले चर्त्व र स्वादिकार्यबाट 'वित्तिः' रूप सिद्ध हुन्छ। **भूतिः** = 'भू' धातुदेखि"मन्त्रे वृषेष ०" ले 'क्तिन्' प्रत्यय र स्वादिकार्यबाट 'भूतिः' रूप सिद्ध हुन्छ।

अग्न आयाहि वीतये । **वीतये** = वी (वी गतिव्याप्तिप्रजनकान्त्यसनखादनेषु, अदादि) धातुदेखि "मन्त्रे वृषेष ०" ले 'क्तिन्' प्रत्यय अनुबन्धलोप र स्वादिकार्य भएर 'वीतये' रूप सिद्ध हुछ। **रातौ स्यामोभयासः । रातौ** = रा (रा दाने, अदादि) धातुदेखि "मन्त्रे वृषेष०" ले 'क्तिन्' प्रत्यय र स्वादिकार्यबाट 'रातौ' रूप सिद्ध हुन्छ।

४० छन्दसि गत्यर्थेभ्यः । ३ । ३ । १२९ ॥ ईषदादिषूपपदेषु गत्यर्थेभ्यो धातुभ्यश्छन्दसि युच् स्यात् । खलोऽपवादः । सूपसदनोऽग्निः ॥

'छन्दसि' यो सप्तम्यन्त प्रथम पद र 'गत्यर्थेभ्यः' यो समस्त पञ्चम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "ईषद्दुःसुषु कृच्छ्राकृच्छ्रार्थेषु खल्" बाट 'ईषदादिषु' को र "आतो युच्" बाट 'युच्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा ईषद्, दुस् तथा सु उपपद रहेमा गत्यर्थक धातुदेखि 'युच्'प्रत्यय हुन्छ, हो। लौकिक संस्कृतमा शास्, युज्, दृश्, धृष् र मृष्लाई छोडेर प्रायः ईषदादि उपपद रहेमा "आतो युच्। ३। ३। १२८ ॥" ले आदन्त धातुदेखि मात्र 'युच्'प्रत्यय हुन्छ। 'युच्' 'खल्'प्रत्ययको अपवाद हो। **सूपसदनो**ऽग्निः। **सूपसदनः** = सु, उप, पूर्वक सद् (षद्लृ विशरणगत्यवसादनेषु, भ्वादि) धातुदेखि "छन्दसि गत्य ०" ले 'युच्' प्रत्यय "युवोरनाकौ । ७ । १ । १ ॥" ले 'यु' को स्थानमा 'अन' आदेश दीर्घ र स्वादिकार्यबाट 'सूपसदनः' रूप सिद्ध हुन्छ।

४१ अन्येभ्योऽपि दृश्यते । ३ । ३ । १३० ॥ गत्यर्थेभ्यो येऽन्ये धातवस्तेभ्योऽपि छन्दसि युच् स्यात् । सुवेदनामकृणोद्ब्रह्मणे गाम् ॥

'अन्येभ्यः'यो पञ्चम्यन्त प्रथम पद, 'अपि'यो अव्यय द्वितीय पद र 'दृश्यते' यो तिङन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "आतो युच्" बाट 'युच्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा गत्यर्थक धातुदेखि भिन्न धातुदेखि पनि 'युच्'प्रत्यय हुन्छ, हो। **सुवेदनामकृणोद् ब्रह्मणे गाम्। सुवेदनाम्** = 'सु'पूर्वक विद् (विद ज्ञाने, अदादि) धातुदेखि "अन्येभ्योऽपि दृश्यते" ले 'युच्'प्रत्यय "युवोरनाकौ । ७ । १ । १ ॥"ले 'यु'को स्थानमा 'अन' आदेश "पुगन्तलघू ०" ले गुण, स्त्रीत्वको विवक्षामा "अजाद्यतष्टाप्"ले 'टाप्' दीर्घ र स्वादिकार्यबाट 'सुवेदनाम्' रूप सिद्ध हुन्छ।

४२ छन्दसि लुङ्लङ्लिटः । ३ । ४ । ६ ॥ धात्वर्थानां सम्बन्धे सर्वकालेष्वेते

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वा स्युः । पक्षे यथास्वं प्रत्ययाः । देवो देवेभिरागमत् । अत्र लोडर्थे लुङ् इदं ते म्योऽकरं नमः । लङ् अग्निमद्य होतारमवृणीतायं यजमानः । लिट् अद्य ममार । अद्य म्रियत इत्यर्थः ॥

'छन्दसि' यो सप्तम्यन्त प्रथम पद र 'लुङ्लङ्लिटः' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "धातुसम्बन्धे प्रत्ययाः" बाट 'धातुसम्बन्धे' र "समुच्चयेऽन्यतरस्याम्" बाट 'अन्यतरस्याम्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा धात्वर्थको सम्बन्धमा लुङ्, लङ् र लिट् लकार सबै कालमा विकल्पले हुन्छन्, हो । **देवो देवेभिरागमत्** = **आगमत्** तथा **इदं तेभ्योऽकरं नमः** = **अकरम्** यहाँ लोट्को अर्थमा "छन्दसि लुङ् ०" ले लुङ् लकार तथा **अग्निमद्य होतारमवृणीतायं यजमानः** = **अवृणीत** यहाँ लट्को अर्थमा लङ् । **अद्य ममार** = यहाँ लडर्थमा लिट् लकार भएको छ । लौकिक संस्कृतमा लुङ्, लङ्, र लिट् लकार भूतकालमा मात्र प्रयोग हुन्छन् ।

४३ लिङर्थे लेट् । ३ । ४ । ७ ॥ विध्यादौ हेतुहेतुमद्भावादौ च धातोर्लेट् स्याच्छन्दसि ॥

'लिङर्थे' यो समस्त सप्तम्यन्त प्रथम पद र 'लेट्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "धातोः" बाट 'धातोः'को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा लिङ्लकारको अर्थमा लेट् लकार विकल्पले हुन्छ, हो । "एषु पञ्चमो लकारश्छन्दोमात्रगोचरः"को अनुसार 'लेट्'लकारको प्रयोग लौकिक संस्कृतमा हुँदैन ।

४४ सिब्बहुलं लेटि । ३ । ४ । ३४ ॥

'सिप्' यो प्रथमान्त प्रथम पद, 'बहुलम्' यो प्रथमान्त द्वितीय पद र 'लेटि' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'धातोः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– लेट् लकार पर भएमा धातुदेखि बहुलतया 'सिप्' प्रत्यय हुन्छ, हो ।

४५ इतश्च लोपः परस्मैपदेषु । ३ । ४ । ९७ ॥ लेटस्तिञमितो लोपो वा स्यात् परस्मैपदेषु ॥

'इतः' यो षष्ठचन्त प्रथम पद, 'च' यो अव्यय द्वितीय पद, 'लोपः' यो प्रथमान्त तृतीय पद र 'परस्मैपदेषु' यो सप्तम्यन्त चतुर्थ पद गरी यस सूत्रमा चार पद छन् । यहाँ "लेटोऽडाटौ" बाट 'लेटः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– लेट्लकारसम्बन्धी परस्मैपद तिङ्को इकारको लोप विकल्पले हुन्छ, हो ।

४६ लेटोऽडाटौ । ३ । ४ । ९४ ॥ लेटः अट् आट् एतावागमौ स्तस्तौ च पितौ ॥

'लेटः' यो षष्ठचन्त प्रथम पद र 'अडाटौ' यो प्रथमान्त द्वितीय पद गरी यस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूत्रमा दुई पद छन् । यहाँ सूत्रको अर्थ :– लेट् लकारको स्थानमा 'अट्' र 'आट्' आगम विकल्पले हुन्छन् हो । यस सूत्रले विधान गरेका 'अट्' र 'आट्' आगम पित् मानिन्छन् ।

सिब्बहुलं णिद्वक्तव्यः (वा०) ॥ वृद्धिः । प्रण आयूंषि तारिषत् । सुपेशसस्करति जोषिषद्धि । आ साविषदर्शसानाय । सिप इलोपस्य चाभावे । पतति विद्युत् । प्रियः सूर्ये प्रियो अग्ना भवाति ॥

'सिप्' प्रत्ययको बहुलतया णिद्वद्भाव हुन्छ । **प्र ण आयूंषि तारिषत् । तारिषत्** = तॄ (तॄ प्लवनतरणयोः, भ्वादि) धातुदेखि "लिङर्थे ०" ले लेट् लकार "सिब्बहुलं ०" ले 'सिप्' 'ल्'को स्थानमा प्रथम पुरुषको एकवचन तिप्, "लेटोऽडाटौ" ले 'तिप्' को 'अट्' आगम "सिब्बहुलं णि ०" ले 'सिप्'को णिद्वद्भाव "आर्धधातुकस्येड् वलादेः । ७ । २ । ३५ ॥" ले 'इट्'आगम "अचो ञ्णिति"ले वृद्धि रपर "इतश्च लोपः ०" ले 'तिप्'को इकारको लोप, "आदेशप्रत्यययोः । ८ । ३ । ५९ ॥" ले षत्वपछि वर्णमेलन भएर 'तारिषत्' रूप सिद्ध हुन्छ ।

सुपेशसस्करति जोषिषद्धि । जोषिषत् = अनुबन्धविनिर्मुक्त 'जुष्' (जुषी प्रीति–सेवनयोः, तुदादि) धातुदेखि लेट्, 'सिप्'विकरण, धातुमा अनुदात्त 'ई'को 'इत्' संज्ञा भएको हुँदा "अनुदात्तङित आत्मनेपदम् । १ । ३ । १२ ॥"ले लकार को स्थानमा प्राप्त आत्मनेपदलाई बाँधेर "व्यत्ययो बहुलम्"ले परस्मैपद प्रथम पुरुषको एकवचन तिप्,'अट्' आगम, 'इट्'आगम, "पुगन्तलघू ०" ले गुण 'तिप्'को इकारको लोप षत्व र वर्णमेलन भएर 'जोषिषत्' रूप सिद्ध हुन्छ ।

आ साविषदर्शसानाय । आसाविषत् = 'आङ्' पूर्वक सु (षु प्रसवैश्वर्ययोः, भ्वादि) धातुदेखि लेट्, सिप्, 'ल्'को स्थानमा परस्मैपद प्रथम पुरुषको एकवचन तिप्, 'अट्' आगम, 'इट्' आगम, 'सिप्'को णिद्वद्भाव "अचो ञ्णिति"ले वृद्धि, आवादेश "इतश्च लोपः ०" ले 'तिप्'को इकारको लोप, "आदेशप्रत्यययोः । ८ । ३ । ५९ ॥" ले षत्व र वर्णमेलन भएर 'आसाविषत्' रूप सिद्ध हुन्छ ।

पतति विद्युत् । पतति = अनुबन्धविनिर्मुक्त 'पत्' (पत्लृ गतौ, भ्वादि) धातुदेखि लेट्, 'ल्'को स्थानमा प्रथम पुरुषको एकवचन तिप्, (सिप् तथा 'इ'को लोप नभएको पक्षमा) "लेटोऽडाटौ" ले 'तिप्'को 'आट्'आगम भएर 'पतति' रूप सिद्ध हुन्छ ।

प्रियः सूर्ये प्रियो अग्ना भवाति । भवाति = भू धातुदेखि लेट् 'ल्'को स्थानमा प्रथम पुरुषको एकवचन तिप्, (सिप् तथा 'इ'को लोप नभएको पक्षमा) "लेटोऽडाटौ" ले 'तिप्'को 'आट्'आगम "सार्वधातुकार्धधातुकयोः" ले गुण 'अव्'आदेश र वर्णमेलनबाट 'भवाति' रूप सिद्ध हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४७ स उत्तमस्य । ३ । ४ । ९८ ॥ लेडुत्तमसकारस्य वा लोपः स्यात् । कर वाव । करवावः ॥

'सः' यो षष्ठचन्त प्रथम पद र 'उत्तमस्य' यो षष्ठचन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "लेटोऽडाटौ" बाट 'लेटः' को अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– लेट् लकार सम्बन्धी उत्तम पुरुषको सकारको लोप विकल्पले हुन्छ, हो ।

करवाव, करवावः = अनुबन्धविनिर्मुक्त 'कृ' (डुकृञ् करणे, तनादि) धातुदेखि लेट् लकार 'ल्'को स्थानमा उत्तम पुरुषको द्विवचन 'वस्' "तनादिकृञ्भ्य उः । ३ । १ । ७९ ॥"ले 'उ'प्रत्यय 'आट्'आगम "सार्वधातुकार्धं ०" ले 'ऋ'को गुण रपर, 'उ'को पनि गुणपछि "स उत्तमस्य" ले 'स्'को विकल्पले लोप तथा वर्णमेलनबाट यी रूप सिद्ध हुन्छन् ।

टेरेत्वम् ४८ आत ऐ । ३ । ४ । ९५ ॥ लेट आकारस्य ऐ स्यात् । सुतेभिः सुप्रयसा मादयैते । आतामित्याकारस्य ऐकारः । विधिसामर्थ्यादाट ऐत्वं न । अन्यथा हि ऐटमेव विदध्यात् । यो यजाति यजात इत् ॥

'आतः' यो षष्ठचन्त प्रथम पद र 'ऐ ' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । "लेटोऽडाटौ" बाट 'लेटः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– लेट्लकारसम्बन्धी 'आताम्'को आकारको स्थानमा ऐकारादेश हुन्छ, हो ।

सुतेभिः सुप्रयसा मादयैते । **मादयैते** = अनुबन्धविनिर्मुक्त 'मद्' (मदी हर्षे, दिवादि) धातुदेखि 'णिच्' उपधावृद्धि सनाद्यन्तत्वात् धातुसंज्ञा 'मादि'देखि लेट् 'ल्' को स्थानमा प्रथम पुरुषको द्विवचन 'आताम्' "लेटोऽडाटौ"ले 'आट्' आगम "सार्वधातुकार्धं ०"ले गुण 'अय्'आदेश, "आत ऐ"ले 'आताम्'को आकार को स्थानमा 'ऐ' "टित आत्मनेपदानां टेरे । ३ । ४ । ७९ ॥"ले 'टि'को एत्व "आटश्च । ६ । १ । १९० ॥"ले वृद्धि वर्णमेलनबाट 'मादयैते'सिद्ध हुन्छ । प्रकृत सूत्रले 'आताम्'को आकारको नै ऐत्व हुन्छ । न कि 'आट्'को आकारको । यदि 'आट्'को आकारको ऐत्व हुन्थ्यो भने सूत्रकारले "लेटोऽडैटौ" सूत्र पढ्थे ।

यो यजाति यजात इत् । **यजाति** = यज् धातुदेखि लेट् 'ल्'को स्थानमा प्रथम पुरुषको एकवचन 'तिप्' "लेटोऽडाटौ" ले 'आट्' आगम र वर्णसंमेलनबाट 'यजाति' रूप सिद्ध हुन्छ ।

४९ वैतोऽन्यत्र । ३ । ४ । ९६ ॥ लेट एकारस्य ऐ स्याद्वा "आत ऐ" इत्यस्य विषयं विना । पशूनामीशे । ग्रहा गृह्यान्तै । अन्यत्र किम् ? सुप्रयसा मादयैते ॥

'वा' यो अव्यय प्रथम पद, 'एतः' यो षष्ठचन्त द्वितीय पद र 'अन्यत्र' यो अव्यय तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "लेटोऽडाटौ"बाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'लेटः' को र "आत ऐ "बाट 'ऐः' को अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– लेट् लकारसम्बन्धी एकारको स्थानमा ऐकारादेश विकल्पले हुन्छ, "आत ऐ" सूत्रको विषयलाई छोडेर भन्ने हो ।

पशूनामीशै । ईशै = ईश् (ईश ऐश्वर्ये, अदादि) धातुदेखि लेट् 'ल्'को स्थानमा उत्तम पुरुषको एकवचन 'इट्' "लेटोऽडाटौ" ले 'आट्'आगम "टित आत्मने०" ले एत्व "वैतोऽन्यत्र" ले 'ए'को स्थानमा 'ऐ' (ईश् आ ऐ) "आटश्च" ले वृद्धि र वर्णमेलनबाट 'ईशै' रूप सिद्ध हुन्छ ।

ग्रहा गृह्यान्तै । गृह्यान्तै = ग्रह् (ग्रह उपादाने, क्र्यादि) धातुदेखि कर्मवाच्यमा लेट् 'ल्'को स्थानमा प्रथम पुरुषको बहुवचन 'झ' "सार्वधातुके यक् ३ । १ । ६७ ॥" ले 'यक्' "ग्रहिज्यावयिव्यधिवष्टिविचतिवृश्चतिपृच्छतिभृज्जतीनां ङिति च । ६ । १ । १६ ॥" ले सम्प्रसारण पूर्वरूप 'आट्'आगम "झोऽन्तः । ७ । १ । ३ ॥" ले 'झ्'को स्थानमा 'अन्त्'आदेश "टित आत्मनेपदानां टेरे । ३ । ४ । ७९ ॥" ले टि(अ) को एत्व "वैतोऽन्यत्र" ले 'ए'को स्थानमा विकल्पले 'ऐ' तथा दीर्घ भएर 'गृह्यान्तै' रूप सिद्ध हुन्छ । "आत ऐ"को विषयमा यस सूत्रले 'ए'को 'ऐ' हुँदैन । त्यसैले 'मादयैते' रूप हुन्छ ।

५० उपसंवादाऽऽशङ्कयोश्च । ३ । ४ । ८ ॥ पणबन्धे आशङ्कायां च लेट् स्यात् । अहमेव पशूनामीशै । नेज्जिह्मायन्त्यो नरकं पताम ॥

'उपसंवादाऽऽशङ्कयोः' यो समस्त सप्तम्यन्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । "लिङर्थे लेट्" बाट 'लेट्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा उपसंवाद (पणबन्ध) तथा आशङ्का अर्थमा लेट् लकार हुन्छ, हो । **अहमेव पशूनामीशै । ईशै** = पूर्ववत् ।

नेज्जिह्मायन्त्यो नरकं पताम । पताम = 'पत्' धातुदेखि "उपसंवादा ०" ले लेट् लकार 'ल्'को स्थानमा उत्तम पुरुषको बहुवचन 'मस्' 'आट्'आगम "स उत्तमस्य"ले 'स्'को विकल्पले लोप र वर्णमेलनबाट 'पताम' रूप सिद्ध हुन्छ ।

"हलः श्नः शानज्झौ ॥" ५१ छन्दसि शायजपि । ३ । १ । ८४ ॥ अपिशब्दाच्छ्नानच् ॥

'छन्दसि' यो सप्तम्यन्त प्रथम पद, 'शायच्' यो प्रथमान्त द्वितीय पद र 'अपि' यो अव्यय तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "हलः श्नः शानज्झौ" बाट 'शानच्'को अनुवृत्तिपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा हल्देखि पर रहेको 'श्ना'को स्थानमा 'शायच्' हुन्छ, पक्षमा 'शानच्' पनि हुन्छ, हो । लौकिक संस्कृतमा 'श्ना'को स्थानमा 'शानच्' मात्र हुन्छ ।

हृग्रहोर्भश्छन्दसि (वा०) ॥ इति हस्य भः । गृभाय जिह्वया मधु । बधान देव सवितः । अनिदितामिति बध्नातेर्नलोपः गृभ्णामि ते । मध्वा जभार ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैदिक संस्कृतमा 'हृ' तथा 'ग्रह्' धातुको हकारको स्थानमा भकार हुन्छ । लौकिक संस्कृतमा 'ह्'को स्थानमा 'भ्' हुँदैन । **गृभाय जिह्वया मधु ।** **गृभाय** = ग्रह् (ग्रह उपादाने क्र्यादि) धातुदेखि लोट् 'ल्'को स्थानमा मध्यम पुरुषको एकवचन 'सिप्' "क्र्यादिभ्यः श्ना । ३ । १ । ८१ ॥" ले 'श्ना' अपित् सार्वधातुक भएको हुँदा "सार्वधातुकमपित् । १ । २ । ४ ॥" ले 'श्ना'को ङित्त्व "ग्रहिज्यावयिव्यधि ०" ले सम्प्रसारण, पूर्वरूप "सेर्ह्यपिच्च । ३ । ४ । ८७ ॥" ले 'सि'को 'हि', 'श्ना'को स्थानमा "हलः श्नः शानज्झौ । ३ । १ । ८३ ॥ " ले प्राप्त 'शानच्'लाई बाँधेर "छन्दसि शाय ०" ले विकल्पले 'शायच्', अनुबन्धलोप "हृग्रहोर्भश्छ ०"ले 'ह्'को स्थानमा 'भ्' "अतो हेः । ६ । ४ । १०५ ॥"ले 'हि'को लुक् भएर 'गृभाय' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'गृहाण' रूप हुन्छ । **बधान देव सवितः । बधान** = बन्ध् (बन्ध बन्धने, क्र्यादि) धातुदेखि लोट्,'ल्'को स्थानमा मध्यम पुरुषको एकवचन 'सिप्' "छन्दसि शाय ०" ले 'श्ना'को स्थानमा 'शायच्' न भएको पक्षमा "हलः श्नः ०" ले 'श्ना'को स्थानमा 'शानच्' अनुबन्धलोप "अनिदितां हल उपधायाः क्ङिति । ६ । ४ । २४ ॥" ले 'न्'को लोप 'सि'को स्थानमा 'हि' "अतो हेः" ले 'हि'को लोप भएर 'बधान' सिद्ध हुन्छ । **गृभ्णामि ते ।** = 'ग्रह्' धातुदेखि लट् 'ल्'को स्थानमा उत्तम पुरुषको एकवचन मिप्, श्ना, सम्प्रसारण पूर्वरूप, "हृग्रहोर्भश्छ ०" ले 'ह्'को 'भ्' तथा "अट्कु–प्वाङ्नुम्व्यवायेऽपि" ले णत्व भएर 'गृभ्णामि' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'गृह्णामि' हुन्छ । **जभार** = हृ (हृञ् हरणे, भ्वादि) धातुदेखि लिट् 'ल्'को स्थानमा प्रथम पुरुषको एकवचन तिप्, णल्, द्वित्व, अभ्यासादि कार्य "अचो ञ्णिति" ले वृद्धि रपर तथा "हृग्रहोर्भश्छ ०"ले 'ह्'को 'भ्' भएर 'जभार' हुन्छ । लौकिक संस्कृतमा 'जहार' रूप हुन्छ ।

५२ व्यत्ययो बहुलम् । ३ । १ । ८५ ॥ विकरणानां बहुलं व्यत्ययः स्यात् छन्दसि । आण्डा शुष्मस्य भेदति । भिनत्तीति प्राप्ते । जरसा मरते पतिः । म्रियत इति प्राप्ते । इन्द्रो वस्तेन नेषतु । नयतेर्लोट् शप्सिपौ द्वौ विकरणौ । इन्द्रेण युजा तरुषे म वृत्रम् । तरेमेत्यर्थः । तरतेर्विध्यादौ लिङ् । उः शप् सिप् चेति त्रयो विकरणाः॥

'व्यत्ययः' यो प्रथमान्त प्रथम पद, 'बहुलम्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ 'छन्दसि' को अनुवृत्ति गरेपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा विकरण (शप्, श्यन्, श्ना) आदिको बहुलतया व्यत्यय हुन्छ, हो । **आण्डा शुष्मस्य भेदति । भेदति** = अनुबन्धविनिर्मुक्त 'भिद्' (भिदिर् विदारणे, रुधादि) धातुदेखि लट् 'ल्'को स्थानमा प्रथम पुरुषको एकवचन तिप्, "रुधादिभ्यः श्नम् । ३ । १ । ७८ ॥" ले 'श्नम्' प्राप्त, त्यसलाई बाँधेर "व्यत्ययो बहुलम्"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ले व्यत्ययद्वारा 'शप्' "पुगन्तलघू ०"ले गुण र वर्णमेलन भएर 'भेदति' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'भिनत्ति' रूप हुन्छ।

जरसा मरते पतिः। मरते = अनुबन्धविनिर्मुक्त 'मृ' (मृङ् प्राणत्यागे, तुदादि) धातुदेखि लट् 'ल्'को स्थानमा प्रथम पुरुषको एकवचन 'त' "तुदादिभ्यः शः। ३।१।७७॥"ले 'श'प्राप्त थियो त्यसको "व्यत्ययो बहुलम्" ले व्यत्ययद्वारा 'शप्' "सार्वधातुकार्धधातुकयोः"ले गुण रपर "टित आत्मनेपदानां टेरे"ले एत्व, र वर्णमेलन भएर 'मरते' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'म्रियते' रूप हुन्छ।

इन्द्रो वस्तेन नेषतु। नेषतु = नी (णीञ् प्रापणे, भ्वादि) धातुदेखि लोट् लकार 'ल्'को स्थानमा प्रथम पुरुषको एकवचन तिप्, 'शप्'"व्यत्ययो बहुलम्" ले व्यत्ययद्वारा 'सिप्' विकरण "सार्वधातुकार्ध ०" ले गुण,"आदेशप्रत्यययोः" ले षत्व "एरुः। ३।४।८६॥" ले 'तिप्'को इकारको उत्व र वर्णमेलन भएर 'नेषतु' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'नयतु' रूप हुन्छ।

इन्द्रेण युजा तरुषेम वृत्रम्। तरुषेम = तॄ (तॄ प्लवनतरणयोः, भ्वादि) धातुदेखि लिङ् 'ल्'को स्थानमा उत्तम पुरुषको बहुवचन मस्, "व्यत्ययो बहुलम्" ले व्यत्ययद्वारा 'उ', 'सिप्' र 'शप्' विकरण अनुबन्धलोप (तॄ उस् अ मस्) "सार्वधातुकार्ध ०" ले गुण रपर, 'यासुट्'आगम "अतो येयः। ७।२।८०॥" ले 'यासुट्'को 'इय्'आदेश "आद् गुणः" ले गुण "लोपो व्योर्वलि। ६।१।६६॥" ले 'य्'को लोप, "आदेशप्रत्यययोः" ले षत्व तथा "नित्यं ङितः। ३।४।९९॥" ले 'स्'को लोप भएर 'तरुषेम' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'तरेम' रूप हुन्छ।

सुप्तिङुपग्रहलिङ्गनराणां कालहलच्स्वरकर्तृयङां च॥
व्यत्ययमिच्छति शास्त्रकृदेषां सोऽपि च सिद्धयति बाहुलकेन॥ धुरि दक्षिणायाः। दक्षिणस्यामिति प्राप्ते। चषालं ये अश्वयूपाय तक्षति। तक्षन्तीति प्राप्ते। उपग्रहः परस्मैपदात्मनेपदे। ब्रह्मचारिणमिच्छते। इच्छतीति प्राप्ते। प्रतीपमन्य ऊर्मिर्युध्यति युध्यत इति प्राप्ते। मधोस्तृप्ता इवासते। मधुन इति प्राप्ते। नरः पुरुषः। अधा स वीरैर्दशभिर्वियूयाः। वियूयादिति प्राप्ते। कालः कालवाची प्रत्ययः। श्वोऽग्नीनाधास्यमानेन। लुटो विषये लृट्। तमसो गा अदुक्षत्। अधुक्षदिति प्राप्ते। मित्र वयं च सूरयः। मित्रा वयमिति प्राप्ते। स्वरव्यत्ययस्तु वक्ष्यते। कर्तृशब्दः कारकमात्रपरः। तथा च तद्वाचिनां कृत्तद्धितानां व्यत्ययः। अन्नादाय। अग्निवषये अच्। अवग्रहे विशेषः। यङो यशब्दादारभ्य "लिङ्घाशिष्यङ्" इति ङकारेण प्रत्याहारः। तेषां व्यत्ययो भेदतीत्यादिरुक्त एव॥

शास्त्रकार पाणिनि केवल विकरणहरूको मात्र व्यत्यय (पवितर्न) चाहँदैनन् अपितु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुप्को, तिङ्को, परस्मैपद तथा आत्मनेपदको, लिङ्गको, नर (पुरुष)को काल–बोधक प्रत्ययको, हल् (व्यञ्जन)को, अच् (स्वर)को, स्वर (उदात्तादि स्वर)को, कारकको र यङ्को पनि परिवर्तन चाहन्छन् । 'यङ्' भनेको प्रत्याहार हो । यसबाट "सार्वधातुके यक् । ३ । १ । ६७ ॥" सूत्रको 'य'देखि "लिङ्याशिष्यङ् । ३ । ४ । ८६ ॥" सूत्रको 'ङ्'तकको बोध हुन्छ । सुप्को उदाहरण – **धुरि दक्षिणायाः** । **दक्षिणायाः** = दक्षिणा+ङि, यहाँ 'ङि'को स्थानमा व्यत्ययद्वारा 'ङस्' हुन्छ । तिङ्को उदाहरण – **चषालं ये अश्वयूपाय तक्षति** । **तक्षति** = तक्ष+झि, यहाँ 'झि'को स्थानमा व्यत्ययद्वारा 'तिप्' हुन्छ । परस्मैपदको उदाहरण – **ब्रह्मचारिणमिच्छते । इच्छते** = इच्छ+ति, यहाँ 'ति'को स्थानमा व्यत्ययद्वारा आत्मनेपद 'त' हुन्छ । आत्मनेपदको उदाहरण – **प्रतीपमन्य ऊर्मिर्युध्यति । युध्यति** = युध्य+त, यहाँ 'त'को स्थानमा व्यत्ययद्वारा परस्मैपद 'ति' हुन्छ । लिङ्गको उदाहरण – **मधोस्तृप्ता इवासते । मधोः** = मधु+ङस्, यहाँ नपुंसकलिङ्गी मधुशब्दको व्यत्ययले पुँल्लिङ्ग भएपछि "घेर्ङिति । ७ । ३ । ११ ॥"ले गुण "ङसिङसोश्च । ६ । १ । ११० ॥"ले पूर्वरूप, रुत्व र विसर्गद्वारा 'मधोः' रूप सिद्ध हुन्छ । पुरुषको व्यत्ययको उदाहरण – **अधा स वीरैर्दशभिर्वियूयाः । वियूयाः** = वियूय्+ति, यहाँ प्रथम पुरुष 'तिप्'को स्थानमा व्यत्ययले मध्यम पुरुष 'सिप्' हुन्छ । कालबोधक प्रत्ययको व्यत्ययको उदाहरण –**श्वोऽग्नीनाधास्यमानेन । आधास्यमानेन** = आधाता यहाँ 'लुट्'को स्थानमा व्यत्ययद्वारा 'लृट्' हुन्छ । व्यञ्जनको व्यत्ययको उदाहरण – **तमसो गा अदुक्षत् । (अदुक्षत्**)= यहाँ 'ध्' को स्थानमा व्यत्ययद्वारा 'द्' हुन्छ । अच्को व्यत्ययको उदाहरण – **मित्र वयं च सूरयः । मित्र** = यहाँ आकरको स्थानमा व्यत्ययद्वारा अकार हुन्छ । स्वर (उदात्त– अनुदात्त–स्वरित) को व्यत्ययको उदाहरण – **श्रियसे** = श्रि (श्रिञ् सेवायाम्, भ्वादि) धातुदेखि "तुमर्थे सेसेन ०" ले 'कसेन्' प्रत्यय अनुबन्ध लोप "अचि श्नुधातुभ्रुवां य्वोरियङुवङौ । ६ । ४ । ७७ ॥" ले 'इयङ्' आदेश । 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक् भएर 'श्रियसे' रूप सिद्ध हुन्छ । यहाँ नित्त्वात् "ञ्नित्यादिर्नित्यम्" ले अद्युदात्त प्राप्त थियो त्यसलाई बाँधेर यस सूत्रले व्यत्ययद्वारा मध्योदात्त हुन्छ । कर्तृ शब्द सबै कारकको बोधक हो, त्यसकारण कर्तृ, कर्म, वाचक कृत् र तद्धित प्रत्ययको पनि यहाँ ग्रहण हुन्छ ।

अन्नादाय = यहाँ 'अण्'को प्राप्तिमा 'अच्' प्रत्यय हुन्छ । अन्नमत्ति इति, यस विग्रहमा (अन्न अद् अण्, अन्न आद) अन्नाद हुनु पर्नेमा (अन्न अद् अच् अन्न अद) अन्नाद हुन्छ । 'अण्'प्रत्यय हुँदा "अत उपधायाः" ले उपधावृद्धि हुन्छ । यद्यपि 'अण्' र 'अच्' दुवै प्रत्ययमा सन्धि गरेपछि 'अन्नाद' समान रूप बन्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तापनि 'अण्' गर्दा पदपाठमा अन्नऽआदाय हुन्छ भने 'अच्' गर्दा अन्नऽअदाय हुन्छ र भिन्नता देखिन्छ। यङ्को (यङ् प्रत्याहार "सार्वधातुके यक्। ३। १। ६७॥" सूत्रको 'य'देखि "लिङ्चाशिष्यङ्। ३। ४। ८६॥"सूत्रको 'ङ्'तक हो। त्यसको) व्यत्यय "व्यत्ययो बहुलम्" सूत्रमा भेदति इत्यादि उदाहरणहरू दिइएका छन्।

५३ लिङ्चाशिष्यङ्। ३। १। ८६॥ आशीर्लिङि परे धातोरङ् स्याच्छन्दसि। वच उम् मन्त्रं वोचेमाग्नये॥

'लिङि' यो सप्तम्यन्त प्रथम पद, 'आशिषि' यो सप्तम्यन्त द्वितीय पद र 'अङ्' प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ सूत्रको अर्थ :– वैदिक संस्कृतमा आशीर्लिङ् पर भएमा धातुदेखि 'अङ्'प्रत्यय हुन्छ, हो। लौकिक संस्कृतमा आशीर्लिङ् पर भएमा धातुदेखि 'अङ्'प्रत्यय हुँदैन। 'च्लि'को स्थानमा मात्र ' अङ्' हुन्छ। **वोचेमाग्नये। <u>वोचेम</u>** = अनुबन्धविनिर्मुक्त 'ब्रू' (ब्रूञ् व्यक्तायां वाचि, अदादि) धातुदेखि आशीर्लिङ् 'ल्'को स्थानमा उत्तम पुरुषको बहुवचन 'मस्' "ब्रुवो वचि। २। ४। ५३॥" ले 'ब्रू'को 'वच्' आदेश "लिङ्चाशिष्यङ्" ले 'अङ्'प्रत्यय, 'यासुट्' आगम "वच उम्। ७। ४। २०॥" ले 'वच्'को 'उम्' आगम (व उ च् अ) 'यासुट्', गुण, "छन्दस्युभयथा" ले लिङ्को सार्वधातुक संज्ञा "अतो येयः। ७। २। ८०॥" ले 'यास्'को स्थानमा 'इय्' आदेश "लोपो व्योर्वलि"ले 'य्'को लोप, "आद् गुणः" ले गुण तथा "नित्यं ङितः। ३। ४। ९९॥"ले 'स्'को लोप भएर 'वोचेम' सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'उच्यास्म' रूप हुन्छ।

दृशेरग्वक्तव्यः (वा०)॥ पितरं च दृशेयं मातरं च। अङि तु ऋदृशोऽङीति गुणः स्यात्॥

वैदिक संस्कृतमा आशीर्लिङ् पर भएमा 'दृश्' धातुदेखि 'अक्' प्रत्यय हुन्छ। **पितरं च दृशेयं मातरं च। <u>दृशेयम्</u>** = अनुबन्धविनिर्मुक्त 'दृश्' (दृशिर् प्रेक्षणे, भ्वादि) धातुदेखि लिङ् 'ल्'को स्थानमा उत्तम पुरुषको एकवचन 'मिप्' (अम्), "दृशेरग्वक्तव्यः" ले 'अक्'आगम 'यासुट्' 'यास्'को 'इय्'आदेश, गुण र वर्णमेलन भएर 'दृश्येयम्' सिद्ध हुन्छ। यदि 'अङ्' भएको भए "ऋदृशोऽङि गुणः। ७। ४। १६॥" ले गुण भएर 'दर्शेयम्' रूप हुन्थ्यो। लौकिक संस्कृतमा 'पश्येयम्' रूप हुन्छ।

५४ छन्दस्युभयथा। ३। ४। ११७॥ धात्वधिकार उक्तः प्रत्ययः सार्वधातुकार्धधातुकोभयसंज्ञः स्यात्। वर्धन्तु त्वा सुष्टुतयः। वर्धयन्त्वित्यर्थः। आर्धधातुकत्वाण्णिलोपः। विशृण्विरे। सार्वधातुकत्वात् श्नुः शृभावश्च। हुश्नुवोरिति यण्॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'छन्दसि' यो सप्तम्यन्त प्रथम पद, 'उभयथा' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "तिङ्शित् सार्वधातुकम्" बाट 'सार्वधातुकम्' को र "आर्धधातुकं शेषः । ३ । ४ । ११४ ॥" बाट 'आर्धधातुकम्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा "धातोः" सूत्रको अधिकारमा पढिएका प्रत्ययहरूको सार्वधातुक तथा आर्धधातुक दुवै संज्ञा हुन्छ हो । लौकिक संस्कृतमा "आकडारादेका संज्ञा । १ । ४ । १ ॥" को अनुसार एउटाको एउटै मात्र संज्ञा हुन्छ । **वर्धन्तु त्वा सुष्टुतयः** । **वर्धन्तु** = अनुबन्धविनिर्मुक्त 'वृध्' (वृधु वृद्धौ, भ्वादि) धातुदेखि 'णिच्' लोट् 'ल्'को स्थानमा प्रथम पुरुषको बहुवचन झि, (अन्ति), "छन्दस्युभयथा" ले आर्धधातुक संज्ञा "णेरनिटि । ६ । ४ । ५१ ॥" ले 'णि'को लोप "पुगन्त ०"ले गुण, "एरुः" ले इकारको उत्व र वर्ण–मेलन भएर 'वर्धन्तु' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'वर्धयन्तु' रूप हुन्छ । **विशूण्विरे** = वि पूर्वक श्रु (श्रु श्रवणे, भ्वादि) धातुदेखि लिट् 'ल्'को स्थानमा प्रथम पुरुषको बहुवचन 'झ' 'झ'को स्थानमा 'इरेच्'आदेश "छन्दस्युभयथा" ले सार्वधातुक संज्ञा "श्रुवः शृ च । ३ । १ । ७४ ॥"ले 'श्रु'को 'शृ'आदेश, "स्वादिभ्यः श्नुः" ले 'श्नु'प्रत्यय (वि शृ नु इरे) "ऋवर्णान्नस्य णत्वं वाच्यम्" ले णत्व र "हुश्नुवोः सार्वधातुके । ६ । ४ । ८७ ॥" ले 'यण्' भएर 'विशृण्विरे' रूप सिद्ध हुन्छ ।

५५ आदृगमहनजनः किकिनौ लिट् च । ३ । २ । १७१ ॥ आदन्तादृवर्णान्ताद्गमादेश्च किकिनौ स्तस्तौ च लिड्वत् । बभ्रिर्वज्रं पपिः सोमं ददिर्गाः । जग्मिर्युवा । जघ्निर्वृत्रममित्रियम् । जज्ञिः । लिड्वद्भावादेव सिद्धे ऋच्छत्यृतामिति गुणबाधनार्थं कित्त्वम् । बहुलं छन्दसीत्युत्वम् । ततुरिः । जगुरिः ॥

'आदृगमहनजनः' यो समस्त पञ्चम्यन्त प्रथम पद, 'किकिनौ ' यो प्रथमान्त द्वितीय पद, 'लिट्' यो प्रथमान्त तृतीय पद र 'च' यो अव्यय चतुर्थ पद गरी यस सूत्रमा चार पद छन् । यहाँ "आक्वेस्तच्छीलतद्धर्मतत्साधुकारिषु" बाट 'तच्छीलतद्धर्मतत्साधुकारिषु' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा आकारान्त, ऋवर्णान्त, तथा गम्, हन् र जन् धातुदेखि तच्छिलादि अर्थमा 'कि' र 'किन्' प्रत्यय हुन्छन्, तथा ती प्रत्ययको लिड्वद्भाव हुन्छ, हो । **बभ्रिर्वज्रम् । बभ्रिः** = अनुबन्धविनिर्मुक्त 'भृ' (भृञ् भरणे, भ्वादि) धातुदेखि "आदृगमहन ०" ले 'कि'प्रत्यय लिड्वद्भाव द्वित्व "उरत् । ७ । ४ । ६६ ॥" ले अत्व रपरत्व हलादिशेष "अभ्यासे चर्च । ८ । ४ । ५४ ॥" ले अभ्यासको जश्त्व, "इको यणचि" ले यण् र स्वादिकार्य भएर 'बभ्रिः' रूप सिद्ध हुन्छ । **पपिः सोमम् । पपिः** = पा (पा पाने, भ्वादि) धातुदेखि "आदृगमहन ०" ले 'कि'प्रत्यय लिड्वद्भाव द्वित्व "ह्रस्वः । ७ । ४ । ५९ ॥" ले अभ्यासको ह्रस्व

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"आतो लोप इटि च । ६ । ४ । ६४ ॥" ले 'आ"को लोप तथा स्वादिकार्य भएर 'पपिः' रूप सिद्ध हुन्छ । **ददिर्गाः । ददिः** = दा (डुदाञ् दाने, जुहोत्यादि) धातुदेखि पूर्ववत् कार्य भएर 'ददिः' सिद्ध हुन्छ ।

जग्मिर्युवा । जग्मिः = अनुबन्धविनिर्मुक्त 'गम्' (गम्लृ गतौ, भ्वादि) धातुदेखि"आदृगमहन ०" ले 'कि'प्रत्यय लिड्वद्भाव द्वित्व अभ्यासादि कार्य "गमहनजनखनघसां लोपः क्ङित्यनङि । ६ । ४ । ९८ ॥" ले उपधालोप तथा स्वादिकार्य भएर 'जग्मिः' रूप सिद्ध हुन्छ ।

जघ्निर्वृत्रममित्रियम् । जघ्निः = हन् (हन हिंसागत्योः, अदादि) धातुदेखि "आदृगमहन ०" ले 'कि' प्रत्यय लिड्वद्भाव द्वित्व अभ्यास संज्ञा "कुहोश्चुः । ७ । ४ । ६२ ॥" ले 'ह्'को 'झ' "अभ्यासे चर्च । ८ । ४ । ५४ ॥" ले 'झ्'को 'ज्' "हो हन्तेर्ञ्णिन्नेषु । ७ । ३ । ५४ ॥" ले 'ह्'को 'घ्' र स्वादिकार्य भएर 'जघ्निः' रूप सिद्ध हुन्छ ।

जज्ञिः = अनुबन्धविनिर्मुक्त 'जन्' (जनी प्रादुर्भावे, दिवादि) धातुदेखि "आदृगम०" ले 'कि'प्रत्यय, लिड्वद्भाव, द्वित्व अभ्यासादि कार्य "गमहनजन०" ले उपधालोप "जनोर्ञ्झः" को अनुसार (ज् र ञ् को) 'ञ्' र स्वादिकार्य भएर 'जज्ञिः' रूप सिद्ध हुन्छ । 'कि' तथा 'किन्' प्रत्ययान्तको शब्दस्वरूपमा भिन्नता नभए तापनि स्वरमा भिन्नता हुन्छ । 'कि'प्रत्ययान्तमा "आद्युदत्तश्च"ले ककारोत्तरवर्ती 'इ'उदात्त भएर अन्तोदात्तता हुन्छ भने 'किन्' प्रत्ययमा "ञ्नित्यादिर्नित्यम् ६ । १ । १९७ ॥" ले 'किन्'प्रत्ययान्तको आदि अच् उदात्त हुने हुँदा 'किन्'प्रत्ययान्त शब्द आद्युदात्त हुन्छ । "असंयोगाल्लिट् कित् । १ । २ । ५ ॥" ले लिट्मा कित्त्व सिद्ध हुँदाहुँदै उक्त सूत्रले प्रत्ययमा कित्त्वको विधान "ऋच्छत्यृताम् । ७ । ४ । ११ ॥" ले प्राप्त गुण निषेधका लागि हो ।

ततुरिः = तॄ (तॄ प्लवनतरणयोः, भ्वादि) धातुदेखि "आदृगमहन ०" ले 'कि'प्रत्यय लिड्वद्भाव द्वित्व "उरत् । ७ ।४ । ६६ ॥"ले अत्व, रपरत्व हलादिशेष "बहुलं छन्दसि । ७ । १ । १०३ ॥" ले उत्व रपरत्व र स्वादिकार्य भएर 'ततुरिः' रूप सिद्ध हुन्छ ।

जगुरिः = गॄ (गॄ निगरणे, तुदादि) धातुदेखि "आदृगमहन०" ले 'कि'प्रत्यय लिड्वद्भाव द्वित्व "उरत् । ७ । ४ । ६६ ॥" ले अत्व, रपरत्व हलादिशेष "कुहोश्चुः । ७ । ४ । ६२ ॥" ले चुत्व "बहुलं छन्दसि । ७ । १ । १०३ ॥" ले उत्व, रपरत्व र स्वादिकार्य भएर 'जगुरिः' रूप सिद्ध हुन्छ ।

५६ तुमर्थे सेसेनसेऽसेन्क्सेकसेनध्यैअध्यैन्कध्यैकध्यैन्शध्यैशध्यैन्तवैतवेङ्तवेनः । ३ । ४ । ९ ॥ से । वक्षे रायः । सेन् । ता वामेषे । असे । शरदो जीवसे धाः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असेन्। नित्त्वादाद्युदात्तः। क्से। प्रेषे। कसेन्। गवामिव श्रियसे। अध्यै। अध्यैन्। जठरं पृणध्यै। पक्षे आद्युदात्तम्। कध्यै। कध्यैन्। आहुवध्यै। पक्षे नित्स्वरः। शध्यै। राधसः सह मादयध्यै। शध्यैन्। वायवे पिबध्यै। तवै। दातवा उ। तवेङ्। सूतवे। तवेन्। कर्तवे॥

'तुमर्थे' यो सप्तम्यन्त प्रथम पद, 'सेसेनसेअसेन्क्सेकसेनध्यैअध्यैन्कध्यै-कध्यैन्शध्यैशध्यैन्तवैतवेङ् तवेनः' यो समस्त प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "छन्दसि लुङ्लङ्लिटः" बाट 'छन्दसि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'तुमुन्'प्रत्ययको अर्थमा धातुदेखि से, सेन्, असे, असेन्, क्से, कसेन्, अध्यै, अध्यैन्, कध्यै, कध्यैन्, शध्यै, शध्यैन्, तवै, तवेङ् तथा तवेन् प्रत्यय हुन्छन्, हो।

वक्षे रायः। वक्षे = वच् (वच परिभाषणे, अदादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा "तुमर्थे सेसेन ०" ले 'से'प्रत्यय "चोः कुः। ८। २। ३०॥"ले 'च्'को 'क्' "आदेशप्रत्यययोः। ८। ३। ५९॥" ले षत्व "क्ष्संयोगे क्षः" को अनुसार क्षत्व, "कृन्मेजन्तः। १। १। ३९॥" ले अव्यय संज्ञा 'सु'विभक्ति अव्ययत्वात् "अव्ययादाप्सुपः। २। ४। ८२॥" ले 'सु'को लुक् भएर 'वक्षे' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'वक्तुम्' रूप हुन्छ।

ता वामेषे। एषे = इ (इण् गतौ, अदादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा "तुमर्थे सेसेन ०" ले 'सेन्'प्रत्यय आर्धधातुक संज्ञा "सार्वधातुकार्धधातुकयोः" ले गुण षत्व, 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक् भएर 'एषे' सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'एतुम्' हुन्छ।

शरदो जीवसे धाः। जीवसे = जीव् (जीव प्राणधारणे, भ्वादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा "तुमर्थे सेसेन ०" ले 'असे'प्रत्यय वर्णमेलन 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक् भएर उक्त रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'जीवितुम्' रूप हुन्छ।

प्रेषे = 'प्र'पूर्वक इण् (इण् गतौ, अदादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा "तुमर्थे सेसेन ०" ले 'क्से' प्रत्यय कित्त्वात् गुणनिषेध षत्व, "कृन्मेजन्तः" ले अव्यय संज्ञा 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक् भएर 'प्रेषे' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'प्रैतुम्' हुन्छ।

गवामिव श्रियसे। श्रियसे = श्रि (श्रिञ् सेवायाम्, भ्वादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा "तुमर्थे सेसेन ०" ले 'कसेन्' प्रत्यय अनुबन्धलोप "अचि श्नुधातुभ्रुवां य्वोरियङुवङौ। ६। ४। ७७॥" ले 'इयङ्' आदेश, "कृन्मेजन्तः" ले अव्यय संज्ञा 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक् भएर 'श्रियसे' रूप सिद्ध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छ। लौकिक संस्कृतमा 'श्रयितुम्' रूप हुन्छ।

जठरं पृणध्यै। पृणध्यै = पॄ (पॄ पालनपूरणयोः, क्र्यादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा "तुमर्थे सेसेन ०" ले अध्यै/अध्यैन् प्रत्यय निपातनद्वारा 'श्ना' प्रत्यय "प्वादीनां ह्रस्वः। ७। ३। ८० ॥" ले धातुको ह्रस्व "श्नाभ्यस्तयोरातः। ६। ४। ११२ ॥" ले आकारको लोप, णत्व, वर्णमेलन "कृन्मेजन्तः। १। १। ३९ ॥" ले अव्यय संज्ञा 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक् भएर 'पृणध्यै' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'परितुम्/परीतुम्' रूप हुन्छ।

आहुवध्यै = 'आङ्'पूर्वक हु (हु दानादनयोः, जुहोत्यादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा "तुमर्थे सेसेन ०" ले कध्यै/कध्यैन् प्रत्यय, अनुबन्धलोप कित्त्वात् गुणको निषेध "अचि श्नुधातु ०" ले"उवङ्"आदेश वर्णमेलन "कृन्मेजन्तः" ले अव्यय संज्ञा 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक् भएर 'आहुवध्यै' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'आहोतुम्' रूप हुन्छ।

राघसः सह मादयध्यै। मादयध्यै = मद् (मदी हर्षे, दिवादि) धातुदेखि 'णिच्' उपधावृद्धि धातुसंज्ञा 'मादि'देखि 'तुमुन्' प्रत्ययको अर्थमा "तुमर्थे सेसेन ०" ले 'शध्यै'प्रत्यय "सार्वधातुकार्ध ०" ले गुण 'अय्'आदेश वर्णमेलन, "कृन्मेजन्तः" ले अव्यय संज्ञा 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक् भएर 'मादयध्यै' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'मदयितुम्/मदितुम्' रूप हुन्छ।

वायवे पिबध्यै। पिबध्यै = पा (पा पाने, भ्वादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा "तुमर्थे सेसेन ०" ले 'शध्यैन्'प्रत्यय शित्त्वात् सार्वधातुक संज्ञा "पाघ्राध्मास्थाम्नादाण्दृश्यर्तिसर्तिशदसदां पिबजिघ्रधमतिष्ठमनयच्छपश्यर्च्छधौ–शीयसीदाः। ७। ३। ७८ ॥"ले 'पिब' आदेश "अतो गुणे। ६। १। ७९ ॥"ले पररूप 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक् भएर 'पिबध्यै' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'पातुम्' हुन्छ।

दातवा उ = अनुबन्धविनिर्मुक्त 'दा' (डुदाञ् दाने, जुहात्यादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा "तुमर्थे सेसेन०"ले 'तवै'प्रत्यय 'सु'विभक्ति "कृन्मेजन्तः" ले अव्यय संज्ञा अव्ययत्वात् 'सु'को लुक् भएर 'दातवै' रूप सिद्ध हुन्छ। दातवै +उ यहाँ अच.पर हुनाले 'आय्'आदेश तथा "लोपः शाकल्यस्य"ले 'य्'को लोप भएर 'दातवा उ' हुन्छ। लौकिक संस्कृतमा 'दातुम्' रूप हुन्छ।

सूतवे = अनुबन्धविनिर्मुक्त 'सू' (षूङ् प्राणिप्रसवे, दिवादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा "तुमर्थे सेसेन०"ले 'तवेङ्' प्रत्यय ङित्त्वात् गुणनिषेध 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक् भएर 'सूतवे' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'सोतुम्' रूप हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्तवे = अनुबन्धविनिर्मुक्त 'कृ' (डुकृञ् कारणे, तनादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा "तुमर्थे सेसेन ०"ले 'तवेन्' प्रत्यय "सार्वधातुकर्ध ०"ले गुण रपर 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक् भएर 'कर्तवे' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'कर्तुम्' रूप हुन्छ।

५७ प्रयै रोहिष्यै अव्यथिष्यै। ३। ४। १०॥ एते तुमर्थे निपात्यन्ते। प्रयातुं रोढुमव्यथितुमित्यर्थः॥

'प्रयै' यो अव्यय प्रथम पद, 'रोहिष्यै' यो अव्यय द्वितीय पद र 'अव्यथिष्यै ' यो अव्यय तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ माथिल्लो सूत्रबाट 'तुमर्थे' को अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'तुमुन्'प्रत्ययको अर्थमा प्रयै, रोहिष्यै र अव्यथिष्यै शब्द निपातनद्वारा सिद्ध हुन्छन्, हो।

प्रयै = 'प्र'पूर्वक या (या प्रापणे, अदादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा "प्रयै रोहिष्यै ०" ले निपातनद्वारा 'कै'प्रत्यय "आतो लोप इटि च। ६। ४। ६४॥" ले आकारको लोप, 'सु'विभक्ति, अव्ययत्वात् 'सु'को लुक् भएर 'प्रयै' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'प्रयातुम्' रूप हुन्छ।

रोहिष्यै = रुह् (रुह बीजजन्मनि, भ्वादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा "प्रयैरोहिष्यै०" ले निपातनद्वारा 'ईष्यै'प्रत्यय "पुगन्त ०" ले गुण, "कृन्मेजन्तः" ले अव्यय संज्ञा 'सु'विभक्ति, अव्ययत्वात् 'सु'को लुक् भएर 'रोहिष्यै' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'रोढुम्' रूप हुन्छ।

अव्यथिष्यै = 'नञ्' पूर्वक व्यथ् (व्यथ भयसञ्चलनयोः, भ्वादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा "प्रयै रोहिष्यै ०" ले निपातनद्वारा 'इष्यै'प्रत्यय "कृन्मेजन्तः" ले अव्यय संज्ञा 'सु'विभक्ति, अव्ययत्वात् 'सु'को लुक् भएर 'अव्यथिष्यै' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'अव्यथितुम्' रूप हुन्छ।

५८ दृशे विख्ये च। ३। ४। ११॥ द्रष्टुं विख्यातुमित्यर्थः॥

'दृशे' यो अव्यय प्रथमान्त प्रथम पद, 'विख्ये' यो अव्यय द्वितीय पद र 'च' यो अव्यय तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "छन्दसि लुङ्लङ्–लिटः" बाट 'छन्दसि' को र माथिल्लो सूत्रबाट 'तुमर्थे' को अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'तुमुन्'प्रत्ययको अर्थमा दृशे तथा विख्ये शब्द निपातनद्वारा सिद्ध हुन्छन्, हो।

दृशे = अनुबन्धविनिर्मुक्त 'दृश्' (दृशिर् प्रेक्षणे, भ्वादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा "दृशे विख्ये च" ले निपातनद्वारा 'के'प्रत्यय, अनुबन्धलोप "कृन्मेजन्तः" ले अव्यय संज्ञा 'सु'विभक्ति, अव्ययत्वात् 'सु'को लुक् भएर 'दृशे' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'द्रष्टुम्' रूप हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विख्ये = 'वि'पूर्वक ख्या (ख्या प्रकथने, अदादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा "दृशे विख्ये च" ले निपातनद्वारा 'के'प्रत्यय, अनुबन्धलोप "आतो लोप इटि च" ले 'आ'को लोप, 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक् भएर 'विख्ये' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'विख्यातुम्' रूप हुन्छ।

५९ शकि णमुल्कमुलौ । ३ । ४ । १२ ॥ शक्नोतावुपपदे तुमर्थे एतौ स्तः । विभाजं नाशकत् । अपलुपं नाशकत् । विभक्तुमपलोप्तुमित्यर्थः ॥

'शकि' यो सप्तम्यन्त प्रथम पद, 'णमुल्कमुलौ' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ पूर्वसूत्रमा भैँ 'छन्दसि' को र 'तुमर्थे' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'शक्' धातु उपपद रहेमा 'तुमुन्'प्रत्ययको अर्थमा धातुदेखि 'णमुल्' तथा 'कमुल्' प्रत्यय हुन्छन्, हो।

विभाजं नाशकत् । विभाजम् = 'वि'पूर्वक (भज सेवायाम्, भ्वादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा "शकि णमुल्क ०" ले 'णमुल्'प्रत्यय अनुबन्ध लोप "अत उपधायाः" ले उपधावृद्धि "कृन्मेजन्तः" ले अव्यय संज्ञा 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक् भएर 'विभाजम्' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'विभक्तुम्' रूप हुन्छ।

अपलुपं नाशकत् । अपलुपम् = अनुबन्धविनिर्मुक्त 'अप'पूर्वक लुप (लुप्लृ छेदने, तुदादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा "शकि णमुल्क ०" ले 'कमुल्'प्रत्यय अनुबन्धलोप कित्त्वात् गुणनिषेध, अव्ययत्वात् 'सु'को लुक् भएर 'अपलुपम् सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'अपलोप्तुम्' रूप हुन्छ।

६० ईश्वरे तोसुन्कसुनौ । ३ । ४ । १३ ॥ ईश्वरो विरचितोः । ईश्वरो विलिखः । विचरितुं विलेखितुमित्यर्थः ॥

'ईश्वरे' यो सप्तम्यन्त प्रथम पद र 'तोसुन्कसुनौ' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ पूर्वसूत्रमा भैँ 'छन्दसि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'ईश्वर' शब्द उपपद भएमा 'तुमुन्'प्रत्ययको अर्थमा धातुदेखि 'तोसुन्' र 'कसुन्'प्रत्यय हुन्छन्, हो।

ईश्वरो विरचितोः । विचरितोः = 'वि'पूर्वक चर् (चर गतौ, भ्वादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा "ईश्वरे तोसुन् ०" ले 'तोसुन्'प्रत्यय आर्धधातुक संज्ञा "आर्धधातुकस्येड् वलादेः । ७ । २ । ३५ ॥" ले 'इट्', वर्णमेलन,"क्त्वातोसुन्कसुनः १ । १ । ४० ॥"ले अव्यय संज्ञा 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक्, प्रत्ययको सकारको रुत्व र विसर्ग भई 'विचरितोः' सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'विचरितुम्' हुन्छ।

ईश्वरो विलिखः । विलिखः = 'वि'पूर्वक लिख् (लिख अक्षरविन्यासे, तुदादि)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा "ईश्वरे तोसुन् ०" ले 'कसुन्' प्रत्यय अनुबन्धलोप "पुगन्त०" ले प्राप्त गुणको कित्त्वात् "क्ङिति च । १ । १ । ५ ॥" ले निषेध वर्णमेलन 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक् र प्रत्ययको सकारकों रुत्व, विसर्ग भएर 'विलिखः' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'विलेखितुम्' रूप हुन्छ ।

६१ कृत्यार्थे तवैकेन्केन्यत्वनः । ३ । ४ । १४ ॥ न म्लेच्छितवै । अवगाहे । दिदृक्षेण्यः । भूर्यस्पष्ट कर्त्वम् ॥

'कृत्यर्थे' यो सप्तम्यन्त प्रथम पद र 'तवैकेन्केन्यत्वनः' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्ववत् 'छन्दसि' को अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा कृत्य प्रत्ययको अर्थ (भाव तथा कर्म अर्थ) मा धातुदेखि तवै, केन्, केन्य तथा त्वन् प्रत्यय हुन्छन्, हो ।

न म्लेच्छितवै = म्लेच्छ् (म्लेच्छ अव्यक्ते, शब्दे भ्वादि) धातुदेखि "कृत्यार्थे ०" ले 'तवै'प्रत्यय आर्धधातुक संज्ञा "आर्धधातुकस्येड् ०" ले 'इट्'आगम वर्ण–मेलन, "कृन्मेजन्तः" ले अव्यय संज्ञा 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक् भएर उक्त रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'म्लेच्छितव्यम्' रूप हुन्छ ।

अवगाहे = अनुबन्धविनिर्मुक्त 'अव'पूर्वक गाह् (गाहू विलोडने, भ्वादि) धातुदेखि "कृत्यार्थे तवै ०" ले 'केन्'प्रत्यय अनुबन्धलोप वर्णमेलनपछि "कृन्मेजन्तः" ले अव्यय संज्ञा 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक् भएर 'अवगाहे' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'अवगाहितव्यम्/अवगाढव्यम्' रूप हुन्छ ।

दिदृक्षेण्यः = दृश् धातुदेखि 'सन्' प्रत्यय "सन्यडोः । ३ । १ । ९ ॥"ले द्वित्व अभ्यास संज्ञा "उरत्" ले अत्व रपरत्व हलादिशेष "सन्यतः । ७ । ४ । ८९ ॥" ले अभ्यास अकारको इत्व (दि दृश् स) "कृत्यार्थे तवै ०" ले 'केन्य' प्रत्यय अनुबन्धलोप "अतो लोपः" ले सकारोत्तरवर्त्ती अकारको लोप "व्रश्चभ्रस्ज–सृज ०" ले 'श्'को 'ष' णत्व "क्ष्संयोगे क्षः" को अनुसार क्षत्व र स्वादिकार्य भएर 'दिदृक्षेण्यः' रूप सिद्ध हुन्छ ।

कर्त्वम् = अनुबन्धविनिर्मुक्त 'कृ' (डुकृञ् करणे, तनादि) धातुदेखि "कृत्यार्थे तवै ०" ले 'त्वन्'प्रत्यय आर्धधातुक संज्ञा "सार्वधातुकार्ध ०" ले गुण रपर, स्वादिकार्य भएर 'कर्त्वम्' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'कृत्यम्' रूप हुन्छ।

६२ अवचक्षे च । ३ । ४ । १५ ॥ रिपुणा नावचक्षे । अवख्यातव्यमित्यर्थः ॥

'अवचक्षे' यो अव्यय प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा जम्मा दुई पद छन् । यहाँ "कृत्यार्थे तवैकेन्केन्यत्वनः" बाट 'कृत्यर्थे' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा कृत्यार्थमा 'अव'पूर्वक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'चक्षिङ्' धातुदेखि निपातनद्वारा 'एश्' प्रत्यय हुन्छ, हो ।

रिपुणा नावचक्षे । अवचक्षे = अनुबन्धविनिर्मुक्त 'अव'पूर्वक चक्ष् (चक्षिङ् व्यक्तायाम्, वाचि) अदादि धातुदेखि "अवचक्षे च" ले 'एश्'प्रत्यय वर्णमेलन, "कृन्मेजन्तः" ले अव्यय संज्ञा 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक् भएर 'अवचक्षे' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'अवख्यातव्यम्' रूप हुन्छ ।

६३ भावलक्षणे स्थेण्कृञ्वदिचरिहुतमिजनिभ्यस्तोसुन् । ३ । ४ । १६ ॥ आसंस्थातोः सीदन्ति । आसमाप्तेः सीदन्तीत्यर्थः । उदेतोः । अपकर्तोः । प्रवदितोः । प्रचरितोः । होतोः । आतमितोः । काममाविजनितोः सम्भवामः । इति श्रुतिः ॥

'भावलक्षणे' यो सप्तम्यन्त प्रथम पद, 'स्थेण्कृञ्वदिचरिहुतमिजनिभ्यः' यो पञ्चम्यन्त द्वितीय पद र 'तोसुन्' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । पूर्वसूत्रमा भ्रैं 'छन्दसि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा भावलक्षण तुमुन्को अर्थमा स्था, इण्, कृञ्, वद्, चर्, हु, तम् तथा जन् धातुदेखि 'तोसुन्' प्रत्यय हुन्छ, हो ।

आसंस्थातोः सीदन्ति । आसंस्थातोः = 'आङ्' सम् पूर्वक स्था (ष्ठा गतिनिवृत्तौ, भ्वादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा "भावलक्षणे ०"ले 'तोसुन्'प्रत्यय अनुबन्धलोप, 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक्, र प्रत्ययको सकारको रुत्व, विसर्ग भएर 'आसंस्थातोः' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'आसंस्थातुम्' रूप हुन्छ ।

उदेतोः = अनुबन्धविनिर्मुक्त 'उत्'पूर्वक इ (इण् गतौ, अदादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा उक्त सूत्रले 'तोसुन्'प्रत्यय आर्धधातुक संज्ञा "सार्वधातुकार्धं ०" ले गुण रपर, 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक् र प्रत्ययको सकारको रुत्व, विसर्ग भएर 'उदेतोः' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'उदेतुम्' रूप हुन्छ ।

अपकर्तोः = अनुबन्धविनिर्मुक्त 'अप'पूर्वक 'कृ' (डुकृञ् करणे, तनादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा उक्त सूत्रले 'तोसुन्'पछि पूर्ववत् कार्य भएर 'अपकर्तोः' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'अपकर्तुम्' रूप हुन्छ ।

प्रवदितोः = 'प्र'पूर्वक वद् (वद व्यक्तायाम् वाचि, भ्वादि) धातुदेखि उक्त सूत्रले 'तोसुन्' प्रत्यय आर्धधातुक संज्ञा "आर्धधातुकस्येड् ०" ले 'इट्'आगम, 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक् र प्रत्ययको सकारको रुत्व, विसर्ग भएर 'प्रवदितोः' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'प्रवक्तुम्' रूप हुन्छ ।

प्रचरितोः = 'प्र'पूर्वक चर् (चर गतौ, भ्वादि) धातुदेखि उक्त सूत्रले 'तुमुन्' प्रत्ययको अर्थमा 'तोसुन्'प्रत्यय आर्धधातुक संज्ञा "आर्धधातुकस्येड् ०" ले 'इट्' आगम, 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक्, र प्रत्ययको सकारको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रुत्व, विसर्ग भएर 'प्रचरितोः' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'प्रचरितुम्' रूप हुन्छ।

होतोः = हु (हु दानादनयोः, जुहोत्यादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा उक्त सूत्रले 'तोसुन्'प्रत्ययपछि अन्य कार्य 'उदेतोः'मा जस्तै भएर 'होतोः' सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'होतुम्' रूप हुन्छ।

आतमितोः = अनुबन्धविनिर्मुक्त 'आङ्'पूर्वक 'तम्' (तमु काङ्क्षायाम्, दिवादि) धातुदेखि उक्त सूत्रले 'तोसुन्' प्रत्ययपछि अन्य कार्य 'प्रवदितोः' मा जस्तै भएर 'आतमितोः' सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'आतमितुम्' रूप हुन्छ।

काममाविजनितोः सम्भवामः। विजनितोः = अनुबन्धविनिर्मुक्त 'वि'पूर्वक 'जन' (जनी प्रादुर्भावे, दिवादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा उक्त सूत्रले 'तोसुन्' प्रत्ययपछि अन्य कार्य 'प्रवदितोः'मा जस्तै हुन्छन्। लौकिक संस्कृतमा 'जनितुम्' रूप हुन्छ।

६४ सृपितृदोः कसुन्। ३।१।१७॥ भावलक्षणे इत्येव। पुरा क्रूरस्य विसृपो विरप्शिन्। पुरा जत्रुभ्य आतृदः॥ इति तृतीयोऽध्यायः।

धतुनिर्देशका लागि प्रयुक्त 'सृपिः' यो इगन्तको र अनुकरणात्मक 'तृद्'को द्वन्द्व समास भएर बनेको 'सृपितृदोः' यो षष्ठ्यन्त प्रथम पद र 'कसुन्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ पूर्वसूत्रमा भैँ 'छन्दसि' को र "भावलक्षणे ०"बाट 'भावलक्षणे' को अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :–वैदिक संस्कृतमा भावलक्षक तुमुन्को अर्थमा 'सृप्' र 'तृद्' धातुदेखि 'कसुन्' प्रत्यय हुन्छ, हो।

पुरा क्रूरस्य विसृपो विरप्शिन्। विसृपः = 'वि'पूर्वक सृप् (सृप्लृ गतौ, भ्वादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा "सृपितृदोः ०" ले 'कसुन्'प्रत्यय अनुबन्ध लोप "पुगन्त ०" ले प्राप्त गुणको कित्त्वात् "क्ङिति च " ले निषेध वर्णमेलन, 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लुक्, र प्रत्ययको सकारको रुत्व, विसर्ग भएर 'विसृपः' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'विस्रप्तुम्/विसर्प्तुम्' रूप हुन्छ।

पुरा जत्रुभ्य आतृदः। आतृदः = अनुबन्धविनिर्मुक्त 'आङ्'पूर्वक 'तृद्' (तृदिर् हिंसानादरयोः, रुधादि) धातुदेखि 'तुमुन्' प्रत्ययको अर्थमा कसुन्, अरू कार्य पूर्ववत् भएर 'आतृदः' सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'आतर्दितुम्' रूप हुन्छ। इति शालिग्राम सुवेदीद्वारा विरचित 'रञ्जना' नेपाली व्याख्याको वैदिकी प्रक्रियाको तृतीय अध्याय।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ चतुर्थोऽध्यायः ।

६५ रात्रेश्चाजसौ । ४ । १ । ३१ ॥ रात्रिशब्दान्ङीप्स्यात् अजस्विषये छन्दसि । रात्री व्यख्यदातयी । लोके तु कृदिकारादिति ङीष्यन्तोदात्तः ॥

'रात्रेः' यो पञ्चम्यन्त प्रथम पद, 'च' यो अव्यय द्वितीय पद र 'अजसौ' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "नित्यं संज्ञाछन्दसोः" बाट 'संज्ञाछन्दसोः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'जस्' विभक्तिलाई छोडेर अन्यत्र 'रात्रि'शब्ददेखि 'ङीप्'प्रत्यय हुन्छ, हो । लौकिक संस्कृतमा "कृदिकारादक्तिनः" (ग०सू०) ले 'ङीष्' भएर बनेको 'रात्री'शब्द अन्तोदात्त छ । ङीषन्त र ङीबन्तको शब्दस्वरूपमा भिन्नता नभए तापनि 'ङीष्' प्रत्ययमा "आद्युदात्तश्च" ले 'ङीष्'को 'ई'कार उदात्त हुने हुँदा 'रात्री' शब्द अन्तोदात्त हुन्छ भने 'ङीप्' प्रत्यय हुँदा "अनुदात्तौ ०" ले 'ङीप्'को 'ई' अनुदात्त हुँदा अन्तानुदात्त हुन्छ ।

रात्री व्यख्यदातयी । <u>रात्री</u> = 'रात्रि'शब्ददेखि "रात्रेश्चाजसौ" ले 'ङीप्' अनुबन्धलोप "यचि भम्" ले 'भ'संज्ञा "यस्येति च । ६ । ४ । १४८ ॥" ले 'ई'को लोप र स्वादिकार्यबाट 'रात्री' रूप सिद्ध हुन्छ ।

६६ नित्यं छन्दसि । ४ । १ । ४६ ॥ बह्वादिभ्यश्छन्दसि विषये नित्यं ङीष् । बह्वीषु हि त्वा । नित्यग्रहणमुत्तरार्थम् ॥

'नित्यम्' यो प्रथमान्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "अन्यतो ङीष्" बाट 'ङीष्' को र "बह्वादिभ्यश्च" बाट 'बह्वादिभ्यः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा बहु आदि शब्ददेखि नित्य 'ङीष्'प्रत्यय हुन्छ, हो । लौकिक संस्कृतमा बहु आदि शब्ददेखि "बह्वादिभ्यश्च । ४ ।१। ४५ ॥"ले विकल्पले 'ङीप्' प्रत्यय हुन्छ ।

बह्वीषु हि त्वा । <u>बह्वीषु</u> = 'बहु'शब्ददेखि"नित्यं छन्दसि" ले 'ङीष्'प्रत्यय अनुबन्धलोप "इको यणचि" ले 'यण्' र स्वादिकार्यबाट 'बह्वीषु' हुन्छ । सूत्रमा नित्य पदको ग्रहण उत्तर सूत्रका लागि हो ।

६७ भुवश्च । ४ । १ । ४७ ॥ ङीष् स्यात् छन्दसि । विभ्वी । प्रभ्वी । विप्रसंभ्य इति डुप्रत्ययान्तं सूत्रेऽनुक्रियते । उत इत्यनुवृत्तेः । उवङादेशस्तु सौत्रः ॥

'भुवः' यो पञ्चम्यन्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "अन्यतो ङीष्" बाट 'ङीष्' को र "नित्यं छन्दसि" सूत्रको सम्पूर्ण अनुवृत्ति आएपछि सूत्रको अर्थ :–वैदिक संस्कृतमा 'भु' आदि शब्ददेखि नित्य 'ङीष्' प्रत्यय हुन्छ, हो ।

विभ्वी = 'वि'पूर्वक 'भु' शब्ददेखि "भुवश्च" ले 'ङीष्'प्रत्यय अनुबन्धलोप

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"इको यणचि" ले 'यण्' र स्वादिकार्यबाट उक्त रूप सिद्ध हुन्छ । **प्रभ्वी** = 'प्र'पूर्वक 'भु' शब्ददेखि पूर्ववत् कार्य हुन्छन् । यस सूत्रमा "वोतो गुणवचनात् ४ । १ । ४४ ॥" बाट ह्रस्व उकारको अनुवृत्ति आउने हुँदा "विप्रसंभ्यो ड्वसंज्ञायाम् । ३ । २ । १८० ॥" ले 'ड्वु'प्रत्यय भएर बनेको 'भु'शब्दको ग्रहण हुन्छ । ह्रस्व उकारान्त 'भु'शब्दको पञ्चमीमा 'भोः' रूप भई सूत्र 'भोश्च' हुनु पर्नेमा सूत्रत्वात् 'उवङ्' आदेश भई "भुवश्च" बनेको हो ।

मुद्गलाच्छन्दसि लिच्च (वा०) ॥ ङीषो लित्त्वमानुक् चागमः । लित्स्वरः । र थीरभून्मुद्गलानी ॥

वैदिक संस्कृतमा मुद्गल शब्ददेखि 'ङीष्' तथा 'आनुक्'आगम हुन्छ , एवम् 'ङीष्' लित् हुन्छ ।

रथीरभून्मुद्गलानी । मुद्गलानी = मुद्गलस्य स्त्री, यस विग्रहमा 'मुद्गल'शब्द देखि "मुद्गलाच्छ ०" ले 'ङीष्' तथा 'आनुक्' आगम अनुबन्धलोप (मुद्गल आन् ई) "अकः सवर्णे दीर्घः" ले सवर्णदीर्घ वर्णमेलन र स्वादिकार्यबाट 'मुद्गलानी' रूप सिद्ध हुन्छ ।

६८ दीर्घजिह्वी च छन्दसि । ४ । १ । ५९ ॥ संयोगोपधत्वादप्राप्तो ङीष् विधीयते । आसुरी वै दीर्घजिह्वी देवानां यज्ञवाट् ॥

'दीर्घजिह्वी' यो प्रथमान्त प्रथम पद, 'च' यो अव्यय द्वितीय पद र 'छन्दसि' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "अन्यतो ङीष्" बाट 'ङीष्'को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'दीर्घजिह्वी'शब्द निपातनद्वारा 'ङीष्' भएर सिद्ध हुन्छ, हो ।

आसुरी वै दीर्घजिह्वी देवानां यज्ञवाट् । दीर्घजिह्वी = 'दीर्घजिह्व'शब्दको उपधामा संयोग रहेका हुँदा स्त्रीत्वको विवक्षामा "स्वाङ्गाच्चोपसर्जनादसंयोगोपधात् । ४ । १ । ५४ ॥" ले अप्राप्त 'ङीष्'को "दीर्घजिह्वी ०" ले निपातनद्वारा विधान, 'भ'संज्ञा "यस्येति च" ले 'अ'को लोप र स्वादिकार्यबाट 'दीर्घजिह्वी' रूप सिद्ध हुन्छ ।

६९ कद्रुकमण्डल्वोश्छन्दसि । ४ । १ । ७१ ॥ ऊङ् स्यात् । कद्रूश्च वै कमण्डलूः ॥

'कद्रुकमण्डल्वोः' यो षष्ठयन्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "ऊङुतः" बाट 'ऊङ्'को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा स्त्रीत्वको विवक्षामा कद्रु र कमण्डलु शब्ददेखि 'ऊङ्'प्रत्यय हुन्छ, हो । लौकिक संस्कृतमा कद्रु र कमण्डलु शब्द देखि "संज्ञायाम् । ४ । १ । ७२ ॥" ले संज्ञामा मात्र 'ऊङ्' हुन्छ ।

कद्रूश्च वै कमण्डलूः = कद्रु तथा कमण्डलु शब्ददेखि स्त्रीत्वको विवक्षामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"कद्रुकमण्ड ०" ले 'ऊङ्' "अकः सवर्णे दीर्घः" ले सवर्णदीर्घ र स्वादिकार्यबाट 'कमण्डलूः' रूप सिद्ध हुन्छ ।

गुग्गुलुमधुजतुपतयालूनामिति वक्तव्यम् (वा०) ॥ गुग्गुलूः । मधूः । जतूः । पतयालूः ॥

वैदिक संस्कृतमा स्त्रीत्वको विवक्षामा गुग्गुलु, मधु, जतु तथा पतयालु शब्द देखि पनि 'ऊङ्'प्रत्यय हुन्छ । **गुग्गुलूः** = 'गुग्गुलु'शब्ददेखि स्त्रीत्वको विवक्षामा "गुग्गुलुमधुज ०" ले 'ऊङ्' "अकः सवर्णे दीर्घः । ६ । १ । १०१ ॥ " ले दीर्घ र स्वादिकार्यबाट 'गुग्गुलूः' रूप सिद्ध हुन्छ । **मधूः** = मधु+ऊङ्, मा, **जतूः** = जतु+ऊङ्, मा, **पतयालूः** = पतयालु+ऊङ्,मा पूर्ववत् कार्य हुन्छन् ।

"अव्ययात्त्यप् ॥" आविष्टचस्योपसंख्यानं छन्दसि (वा०) ॥ आविष्टचो वर्धते ॥

वैदिक संस्कृतमा 'आविस्'शब्ददेखि 'त्यप्' प्रत्यय हुन्छ । लौकिक संस्कृतमा 'आविस्' शब्ददेखि 'त्यप्' हुँदैन । **आविष्टचो वर्धते । आविष्टचः** = आविर्भूतम्, यस विग्रहमा 'आविस्' शब्ददेखि "अव्ययात्त्यप् । ४ । २ । १०२ ॥" ले प्राप्त 'त्यप्'को "अमेहक्वतसित्रेभ्य एव" ले निषेध भएपछि"आविष्टचस्यो ०" ले 'त्यप्' अनुबन्धलोप "ह्रस्वात्तादौ तद्धिते । ८ । ३ । १०१ ॥" ले षत्व "ष्टुना ष्टुः । ८ । ४ । ४१ ॥" ले ष्टुत्व र स्वादिकार्यबाट 'आविष्टचः' रूप सिद्ध हुन्छ ।

७० छन्दसि ठञ् । ४ । ३ । १९ ॥ वर्षाभ्यष्ठकोऽपवादः । स्वरे भेदः । वार्षिकम् ॥

'छन्दसि' यो सप्तम्यन्त प्रथम पद र 'ठञ्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "वर्षादिभ्यष्ठक्" बाट 'वर्षादिभ्यः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा वर्षादि शब्ददेखि 'ठञ्' प्रत्यय हुन्छ, हो । लौकिक संस्कृतमा वर्षादि शब्ददेखि 'ठक्' हुन्छ । 'ठक्' तथा 'ठञ्' प्रत्ययान्तको शब्दस्वरूपमा भिन्नता नभए तापनि स्वरमा भिन्नता हुन्छ । 'ठञ्' मा "ञ्नित्यादिर्नित्यम्" ले आद्युदात्त हुन्छ भने 'ठक्'मा "कितः" ले अन्तोदात्त हुन्छ ।

वार्षिकम् = वर्षासु साधु, यस विग्रहमा सप्तम्यन्त 'वर्षा'शब्ददेखि "वर्षाभ्यष्ठक् ४ । ३ । १८ ॥"ले प्राप्त 'ठक्'लाई निषेध गरेर "छन्दसि ठञ्"ले 'ठञ्' "ठस्येकः । ७ । ३ । ५० ॥" ले 'ठ्'को स्थानमा 'इक्' तद्धितान्तत्वात् 'सुप्'को लुक् "तद्धितेष्वचामादेः । ७ । २ । ११७ ॥" ले आदि 'अच्'को वृद्धि 'भ'संज्ञा "यस्येति च । ६ । ४ । १४८ ॥" ले 'अ'को लोप वर्णमेलन र स्वादिकार्यबाट 'वार्षिकम्' रूप सिद्ध हुन्छ ।

७१ वसन्ताच्च । ४ । ३ । २० ॥ ठञ् स्यात् छन्दसि । वासन्तिकम् ॥

'वसन्तात्' यो पञ्चम्यन्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी यस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूत्रमा दुई पद छन्। यहाँ "छन्दसि ठञ्" बाट 'छन्दसि' को र 'ठञ्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'वसन्त'शब्ददेखि पनि 'ठञ्' प्रत्यय हुन्छ, हो। **वासन्तिकम्** = वसन्ते भवम्, यस विग्रहमा 'वसन्त' शब्ददेखि "वसन्ताच्च" ले 'ठञ्' अरू कार्य 'वार्षिकम्' मा जस्तै हुन्छन्।

७२ हेमन्ताच्च। ४। ३। २१॥ छन्दसि ठञ्। हैमन्तिकम्। योगविभाग उत्तरार्थः॥

'हेमन्तात्' यो पञ्चम्यन्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ पूर्वसूत्रमा भैँ 'छन्दसि' को र 'ठञ्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'हेमन्त' शब्ददेखि 'ठञ्'प्रत्यय हुन्छ, हो। **हैमन्तिकम्** = हेमन्ते भवम्, यस विग्रहमा 'हेमन्त'शब्ददेखि "हेमन्ताच्च" ले 'ठञ्' भएपछि अरू कार्य 'वार्षिकम्' मा जस्तै हुन्छन्।

७३ शौनकादिभ्यश्छन्दसि। ४। ३। १०६॥ णिनिः प्रोक्तेऽर्थे। छ्णोरपवादः। शौनकेन प्रोक्तमधीयते शौनकिनः। वाजसनेयिनः। छन्दसि किम्? शौनकीया शिक्षा॥

'शौनकादिभ्यः' यो पञ्चम्यन्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "काश्यपकौशिकाभ्यामृषिभ्यां णिनि" बाट 'णिनि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा प्रोक्त अर्थमा शौनकादि शब्ददेखि 'णिनि' प्रत्यय हुन्छ, हो। 'णिनि' प्रत्यय 'छ' तथा 'अण्' प्रत्ययको अपवाद हो।

शौनकिनः = शौनकेन प्रोक्तमधीयते, यस विग्रहमा 'शौनक' शब्ददेखि "शौनकादि ०" ले 'णिनि' अनुबन्धलोप, 'सुप्'को लुक्, 'भ'संज्ञा "यस्येति च"ले 'अ'को लोप र स्वादिकार्यले 'शौनकिनः' सिद्ध हुन्छ।

वाजसनेयिनः = वाजसनेयेन प्रोक्तमधीयते, यस विग्रहमा वाजसनेय शब्ददेखि "शौनकादि ०" ले 'णिनि'भएपछि अरू कार्य पूर्ववत् हुन्छन्। वेददेखि भिन्न अर्थमा 'छ'प्रत्यय भएर 'शौनकीयः' रूप हुन्छ।

७४ द्व्यचश्छन्दसि। ४। ३। १५०॥ विकारे मयट् स्यात्। शरमयं बर्हिः। यस्य पर्णमयी जुहूः॥

'द्व्यचः' यो पञ्चम्यन्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "मयड्वैतयोर्भाषायामभक्ष्याच्छादनयोः" बाट 'मयड्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा विकार अर्थमा दुई 'अच्' भएका शब्ददेखि 'मयट्' प्रत्यय हुन्छ, हो।

शरमयं बर्हिः। शरमयम् = शराणां विकारः, यस विग्रहमा "द्व्यचश्छन्दसि" ले 'शर'शब्ददेखि 'मयट्' तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वादिकार्यबाट 'शरमयम्' सिद्ध हुन्छ ।

यस्य पर्णमयी जुहूः । पर्णमयी = पर्णस्य विकारः, यस विग्रहमा "द्व्यचश्छन्दसि" ले 'पर्ण'शब्ददेखि 'मयट्' तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्' को लुक्, स्त्रीत्वको विवक्षामा टित्त्वात् "टिड्ढाणञ्द्वयसज्दघ्नञ्मात्रच्तयप्ठक्ठञ्-कञ्क्वरपः । ४ । १ । १५ ॥" ले 'ङीप्' 'भ'संज्ञा "यस्येति च" ले 'अ'को लोप र स्वादिकार्यबाट 'पर्णमयी' रूप सिद्ध हुन्छ ।

७५ नोत्वद्वर्ध्रबिल्वात् । ४ । ४ । १५१ ॥ उत्वान् उकारवान् । मौञ्जं शिक्यम् । वर्ध्रं चर्म तस्य विकारो वार्ध्री रज्जुः । बैल्वो यूपः ॥

'न' यो अव्यय प्रथम पद र 'उत्वद्वर्ध्रबिल्वात्' यो समस्त पञ्चम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्वसूत्रमा भ्हँ 'मयड्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा विकार अर्थमा दुई अच् भएका, उकारवान् प्रातिपदिक तथा वर्ध्र एवम् बिल्व शब्ददेखि 'मयट्' प्रत्यय हुँदैन, हो ।

मौञ्जं शिक्यम् । मौञ्जम् = मुञ्जस्य विकार यस विग्रहमा 'मुञ्ज'शब्ददेखि "तस्य विकारः । ४ । ३ । १३४ ॥" ले प्राप्त 'अण्'लाई बाँधेर "द्व्यचः ०" ले 'मयट्' प्राप्त थियो त्यसको "नोत्वद्वर्ध्रबि ०" ले निषेध भएपछि "बाधकाभावे पुनरुत्सर्गस्य शास्त्रस्य प्रवृत्तिः"को अनुसार "तस्य विकारः । ४ । ३ । १३४ ॥" ले 'अण्'प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, "तद्धितेष्वचामादेः । ७ । २ । ११७ ॥" ले आदिवृद्धि, 'भ' संज्ञा 'अ'को लोप र स्वादिकार्यबाट 'मौञ्जम्' रूप सिद्ध हुन्छ ।

वार्ध्री रज्जुः । वार्ध्री = वर्ध्रं चर्म तस्य विकारः, यस विग्रहमा 'वर्ध्र' शब्ददेखि "तस्य विकारः । ४ । ३ । १३४ ॥" ले प्राप्त 'अण्'लाई निषेध गरेर "द्व्यचः ०" ले 'मयट्' प्राप्त थियो त्यसको "नोत्वद्वर्ध्रबि ०" ले निषेध भएपछि "बाधकाभावे पुनरुत्सर्गस्य शास्त्रस्य प्रवृत्तिः"को अनुसार "तस्य विकारः । ४ । ३ । १३४ ॥" ले 'अण्'प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्' को लुक्, "तद्धितेष्व ०" ले आदिवृद्धि, 'भ'संज्ञा 'अ'को लोप स्त्रीत्वको विवक्षामा "टिड्ढाणञ्द्वयसज्दघ्नञ्मात्रच्तयप्ठक्ठञ्कञ्क्वरपः । ४ । १ । १५ ॥" ले 'ङीप्' 'भ'संज्ञा 'अ'को लोप र स्वादिकार्यबाट 'वार्ध्री' रूप सिद्ध हुन्छ । **बैल्वो यूपः बैल्वः** = बिल्वस्य विकारः, यस विग्रहमा बिल्व शब्ददेखि 'अण्' भएपछि अन्य कार्य 'मौञ्जम्'मा जस्तै हुन्छन् ।

"सभाया यः ॥" ७६ ढश्छन्दसि । ४ । ४ । १०६ ॥ सभेयो युवा ॥

'ढः' यो प्रथमान्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "तत्र साधुः" यस सूत्रको सम्पूर्ण अनुवृत्ति र "सभाया यः"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाट 'सभायाः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा साधु अर्थमा सप्तम्यन्त 'सभा'शब्ददेखि 'ढ' प्रत्यय हुन्छ, हो ।

सभेयो युवा = सभायां साधुः, यस विग्रहमा सप्तम्यन्त 'सभा'शब्ददेखि "सभाया यः । ४ । ४ । १०५ ॥" ले प्राप्त 'य'प्रत्ययलाई बाँधेर "ढश्छन्दसि" ले 'ढ' प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्' को लुक्, "आयनेयीनीयियः फढखछघां प्रत्ययादीनाम् । ७ । १ । २ ॥" ले 'ढ्'को स्थानमा 'एय्' आदेश 'भ' संज्ञा "यस्येति च" ले 'अ'को लोप, वर्णमेलन र स्वादिकार्यबाट 'सभेयः' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'य'प्रत्यय भएर 'सभ्यः' हुन्छ ।

७७ भवे छन्दसि । ४ । ४ । ११० ॥ सप्तम्यन्ताद्भवार्थे यत् । मेघ्याय च विद्युत्याय च । यथायथं शैषिकाणामणादीनां घादीनां चापवादोऽयं यत् । पक्षे तेऽपि भवन्ति । सर्वविधीनां छन्दसि वैकल्पिकत्वात् । तद्यथा मुञ्जवान्नाम पर्वतः । तत्र भवो मौञ्जवतः । सोमस्येव मौञ्जवतस्य भक्षः । आचतुर्थ–समाप्तेश्छन्दोऽधिकारः ॥

'भवे' यो सप्तम्यन्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "प्राग्धिताद्यत्" बाट 'यत्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा भव अर्थमा सप्तम्यन्त शब्ददेखि 'यत्'प्रत्यय हुन्छ, हो । **मेघ्याय** = मेघे भवः, यस विग्रहमा मेघ शब्ददेखि "तत्र भवः" ले प्राप्त 'अण्'लाई बाँधेर "भवे छन्दसि" ले 'यत्'प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, 'भ'संज्ञा "यस्येति च" ले 'अ'को लोप वर्णमेलन, तथा स्वादिकार्यबाट 'मेघ्याय' रूप सिद्ध हुन्छ ।

विद्युत्याय = विद्युति भवः,यस विग्रहमा विद्युत् शब्ददेखि "तत्र भवः" ले प्राप्त 'अण्'लाई निषेध गरेर "भवे छन्दसि" ले 'यत्'प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्' को लुक्, वर्णमेलन र स्वादिकार्यबाट 'विद्युत्याय' रूप सिद्ध हुन्छ। यस सूत्रद्वारा विहित 'यत्'प्रत्यय शैषिक अर्थमा हुने 'अण्' तथा 'घ' आदि प्रत्ययको अपवाद हो । पक्षमा 'अण्' 'घ' आदि प्रत्ययहरू पनि हुन्छन् ।

मौञ्जवतः = मुञ्जवान्नाम पर्वतः । तत्र भवः, यस विग्रहमा सप्तम्यन्त 'मुञ्जवत्' शब्ददेखि "तत्र भवः" ले 'अण्'प्रत्यय तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, "तद्धितेष्वचा ०" ले आदिवृद्धि वर्णमेलन र स्वादिकार्यबाट 'मौञ्जवतः' रूप सिद्ध हुन्छ। यस सूत्रदेखि चतुर्थाध्यायको अन्तसम्म "छन्दसि" को अधिकार चल्छ ।

७८ पाथोनदीभ्यां ड्यण् । ४ । ४ । १११ ॥ तमुत्वा पाथ्यो वृषा । चनो दधीत नाद्यो गिरो मे । पाथसि भवः पाथ्यः । नद्यां भवो नाद्यः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'पाथोनदीभ्याम्' यो समस्त पञ्चम्यन्त प्रथम पद र 'ड्यण्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "भवे छन्दसि" सूत्रको सम्पूर्ण अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा भव अर्थमा सप्तम्यन्त पाथस् तथा नदी शब्ददेखि 'ड्यण्'प्रत्यय हुन्छ, हो । **तमुत्वा पाथ्यो वृषा । पाथ्यः** = पाथसि भवः, यस विग्रहमा 'पाथस्' शब्ददेखि "पाथो नदीभ्यां ०" ले 'ड्यण्' प्रत्यय, अनुबन्धलोप तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, "टेः । ६ । ४ । १४३ ॥" ले टि (अस्) को लोप "तद्धितेष्व ०" ले आदिवृद्धि वर्णमेलन र स्वादिकार्यबाट 'पाथ्यः' सिद्ध हुन्छ । **चनो दधीत नाद्यो गिरो मे । नाद्यः** = नद्यां भवः यस विग्रहमा सप्तम्यन्त 'नदी'शब्ददेखि पूर्ववत् कार्य हुन्छन् ।

७९ वेशन्तहिमवद्भ्यामण् । ४ । ४ । १२ ॥ भवे । वैशन्तीभ्यः स्वाहा । हैमवतीभ्यः स्वाहा ॥

'वेशन्तहिमवद्भ्याम्' यो पञ्चम्यन्त प्रथम पद र 'अण्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "भवे छन्दसि" सूत्रको सम्पूर्ण अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा भव अर्थमा सप्तम्यन्त वेशन्त तथा हिमवत् शब्ददेखि 'अण्'प्रत्यय हुन्छ, हो ।

वैशन्तीभ्यः = वेशन्ते भवा, यस विग्रहमा सप्तम्यन्त 'वेशन्त'शब्ददेखि "भवे छन्दसि" ले प्राप्त 'यत्'लाई बाँधेर "वेशन्तहिम ०" ले 'अण्'प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, आदिवृद्धि, 'भ'संज्ञा 'अ'को लोप "टिड्ढाणञ् ०" ले 'ङीप्' पुनः 'भ'संज्ञा 'अ'को लोप, वर्णमेलन र स्वादिकार्यबाट 'वैशन्तीभ्यः' सिद्ध हुन्छ । **हैमवतीभ्यः** = हिमवति भवः, यस विग्रहमा सप्तम्यन्त 'हिमवत्' शब्ददेखि "भवे छन्दसि" ले प्राप्त 'यत्'लाई बाँधेर "वेशन्तहिम ०"ले 'अण्' प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, आदिवृद्धि "टिड्ढाणञ् ०" ले 'ङीप्' वर्णमेलन र स्वादिकार्यबाट 'हैमवतीभ्यः' रूप सिद्ध हुन्छ ।

८० स्रोतसो विभाषाडयड्ड्यौ । ४ । ४ । ११३ ॥ पक्षे यत् । ड्यड्ड्ययोस्तु स्वरे भेदः । स्रोतसि भवः स्रोत्यः । स्रोतस्यः ॥

'स्रोतसः' यो पञ्चम्यन्त प्रथम पद, 'विभाषा' यो प्रथमान्त द्वितीय पद र 'ड्यड्ड्यौ' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "भवे छन्दसि" सूत्रको सम्पूर्ण अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा भव अर्थमा सप्तम्यन्त 'स्रोतस्'शब्ददेखि 'ड्यत्' तथा 'ड्य' प्रत्यय हुन्छ, हो । पक्षमा 'यत्' प्रत्यय पनि हुन्छ ।

स्रोत्यः = स्रोतसि भवः, यस विग्रहमा सप्तम्यन्त 'स्रोतस्'शब्ददेखि "भवे छन्दसि"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ले प्राप्त 'यत्'लाई निषेध गरेर "स्रोतसो वि ०" ले 'ङचत्' /'ङच' प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, "टेः । ६ । ४ । १४३ । " ले 'टि'को लोप, वर्णमेलन र स्वादिकार्यबाट 'स्रोत्यः' रूप सिद्ध हुन्छ ।

स्रोतस्यः = स्रोतसि भवः, यस विग्रहमा सप्तम्यन्त 'स्रोतस्'शब्ददेखि "भवे छन्दसि" ले 'यत्' प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, वर्णमेलन र स्वादिकार्यबाट 'स्रोतस्यः' सिद्ध हुन्छ। 'ङचत्' तथा 'ङच' प्रत्ययान्त शब्दस्वरूपमा समानता भए पनि स्वरमा भिन्नता हुन्छ। 'ङचत्' हुँदा "तित्स्वरितम्" ले स्वरित हुन्छ भने 'ङच' हुँदा "आद्युदात्तश्च" ले अन्तोदात्त हुन्छ ।

८१ सगर्भसयूथसनुताद्यन् । ४ । ४ । ११४ ॥ अनुभ्राता सगर्भ्यः । अनुसखा सयूथ्यः । यो नः सनुत्य उत वा जिघत्नुः । नुतिर्नुतम् । नपुंसके भावे क्तः । सगर्भादयस्त्रयोऽपि कर्मधारयाः । समानस्य छन्दसीति सः । ततो भवार्थे यन् । यतोऽपवादः ॥

'सगर्भसयूथसनुतात्' यो समस्त पञ्चम्यन्त प्रथम पद र 'यन्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "भवे छन्दसि" सूत्रको सम्पूर्ण अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा भव अर्थमा सप्तम्यन्त सगर्भ, सयूथ तथा सनुत शब्ददेखि 'यन्'प्रत्यय हुन्छ, हो ।

अनुभ्राता सगर्भ्यः । सगर्भ्यः = समानश्चासौ गर्भः, यस विग्रहमा "विशेषणं विशेष्येण बहुलम् । २ । १ । ५७ ॥" ले समास, प्रातिपदिक संज्ञा सुप्को लुक् "समानस्य ०" ले समानको स्थानमा 'स'आदेश, समाने गर्भे भवः, यस विग्रहमा "सगर्भसयूथ ०" ले समानगर्भ शब्ददेखि 'यन्' प्रत्यय अनुबन्धलोप 'सुप्'को लुक् 'भ'संज्ञा 'अ'को लोप, वर्णमेलन र स्वादिकार्यबाट 'सगर्भ्यः' रूप सिद्ध हुन्छ ।

अनुसखा सयूथ्यः । सयूथ्यः = समानश्चासौ यूथः, यस विग्रहमा पूर्ववत् कार्य हुन्छन् । **यो नः सनुत्य उत वा जिघत्नुः । सनुत्यः** = समानं च तत् नुतम्, यस विग्रहमा पूर्ववत् कार्य हुन्छन् । सगर्भ आदि तिनै ओटा शब्द कर्मधारय समासद्वारा बनेका हुन् ।

८२ तुग्राद्धन् । ४ । ४ । ११५ ॥ भवेऽर्थे । पक्षे यदपि । आ वः शमं वृषभं तुग्रियास्विति बह्वृचाः । तुग्रियास्विति शाखान्तरे । घनाकाशयज्ञवरिष्ठेषु तुग्रशब्द इति वृत्तिः ॥

'तुग्रात्'यो पञ्चम्यन्त प्रथम पद र 'घन्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "भवे छन्दसि" सूत्रको सम्पूर्ण अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा भव अर्थमा सप्तम्यन्त 'तुग्र'शब्ददेखि 'घन्' प्रत्यय विकल्पले हुन्छ, पक्षमा 'यत्' पनि हुन्छ, हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आ वः शमं वृषभं तुग्र्यासु । तुग्र्यासु = तुग्रे भवा, यस विग्रहमा "तुग्राद्धन्" ले 'घन्'प्रत्यय नभएको पक्षमा "भवे छन्दसि । ४ । ४ । ११० ॥" ले 'तुग्र' शब्ददेखि 'यत्' प्रत्यय तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक् 'भ'संज्ञा 'अ'को लोप, 'टाप्' दीर्घ र स्वादिकार्यबाट 'तुग्र्यासु' सिद्ध हुन्छ ।

तुग्रियासु = तुग्रे भवा, यस विग्रहमा "भवे छन्दसि । ४ । ४ । ११० ॥" ले प्राप्त 'यत्' प्रत्ययलाई बाँधेर "तुग्राद्धन्" ले 'घन्' प्रत्यय, 'सुप्'को लुक्, "आयनेयीनीयियः फढखछघां प्रत्ययादीनाम् । ७ । १ । २ ।" ले 'घ्'को स्थानमा 'इय्'आदेश 'भ'संज्ञा 'अ'को लोप, 'टाप्' दीर्घ र स्वादिकार्यबाट 'तुग्रियासु' रूप सिद्ध हुन्छ । ऋग्वेदका कुनै शाखाध्यायीले 'तुग्र्यासु' पढ्छन् भने कुनै ले 'तुग्रियासु' । काशिकावृत्तिको अनुसार तुग्र शब्द धन, आकाश, यज्ञ तथा श्रेष्ठ अर्थको बोधक हो ।

८३ अग्राद्यत् । ४ । ४ । ११६ ॥ ८४ घच्छौ च । ४ । ४ । ११७ ॥ चाद्यत् । अग्रे भवोऽग्रयः अग्रियः । अग्रीयः ॥

'अग्रात्'यो पञ्चम्यन्त प्रथम पद र 'यत्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "भवे छन्दसि" सूत्रको सम्पूर्ण अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा भव अर्थमा सप्तम्यन्त 'अग्र'शब्ददेखि 'घ', 'छ' एवम् 'यत्'प्रत्यय हुन्छन्, हो ।

अग्रयः = अग्रे भवः, यस विग्रहमा 'अग्र'शब्ददेखि "अग्राद्यत्" ले 'यत्'प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्' को लुक्, 'भ'संज्ञा 'अ'को लोप, वर्णमेलन र स्वादिकार्य भएर 'अग्रयः' सिद्ध हुन्छ ।

अग्रियः = अग्रे भवः, यस विग्रहमा 'अग्र'शब्ददेखि "घच्छौ च" ले 'घ'प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्' को लुक् "आयनेयी०" ले 'घ्'को स्थानमा 'इय्'आदेश 'भ'संज्ञा 'अ'को लोप, वर्णमेलन र स्वादिकार्य भएर 'अग्रियः' रूप सिद्ध हुन्छ । **अग्रीयः** = अग्रे भवः, यस विग्रहमा 'अग्र'शब्ददेखि "घच्छौ च" ले 'छ'प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक् "आयनेयी०" ले 'छ्' को स्थानमा 'ईय्'आदेश 'भ'संज्ञा 'अ'को लोप, वर्णमेलन र स्वादिकार्य भएर 'अग्रीयः' रूप सिद्ध हुन्छ ।

८५ समुद्राभ्राद्धः । ४ । ४ । ११८ ॥ समुद्रिया अप्सरसो मनीषिणम् । नानदतो अभ्रियस्येव घोषाः ॥

'समुद्राभ्रात्' यो समस्त पञ्चम्यन्त प्रथम पद र 'घः' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "भवे छन्दसि" सूत्रको सम्पूर्ण अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा भव अर्थमा सप्तम्यन्त समुद्र तथा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'अभ्र' शब्ददेखि 'घ'प्रत्यय हुन्छ, हो ।

समुद्रिया अप्सरसो मनीषिणम् । समुद्रियाः = समुद्रे भवाः, यस विग्रहमा "समुद्राभ्राद्धः" ले 'समुद्र'शब्ददेखि 'घ'प्रत्यय भएपछि अरू कार्य 'अग्रियः' मा जस्तै हुन्छन् । **नानदतो अभ्रियस्येव घोषाः । (अभ्रियस्य)** = अभ्रे भवः, विग्रहमा 'अभ्र'शब्ददेखि "समुद्राभ्राद्धः" ले 'घ'प्रत्यय, भएपछि अरू कार्य 'अग्रियः'मा जस्तै हुन्छन् ।

८६ बर्हिषि दत्तम् । ४ । ४ । ११९ ॥ प्राग्घिताद्यदित्येव । बर्हिष्येषु निधिषु प्रियेषु ॥

'बर्हिषि' यो सप्तम्यन्त प्रथम पद र 'दत्तम्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "अग्राद्यत्" बाट 'यत्'को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा दत्त अर्थमा सप्तम्यन्त 'बर्हिस्'शब्ददेखि 'यत्' प्रत्यय हुन्छ, हो ।

बर्हिष्येषु निधिषु प्रियेषु । बर्हिष्येषु = बर्हिषि दत्तम्, यस विग्रहमा "बर्हिषि दत्तम्" ले 'बर्हिस्' शब्ददेखि 'यत्'प्रत्यय, 'सुप्' को लुक् 'भ'संज्ञा 'अ'को लोप र स्वादिकार्यबाट 'बर्हिष्येषु' रूप सिद्ध हुन्छ ।

८७ दूतस्य भागकर्मणी । ४ । ४ । १२० ॥ भागोऽशः । दूत्यम् ॥

'दूतस्य' यो षष्ठ्यन्त प्रथम पद र 'भागकर्मणी' यो समस्त प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "अग्राद्यत्" बाट 'यत्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा भाग तथा कर्म अर्थमा षष्ठ्यन्त 'दूत'शब्ददेखि 'यत्'प्रत्यय हुन्छ, हो ।

दूत्यम् = दूतस्य भागः/कर्म वा, यस विग्रहमा "दूतस्य भाग ०" ले 'दूत' शब्ददेखि 'यत्' प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, 'भ'संज्ञा 'अ'को लोप र स्वादिकार्यले 'दूत्यम्' सिद्ध हुन्छ ।

८८ रक्षोयातूनां हननी । ४ । ४ । १२१ ॥ या ते अग्ने रक्षस्या तनूः ॥

'रक्षोयातूनाम्' यो षष्ठ्यन्त प्रथम पद र 'हननी' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । पूर्ववत् 'यत्'को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा हननी (मार्नेवाली) अर्थमा षष्ठ्यन्त रक्षस् तथा यातु शब्ददेखि 'यत्'प्रत्यय हुन्छ, हो ।

या ते अग्ने रक्षस्या तनूः । रक्षस्या = रक्षसां हननी, यस विग्रहमा "रक्षोयातूनां ०" ले 'रक्षस्' शब्ददेखि 'यत्' प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्' को लुक्, 'भ'संज्ञा 'अ'को लोप, स्त्रीत्वको विवक्षामा "अजाद्यतष्टाप्"ले 'टाप्' "अकः सवर्णे दीर्घः"ले दीर्घ र स्वादिकार्यले 'रक्षस्या' रूप सिद्ध हुन्छ ।

८९ रेवतीजगतीहविष्याभ्यः प्रशस्ये । ४ । ४ । १२२ ॥ प्रशंसने यत्स्यात् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रेवत्यादीनां प्रशंसनं रेवत्यम् । जगत्यम् । हविष्यम् ॥

'रेवतीजगतीहविष्याभ्यः' यो समस्त पञ्चम्यन्त प्रथम पद र 'प्रशस्ये' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'यत्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा प्रशंसा अर्थमा षष्ठचन्त रेवती, जगती तथा हविष्या शब्ददेखि 'यत्' प्रत्यय हुन्छ, हो ।

रेवत्यम् = रेवत्याः प्रशंसनम्, यस विग्रहमा "रेवतीजगती ०" ले 'रेवती'शब्ददेखि 'यत्'प्रत्यय प्रातिपदिक संज्ञा 'सुप्'को लुक् 'भ'संज्ञा 'ई'को लोप वर्णमेलन र स्वादिकार्यबाट 'रेवत्यम्' सिद्ध हुन्छ ।

जगत्यम् = जगत्याः प्रशंसनम्, यस विग्रहमा जगती शब्ददेखि "रेवती–जगतीहविष्या ०" ले 'यत्' अरू कार्य 'रेवत्यम्' मा भैँ हुन्छन् ।

हविष्यम् = हविष्यायाः प्रशंसनम्, यस विग्रहमा 'हविष्या'शब्ददेखि उक्त सूत्रले 'यत्' तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्' को लुक् 'भ'संज्ञा 'आ'को लोप (हविष् य् य) "हलो यमां यमि लोपः । ८ । ४ । ६४ ॥" ले 'य्'को लोप र स्वादिकार्यबाट 'हविष्यम्' रूप सिद्ध हुन्छ ।

९० असुरस्य स्वम् । ४ । ४ । १२३ ॥ असुर्यं देवेभिर्घायि विश्वम् ॥

'असुरस्य' यो षष्ठचन्त प्रथम पद र 'स्वम्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'यत्'को अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा धन अर्थमा षष्ठचन्त 'असुर' शब्ददेखि 'यत्' प्रत्यय हुन्छ, हो ।

असुर्यम् = असुरस्य स्वम्, यस विग्रहमा "असुरस्य स्वम्" ले षष्ठचन्त 'असुर' शब्ददेखि 'यत्' प्रत्यय, 'सुप्'को लुक् 'भ'संज्ञा 'अ'को लोप वर्णमेलन र स्वादिकार्यबाट 'असुर्यम्' रूप सिद्ध हुन्छ ।

९१ मायायामण् । ४ । ४ । १२४ ॥ आसुरी माया ॥

'मायायाम्' यो सप्तम्यन्त प्रथम पद र 'अण्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "असुरस्य स्वम्" बाट 'असुरस्य' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा माया अर्थमा षष्ठचन्त 'असुर' शब्ददेखि 'अण्' प्रत्यय हुन्छ, हो ।

आसुरी माया = असुरस्य माया, यस विग्रहमा "मायायामण्" ले 'असुर' शब्ददेखि 'अण्' तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्' को लुक् "तद्धितेष्व ०" ले आदिवृद्धि "टिड्ढाणञ् ०" ले 'ङीप्' प्रत्यय, 'भ'संज्ञा 'अ'को लोप वर्णमेलन र स्वादिकार्यबाट 'आसुरी' रूप सिद्ध हुन्छ ।

९२ तद्वानासामुपधानो मन्त्र इतीष्टकासु लुक् च मतोः । ४ । ४ । १२५ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्चस्वानुपधानो मन्त्र आसामिष्टकानां वर्चस्याः । ऋतव्याः ॥

'तद्वान्' यो प्रथमान्त प्रथम पद, 'आसाम्' यो षष्ठचन्त द्वितीय पद, 'उपधानः' यो प्रथमान्त तृतीय पद, 'मन्त्रः' यो प्रथमान्त चतुर्थ पद, 'इति' यो अव्यय पञ्चम पद, 'इष्टकासु' यो सप्तम्यन्त षष्ठ पद, 'लुक्' यो प्रथमान्त सप्तम पद, 'च' यो अव्यय अष्टम पद र 'मतोः' यो षष्ठचन्त नवम पद गरी यस सूत्रमा नौ पद छन् । यहाँ "अग्राद्यत्" बाट 'यत्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– 'मतुप्' प्रत्ययान्त प्रथमान्त प्रातिपदिकदेखि स्त्रीत्वविशिष्ट षष्ठचर्थमा 'यत्'प्रत्यय हुन्छ, तथा पहिलाको मतुप्'को लोप हुन्छ, यदि प्रथमान्त शब्दले उपधान मन्त्र एवम् आसाम् यस षष्ठचर्थले इट्टा अर्थको बोध हुन्छ भने, भन्ने हो ।

वर्चस्याः = वर्चस् शब्दः यस्मिन् मन्त्रे अस्ति स वर्चस्वान् मन्त्रः । वर्चस्वानुपधानो मन्त्र आसामिष्टकानाम्, यस विग्रहमा "तद्वानासामुप ०"ले 'वर्चस्वान्'देखि 'यत्' प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, पहिलाको 'मतुप्'को लोप, वर्णमेलन र स्वादिकार्यले 'वर्चस्याः' सिद्ध हुन्छ।

ऋतव्याः = ऋतुः शब्दः यस्मिन् मन्त्रे अस्ति स ऋतुमान् मन्त्रः । ऋतुमान् उपधानो मन्त्र आसामिष्टकानाम्, यस विग्रहमा "तद्वानासाम् ०" ले 'यत्' तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्' को लुक्, पहिलाको 'मतुप्'को लोप (ऋतु य) "ओर्गुणः । ६ । ४ । १४६ ॥" ले गुण "वान्तो यि प्रत्यये । ६ । १ । ७९ ॥" ले 'अव्'आदेश वर्णमेलन र स्वादिकार्यबाट 'ऋतव्याः' रूप सिद्ध हुन्छ ।

९३ अश्विमानण् । ४ । ४ । १२६ ॥ आश्विनीरुपदधाति ॥

'अश्विमान्' यो प्रथमान्त प्रथम पद र 'अण्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "तद्वानासामुपधानो मन्त्र इतीष्टकासु लुक् च मतोः" को सम्पूर्ण अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– प्रथमान्त 'अश्विमान्' ले उपधानमन्त्रको तथा आसाम् यस षष्ठचर्थले इट्टाको बोध भएमा 'मतुप्' प्रत्ययान्त 'अश्विमान्' शब्ददेखि स्त्रीत्वको विवक्षामा षष्ठचर्थमा 'अण्'प्रत्यय हुन्छ , तथा पहिलाको मतुप्'को लोप हुन्छ, हो ।

आश्विनीरुपदधाति = अश्व अस्य अस्ति, यस विग्रहमा 'अश्व'शब्ददेखि "अत इनिठनौ । ५ । २ । ११५ ॥" ले 'इनि'प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्' को लुक् 'भ'संज्ञा 'अ'को लोप अश्विन् शब्दो यस्मिन् मन्त्रे अस्ति स, यस विग्रहमा "तदस्यास्त्यस्मिन्निति मतुप् । ५ । २ । ९४ ॥" ले 'मतुप्' प्रत्यय "नलोपः प्रातिपदिकान्तस्य" ले 'न्'को लोप स्वादिकार्यपछि अश्विमान् उपधानो मन्त्र आसामिष्टकानाम्, यस विग्रहमा "अश्विमानण्" ले मतुबन्त अश्विमत्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्ददेखि 'अण्' 'मतुप्'को लोप (अश्विन् अ) "इनण्यनपत्ये। ६। ४। १६४॥" ले प्रकृतिभाव णित्वात् "तद्धितेष्व ०" ले आदिवृद्धि स्त्रीत्वको विवक्षामा "टिड्ढाणञ् ०" ले 'ङीप्' वर्णमेलन र स्वादिकार्यबाट उक्त रूप सिद्ध हुन्छ।

९४ वयस्यासु मूर्ध्नो मतुप्। ४। ४। १२७॥ तद्वानासामिति सूत्रं सर्वमनुवर्तते। मतोरिति पदमावर्त्य पञ्चम्यन्तं बोध्यम्। मतुबन्तो यो मूर्धशब्दस्ततो मतुप्स्यात्प्रथमस्य मतोर्लुक्च वयःशब्दवन्मन्त्रोपधेयास्विष्टकासु। यस्मिन्मन्त्रे मूर्धवयःशब्दौ स्तस्तेनोपधेयासु। मूर्धन्वतीरुपदधातीति प्रयोगः॥

'वयस्यासु' यो सप्तम्यन्त प्रथम पद, 'मूर्ध्नः' यो पञ्चम्यन्त द्वितीय पद र 'मतुप्' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "तद्वानासामुपधानो मन्त्र इतीष्टकासु लुक् च मतोः" सूत्रको सम्पूर्ण अनुवृत्ति ल्याएपछि, अनुवृत्ति गरिएको षष्ठ्यन्त 'मतोः' पदलाई अर्थवश पञ्चम्यन्तमा परिवर्तन गरिएको बुझ्नु पर्छ। जस अनुसार सूत्रको अर्थ :– वयस् शब्दले युक्त मन्त्रद्वारा उपधान गर्न योग्य इट्टा अर्थमा अथवा मूर्धन् र वयस् शब्दयुक्त मन्त्रद्वारा उपधेय इट्टा अर्थमा 'मतुप्' प्रत्ययान्त 'मूर्धन्'शब्ददेखि 'मतुप्'प्रत्यय हुन्छ, एवम् पहिलाको 'मतुप्'को लोप हुन्छ, हो।

मूर्धन्वती = मूर्धन् शब्दो यस्मिन् मन्त्रे वर्तते स मूर्धवान्, उपधानो मन्त्र आसामिष्टकानाम्, यस विग्रहमा मतुबन्त 'मूर्धवत्'शब्ददेखि "तद्वानासाम् ०" ले प्राप्त 'यत्'लाई बाँधेर "वयस्यासु ०" ले 'मतुप्' प्रत्यय पहिलेको 'मतुप्'को लोप, 'सुप्' को लुक्, तथा 'न्'को लोप भएपछि "अनो नुट् ८। २। १६॥" ले 'मतुप्'को 'नुट्' आगम, "उगितश्च। ४। १। ६॥" ले 'ङीप्' र स्वादिकार्यबाट 'मूर्धन्वती' रूप सिद्ध हुन्छ।

९५ मत्वर्थे मासतन्वोः। ४। ४। १२८॥ नभोऽभ्रम्। तदस्मिन्नस्तीति नभस्यो मासः। ओजस्या तनूः॥

'मत्वर्थे' यो सप्तम्यन्त प्रथम पद र 'मासतन्वोः' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "अग्राद्यत्" बाट 'यत्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'यत्'प्रत्ययान्त शब्ददेखि मास एवम् शरीर अर्थ बुझिएमा, 'मतुप्'प्रत्ययको अर्थमा प्रथमान्त प्रातिपदिकदेखि 'यत्' प्रत्यय हुन्छ, हो।

नभस्यो मासः। <u>नभस्यः</u> = नभोऽभ्रम्, तदस्मिन्नस्तीति, यस विग्रहमा 'नभस्' शब्ददेखि "मत्वर्थे मास ०" ले 'यत्' प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्' को लुक्, र स्वादिकार्यबाट 'नभस्यः' रूप सिद्ध हुन्छ। **ओजस्या तनूः। <u>ओजस्या</u>** = ओजो अस्यामस्ति, यस विग्रहमा 'ओजस्' शब्ददेखि "मत्वर्थे मास

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

०" ले 'यत्', 'सुप्' को लुक्, स्त्रीत्वको विवक्षामा 'अजाद्यतष्टाप्' ले 'टाप्' दीर्घ र स्वादिकार्यले 'ओजस्या' सिद्ध हुन्छ ।

९६ मधोर्ञ च । ४ । ४ । १२९ ॥ माधवः । मधव्यः ॥

'मधोः' यो पञ्चम्यन्त प्रथम पद, 'ञ' यो प्रथमान्त द्वितीय पद र 'च' यो अव्यय तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "मत्वर्थे मासतन्वोः" बाट 'मत्वर्थे' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'मतुप्' प्रत्ययको अर्थमा 'मधु' शब्ददेखि 'ञ' तथा 'यत्' प्रत्यय हुन्छन्, तदन्त शब्दबाट महिना अर्थ बुझिएमा भन्ने हो ।

माधवः = मधु अस्यास्ति, यस विग्रहमा "मधोर्ञ च" ले 'मधु'शब्ददेखि 'ञ'प्रत्यय, 'सुप्'को लुक्, "तद्धितेष्व ०" ले आदिवृद्धि "ओर्गुणः"ले गुण "एचोऽयवायावः" ले 'अव्'आदेश र स्वादिकार्यबाट 'माधवः' रूप सिद्ध हुन्छ । **मधव्यः** = मधु अस्यास्ति , यस विग्रहमा "मधोर्ञ च"ले 'मधु'शब्ददेखि 'यत्'प्रत्यय, 'सुप्'को लुक् "ओर्गुणः"ले गुण "वान्तो यि प्रत्ययेे" ले 'अव्' आदेश र स्वादिकार्यले 'मधव्यः' सिद्ध हुन्छ ।

९७ ओजसोऽहनि यत्खौ । ४ । ४ । १३० ॥ ओजस्यमहः । ओजसीनं वा ॥

'अजसः' यो पञ्चम्यन्त प्रथम पद, 'अहनि' यो सप्तम्यन्त द्वितीय पद र 'यत्खौ' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'मत्वर्थे' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'मतुप्' प्रत्ययको अर्थमा 'ओजस्' शब्ददेखि 'यत्' तथा 'ख' प्रत्यय हुन्छन्, तदन्त शब्दबाट दिन अर्थ बुझिएमा भन्ने हो ।

ओजस्यमहः = ओजो अस्यास्ति, यस विग्रहमा 'ओजस्' शब्ददेखि "ओजसोऽहनि ०" ले 'यत्' प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, र स्वादिकार्यबाट 'ओजस्यम्' रूप सिद्ध हुन्छ । **ओजसीनम्** = ओजो अस्यास्ति, यस विग्रहमा 'ओजस्'शब्ददेखि "ओजसोऽहनि ०" ले 'ख'प्रत्यय, 'सुप्' को लुक्, "आयनेयी ०"ले 'ख्'को स्थानमा 'ईन्' आदेश वर्णमेलन र स्वादिकार्यले 'ओजसीनम्' सिद्ध हुन्छ ।

९८ वेशोयशआदेर्भगाद्यल् । ४ । ४ । १३१ ॥ यथासंख्यं नेष्यते । वेशो बलं तदेव भगः । वेशोभग्यः । वेशोभगीनः । यशोभग्यः । यशोभगीनः ॥ ख च । ४ । ४ । १३२ ॥ योगविभाग उत्तरार्थः क्रमनिरासार्थश्च ॥

'वेशोयशआदेः' यो समस्त पञ्चम्यन्त प्रथम पद, 'भगात्' यो पञ्चम्यन्त द्वितीय पद र 'यल्' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'मत्वर्थे' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वेशस् तथा यशस् शब्द आदिमा रहेको 'भग' शब्ददेखि 'यल्' तथा 'ख' प्रत्यय हुन्छन्, हो । यथासंख्यमनुदेशः समानाम् । १ । ३ । १० ॥" को नियम यहाँ लागू हुँदैन । उत्तर सूत्रमा 'ख'को मात्र अनुवृत्तिका लागि सूत्रको योगविभाग गरिएको हो ।

वेशोभग्यः = वेशो बलं तदेव भगः वेशो भगमस्य अस्ति, यस विग्रहमा कर्मधारय समास प्रातिपदिक संज्ञा 'सुप्'को लुक् रुत्व, उत्व र गुण बाट बनेको 'यशोभग' शब्ददेखि "वेशोयशआदे ०" ले 'यल्' 'भ' संज्ञा 'अ'को लोप र स्वादिकार्यबाट 'वेशोभग्यः' रूप सिद्ध हुन्छ । **वेशोभगीनः** = वेशोभग शब्ददेखि "वेशोयश०" ले 'ख'प्रत्यय आयनेयी०"ले 'ख्'को स्थानमा 'ईन्'आदेश 'भ'संज्ञा 'अ'को लोप र स्वादिकार्यबाट 'वेशोभगीनः' रूप सिद्ध हुन्छ । यसरी नै यशोभग्यः र यशो भगीनः रूप सिद्ध हुन्छन् ।

९९ पूर्वैः कृतमिनयौ च । ४ । ४ । १३३ ॥ गम्भीरेभिः पथिभिः पूर्विणेभिः । ये ते पन्याः सवितः पूर्व्यासः ॥

'पूर्वैः' यो तृतीयान्त प्रथम पद, 'कृतम्' यो प्रथमान्त द्वितीय पद, 'इनयौ' यो प्रथमान्त तृतीय पद र 'च' यो अव्यय पद गरी यस सूत्रमा चार पद छन् । यहाँ 'छन्दसि'को अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा कृतम् अर्थमा तृतीयान्त 'पूर्व' शब्ददेखि 'इन' तथा 'य' प्रत्यय हुन्छन्, हो ।

गम्भीरेभिः पथिभिः पूर्विणेभिः । पूर्विणेभिः = पूर्वैः कृतम्, यस विग्रहमा 'पूर्व'शब्ददेखि "पूर्वैः कृतमनि ०"ले 'इन'प्रत्यय, 'सुप्'को लुक्, 'भ'संज्ञा 'अ'को लोप, "अट्कुप्वाङ्नुम्व्यवायेऽपि । ८ । ४ । २ ॥" ले णत्व र वर्णमेलनबाट बनेको 'पूर्विण'देखि तृतीया विभक्तिको बहुवचन 'भिस्' "अतो भिस ऐस् । ७ । १ । ९ ॥"ले 'भिस्'को स्थानमा प्राप्त 'ऐस्'आदेशको "बहुलं छन्दसि । ७ । १ । १० ॥" ले निषेध भएपछि "बहुवचने झल्येत् । ७ । ३ । १०३ ॥" ले 'अ'को एत्व, रुत्व र विसर्ग भएर 'पूर्विणेभिः' रूप सिद्ध हुन्छ ।

ये ते पन्याः सवितः पूर्व्यासः । पूर्व्यासः = पूर्वैः कृतम्, यस विग्रहमा 'पूर्व'शब्ददेखि "पूर्वैः कृतमनि ०" ले 'य' प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्' को लुक्, 'भ'संज्ञा 'अ'को लोप भएर बनेको 'पूर्व्य' शब्ददेखि प्रथमाको बहुवचन 'जस्' "आज्जसेरसुक् । ७ । १ । ५० ॥" ले 'असुक्' आगम अनुबन्धलोप "अकः सवर्णे दीर्घः" ले दीर्घ, वर्णमेलन र स्वादिकार्यवाट 'पूर्व्यासः' रूप सिद्ध हुन्छ ।

१०० अद्भिः संस्कृतम् । ४ । ४ । १३४ ॥ यस्येदमप्यं हविः ॥

'अद्भिः' यो तृतीयान्त प्रथम पद, 'संस्कृतम्' यो प्रथमान्त द्वितीय पद, गरी यस सूत्रमा दुई पद छन् । यहाँ "ओजसोऽहनि यत्खौ" बाट 'यत्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा जलले शुद्ध गरिएको अर्थमा तृतीयान्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'अप्'शब्ददेखि 'यत्'प्रत्यय हुन्छ, हो ।

यस्येदमप्यं हविः । अप्यम् = अद्भिः संस्कृतम्, यस विग्रहमा 'अप्' शब्ददेखि "अद्भिः संस्कृतम्" ले 'यत्' प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक्,र स्वादिकार्यबाट 'अप्यम्' सिद्ध हुन्छ ।

१०१ सहस्रेण संमितौ घः । ४ । ४ । १३५ ॥ सहस्रियासो अपां नोर्मयः । सहस्रेण तुल्या इत्यर्थः ॥

'सहस्रेण' यो तृतीयान्त प्रथम पद, 'संमितौ' यो सप्तम्यन्त द्वितीय पद र 'घः' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ सूत्रको अर्थ :– वैदिक संस्कृतमा तुल्य अर्थमा तृतीयान्त 'सहस्र' शब्ददेखि 'घ'प्रत्यय हुन्छ, हो । **सहस्रियासो अपां नोर्मयः । सहस्रियासः** = सहस्रेण संमिताः, यस विग्रहमा 'सहस्र'देखि "सहस्रेण०" ले 'घ''सुप्'को लुक् "आयनेयी ०" ले 'घ्'को स्थानमा 'इय'आदेश 'भ'संज्ञा "यस्येति च" ले अकारको लोप र वर्णमेलनबाट बनेको 'सहस्रिय'शब्ददेखि प्रथमा विभक्तिको बहुवचन 'जस्' "आज्जसेरसुक् । ७ । १ । ५० ॥"ले 'असुक्' अनुबन्धलोप "अकः सवर्णे ०"ले दीर्घ, रुत्व र विसर्गबाट 'सहस्रियासः' सिद्ध हुन्छ ।

१०२ मतौ च । ४ । ४ । १३६ ॥ सहस्रशब्दान्मत्वर्थे घः स्यात् । सहस्रमस्यास्तीति सहस्रियः ॥

'मतौ' यो सप्तम्यन्त प्रथम पद, 'च' यो अव्यय द्वितीय पद, गरी यस सूत्रमा दुई पद छन् । यहाँ "सहस्रेण संमितौ घः" बाट 'सहस्रेण' को र 'घ' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा मतुप् प्रत्ययको अर्थमा 'सहस्र'शब्ददेखि 'घ'प्रत्यय हुन्छ, हो ।

सहस्रियः = सहस्रमस्य अस्ति, यस विग्रहमा "तपः सहस्राभ्यां विनीनी । ५ । २ । १०२ ॥" ले प्राप्त 'ईन्'लाई बाँधेर "मतौ च" ले 'सहस्र'शब्ददेखि 'घ'प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, "आयनेयी ०" ले 'घ्'को स्थानमा 'इय्'आदेश 'भ'संज्ञा "यस्येति च" ले अकारको लोप वर्णमेलन र स्वादिकार्यबाट 'सहस्रियः' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'सहस्री' रूप हुन्छ ।

१०३ सोममर्हति यः । ४ । ४ । १३७ ॥ सोम्यो ब्राह्मणः । यज्ञार्ह इत्यर्थः ॥

'सोमम्' यो द्वितीयान्त प्रथम पद, 'अर्हति' यो तिङन्त द्वितीय पद र 'यः' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ सूत्रको अर्थ :– वैदिक संस्कृतमा योग्य अर्थमा द्वितीयान्त 'सोम' शब्ददेखि 'य' प्रत्यय हुन्छ, हो । **सोम्यो ब्राह्मणः । सोम्यः** = सोमम् अर्हति, यस विग्रहमा 'सोम' शब्ददेखि "सोममर्हति०"ले 'य' "कृत्तद्धितसमासाश्च" ले प्रातिपदिक संज्ञा "सुपो धातुप्रातिपदिकयोः" ले 'सुप्'को लुक्, 'भ'संज्ञा 'अ'को लोप र स्वादिकार्यबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'सोम्यः' रूप सिद्ध हुन्छ ।

१०४ मये च । ४ । ४ । १३८ ॥ सोमशब्दाद्यः स्यान्मयडर्थे । सोम्यं मधु । सोममयमित्यर्थः ॥

'मये' यो सप्तम्यन्त प्रथम पद, 'च' यो अव्यय द्वितीय पद, गरी यस सूत्रमा दुई पद छन् । यहाँ "सोममर्हति यः" बाट 'सोमम्' को र 'यः' को अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'मयट्' प्रत्ययको अर्थमा 'सोम'शब्ददेखि 'य'प्रत्यय हुन्छ, हो । **सोम्यं मधु** = सोमस्य विकारः, यस विग्रहमा 'सोम'शब्ददेखि "मये च" ले 'य'प्रत्यय, "कृत्तद्धितसमासाश्च" ले प्रातिपदिक संज्ञा "सुपो धातुप्रापतपदिकयोः" ले'सुप्'को लुक्, 'भ'संज्ञा 'अ'को लोप र स्वादिकार्यबाट 'सोम्यम्' रूप सिद्ध हुन्छ ।

१०५ मधोः । ४ । ४ । १३९ ॥ मधुशब्दान्मयडर्थे य स्यात् । मध्व्यः । मधुमय इत्यर्थः ॥

'मधोः' यो पञ्चम्यन्त पद, यहाँ "सोममर्हति यः" बाट 'यः' को र पूर्वसूत्रबाट 'मये' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'मयट्' प्रत्ययको अर्थमा 'मधु'शब्ददेखि 'य' प्रत्यय हुन्छ, हो ।

मध्व्यः = मधोः विकारः, (व्यत्ययेन पुँल्लिङ्ग) यस विग्रहमा 'मधु'शब्ददेखि "मधोः" ले 'य'प्रत्यय प्रातिपदिक संज्ञा "सुपो धातुप्रातिपदिकयोः" ले 'सुप्' को लुक्, "ओर्गुणः । ६ । ४ । १६४ ॥" ले गुण "वान्तो यि प्रत्यये । ६ । १ । ७९ ॥"ले 'अव्'आदेश वर्णमेलन, रुत्व र विसर्ग भएर 'मध्व्यः' सिद्ध हुन्छ ।

१०६ वसोः समूहे च । ४ । ४ । १४० ॥ चान्मयडर्थे यत् । वसव्यः ॥

'वसोः' यो पञ्चम्यन्त प्रथम पद, 'समूहे' यो सप्तम्यन्त द्वितीय पद र 'च' यो अव्यय तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "मये च" बाट 'मये' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा समूह तथा 'मयट्' प्रत्ययको अर्थमा 'वसु' शब्ददेखि 'यत्' प्रत्यय हुन्छ, हो ।

वसव्यः = वसोः समूहो/विकारो वा, यस विग्रहमा 'वसु'शब्ददेखि "वसोः समूहे च ०" ले 'यत्' प्रत्यय, बाँकी कार्यहरू 'मध्व्यः'मा जस्तै हुन्छन् ।

अक्षरसमूहे छन्दस उपसंख्यानम् (वा०) ॥ छन्दःशब्दादक्षरसमूहे वर्तमानात्स्वार्थे यदित्यर्थः । आश्रावयेति चतुरक्षरम्, अस्तु श्रौषडिति चतुरक्षरं, यजेति द्व्यक्षरं, ये यजामह इति पञ्चाक्षरं, द्व्यक्षरो वषट्कार एष वै सप्तदशाक्षरश्छन्दस्यः ॥

वैदिक संस्कृतमा अक्षरसमूहको वाचक 'छन्दस्' शब्ददेखि स्वार्थमा 'यत्' प्रत्यय हुन्छ । आश्रावयः.....इत्यादि शब्दको समाहारमा १७ अक्षर हुन्छन् ।

छन्दस्यः = आश्रावयादिसप्तदशाक्षराणां समूहः, यस विग्रहमा 'छन्दस्'शब्ददेखि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"अक्षरसमूहे छ ०" ले 'यत्'प्रत्यय, "कृत्तद्धितसमासाश्च" ले प्रातिपदिक संज्ञा "सुपो धातुप्रातिपदिकयोः"ले'सुप्'को लुक्, र स्वादिकार्यबाट 'छन्दस्यः' रूप सिद्ध हुन्छ ।

१०७ नक्षत्राद्घः । ४ । ४ । १४१ ॥ स्वार्थे । नक्षत्रियेभ्यः स्वाहा ॥

'नक्षत्रात्' यो पञ्चम्यन्त प्रथम पद र 'घः' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ 'छन्दसि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'नक्षत्र'शब्ददेखि स्वार्थमा 'घ'प्रत्यय हुन्छ, हो ।

नक्षत्रियेभ्यः = 'नक्षत्र'शब्ददेखि "नक्षत्राद्घः"ले 'घ' प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, "आयनेयी ०"ले 'घ्'को स्थानमा 'इय्' आदेश 'भ' संज्ञा अकारको लोप, वर्णमेलन र स्वादिकार्यले 'नक्षत्रियेभ्यः' रूप सिद्ध हुन्छ ।

१०८ सर्वदेवात्तातिल् । ४ । ४ । १४२ ॥ स्वार्थे । सविताः नः सुवतु सर्वतातिम् । प्रदक्षिणिद्देवतातिमुराणः ॥

'सर्वदेवात्' यो समस्त पञ्चम्यन्त प्रथम पद, 'तातिल्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ 'छन्दसि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'सर्व' तथा 'देव'शब्ददेखि स्वार्थमा 'तातिल्' प्रत्यय हुन्छ, हो । **सविताः नः सुवतु सर्वतातिम् । सर्वतातिम्** = 'सर्व'शब्ददेखि "सर्वदेवात्ता ०" ले 'तातिल्' अनुबन्ध लोप र स्वादिकार्यबाट 'सर्वतातिम्' सिद्ध हुन्छ । **प्रदक्षिणिद्देवतातिमुराणः । देवतातिम्** = 'देव'शब्ददेखि "सर्वदेवात्ता ०" ले'तातिल्' अनुबन्ध लोप र स्वादिकार्यबाट 'देवतातिम्' रूप सिद्ध हुन्छ ।

१०९ शिवशमरिष्टस्य करे । ४ । ४ । १४३ ॥ करोतीति करः । पचाद्यच् । शिवं करोतीति शिवतातिः । याभिः शन्ताती भवथो ददाशुषे । अथो अरिष्टतातये ॥

'शिवशमरिष्टस्य' यो समस्त षष्ठचन्त पद, 'करे' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "सर्वदेवात्तातिल्" बाट 'तातिल्' को अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा गर्नेवाला अर्थमा शिव, शम् तथा अरिष्ट शब्ददेखि 'तातिल्'प्रत्यय हुन्छ, हो ।

शिवतातिः = शिवं करोति, यस विग्रहमा 'शिव'शब्ददेखि "शिवशमरिष्ट ०"ले 'तातिल्' "कृत्तद्धितसमासाश्च" ले प्रातिपदिक संज्ञा "सुपो धातुप्रातिपदिकयोः" ले 'सुप्'को लुक् र स्वादिकार्यले 'शिवतातिः' सिद्ध हुन्छ । यसरी नै शम् कुरुतः, यस विग्रहमा = **शन्ताती** । अरिष्टं करोतीति तस्मै = विग्रहमा **अरिष्ट तातये** । आदि रूप सिद्ध हुन्छन् ।

११० भावे च । ४ । ४ । १४४ ॥ शिवादिभ्यो भावे तातिः स्याच्छन्दसि । शिवस्य भावः शिवतातिः । शन्तातिः । अरिष्टतातिः ॥ इति चतुर्थोऽध्यायः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'भावे' यो सप्तम्यन्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "सर्वदेवात्तातिल्" बाट 'तातिल्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा भाव अर्थमा शिव, शम् तथा अरिष्ट शब्ददेखि 'तातिल्'प्रत्यय हुन्छ, हो ।

शिवतातिः = शिवस्य भावः, यस विग्रहमा 'शिव'शब्ददेखि "भावे च" ले 'तातिल्' अनुबन्धलोप, "कृत्तद्धितसमासाश्च" ले प्रातिपदिक संज्ञा "सुपो धातुप्रातिपदिकयोः" ले 'सुप्'को लुक् र स्वादिकार्यबाट 'शिवतातिः' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'शिवत्वम्' हुन्छ । **शन्तातिः** = शमः भावः, यस विग्रहमा 'शिवतातिः' मा झैं कार्य हुन्छन् । **अरिष्टतातिः** = अरिष्टस्य भावः, यस विग्रहमा 'शिवतातिः' मा झैं कार्य हुन्छन् । लौकिक संस्कृतमा 'अरिष्टत्वम्' हुन्छ ।

इति शालिग्राम सुवेदीद्वारा विरचित 'रञ्जना' नेपाली व्याख्याको वैदिकी प्रक्रियाको चतुर्थ अध्याय ।

अथ पञ्चमोऽध्यायः ।

१११ सप्तमोऽञ्छन्दसि । ५ । १ । ६० ॥ तदस्य परिमाणम् इति वर्ग इति च । सप्त साप्तानि असृजत् ॥

'सप्तमः' यो पञ्चम्यन्त प्रथम पद, 'अञ्' यो प्रथमान्त द्वितीय पद र 'छन्दसि' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "तदस्य परिमाणम्" सूत्रको सम्पूर्ण तथा "पञ्चद्दशतौ वर्गे वा" बाट 'वर्गे' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा प्रथमान्त 'सप्तन्'शब्ददेखि परिमाण तथा वर्ग अर्थमा 'अञ्'प्रत्यय हुन्छ, हो ।

सप्त साप्तानि असृजत् । साप्तानि = सप्त परिमाणमस्य, यस विग्रहमा 'सप्तन्' शब्ददेखि "सप्तमोऽञ्छ ०" ले 'अञ्'प्रत्यय, "कृत्तद्धितसमासाश्च" ले प्रातिपदिक संज्ञा "सुपो धातुप्रातिपदिकयोः" ले 'सुप्'को लुक्, 'भ'संज्ञा "नस्तद्धिते ६ । १ । १४४ ॥" ले 'टि'को लोप "तद्धितेष्वचामादेः" ले आदिवृद्धि र वर्ण–मेलनबाट बनेको 'साप्त'शब्ददेखि प्रथमा विभक्तिको बहुवचन 'जस्' "जश्शसोः शिः । ७ । १ । २० ॥" ले 'जस्'को स्थानमा 'शि' आदेश "नपुंसकस्य झलचः । ७ । १ । ७२ ॥" ले 'नुम्'आगम सर्वनामस्थाने "चासम्बुद्धौ । ६ । ४ । ८ ॥" ले उपधादीर्घ भएर 'साप्तानि' रूप सिद्ध हुन्छ ।

शन्नतोर्दिनिश्छन्दसि तदस्य परिमाणमित्यर्थे वाच्यः (वा०) ॥ पञ्चदशिनोऽर्धमासाः । त्रिंशिनो मासाः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैदिक संस्कृतमा परिमाण अर्थमा शन् र शत् अन्तमा भएका शब्ददेखि 'डिनि'प्रत्यय हुन्छ। **पञ्चदशिनोऽर्धमासाः। पञ्चदशिनः** = पञ्चदश परिमाणमस्य, यस विग्रहमा 'पञ्चदशन्'शब्ददेखि "शन्शतोर्डिनि ०" ले 'डिनि' प्रत्यय, प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, 'ड्'को "चुटू" ले र अन्तिम 'इ' को "उपदेशेऽजनुनासिक इत्। १। ३। २॥" ले 'इत्'संज्ञा भएपछि दुवैको "तस्य लोपः" ले लोप "टेः ६। ४। १४३॥" ले 'टि'को लोप र स्वादिकार्यबाट 'पञ्चदशिनः' रूप सिद्ध हुन्छ। **त्रिंशिनो मासाः। त्रिंशिनः** = त्रिंशत् परिमाणमस्य, यस विग्रहमा 'त्रिंशत्'शब्ददेखि पूर्ववत् कार्य हुन्छन्।

विंशतेश्चेति वाच्यम् (वा०) ॥ विंशिनोऽङ्गिरसः ॥

वैदिक संस्कृतमा परिमाण अर्थमा 'विंशति'शब्ददेखि पनि 'डिनि' प्रत्यय हुन्छ। **विंशिनोऽङ्गिरसः। विंशिनः** = विंशतिर्गोत्राणि परिमाणमस्य, यस विग्रहमा 'विंशति'शब्ददेखि "विंशतेश्चेति ०" ले 'डिनि'प्रत्यय अनुबन्धलोप, प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, "तिविंशतेर्डिति। ६। ४। १४२॥" ले विंशतिको 'ति'को लोप "यस्येति च" ले 'अ'को लोप, वर्णमेलन र स्वादिकार्यबाट 'विंशिनः' रूप सिद्ध हुन्छ।

युष्मदस्मदोः सादृश्ये मतुब्वाच्यः (वा०) ॥ त्वावतः पुरूवसो। न त्वावाँ अन्यः। यज्ञं विप्रस्य मावतः ॥

वैदिक संस्कृतमा सादृश्य अर्थमा युष्मद् तथा अस्मद् शब्ददेखि 'वतुप्'प्रत्यय हुन्छ। **त्वावतः पुरूवसो। त्वावतः** = त्वमिव, यस विग्रहमा 'युष्मद्'शब्ददेखि "युष्मदस्मदोः ०" ले 'वतुप्' अनुबन्धलोप, प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, "प्रत्ययोत्तरपदयोश्च। ७। २। ९८॥" ले 'युष्मद्'शब्दको मपर्यन्त भागको स्थानमा 'त्व' आदेश "आ सर्वनाम्नः। ६। ३। ९१॥" ले 'द्'को स्थानमा 'आ' आदेश "अकः सवर्णे०" ले सवर्णदीर्घ र स्वादिकार्यबाट 'त्वावतः' रूप सिद्ध हुन्छ।

न त्वावाँ अन्यः। त्वावाँ अन्यः = त्वमिव, यस विग्रहमा 'युष्मद्'शब्ददेखि "युष्मदस्मदोः ०" ले 'वतुप्' गरेर दीर्घतकका कार्य पूर्ववत् गरेपछि त्वावत्+अन्यः, बन्छ। यहाँ "दीर्घादटि ०" ले 'न्'को रुत्व "आतोऽटि ०" ले पूर्ववर्ती आकार को अनुनासिक, "भोभगोअघो ०" ले रेफको 'य्' "लोपः शाकल्यस्य" ले 'य्'को लोप भएर 'त्वावाँ अन्यः' सिद्ध हुन्छ।।

यज्ञं विप्रस्य मावतः। मावतः = अहमिव, यस विग्रहमा 'अस्मद्'शब्ददेखि "युष्मदस्मदोः ०" ले 'वतुप्'प्रत्यय, प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, "प्रत्ययोत्तरपदयोश्च। ७। २। ९८॥" ले 'अस्मद्'शब्दको मपर्यन्त भागको स्थानमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'म'आदेश "आ सर्वनाम्नः । ६ । ३ । ९१ ॥" ले 'द्'को स्थानमा 'आ'आदेश "अकः सवर्णे०" ले सवर्णदीर्घ र स्वादिकार्यबाट 'मावतः' रूप सिद्ध हुन्छ ।

११२ छन्दसि च । ५ । १ । ६७ ॥ प्रातिपदिकमात्रात्तदर्हतीति यत् । सादन्यं विदथ्यम् ॥

'छन्दसि' यो सप्तम्यन्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "तदर्हति" यस सूत्रको सम्पूर्ण अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा अर्हति अर्थमा सबै प्रातिपदिकदेखि 'यत्'प्रत्यय हुन्छ, हो । **सादन्यम्** = सदनमर्हति, यस विग्रहमा 'सदन'शब्ददेखि "छन्दसि च" ले 'यत्' प्रत्यय, प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, 'भ'संज्ञा 'अ'को लोप "अन्येषामपि दृश्यते । ६ । ३ । १३७ ॥"ले सकारोत्तरवर्ती अकारको दीर्घ र स्वादिकार्यबाट 'सादन्यम्' रूप सिद्ध हुन्छ । **विदथ्यम्** = विदथमर्हति, यस विग्रहमा दीर्घबाहेक अरू कार्य 'सादन्यम्'मा झैं हुन्छन् ।

११३ वत्सरान्ताच्छश्छन्दसि । ५ । १ । ९१ ॥ निर्वृत्तादिष्वर्थेषु । इद्वत्सरीयः ॥

'वत्सरान्तात्' यो पञ्चम्यन्त प्रथम पद, 'छः' यो प्रथमान्त द्वितीय पद र 'छन्दसि' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "तेन निर्वृतम्" बाट 'निर्वृत्यादिषु' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा निर्वृत आदि अर्थमा 'वत्सरान्त'शब्ददेखि 'छ' प्रत्यय हुन्छ, हो ।

इद्वत्सरीयः = इद्वत्सरेण निर्वृत्तम्, यस विग्रहमा 'इद्वत्सर' शब्ददेखि "वत्सरान्ताच्छ ०" ले 'छ' प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, "आयनेयीनीयियः०" ले 'छ्'को स्थानमा 'ईय्'आदेश 'भ'संज्ञा 'अ'को लोप र स्वादिकार्यबाट 'इद्वत्सरीयः' रूप सिद्ध हुन्छ ।

११४ संपरिपूर्वात् ख च । ५ । १ । ९२ ॥ चाच्छः । संवत्सरीणः । संवत्सरीयः । परिवत्सरीणः । परिवत्सरीयः ॥

'संपरिपूर्वात्' यो पञ्चम्यन्त प्रथम पद, 'ख' यो प्रथमान्त द्वितीय पद र 'च' यो अव्यय तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ पूर्वसूत्रमा झैं 'निर्वृत्यादिषु' को अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा निर्वृत आदि अर्थमा 'सम्' तथा 'परि'पूर्वक 'वत्सर'शब्ददेखि 'ख' तथा 'छ'प्रत्यय हुन्छन्, हो ।

संवत्सरीणः = संवत्सरेण निर्वृत्तम् , यस विग्रहमा 'संवत्सर'शब्ददेखि "संपरिपूर्वा ०" ले 'ख' प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, "आयनेयीनीयियः ०"ले 'ख्'को स्थानमा 'ईन्'आदेश 'भ'संज्ञा 'अ'को लोप, "अट्कुप्वाङ्नुम्व्यवायेऽपि" ले णत्व, र स्वादिकार्यले 'संवत्सरीणः' सिद्ध हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संवत्सरीयः = संवत्सरेण निर्वृत्तम्, यस विग्रहमा 'संवत्सर'शब्ददेखि "संपरिपूर्वा ०" ले 'छ'प्रत्यय, बाँकी कार्यहरू 'इद्वत्सीयः'मा जस्तै हुन्छन्।

परिवत्सरीणः = परिवत्सरेण निर्वृत्तम्, यस विग्रहमा 'परिवत्सर' शब्ददेखि "संपरिपूर्वा०" ले 'ख' बाँकी कार्यहरू 'संवत्सरीणः'मा जस्तै हुन्छन्।

परिवत्सरीयः = परिवत्सरेण निर्वृत्तम्, यस विग्रहमा 'परिवत्सर'शब्ददेखि "संपरिपूर्वा ०" ले 'छ' बाँकी कार्यहरू 'इद्वत्सीयः' मा जस्तै हुन्छन्।

११५ छन्दसि घस्। ५। १। १०६ ॥ ऋतुशब्दात्तदस्य प्राप्तमित्यर्थे। भाग ऋत्वियः ॥

'छन्दसि' यो सप्तम्यन्त प्रथम पद र 'घस्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "समयस्तदस्य प्राप्तम्" बाट 'तदस्य प्राप्तम्' को र "ऋतोरण्" बाट 'ऋतोः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा तदस्य प्राप्तम्, अर्थमा 'ऋतु'शब्ददेखि 'घस्'प्रत्यय हुन्छ, हो।

भाग ऋत्वियः = ऋतुः यस्य प्राप्तः, यस विग्रहमा 'ऋतु'शब्ददेखि "छन्दसि घस्" ले 'घस्'प्रत्यय, प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, "आयनेयीनीयियः ०" ले 'घ्'को स्थानमा 'इय्'आदेश "सिति च। १। ४। १६ ॥" ले पदसंज्ञा "इको यणचि" ले 'यण्' र स्वादिकार्यबाट 'ऋत्वियः' रूप सिद्ध हुन्छ।

११६ उपसर्गाच्छन्दसि धात्वर्थे। ५। १। ११८ ॥ धात्वर्थविशिष्टे साधने वर्तमानात्स्वार्थे वतिः स्यात्। यदुद्वतो निवतः। उद्गतान्निर्गतादित्यर्थः ॥

'उपसर्गात्' यो पञ्चम्यन्त प्रथम पद, 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद र 'धात्वर्थे' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "तेन तुल्यं क्रिया चेद्वतिः" बाट 'वतिः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा धात्वर्थलाई बताउने साधनका रूपमा प्रयोग भएका उपसर्गदेखि स्वार्थमा 'वति'प्रत्यय हुन्छ, हो।

यदुद्वतः = 'उत्' उपसर्गदेखि "उपसर्गाच्छ ०" ले 'वति'प्रत्यय अनुबन्धलोप "झलां जशोऽन्ते। ८। २। ३९ ॥"ले जश्त्व र स्वादिकार्यबाट 'उद्वतः' रूप सिद्ध हुन्छ।। **निवतः** = 'नि'उपसर्गदेखि "उपसर्गाच्छ ०" ले 'वति'प्रत्यय अनुबन्धलोप र स्वादिकार्यबाट 'निवतः' रूप सिद्ध हुन्छ।

११७ थट् च छन्दसि। ५। २। ५० ॥ नान्तादसंख्यादेः परस्य डटस्थट् स्यान् मट् च। पञ्चथम्। पञ्चमम् ॥

'थट्' यो प्रथमान्त प्रथम पद, 'च' यो अव्यय द्वितीय पद र 'छन्दसि' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "नान्तादसंख्यादेर्मट्" बाट 'नान्तादसंख्यादेः' को अनुवृत्ति तथा सूत्रस्थ 'च' बाट 'मट्'को

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुकर्षण गरेपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा संख्यावाचक शब्द आदिमा नरहेका नकारान्त सङ्ख्यावाचक शब्ददेखि पर रहेको 'डट्'को स्थानमा 'थट्' र 'मट्' आगम हुन्छ, हो । लौकिक संस्कृतमा 'डट्'को स्थानमा 'थट्' हुँदैन । **पञ्चथम्** = पञ्चानां पूरणम्, विग्रहमा 'पञ्चन्'शब्ददेखि "तस्य पूरणे डट् । ५ । २ । ४८ ॥" ले 'डट्'प्रत्ययपछि 'सुप्'को लुक्,"नान्तादसंख्यादेर्मट् । ५ । २ । ४९ ।"ले 'डट्'को स्थानमा 'मट्'आगम प्राप्त थियो त्यसलाई बाँधेर "थट् च छन्दसि"ले 'थट्'आगम अनुबन्धलोप, "नलोपः प्रातिपदिकान्तस्य"ले 'न्'को लोप र स्वादिकार्यले 'पञ्चथम्' सिद्ध हुन्छ । 'डट्'को स्थानमा 'मट्'आगम भएको पक्षमा पञ्चमम् हुन्छ ।

११८ छन्दसि परिपन्थिपरिपरिणौ पर्यवस्थातरि । ५ । २ । ८९ ॥ पर्यवस्थाता शत्रुः । अपत्यं परिपन्थिनम् । मात्वा परिपरिणो विदन् ॥

'छन्दसि' यो सप्तम्यन्त प्रथम पद, 'परिपन्थिपरिपरिणौ' यो प्रथमान्त द्वितीय पद र 'पर्यवस्थातरि' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ सूत्रको अर्थ :– वैदिक संस्कृतमा शत्रु अर्थमा परिपन्थिन् तथा परिपरिन् शब्द निपातित हुन्छन्, हो ।

परिपन्थिनम् = 'परि'पूर्वक 'अवस्थातृ'शब्ददेखि "छन्दसि परि०" ले निपातनद्वारा स्वार्थमा 'इनि' प्रत्यय तथा अवस्थातृको स्थानमा 'पन्थ' आदेश 'भ'संज्ञा 'अ'को लोप र स्वादिकार्यबाट 'परिपन्थिनम्' रूप सिद्ध हुन्छ । **मा त्वा परिपरिणो विदन् । परिपरिणः** = 'परि'पूर्वक 'अवस्थातृ'शब्ददेखि "छन्दसि परि०" ले निपातनद्वारा स्वार्थमा 'इनि' प्रत्यय तथा अवस्थातृको स्थानमा 'पर' आदेश 'भ' संज्ञा 'अ' को लोप "अट्कुप्वाङ्नुम्व्यवायेऽपि" ले णत्व र स्वादिकार्यबाट 'परिपरिणः' रूप सिद्ध हुन्छ ।

११९ बहुलं छन्दसि । ५ । २ । १२२ ॥ मत्वर्थे विनिः स्यात् ॥

'बहुलम्' यो प्रथमान्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "तदस्यास्त्यस्मिन्निति मतुप्" बाट 'तदस्यास्त्यस्मिन्निति' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'मतुप्'प्रत्ययको अर्थमा बहुलतया 'विनि'प्रत्यय हुन्छ, हो ।

छन्दोविन्प्रकरणेऽष्ट्रामेखलाद्वयोभयरुजाहृदयानां दीर्घश्चेति वक्तव्यम् (वा०) ॥ इति दीर्घः मँहिष्ठमुभयाविनम् । शुनमष्ट्राव्यचरत् ॥

वैदिक संस्कृतमा 'विन्' प्रत्ययको प्रसङ्गमा अष्ट्रा, मेखला, द्वय, उभय, रुजा तथा हृदय शब्दको अन्त्य अच्को दीर्घ हुन्छ ।

मँहिष्ठमुभयाविनम् । उभयाविनम् = उभयः अस्यास्ति, यस विग्रहमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'उभय'शब्ददेखि "बहुलं छन्दसि" ले 'विनि'प्रत्यय अनुबन्धलोप, प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, "छन्दोविन्प्रक ०"ले यकारोत्तरवर्ती अकारको दीर्घ तथा स्वादिकार्यबाट 'उभयाविनम्' रूप सिद्ध हुन्छ ।

शुनमष्ट्राव्यचरत् । अष्ट्रावी = अष्ट्रा अस्यास्ति, यस विग्रहमा "बहुलं छन्दसि" ले 'विनि' प्रातिपदिक संज्ञा 'सुप्'को लुक् र स्वादिकार्यबाट 'अष्ट्रावी' रूप सिद्ध हुन्छ । यहाँ द्वय, उभय तथा हृदय शब्दको मात्र अन्त्य अच्को दीर्घको प्रयोजन छ अरू शब्दहरू स्वतः दीर्घ छन् ।

छन्दसीवनिपौ च वक्तव्यौ (वा०) ॥ ई । रथीरभूत् । सुमङ्गलीरियं वधूः । मघवानमीमहे ॥

वैदिक संस्कृतमा 'मतुप्'प्रत्ययको अर्थमा 'ई' तथा 'वनिप्'प्रत्यय हुन्छन् ।

रथीरभूत् । रथीः = रथः अस्यास्ति, यस विग्रहमा "छन्दसीवनिपौ ०" ले सुबन्त 'रथ'शब्ददेखि 'ई'प्रत्यय प्रातिपदिक संज्ञा 'सुप्'को लुक् 'भ'संज्ञा 'अ'को लोप र स्वादिकार्यबाट 'रथीः' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'रथी' हुन्छ ।

सुमङ्गलीरियं वधूः । सुमङ्गलीः = सुमङ्गलमस्या अस्ति, यस विग्रहमा सुमङ्गल+सु देखि "छन्दसीवनिपौ ०"ले 'ई'प्रत्यय, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक् 'भ'संज्ञा 'अ'को लोप र स्वादिकार्यबाट 'सुमङ्गलीः' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'सुमङ्गलिनी' हुन्छ । **मघवानमीमहे । मघवानम्** = मघम् (धनम्) अस्याति, यस विग्रहमा 'मघ'शब्ददेखि "छन्दसीवनिपौ ०"ले 'वनिप्' 'सुप्'को लुक् र स्वादिकार्यले 'मघवानम्'सिद्ध हुन्छ ।

१२० तयोर्दार्हिलौ च छन्दसि । ५ । ३ । २० ॥ इदन्तदोर्यथासंख्यं स्तः । इदा हि व उपस्तुतिम् । तर्हि ॥

'तयोः' यो षष्ठचन्त प्रथम पद, 'दार्हिलौ' यो समस्त प्रथमान्त द्वितीय पद, 'च' यो अव्यय तृतीय पद र 'छन्दसि' यो सप्तम्यन्त चतुर्थ पद गरी यस सूत्रमा चार पद छन् । यहाँ सूत्रको अर्थ :– वैदिक संस्कृतमा काल अर्थमा 'इदम्' शब्ददेखि 'दा' तथा तद् शब्ददेखि 'र्हिल्'प्रत्यय हुन्छ, हो ।

इदा हि व उपस्तुतिम् । इदा = अस्मिन् काले, यस विग्रहमा 'इदम्'शब्ददेखि "तयोर्दार्हिलौ०"ले 'दा'प्रत्यय, 'सुप्'को लुक् "इदम इश् । ५ । ३ । ३ ॥"ले 'इदम्' को स्थानमा 'इश्'आदेश, "तद्धितश्चासर्वविभक्तिः । १ । १ । ३८ ॥" ले अव्यय संज्ञा, 'सु'विभक्ति "अव्ययत्वात् "अव्ययादाप्सुपः" । २ । ४ । ८२ ॥" ले 'सु' को लोप भएर 'इदा' रूप सिद्ध हुन्छ ।

तर्हि = तस्मिन् काले, यस विग्रहमा 'तद्'शब्ददेखि "तयोर्दार्हिलौ ०" ले 'र्हिल्' प्रत्यय, 'सुप्'को लुक् (तद् र्हिल्) "त्यदादीनामः । ७ । २ । १०२ ॥"ले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'तद्' को 'द्'को स्थानमा 'अ' "अतो गुणे । ६ । १ । ९७ ॥" ले पररूप, "तद्धितश्चा ०" ले अव्यय संज्ञा र 'सु'को लोप भएर 'तर्हि' रूप सिद्ध हुन्छ ।

१२१ था हेतौ च छन्दसि । ५ । ३ । २६ ॥ किमस्था स्याद्धेतौ प्रकारे च । कथा ग्रामं न पृच्छसि । कथा दाशेम ॥

'था' यो प्रथमान्त प्रथम पद, 'हेतौ' यो सप्तम्यन्त द्वितीय पद, 'च' यो अव्यय तृतीय पद र 'छन्दसि' यो सप्तम्यन्त चतुर्थ पद गरी यस सूत्रमा चार पद छन् । यहाँ "किमश्च"बाट 'किमः'को अनुवृत्ति आएपछि सूत्रको अर्थ :–वैदिक संस्कृतमा हेतु तथा प्रकार अर्थमा 'किम्'शब्ददेखि 'थाल्'प्रत्यय हुन्छ, हो ।

कथा ग्रामं न पृच्छसि/ कथा दाशेम । कथा = केन हेतुना ,यस विग्रहमा 'किम्' शब्ददेखि "किमश्च । ५ । ३ । २५ ॥"ले प्राप्त थमुलाई बाँधेर "था हेतौ च ०"ले 'थाल्'प्रत्यय अनुबन्धलोप, 'सुप्'को लुक् "किमः कः । ७ । २ । १०३ ॥"ले 'किम्'को स्थानमा 'क'आदेशपछि 'सु'विभक्ति अव्ययत्वात् 'सु'को लोप भएर 'कथा' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा "किमश्च" ले 'थमु'प्रत्यय भएर" 'कथम्' हुन्छ ।

१२२ पश्च पश्चा च छन्दसि । ५ । ३ । ३३ ॥ अवरस्य अस्तात्यर्थे निपातौ । पश्च हि सः । नो ते पश्चा ॥

'पश्च' यो अव्यय प्रथम पद, 'पश्चा' यो अव्यय द्वितीय पद, 'च' यो अव्यय तृतीय पद र 'छन्दसि' यो सप्तम्यन्त चतुर्थ पद गरी यस सूत्रमा चार पद छन् । यहाँ "विभाषा परावराभ्याम्" बाट 'अवरात्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृमा अस्ताति प्रत्ययको अर्थ (दिक्, देश तथा काल) मा 'अवर'शब्दको स्थानमा 'पश्च' आदेश एवम् 'अ' तथा 'आ'प्रत्यय हुन्छन्, हो ।

पश्च हि सः । पश्च = 'अवर'शब्ददेखि "पश्च पश्चा चा ०" ले 'अ'प्रत्यय तथा 'अवर' शब्दको स्थानमा 'पश्च'आदेश 'भ'संज्ञा 'अ'को लोप र स्वादिकार्यबाट 'पश्च' रूप सिद्ध हुन्छ । **नो ते पश्चा । (पश्चा)** = 'आ'प्रत्ययपछि अरू कार्य पूर्ववत् हुन्छन् ।

१२३ तुश्छन्दसि । ५ । ३ । ५९ ॥ तृजन्तात्तृन्नन्ताच्च इष्ठन्नीयसुनौ स्तः । आसुतिं करिष्ठः । दोहीयसी धेनुः ॥

'तुः' यो पञ्चम्यन्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "अतिशायने तमबिष्ठनौ" बाट 'इष्ठन्' को तथा "द्विवचनविभज्योपपदे तरबीयसुनौ" बाट 'ईयसुन्' को अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'तृच्' तथा 'तृन्' प्रत्ययान्त प्रातिपदिकदेखि 'इष्ठन्' र 'ईयसुन्' प्रत्यय हुन्छन्, हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आसुतिं करिष्ठः । करिष्ठः = 'कृ'धातुदेखि "ण्वुल्तृचौ । ३ । १ । १३३ ॥"ले 'तृच्' "सार्वधातुकार्ध ०" ले गुण र रपरबाट बनेको 'कर्तृ'शब्ददेखि "तुश्छन्दसि" ले 'इष्ठन्'प्रत्यय अनुबन्धलोप "तुरिष्ठेमेयस्सु । ७ । ४ । १५४ ॥" ले 'तृ'को लोप र स्वादिकार्यबाट 'करिष्ठ': रूप सिद्ध हुन्छ ।

दोहीयसी धेनुः । दोहियसी = 'दुह्' धातुदेखि "ण्वुल्तृचौ"ले 'तृच्'प्रत्यय अनुबन्धलोप "पुगन्त ०"ले गुण "दादेर्धातोर्घः । ८ । २ । ३२ ॥" ले 'ह्' को स्थानमा 'घ्' जश्त्व "झषस्तथोर्धोऽधः । ८ । १ । २० ।" ले 'त्'को 'ध्' (दोग्धृ) स्त्रीत्वको विवक्षामा 'ङीप्' र 'यण्'बाट बनेको 'दोधी' शब्ददेखि "तुश्छन्दसि" ले 'ईयसुन्' प्रत्यय अनुबन्धलोप "भस्याढे तद्धिते" ले पुंवद्भाव 'दोग्धृ' देखि "तुश्छन्दसि" ले 'ईयसुन्' अनुबन्धलोप "तुरिष्ठे ०" ले 'तृ'को लोप "निमित्तापाये नैमित्तिकस्याप्यपायः"द्वारा 'घ्' 'ह्'मा परिणत भएपछि "उगितश्च । ४ । १ । ६ ।"ले 'ङीप्' र स्वादिकार्यबाट 'दोहियसी' रूप सिद्ध हुन्छ ।

१२४ प्रत्नपूर्वविश्वेमात्थाल्छन्दसि । ५ । ३ । १११ ॥ इवार्थे । तं प्रत्नथा पूर्वथा विश्वथेमथा ॥

'प्रत्नपूर्वविश्वेमात्' यो पञ्चम्यन्त प्रथम पद, 'थाल्' यो प्रथमान्त द्वितीय पद र 'छन्दसि' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "इवे प्रतिकृतौ" बाट 'इवे' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा इवार्थमा प्रत्न, पूर्व, विश्व तथा इम शब्ददेखि 'थाल्'प्रत्यय हुन्छ, हो ।

प्रत्नथा = प्रत्नः (प्राचीन) इव, यस विग्रहमा "प्रत्नपूर्वविश्वे ०" ले 'प्रत्न'शब्ददेखि 'थाल्'प्रत्यय अनुबन्धलोप "तद्धितश्चासर्वविभक्तिः"ले अव्यय संज्ञापछि स्वादिकार्य भएर 'प्रत्नथा' रूप सिद्ध हुन्छ । यसरी नै पूर्व+थाल् = **पूर्वथा** । विश्व+थाल् = **विश्वथा** । इम+थाल् = **इमथा** आदि रूप सिद्ध हुन्छन् ।

१२५ अमु च छन्दसि । ५ । ४ । १२ ॥ किमेत्तिङव्ययघादित्येव । प्र तं नय प्रतरम् ॥

'अमु' यो प्रथमान्त प्रथम पद, 'च' यो अव्यय द्वितीय पद र 'छन्दसि' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "किमेत्तिङव्ययघादाम्वद्रव्यप्रकर्षे" यस सूत्रको सम्पूर्ण अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा द्रव्यप्रकर्ष अर्थमा किम्, एकारान्त, तिङन्त तथा 'अव्यय'शब्ददेखि विहित घ (तरप्–तमप्) प्रत्ययान्त शब्ददेखि 'अमु'प्रत्यय हुन्छ, हो । **प्रतरम्** = अयम् अनयोरतिशयेन प्रकर्षः, यस विग्रहमा 'प्र'शब्ददेखि "द्विवचनविभज्योपपदे तरबीयसनौ । ५ । ३ । ५७ ॥" ले 'तरप्'प्रत्यय "अमु च छन्दसि" ले 'अमु'प्रत्यय 'भ'संज्ञा 'अ'को लोप,"कृन्मेजन्तः"ले अव्यय संज्ञापछि स्वादिकार्य भएर 'प्रतरम्' रूप सिद्ध हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२६ वृकज्येष्ठाभ्यां तिल्तातिलौ च छन्दसि । ५ । ४ । ४१ ॥ स्वार्थे । यो नो दुरेवो वृकतिः । ज्येष्ठतातिं बर्हिषदम् ॥

'वृकज्येष्ठाभ्याम्' यो पञ्चम्यन्त प्रथम पद, 'तिल्तातिलौ' यो प्रथमान्त द्वितीय पद, 'च' यो अव्यय तृतीय पद र 'छन्दसि' यो सप्तम्यन्त चतुर्थ पद गरी यस सूत्रमा चार पद छन् । यहाँ सूत्रको अर्थ :– वैदिक संस्कृतमा स्वार्थमा 'वृक'शब्ददेखि 'तिल्' तथा 'ज्येष्ठ'शब्ददेखि 'तातिल्'प्रत्यय हुन्छ, हो ।

यो नो दुरेवो वृकतिः । वृकतिः = 'वृक'शब्ददेखि "वृकज्येष्ठा ०" ले 'तिल्' प्रत्यय अनुबन्धलोप र स्वादिकार्यबाट 'वृकतिः' रूप सिद्ध हुन्छ । **ज्येष्ठतातिं बर्हिषदम् । ज्येष्ठतातिम्** = 'ज्येष्ठ'शब्ददेखि "वृकज्येष्ठा ०" ले 'तिल्'प्रत्यय अनुबन्धलोप र स्वादिकार्यबाट 'ज्येष्ठतातिम्' रूप सिद्ध हुन्छ ।

१२७ अनसन्तान्नपुंसकाच्छन्दसि । ५ । ४ । १०३ ॥ तत्पुरुषाट्टच् स्यात्समासान्तः । ब्रह्मसामं भवति । देवच्छन्दसानि ॥

'अनसन्तात्' यो पञ्चम्यन्त प्रथम पद, 'नपुंसकात्' यो पञ्चम्यन्त द्वितीय पद र 'छन्दसि' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "नञस्तत्पुरुषात्" बाट 'तत्पुरुषात्' को अनुवृत्ति आएपछि सूत्रस्थ पदहरूसँग संयोजन गर्दा सूत्रको अर्थ :– वैदिक संस्कृतमा अन् अन्तमा रहेको नपुंसकलिङ्गी शब्द तथा अस् अन्तमा रहेको नपुंसकलिङ्गी शब्द अन्तमा रहेको तत्पुरुष समासदेखि समासान्त 'टच्'प्रत्यय हुन्छ, हो । लौकिक संस्कृतमा तत्पुरुषान्त सामन् र छन्दस् शब्ददेखि 'टच्' हुँदैन

ब्रह्मसामं भवति । ब्रह्मसामम् = ब्रह्मणः साम (ब्रह्मन्+ङस्, सामन्+सु) यस विग्रहमा "षष्ठी । २ । २ । ८ ॥" ले समास, समासत्वात् प्रातिपदिक संज्ञा 'सुप्' को लुक् "नलोपः प्राति ०" ले 'न्'को लोप भएर बनेको 'ब्रहमसामन्' देखि "अनसन्तान्न ०" ले समासान्त 'टच्' प्रत्यय, "नस्तद्धिते" ले 'टि'को लोप र स्वादिकार्यबाट 'ब्रह्मसामम्' रूप सिद्ध हुन्छ ।

देवच्छन्दसानि = देवानां छन्दांसि, यस विग्रहमा समास प्रातिपदिक संज्ञा 'सुप्'को लुक् (देवच्छन्दस्)देखि "अनसन्तान्न ०" ले समासान्त 'टच्'प्रत्यय र स्वादिकार्यबाट 'देवच्छन्दसानि' सिद्ध हुन्छ ।

१२८ बहुप्रजाश्छन्दसि । ५ । ४ । १२३ ॥ बहुप्रजा निर्ऋतिमाविवेश ॥

'बहुप्रजाः' यो प्रथमान्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'बहुप्रजा'शब्द निपातनद्वारा सिद्ध हुन्छ, हो ।

बहुप्रजा निर्ऋतिमाविवेश । बहुप्रजाः = बह्व्यः प्रजा यस्य स, यस विग्रहमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"अनेकमन्यपदार्थे । २ । २ । २४ ॥" ले समास, समासत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक् "स्त्रियाः पुंवद् ०" ले पुंवद्भाव 'बहु'प्रजादेखि "बहुप्रजाश्छ ०" ले निपातनद्वारा 'असिच्'प्रत्यय अनुबन्धलोप 'भ'संज्ञा "यस्येति च" ले 'आ'को लोप वर्णमेलन (बहुप्रजस्+सु) "हल्ङ्याब्भ्यो ०" ले 'सु'को लोप "अत्वसन्तस्य चाधातोः । ६ । ३ । १४ ॥" ले उपधादीर्घ, तथा रुत्व र विसर्ग भएर 'बहुप्रजाः' रूप सिद्ध हुन्छ ।

१२९ छन्दसि च । ५ । ४ । १४२ ॥ दन्तस्य दतृशब्दः स्याद्बहुव्रीहौ । उभयतो दतः प्रतिगृह्णाति ॥

'छन्दसि' यो सप्तम्यन्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "वयसि दन्तस्य दतृ" सूत्रको सम्पूर्ण अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा बहुव्रीहि समासमा 'दन्त'शब्दको स्थानमा 'दतृ'आदेश हुन्छ, हो । लौकिक संस्कृतमा बहुव्रीहि समासमा संख्यादि पूर्वमा नभएकाले 'दन्त'शब्दका स्थानमा 'दतृ' हुँदैन ।

उभयतोदतः प्रतिगृह्णाति । उभयतोदतः = उभयतो दन्ता यस्य स, यस विग्रहमा "अनेकमन्यपदार्थे । २ । २ । २४ ॥" ले समास, समासत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक् "छन्दसि च" ले 'दन्त'शब्दको स्थानमा 'दतृ'आदेश र स्वादिकार्यबाट 'उभयतोदतः' रूप सिद्ध हुन्छ ।

१३० ऋतश्छन्दसि । ५ । ४ । १५८ ॥ ऋदन्ताद् बहुव्रीहेर्न कप् । हता माता यस्य हतमाता ॥

'ऋतः' यो पञ्चम्यन्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुइ पद छन् । यहाँ "उरः प्रभृतिभ्यः कप्" बाट 'कप्'को र "न संज्ञायाम्" बाट 'न' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा बहुव्रीहि समासमा ऋकारान्त शब्ददेखि 'कप्'प्रत्यय हुँदैन, हो । लैकिक संस्कृतमा बहुव्रीहि समासमा ऋकारान्त शब्ददेखि 'कप्'प्रत्यय हुन्छ ।

हतमाता = हता माता यस्य स, यस विग्रहमा "अनेकमन्यमन्यपदार्थे" ले समास प्रातिपदिक संज्ञा 'सुप्'को लुक् "नद्यृतश्च । ५ ।४ । १५३ ॥" ले प्राप्त 'कप्'को "ऋतश्छन्दसि" ले निषेध तथा स्वादिकार्यले 'हतमाता' सिद्ध हुन्छ । लौकिक संस्कृतमा "नद्यृतश्च"ले 'कप्' भएर 'हतमातृकः' हुन्छ ।

इति शालिग्राम सुवेदीद्वारा विरचित 'रञ्जना' नेपाली व्याख्याको वैदिकी प्रक्रियाको पञ्चम अध्याय ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ षष्ठोऽध्यायः ।

"एकाचो द्वे प्रथमस्य ॥" छन्दसि वेति वक्तव्यम् (वा०) ॥ यो जागार । दाति प्रियाणि ॥

वैदिक संस्कृमा "लिटिधातोरनभ्यासस्य । ६ । १ । ८ ॥" तथा "श्लौ । ६ । १ । १० ॥" ले हुने द्वित्व विकल्पले हुन्छ । **यो जागार** = जागृ (जागृ निद्राक्षये, जुहोत्यादि) धातुदेखि लिट् 'ल्'को स्थानमा प्रथम पुरुषको एकवचन तिप्, "परस्मैपदानां णलतुसुस्थलथुसणल्वमाः । ३ । ४ । ८२ ॥" ले 'तिप्'को स्थानमा 'णल्' "लिटि धातोरनभ्यासस्य । ६ । १ । ८ ॥" ले प्राप्त नित्य द्वित्वलाई बाँधेर "छन्दसि वेति ०" ले विकल्पले द्वित्व (जागृ अ) "अचो ञ्णिति" ले वृद्धि रपर र वर्णमेलन भएर 'जागार' रूप सिद्ध हुन्छ । । पक्षमा 'जजागार' हुन्छ ।

दाति प्रियाणि । दाति = अनुबन्धविनिर्मुक्त 'दा' (डुदाञ् दाने, जुहोत्यादि) धातुदेखि लट्,'ल्'को स्थानमा प्रथम पुरुषको एकवचन तिप्, 'शप्', "जुहोत्यादिभ्यः श्लुः । २ । ४ । ७५ ॥" ले 'शप्'को श्लु, "श्लौ" ले प्राप्त नित्य द्वित्वलाई उक्त वार्तिकले विकल्पले गरेपछि 'दाति' रूप सिद्ध हुन्छ । पक्षमा ददाति पनि बन्दछ ।

१३१ तुजादीनां दीर्घोऽभ्यासस्य । ६ । १ । ७ ॥ तुजादिराकृतिगणः । प्रभरा तूतुजानः । सूर्ये मामहानम् । दाधार यः पृथिवीम् । स तूताव ॥

'तुजादीनाम्' यो षष्ठचन्त प्रथम पद, 'दीर्घः' यो प्रथमान्त द्वितीय पद र 'अभ्यासस्य' यो षष्ठचन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "ऋतश्छन्दसि" बाट 'छन्दसि' को अनुवृत्ति आएपछि सूत्रस्थ पदहरूको संयोजन गर्दा सूत्रको अर्थ :– वैदिक संस्कृतमा तुजादि गणपठित धातुको अभ्यासको दीर्घ हुन्छ, हो ।

प्रभरा तूतुजानः । तूतुजानः = अनुबन्धविनिर्मुक्त 'तुज्' (तुज हिंसायाम् , भ्वादि) धातुदेखि लिट् "लिटः कानच्वा ३ । २ । १०६ ॥"ले लिट्को स्थानमा 'कानच्' अनुबन्धलोप द्वित्व अभ्यासादि कार्य "तुजादीनां दी ०" ले अभ्यासको दीर्घ, वर्णमेलन र स्वादिकार्यबाट 'तूतुजानः' रूप सिद्ध हुन्छ । **सूर्ये मामहानम् । मामहानम्** = मह् (मह पूजायाम् , भ्वादि) धातुदेखि पूर्ववत् कार्य हुन्छन् ।

दाधार यः पृथिवीम् । दाधार = अनुबन्धविनिर्मुक्त 'धृ' (धृञ् धारणे, भ्वादि) धातु देखि लिट् 'ल्'को स्थानमा प्रथम पुरुषको एकवचन तिप्, "परस्मैपदानाम् ०" ले तिप्को 'णल्' "लिटि धातोरनभ्यासस्य । ६ । १ । ८ ॥" ले द्वित्व अभ्यासादि कार्य "अचो ञ्णिति" ले वृद्धि रपर "तुजादीनां दी ०" ले अभ्यासको दीर्घ र वर्णको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेलनबाट 'दाधार' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'दधार' हुन्छ ।

स तूताव = तु (तु सौत्रः) धातुदेखि लिट् 'ल्'को स्थानमा प्रथम पुरुषको एकवचन तिप्, "परस्मैपदानाम् ०" ले 'तिप्'को स्थानमा 'णल्' "लिटि धातोः ०" ले द्वित्व अभ्यासादि कार्य "अचो ञ्णिति" ले वृद्धि "एचोऽयवायावः" ले आवादेश "तुजादीनां दी ०" ले अभ्यासको दीर्घ र वर्णमेलनबाट 'तूताव' रूप सिद्ध हुन्छ ।

१३२ बहुलं छन्दसि । ६ । १ । ३४ ॥ ह्वः सम्प्रसारणं स्यात् । इन्द्रमाहुव ऊतये ॥

'बहुलम्' यो प्रथमान्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "ह्वः सम्प्रसारणम्" बाट 'ह्वः' को अनुवृत्ति आएपछि सूत्रस्थपदहरूको संयोजनले सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'ह्वे' धातुको बहुलतया सम्प्रसारण हुन्छ, हो ।

इन्द्रमाहुव ऊतये । आहुवे = अनुबन्धविनिर्मुक्त 'आङ्' पूर्वक ह्वे (ह्वेञ् स्पर्धायां शब्दे च, भ्वादि) धातुदेखि लट् 'ल्' को स्थानमा उत्तम पुरुषको एकवचन 'इट्', 'शप्' "बहुलं छन्दसि । २ । ४ । ७३ ॥" ले 'शप्' को लुक् "टित आत्मनेपदानां टेरे" ले 'टि' को एत्व "बहुलं छ ० ६ । १ । ३४ ॥" ले सम्प्रसारण पूर्वरूप (आ हु ए) "अचि श्नुधातुभ्रुवां य्वोरियङुवङौ । ६ । ४ । ७७ ॥"ले 'उवङ्' र वर्णको मेलनबाट 'आहुवे' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'आह्वये' हुन्छ ।

ऋचि त्रेरुत्तरपदादिलोपश्च छन्दसि (वा.) ॥ ऋच्शब्दे परे त्रेः सम्प्रसारणमुत्तर–पदादेर्लोपश्चेति वक्तव्यम् । तृचं सूक्तम् । छन्दसि किम् ? त्र्यृचानि ॥

वैदिक संस्कृतमा 'ऋच्'शब्द पर भएमा 'त्रि'शब्दको सम्प्रसारण हुन्छ, तथा उत्तर पदमा रहेको 'ऋच्'शब्दको आदिवर्ण 'ऋ'को लोप हुन्छ ।

तृचं सूक्तम् । तृचम् = तिस्रः ऋचः यस्मिन् सूक्ते, यस विग्रहमा "अनेकमन्यपदार्थे" ले समास समासत्वात् प्रातिपदिक संज्ञा सुप्को लुक् (त्रि ऋच्) "ऋचि त्रेरुत्तरप ०" ले सम्प्रसारण, तथा 'ऋच्'को 'ऋ'को लोप पूर्वरूप (तृच्) "ऋक्पूरब्धूःपथामानक्षे । ५ । ४ । ७४ ॥" ले समासान्त 'अ'प्रत्यय र स्वादिकार्यबाट 'तृचम्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'त्र्यृचम्' बन्छ ।

रयेर्मतौ बहुलम् (वा०) ॥ रेवान् । रयिमान्पुष्टिवर्धनः ॥

'रयि'शब्ददेखि 'मतुप्'प्रत्यय पर रहेमा 'रयि'शब्दको यकारको बहुलतया सम्प्रसारण हुन्छ । **रेवान्** = रयिः यस्यास्ति, यस विग्रहमा 'रयि'शब्ददेखि "तदस्यास्त्यस्मिन् ०" ले 'मतुप्' अनुबन्धलोप तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक् "रयेर्मतौ बहुलम्" ले विकल्पले सम्प्रसारण (र इ इ मत्) पूर्वरूप (र इ मत्) "छन्दसीरः । ८ । २ । १५ ॥" ले 'म्'को स्थानमा 'व्' "आद् गुणः" ले गुण र स्वादिकार्यबाट 'रेवान्' रूप सिद्ध हुन्छ । सम्प्रसारणको अभावमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'रयिमान्' हुन्छ ।

१३३ चायः की । ६ । १ । ३५ ॥ न्य१न्यं चिक्युर्न निचिक्युरन्यम् । लिटि उसि रूपम् । बहुलग्रहणानुवृत्तेर्नेह । अग्निं ज्योतिर्निचाय्य ॥

'चायः' यो षष्ठचन्त प्रथम पद र 'की' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "बहुलं छन्दसि" को सम्पूर्ण अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'चाय्'धातुको स्थानमा 'कि' आदेश विकल्पले हुन्छ, हो । **न्य१न्यं चिक्युर्न निचिक्युरन्यम् । चिक्युः** = अनुबन्धविनिर्मुक्त चाय् (चायृ पूजानिशामनयोः, भ्वादि) धातुदेखि लिट्, 'ल्'को स्थानमा प्रथम पुरुषको बहुवचन झि, "परस्मैपदानाम् ०" ले 'झि'को स्थानमा 'उस्' "चायः की" ले 'चाय्'को 'की'आदेश द्वित्व, ह्रस्व, "कुहोश्चुः" ले चुत्व "इको यणचि" ले 'यण्' रुत्व र विसर्ग बाट 'चिक्युः' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'चचायुः' हुन्छ । **अग्निं ज्योतिर्निचाय्य । निचाय्य** = अनुबन्धविनिर्मुक्त 'नि'पूर्वक 'चाय्'धातुदेखि "समानकर्तृकयोः पूर्वकाले । ३ । ३ । २१ ॥" ले 'क्त्वा' "समासेऽनञ्पूर्वे क्त्वो ल्यप् । ७ । १ । ३७ ॥" ले 'क्त्वा'को स्थानमा 'ल्यप्' अनुबन्धलोप अव्यय संज्ञा र स्वादिकार्यले 'निचाय्य' सिद्ध हुन्छ । उक्त सूत्रमा बहुलको अनुवृत्ति आएको हुनाले 'चाय्'को स्थानमा 'की' आदेश भएन ।

१३४ अपस्पृधेथामानृचुरानृहुश्चिच्युषेतित्याजश्राताश्रितमाशीराशीर्ताः । ६ । १ । ३६ ॥ एते छन्दसि निपात्यन्ते । इन्द्रश्च विष्णो यदपस्पृधेथाम् । स्पर्धेर्लङि आथाम् । अर्कमानृचुः । वसून्यानृहुः । अर्चेरर्हेश्च लिटचुसि । चिच्युषे । च्युङो लिटि थासि । यस्तित्याज । त्यजेर्णलि । श्राातास्त इन्द्र सोमाः । श्रिता नो ग्रहाः । श्रीञ् पाके निष्ठायाम् । आशिरं दुहे । मध्यत आशीर्त । श्रीञ् एव क्विपि निष्ठायां च ॥

'अपस्पृधेथाम्' 'आनृचुः' 'आनृहुः' 'चिच्युषे' 'तित्याज' यी तिङन्त पद, 'श्राताश्रितम्' र 'आशीरा शीर्ताः' यी प्रथमान्त पद गरी यस सूत्रमा अनेक पद छन् । अथवा अनुकरणात्मक पदमा भेदको विवक्षा मानेर प्रातिपदिक संज्ञा र स्वाद्युत्पत्तिपछि समुदायबाट 'जस्'विभक्ति आई बनेको 'अपस्पृधेथामानृचुरानृहुश्चिच्युषेतित्याजश्राताश्रितमाशीराशीर्ताः' यो समस्तपद भएको सूत्र हो । यहाँ "बहुलं छन्दसि" बाट 'छन्दसि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :–वैदिक संस्कृतमा अपस्पृधेथाम्, आनृचुः, आनृहुः, चिच्युषे, तित्याज, श्राता, श्रितम्, आशीर तथा आशीत शब्दहरू निपातनद्वारा सिद्ध हुन्छन्, हो । **इन्द्रश्च विष्णो यदपस्पृधेथाम् । अपस्पृधेथाम्** = स्पर्ध् (स्पर्ध सङ्घर्षे, भ्वादि) धातुदेखि लङ् 'ल्'को स्थानमा मध्यम पुरुषको द्विवचन आथाम्, 'अट्' आगम 'शप्' "अपस्पृधेथा ०" ले निपातनद्वारा द्वित्व र अभ्यास संज्ञा भएपछि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राप्त हलादिशेषलाई बाँधेर "शपूर्वाः खयः । ७ । ४ । ७१ ॥" ले 'प'को शेष (पस्पर्ध आथाम्) "अपस्पृधेथा ०" ले निपातनद्वारा धातुको सम्प्रसारण (पस्पऋध् अ आथाम्) निपातनद्वारा पकारोत्तरवर्ती अकारको लोप (पस्प्ऋध् अ आथाम्) "आतो ङितः । ७ । २ । ८७ ॥" ले 'आथाम्'को 'आ'को स्थानमा 'इय्'आदेश, गुण "लोपो व्योर्वलि"ले 'य्'को लोप भएर'अपस्पृधेथाम्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'अस्पर्धेथाम्' हुन्छ ।

अर्कमानृचुः । आनृचुः = अर्च् (अर्च पूजायाम्, भ्वादि) धातुदेखि लिट् 'ल्'को स्थानमा प्रथम पुरुषको बहुवचन झि, "परस्मैपदानाम् ०" ले 'झि'को स्थानमा 'उस्' "अपस्पृधेथा ०" ले निपातनद्वारा सम्प्रसारण तथा 'अ'को लोप (ऋच्) द्वित्व अभ्यास संज्ञा "उरत् । ६ । ४ । ६६ ॥" ले अत्व रपरत्व (अर्च् ऋच्) हलादिशेष "अत आदेः । ७ । ४ । ७० ॥" ले अभ्यासको दीर्घ, "तस्मान्नुड् द्विहलः । ७ । ४ । ७१ ॥" ले 'नुट्'आगम, वर्णमेलन र रुत्व, विसर्ग भएपछि 'आनृचुः' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'आनर्चुः' रूप हुन्छ ।

वसून्यानृहुः । आनृहुः = अर्ह (अर्ह पूजायाम्, भ्वादि) धातुदेखि लिट् पूर्ववत् कार्य भएर 'आनृहुः' हुन्छ । लौकिक संस्कृतमा 'अनर्हुः' रूप हुन्छ । **चिच्युषे** = च्यु (च्युङ् भ्वादि) धातुदेखि लिट् 'ल्'को स्थानमा मध्यम पुरुषको एकवचन थास्, "थासः से"ले 'थास्'को स्थानमा 'से' द्वित्व, "हलादिः शेषः । ७ । ४ । ६० ॥"ले प्राप्त हलादिशेषलाई निषेध गरेर "अपस्पृधेथा ०" ले निपातनद्वारा अभ्यासको सम्प्रसारण तथा पूर्वरूप 'इट्'को अभाव र "आदेशप्रत्यययोः" ले षत्व भएपछि 'चिच्युषे' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'चिच्युविषे' रूप हुन्छ ।

यस्तित्याज । तित्याज = त्यज् (त्यज वयो हानौ, भ्वादि) धातुदेखि लिट् 'ल्' को स्थानमा प्रथम पुरुषको एकवचन तिप्, "परस्मैपदानाम् ०"ले तिप्को स्थानमा 'णल्'द्वित्व "अपस्पृधेथा ०"ले निपातनद्वारा अभ्यासको सम्प्रसारण पूर्वरूप "अंत उपधायाः" ले उपधावृद्धि र वर्णमेलनबाट 'तित्याज' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'तत्याज' रूप हुन्छ ।

श्रातास्त इन्द्र सोमाः । श्राताः = अनुबन्धविनिर्मुक्त 'श्री' (श्रीञ् पाके, भ्वादि) धातुदेखि "निष्ठा । ३ । २ । १०२ ॥" ले 'क्त'प्रत्यय "अपस्पृधेथा ०" ले निपातनद्वारा 'श्री'को स्थानमा 'श्रा' आदेश र स्वादिकार्यबाट 'श्राताः' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'श्रीताः' हुन्छ । **श्रितम्** = श्री (श्रीञ् पाके, भ्वादि) धातुदेखि "निष्ठा । ३ । २ । १०२ ॥" ले 'क्त'प्रत्यय "अपस्पृधेथा ०" ले निपातनद्वारा 'श्री'को स्थानमा 'श्रि'आदेश र स्वादिकार्यबाट 'श्रितम्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'आश्रीतम्' हुन्छ । **आशिरं दुहे । आशिरम्**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

= 'आङ्'पूर्वक 'श्री' धातुदेखि "क्विप् च । ३ । २ । ७६ ॥"ले 'क्विप्' प्रत्यय सर्वापहारी लोप "अपस्पृधेथा ०" ले निपातनद्वारा 'श्री'को स्थानमा 'शिर्' आदेश र स्वादिकार्यबाट 'आशिरम्' रूप सिद्ध हुन्छ ।

मध्यत आशीर्तः । आशीर्तः = 'आङ्'पूर्वक श्री (श्रीञ् पाके, भ्वादि) धातुदेखि "निष्ठा । ३ । २ । १०२ ॥" ले 'क्त'प्रत्यय "अपस्पृधेथा ०" ले निपातनद्वारा 'श्री'को स्थानमा 'शिर्'आदेश "रदाभ्यां निष्ठातो नः पूर्वस्य च दः । ८ । २ । ४२ ॥" ले प्राप्त नत्वको उक्त सूत्रले निपातनद्वारा निषेध "हलि च । ८ । २ । ७७ ।" ले दीर्घ र स्वादिकार्यबाट 'आशीर्तः' रूप सिद्ध हुन्छ ।

१३५ खिदेश्छन्दसि । ६ । १ । ५२ ॥ खिद दैन्ये । अस्यैच आद्वा स्यात् चिखाद । चिखेदेत्यर्थः ॥ 'खिदेः' यो षष्ठचन्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुइ पद छन् । यहाँ "आदेच उपदेशेऽशिति" बाट 'आदेचः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'खिद्' धातुको एकार को स्थानमा 'आकार'आदेश विकल्पले हुन्छ, हो ।

चिखाद = खिद् (खिद दैन्ये, दिवादि) धातुदेखि लिट् 'ल्'को स्थानमा व्यत्ययेन परस्मैपद तिप्, णल्, द्वित्व, अभ्यासादि कार्य "पुगन्त ०" ले गुण "खिदेश्छ ० ६ । १ । ५२ ॥" ले 'ए'को स्थानमा आत्व र वर्णमेलन भएर 'चिखाद' रूप सिद्ध हुन्छ । पक्षमा 'चिखेद' बन्छ । लौकिक संस्कृतमा 'चिखिदे' हुन्छ ।

१३६ शीर्षश्छन्दसि । ६ । १ । ६० ॥ शिरः शब्दस्य शीर्षन् स्यात् । शीर्ष्णः शीर्ष्णो जगतः ॥

'शीर्षन्' यो प्रथमान्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'शिरस्'शब्दको स्थानमा 'शीर्षन्' आदेश हुन्छ, हो ।

शीर्ष्णः शीर्ष्णो जगतः । शीर्ष्णः = शिरस् शब्ददेखि 'ङस्' "शीर्षश्छन्दसि" ले 'शिरस्'शब्दको स्थानमा 'शीर्षन्'आदेश "अल्लोपोऽनः । ६ । ४ । १३४ ॥" ले 'अ'को लोप "रषाभ्यां नो णः समानपदे" ले णत्व, रुत्व र विसर्ग भएर 'शीर्ष्णः' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'शिरसः' रूप हुन्छ ।

१३७ वा छन्दसि । ६ । १ । १०६ ॥ दीर्घाज्जसि इचि च पूर्वसवर्णदीर्घो वा स्यात् । वाराही । वाराह्यौ । मानुषीरीलते विशः । उत्तरसूत्रद्वयेऽपीदं वाक्यभेदेन सम्बध्यते । तेनामि पूर्वत्वं वा स्यात् । शमीं च शम्यं च । सूर्म्यं सुषिरामिव ॥ सम्प्रसारणाच्च इति पूर्वरूपमपि वा । इज्यमानः यज्यमानः ॥

'वा' यो अव्यय प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "अकः सवर्णे दीर्घः" बाट 'दीर्घ' को, "प्रथमयोः पूर्वसवर्णः"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाट 'पूर्वसवर्ण' को तथा "नादिचि" बाट 'इचि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा दीर्घ प्रातिपदिकदेखि जस् तथा इजादि प्रत्यय पर भएमा पूर्वसवर्णदीर्घ विकल्पले हुन्छ, हो । लौकिक संस्कृतमा दीर्घ प्रातिपदिकदेखि जस् तथा इजादि प्रत्यय पर भएमा प्राप्त पूर्वसवर्णदीर्घको "दीर्घाज्जसि च । ६ । १ । १०५ ॥" ले निषेध हुने हुँदा पूर्वसवर्णदीर्घ हुँदैन ।

वाराही = वाराही शब्ददेखि प्रथमाको द्विवचन 'औ' "इको यणचि" ले प्राप्त 'यण्'लाई बाँधेर "प्रथमयोः पूर्वसवर्णः । ६ । १ । १०२ ॥" ले दीर्घ प्राप्त थियो, त्यसको "दीर्घाज्जसि च" ले निषेध भएपछि "वा छन्दसि" ले विकल्पले पूर्वसवर्ण दीर्घ भएर 'वाराही' सिद्ध हुन्छ । पक्षमा 'यण्' भई 'वाराह्यौ' बन्छ ।

मानुषीरीलते विशः । मानुषीः = 'मानुषी'शब्ददेखि 'जस्', पूर्ववत् कार्य भएपछि रुत्व र विसर्ग भएर 'मानुषीः' रूप सिद्ध हुन्छ । यस सूत्रभन्दा पछिका "अमि पूर्वः । ६ । १ । १०७ ॥" तथा "सम्प्रसारणाच्च । ६ । १ । १०८ ॥" सूत्रमा पनि "वा छन्दसि" को अनुवृत्ति आउने हुँदा वैदिक संस्कृतमा "अमि पूर्वः" आदि सूत्रहरूद्वारा पूर्वरूप आदि कार्यहरू विकल्पले हुन्छन् ।

शमीं च शम्यं च । शम्यम् / शमीम् = 'शमी'शब्ददेखि द्वितीया विभक्तिको एकवचन अम्, "अमि पूर्वः" "वा छन्दसि"को प्रकरणमा परेकाले पूर्वरूप नभएको पक्षमा "इको यणचि" ले 'यण्' भएर 'शम्यम्' बन्छ । पूर्वरूपको भएको पक्षमा 'शमीम्' बन्छ । **सूर्म्यम्** = 'सूर्मि' शब्ददेखि द्वितीयाको एकवचन 'अम्' पूर्वरूपको अभावमा 'यण्'भएर 'सूर्म्यम्' बन्छ । लौकिक संस्कृतमा 'सूर्मिम्' रूप हुन्छ ।

इज्यमानः/ यज्यमानः = 'यज्' धातुदेखि कर्ममा लट् "लटः शतृशानचावप्रथमासमानाधिकरणे । ३ । २ । १२४ ॥" ले 'लट्'को स्थानमा 'शानच्' अनुबन्धलोप 'शप्'लाई बाँधेर "सार्वधातुके यक् । ३ । १ । ६७ ॥"ले 'यक्' "आने मुक् । ७ । २ । ८२ ॥" ले 'मुक्' आगम "वचि स्वपियजादीनां किति । ६ । १ । १५ ॥" ले सम्प्रसारण (इअज्य म् आन) "वा छन्दसि"को प्रकरणमा परेकाले "सम्प्रसारणाच्च" ले विकल्पले पूर्वरूप र स्वादिकार्यबाट 'इज्यमानः' यो रूप सिद्ध हुन्छ । पूर्वरूप नभएको पक्षमा "इको यणचि" ले 'यण्' भएर यज्यमानः बन्छ ।

१३८ शेश्छन्दसि बहुलम् । ६ । १ । ७० ॥ लोपः स्यात् । या ते गात्राणाम् । ता ता पिण्डानाम् ॥ 'शेः' यो षष्ठचन्त प्रथम पद, 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद र 'बहुलम्' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "लोपो व्योर्वलि" बाट 'लोपः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'शि'को बहुलतया लोप हुन्छ, हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

या ते गात्राणाम् । **या** (यानि) = 'यत्'शब्ददेखि 'जस्' "जश्शसो शिः । ७ । १ । २० ॥"ले 'जस्'को स्थानमा 'शि'आदेश "शि सर्वनामस्थानम् । १ । १ । ४२ ॥"ले सर्वनाम संज्ञा "शेश्छन्दसि ०" ले 'शि'को लोप "प्रत्ययलोपे प्रत्ययलक्षणम् । १ । १ । ६२ ॥"को अनुसार "त्यदादीनामः । ७ । २ । १०२ ।" ले अत्व, पररूप "नपुंसकस्य झलचः । ७ । १ । ७२ ।"ले 'नुम्' "सर्वनामस्थाने चासम्बुद्धौ । ६ । ४ । ८ ॥"ले दीर्घपछि "नलोपः प्रातिपदिकान्तस्य"ले 'न्'को लोप भएर 'या' रूप सिद्ध हुन्छ । **ता ता पिण्डानाम्** । **ता ता** (तानि तानि) = तद् शब्ददेखि पूर्ववत् कार्य भएर ता ता रूप हुन्छन् ।

एमन्नादिषु छन्दसि पररूपम् वक्तव्यम् (वा०) ॥ अपां त्वेमन् । अपां त्वोद्यन् ॥ वैदिक संस्कृतमा अवर्णान्त पददेखि 'एमन्'आदि शब्द पर भएमा पररूप एकादेश हुन्छ । **अपां त्वेमन्** । **त्वेमन्** = त्वा+एमन्, यहाँ "वृद्धिरेचि" ले प्राप्त वृद्धिलाई निषेध गरेर "एमन्नादिषु ०" ले पररूप हुन्छ । **अपां त्वोद्यन्** । **त्वोद्मन्** = त्वा+ओद्मन्, यहाँ पूर्ववत् कार्य हुन्छन् ।

१३९ भय्यप्रवय्ये च छन्दसि । ६ । १ । ८३ ॥ बिभेत्यस्मादिति भय्यः । वेतेः प्रवय्या इति स्त्रियामेव निपातनम् । प्रवेयमित्यन्यत्र । छन्दसि किम् ? भेयम् । प्रवेयम् ॥

'भय्यप्रवय्ये' यो समस्त प्रथमान्त प्रथम पद, 'च' यो अव्यय द्वितीय पद र 'छन्दसि' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "एचोऽयवायावः"बाट 'अय्'को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा भय्य र प्रवय्य शब्द निपातनद्वारा सिद्ध हुन्छन्, हो ।

भय्यः = बिभेति अस्मात्, यस विग्रहमा 'भी'धातुदेखि "अचो यत् । ३ । १ । ९७ ॥"ले 'यत्'प्रत्यय आर्धधातुक संज्ञा "सार्वधातुकार्धं ०" ले गुण "भय्यप्रवय्ये ०" ले निपातनद्वारा 'अय्'आदेश र स्वादिकार्यबाट 'भय्यः' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'भेयम्' रूप हुन्छ । **वेतेः प्रवय्या** = 'प्र'पूर्वक 'वी'धातुदेखि पूर्ववत् कार्य भएपछि स्त्रीत्वको विवक्षामा "अजाद्यतष्टाप्"ले 'टाप्', दीर्घ र स्वादिकार्यबाट 'प्रवय्या' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'प्रवेयम्' रूप हुन्छ ।

हृदय्या उपसंख्यानम् (वा०) ॥ हृदे भवा हृदय्या आपः । भवे छन्दसि यत् ॥ वैदिक संस्कृतमा हृदय्या शब्द निपातनद्वारा सिद्ध हुन्छ । **हृदय्या** = हृदे भवा, यस विग्रहमा 'हृद' शब्ददेखि "भवे छन्दसि" ले 'यत्'प्रत्यय 'सुप्'को लुक् "हृदय्या उप ०" ले निपातनद्वारा 'अ'को स्थानमा'अय्'आदेश स्त्रीत्वको विवक्षामा 'टाप्' दीर्घ र स्वादिकार्यबाट 'हृदय्या' रूप सिद्ध हुन्छ ।

१४० प्रकृत्यान्तःपादमव्यपरे । ६ । १ । ११५ ॥ ऋक्पादमध्यस्थ एङ् प्रकृत्या

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्यादति परे न तु वकारयकारपरेऽति। उपप्रयन्तो अध्वरम्। सुजाते अश्वसूनृते। अन्तःपादं किम् ? एतास एतेऽर्चन्ति। अव्यपरे किम् ? तेऽवदन्। तेऽयजन्॥

'प्रकृत्या' यो अव्यय प्रथम पद, 'अन्तःपादम्' यो प्रथमान्त द्वितीय पद र 'अव्यपरे' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "एङः पदान्तादति" बाट 'एङः' को र 'अति' को अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– ऋग्वेदमा पादको बिचमा रहेको 'एङ्'को ह्रस्व अकार पर भएमा प्रकृतिभाव हुन्छ, यदि ह्रस्व अकारदेखि पर 'व' अथवा 'य' छैनन् भने भन्ने हो। **उपप्रयन्तो अध्वरम्** = यहाँ "एङः पदान्तादति। ६। १। १०९॥" ले प्राप्त पररूपलाई निषेध गरेर "प्रकृत्यान्तः पाद ०" ले प्रकृतिभाव हुन्छ। **सुजाते अश्वसूनृते** = यहाँ पूर्ववत् कार्य हुन्छन्। यदि 'एङ्' पादको आदिमा अथवा अन्तमा छ भने प्रकृतिभाव हुँदैन। 'एतेऽर्चन्ति' यहाँ 'एङ्' पादको आदिमा रहेकाले प्रकृतिभाव भएन। यदि ह्रस्व अकारदेखि पर 'व' अथवा 'य' छन् भने पनि प्रकृतिभाव हुँदैन। तेऽवदन्। तेऽयजन् यहाँ ह्रस्व अकारदेखि पर 'व' तथा 'य' भएकाले प्रकृतिभाव भएन।

१४१ अव्यादवद्यादवक्रमुरव्रतायमवन्त्ववस्युषु च। ६। १। ११६॥ एषु व्यपरेऽप्यति एङ् प्रकृत्या। वसुभिर्नो अव्यात्। मित्रमहो अवद्यात्। मा शिवासो अवक्रमुः। ते नो अव्रत। शतधारो अयं मणिः। ते नो अवन्तु। कुशिकासो अवस्यवः। यद्यपि बह्वृचैस्तेनोऽवन्तु रथतूः। सोऽयमागात्। तेऽरुणेभिरित्यादौ प्रकृतिभावो न क्रियते, तथापि बाहुलकात्समाधेयम्। प्रातिशाख्ये तु वाचनिक एवायमर्थः॥

'अव्यादवद्यादवक्रमुरव्रतायमवन्त्ववस्युषु' यो समस्त सप्तम्यन्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ पूर्वसूत्रमा भैँ 'एङः' को र 'अति' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– ऋग्वेदमा अव्याद्, अवद्याद्, अवक्रमु, अव्रत, अयम्, अवन्तु, र अवस्यु शब्दमा वकारपरक ह्रस्व अकार तथा यकारपरक ह्रस्व अकार पर छ, भने पनि पादको बिचमा रहेको 'एङ्'को प्रकृतिभाव हुन्छ, हो।

वसुभिर्नो+अव्यात्, यहाँ "एङः पदान्तादति" ले प्राप्त पूर्वरूपलाई बाँधेर "अव्यादवद्या ०" ले प्रकृतिभाव हुन्छ। यसरी नै **मित्रमहो+अवद्यात्। मा शिवासो+अवक्रमुः। ते नो+अव्रत। शतधारो+अयं मणिः। ते नो+अवन्तु। कुशिकासो+अवस्यवः।** आदि रूप सिद्ध हुन्छन्। तर ऋग्वेदका कुनै शाखाध्यायीले पूर्वोक्त स्थलमा पनि प्रकृतिभाव गर्दैनन्। वेदमा सबै विधि वैकल्पिक हुने हुँदा त्यस्ता प्रयोग पनि साधु मानिन्छन्। प्रातिशाख्यमा भने उपर्युक्त प्रयोगमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकृतिभाव गर्नुपर्छ भनिएको छ। उपर्युक्त स्थलमा ह्रस्व अकारदेखि वकार तथा यकार पर रहेको हुँदा पूर्व सूत्रले अप्राप्त प्रकृतिभाव उक्त सूत्रले विधान गर्छ।

१४२ यजुष्युरः। ६। १। ११७॥ उरःशब्द एङन्तोऽति प्रकृत्या यजुषि। उरो अन्तरिक्षम्। यजुषि पादाभावादनन्तःपादार्थं वचनम्॥

'यजुषि'यो सप्तम्यन्त प्रथम पद र 'उरः' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "एङ् ह्रस्वात् सम्बुद्धेः" बाट 'एङ्' को र पूर्वसूत्रमा भैँ 'अति' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :–यजुर्वेदमा ह्रस्व अकार पर भएमा एङन्त 'उरस्' शब्दको प्रकृतिभाव हुन्छ, हो।

उरो+अन्तरिक्षम् =यहाँ "एङः पदान्तादति। ६। १। १०९॥"ले प्राप्त पररूपलाई बाँधेर "यजुष्युरः"ले प्रकृतिभाव हुन्छ। यजुर्वेद गद्यात्मक हुँदा "प्रकृत्यान्तः पाद ०" ले प्रकृतिभाव प्राप्त हुँदैन, तसर्थ पादको बिचमा नरहेको एङन्तको पनि प्रकृतिभावका लागि यस सूत्रको आवश्यकता छ।

१४३ आपो जुषाणो वृष्णो वर्षिष्ठेऽम्बेऽम्बालेऽम्बिके पूर्वे। ६। १। ११८॥ यजुषि अति प्रकृत्या। आपो अस्मान् मातरः। जुषाणो अग्निराज्यस्य। वृष्णो अंशुभ्याम्। वर्षिष्ठे अधिनाके। अम्बे अम्बाले अम्बिके। अस्मादेव वचनात्। अम्बार्थ इति ह्रस्वो न॥

आपो (आपः) यो प्रथमान्त प्रथम पद, जुषाणो (जुषाणः) यो प्रथमान्त द्वितीय पद, वृष्णो (वृष्णः) यो षष्ठ्यन्त तृतीय पद, 'वर्षिष्ठे' यो सप्तम्यन्त चतुर्थ पद, अम्बे, अम्बाले, अम्बिके, यी प्रथमान्त (सम्बोधनान्त) पञ्चम पद र 'पूर्वे' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा अनेक पद छन्। यहाँ पूर्ववत् 'एङ्' को र 'अति' को तथा "यजुष्युरः" बाट 'यजुषि' को, अनुवृत्ति आएपछि सूत्रको अर्थ :– यजुर्वेदमा एङन्त आपो, जुषाणो, वृष्णो, वर्षिष्ठे, अम्बे, अम्बाले तथा अम्बिके शब्दको ह्रस्व अकार पर भएमा प्रकृतिभाव हुन्छ, हो।

आपो+अस्मान् मातरः, यहाँ "एङः पदान्तादति" ले प्राप्त पूर्वरूपलाई बाँधेर "आपो जुषाणो ०" ले प्रकृतिभाव हुन्छन्। यसरी नै **जुषाणो+अग्निराज्यस्य, वृष्णो+अंशुभ्याम्, वर्षिष्ठे+अधिनाके, अम्बे+अम्बाले+अम्बिके** इत्यादि स्थलमा पनि उक्त सूत्रले प्रकृतिभाव हुन्छ। अम्बे, अम्बाले तथा अम्बिके शब्दस्वरूप अम्बा, अम्बाला तथा अम्बिका शब्दका सम्बोधनका एकवचनका रूप हुन्। यहाँ "अम्बार्थनद्योर्ह्रस्वः। ७। २। १०७॥" ले ह्रस्व हुनु पर्ने थियो तर "**आपो जुषाणो** ०" ले उक्त शब्दहरूको 'एङ्'को प्रकृतिभाव गरिएको हुनाले ह्रस्व हुँदैन।

१४४ अङ्ग इत्यादौ च। ६। १। ११९॥ अङ्गशब्दे य एङ् तदादौ च अकारे य एङ् पूर्वः सोऽति प्रकृत्या यजुषि। प्राणो अङ्गे अङ्गे अदीव्यत्॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'अङ्गे' यो सप्तम्यन्त प्रथम पद, 'इत्यादौ' यो सप्तम्यन्त द्वितीय पद र 'च' यो अव्यय तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "एङः पदान्तादति" बाट 'एङः' को, "प्रकृत्यान्तः पादमव्यपरे" बाट 'प्रकृत्या' को र "यजुष्युरः" बाट 'यजुषि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– यजुर्वेदमा ह्रस्व अकार पर भएमा 'अङ्ग' शब्दको 'एङ्'को प्रकृतिभाव हुन्छ तथा 'अङ्ग' शब्दको आद्यावयव अकार पर भएमा पनि पूर्वको 'एङ्'को प्रकृतिभाव हुन्छ, हो।

अङ्गे+अङ्गे+अदीव्यत्, यहाँ ह्रस्व अकार पर भएमा 'अङ्गे'को 'ए'को तथा 'अङ्गे' को अकार पर भएमा पूर्ववर्ती 'प्राणो'को ओकारको पनि "अङ्ग इत्या ०" ले प्रकृतिभाव हुन्छ।

१४५ अनुदात्ते च कुधपरे। ६। १। १२०॥ कवर्गधकारपरे अनुदात्तेऽति परे एङ् प्रकृत्या यजुषि। अयं सो अग्निः। अयं सो अध्वरः। अनुदात्ते किम्? अथोऽग्रे रुद्रे। अग्रशब्द आद्युदात्तः। कुधपरे किम्? सोऽयमग्निमतः॥

'अनुदात्ते' यो सप्तम्यन्त प्रथम पद, 'च' यो अव्यय द्वितीय पद र 'कुधपरे' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "एङः पदान्तादति" बाट 'एङः' को र 'अति' को तथा "प्रकृत्यान्तः पादमव्यपरे" बाट 'प्रकृत्या' को र "यजुष्युरः" बाट 'यजुषि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– यजुर्वेदमा कवर्ग पर रहेको अथवा धकार पर रहेको अनुदात्त ह्रस्व अकार पर भएमा पूर्वको 'एङ्'को प्रकृतिभाव हुन्छ, हो।

अयं सो+अग्निः = यहाँ कवर्ग (ग्) पर रहेको अग्निको अकार पर रहेको हुनाले "एङः पदान्तादति" ले प्राप्त पूर्वरूपलाई निषेध गरेर "अनुदात्ते च कु ०" ले सकारोत्तरवर्ती ओकारको प्रकृतिभाव हुन्छ। यसरी नै **अयं सो+अध्वरः** = यहाँ धकार पर रहेको अध्वरको अकारको "एङः पदान्तादति" ले प्राप्त पूर्वरूपलाई निषेध गरेर "अनुदात्ते च कु ०" ले प्रकृतिभाव हुन्छ। अग्र शब्द आद्युदात्त हो। 'एङ्'देखि अनुदात्त अकार पर नभएको हुँदा 'अथोऽग्रे रुद्रे' यहाँ प्रकृतिभाव भएन। कवर्ग तथा धकार परक ह्रस्व अकार पर नभएको हुँदा 'सोऽयमग्निमतः' यहाँ प्रकृति भाव हुँदैन।

१४६ अवपथासि च। ६। १। १२१॥ अनुदात्ते अकारादौ अवपथाः शब्दे परे यजुषि एङ् प्रकृत्या। त्री रुद्रेभ्यो अवपथाः। वपेस्थासि लडि "तिङ्ङतिङः" इत्यनुदात्तत्वम्। अनुदात्ते किम्? यद्रुद्रेभ्योऽवपथाः। "निपातैर्यद्यदि" इति निघातो न॥

'अवपथासि' यो सप्तम्यन्त प्रथम पद र 'च' यो अव्यय द्वितीय गरी यस सूत्रमा दुई पद छन्। यहाँ पूर्वसूत्रमा झैं तत्तत् सूत्रबाट 'एङः' को र 'अति' को तथा 'प्रकृत्या' को र 'यजुषि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– यजुर्वेदमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'अवपथाः' शब्द पर भएमा पूर्वको 'एङ्'को प्रकृतिभाव हुन्छ, हो ।

त्री रुद्रेभ्यो+अवपथाः = यहाँ वप् (वप बीजसन्ताने/ छेदनेऽपि भ्वादि) धातुदेखि लङ् 'ल्'को स्थानमा मध्यम पुरुषको एकवचन थास्, अट्, 'शप्', रुत्व र विसर्ग भएर बनेको 'अवपथाः' शब्दको आदिको अकार अनुदात्त छ । अनुदात्त पर रहेको हुँदा "एङः पदान्तादति" ले प्राप्त पूर्वरूपलाई निषेध गरेर "अवपथासि च" ले यकारोत्तरवर्ती ओकारको प्रकृतिभाव हुन्छ । 'अवपथाः' शब्द अतिङन्त 'रुद्रेभ्यो'देखि पर रहेको हुनाले "तिङ्ङतिङः" ले अनुदात्त छ ।

यद्रुद्रेभ्योऽवपथाः = यहाँ 'अवपथाः' शब्दको "तिङ्ङतिङः"ले प्राप्त अनुदात्तलाई "निपातैर्यद्यदिहन्तकुविन्नेच्चेच्चण्क्वच्चिद्यत्र युक्तम् । ८ । १ । ३० ॥" ले निषेध भएको हुँदा 'अवपथाः' शब्द आद्युदात्त छ, तसर्थ यहाँ प्रकृतिभाव भएन ।

१४७ आङोऽनुनासिकश्छन्दसि । ६ । १ । १२६ ॥ आङोऽचि परेऽनुनासिकः स्यात् स च प्रकृत्या । अभ्र आँ अपः । गभीर आँ उग्रपुत्रे ॥

'आङः' यो षष्ठचन्त प्रथम पद, 'अनुनासिकः' यो प्रथमान्त द्वितीय पद र 'छन्दसि' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "प्रकृत्यान्तः पादमव्यपरे" बाट 'प्रकृत्या' को र "प्लुतप्रगृह्या अचि नित्यम्" बाट 'अचि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'अच्' पर भएमा 'आङ्' को अनुनासिक तथा प्रकृतिभाव हुन्छ, हो ।

अभ्र आँ अपः = यहाँ 'आङ्'को "आङोऽनुना ०" ले अनुनासिक तथा प्रकृतिभाव भएर उक्त रूप सिद्ध हुन्छ । "उपदेशेऽजनुनासिक इत् १ । ३ । २ ॥" सूत्रमा उपदेश अवस्थाको अनुनासिक भनिएको हुँदा यहाँ उक्त सूत्रले अनुनासिक 'आ'को 'इत्'संज्ञा हुँदैन ।

ईषाअक्षादीनां छन्दसि प्रकृतिभावो वक्तव्यः (वा०) ॥ ईषा अक्षो हिरण्ययः । ज्या इयम् । पूषा अविष्टु ॥

वैदिक संस्कृतमा ईषा, अक्षा इत्यादि पदको प्रकृतिभाव हुन्छ । **ईषा+अक्षो** = यहाँ "अकः सवर्णे०" ले प्राप्त दीर्घलाई बाँधेर "ईषाअक्षादीनां ०" ले प्रकृतिभाव भएर उक्त रूप सिद्ध हुन्छ । **ज्या इयम्** तथा **पूषा अविष्टु**, इत्यादिमा पनि पूर्ववत् प्रकृति भाव हुन्छ ।

१४८ स्यश्छन्दसि बहुलम् । ६ । १ । १३३ ॥ स्य इत्यस्य सोर्लोपः स्याद्धलि । एष स्यमानुः ॥ 'स्यः' यो प्रथमान्त प्रथम पद, 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद र 'बहुलम्' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "एतत्तदोः सुलोपोऽकोरनञ्समासे हलि" बाट 'सुलोपः' को र 'हलि'को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'हल्' पर भएमा स्य (त्य) शब्दको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सकारको बहुलतया लोप हुन्छ, हो । **एष स्य भानुः** = एष स्य+सु(स्) भानुः, यहाँ "ससजुषो रु ८ । २ । ६६ ॥" ले प्राप्त रुत्वलाई बाँधेर "स्यश्छन्दसि ०" ले 'स्'को लोप हुन्छ ।

१४९ ह्रस्वाच्चन्द्रोत्तरपदे मन्त्रे । ६ । १ । १५१ ॥ ह्रस्वात्परस्य चन्द्रशब्दस्योत्तर पदस्य सुडागमः स्यान्मन्त्रे । हरिश्चन्द्रौ मरुद्गणः । सुश्चन्द्र दस्म ॥

'ह्रस्वात्' यो पञ्चम्यन्त प्रथम पद, 'चन्द्रोत्तरपदे ' यो समस्त सप्तम्यन्त द्वितीय पद र 'मन्त्रे' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "सुट् कात् पूर्वात्" बाट 'सुट्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा ह्रस्वदेखि पर रहेको 'चन्द्र'शब्दको 'सुट्'आगम हुन्छ, हो ।

हरिश्चन्द्रः = हरिश्चासौ चन्द्रः, यस विग्रहमा "विशेषणं विशेष्येण बहुलम् । २ । १ । ५७ ॥" ले समास प्रातिपदिक संज्ञा 'सुप्'को लुक् "ह्रस्वाच्चन्द्रो ०" ले 'सुट्' आगम अनुबन्धलोप "स्तोःश्चुना श्चुः । ८ । ४ । ४० ॥" ले 'स्'को 'श्' भएर भएर 'हरिश्चन्द्रः' रूप सिद्ध हुन्छ । । **सुश्चन्द्रः** = शोभनश्चासौ चन्द्रः, यहाँ पनि पूर्ववत् कार्य हुन्छन् ।

१५० पितरामातरा च छन्दसि । ६ । ३ । ३३ ॥ द्वन्द्वे निपातः । आ मा गन्तां पितरामातरा च । चाद्विपरीतमपि । न मातरापितरा नू चिदिष्टौ ॥

'पितरामातरा' यो प्रथमान्त प्रथम पद, 'च' यो अव्यय द्वितीय पद र 'छन्दसि' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "आनङ् ऋतो द्वन्द्वे" बाट 'द्वन्द्वे' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा द्वन्द्व समासमा 'पितरामातरा'शब्द निपातनद्वारा सिद्ध हुन्छ, हो ।

आ मा गन्तां पितरामातरा च । <u>पितरामातरा</u> = पिता च माता च, यस विग्रहमा "चार्थे द्वन्द्व : । २ । २ ॥ २९ ।" ले समास प्रातिपदिक संज्ञा 'सुप्' को लुक्, "पितरामातरा ०" ले निपातनद्वारा पकारोत्तरवर्ती 'ऋ'को स्थानमा 'अराङ्'आदेश र अनुबन्धलोप भई बनेको 'पितरामातृ'देखि 'सु'विभक्ति "सुपां सुलुक्पूर्वसवर्णाच्छेयाडाडचायाजालः । ७ । १ । ३९ ॥" ले 'सु'को स्थानमा 'आ'आदेश "ऋतो ङिसर्वनामस्थानयोः । ७ । ३ । ११० ॥" ले गुण रपर भएर 'पितरामातरा'यो रूप सिद्ध हुन्छ । सूत्रमा पठित चकारद्वारा विपरीत प्रयोग अर्थात् 'मातरापितरा' पनि हुन्छ । प्रक्रिया पूर्ववत् हुन्छ । लौकिक संस्कृतमा 'पितरौ/मातापितरौ' हुन्छ ।

१५१ समानस्य छन्दस्यमूर्धप्रभृत्युदर्केषु । ६ । ३ । ८४ ॥ समानस्य सः स्यान्मूर्धादिभिन्ने उत्तरपदे । सगर्म्यः ॥

'समानस्य' यो षष्ठचन्त प्रथम पद, 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र 'अमूर्धप्रभृत्युदर्केषु' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "सहस्य सः संज्ञायाम्" बाट 'सः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा समासमा मूर्धन्, प्रभृति र उदर्क शब्दबाहेक अरू शब्द उत्तरमा रहेमा 'समान'शब्दको स्थानमा 'स'आदेश हुन्छ, हो। **सगर्म्यः** = ८१ सूत्रमा सिद्ध गरिएको छ।

छन्दसि स्त्रियां बहुलम् (वा०) ॥ विष्वग्देवयोरद्र्यादेशः। विश्वाची च घृताची च। देवद्रीचीं नयत देवयन्तः। कद्रीची ॥

वैदिक संस्कृतमा स्त्रीत्वको विवक्षामा विष्वक्, देव तथा सर्वनाम शब्दको स्थानमा 'व'प्रत्ययान्त (क्विन् या क्विप् भएको) 'अञ्चु'धातु उत्तरपद भएमा बहुलतया 'अद्रि' आदेश हुन्छ।

विश्वाची = विश्वम् अञ्चति, यस विग्रहमा विश्वपूर्वक अञ्च् (अञ्चु गतिपूजनयोः, भ्वादि) धातुदेखि "ऋत्विग्दधृक्स्रग्दिगुष्णिगञ्चुयुजिक्रुञ्चां च। ३। २। ५९ ॥" ले 'क्विन्'प्रत्यय 'क्विन्'को सर्वापहारी लोप, उपपद संज्ञा, समास र सुप्को लुक्, (विश्व अञ्च्) "अनिदितां हल उपधायाः क्ङिति। ६। ४। २४ ॥" ले 'न्'को लोप स्त्रीत्वको विवक्षामा "उगितश्च" ले 'ङीप्' "अचः। ६। ४। १३८ ॥" ले 'अच्'को अकारको लोप "चौ। ६। २। १३८ ॥" ले दीर्घ र स्वादिकार्य भएर 'विश्वाची' रूप सिद्ध हुन्छ। 'अद्रि' आदेश बहुलतया हुने हुँदा यहाँ 'अद्रि' आदेश भएन। **घृताची** = घृतमञ्चति, यस विग्रहमा पूर्ववत् कार्य हुन्छन्।

देवद्रीचीं नयत देवयन्तः। देवद्रीचीम् = देवान् अञ्चति, यस विग्रहमा पूर्ववत् 'क्विन्', सर्वापहारी लोप, उपपद संज्ञा, समास र सुप्को लुक्, "छन्दसि स्त्रियां ०" ले 'टि'को स्थानमा 'अद्रि'आदेश वर्णमेलन (देवद्रि अञ्च्) 'न्'को लोप 'ङीप्' "अचः"ले 'अ'को लोप, दीर्घ र स्वादिकार्य भएर 'देवद्रीचीम्' रूप सिद्ध हुन्छ। **कद्रीचीम्** = कुत्सितमञ्चति, यस विग्रहमा 'किम्'पूर्वक 'अञ्च्' देखि पूर्ववत् कार्य हुन्छन्।

१५२ सधमादस्थयोश्छन्दसि। ६। ३। ९६ ॥ सहस्य सधादेशः स्यात्। इन्द्र चास्मिन्सधमादे। सोमः सधस्थम् ॥

'सधमादस्थयोः' यो सप्तम्यन्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "सहस्य सधिः" बाट 'सहस्य' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'माद' या 'स्थ' शब्द उत्तर पद भएमा 'सह'को स्थानमा 'सध'आदेश हुन्छ, हो। **इन्द्र चास्मिन्सधमादे। सधमादे** = सह माद्यन्ति देवा अस्मिन्, यस विग्रहमा अनुबन्धविनिर्मुक्त 'मद्' (मदी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हर्षे, ग्लेपने च, दिवादि) धातुदेखि "हलश्च । ३ । ३ । १२१ ॥" ले 'घञ्' प्रत्यय "अत उपधायाः" ले उपधावृद्धि "साधमादस्थयो ०" ले 'सह'को स्थानमा 'सध' आदेश र स्वादिकार्य भएर उक्त रूप सिद्ध हुन्छ ।

सोमः सधस्थम् । सधस्थम् = सह तिष्ठन्ति, यस विग्रहमा स्था (ष्ठा गतिनिवृत्तौ, भ्वादि) धातुदेखि "सुपि स्थः । ३ । २ । ४ ॥" ले 'क'प्रत्यय अनुबन्धलोप "आर्धधातुकं शेषः । ३ । ४ । ११४ ॥" ले आर्धधातुक संज्ञा "आतो लोप इटि च । ६ । ४ । ६४ ॥" ले थकारोत्तरवर्ती आकारको लोप "साध मादस्थयो ०" ले 'सह'को स्थानमा 'सध'आदेश र स्वादिकार्य भएर उक्त रूप सिद्ध हुन्छ ।

१५३ पथि च छन्दसि । ६ । ३ । १०८ ॥ पथिशब्दे उत्तरपदे कोः कवं कादेशश्च । कवपथः कापथः कुपथः ॥

'पथि' यो सप्तम्यन्त प्रथम पद, 'च' यो अव्यय द्वितीय पद र 'छन्दसि' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "का पथ्यक्षयोः" बाट 'का' को र "कवञ्चोष्णे" बाट 'कवम्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'पथिन्'शब्द उत्तरपद रहेमा 'कु'को स्थानमा 'कव' तथा 'का'आदेश विकल्पले हुन्छ, हो ।

कवपथः, कापथः, कुपथः = कुत्सितः पन्थाः, यस विग्रहमा "कुगतिप्रादयः । २ । २ । १८ ॥" ले समास, प्रातिपदिक संज्ञा र 'सुप्'को लोप भएर बनेको 'कुपथिन्' देखि "ऋक्पूरब्धूपथमानक्षे । ५ । ४ । ७४ ॥" ले 'अ'प्रत्यय "भस्य टेर्लोपः । ७ । १ । ८८ ॥" ले 'टि'को लोप "पथि च ०"ले 'कु'को स्थानमा 'कव'आदेश र स्वादिकार्य भई 'कवपथः' सिद्ध हुन्छ । 'कु'को स्थानमा 'का' आदेश र स्वादिकार्य भएपछि 'कापथः' बन्छ । 'कव' तथा 'का' आदेश नभएको पक्षमा 'कुपथः' हुन्छ ।

१५४ साढ्यै साढ्वा साढेति निगमे । ६ । ३ । ११३ ॥ सहेः क्त्वाप्रत्यये आद्यं द्वयं, तृनि तृतीयं निपात्यते । मरुद्भिरुग्रः पृतनासु साळ्हा । अचोर्मध्यस्थस्य डस्य लः ढस्य ळ्हश्च प्रातिशाख्ये विहितः । आह हि । द्वयोश्चास्य स्वरयोर्मध्यमेत्य सम्पद्यते स डकारो लकारः ळ्हकारतामेति स एवं चास्य ढकारः सन्नूष्मणा संप्रयुक्त इति ॥ (वा०)

'साढचै' यो अव्यय प्रथम पद, 'साढ्वा' यो अव्यय द्वितीय पद 'साढा' यो प्रथमान्त तृतीय पद, 'इति' यो अव्यय चतुर्थ पद र 'निगमे' यो सप्तम्यन्त पञ्चम पद गरी यस सूत्रमा पाँच पद छन् । यहाँ सूत्रको अर्थ :– वैदिक संस्कृतमा साढचै, साढ्वा, तथा साढा रूप निपातनद्वारा सिद्ध हुन्छन्, हो । 'सह्' धातुदेखि 'क्त्वा'प्रत्यय भएर पहिलो र दोस्रो रूप सिद्ध हुन्छन् भने 'सह्'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धातुदेखि 'तृन्'प्रत्यय भएर तेस्रो रूप सिद्ध हुन्छ। (**वा**०) वैदिक संस्कृतमा स्वर को बिचमा रहेको 'ड'को 'ल'मा तथा 'ढ'को 'ल्ह'मा परिवर्तन हुन्छ।

साढ्वै = सह् (षह मर्षणे, भ्वादि) धातुदेखि "निष्ठा। ३। २। १०२॥" ले 'क्त्वा'प्रत्यय "साढ्वै सा०" ले 'क्त्वा'को स्थानमा 'ध्यै'आदेश "हो ढः। ८। २। ३१॥" ले 'ह्'को 'ढ्', "ष्टुना ष्टुः। ८। ४। ४१॥" ले 'ध्'को 'ढ्' (सढ्ढ्वै) "ढो ढे लोपः। ८। ३। १३॥"ले 'ढ्'को लोप "ढ्रलोपे पूर्वस्य दीर्घोऽणः। ३। ३। १११॥" ले दीर्घ, "कृन्मेजन्तः"ले अव्यय संज्ञा र स्वदिकार्य भएर 'साढ्वै' रूप सिद्ध हुन्छ।

साढ्वा = 'सह्' धातुदेखि पूर्ववत् 'क्त्वा'प्रत्यय 'ह्'को 'ढ्' "झषस्तथोर्धोऽधः। ८। १। २०॥" ले 'त्'को 'ध्' ष्टुत्व 'ढ्'को लोप, दीर्घ, "क्त्वातोसुन्कसुनः"ले अव्यय संज्ञा र स्वदिकार्य भएर 'साढ्वा' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'सोढ्वा' हुन्छ। **मरुद्भिरुग्रः पृतनासु साल्हा। साल्हा** = 'सह्' धातुदेखि "तृन्। ३। २। १३५॥" ले 'तृन्'प्रत्यय 'ह्'को 'ढ्' 'त्'को 'ध्' ष्टुत्व 'ढ्'को लोप दीर्घ र स्वादिकार्य भएर बनेको 'साढा'मा दुई 'अच्'को बिचमा रहेको 'ढ्को 'ल्ह' हुँदा साल्हा बन्छ। लौकिक संस्कृतमा 'सहिता/सोढा' हुन्छ।

१५५ छन्दसि च। ६। ३। १२६॥ अष्टन आत्वं स्यादुत्तरपदे। अष्टापदी॥

'छन्दसि' यो सप्तम्यन्त प्रथम पद, 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "अष्टनः संज्ञायाम्" बाट 'अष्टनः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा उत्तर पद पर भएमा 'अष्टन्'शब्दको आकार आदेश हुन्छ, हो।

अष्टापदी = अष्टौ पादा अस्याः, यस विग्रहमा "अनेकमन्य ०" ले समास प्रतिपदिक संज्ञा 'सुप्'को लुक् "छन्दसि च" ले 'अष्टन्'को 'न्'को आत्व "अकः सवर्णे ०"ले दीर्घ "सङ्ख्यासुपूर्वस्य। ५। ४। १४०॥" ले दकारोत्तरवर्ती अकार को लोप, "पादोऽन्यतरस्याम्। ४। १। ८॥" ले विकल्पले 'ङीप्' 'भ'संज्ञा "पादः पत्" ले पदादेश वर्णमेलन र स्वादिकार्य भएर 'अष्टापदी' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'अष्टपदी' हुन्छ।

१५६ मन्त्रे सोमाश्वेन्द्रियविश्वदेव्यस्य मतौ। ६। ३। १३१॥ दीर्घः स्यान्मन्त्रे। अश्वावतीं सोमावतीम्। इन्द्रियावान्मदिन्तमः। विश्वकर्मणा विश्वदेव्यावता॥

'मन्त्रे' यो सप्तम्यन्त प्रथम पद, 'सोमाश्वेन्द्रियविश्वदेव्यस्य' यो षष्ठचन्त द्वितीय पद र 'मतौ' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "ढ्रलोपे पूर्वस्य दीर्घोऽणः" बाट 'दीर्घः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– मन्त्रविषयक प्रयोगमा 'मतुप्'प्रत्यय पर भएमा सोम, अश्व, इन्द्रिय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा 'विश्वदेव्य' शब्दको दीर्घ हुन्छ, हो ।

अश्वावतीम् = अश्वः अस्यास्ति, यस विग्रहमा 'अश्व'शब्ददेखि "तदस्यास्त्यस्मिन्निति मतुप् । ५ । २ । ९४ ॥" ले 'मतुप्' अनुबन्धलोप तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक् "मन्त्रे सोमा ०"ले दीर्घ, "मादुपधायाश्च मतोर्वोऽयवादिभ्यः । ८ । २ । ९ ॥" ले 'म्'को 'व्' अश्वावत् "उगितश्च । ४ । १ । ६ ॥"ले 'ङीप्' र स्वादिकार्य भएर 'अश्वावतीम्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'अश्ववतीम्' हुन्छ ।

सोमावतीम् = सोमः अस्यास्ति, यस विग्रहमा पूर्ववत् कार्य भएर 'सोमावतीम्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'सोमवतीम्' हुन्छ । **इन्द्रियावान्मदिन्तमः । इन्द्रियावान्** = इन्द्रियमस्यास्ति, यस विग्रहमा पूर्ववत् कार्य भएर 'इन्द्रियावान्' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'इन्द्रियवान्' हुन्छ ।**विश्वकर्मणा विश्वदेव्यावता । विश्वदेव्यावान्** =विश्वदेव्यमस्यास्ति, यस विग्रहमा पूर्ववत् कार्य हुन्छन् ।

१५७ ओषधेश्च विभक्तावप्रथमायाम् । ६ । ३ । १३२ ॥ दीर्घः स्यान्मन्त्रे । यदोषधीभ्यः । अदधात्योषधीषु ॥

'ओषधेः' यो षष्ठचन्त प्रथम पद, 'च' यो अव्यय द्वितीय पद, 'विभक्तौ' यो सप्तम्यन्त तृतीय पद र 'अप्रथमायाम्' यो सप्तम्यन्त चतुर्थ पद गरी यस सूत्रमा चार पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'दीर्घः' को अनुवृत्ति आएपछि पदसंयोजन गर्दा सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'ओषधि'शब्ददेखि प्रथमा विभक्तिबाहेक अन्य कुनै विभक्ति पर भएमा 'ओषधि'शब्दको अन्तिम 'अच्'को दीर्घ हुन्छ, हो । **यदोषधीभ्यः** = 'ओषधि'शब्ददेखि 'भ्यस्' "ओषधेश्च ०" ले धकारोत्तरवर्ती इकार को दीर्घ रुत्व र विसर्ग भएर 'ओषधीभ्यः' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'ओषधिभ्यः' हुन्छ । **अदधात्योषधीषु । ओषधीषु** = 'ओषधि'शब्ददेखि सप्तमीको बहुवचन 'सुप्' यस सूत्रले दीर्घ तथा "आदेशप्रत्यययोः"ले षत्व भएर 'ओषधीषु' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'ओषधिषु' हुन्छ ।

१५८ ऋचि तुनुघमक्षुतङ्कुत्रोरुष्याणाम् । ६ । ३ । १३३ ॥ दीर्घः स्यात् । आ तू न इन्द्र । नू मर्तः । उत वा घा स्यालात् । मक्षू गोमन्तमीमहे । भरता जातवेदसम् । तङितिथादेशस्य ङित्त्वपक्षे ग्रहणम् । तेनेह न । शृणोत ग्रावाणः । कूमनाः । अत्रा ते भद्रा । यत्रा नश्चक्रा । उरुष्या णः ॥

'ऋचि' यो सप्तम्यन्त प्रथम पद र 'तुनुघमक्षुतङ्कुत्रोरुष्याणाम्' यो समस्त षष्ठचन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'दीर्घः' को अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– ऋग्वेदमा तु, नु, घ, मक्षु, तङ, कु, त्र तथा उरुष्यको दीर्घ हुन्छ, हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आ तू न इन्द्र = आ तु न इन्द्र, यहाँ "ऋचि तुनुघ०"ले तकारोत्तरवर्ती उकार को दीर्घ हुन्छ। **नू मर्तः** = नु मर्तः, यहाँ "ऋचि तुनुघ ०" ले नकारोत्तरवर्ती उकारको दीर्घ हुन्छ। **उत वा घा स्यालात्** = उत वा घ स्यालात्, यहाँ "ऋचि तुनुघ ०" ले घकारोत्तरवर्ती अकारको दीर्घ हुन्छ। यस सूत्रमा घद्वारा स्वरूपको ग्रहण हुन्छ, 'तरप्' तथा 'तमप्' प्रत्ययको ग्रहण हुँदैन।

मक्षू गोमन्तमीमहे। **मक्षु** = यहाँ "ऋचि तुनुघ ०" ले क्षकारोत्तरवर्ती उकार को दीर्घ हुन्छ। **भरता जातवेदसम्**। **भरता** = अनुबन्धविनिर्मुक्त 'भृ'(भृञ् भरणे, भ्वादि) धातुदेखि लोट् 'ल्'को स्थानमा मध्यम पुरुषको बहुवचन थ, शप्, "लोटो लङ्वत्। ३। ४। ८५॥" ले ङिद्वदभाव, "तस्थस्थमिपां तान्तन्तामः। ३। ४। १०४॥" ले 'थ'को स्थानमा 'त'आदेश भएर बनेको 'भरत'मा "ऋचि तुनुघ ०" ले तकारोत्तरवर्ती अकारको दीर्घ भएर 'भरता' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'भरत' हुन्छ।

यस सूत्रमा 'तङ्'पदबाट लोट् लकारको मध्यम पुरुषको बहुवचन 'थ'को स्थानमा "तस्थस्थमिपां ०" ले आदेश भएको तथा लोटो लङ्वत् ले। ३। ४। ८५॥ ले ङित्त्व भएको 'त'को ग्रहण हुन्छ, पित्त्व 'त'को ग्रहण हुँदैन। तसर्थ **शृणोत**'मा उक्त सूत्रको प्रवृत्ति हुँदैन। किनकि यो रूप 'श्रु' धातुदेखि लोट् 'ल्' को स्थानमा मध्यम पुरुषको बहुवचन थ, भएपछि "श्रुवः शृ च" ले 'श्रु'को 'शृ' आदेश, "स्वादिभ्यः श्नुः"ले 'श्नु' णत्व, "तप्तनप्तनथ ०"ले 'थ'को 'तप्' भएर बनेको हो। यहाँ 'त' ङित् नभएर पित् छ तसर्थ तकारोत्तरवर्ती अकार को "ऋचि तुनुघ ०"ले दीर्घ हुँदैन।

कूमनाः = कुत्सितं मनो यस्य, यस विग्रहमा "अनेकमन्यपदार्थे"ले समास, समासत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक् तथा स्वादिकार्यले बनेको 'कुमनाः' यहाँ ककारोत्तरवर्ती उकारको उक्त सूत्रले दीर्घ हुन्छ। **अत्रा ते भद्रा** = अत्र ते भद्र, यहाँ त्रकारोत्तरवर्ती अकारको उक्त सूत्रले दीर्घ हुन्छ। लौकिक संस्कृतमा 'अत्र' हुन्छ। **यत्रा नश्चक्रा** = यत्र नश्चक्रा, यहाँ त्रकारोत्तरवर्ती अकारको उक्त सूत्रले दीर्घ हुन्छ। लौकिक संस्कृतमा 'यत्र' हुन्छ। **उरुष्या णः** = उरुष्य णः, यहाँ यकारोत्तरवर्ती अकारको उक्त सूत्रले दीर्घ हुन्छ।

१५९ इकः सुञि। ६। ३। १३४॥ ऋचि दीर्घ इत्येव। अभी षु णः सखीनाम्। सुञ इति षः। नश्च धातुस्थोरुषुभ्य इति णः॥

'इकः' यो षष्ठचन्त प्रथम पद र 'सुञि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ पूर्वसूत्रमा भैं 'दीर्घः' को तथा "ऋचि तुनुघमक्षुतङ्–कुत्रोरुष्याणाम्" बाट 'ऋचि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– ऋग्वेदमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'सुञ्' पर भएमा इगन्त शब्दको अत्य 'अच्'को दीर्घ हुन्छ, हो ।

अभी षु णः सखीनाम् । अभी षु णः = अभि सु नः, यहाँ "इकः सुञि" ले भकारोत्तरवर्ती इकारको दीर्घ, "सुञः । ८ । ३ । १०७ ॥" ले षत्व तथा "नश्च धातुस्थोरुषुभ्यः । ८ । ४ । २७ ॥" ले णत्व भएर उक्त रूप सिद्ध हुन्छ ।

१६० द्वचचोऽतस्तिङः । ६ । ३ । १३५ ॥ मन्त्रे दीर्घः । विद्मा हि चक्रा जरसम् ॥

'द्वचचः' यो समस्त षष्ठचन्त प्रथम पद, 'अतः' यो षष्ठचन्त द्वितीय पद र 'तिङः' यो षष्ठचन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'दीर्घः' को तथा "ऋचि तुनुघ ०" बाट 'ऋचि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– ऋग्वेदमा ह्रस्व अकार अन्त्यमा रहेको, दुई अच् भएको तिङन्त पदको दीर्घ हुन्छ, हो ।

विद्मा हि चक्रा जरसम् । विद्मा = 'विद्' धातुदेखि लट्, 'ल्'को स्थानमा उत्तम पुरुषको बहुवचन मस्, "विदो लटो वा । ३ । ४ । ८३ ॥" ले 'मस्'को स्थानमा 'म'आदेश तथा "द्वचचोऽत ०" ले दीर्घ भएर 'विद्मा' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'विद्म' हुन्छ ।

चक्रा = अनुबन्धविनिमुक्त कृ (डुकृञ् करणे तनादि) धातुदेखि लिट्, 'ल्'को स्थानमा मध्यम पुरुषको बहुवचन थ, "परस्मैपदानां ०"ले 'थ'को स्थानमा 'अ' आदेश द्वित्व अभ्यासादि कार्य, "इको यणचि" ले यण् तथा "द्वचचोऽत ०" ले दीर्घ भएर 'चक्रा' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'चक्र' हुन्छ ।

१६१ निपातस्य च । ६ । ३ । १३६ ॥ एवा हि ते ॥

'निपातस्य' यो षष्ठचन्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'दीर्घः' को तथा "ऋचि तुनुघमक्षुतङ्–कुत्रोरुष्याणाम्" बाट 'ऋचि' को अनुवृत्ति आएपछि पदसंयोजन गर्दा सूत्रको अर्थ :– ऋग्वेदमा दुई अच् भएका 'च' आदि निपातनको पनि दीर्घ हुन्छ, हो ।

एवा हि ते = एव हि ते, यहाँ "निपातस्य च"ले वकारोत्तरवर्ती अकारको दीर्घ भएर 'एवा' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'एव' हुन्छ ।

१६२ अन्येषामपि दृश्यते । ६ । ३ । १३७ ॥ अन्येषामपि पूर्वपदस्थानां दीर्घः स्यात् । पूरुषः । दण्डादण्डि ॥

'अन्येषाम्' यो षष्ठचन्त प्रथम पद, 'अपि' यो अव्यय द्वितीय पद र 'दृश्यते' यो तिङन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'दीर्घः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– दुई अच् नभएका पूर्वपदमा रहेका अरू अच्को पनि दीर्घ हुन्छ, हो ।

पूरुषः = पुरुषः, यहाँ पकारोत्तरवर्ती उकारको "अन्येषामपि ०" ले दीर्घ हुन्छ । **दण्डादण्डि** = दण्डैश्च दण्डैश्च प्रहृत्य इदं युद्धं प्रवृत्तम्, यस विग्रहमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"तत्र तेनेदमिति सरूपे । २ । २ । २७ ॥" ले समास प्रातिपदिक संज्ञा सुप्को लुक् "अन्येषामपि ०" ले डकारोत्तरवर्ती अकारको दीर्घ, "इच् कर्मव्यतिहारे । ५ । ४ । १२७ ॥" ले 'इच्'प्रत्यय, 'भ'संज्ञा "यस्येति च"ले 'अ'को लोप, 'इच्' प्रत्ययको "तिष्ठद्गुप्रभृतीनि च । २ । १ । १७ ॥" मा पाठ भएको हुँदा अव्यय संज्ञा अव्ययत्वात् 'सुप्'को लुक् भएर 'दण्डादण्डि' रूप सिद्ध हुन्छ ।

१६३ छन्दस्युभयथा । ६ । ४ । ५ ॥ नामि दीर्घो वा । धाता धातृणाम् । बह्वृचाः । तैत्तिरीयास्तु ह्रस्वमेव पठन्ति ॥

'छन्दसि' यो सप्तम्यन्त प्रथम पद र 'उभयथा' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्वसूत्रमा झैं 'दीर्घः' को तथा "नामि" बाट 'नामि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'नाम्' पर भएमा विकल्पले दीर्घ हुन्छ, हो ।

धाता धातृणाम् = 'धातृ'शब्ददेखि षष्ठी विभक्तिको बहुवचन 'आम्' "ह्रस्वनद्यापो नुट् । ७ । १ । ५४ ॥" ले 'नुट्' "नामि । ६ । ४ । ३ ॥"ले प्राप्त नित्य दीर्घलाई बाँधेर "छन्दस्युभयथा" ले विकल्पले दीर्घ भएपछि "ऋवर्णान्नस्य णत्वं वाच्यम्" ले णत्व भएर 'धातॄणाम्' सिद्ध हुन्छ । ऋग्वेदका बह्वृच शाखाध्यायीले दीर्घ नै पढ्छन् भने तैत्तिरीय शाखाध्यायीले ह्रस्व 'धातृणाम्' पढ्छन् ।

१६४ वा षपूर्वस्य निगमे । ६ । ४ । ९ ॥ षपूर्वस्याच उपधाया वा दीर्घोऽसम्बुद्धौ सर्वनामस्थाने परे । ऋभुक्षाणम् । ऋभुक्षणम् । निगमे किम् ? तक्षा । तक्षाणौ ॥

'वा' यो अव्यय प्रथम पद, 'षपूर्वस्य' यो षष्ठचन्त द्वितीय पद र 'निगमे' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ पूर्वसूत्रमा झैं 'दीर्घः' को, "नोपधायाः" बाट 'उपधायाः' को तथा "सर्वनामस्थाने चासम्बुद्धौ" बाट 'सर्वनामस्थाने' को अनुवृत्ति आएपछि तिनको सूत्रस्थपदसँग संयोजन गर्दा सूत्रको अर्थ :– वैदिक संस्कृतमा सम्बुद्धिभिन्न सर्वनाम पर भएमा 'ष्' पूर्वमा रहेको नकारान्त उपधाको विकल्पले दीर्घ हुन्छ, हो । लौकिक संस्कृतमा नकारान्त उपधाको सम्बुद्धिभिन्न सर्वनाम पर भएमा नित्य नै दीर्घ हुन्छ ।

ऋभुक्षाणम् = 'ऋभुक्षिन्' शब्ददेखि द्वितीयाको एकवचन 'अम्' "इतोऽत् सर्वनामस्थाने । ७ । १ । ८६ ॥" ले क्षकारोत्तरवर्ती इकारको स्थानमा अकारादेश, "सर्वनामस्थाने चासम्बुद्धौ । ६ । ४ । ८ ॥" ले प्राप्त नित्य दीर्घलाई बाँधेर "वा षपूर्वस्य ०" ले विकल्पले दीर्घ भएर 'ऋभुक्षाणम्' सिद्ध हुन्छ । दीर्घको अभावमा 'ऋभुक्षणम्' बन्छ ।

१६५ जनिता मन्त्रे । ६ । ४ । ५३ ॥ इडादौ तृचि णिलोपो निपात्यते । यो नः पिता जनिता ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'जनिता' यो प्रथमान्त प्रथम पद र 'मन्त्रे' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "अतो लोपः" बाट 'लोपः' को, "णेरनिटि" बाट 'णेः' को र "निष्ठायां सेटि" बाट 'सेटि' को अनुवृत्ति आएपछि पदको संयोजनबाट सूत्रको अर्थ :– मन्त्रविषयक प्रयोगमा इडादि 'तृच्'प्रत्यय पर भएमा निपातनद्वारा 'णि'को लोप भएर 'जनिता'शब्द सिद्ध हुन्छ, हो ।

यो नः पिता जनिता । <u>**जनिता**</u> = अनुबन्धविनिर्मुक्त 'जन्' (जनी प्रादुर्भावे, दिवादि) धातुदेखि 'णिच्'प्रत्यय अनुबन्धलोप "अत उपधायाः" ले प्राप्त उपधावृद्धिको "ज़निवध्योश्च । ७ । ३ । ३५ ॥" ले निषेध, "ण्वुल्तृचौ । ३ । १ । १३३ ॥" ले 'तृच्' प्रत्यय आर्धधातुक संज्ञा "आर्धधातुकस्येड् वलादेः । ७ । २ । ३५ ॥" ले 'इट्'आगम "जनिता मन्त्रे" ले 'णिच्'को लोप र स्वादिकार्यबाट 'जनिता' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'ज़नयिता' हुन्छ ।

१६६ शमिता यज्ञे । ६ । ४ । ५४ ॥ शमयितेत्यर्थः ॥

'शमिता' यो प्रथमान्त प्रथम पद र 'मन्त्रे' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्वसूत्रमा भैँ तत्तत् सूत्रबाट सबैको अनुवृत्ति आएपछि सूत्रको अर्थ :– यज्ञविषयक प्रयोगमा इडादि 'तृच्'प्रत्यय पर भएमा निपातनद्वारा 'णि'को लोप भई शमिता शब्द सिद्ध हुन्छ, हो ।

शमिता = 'शम्' धातुदेखि 'णिच्' प्रत्यय अनुबन्धलोप "अत उपधायाः" ले उपधावृद्धि, "मितां ह्रस्व"ले ह्रस्व, "ण्वुल्तृचौ । ३ । १ । १३३ ॥"ले 'तृच्' प्रत्यय आर्धधातुक संज्ञा "आर्धधातुकस्येड् वलादेः । ७ । २ । ३५ ॥"ले 'इट्'आगम "शमिता यज्ञे"ले 'णिच्'को लोप र स्वादिकार्यले 'शमिता' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'शमयिता' हुन्छ ।

१६७ युप्लुवोर्दीर्घश्छन्दसि । ६ । ४ । ५८ ॥ ल्यपीत्यनुवर्तते । वियूय । विप्लूय ॥ 'युप्लुवोः' यो षष्ठचन्त प्रथम पद, 'दीर्घः' यो प्रथमान्त द्वितीय पद र 'विभक्तौ' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "ढ्रलोपे पूर्वस्य दीर्घोऽणः" बाट 'दीर्घः' को र "ल्यपि लघुपूर्वात्" बाट 'ल्यपि' को अनुवृत्ति आएपछि पदसंयोजनबाट सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'ल्यप्' प्रत्यय पर भएमा 'यु' तथा 'प्लु' धातुको दीर्घ हुन्छ, हो ।

वियूय = 'वि'पूर्वक यु (यु मिश्रणेऽमिश्रणे च, अदादि) धातुदेखि "समानकर्तृकयोः पूर्वकाले । ३ । ४ । २१ ॥" ले 'क्त्वा' प्रत्यय "समासेऽनञ्पूर्वे क्त्वो ल्यप् । ७ । १ । ३७ ॥" ले 'क्त्वा'को स्थानमा 'ल्यप्' अनुबन्धलोप "युप्लुवोर्दी ०" ले यकारोत्तरवर्ती उकारको दीर्घ, अव्ययत्वात् 'सुप्'को लुक् भएर 'वियूय' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'वियुत्य' हुन्छ । **विप्लूय** = 'वि'पूर्वक प्लु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(प्लुङ् गतौ, भ्वादि) धातुदेखि पूर्ववत् कार्य भएर 'विप्लूय' सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'विप्लुत्य' हुन्छ।

"आडजादीनाम्॥" १६८ छन्दस्यपि दृश्यते। ६। ४। ७३॥ अनजादीनामित्यर्थः। आनट्। आवः॥

'छन्दसि' यो सप्तम्यन्त प्रथम पद, 'अपि' यो अव्यय द्वितीय पद र 'दृश्यते' यो तिङन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "लुङ्लङ्लृङ्क्ष्वडुदात्तः" बाट 'लुङ्लङ्लृङ्क्षु' को तथा "आडजादीनाम्" बाट 'आट्' को अनुवृत्ति आएपछि पदसंयोजन गर्दा सूत्रको अर्थ :– वैदिक संस्कृतमा लुङ्, लङ् तथा लृङ् लकार पर भएमा हलन्त धातुको पनि 'आट्' आगम हुन्छ, हो। लौकिक संस्कृतमा लङ् आदि लकार पर भएमा हलादि धातुको 'आट्'आगम हुँदैन।

आनट् = नश् (णश् अदर्शने, दिवादि) धातुदेखि लुङ् 'ल्'को स्थानमा प्रथम पुरुषको एकवचन 'तिप्' "लुङ्लङ्लृङ्क्ष्वडुदात्तः। ६। ४। ७१॥"ले प्राप्त 'अट्' आगमलाई निषेध गरेर "छन्दस्यपि ०"ले 'आट्'आगम 'च्लि' "मन्त्रेघस ०"ले 'च्लि'को लुक् "इतश्च"ले तकारोत्तरवर्ती इकारको लोप, "हल्ङ्याब्भ्यो०" ले 'त्'को लोप, "नशेर्वा। ८। २। ६३॥" ले कुत्व नभएको अवस्थामा "व्रश्चभ्रस्ज ०" ले 'श्'को 'ष्' "झलां जशोऽन्ते" ले 'ष्'को 'ड्' "वाऽवसाने। ८। ४। ५६॥" ले 'ड्'को 'ट्' भएर 'आनट्' रूप सिद्ध हुन्छ। छन्दसि 'अनशत्' हुन्छ। **आवः** = १६ सूत्रमा सिद्ध गरिएको छ।

"न माड्योगे॥" **१६९ बहुलं छन्दस्यमाड्योगेऽपि। ६। ४। ७५॥ अडाटौ न स्तो। माड्योगेऽपि स्तः। जनिष्ठा उग्रः सहसे तुराय। मा वः क्षेत्रे पर बीजान्यवाप्सुः॥**

'बहुलम्' यो प्रथमान्त प्रथम पद, 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद, 'अमाड् योगे' यो सप्तम्यन्त तृतीय पद र 'अपि' यो अव्यय चतुर्थ पद गरी यस सूत्रमा चार पद छन्। यहाँ "लुङ्लङ्लृङ्क्ष्वडुदात्तः" बाट 'अट्' को तथा "आडजादीनाम्" बाट 'आट्' को अनुवृत्ति आएपछि पदसंयोजन गर्दा सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'माङ्'को योगमा पनि लुङ्, लङ् तथा लृङ् पर भएमा धातुको 'अट्' तथा 'आट्'आगम हुन्छन्, तथा 'माङ्'को योग नरहे तापनि 'अट्' तथा 'आट्' आगम हुँदैनन्, हो। लौकिक संस्कृतमा 'माङ्'को योगमा "न माङ् योगे। ६। ४। ७४॥" ले निषेध हुने हुँदा अट् आट् हुँदैनन् तथा 'माङ्' को योग नरहे 'अट्' तथा 'आट्' आगम हुन्छन्।

जनिष्ठा उग्रः सहसे तुराय। <u>**जनिष्ठा**</u> = 'जन्' धातुदेखि लुङ् 'ल्'को स्थानमा मध्यम पुरुषको एकवचन थास्, "लुङ्लङ्लृङ्क्ष्वडुदात्तः" ले प्राप्त 'अट्' आगमको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"बहुलं छन्दस्य ०" ले निषेध, 'च्लि' (सिंच्) "आर्धधातुकस्येड् वलादेः" ले 'इट्' आगम, "आदेशप्रत्यययोः" ले षत्व, "ष्टुना ष्टुः"ले ष्टुत्व, रुत्व, र विसर्ग भएर 'जनिष्ठाः' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'अजनिष्ठाः' हुन्छ।

मा वः क्षेत्रे परबीजान्यवाप्सुः । अवाप्सुः = अनुबन्धविनिर्मुक्त 'वप्' (डुवप् बीजसन्ताने, छेदनेऽपि,भ्वादि) धातुदेखि कर्ममा लुङ् 'ल्'को स्थानमा व्यत्ययद्वारा परस्मैपद, प्रथम पुरुषको बहुवचन झ, 'माङ्'को योगमा पनि "बहुलं छन्दस्य ०" ले 'अट्' आगम, 'च्लि' (सिच्) "सिजभ्यस्तविदिभ्यश्च । ३ । ४ । १०९ ॥" ले 'झि' को स्थानमा 'जुस्' आदेश "वदव्रजहलन्तस्याचः" ले वृद्धि, रुत्व र विसर्ग भएर 'अवाप्सुः' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'मावप्स्यन्' हुन्छ।

१७० इरयो रे । ६ । ४ । ७६ ॥ प्रथमं गर्भं दध्र आपः । रेभावस्याऽभीयत्वे-नाऽसिद्धत्वादालोपः । अत्र रेशब्दस्येटि कृते पुनरपि रेभावः । तदर्थं च सूत्रे द्विवचनान्तं निर्दिष्टमिरयोरिति ॥

'इरयोः' यो षष्ठ्यन्त प्रथम पद र 'रे' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "बहुलं छन्दस्यमाङ्योगेऽपि" बाट ' बहुलम्' को र 'छन्दसि' को अनुवृत्ति आएपछि पदसंयोजन गर्दा सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'इरेच्' को स्थानमा बहुलतया 'रे'आदेश हुन्छ, हो।

प्रथमं गर्भं दध्र आपः । दध्रे = अनुबन्धविनिर्मुक्त 'धा' (डुधाञ् धारणपोषणयोः, जुहोत्यादि) धातुदेखि लिट् 'ल्' को स्थानमा प्रथम पुरुषको बहुवचन झ, "लिटस्तझयोरे-शिरेच्। ३। ४। ८१ ॥" ले 'झ' को स्थानमा 'इरेच्' आदेश द्वित्व अभ्यासादि कार्य "इरयो रे" ले 'इरे'को स्थानमा 'रे'आदेश "असिद्धवदत्राभात्। ६। ४। २२ ॥" ले रेभाव असिद्ध भएको हुनाले "आतो लोप इटि च । । ६ । ४ । ६४ ॥" ले 'आ'को लोप भएर 'दध्रे' यो रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'दधिरे' हुन्छ। 'इरे'को स्थानमा उक्त सूत्रले 'रे' गरेपछि "आर्धधातुकस्येड् वलादेः" ले 'इट्' आगम भएर बनेको 'इरे'को स्थानमा पनि फेरि 'रे' आदेश हुन्छ भन्नका लागि उक्त सूत्रमा द्विवचनान्त 'इरयोः' को प्रयोग गरिएको हो।

१७१ छन्दस्युभयथा । ६ । ४ । ८६ ॥ भूसुधियोर्यण् स्यादियङुवङौ च । वनेषु चित्रं विभ्वम् । विभुवं वा । सुध्योऽहव्यमग्ने । सुधियो वा ॥

'छन्दसि' यो सप्तम्यन्त प्रथम पद र 'उभयथा' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "अचि श्नुधातुभ्रुवां य्वोरियङुवङौ" बाट 'इयङुवङा'को, "इणो यण्" बाट 'यण्' को र "न भूसुधियोः" बाट 'भूसुधियोः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'भू' तथा 'सुधी'शब्दको स्थानमा 'यण्', 'इयङ्' तथा 'उवङ्'आदेश हुन्छन्, हो। लौकिक संस्कृतमा भू तथा सुधी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्ददेखि 'सुप्'पर भएमा "न भूसुधियोः । ६ । ४ । ८५ ॥" ले यण् निषेध हुने हुँदा यण् हुँदैन ।

वनेषु चित्रं विभ्वम् । विभ्वम् = 'विभु'शब्ददेखि द्वितीयाको एकवचन 'अम्' "अमि पूर्वः । ६ । १ । १०७ ॥" ले प्राप्त पूर्वरूपलाई निषेध गरेर "अचि श्नुधातुभ्रुवां य्वोरियङुवङौ । ६ । ४ । ७७ ॥" ले 'उवङ्' प्राप्त, त्यसलाई निषेध गरेर "ओः सुपि । ६ । ४ । ८३ ॥" ले 'यण्' प्राप्त, त्यसको "न भूसुधियोः । ६ । ४ । ८५ ॥" ले निषेध भएपछि "अचि श्नुधातु ०" ले 'उवङ्'मात्र प्राप्त थियो त्यसलाई निषेध गरेर "छन्दस्युभय था ६ । ४ । ८६ ॥"ले 'यण्' भई 'विभ्वम्' सिद्ध हुन्छ । 'उवङ्' भएको पक्षमा विभुवम् बन्छ ।

सुध्योऽहव्यमग्ने । सुध्यः = 'सुधी'शब्ददेखि प्रथमाको बहुवचन जस्, "इको यणचि" ले प्राप्त 'यण्' लाई निषेध गरेर "प्रथमयोः पूर्वसवर्णः" ले पूर्वसवर्ण दीर्घ प्राप्त थियो त्यसको "दीर्घाज्जसि च" ले निषेध भएपछि पुनः "इको यणचि" ले 'यण्' प्राप्त, त्यसलाई निषेध गरेर "अचि श्नुधातु ०" ले 'इयङ्' प्राप्त, त्यसलाई निषेध गरेर "एरनेकाचोऽसंयोगो पूर्वस्य ६ । ४ । ८२ ॥" ले 'यण्' प्राप्त भयो त्यसको "न भूसुधियोः । ६ । ४ । ८५ ॥" ले निषेध भएपछि "अचि श्नुधातु ०" ले 'उवङ्' प्राप्त, त्यसलाई निषेध गरेर "छन्दस्युभयथा । ६ । ४ । ८६ ॥" ले 'यण्' भएर 'सुध्यः' बन्छ । 'इयङ्' भएर सुधियः रूप पनि हुन्छ ।

तन्वादीनां छन्दसि बहुलम् (वा०) ॥ तन्वं पुषेम । तनुवं वा । त्र्यम्बकम् । त्रियम्बकम् ॥

वैदिक संस्कृतमा 'तनु' आदि शब्ददेखि बहुलतया 'यण्', 'इयङ्' तथा 'उवङ्' आदेश हुन्छ । **तन्वम् /तनुवम्** = 'तनु'शब्ददेखि द्वितीयाको एकवचन 'अम्' "अमि पूर्वः" ले प्राप्त पूर्वरूपलाई निषेध गरेर "तन्वादीनां छ ०" ले 'यण्' आदेश भएर 'तन्वम्' हुन्छ भने 'उवङ्' आदेश भएर 'तनुवम्' रूप पनि हुन्छ । **त्र्यम्बकम्** / त्रियम्बकम् = त्रीणि अम्बकानि (नेत्राणि) यस्य, यस विग्रहमा "अनेकमन्यपदार्थे" ले समास, प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, (त्रि+अम्बक) "तन्वादीनां छ ०" ले बहुलतया 'यण्' र स्वादिकार्य भएर 'त्र्यम्बकम्' बन्छ । पक्षमा 'इयङ्' आदेश भएर 'त्रियम्बकम्' रूप हुन्छ ।

१७२ तनिपत्योश्छन्दसि । ६ । ४ । ९९ ॥ एतयोरुपधालोपः क्ङिति प्रत्यये । वितत्निरे कवयः । शकुना इव पप्तिम । भाषायां वितेनिरे । पेतिम ॥

'तनिपत्योः' यो षष्ठचन्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "ऊदुपधाया गोहः" बाट 'उपधायाः' को एवम् "गमहनजनखनघसां लोपः क्ङित्यनङि" बाट 'लोपः' को र 'क्ङिति' को अनुवृत्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आएपछि पदसंयोजनद्वारा सूत्रको अर्थ :– वैदिक संस्कृतमा अजादि कित् ङित् प्रत्यय पर भएमा 'तन्' तथा 'पत्' धातुको उपधाको लोप हुन्छ, हो ।

वितत्निरे कवयः । वितत्निरे = अनुबन्धविनिर्मुक्त 'वि'पूर्वक 'तन्' (तनु विस्तारे, तनादि) धातुदेखि लिट् 'ल्'को स्थानमा प्रथम पुरुषको बहुवचन झ, "असंयोगाल्लिट् कित् । १ । २ । ५ ॥" ले कित्त्व "लिटस्तझयोरेशिरेच् । ३ । ४ । ८१ ॥"ले 'झ'को स्थानमा 'इरेच्'आदेश द्वित्व अभ्यासादि कार्य र "तनिपत्योश्छ ०"ले उपधाको लोप भएर 'वितत्निरे' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'वितेनिरे' बन्छ ।

शकुना इव पप्तिम । पप्तिम = अनुबन्धविनिर्मुक्त 'पत्' (पत्लृ गतौ, भ्वादि) धातुदेखि लिट् 'ल्'को स्थानमा उत्तम पुरुषको बहुवचन मस् भएपछि "परस्मैपदानाम् ०" ले मस्को 'म'आदेश, "असंयोगाल्लिट् कित् । १ । २ । ५ ॥" ले कित्त्व आर्धधातुक संज्ञा "आर्धधातुकस्येड् वलादेः" ले 'इट्'आगम, द्वित्व, अभ्यासादि कार्य, "तनिपत्योश्छ ०" ले उपधाको लोप वर्णमेलन भएर 'पप्तिम' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'पेतिम' बन्छ ।

१७३ घसिभसोर्हलि च । ६ । ४ । १०० ॥ सग्धिश्च मे । बब्धां ते हरी धानाः ॥

'घसिभसोः' यो षष्ठ्यन्त प्रथम पद, 'हलि' यो सप्तम्यन्त द्वितीय पद र 'च' यो अव्यय तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'उपधायाः' को र 'क्ङिति' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा हलादि कित् र ङित् प्रत्यय पर भएमा 'घस्' तथा 'भस्' धातुको उपधाको लोप हुन्छ, हो । **सग्धिश्च** = १२ सूत्रमा सिद्ध गरिएको छ ।

बब्धां ते हरी धानाः । बब्धाम् = भस् (भस भर्त्सनदीप्तयोः, जुहोत्यादि) धातुदेखि लोट् 'ल्'को स्थानमा प्रथम पुरुषको द्विवचन 'तस्' "तस्थस्थमिपां तान्तन्तामः । ३ । ४ । १०१ ॥" ले 'तस्'को स्थानमा 'ताम्' आदेश शप् "जुहोत्यादिभ्यः श्लुः २ । ४ । ७५ ॥" ले 'शप्'को श्लु "श्लौ । ६ । १ । १० ॥" ले द्वित्व अभ्यासादि कार्य "घसिभसोर्ह ०" ले उपधाको लोप "झलो झलि" ले 'स्' को लोप, "झषस्तथोर्धो धः । ८ । २ । ४० ॥" ले 'त्'को 'ध्' र जश्त्व भएर 'बब्धाम्' रूप बन्छ ।

"हुझल्भ्यो हेर्धिः ॥" १७४ श्रुशृणुपृकृभ्यश्छन्दसि । ६ । ४ । १०२ ॥ श्रुधी हवम् । शृणुधी गिरः । रायस्पूर्धि । उरुणस्कृधि । अपावृधि ॥

'श्रुशृणुपृकृभ्यः' यो पञ्चम्यन्त प्रथम पद, 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "हुझल्भ्यो हेर्धिः" बाट 'हेर्धिः' को अनुवृत्ति आएपछि पदसंयोजन गर्दा सूत्रको अर्थ :– वैदिक संस्कृतमा श्रु, शृणु, पॄ, कृ तथा वृ धातुदेखि विहित 'हि'को स्थानमा 'धि' आदेश हुन्छ, हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रुधी हवम् । श्रुधी = श्रु (श्रु श्रवणे, भ्वादि) धातुदेखि लोट् 'ल्'को स्थानमा मध्यम पुरुषको एकवचन सिप्,"श्रुवः शृ च । ३ । १ । ७४ ॥" ले 'श्रु'को स्थानमा 'शृ' आदेश तथा 'श्नु'प्रत्यय प्राप्त थियो त्यसको "बहुलं छन्दसि । २ । ४ । ७३ ॥" ले निषेध "सेर्ह्यपिच्च । ३ । ४ । ८७ ॥" ले सिप्को 'हि' आदेश "श्रुशृणुपृकृ०" ले 'हि'को 'धि' "अन्येषामपि दृश्यते" ले दीर्घ भएर 'श्रुधी' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'शृणु/शृणुतात्' हुन्छ ।

शृणुधी गिरः । शृणुधी = श्रु धातुदेखि लोट् 'ल्'को स्थानमा मध्यम पुरुषको एकवचन सिप्, "बहुलं छन्दसि । २ । ४ । ७३ ॥" ले निषेध नभएको पक्षमा "श्रुवः शृ च"ले 'श्रु'को स्थानमा 'शृ' आदेश, तथा 'श्नु'प्रत्यय "रषाभ्यां नो णः समानपदे । ८ । ४ । १ ।" ले णत्व, "सेर्ह्यपिच्च । ३ । ४ । ८७ ॥" ले सिप्को 'हि' आदेश "श्रुशृणुपृकृ ०"ले 'हि'को 'धि' "अन्येषामपि दृश्यते"ले दीर्घ भएर 'शृणुधी' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'शृणु/शृणुतात्' हुन्छ ।

रायस्पूर्धि = पॄ (पॄ पालनपूरणयोः, जुहोत्यादि) धातुदेखि लोट् 'ल्'को स्थानमा मध्यम पुरुषको एकवचन सिप् पूर्ववत् 'सि' को 'हि' तथा 'हि' को 'धि' भएपछि "बहुलं छन्दसि । २ । ४ । ७३ ।" ले 'शप्'को लोप तसर्थ 'श्लु' तथा द्वित्वको अभाव, "उदोष्ठ्यपूर्वस्य । ७ । १ । १०२ ॥"ले उत्व, रपरत्व, "हलि च"ले दीर्घ भएर 'रायस्पूर्धि' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'पिपूर्हि' हुन्छ ।

उरुणस्कृधि = अनुबन्धविनिर्मुक्त 'कृ' (डुकृञ् करणे, तनादि) धातुदेखि लोट् 'ल्'को स्थानमा मध्यम पुरुषको एकवचन सिप्,"तनादिकृञ्भ्य उः । ३ । १ । ७९ ॥" ले 'उ'प्रत्यय "बहुलं छन्दसि । २ । ४ । ७३ ॥" ले लोप "श्रुशृणुपृकृ ०" ले 'हि'को 'धि'आदेश भएर 'उरुणस्कृधि' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'कुरु' हुन्छ ।

अपावृधि = अनुबन्धविनिर्मुक्त 'अप'पूर्वक 'वृ' (वृञ् वरणे, क्र्यादि) धातुदेखि लोट् 'ल्'को स्थानमा मध्यम पुरुषको एकवचन सिप्,"क्रादिभ्यः श्ना । ३ । १ । ८१ ॥" ले 'श्ना'प्रत्यय "बहुलं छन्दसि । २ । ४ । ७३ ॥" ले लोप, "श्रुशृणुपृकृ ०" ले हिको 'धि'आदेश "अन्येषामपि दृश्यते " ले पकारोत्तरवर्ती अकारको दीर्घ भएर 'अपावृधि' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'वृणु' हुन्छ ।

१७५ वा छन्दसि । ३ । ४ । ८८ ॥ हिरपिद्वा ॥

'वा' यो अव्यय प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "सेर्ह्यपिच्च"को सम्पूर्ण अनुवृत्तिपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'सिप्'को स्थानमा विहित 'हि' अपित् विकल्पले हुन्छ, हो ।

१७६ अङितश्च । ६ । ४ । १०३ ॥ हेर्धिः स्यात् । रारन्धि । रमेर्व्यत्ययेन परस्मै–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदम् । शपः श्लुरभ्यासदीर्घश्च । अस्मै प्रयन्धि । युयोधि जातवेदः । यमेः शपो लुक् । यौतेः शपः श्लुः । अङितः किम् ? प्रणीहि ॥

'अङितः' यो षष्ठचन्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "हुझल्भ्यो हेर्धिः" बाट 'हेर्धिः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा अङित 'हि'को स्थानमा 'धि'आदेश हुन्छ, हो ।

रारन्धि = अनुबन्धविनिर्मुक्त 'रम्' (रमु क्रीडायाम्, भ्वादि) धातुदेखि लोट् 'ल्' को स्थानमा "व्यत्ययो बहुलम्" ले परस्मैपद सिप्, "तिङ्शित् सार्वधातुकम्" ले सार्वधातुक संज्ञा 'शप्' व्यत्ययद्वारा 'शप्'को 'श्लु' द्वित्व, अभ्यासादि कार्य, "तुजादीनां दी ०" ले अभ्यासको दीर्घ, "सेर्ह्यपिच्च । ३ । ४ । ८७ ॥ " ले 'सिप्'को स्थानमा 'हि'आदेश, उक्त सूत्रद्वारा नै 'हि'को अपित्त्व नित्य प्राप्त थियो त्यसलाई बाँधेर "वा छन्दसि" ले 'हि'को विकल्पले अपित्, पित् भएको पक्षमा "सार्वधातुकमपित्" ले 'हि'मा ङित्त्वको अभाव, 'हि' अङित् भएको हुँदा "अङितश्च" ले 'हि'को स्थानमा 'धि'आदेश, 'म्'को अनुस्वार परसवर्ण भएर 'रारन्धि' रूप सिद्ध हुन्छ । यहाँ अङित् 'हि' पर रहेको हुँदा "अनुदात्तोपदेश–वनतितनोत्यादीनामनुनासिक लोपो झलि क्ङिति । ६ । ४ । ३७ ॥" ले 'म्'को लोप, हुँदैन । लौकिक संस्कृतमा 'रमस्व' बन्दछ ।

अस्मै प्रयन्धि । प्रयन्धि = 'प्र'पूर्वक यम् (यम उपरमे, भ्वादि) धातुदेखि लोट् 'ल्'को स्थानमा सिप् सार्वधातुक संज्ञा शप्, "बहुलम् छन्दसि" ले 'शप्'को लोप "सेर्ह्यपिच्च । ३ । ४ । ८७ ॥" ले 'सिप्'को स्थानमा 'हि'आदेश, उक्त सूत्रद्वारा नै 'हि'को अपित्त्व नित्य प्राप्त थियो त्यसलाई बाँधेर "वा छन्दसि"ले विकल्पले अपित्, पित् भएको पक्षमा "सार्वधातुकमपित्" ले 'हि'मा ङित्त्वको अभाव, 'हि' अङित् भएको हुँदा "अङितश्च"ले 'हि'को स्थानमा 'धि'आदेश, 'म्' को अनुस्वार परसवर्ण भएर 'प्रयन्धि' रूप सिद्ध हुन्छ । ङित् पर नभएको हुँदा 'म्'को लोप हुँदैन । लौकिक संस्कृतमा 'प्रयच्छ' बन्दछ ।

युयोधि जातवेदः । युयोधि = यु (यु मिश्रणेऽमिश्रणे च, अदादि) धातुदेखि लोट्, सिप्, शप्, "व्यत्ययो बहुलम्" ले 'शप्'को श्लु, द्वित्व अभ्यासादि कार्य "सेर्ह्यपिच्च । ३ । ४ । ८७ ॥" ले सिप्को स्थानमा 'हि'आदेश, उक्त सूत्रद्वारा नै 'हि'को अपित्त्व नित्यले प्राप्त थियो त्यसलाई निषेध गरेर "वा छन्दसि" ले 'हि'को विकल्पले अपित्, पित् भएको पक्षमा "सार्वधातुकमपित्" ले 'हि'मा ङित्त्वको अभाव, 'हि' अङित् भएको हुँदा "अङितश्च" ले 'हि'को स्थानमा 'धि' आदेश, पित्त्वात् "सार्वधातुकार्ध ०" ले गुण भएर 'युयोधि' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'युहि' बन्दछ । "वा छन्दसि" ले अपित् भएको अवस्थामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"अडितश्च" ले 'हि'को 'धि' हुँदैन ।

१७७ मन्त्रेष्वाङ्यादेरात्मनः । ६ । ४ । १४१ ॥ आत्मन्शब्दस्याऽदेर्लोपः स्यादाङि । त्मना देवेषु ॥

'मन्त्रेषु' यो सप्तम्यन्त प्रथम पद, 'आङि' यो सप्तम्यन्त द्वितीय पद, 'आदेः' यो षष्ठचन्त तृतीय पद र 'आत्मनः' यो षष्ठचन्त चतुर्थ पद गरी यस सूत्रमा चार पद छन् । यहाँ "लोपो यि"बाट 'लोपः' को अनुवृत्ति आएपछि पदसंयोजन गर्दा सूत्रको अर्थ :– वैदिक संस्कृतमा तृतीया विभक्तिको एकवचन पर भएमा 'आत्मन्'शब्दको प्रथम वर्ण 'आ'को लोप हुन्छ, हो । **त्मना देवेषु** = 'आत्मन्' शब्ददेखि तृतीयाको एकवचन टा, "मन्त्रेष्वाङ्या ०" ले 'आ'को लोप वर्णमेलन भएर 'त्मना' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'आत्मना' रूप हुन्छ ।

१७८ विभाषर्जोश्छन्दसि । ६ । ४ । १६२ ॥ ऋजुशब्दस्य ऋतः स्थाने रः स्याद्वा इष्ठमेयस्सु । त्वं रजिष्ठमनुनेषि । ऋजिष्ठं वा ॥

'विभाषा' यो प्रथमान्त प्रथम पद, 'ऋजोः' यो षष्ठचन्त द्वितीय पद र 'छन्दसि' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । "तुरिष्ठेमेयस्सु" बाट 'इष्ठेमेयस्सु' को र "र ऋतो हलादेर्लघोः" बाट 'र' तथा 'ऋतः' को अनुवृत्ति आएपछि पदसंयोजनबाट सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'इष्ठन्', 'इमनिच्' र 'ईयसुन्' प्रत्यय पर भएमा 'ऋजु'शब्दको ऋकारको स्थानमा 'र' आदेश हुन्छ, हो ।

त्वं रजिष्ठमनुनेषि । <u>रजिष्ठम्</u> = अयमेषामतिशयेन ऋजुः , यस विग्रहमा "अतिशायने तमबिष्ठनौ । ५ । ३ । ५५ ॥" ले 'इष्ठन्' प्रत्यय अनुबन्धलोप, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा, 'सुप्'को लुक्, "विभाषर्जोश्छ ०" ले 'ऋ'को स्थानमा 'र'आदेश "टेः । ६ । ४ । ११५ ॥" ले टि (उ)को लोप र स्वादिकार्य भएर 'रजिष्ठम्' रूप सिद्ध हुन्छ । 'ऋ'को स्थानमा 'र' नभएको अवस्थामा 'ऋजिष्ठम्' हुन्छ ।

१७९ ऋत्व्यवास्त्व्यवास्त्वमाध्वीहिरण्ययानि छन्दसि । ६ । ४ । १७५ ॥ ऋतौ भवमृत्व्यम् । वास्तुनि भवं वास्त्व्यम् । वास्त्वं च । मधुशब्दस्याणि स्त्रियां यणादेशो निपात्यते । माध्वीनः सन्त्वोषधीः । हिरण्यशब्दाद्विहितस्य मयटो मशब्दस्य लोपो निपात्यते । हिरण्ययेन सविता रथेन ॥ इति षष्ठोऽध्यायः ।

'ऋत्व्यवास्त्व्यवास्त्वमाध्वीहिरण्ययानि' यो प्रथमान्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ सूत्रको अर्थ :– वैदिक संस्कृतमा ऋत्व्य, वास्त्व्य, वास्त्व, माध्वी, तथा हिरण्यय शब्दहरू निपातनद्वारा सिद्ध हुन्छन्, हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऋत्व्यः = ऋतौ भवः, यस विग्रहमा सप्तम्यन्त ऋतु शब्ददेखि "भवे छन्दसि। ४। ४। ११० ॥" ले 'यत्'प्रत्यय तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक् "ऋत्व्यवास्त्व्य ०" ले निपातनद्वारा 'यण्' र स्वादिकार्य भएर 'ऋत्व्यः' रूप सिद्ध हुन्छ। **वास्त्व्यम्** = वास्तुनि भवम्, यस विग्रहमा 'वास्तु'शब्ददेखि पूर्ववत् कार्य भएर 'वास्त्व्यम्' रूप सिद्ध हुन्छ।

वास्त्वम् = वास्तुनि भवम्, विग्रहमा वास्तु शब्ददेखि "तत्र भवः। ४। ३। ५३ ॥" ले 'अण्' तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा र 'सुप्'को लुक् भएपछि "ऋत्व्यवास्त्व्य ०" ले निपातनद्वारा 'यण्' र स्वादिकार्य भएर 'वास्त्वम्' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'वास्तवम्' हुन्छ। **माध्वीनः सन्त्वोषधीः।** **माध्वीनः** = मधुनि भवा, यस विग्रहमा सप्तम्यन्त मधु शब्ददेखि "तत्र भवः"ले 'अण्' आदिवृद्धि तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा र 'सुप्'को लुक् "ऋत्व्यवास्त्व्य ०" ले निपातनद्वारा यण्, स्त्रीत्वको विवक्षामा "टिड्ढाणञ् ०" ले 'ङीप्' 'भ'संज्ञा 'अ'को लोप र स्वादिकार्य भएर 'माध्वीः' रूप सिद्ध हुन्छ।

हिरण्ययेन सविता रथेन। हिरण्ययेन = हिरण्यस्य विकारः, यस विग्रहमा षष्ठ्यन्त 'हिरण्य' शब्ददेखि "मयड्वैतयोर्भाषायामभक्ष्याच्छादनयोः। ४। ३। १४३ ॥"ले 'मयट्'प्रत्यय अनुबन्धलोप "ऋत्व्यवास्त्व्य०"ले निपातनद्वारा 'मयट्' को मकार को लोप र स्वादिकार्य भएर हिरण्ययेन रूप सिद्ध हुन्छ।

इति शालिग्राम सुवेदीद्वारा विरचित 'रञ्जना' नेपाली व्याख्याको वैदिकी प्रक्रियाको षष्ठ अध्याय।

अथ सप्तमोऽध्यायः।

शीङो रुट् ॥ १८० बहुलं छन्दसि। ७। १। ८ ॥ रुडागमः स्यात्। लोपस्त आत्मनेपदेष्विति पक्षे तलोपः। धेनवो दुह्रे। लोपाभावे घृतं दुहते। अदृश्रमस्य ॥ 'बहुलम्' यो प्रथमान्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "शीङोरुट्" बाट 'रुट्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा बहुलतया 'रुट्' आगम हुन्छ, हो।

धेनवो दुह्रे। दुह्रे = दुह् (दुह प्रपूरणे, अदादि) धातुदेखि लट् 'ल्'को स्थानमा प्रथम पुरुषको बहुवचन झ, "आत्मनेपदेष्वनतः। ७। १। ५ ॥" ले 'झ्'को स्थानमा 'अत्'आदेश "बहुलं छन्दसि" ले 'रुट्'आगम, "टित आत्मने ०" ले एत्व, "लोपस्त आत्मनेपदेषु। ७। १। ४१ ॥" ले 'त्'को विकल्पले लोप, "अतो गुणे। ६। १। ७९ ॥" ले पररूप भएर 'दुह्रे' रूप सिद्ध हुन्छ। 'त्'को लोप नभएको पक्षमा 'दुह्रते' हुन्छ। लौकिक संस्कृतमा 'दुहते' हुन्छ।

अदृश्रमस्य। अदृश्रम् = अनुबन्धविनिर्मुक्त दृश् (दृशिर् प्रेक्षणे, भ्वादि) देखि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लुङ् अट् आगम, 'ल्'को स्थानमा 'झि' "बहुलं छन्दसि ७ । १ । ८ ॥"ले 'रुट्' आगम, "व्यत्ययो बहुलम्"ले 'झि'को स्थानमा 'मिप्' "तस्थस्थ ०" ले 'मिप्'को 'अम्' आदेश (अदृशर्अम्) र वर्णमेलन भएर 'अदृश्रम्' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'अदर्शन्' हुन्छ।

"अतो भिस ऐस् ॥" १८१ बहुलं छन्दसि । ७ । १ । १० ॥ अग्निर्देवेभिः ॥

'बहुलम्' यो प्रथमान्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "अतो भिस ऐस्" को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा ह्रस्व अकारदेखि पर रहेको 'भिस्'को स्थानमा 'ऐस्' बहुलतया हुन्छ, हो। लौकिक संस्कृतमा 'भिस्'को स्थानमा 'ऐस्' हुँदैन।

अग्निर्देवेभिः । देवेभिः = 'देव'शब्ददेखि तृतीयाको बहुवचन 'भिस्' "अतो भिस ऐस्। ७। १। ९ ॥" ले 'भिस्'को स्थानमा प्राप्त 'ऐस्'को "बहुलं छ ० ७। १। १० ॥"ले बाहुल्यको विधान भएपछि 'ऐस्' भएन "बहुवचने झल्येत्। ७। ३। १०३ ॥"ले दकारोत्तरवर्ती अकारको एत्व, रुत्व र विसर्ग भएर 'देवेभिः' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'देवैः' हुन्छ।

१८२ नेतराच्छन्दसि । ७ । १ । २६ ॥ स्वमोरद्ड् न । वार्त्रघ्नमितरम् । छन्दसि किम् ? इतरत्काष्ठम् ॥

'न' यो अव्यय प्रथम पद, 'इतरात्' यो पञ्चम्यन्त द्वितीय पद र 'छन्दसि' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "स्वमोर्नपुंसकात्" बाट 'स्वमोः' को र "अद्ड् डतरादिभ्यः पञ्चभ्यः" बाट 'अद्ड्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'इतर'शब्ददेखि पर रहेका 'सु' तथा 'अम्' विभक्तिको स्थानमा 'अद्ड्'आदेश हुँदैन, हो। **वार्त्रघ्नमितरम् । इतरम्** = 'इतर'शब्ददेखि द्वितीयाको एकवचन अम्, "अद्डतरादिभ्यः पञ्चभ्यः। ७। १। १२५ ॥" ले 'अम्'को स्थानमा 'अद्ड्' आदेश प्राप्त थियो त्यसको "नेतराच्छन्दसि" ले निषेध, "अतोऽम्। ७। १। २४ ॥"ले अम् र "अमि पूर्वः। ६। १। १०७ ॥"ले पूर्वरूप भई 'इतरम्' सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'अद्ड्' आदेश भएर 'इतरत्' हुन्छ।

"समासेऽनञ्पूर्वे क्त्वो ल्यप् ॥" १८३ क्त्वापि छन्दसि । ७ । १ । ३८ ॥ यजमानं परिधापयित्वा ॥

'क्त्वा' यो प्रथमान्त प्रथम पद, 'अपि' यो अव्यय द्वितीय पद र 'छन्दसि' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "समासेऽनञ्पूर्वे क्त्वो ल्यप्" बाट 'समासेऽनञ्पूर्वे' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा अनञ्पूर्वक समासदेखि पर रहेको 'क्त्वा'को स्थानमा 'क्त्वा'आदेश

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विकल्पले हुन्छ, हो । लौकिक संस्कृतमा अनञ्पूर्वक समासदेखि पर रहेको 'क्त्वा'को स्थानमा 'क्त्वा'आदेश हुँदैन ।

यजमानं परिधापयित्वा । परिधापयित्वा = अनुबन्धविनिर्मुक्त 'परि'पूर्वक 'धा' (डुधाञ् धारणपोषणयोः, जुहोत्यादि) धातुदेखि "हेतुमति च । ३ । १ । २६ ॥" ले 'णिच्' "अर्तिह्वीव्लीरीक्नूयीक्ष्माय्यातां पुङ्णौ । ७ । ३ । ३६ ॥" ले 'पुक्'आगम, 'धापि'को "सनाद्यन्ता धातवः । ३ । १ । ३२ ॥" ले धातुसंज्ञा, "समानकर्तृकयोः पूर्वकाले । ३ । ४ । २१ ॥" ले 'क्त्वा'प्रत्यय "समासेऽनञ्पूर्वे क्त्वो ल्यप् । ७ । १ । ३७ ॥" ले 'क्त्वा'को स्थानमा 'ल्यप्' प्राप्त थियो त्यसलाई बाँधेर "क्त्वापि छ ०" ले 'क्त्वा'को स्थानमा विकल्पले 'क्त्वा' नै आदेश, आर्धधातुक संज्ञा "आर्धधातुकस्येड् वलादेः ।" ले 'इट्' आगम "सार्वधातुकार्ध ०" ले गुण "एचोऽयवायावः" ले 'अय्' आदेश, 'सु' विभक्ति, अव्ययत्वात् 'सु'को लुक् भएर 'परिधापयित्वा' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'परिधाप्य' हुन्छ ।

१८४ सुपां सुलुक्पूर्वसवर्णच्छेयाडाड्यायाजालः । ७ । १ । ३९ ॥ ऋजवः सन्तु पन्थाः । पन्थान इति प्राप्ते सुः । परमे व्योमन् । व्योमनि इति प्राप्ते ङेर्लुक् । धीती मती सुष्टुती । धीत्या मत्या सुष्टुत्येति प्राप्ते पूर्वसवर्णदीर्घः । या सुरथा रथीतमोभा देवा दिविस्पृशा । अश्विना । यौ सुरथौ दिविस्पृशावित्यादौ प्राप्ते आ । नताद्ब्राह्मणम् । नतमिति प्राप्ते आत् । या देव विद्म ता त्वा । यमिति प्प्ते । न युष्मे वाजबन्धवः । अस्मे इन्द्राबृहस्पती । युष्मासु अस्मभ्यमिति प्राप्ते 'शे' । उरुया । धृष्णुया । उरुणा । धृष्णुनेति प्राप्ते या । नाभा पृथिव्याः । नाभाविति प्राप्ते डा । ता अनुष्ठघोच्यावयतात् । अनुष्ठानमनुष्ठा व्यवस्थावदङ् । आङो डया । साधुया । साध्विति प्राप्ते याच् । वसन्ता यजेत । वसन्ते इति प्राप्ते आल् ॥

'सुपाम्' यो षष्ठचन्त प्रथम पद र 'सुलुक्पूर्वसवर्णच्छेयाडाड्यायाजालः' यो समस्त प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्वसूत्रबाट 'छन्दसि' को अनुवृत्ति गरेपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'सुप्'को स्थानमा सु, 'सुप्'को लोप, पूर्वसवर्णदीर्घ, आ, आत्, शे, या, डा, ड्या, याच् तथा आल् आदेश हुन्छन्, हो ।

ऋजवः सन्तु पन्थाः । पन्थाः = 'पथिन्'शब्ददेखि 'जस्' "सुपां सुलुक् ०" ले 'जस्' को स्थानमा 'सु' "पथिमथ्यृभुक्षामात् । ७ । १ । ८५ ॥" ले 'न्' को स्थानमा 'आ' "इतोऽत् सर्वनामस्थाने । ७ । १ । ८६ ॥" ले थकारोत्तरवर्ती इकारको 'अ' (पथ अ) "थोन्थः । ७ । १ । ८७ ॥"ले 'थ'को स्थानमा 'न्थ' आदेश (पन्थ आ) "अकः सवर्णे०"ले दीर्घ, रुत्व र विसर्ग भएर 'पन्थाः' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'पन्थानः' हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परमे व्योमन् । व्योमन् = 'व्योमन्'शब्ददेखि 'ङि' "सुपां सुलुक् ०" ले 'ङि'को लोप भएर 'व्योमन्' हुन्छ । लौकिक संस्कृतमा परमे व्योमनि/व्योम्नि बन्छ । **धीती** = 'धीति'शब्ददेखि तृतीया विभक्तिको एकवचन टा, "सुपां सुलुक् ०" ले पूर्वसवर्णदीर्घ भएर उक्त रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'धीत्या' बन्छ । **मती** = 'मति'शब्ददेखि 'टा' पूर्ववत् । लौकिक संस्कृतमा 'मत्या' हुन्छ । **सुष्टुती** = 'सुष्टुति'शब्ददेखि 'टा'पूर्ववत् । लौकिक संस्कृतमा 'सुष्टुत्या' हुन्छ । **या** = 'यद्'शब्ददेखि प्रथमाको द्विवचन/द्वितीयाको द्विवचन औ/औट्, "त्यदादीनामः । ७ । २ । १०२ ॥" ले 'द्'को स्थानमा 'अ' "अतो गुणे" ले पररूप "सुपां सुलुक् ०" ले 'औ'को स्थानमा 'आ'आदेश "प्रथमयोः ०" ले दीर्घ भएर 'या' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'यौ' हुन्छ ।

सुरथा = 'सुरथ' शब्ददेखि प्रथमाको द्विवचन/द्वितीयाको द्विवचन औ/औट् "सुपां सुलुक् ०" ले दुवै'औ'को स्थानमा 'आ'आदेश "प्रथमयोः पूर्वसवर्णः । ६ । १ । १०२ ॥"ले दीर्घ भएर उक्त रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'सुरथौ' बन्छ । यसरी नै रथितम+औ = रथितमा । लौकिक संस्कृतमा 'रथितमौ' हुन्छ । उभ + औ = उभा । लौकिक संस्कृतमा 'उभौ' हुन्छ । देव+औ = देवा । लौकिक संस्कृतमा 'देवौ' हुन्छ । दिविस्पृश् + औ = दिविस्पृशा । लौकिक संस्कृतमा 'दिविस्पृशौ' हुन्छ । अश्विन +औ = अश्विना । लौकिक संस्कृतमा 'अश्विनौ' हुन्छ ।

नतादब्राह्मणम् । नतात् = 'नत'शब्ददेखि 'अम्' "सुपां सुलुक् ०" ले 'अम्' को स्थानमा 'आत्' पूर्वसवर्णदीर्घ । 'नतात्'को 'त्' विभक्तिस्थ भएको हुँदा "हलन्त्यम्" ले प्राप्त 'इत्'संज्ञाको "न विभक्तौ तुस्माः"ले निषेध हुन्छ । लौकिक संस्कृतमा 'नतम्' हुन्छ ।

न युष्मे वाजबन्धवः । युष्मे = 'युष्मद्'शब्ददेखि सप्तमी विभक्तिको बहुवचन सुप्, "सुपां सुलुक् ०" ले 'सुप्'को स्थानमा 'शे'आदेश "लशक्वतद्धिते । १ । ३ । ९८ ॥" ले 'श्'को 'इत्'संज्ञा लोप "शेषे लोपः । ७ । २ । ९० ॥" ले 'टि' (अद्)को लोप र वर्णमेलन भएर 'युष्मे' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'युष्मासु' बन्दछ ।

अस्मे इन्द्राबृहस्पती । अस्मे = 'अस्मद्'शब्ददेखि चतुर्थीको बहुवचन भ्यस्, "सुपां सुलुक् ०"ले 'भ्यस्'को स्थानमा 'शे' अरू कार्य पूर्ववत् हुन्छन् । लौकिक संस्कृतमा 'अस्मभ्यम्' हुन्छ । **उरुया** = 'उरु' शब्ददेखि तृतीयाको एकवचन टा, "सुपां सुलुक् ०" ले 'टा'को स्थानमा 'या' भएर 'उरुया' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'उरुणा' हुन्छ । यसरी नै धृष्णु+टा = धृष्णुया । लौकिक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतमा 'धृष्णुना' हुन्छ ।

नाभा पृथिव्याः । नाभा = 'नाभि'शब्ददेखि सप्तमी विभक्तिको एकवचन ङि, "सुपां सुलुक् ०" ले 'ङि'को स्थानमा 'डा'आदेश "टेः । ६ । ४ । १४३ ॥" ले भकारोत्तरवर्ती 'इ'को लोप र वर्णमेलन भएर 'नाभा' रूप सिद्ध हुम्छ । लौकिक संस्कृतमा 'नाभौ' बन्दछ ।

ता अनुष्ठ्योच्यावयतात् । अनुष्ठ्या = अनुष्ठानम् अनुष्ठा, यहाँ 'स्था'धातुदेखि "स्थागापापचो भावे । ३ । ३ । ९५ ॥"ले स्त्रीत्वको विवक्षामा 'क्तिन्' हुनु पर्ने हो तापनि "पूर्वपरावरदक्षिणोत्तरापराधराणि व्यवस्थायामसंज्ञायाम् । १ । १ । ३४ ॥" सूत्रमा 'व्यवस्था'शब्दको प्रयोग भएको हुँदा "आतश्चोपसर्गे । ३ । ३ । १०६ ॥" ले 'अङ्' पनि हुन सक्छ । तसर्थ यहाँ 'अनु'पूर्वक 'स्था'धातुदेखि स्त्रीत्वको विवक्षामा "आतश्चोपसर्गे"ले 'अङ्' भएर बनेको रूप हो अनुष्ठा । 'अनुष्ठा'शब्ददेखि तृतीयाको एकवचन टा,"सुपां सुलुक् ०"ले 'टा'को स्थानमा 'ङ्या' र टिलोप भएर 'अनुष्ठ्या' हुन्छ । लौकिक संस्कृतमा 'अनुष्ठया' बन्छ ।

साधुया = 'साधु'शब्ददेखि सम्बोधनको एकवचन सु, "एङ्ह्रस्वात् सम्बुद्धेः"ले प्राप्त 'सु'को लोपलाई निषेध गरेर "सुपां सुलुक् ०"ले 'सु'को स्थानमा 'याच्' आदेश भएर 'साधुया' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'साधो' हुन्छ ।

वसन्ता यजेत । वसन्ता = 'वसन्त'शब्ददेखि सप्तमीको एकवचन ङि, "सुपां सुलुक्०" ले 'ङि'को स्थानमा 'आल्' "अकः सवर्णे ०"ले दीर्घ भएर 'वसन्ता' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'वसन्ते' हुन्छ ।

इयाडियाजीकाराणामुपसंख्यानम् (वा०) ॥ उर्विया । दार्विया । उरुणा । दारुणेति प्राप्ते इया । सुक्षेत्रिया । सुक्षेत्रिणेति प्राप्ते डियाच् । दृतिं न शुष्कं सरसी शयनम् । ङेरीकार इत्याहुः । तत्राद्युदात्ते पदे प्राप्ते व्यत्ययेनान्तोदात्तता । वस्तुतस्तु ङीषन्तात् ङेर्लुक् । ईकारादेशस्य तूदाहरणान्तरं मृग्यम् ॥

वैदिक संस्कृतमा सुप्को स्थानमा इया, डियाच् तथा ई आदेश हुन्छन् ।

उर्विया = 'उरु' शब्ददेखि तृतीयाको एकवचन टा, "इयाडियाजी०"ले 'टा'को स्थानमा 'इया' आदेश र "इको यणचि"ले 'यण्' भएर 'उर्विया' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'उरुणा' हुन्छ ।

दार्विया = 'दारु'शब्ददेखि तृतीयाको एकवचन टा, "इयाडियाजी०"ले 'टा'को स्थानमा 'इया' आदेश "इको यणचि"ले 'यण्' भएर 'दार्विया' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'दारुणा' हुन्छ । **सुक्षेत्रिया** = 'सुक्षेत्रिन्'शब्ददेखि तृतीयाको एकवचन टा, "इयाडियाजी०"ले 'टा'को स्थानमा 'डियाच्'आदेश अनुबन्धलोप "टेः । ६ । ४ । १४३ ॥" ले 'टि'को लोप भएर 'सुक्षेत्रिया' रूप सिद्ध हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लौकिक संस्कृतमा 'सुक्षेत्रिणा' बन्छ ।

दृतिं न शुष्कं सरसी शयनम् । सरसी = 'सरस्'शब्ददेखि सप्तमीको एकवचन ङि, "इयाडियाजी०" ले 'ङि'को स्थानमा 'ई'आदेश र वर्णमेलन भएर 'सरसी' रूप सिद्ध हुन्छ । 'ई'प्रत्ययान्त सरसी शब्द आद्युदात्त हुने हुँदा "व्यत्ययो बहुलम्" ले स्वरको व्यत्ययद्वारा अनुदात्त गर्नुपर्छ । वास्तवमा ङीषन्त 'सरसी'शब्ददेखि सप्तमीको एकवचनमा विहित 'ङि'को "सुपां सुलुक् ०"ले लुक् गरेर 'सरसी' बनाउन सकिन्छ । तसर्थ वार्तिकद्वारा विहित ईकारादेशको उदाहरण अर्कै खोज्नुपर्छ ।

आङ्याजयारामुपसंख्यानम् (वा०) ॥ प्रबाहवा सिसृतम् । बाहुनेति प्राप्ते आङादेशः । 'घेर्ङिति' इति गुणः । स्वप्नया । स्वप्नेनेति प्राप्ते अयाच् । स नः सिन्धुमिव नावया । नावेति प्राप्ते अयार् । रित्स्वरः ॥

वैदिक संस्कृतमा 'सुप्'को स्थानमा आङ्, अयाच् तथा अयार् आदेश हुन्छन् । **प्रबाहवा सिसृतम् । बाहवा** = 'बाहु'शब्ददेखि तृतीयाको एकवचन टा, "आङ्याजयारा०"ले 'टा'को स्थानमा 'आङ्'आदेश ङित्त्वात् "घेर्ङिति । ७ । ३ । १११ ॥"ले गुण, "एचोऽयवायावः" ले अवादेश र वर्णसंयोग भएर 'बाहवा' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'बाहुना' बन्दछ ।

स्वप्नया = 'स्वप्न'शब्ददेखि तृतीयाको एकवचन टा, "आङ्याजयारा०" ले 'टा'को स्थानमा 'अयाच्' "अतो गुणे"ले पररूप भएर 'स्वप्नया' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'स्वप्नेन' बन्दछ ।

स नः सिन्धुमिव नावया । नावया = 'नौ'शब्ददेखि तृतीयाको एकवचन टा, "आङ्याजयारा ०" ले 'टा'को स्थानमा 'अयार्'आदेश "एचोऽयवायावः" ले अवादेश वर्णमेलन भएर 'नावया' रूप सिद्ध हुन्छ । रित् भएको हुँदा "उपोत्तमं रिति । ६ । १ । २१७ ॥"ले 'नावया'मा वकारोत्तरवर्ती अकार उदात्त हुन्छ । लौकिक संस्कृतमा 'नावा' हुन्छ ।

१८५ अमो मश् । ७ । १ । ४० ॥ मिबादेशस्यामो मश् स्यात् । अकार उच्चारणार्थः । शित्त्वात्सर्वादेशः । अस्तिसिच इतीट् । वधीं वृत्रम् । अवधिषमिति प्राप्ते ॥

'अमः' यो षष्ठ्यन्त प्रथम पद र 'मश्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्ववत् 'छन्दसि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'मिप्'को स्थानमा आदेश भएको 'अम्'को स्थानमा 'मश्'आदेश हुन्छ, हो । 'मश्'मा मकारोत्तरवर्ती अकार उच्चारणका लागि हो । तसर्थ 'मश्'को 'म्'मात्र बाँकी रहन्छ । 'मश्'मा 'श्'को 'इत्'संज्ञा हुने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुँदा अनेकाल् शित् सर्वस्य । १ । १ । ५५ ॥" ले 'मश्' आदेश सम्पूर्ण 'अम्'को स्थानमा हुन्छ ।

वधीं वृत्रम् । वधीम् = हन् (हन हिंसागत्योः, अदादि) धातुदेखि लुङ् 'ल्'को स्थानमा उत्तम पुरुषको एकवचन मिप्, "तस्थस्थमिपां ०" ले 'मिप्'को स्थानमा 'अम्' "लुङि च । २ । ४ । ४३ ॥" ले 'हन्'को स्थानमा 'वध'आदेश, प्रकृत सूत्रले 'अम्'को स्थानमा 'मश्' सर्वादेश "लुङ्लङ्लृङ् ०" ले प्राप्त 'अट्'आगमको "बहुलं छन्दस्यमाङ्योगेऽपि । ६ । ४ । ७५ ॥" ले निषेध 'च्लि' सिच्, आर्धधातुक संज्ञा "आर्धधातुकस्येड् ०" ले 'इट्' आगम (वध इ स् म्) "अस्तिसिचोऽपृक्ते" ले 'ईट्' आगम "इट ईटि । ८ । २ । २८ ॥"ले 'स्'को लोप दीर्घ र "अतो लोपः । ६ । ४ । ४८ ॥" ले वकारोत्तरवर्ती अकारको लोप भएर 'वधीम्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'अवधिषम्' हुन्छ ।

१८६ लोपस्त आत्मनेपदेषु । ७ । १ । ४१ ॥ छन्दसि । देवा अदुह्र । अदुहतेति प्राप्ते । दक्षिणतः शये । शेते इति प्राप्ते । आत्मने इति किम् ? वत्सं दुहन्ति ॥ 'लोपः' यो प्रथमान्त प्रथम पद, 'तः' यो षष्ठचन्त द्वितीय पद र 'आत्मनेपदेषु' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'छन्दसि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा आत्मने–पदको तकारको लोप हुन्छ, हो ।

देवा अदुह्र । अदुह्र = दुह् (दुह प्रपूरणे, अदादि) धातुदेखि लुङ् 'अट्' आगम 'ल्' को स्थानमा प्रथम पुरुषको बहुवचन झ, "आत्मनेपदेष्वनतः । ७ । १ । ५ ॥" ले 'झ्'को स्थानमा 'अत्'आदेश "बहुलं छन्दसि । ७ । १ । ८ ॥" ले 'रुट्'आगम (अदुह्र्अत्) "लोपस्त आ ०" ले 'त्'को लोप तथा "अतो गुणे" ले पररूप भएर 'अदुह्र' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'अदुहत'हुन्छ ।

दक्षिणतः शये । शये = अनुबन्धविनिर्मुक्त 'शी' (शीङ् स्वप्ने, अदादि) धातुदेखि लट् प्रथम पुरुषको एकवचन त, शप् लुक् "टित आत्मने०"ले एत्व "लोपस्त आ ०"ले 'त्'को लोप (शी ए) "शीङः सार्वधातुके गुणः । ७ । ४ । २१ ॥"ले गुण र "एचोऽयवा ०"ले 'अय्' भई 'शये' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'शेते' हुन्छ । आत्मनेपदको तकारको नै उक्त सूत्रले लोप हुने हुँदा 'दुहन्ति'मा तकारको लोप हुँदैन ।

१८७ ध्वमो ध्वात् । ७ । १ । ४२ ॥ अन्तरेवोष्माणं वारयध्वात् । वारयध्वमिति प्राप्ते ॥ 'ध्वमः' यो षष्ठचन्त प्रथम पद र 'ध्वात्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्वसूत्रबाट 'छन्दसि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा मध्यम पुरुषको बहुवचन 'ध्वम्'को स्थानमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'ध्वात्' आदेश हुन्छ, हो ।

अन्तरेवोष्माणं वारयध्वात् । वारयध्वात् = अनुबन्धविनिर्मुक्त 'वृ' (वृञ् आवरणे) धातुदेखि णिच् "अचो ञ्णिति" ले वृद्धि रपर 'वारि'को सनाद्यन्तत्वात् धातुसंज्ञा, लोट् 'ल्'को स्थानमा मध्यम पुरुषको बहुवचन ध्वम्, सार्वधातुक संज्ञा शप् "सार्वधातुकार्ध ०" ले गुण 'अय्'आदेश "टित आत्मने ०" ले एत्व, "आमेतः । ३ । ४ । ९० ॥" ले 'ए'को स्थानमा 'आम्'आदेश प्राप्त थियो त्यसलाई बाँधेर "सवाभ्यां वामौ । ३ । ४ । ९१ ॥" ले 'ए'को स्थानमा 'अम्'आदेश भएपछि **"ध्वमो ध्वात्"**ले 'ध्वम्'को स्थानमा 'ध्वात्'आदेश भएर 'वारयध्वात्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'वारयध्वम्' हुन्छ ।

१८८ यजध्वैनमिति च । ७ । १ । ४३ ॥ एनमित्यस्मिन्परे ध्वमोऽन्तलोपो निपात्यते । यजध्वैनं प्रियमेधाः । वकारस्य यकारो निपात्यत इति वृत्तिकारोक्तिः प्रामादिकी ॥

'यजध्वैनम्' यो प्रथमान्त प्रथम पद, 'इति' यो अव्यय द्वितीय पद र 'च' यो अव्यय तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ पूर्ववत् 'छन्दसि'को र "लोपस्त आत्मनेपदेषु" बाट 'लोपः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा एनम् पर भएमा 'ध्वम्'को मकारको लोप हुन्छ, हो ।

यजध्वैनं प्रियमेधाः । यजध्वैनम् = यज् (यज देवपूजासङ्गतिकरणदानेषु, भ्वादि) धातुदेखि लोट् 'ल्'को स्थानमा मध्यम पुरुषको बहुवचन ध्वम्, सार्वधातुक संज्ञा 'शप्' "टित आत्मने ०" ले एत्व, "आमेतः । ३ । ४ । ९० ॥" ले 'ए'को स्थानमा 'आम्'आदेश प्राप्त थियो त्यसलाई बाँधेर "सवाभ्यां वामौ । ३ । ४ । ९१ ॥" ले 'ए'को 'अम्'आदेश 'यजध्वम्+एनम्' यहाँ "यजध्वैन ०" ले 'म्'को लोप "वृद्धिरेचि" ले वृद्धि भएर 'यजध्वैनम्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'यजध्वम्' हुन्छ । वकारका स्थानमा निपातनद्वारा यकार हुन्छ भन्ने वृत्तिकार को भनाइ यहाँ असङ्गत देखिन्छ ।

१८९ तस्य तात् । ७ । १ । ४४ ॥ लोटो मध्यमपुरुषबहुवचनस्य स्थाने तात्स्यात् । गात्रमस्यानूनं कृणुतात् । कृणुतेति प्राप्ते । सूर्यं चक्षुर्गमयतात् । गमयतेति प्राप्ते ॥

'तस्य' यो षष्ठ्यन्त प्रथम पद र 'तात्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "क्त्वापि छन्दसि" बाट 'छन्दसि' को अनुवृत्ति आएपछि पदसंयोजन गर्दा सूत्रको अर्थ :– वैदिक संस्कृतमा लोट् लकारसम्बन्धी मध्यम पुरुषको बहुवचन 'त'को स्थानमा 'तात्'आदेश हुन्छ, हो ।

गात्रमस्यानूनं कृणुतात् । कृणुतात् = अनुबन्धविनिर्मुक्त कृव् (कृवि हिंसाकरणयो–श्च, भ्वादि) धातुदेखि लोट् "इदितो नुम् ७ । १ । ५८ ॥" ले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'नुम्' 'ल्'को स्थानमा मध्यम पुरुषको बहुवचन थ, सार्वधातुक संज्ञा शप् "धिन्विकृण्वोर च । ३ । १ । ८० ॥" ले 'शप्'को स्थानमा 'उ' तथा 'व्'को स्थानमा 'न्' (कृन् उ अ थ) 'तस्थस्थ ०" ले 'थ'को स्थानमा 'त' "तस्य तात्" ले 'त'को स्थानमा 'तात्' । णत्व, "अतो लोपः । ६ । ४ । ४८ ॥"ले 'अ'को लोप भएर 'कृणुतात्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'कृणुत' रूप हुन्छ ।

सूर्यं चक्षुर्गमयतात् । गमयतात् = अनुबन्धविनिमुक्त गम् (गम्लृ गतौ, भ्वादि) धातुदेखि णिच् उपधावृद्धि "जनीजृष्क्नसुरञ्जोऽमन्ताश्च" (ग०सू०) ॥ ले मित् "मितां ह्रस्वः । ६ । ४ । ९२ ॥" ले ह्रस्व, 'गमि'देखि लोट् 'ल्'को स्थानमा मध्यम पुरुषको बहुवचन थ, 'तस्थस्थ ०" ले 'थ'को स्थानमा 'त' सार्वधातुक संज्ञा 'शप्' "सार्वधातुकार्ध ०" ले गुण 'अय्'आदेश "तस्य तात्"ले 'त'को स्थानमा 'तात्' भएर 'गमयतात्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'गमयत' रूप हुन्छ ।

१९० तप्तनप्तनथनाश्च । ७ । १ । ४५ ॥ तस्येत्येव । शृणोत ग्रावाणः । शृणुते ति प्राप्ते तप् । सुनोतन पचत ब्रह्मवाहसे । दधातन द्रविणं चित्रमस्मे । तनप् । मरुतस्तज्जुजुष्टन । जुषध्वमिति प्राप्ते व्यत्ययेन परस्मैपदं श्लुश्च । विश्वे देवासो मरुतो यतिष्ठन । यत्संख्यकाः स्थेत्यर्थः । यच्छब्दाच्छ्रान्दसो डतिः । अस्तेस्तस्य थनादेशः ॥

'तप्तनप्तनथनाः' यो समस्त प्रथमान्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "क्त्वापि छन्दसि" बाट 'छन्दसि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा लोट्लकारसम्बन्धी मध्यम पुरुष बहुवचन 'त'को स्थानमा तप, तनप् तन, तथा थन आदेश हुन्छन्, हो ।

शृणोत ग्रावाणः । शृणोत = श्रु (श्रु श्रवणे, भ्वादि) धातुदेखि लोट् 'ल्'को स्थानमा मध्यम पुरुषको बहुवचन थ, सार्वधातुक संज्ञा "तस्थस्थ ०" ले 'थ'को स्थानमा 'त' "श्रुवः शृ च" ले 'श्रु'को स्थानमा 'शृ' तथा "स्वादिभ्यः श्नुः" ले 'श्नु'प्रत्यय णत्व "तप्तनप्तनथ ०" ले 'त'को स्थानमा 'तप्' आदेश पित्त्वात् ङित्त्वाभाव "सार्वधातुकार्ध ०"ले गुण भएर 'श्रृणोत' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा ङित्त्वात् गुणाभाव हुँदा 'शृणुत' हुन्छ ।

सुनोतन पचत ब्रह्मवाहसे । सुनोतन = अनुबन्धविनिर्मुक्त 'सु' (षुञ् अभिषवे, स्वादि) धातुदेखि लोट् 'ल्'को स्थानमा मध्यम पुरुषको बहुवचन थ, सार्वधातुक संज्ञा "स्वादिभ्यः श्नुः । ३ । १ । ७३ ॥" ले 'श्नु' "सार्वधातुकार्ध ०" ले गुण "तस्थस्थ ०" ले 'थ'को स्थानमा 'त' "तप्तनप्तनथ ०" ले 'त'को स्थानमा 'तनप्' भएर 'सुनोतन' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'सुनुत' हुन्छ ।

दधातन द्रविणं चित्रमस्मे । दधातन = अनुबन्धविनिर्मुक्त धा (डुधाञ् धारणपो–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

षणयोः, जुहोत्यादि) धातुदेखि लोट् 'ल्'को स्थानमा मध्यम पुरुषको बहुवचन थ, सार्वधातुक संज्ञा 'शप्' "जुहोत्यादिभ्यः श्लुः । २ । ४ । ७५ ॥" ले 'शप्' को 'श्लु' "श्लौ च"ले द्वित्व अभ्यासादि कार्य "तस्थस्थ ०" ले 'थ'को स्थानमा 'त' "तप्तनप्तनथ ०" ले 'त'को स्थानमा 'तनप्' भएर 'दधातन' रूप सिद्ध हुन्छ। पित्त्वात् ङित्त्वको अभाव हुनाले "श्नाभ्यस्तयोरातः । ६ । ४। ११२ ॥"ले अभ्यस्तको अकारको लोप हुँदैन । लौकिक संस्कृतमा 'धत्त' रूप हुन्छ ।

मरुतस्तज्जुजुष्टन । <u>जुजुष्टन</u> = अनुबन्धविनिर्मुक्त जुष् (जुषी प्रीतिसेवनयोः, तुदादि) धातुदेखि लोट् "व्यत्ययो बहुलम्" द्वारा परस्मैपद 'ल्'को स्थानमा मध्यम पुरुषको बहुवचन थ, सार्वधातुक संज्ञा "तुदादिभ्यः शः" ले 'श' तस्थस्थ०"ले 'थ'को स्थानमा 'त' व्यत्ययद्वारा 'श'को 'श्लु' द्वित्व अभ्यासादि कार्य "तप्तनप्तनथ ०" ले 'त'को स्थानमा 'तन' आदेश "ष्टुना ष्टुः" ले ष्टुत्व भएर 'जुजुष्टन' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'जुषध्वम्' हुन्छ ।

विश्वे देवासो मरुतो यतिष्ठन । <u>यतिष्ठन</u> = अस् (अस भुवि, अदादि) धातुदेखि लोट् 'ल्'को स्थानमा मध्यम पुरुषको बहुवचन थ, सार्वधातुक संज्ञा शप् "अदिप्रभृतिभ्यः शपः । २ । ४ । ७२ ॥" ले 'शप्'को लोप, "तस्थस्थ ०" ले 'थ'को स्थानमा 'त' "तप्तनप्तनथ ०" ले 'त'को स्थानमा 'थन'आदेश (अस् थन) "श्नसोरल्लोपः । ६ । ४ । १११ ॥" ले 'अस्'को अकारको लोप भएपछि यति+स्थन "ष्टुना ष्टुः" ले ष्टुत्व भएर 'यतिष्ठन' रूप सिद्ध हुन्छ । वैदिक संस्कृतमा 'यद्'शब्ददेखि बहुलतया 'डति' प्रत्यय भएपछि डित्त्वात् 'टि'को लोप भएर 'यति' शब्द बनेको हो ।

१९१ इदन्तो मसि । ७ । १ । ४६ ॥ 'मसी'त्यविभक्तिको निर्देशः । इकार उच्चारणार्थः । मस् इत्ययमिकाररूपचरमावयवविशिष्टः स्यात् । मस इमागमः स्यादिति यावत् । नमो भरन्त एमसि । त्वमस्माकं तव स्मसि । इमः स्मः इति प्राप्ते ॥ इत् अन्तो यस्य इति 'इदन्तः' यो समस्त प्रथमान्त प्रथम पद र 'मसि' यो विभक्तिरहित द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "क्त्वापि छन्दसि" बाट 'छन्दसि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा लट् लकारसम्बन्धी उत्तम पुरुषको बहुवचन 'मस्'को स्थानमा 'इक्'आगम हुन्छ, हो । सूत्रमा प्रयुक्त मसि विभक्तिविनाको तथा मसिको इकार उच्चारणका लागि मात्र हो । वेदमा 'मस्'प्रत्यय आफ्नो अन्तमा इकारलाई लिएर प्रयुक्त हुन्छ । जसअनुसार इकारलाई 'मस्'को चरमावयव मानिन्छ ।

नमो भरन्त एमसि । <u>एमसि</u> = 'आङ्'पूर्वक अनुबन्धविनिर्मुक्त इ (इण् गतौ, अदादि) धातुदेखि लट् 'ल्'को स्थानमा उत्तम पुरुषको बहुवचन मस्, सार्वधातुक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संज्ञा शप्, "अदिप्रभृति ०" ले शप्को लुक्, "इदन्तो मसि" ले 'मस्' को 'इक्' आगम कित् हुनाले अन्तमा भयो (आइ मस् इ) गुण, वर्णमेलनपछि 'एमसि' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'इमः' हुन्छ।

त्वमस्माकं तव स्मसि। तवस्मसि = अस् (अस भुवि, अदादि) धातुदेखि लट् 'ल्' को स्थानमा उत्तम पुरुषको बहुवचन मस्, सार्वधातुक संज्ञा 'शप्' "अदिप्रभृति ०" ले 'शप्'को लुक्, "श्नसोरल्लोपः। ६। ४। १११॥" ले 'अस्' को अकारको लोप हुन्छ, "इदन्तो मसि" ले 'मस्'को 'इक्'आगम, कित् हुनाले अन्तमा (स्मस् इ) वर्णमेलन भएर 'स्मसि' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'स्मः' हुन्छ।

१९२ क्त्वो यक्। ७। १। ४७॥ दिवं सुपर्णो गत्वाय॥

'क्त्वः' यो षष्ठ्यन्त प्रथम पद र 'यक्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "क्त्वापि छन्दसि" बाट 'छन्दसि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'क्त्वा'प्रत्ययको 'यक्'आगम हुन्छ, हो। लौकिक संस्कृतमा 'क्त्वा'को 'यक्' हुँदैन। 'गत्वा' रूप हुन्छ।

दिवं सुपर्णो गत्वाय। गत्वाय = अनुबन्धविनिर्मुक्त 'गम्' (गम्लृ गतौ, भ्वादि) धातुदेखि "समानकर्तृकयोः पूर्वकाले। ३। ४। २१॥" ले 'क्त्वा' "अनुदात्तोपदेशवनतितनोत्यादीनामनुनासिकलोपो झलि क्ङिति। ६। ४। ३७॥" ले 'म्'को लोप "क्त्वो यक्"ले हुने 'यक्' आगम कित्त्व हुनाले "आद्यन्तौ टकितौ। १। १। ४६॥" ले अन्तमा भएपछि 'सु',अव्ययत्वात् 'सु'को लोप भएर 'गत्वाय' सिद्ध हुन्छ।

१९३ इष्ट्वीनमिति च। ७। १। ४८॥ क्त्वाप्रत्ययस्य ईनम् अन्तादेशो निपात्यते। इष्ट्वीनं देवान्। इष्ट्वा इति प्राप्ते॥

'इष्ट्वीनम्' यो अव्यय प्रथम पद, 'इति' यो अव्यय द्वितीय पद र 'च' यो अव्यय तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ पूर्वसूत्रमा झैं 'छन्दसि' को र "क्त्वो यक्" बाट 'क्त्वः' को अनुवृत्तिपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'क्त्वा'प्रत्ययको स्थानमा 'ईनम्' अन्तादेश निपातित हुन्छ, हो। **इष्ट्वीनं देवान्। इष्ट्वीनम्** = यज (यज देवपूजासङ्गतिकरणदानेषु, भ्वादि) धातुदेखि 'क्त्वा' "वचिस्वपियजादीनां किति। ६। १। १५॥"ले सम्प्रसारण पूर्वरूप "व्रश्चभ्रस्जसृजमृजयज०" ले 'ज्'को 'ष्' (इष् त्वा) "इष्ट्वीनमिति च" ले 'क्त्वा'को आकारको स्थानमा 'ईनम्' आदेश (इष् त्वीनम्) तथा "ष्टुना ष्टुः" ले ष्टुत्व भएर 'इष्ट्वीनम्' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'क्त्वा'को 'ईनम्' आदेश हुँदैन। तसर्थ 'इष्ट्वा' हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१९४ स्नात्व्यादयश्च । ७ । १ । ४९ ॥ आदिशब्दः प्रकारार्थः । आकारस्य ईकारो निपात्यते । स्विन्नः स्नात्वी मलादिव । पीत्वी सोमस्य वावृधे । स्नात्वा पीत्वेति प्राप्ते ॥

'स्नात्व्यादयः' यो प्रथमान्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी सूत्रमा दुई पद छन् । यहाँ "क्त्वापि छन्दसि" बाट 'छन्दसि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'क्त्वा'प्रत्ययको आकारको स्थानमा निपातनद्वारा ईकार आदेश हुन्छ, हो । लौकिक संस्कृतमा 'क्त्वा'को 'आ'को 'ईत्व' हुँदैन । सूत्रमा 'आदि'शब्द प्रकारार्थक भएकाले 'स्नात्वी' जस्तै अरू रूप पनि बन्न सक्दछन् ।

स्विन्नः स्नात्वी मलादिव । स्नात्वी =स्ना (ष्णा शौचे, अदादि) धातुदेखि 'क्त्वा' "स्नात्व्यादय ०" ले वकारोत्तरवर्ती आकारको 'ई' भएपछि "क्त्वातोसुन्कसुनः" ले अव्यय संज्ञा सु, अव्ययत्वात् 'सुप्'को लोप भएर 'स्नात्वी' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'स्नात्वा' हुन्छ ।

पीत्वी सोमस्य वावृधे । पीत्वी = पा (पा पाने, भ्वादि) धातुदेखि 'क्त्वा' "घुमास्थागापाजहातिसां हलि । ६ । ४ । ६६ ॥" ले पकारोत्तरवर्ती आकारको स्थानमा ईकारादेश "स्नात्व्यादय ०" ले वकारोत्तरवर्ती आकारको 'ई' भएपछि अव्यय संज्ञा सु, अव्ययत्वात् 'सुप्' को लुक् भएर 'पीत्वी' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'पीत्वा' रूप बन्दछ ।

१९५ आज्जसेरसुक् । ७ । १ । ५० ॥ अवर्णान्तादङ्गात्परस्य जसोऽसुक् स्यात् । देवासः । ब्राह्मणासः ॥

'आत्' यो पञ्चम्यन्त प्रथम पद, 'जसेः' यो षष्ठचन्त द्वितीय पद र 'असुक्' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ पूर्व सूत्रमा झैं 'छन्दसि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा अवर्णान्त अङ्गदेखि पर रहेको 'जस्'को 'असुक्'आगम हुन्छ, हो ।

देवासः = 'देव'शब्ददेखि प्रथमा विभक्तिको बहुवचन जस्, अनुबन्धलोपपछि "आज्जसेरसुक्" ले 'जस्'को 'असुक्' आगम कित्त्वात् अन्तमा (देव+अस्+अस्) "अकः सवर्णे ०" ले सवर्णदीर्घ वर्णमेलन 'असुक्'को सकारको रुत्व, विसर्ग भएर 'देवासः' रूप सिद्ध हुन्छ । **ब्राह्मणासः** = 'ब्राह्मण'शब्ददेखि जस्, अरू कार्य पूर्ववत् हुन्छन् । देवासः वा ब्राह्मणासः जस्तै हस्तासः पनि हुन्छ र 'हस्तासः' को नै हतासो (गुन्द्री बुन्ने साधन) हो । लौकिक संस्कृतमा जस्को 'असुक्' आगम हुँदैन, तसर्थ देवाः, ब्राह्मणाः र हस्ताः आदि रूप हुन्छन् ।

१९६ श्रीग्रामण्योश्छन्दसि । ७ । १ । ५६ ॥ आमो नुट् । श्रीणामुदारो धरुणो रयीणाम् । सूत ग्रामणीनाम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'श्रीग्रामण्योः' यो समस्त षष्ठचन्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "आमि सर्वनाम्नः सुट्" बाट 'आमि' को र "ह्रस्वो नद्यापो नुट्" बाट ' नुट्' को अनुवृत्ति आउँछ । अनुवृत्त पदहरू र सूत्रस्थ पदहरूको संयोजन गर्दा सूत्रको अर्थ :– वैदिक संस्कृतमा श्री तथा ग्रामणी शब्ददेखि विहित 'आम्'को 'नुट्'आगम हुन्छ, हो । लौकिक संस्कृतमा 'ग्रामणी'शब्ददेखि विहित 'आम्'को 'नुट्' हुँदैन भने 'श्री'शब्दको विकल्पले हुन्छ । **श्रीणामुदारो धरुणो रयीणाम् । श्रीणाम्** = 'श्री'शब्ददेखि षष्ठी विभक्तिको बहुवचन आम्, "वामि । १ । ४ । ५ ॥"ले नदीसंज्ञा नभएको अवस्थामा "श्रीग्रामण्यो ०"ले 'नुट्' आगम "अट्कुप्वाङ्नुम्व्यवायेऽपि । ८ । ४ । २ ॥" ले णत्व भएर 'श्रीणाम्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'श्रियाम्/श्रीणाम्' रूप हुन्छ ।

सूत ग्रामणीनाम् । ग्रामणीनाम् = 'ग्रामणी'शब्ददेखि षष्ठी विभक्तिको बहुवचन आम्, दीर्घ तथा पुँल्लिङ्गका कारण नदीसंज्ञाको अभावमा "ह्रस्वनद्यापो नुट् । ७ । १ । ५४ ॥" ले अप्राप्त 'नुट्'को "श्रीग्रामण्यो ०" ले विधान भएपछि 'ग्रामणीनाम्' रूप सिद्ध हुन्छ ।

१९७ गोः पादान्ते । ७ । १ । ५७ ॥ विद्मा हि त्वा गोपतिं शूर गोनाम् । पादान्ते किम् ? गवां शता पृक्षयामेषु । पादान्तेऽपि क्वचिन्न । छन्दसि सर्वेषां वैकल्पिकत्वात् । विराजं गोपतिं गवाम् ॥

'गोः' यो षष्ठचन्त प्रथम पद र 'पादान्ते' यो सप्तम्यन्त द्वितीय पद गरी सूत्रमा दुई पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'आमि' को र 'नुट्' को अनुवृत्तिबाट सूत्रको अर्थ :– वैदिक संस्कृतमा पादान्तमा रहेको गो शब्ददेखि विहित 'आम्'को 'नुट्' आगम हुन्छ, हो । लौकिक संस्कृतमा 'गो'शब्ददेखि विहित 'आम्'को 'नुट्' हुँदैन । **विद्मा हि त्वा गोपतिं शूर गोनाम् । गोनाम्** = 'गो'शब्ददेखि षष्ठीको बहुवचन आम्, नदीसंज्ञाको अभाव "ह्रस्वनद्यापो नुट् । ७ । १ । ५४ ॥" द्वारा अप्राप्त 'नुट्'को "गोः पादान्ते"ले विधान भएपछि 'गोनाम्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'गवाम्' हुन्छ । पादको अन्तमा नरहेको हुँदा (गवां शता पृक्षयामेषु) 'गवाम्'मा 'नुट्' आगम हुँदैन । वेदमा सबै विधि विकल्पले हुने हुँदा पादान्तमा पनि कहीँ कहीँ हुँदैन । जस्तै – गोपतिं गवाम् ।

१९८ छन्दस्यपि दृश्यते । ७ । १ । ७६ ॥ अस्थ्यादीनामनङ् । इन्द्रो दधीचो अस्थभिः ॥

'छन्दसि' यो सप्तम्यन्त प्रथम पद, 'अपि' यो अव्यय द्वितीय पद र 'दृश्यते' यो तिङन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"अस्थिदधिसक्थ्यक्ष्णामनङुदात्तः" सूत्रका सम्पूर्ण पदको अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा हलादि तृतीयादि विभक्ति पर भएमा पनि अस्थि, दधि, सक्थि तथा अक्षि शब्दको 'अनङ्'आदेश हुन्छ, हो । लौकिक संस्कृतमा हलादि विभक्ति पर भएमा अस्थि आदि शब्ददेखि 'अनङ्' हुँदैन ।

इन्द्रो दधीचो अस्थभिः । अस्थभिः = 'अस्थि'शब्ददेखि तृतीया विभक्तिको बहुवचन भिस्, हलादित्वात् "अस्थिदधिसक्थ्यक्ष्णामनङुदात्तः । ७ । १ । ७५ ॥" ले अप्राप्त 'अनङ्'को "छन्दस्यपि ०" ले विधान हुन्छ । ङित्त्वात् "ङिच्च । १ । १ । ५३ ॥" ले अन्त्य थकारोत्तरवर्ती इकारको स्थानमा 'अनङ्',अनुबन्धलोप "नलोपः प्राति ०" ले 'न्'को लोप, रुत्व र विसर्ग भएर 'अस्थभिः' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'अस्थिभिः'रूप हुन्छ ।

१९९ ई च द्विवचने । ७ । १ । ७७ ॥ अस्थ्यादीनामित्येव । अक्षीभ्यां ते नासिकाभ्याम् ॥

'ई' यो प्रथमान्त प्रथम पद, 'च' यो अव्यय द्वितीय पद र 'द्विवचने' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "अस्थिदधिसक्थ्यक्ष्णामनङुदात्तः" बाट 'अस्थिदधिसक्थ्यक्ष्णाम्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा हलादि तृतीयादि विभक्तिका द्विवचन पर भएमा अस्थि, दधि, सक्थि तथा अक्षि शब्दको ईकार आदेश हुन्छ, हो । लौकिक संस्कृतमा अस्थि आदि शब्दको तृतीयादि द्विवचनमा दीर्घ हुँदैन ।

अक्षीभ्यां ते नासिकाभ्याम् । अक्षीभ्याम् = 'अक्षि'शब्ददेखि तृतीया विभक्तिको द्विवचन 'भ्याम्' भएपछि "छन्दस्यपि ०" ले प्राप्त 'अनङ्'लाई निषेध गरेर "ई च द्विवचने"ले थकारोत्तरवर्ती इकारको स्थानमा ईकार आदेश भएर वेदमा 'अक्षीभ्याम्' रूप बन्दछ । लौकिक संस्कृतमा 'अक्षिभ्याम्' हुन्छ ।

२०० दृक्स्ववस्स्वतवसां छन्दसि । ७ । १ । ८३ ॥ एषां नुम् स्यात् सौ । कीदृङ्डिन्द्रः । स्ववान् । स्वतवान् ॥

'दृक्स्ववस्स्वतवसाम्' यो षष्ठचन्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "आच्छीनद्योर्नुम्" बाट 'नुम्' को र "सावनडुहः" बाट 'सौ' को अनुवृत्ति गरेर पदसंयोजन गर्दा सूत्रको अर्थ :– वैदिक संस्कृतमा प्रथमा विभक्तिको एकवचन सु पर भएमा दृक्, स्ववस् तथा स्वतवस् शब्दको 'नुम्'आगम हुन्छ, हो ।

कीदृङ्डिन्द्रः = 'किम्'पूर्वक 'दृश्'धातुदेखि "त्यदादिषु दृशोऽनालोचने कञ् च । ३ । २ । ६० ॥" ले 'क्विन्' सर्वापहारी लोप "इदंकिमोरीश्की । ६ । ३ । ९० ॥" ले किम्को स्थानमा 'की'आदेश 'सु'विभक्ति "दृक्स्ववस्स्व ०"ले 'नुम्'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(कीदृन्श्स्) "हल्ङ्याब्भ्यो ०"ले 'सु'को लोप, "संयोगान्तस्य लोपः । ८ । २ । २३ ॥" ले 'श्'को लोप, "क्विन्प्रत्ययस्य कुः । ८ । २ । ६२ ॥" ले 'न्'को 'ङ्' भएर 'कीदृङ्' रूप सिद्ध हुन्छ ।

स्ववान् = 'स्ववस्'शब्ददेखि प्रथमा विभक्तिको एकवचन सु, "दृक्स्ववस्स्व ०" ले नुम् आगम, "सान्तमहतः संयोगस्य । ६ । ४ । १० ॥" ले उपधादीर्घ "हल्ङ्याब्भ्योः०" ले 'सु'को लोप, "संयोगान्तस्य लोपः । ८ । २ । २३ ॥"ले 'स्'को लोप भएर 'स्ववान्' रूप सिद्ध हुन्छ । **स्वतवान्** = 'स्वतवस्'शब्ददेखि पूर्ववत् प्रक्रिया जान्नुपर्दछ । लौकिक संस्कृतमा प्रथमाको एकवचन सु पर भएमा दृक्, स्ववस् तथा स्वतवस् शब्दको 'नुम्' हुँदैन त्यसैले कीदृक् । स्ववाः । स्वतवाः रूप हुन्छन् ।

"उदोष्ठ्यपूर्वस्य ॥" २०१ बहुलं छन्दसि । ७ । १ । १०३ ॥ ततुरिः । जगुरिः । पराचैः ॥

'बहुलम्' यो प्रथमान्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "ऋत इद्धातोः"बाट 'ऋतः' को र "उदोष्ठ्यपूर्वस्य" बाट 'उत्' को अनुवृत्ति आएपछि पदसंयोजनद्वारा सूत्रको अर्थ :– वैदिक संस्कृतमा ऋकारान्त धातुको ऋकारको स्थानमा बहुलतया उकार हुन्छ, हो । "उदोष्ठ्य०"ले अप्राप्त 'उ'को "बहुलं छन्दसि"ले विधान हुन्छ । ततुरिः । जगुरिः । ५५ सूत्रमा सिद्ध गरिएका छन् ।

२०२ हु ह्वरेश्छन्दसि । ७ । २ । ३१ ॥ ह्वरेर्निष्ठायां हु आदेशः स्यात् । अहुतमसि हविर्धानम् ॥ 'हु' यो प्रथमान्त प्रथम पद, 'ह्वरेः' यो षष्ठ्यन्त द्वितीय पद र 'छन्दसि' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "बहुलं छन्दसि" बाट 'छन्दसि' को र "श्वीदितो निष्ठायाम्" बाट 'निष्ठायाम्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा निष्ठा (क्त र क्तवतु) प्रत्यय पर रहेमा 'ह्वृ'धातुको स्थानमा 'हु'आदेश हुन्छ, हो ।

अहुतमसि हविर्धानम् । <u>अहुतम्</u> = नञ् पूर्वक ह्वृ (ह्वृ कौटिल्ये, भ्वादि) धातुदेखि निष्ठा"ले 'क्त'प्रत्यय "हु ह्वरेश्छन्दसि"ले 'ह्वृ'को स्थानमा 'हु' आदेश र स्वादिकार्य भएर 'अहुतम्' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'अह्वृतम्' हुन्छ ।

२०३ अपरिह्वृताश्च । ७ । २ । ३२ ॥ पूर्वेण प्राप्तस्याऽदेशस्याभावो निपात्यते । अपरिह्वृताः सनुयाम वाजम् ॥

'अपरिह्वृताः' यो प्रथमान्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी सूत्रमा दुई पद छन् । यहाँ "हु ह्वरेश्छन्दसि" बाट 'छन्दसि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा अपरिह्वृत शब्द निपातनद्वारा सिद्ध हुन्छ, हो । अर्थात् पूर्वसूत्रले प्राप्त 'हु'आदेश हुँदैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अपरिह्वृताः सनुयाम वाजम् । अपरिह्वृताः = नञ्,परि पूर्वक 'ह्वृ'धातुदेखि 'क्त'प्रत्यय पूर्वसूत्रले प्राप्त 'ह्रु' आदेशको "अपरिह्वृताश्च" ले निषेध भएपछि स्वादिकार्य भएर 'ह्वरितः' रूप सिद्ध हुन्छ ।

२०४ सोमे ह्वरितः । ७ । २ । ३३ ॥ इङ्गुणौ निपात्येते । मा नः सोमो ह्वरितः ॥

'सोमे' यो सप्तम्यन्त प्रथम पद र 'ह्वरितः' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "ह्रु ह्वरेश्छन्दसि" बाट 'छन्दसि' को अनुवृत्ति ल्याएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा सोम अर्थमा ह्वरित शब्द निपातनद्वारा सिद्ध हुन्छ, हो । **मा नः सोमो ह्वरितः । ह्वरितः** = 'ह्वृ'धातुदेखि 'क्त' प्रत्यय "सोमे ह्वरितः" ले निपातनद्वारा 'इट्'आगम, गुण र स्वादिकार्य भएर 'ह्वरितः' रूप सिद्ध हुन्छ ।

२०५ ग्रसितस्कभितस्तभितोत्तभितचत्तविकस्तावशस्तृशंस्तृशास्तृतरुतृतरू–तृवरुतृवरूतृवरूत्रीरुज्ज्वलितिक्षरितिवमित्यमितीति च । ७ । २ । ३४ ॥ अष्टादश निपात्यन्ते । तत्र ग्रसु स्कम्भु स्तम्भु एषामुदित्त्वान्निष्ठायामिट् प्रतिषेधे प्राप्ते इण्निपात्यते । युवं शचीभिर्ग्रसितामम्ञ्चतम् । विष्कभिते अजरे । येन स्वः स्तभितम् । सत्येनोत्तभिता भूमिः । स्तभितेत्येव सिद्धे उत्पूर्वस्य पुनर्निपातनमन्यो–पसर्गपूर्वस्य मा भूदिति । चते याचने । कस गतौ । आभ्यां क्तस्येडभावः । चत्तो इतश्चत्तामुतः । त्रिधा ह शयावमश्विना विकस्तम् । उत्तानाया हृदयं यद्विकस्तम् । निपातनं बहुत्वापेक्षं सूत्रे बहुवचनं 'विकस्ता' इति । तेनैकवचनान्तोऽपि प्रयोगः साधुरेव । शसु शंसु शासु एभ्यस्तृच इडभावः । एकस्त्वष्टुरश्वस्याविशस्ता । ग्रावग्राभ उत शंस्ता । प्रशास्ता पोता । तरतेर्वृङ्वृञोश्च तृच उट् ऊट् एतावागमौ निपात्येते । तरुतारं रथानाम् । तरूतारम् । वरुतारम्, वरूतारम् । वरूत्रीभिः सुशरणो नो अस्तु । अत्र ङीबन्तनिपातनं प्रपञ्चार्थम् । वरूतृशब्दो हि निपातितः । ततो ङीपा गतार्थत्वात् । उज्ज्वलादिभ्यश्चतुर्भ्यः शपः उकारादेशो निपात्यते । ज्वल दीप्तौ । क्षर सञ्चालने । टुवम् उद्गिरणे । अम गत्यादिषु । इह क्षरितीत्यस्यानन्तरं क्षमितीत्यपि केचित्पठन्ति । तत्र 'क्षमूष् सहने' इति धातुर्बोध्यः । भाषायां तु ग्रस्तस्कब्धस्तब्धोत्तब्धचतितविकसिताः । विशसिता । शंसिता । शासिता । तरीता । तरिता । वरीता । वरिता । उज्ज्वलति । क्षरति । पाठान्तरे – क्षमति । वमति । अमति ॥

'ग्रसितस्कभितस्तभितोत्तभितचत्तविकस्ताः' यो प्रथमान्त प्रथम पद र 'विशस्तृ–शंस्तृशास्तृतरुतृतरूतृवरुतृवरूतृवरूत्रीः' यो प्रथमान्त द्वितीय पद, ज्ज्वलिति, क्षरिति, वमिति, अमिति' यी तिङन्त पद र 'इति' यो अव्यय पद गरी यस सूत्रमा अनेक पद छन् । यहाँ "ह्रु ह्वरेश्छन्दसि" बाट 'छन्दसि' को अनुवृत्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा ग्रसित, स्कभित, स्तभित, उत्तभित, चत्त, विकस्त, विशस्तृ, शंस्तृ, शास्तृ, तरुतृ, तरूतृ, वरुतृ, वरूतृ, वरूत्री, उज्ज्वलिति, क्षरिति, वमिति तथा अमिति शब्द निपातनद्वारा सिद्ध हुन्छन्, हो।

युवं शचीभिर्ग्रसितामम्ुञ्चतम्। ग्रसिताम् = अनुबन्धविनिर्मुक्त 'ग्रस्' (ग्रसु अदने, भ्वादि) धातुदेखि "निष्ठा"ले 'क्त'प्रत्यय आर्धधातुक संज्ञा "आर्धधातुकस्येड् ०" ले प्राप्त 'इट्'आगमको "यस्य विभाषा। ७। २। १५ ॥" ले निषेध भएपछि "ग्रसितस्कभि ०" ले निपातनद्वारा 'इट्'आगम, स्त्रीत्वको विवक्षामा टाप् दीर्घ र स्वादिकार्य भएर उक्त रूप सिद्ध हुन्छ। 'ग्रसु' धातु उदित् हुनाले 'क्त्वा' प्रत्ययमा "उदितो वा। ७। २। ५६ ॥" ले 'इट्'आगम विकल्पले हुन्छ। विकल्पले 'इट्' आगम हुने धातुदेखि 'क्त'प्रत्ययमा प्राप्त 'इट्'आगमको "यस्य विभाषा। ७। २। १५ ॥" ले निषेध हुन्छ। वेदमा "ग्रसितस्कभि ०" ले निपातनद्वारा 'इट्'आगमपछि स्वादिकार्य भएर उक्त रूप सिद्ध हुन्छ।

विष्कभिते अजरे। विस्कभिते = अनुबन्धविनिर्मुक्त 'वि'पूर्वक स्कम्भ् (स्कम्भु रोधनार्थः, सौत्रः) धातुदेखि 'क्त'प्रत्यय आर्धधातुक संज्ञा "आर्धधातुकस्येड् ०" ले प्राप्त 'इट्'आगमको "यस्य विभाषा। ७। २। १५ ॥" ले निषेध भएपछि "ग्रसितस्कभि ०" ले निपातनद्वारा 'इट्'आगम "अनिदितां०"ले 'म्'को लोप "वेः स्कम्नाते र्नित्यम्। ८। ३। ७७ ॥" ले षत्व र स्वादिकार्य भएर 'विस्कभिते' सिद्ध हुन्छ।

येन स्वः स्तभितम्। (स्तभितम्) = स्तम्भु (रोधनार्थः सौत्रः) धातुदेखि 'क्त' प्रत्ययपछि अरू कार्य पूर्ववत् हुन्छन्।

सत्येनोत्तभिता भूमिः। उत्तभिता = 'उत्'पूर्वक 'स्तम्भ्' धातुदेखि 'क्त'प्रत्यय, पूर्ववत् कार्य भएपछि "उदस्थास्तम्भोः पूर्वस्य। ८। ४। ६१ ॥" ले 'स्'को 'थ्' "झरो झरि सवर्णे। ८। ४। ५२ ॥" ले 'थ्'को लोप, स्त्रीत्वको विवक्षामा टाप्, दीर्घ र स्वादिकार्य भएर 'उत्तभिता' रूप सिद्ध हुन्छ। सूत्रमा 'स्तभित' शब्दद्वारा कार्य चल्दाचल्दै फेरि उत्तभितको पाठले 'उत्' उपसर्गबाहेक अरू उपसर्ग पूर्वमा रहेमा "ग्रसितस्कभि ०" ले निपातनद्वारा 'इट्' आगम हुँदैन भन्ने बुझिन्छ।

चत्तो इतश्चत्तामुतः। चत्तः = अनुबन्धविनिर्मुक्त 'चत्' (चते याचने, भ्वादि) धातुदेखि "निष्ठा" ले 'क्त'प्रत्यय आर्धधातुक संज्ञा "आर्धधातुकस्येड् ०" ले प्राप्त 'इट्' आगमको "ग्रसितस्कभि ०" ले निपातनद्वारा निषेध तथा स्वादिकार्य भएर 'चत्तः' रूप सिद्ध हुन्छ।

त्रिधा ह श्यावमश्विना विकस्तम्। विकस्तम् = 'वि'पूर्वक कस् (कस गतौ, भ्वादि) धातुदेखि 'क्त' प्रत्यय अरू कार्य पूर्ववत् हुन्छन्। सूत्रमा ग्रसित आदि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निपातनको समाहारका लागि 'विकस्ताः' बहुवचनको प्रयोग गरिएको हो । तसर्थ एकवचनान्त 'विकस्तः'को प्रयोग पनि उचित मानिन्छ ।

एकस्त्वष्टुरश्वस्याविशस्ता । विशस्ता = अनुबन्धविनिर्मुक्त 'वि'पूर्वक शस् (शसु हिंसायाम्, भ्वादि) धातुदेखि "ण्वुल्तृचौ । १३ । १ । १३३ ॥" ले 'तृच्'प्रत्यय आर्धधातुक संज्ञा "आर्धधातुकस्येड्०"ले प्राप्त 'इट्'आगमको "ग्रसितस्कभि०"ले निपातनद्वारा निषेध, "अन्येषामपि ०" ले पूर्वपदको दीर्घ र स्वादिकार्य भएर 'विशस्ता' रूप सिद्ध हुन्छ । **ग्रावग्राभ उत शंस्ता । शंस्ता** = अनुबन्धविनिर्मुक्त 'शंस्' (शंसु स्तुतौ, भ्वादि) धातुदेखि पूर्ववत् कार्य हुन्छन् । **प्रशास्ता पोता । प्रशास्ता** = अनुबन्धविनिर्मुक्त 'प्र'पूर्वक शास् (शासु अनुशिष्टौ, अदादि) धातुदेखि पूर्ववत् कार्य हुन्छन् ।

तरुतारम् = तॄ (तॄ प्लवनतरणयोः, भ्वादि) धातुदेखि 'तृच्'प्रत्यय आर्धधातुक संज्ञा "आर्धधातुकस्येड् ०"ले प्राप्त 'इट्'आगमलाई निषेध गरी "ग्रसितस्कभि ०" ले निपातनद्वारा 'तृच्'को 'उट्' आगम "सार्वधातुकार्ध ०" ले गुण रपर (तर् उ तॄ) वर्णमेलन र स्वादिकार्य भएर 'तरुतारम्' रूप सिद्ध हुन्छ । **तरुतारं रथानाम् । तरुतारम्** = 'तॄ' देखि 'तृच्' "ग्रसितस्कभि ०" ले निपातनद्वारा 'तृच्'को 'ऊट्' आगम अरू कार्य पूर्ववत् हुन्छन् । **वरुतारम् /वरुतारम्** = अनुबन्धविनिर्मुक्त 'वृ' (वृङ् सम्भक्तौ क्र्यादि /वृञ् वरणे, स्वादि) धातुदेखि 'तृच्' अरू कार्य पूर्ववत् हुन्छन् ।

वरूत्रीभिः सुशरणो नो अस्तु । वरुत्रीभिः = 'वृ' धातुदेखि 'तृच्'प्रत्यय आर्धधातुक संज्ञा "आर्धधातुकस्येड् ०"ले प्राप्त 'इट्' आगमलाई निषेध गरी "ग्रसितस्कभि ०" ले निपातनद्वारा 'तृच्'को 'ऊट्'आगम "सार्वधातुकार्ध ०" ले गुण रपर स्त्रीत्वको विवक्षामा "ऋन्नेभ्यो ङीप् । ४ । १ । ५ ॥" ले ङीप् "इको यणचि"ले 'यण्' र स्वादिकार्य भएर 'वरुत्रीभिः' रूप सिद्ध हुन्छ । 'वरुतृ'शब्दको निपातन गरेर 'ङीप्'द्वारा कार्यसिद्ध हुँदाहुँदै सूत्रमा ङीबन्त 'वरुत्री'शब्दको निपातन केवल विस्तारका लागि हो । उज्ज्वलिति, क्षरिति, वमिति तथा अमिति शब्दहरू शप्'को स्थानमा निपातनद्वारा 'इ' आदेश भएर सिद्ध हुन्छन् । **उज्ज्वलिति** = 'उत्' पूर्वक ज्वल् (ज्वल दीप्तौ, भ्वादि) धातुदेखि लट्, तिप्, 'शप्' भएपछि "ग्रसितस्कभि ०" ले 'शप्'को स्थानमा इकारादेश (उत् ज्वल् इति) जश्त्व श्चुत्व र वर्णमेलन भई उक्त रूप सिद्ध हुन्छ ।

क्षरिति = क्षर् (क्षर सञ्चालने, भ्वादि) धातुदेखि पूर्ववत् कार्य हुन्छन् । **वमिति** = अनुबन्धविनिर्मुक्त 'वम्' (टुवम् उद्गिरणे, भ्वादि) धातुदेखि पूर्ववत् कार्य हुन्छन् । **अमिति** = अम् (अम गत्यादिषु, भ्वादि) धातुदेखि पूर्ववत् कार्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छन् । यस सूत्रमा कुनै आचार्यले क्षरिति शब्दपछि क्षमिति पनि पढेका छन् यस्तो अवस्थामा 'क्षमूष्' सहने भ्वादि धातुदेखि लट्, व्यत्ययेन परस्मैपद गरे पछि पूर्ववत् कार्य हुन्छन् । लौकिक संस्कृत भाषामा ग्रस्त, स्कब्ध, स्तब्ध, उत्तब्ध, चतित, विकसिताः, विशसिता, शंसिता, शासिता, तरीता, तरिता, वरीता, वरिता, उज्ज्वलति, क्षरति । पाठान्तरमा क्षमति । वमति । अमति हुन्छन् ।

२०६ बभूथाऽततन्थजगृम्भववर्थेति निगमे । ७ । २ । ६४ ॥ विद्मा तमुत्सं यत आबभूथ । येनान्तरिक्षमुर्वाततन्थ । जगृम्भा ते दक्षिणमिन्द्रहस्तम् । त्वं ज्योतिषा वितमो ववर्थ । भाषायां तु बभूविथ । आतेनिथ । जगृहिम ववरिथेति ॥

'बभूथ, आततन्थ, जगृम्भ, ववर्थ' यी अनुकरण तिङन्त पद, 'इति' यो अव्यय पद र 'निगमे' यो सप्तम्यन्त पद गरी यस सूत्रमा अनेक पद छन् । यहाँ सूत्रको अर्थ :– वैदिक संस्कृतमा लिट्लकारमा बभूथ, आततन्थ, जगृम्भ, तथा ववर्थ रूप निपातनद्वारा सिद्ध हुन्छन्, हो ।

विद्मा तमुत्सं यत आबभूथ । आबभूथ = 'आङ्'पूर्वक 'भू'धातुदेखि लिट्, सिप्, थल्, "लिट् च । ३ । ४ । ११५ ॥"ले आर्धधातुक संज्ञा "आर्धधातुकस्येड् ०" ले 'इट्' आगम प्राप्त थियो, त्यसको "बभूथाऽऽतत ०" ले निपातनद्वारा निषेध । 'इट्' को अभावमा लिट्सम्बन्धी अच् पर नभएपछि "भुवो वुग्लुङ्लिटोः । ६ । ४ । ८८ ॥" ले 'वुक्'आगम पनि भएन । द्वित्व अभ्यासादि कार्य भएर 'आबभूथ' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'बभूविथ' बन्दछ ।

येनान्तरिक्षमुर्वाततन्थ । आततन्थ = 'आङ्'पूर्वक 'तन्' धातुदेखि लिट्, सिप्, थल्, आर्धधातुक संज्ञा "आर्धधातुकस्येड् ०" ले प्राप्त 'इट्'आगमको "बभूथाऽऽतत ०" ले निपातनद्वारा निषेध । अभ्यासादि कार्य 'इट्'को अभावमा "थलि च सेटि । ६ । ४ । १२१ ॥" ले एत्व र अभ्यासको लोपको अभाव भएर 'आततन्थ' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'आतेनिथ' हुन्छ ।

जगृम्भा ते दक्षिणमिन्द्रहस्तम् । जगृम्भा = ग्रह् (ग्रह उपादाने, क्र्यादि) धातुदेखि लिट्, मस्,(म) आर्धधातुक संज्ञा "आर्धधातुकस्येड् ०" ले प्राप्त 'इट्'आगमको "बभूथाऽऽतत ०" ले निपातनद्वारा अभाव, अभ्यासादि कार्य "ग्रहिज्यावयिव्यधि–वष्टिविचतिवृश्चतिपृच्छतिभृज्जतीनां ङिति च । ६ । १ । १६ ॥" ले सम्प्रसारण पूर्वरूप भएर 'जगृह्म' बनेपछि "हृग्रहोर्भश्छन्दसि" ले 'ह्'को 'भ्' तथा म् र भ् को स्थानको व्यत्यय तथा "अन्येषामपि दृश्यते । ६ । ३ । १३७ ॥"ले दीर्घ भएर 'जगृम्भा' रूप सिद्ध हुन्छ ।। लौकिक संस्कृतमा 'जगृहिम' हुन्छ ।

त्वं ज्योतिषा वितमो ववर्थ । ववर्थ = अनुबन्धविनिर्मुक्त 'वृ' (वृञ् वरणे, स्वादि) धातुदेखि लिट्, सिप्, थल्, आर्धधातुक संज्ञा "आर्धधातुकस्येड् ०" ले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राप्त 'इट्' आगमको "बभूथाऽऽतत ०"ले निपातनद्वारा अभाव । अभ्यास संज्ञा "उरत्" ले अभ्यासको अत्व, रपरत्व हलादिशेष तथा "सार्वधातुकार्ध ०" ले गुण भएर 'ववर्थ' रूप सिद्ध हुन्छ ।। लौकिक संस्कृतमा 'ववरिथ' हुन्छ ।

२०७ सनिंससनिवांसम् । ७ । २ । ६९ ॥ सनिमित्येतत्पूर्वात्सनतेः सनोतेर्वा कसोरिट् एत्वाभ्यासलोपाभावश्च निपात्यते । अञ्जित्वाऽग्ने सनिंससनिवांसम् ॥

यस सूत्रमा 'सनिंससनिवांसम्' यो द्वितीयान्त पद मात्र छ । यहाँ सूत्रको अर्थ :– वैदिक संस्कृतमा सनिंससनिवासम् शब्द निपातनद्वारा सिद्ध हुन्छ, हो ।

सनिंससनिवांसम् = सनिम् पूर्वक सन् (षण सम्भक्तौ, भ्वादि/ धातुदेखि अथवा षणु दाने, तनादि) धातुदेखि लिट् "क्वसुश्च । ३ । २ । १०७ ॥" ले लिट्को स्थानमा 'क्वसु' अनुबन्धलोप द्वित्व अभ्यासादि कार्य "आर्धधातुकं शेषः ।" ले आर्धधातुक संज्ञा "आर्धधातुकस्येड् ०" ले प्राप्त 'इट्'आगमको "नेड्वशिकृति । ७ । २ । ८ ॥" ले निषेध प्राप्त थियो त्यसलाई निषेध गरेर "सनिंससनि ०"ले निपातनद्वारा 'इट्' तथा "अत एकहल्मध्येऽनादेशादेर्लिटि । ६ । ४ । १२० ॥"ले प्राप्त एत्व अभ्यासलोपको पनि निषेध भएपछि अनुस्वार भएर बनेको 'सनिंससनिवस्' देखि द्वितीयाको एकवचन 'अम्' "उगिदचां सर्वनामस्थानेऽधातोः । ७ । १ । ८ ॥"ले 'नुम्' "सान्तमहतःसंयोगस्य । ६ । ४ । १० ॥"ले उपधादीर्घ तथा वर्णमेलन भई उक्त रूप सिद्ध हुन्छ ।।

पावकादीनां छन्दसि प्रत्ययस्थात्कादित्वं नेति वाच्यम् (वा०) ॥ हिरण्यवर्णाः शुचयः पावकाः ॥

वैदिक संस्कृतमा 'आप्'प्रत्यय पर रहेमा पावक आदि शब्दमा प्रत्ययस्थ ककारदेखि पूर्वमा रहेको अकारको इकार हुँदैन । **हिरण्यवर्णाः शुचयः पावकाः ।**

पावकाः = पुनन्ति यस विग्रहमा (पूञ् पवने, क्र्यादि) धातुदेखि "ण्वुल्तृचौ । ३ । ४ । ११३ ॥" ले 'ण्वुल्' अनुबन्धलोप "युवोरनाकौ । ७ । १ । १ ॥" ले 'यु'को स्थानमा 'अक'आदेश "अचो ञ्णिति"ले वृद्धि "एचोऽयवायावः"ले 'आव्' आदेशद्वारा 'पावक' बन्छ । त्यसपछि लिङ्गविशिष्टपरिभाषाद्वारा प्रातिपदिक संज्ञा भएपछि स्त्रीत्वको विवक्षामा "अजाद्यतष्टाप् । ४ । १ । ४ ॥" ले 'टाप्' "प्रत्ययस्थात्कात्पूर्वस्यात इदाप्यसुपः" ले वकारोत्तरवर्ती अकारको स्थानमा प्राप्त इत्वको "पावकादीनां छ ०"ले निषेध, दीर्घ र स्वादिकार्य भएर 'पावकाः' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा इत्व भएर 'पाविकाः' रूप हुन्छ ।

२०८ घोर्लोपो लेटि वा । ७ । ३ । ७० ॥ दधद्रत्नानि दाशुषे । सोमो ददद् गन्धर्वाय । यदग्निरग्नये ददात् ॥

'घोः' यो षष्ठचन्त प्रथम पद, 'लोपः' यो प्रथमान्त द्वितीय पद, 'लेटि' यो सप्तम्यन्त तृतीय पद र 'वा' यो अव्यय पद गरी यस सूत्रमा चार पद छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यहाँ सूत्रको अर्थ :– लेट् लकार पर भएमा घुसंज्ञक (दा तथा धा) धातुको अन्तिम वर्ण 'आ'को लोप विकल्पले हुन्छ, हो ।

दधद्रत्नानि दाशुषे । दधत् = अनुबन्धविनिर्मुक्त 'धा' (डुधाञ् धारणपोषणयोः, जुहोत्यादि) धातुदेखि "लिङर्थे लेट् । ३ । ४ । ७ ॥" ले लेट् 'ल्'को स्थानमा तिप्, 'शप्', "जुहोत्यादिभ्यः श्लुः । २ । ४ । ७५ ॥" ले 'शप्'को 'श्लु' "श्लौ । ६ । ४ । १० ॥"ले द्वित्व अभ्यासादि कार्य (दधाति) "इतश्च लोपः परस्मैपदेषु । ३ । ४ । ९७ ॥" ले तकारोत्तरवर्ती इकारको लोप "लेटोऽडाटौ । ३ । ४ । ९४ ॥" ले 'अट्' आगम "घोर्लोपो लेटि ०" ले धकारोत्तरवर्ती आकार को विकल्पले लोप भएर 'दधत्' रूप सिद्ध हुन्छ । पक्षमा 'दधात्' रूप हुन्छ ।

सोमो ददद् गन्धर्वाय । ददत् = अनुबन्धविनिर्मुक्त 'दा' (डुदाञ् दाने, जुहोत्यादि) धातुदेखि पूर्ववत् कार्य हुन्छन् । लोपको अभावमा 'ददात्' हुन्छ ।

२०९ मीनातेर्निगमे । ७ । ३ । ८१ ॥ शिति ह्रस्वः । प्रमिणन्ति व्रतानि । लोके प्रमीणन्ति ॥

'मिनातेः' यो षष्ठ्यन्त प्रथम पद र 'निगमे' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "ष्ठिवुक्लम्याचमां शिति" बाट 'शिति' को र "प्वादीनां ह्रस्वः" बाट 'ह्रस्वः' को अनुवृत्ति पछि पदसंयोजनद्वारा सूत्रको अर्थ :– वैदिक संस्कृतमा शित् प्रत्यय पर रहेमा 'मीञ्'धातुको ईकारको स्थानमा इकार आदेश हुन्छ, हो ।

प्रमिणन्ति व्रतानि । प्रमिणन्ति = अनुबन्धविनिर्मुक्त 'प्र'पूर्ववक मी (मीञ् बन्धने, हिंसायाञ्च, क्र्यादि) धातुदेखि लट् 'ल्'को स्थानमा 'झि' अन्तादेश, "क्र्यादिभ्यः श्ना । ३ । १ । ८१ ॥" ले 'श्ना' "मीनातेर्नि ०"ले ह्रस्व "श्नाभ्यस्तयोरातः । ६ । ४ । ११२ ॥" ले नकारोत्तरवर्ती 'आ'को लोप र "हिनुमीना । ८ । ४ । १५ ॥" ले णत्व भएर 'प्रमिणन्ति' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'प्रमीणन्ति' हुन्छ ।

"अस्तिसिचोऽपृक्ते ॥" २१० बहुलं छन्दसि । ७ । ३ । ९७ ॥ सर्वमा इदम् । आसीदिति प्राप्ते ॥ (अस्तेर्लङ् तिप् । ईडभावः, अपृक्तत्वाद्धल्ङ्यादिलोपः । रुत्वविसर्गौ । संहितायां तु 'भोभगो' इति यत्वम् । 'लोपः शाकल्यस्य' इति यलोपः । गोभिरक्षाः । सिच इडभावश्छान्दसः । अट् । शेषं पूर्ववत् ॥

'बहुलम्' यो प्रथमान्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "ब्रुव ईट्" बाट 'ईट्'को र "अस्तिसिचोऽपृक्ते" सूत्रका सम्पूर्ण पदको अनुवृत्ति आएपछि पदसंयोजन गर्दा सूत्रको अर्थ :– वैदिक संस्कृतमा विद्यमान सिच् तथा अस् धातुदेखि पर रहेको अपृक्त 'हल्' को बहुलतया 'इट्'आगम हुन्छ, हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वमा इदम् । आ इदम् = अस् (अस भुवि, अदादि) धातुलेखि लङ् 'ल्'को स्थानमा तिप् "आडजादीनाम् । ६ । ४ । २७ ॥" ले 'आट्' आगम 'शप्', "अदिप्रभृतिभ्यः शपः । २ । ४ । ७१ ॥" ले 'शप्'को लुक् "इतश्च । ३ । ४ । १०० ॥" ले तकारोत्तरवर्ती इकारको लोप "आटश्च । ६ । १ । ९० ॥" ले वृद्धि "अस्तिसिचोऽपृक्ते । ७ । ३ । ९६ ॥" ले प्राप्त अपृक्त 'ईट्'आगमको "बहुलं छन्दसि" ले निषेध "हल्ङ्याब्भ्यो ०" ले 'त्'को लोप, 'स्' को रुत्व, विसर्ग भएर 'आः' बनेपछि (आः इदम्) यहाँ "भोभगो अघोअपूर्वस्य योऽशि । ८ । ३ । १७ ॥" ले 'र्' को 'य्', "लोपः शाकल्यस्य । ८ । ३ । १९ ॥" ले 'य्' को लोप भएर 'आ इदम्' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'आसीत्' हुन्छ ।

गोभिरक्षाः । अक्षाः = क्षि (क्षि क्षये, भ्वादि) धातुदेखि लुङ् 'ल्'को स्थानमा सिप्, अट् आगम च्लि, सिच्,"सिचि वृद्धिः परस्मैपदेषु । ७ । २ । १ ॥" ले वृद्धि "अस्तिसिचोऽपृक्ते । ७ । ३ । ९६ ॥" ले प्राप्त अपृक्त 'ईट्'आगमको "बहुलं छन्दसि" ले निषेध "इतश्च"ले तकारोत्तरवर्ती इकारको लोप "हल्ङ्याब्भ्यो ०" ले 'स्'को लोप, निपातनद्वारा 'आय्' आदेश "लोपो व्योर्वलि । ६ । १ । ६६ ॥" ले 'य्'को लोप, रुत्व र विसर्ग भएर 'अक्षाः' यो रूप सिद्ध हुन्छ ।

"ह्रस्वस्य गुणः ॥ जसि च ॥" जसादिषु छन्दसि वा वचनं प्राङ् णौ चङ्युपधायाः (वा०) ॥ अधा शतक्रत्वो यूयम् । शतक्रतवः । पश्वे नृभ्यो यथा गवे । पशवे ॥ वैदिक संस्कृतमा 'जस्'आदि प्रत्यय पर रहेमा "जसि च । ७ । ३ । १०९ ॥" सूत्रदेखि "णौ चङ्युपधाया ह्रस्वः । ७ । ४ । १ ॥" सम्मका सबै कार्य विकल्पले हुन्छन् । लौकिक संस्कृतमा 'जस्'आदि प्रत्यय पर रहेमा "जसि च । ७ । ३ । १०९ ॥" सूत्रदेखि "णौ चङ्युपधाया ह्रस्वः । ७ । ४ । १ ॥" तकका कार्य विकल्पले हुँदैनन् ।

अधा शतक्रत्वो यूयम् । शतक्रत्वः = 'शतक्रतु'शब्ददेखि प्रथमाको बहुवचन जस्, "जसि च" ले प्राप्त नित्य गुणलाई बाँधेर "जसादिषु छ ०" ले विकल्पले गुणविधान भएपछि 'अव्' आदेश, रुत्व र विसर्ग गर्दा 'शतक्रतवः' हुन्छ भने गुणको अभावमा "इको यणचि"ले 'यण्', भएर 'शतक्रत्वः' रूप सिद्ध हुन्छ ।

पश्वे नृभ्यो यथा गवे । पश्वे = 'पशु'शब्ददेखि चतुर्थीको एकवचन ङे, "घेर्ङिति । ७ । ३ । १११ ॥" ले प्राप्त नित्य गुणलाई बाँधेर "जसादिषु छ ०" ले विकल्पले गुण, 'अव्'आदेश र वर्णमेलन भएर 'पशवे' रूप सिद्ध हुन्छ । गुणको अभावमा 'यण्' भएर 'पश्वे' हुन्छ ।

"नाभ्यस्तस्याचि" इति निषेधे बहुलं छन्दसीति वक्तव्यम् (वा०) ॥ आनुषग्जुजोषत् ॥ वैदिक संस्कृतमा अजादि पित् सार्वधातुक पर भएमा अभ्यस्त धातुको लघूपधगुण विकल्पले हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आनुषग्जुजोषत् । जुजोषत् = अनुबन्धविनिर्मुक्त 'जुष्' (जुषी प्रीतिसेवनयोः, तुदादि) धातुदेखि "लिङर्थे लेट् । ३ । ४ । ७ ॥" ले लेट् व्यत्ययद्वारा परस्मैपद 'तिप्' "व्यत्ययो बहुलम्" ले 'श्लु' "श्लौ" ले द्वित्व, अभ्यासादि कार्य "लेटोऽडाटौ । ३ । ४ । ९४ ॥" ले 'तिप्'को 'अट्'आगम "इतश्च लोपः परस्मैपदेषु । ३ । ४ । ९७ ॥" ले तकारोत्तरवर्ती इकारको लोप"पुगन्त ०" ले प्राप्त गुणको "नाभ्यस्तस्याचि पिति सार्वधातुके । ७ । ३ । ८७ ॥" ले निषेध प्राप्त त्यसलाई बाँधेर "बहुलं छन्द ०" ले बहुलतया गुण भएर 'जुजोषत्' रूप सिद्ध हुन्छ ॥

२११ नित्यं छन्दसि । ७ । ४ । ८ ॥ छन्दसि विषये चङ्युपधाया ऋवर्णस्य ऋन्नित्यम् । अवीवृधत् ॥

'नित्यम्' यो प्रथमान्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "णौ चङ्युपधाया ह्रस्वः" बाट 'णौ चङ्युपधायाः' को र "उर्ऋत्" सूत्रको सम्पूर्ण अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा चङ्परक 'णि' पर भएमा उपधामा स्थित धातुको ऋकारको स्थानमा नित्यले 'ऋत्'आदेश हुन्छ, हो ।

अवीवृधत् = अनुबन्धविनिर्मुक्त 'वृध्' (वृधु भाषायाम्, चुरादि) धातुदेखि 'णिच्' लुङ्, तिप्, अट्, च्लि, "णिश्रिद्रुस्रुभ्यः कर्तरि चङ् । ३ । १ । ४८ ॥" ले 'च्लि'को स्थानमा 'चङ्' अनुबन्धलोप "णेरनिटि । ६ । ४ । ५१ ॥" ले 'णि'को लोप "चङि । ६ । १ । ११ ॥" ले द्वित्व अभ्यासादि कार्य (अववृध अति) "पुगन्त ०" ले प्राप्त गुणलाई बाँधेर "नित्यं छन्दसि" ले 'ऋ'को स्थानमा 'ऋ' "इतश्च" ले 'इ'को लोप "सन्वल्लघुनि चङ्परेऽनग्लोपे । ७ । ४ । ९३ ॥" ले सन्वद्भाव "सन्यतः । ७ । ४ । ११ ॥" ले वकारोत्तरवर्ती अकारको 'इ' "दीर्घो लघोः । ७ । ४ । ९४ ।"ले अभ्यासको दीर्घ भएर 'अवीवृधत्' रूप बन्छ ।

२१२ न छन्दस्यपुत्रस्य । ७ । ४ । ३५ ॥ पुत्रभिन्नस्यादन्तस्य क्यचि ईत्वदीर्घौ न । मित्रयुः "क्याच्छन्दसि" इति उः । अपुत्रस्य किम् ? पुत्रीयन्तः सुदानवः ॥ अपुत्रादीनामिति वाच्यम् (वा०) ॥ जनीयन्तोऽन्वग्रवः । जनमिच्छन्त इत्यर्थः ॥

'न' यो अव्यय प्रथम पद, 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद र 'अपुत्रस्य' यो तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "अकृत्सार्वधातुकयोर्दीर्घः" बाट 'दीर्घ' को, "ई घ्राध्मोः" बाट 'ई' को र "क्यचि च" बाट 'क्यचि' को अनुवृत्ति आएपछि पदसंयोजन गर्दा सूत्रको अर्थ :– पुत्रदेखि भिन्न अवर्णान्त अङ्गदेखि 'क्यच्' पर भएमा ईत्व र दीर्घ हुँदैनन्, हो । "न छन्दस्यपुत्रस्य" यस सूत्रमा अपुत्र शब्दका स्थानमा अपुत्रादि शब्द राखेर पुत्रादि शब्दलाई छोडेर भन्ने अर्थ गर्नुपर्छ भन्छन् वार्तिककार । यसैकारण यस वार्तिकको उदाहरण हो –

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जनीयन्तोऽन्वग्रवः । जनीयन्तः = आत्मनः जनमिच्छन्तः, यस विग्रहमा द्वितीयान्त 'जन'शब्ददेखि 'क्यच्' अनुबन्धलोप सनाद्यन्तत्वात् धातुसंज्ञा 'सुप्'को लुक् "क्यचि च" ले नकारोत्तरवर्ती अकारको ईत्व, लट्, "लटः शतृशानचावप्रथमासमानाधिकरणे । ३ । २ । १२४ ॥" ले 'शतृ'प्रत्ययपछि स्वादिकार्य भएर 'जनीयन्तः' रूप सिद्ध हुन्छ ।

२१३ दुरस्युर्द्रविणस्युर्वृषण्यतिरिषण्यति । ७ । ४ । ३६ ॥ एते क्यचि निपात्यन्ते । भाषायां तु उप्रत्ययाभावात् । दुष्टीयति । द्रविणीयति । वृषीयति । रिष्टीयति ॥

'दुरस्युः' यो प्रथमान्त प्रथम पद, 'द्रविणस्युः' यो प्रथमान्त द्वितीय पद, 'वृषण्यति' यो तिङन्त तृतीय पद र 'रिषण्यति' यो तिङन्त चतुर्थ पद गरी यस सूत्रमा चार पद छन् । यहाँ "क्यचि च" बाट 'क्यचि' को अनुवृत्ति र पदसंयोजन गरेपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा दुरस्यु, द्रविणस्यु, वृषण्यति तथा रिषण्यति शब्द निपातनद्वारा सिद्ध हुन्छन्, हो ।

दुरस्युः = दुष्टमिच्छति, विग्रहमा द्वितीयान्त 'दुष्ट'शब्ददेखि "सुपः आत्मनः०" ले 'क्यच्' सनाद्यन्तत्वात् धातुसंज्ञा 'सुप्'को लुक् "दुरस्युर्द्रविण०" ले निपातनद्वारा 'दुष्ट' शब्दको स्थानमा 'दुरस्' आदेश "क्याच्छन्दसि" ले 'उ'प्रत्यय, 'अतो लोपः' ले 'अ'को लोप र स्वादिकार्य भएर 'दुरस्युः' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'दुष्टीयति' बन्छ ।

द्रविणस्युः = द्रविणमिच्छति यस विग्रहमा द्वितीयान्त 'द्रविण' शब्ददेखि "सुपः आत्मनः०"ले 'क्यच्' सनाद्यन्तत्वात् धातुसंज्ञा 'सुप्'को लुक् "दुरस्युर्द्रविण०" ले निपातनद्वारा 'द्रविण' शब्दको स्थानमा 'द्रविणस्' आदेश "क्याच्छन्दसि"ले 'उ' प्रत्यय, 'अ' को लोप र स्वादिकार्य भएर 'द्रविणस्युः' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'द्रविणीयति' बन्छ ।

वृषण्यति = वृषमिच्छति, यस विग्रहमा द्वितीयान्त 'वृष' शब्ददेखि "सुपः आत्मनः ०" ले 'क्यच्' सनाद्यन्तत्वात् धातुसंज्ञा 'सुप्'को लुक् उक्त सूत्रले निपातनद्वारा 'वृष'शब्दको स्थानमा 'वृषन्' आदेश "अट्कुप्वाङ्नुम्व्यवायेऽपि" ले णत्व धातुसंज्ञा लट्, तिप्, 'शप्' तथा पूर्वरूप भएर 'वृषण्यति' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'वृषीयति' बन्छ ।

रिषण्यति = आत्मनः रिष्टमिच्छति, यस विग्रहमा द्वितीयान्त 'रिष्ट'शब्ददेखि "सुपः आत्मनः०"ले 'क्यच्' सनाद्यन्तत्वात् धातुसंज्ञा 'सुप्'को लुक् उक्त सूत्रले निपातनद्वारा 'रिष्ट'शब्दको स्थानमा 'रिषन्' आदेश "अट्कुप्वाङ् ०" ले णत्व धातुसंज्ञा लट्, तिप्, 'शप्' तथा पूर्वरूप भएर 'रिषण्यति' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'रिष्टीयति' बन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२१४ अश्वाघस्यात्। ७। ४। ३७॥ अश्व अघ एतयोः क्यचि आत्स्याच्छन्दसि। अश्वायन्तो मघवन्। मात्वा वृका अघायवः। नच्छन्दसीति निषेधो नेत्वमात्रस्य किन्तु दीर्घस्यापीति। अत्रेदमेव सूत्रं ज्ञापकम्॥

'अश्वाघस्य' यो समस्त षष्ठचन्त प्रथम पद र 'आत्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ पूर्व सूत्रमा भैं 'क्यचि' को र "छन्दस्यपुत्रस्य" बाट 'छन्दसि' को अनुवृत्ति आएपछि पदसंयोजनद्वारा सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'क्यच्'प्रत्यय पर भएमा अश्व तथा अघ शब्दको अन्त्यको स्थानमा आकारादेश हुन्छ, हो।

अश्वायन्तो मघवन्। अश्वायन्तः = आत्मनः अश्वमिच्छन्तः, यस विग्रहमा द्वितीयान्त 'अश्व' शब्ददेखि 'क्यच्' अनुबन्धलोप 'सुप्'को लुक् "अश्वाघस्यात्" ले वकारोत्तरवर्ती अकारको स्थानमा आकरादेश लट्, शतृ, 'शप्' पूर्वरूप तथा स्वादिकार्यबाट 'अश्वायन्तः' रूप सिद्ध हुन्छ।

मा त्वा वृका अघायवः। अघायवः = परेषामघमिच्छति, यस विग्रहमा 'अघ'शब्ददेखि "छन्दसि परेच्छायां क्यच उपसंख्यानम्" ले 'क्यच्' अनुबन्धलोप सनाद्यन्तत्वात् धातुसंज्ञा "सुपो धातुप्रातिपदिकयोः" ले 'सुप्'को लुक् "अश्वाघस्यात्" ले धकारोत्तरवर्ती अकारको आकार "क्याच्छन्दसि" ले 'उ'प्रत्यय "अतो लोपः" ले 'अ'को लोप र स्वादिकार्य भएर 'अघायवः' रूप सिद्ध हुन्छ।

"न छन्दस्यपुत्रस्य" ले "क्यचि च"द्वारा प्राप्त ईत्वको मात्र निषेध नभएर "अकृत्सार्वधातुकयोर्दीर्घः। ७। ४। २५॥" ले प्राप्त दीर्घको पनि निषेध हुन्छ भन्ने कुराको ज्ञापक "अश्वाघस्यात्" सूत्र हो। यदि यस सूत्रले ईत्वको मात्र निषेध हुन्थ्यो भने "अश्वाघस्यात्" सूत्रको आवश्यकता थिएन। किनकि 'क्यच्' भएपछि "अकृत्सार्वधातुकयोर्दीर्घः। ७। ४। २५॥"ले दीर्घ भएर अश्वायन्त र अघायवः सिद्ध भइहाल्थे। तिनका लागि सूत्रको खाँचो थिएन।

२१५ देवसुम्नयोर्यजुषि काठके। ७। ४। ३८॥ अनयोः क्यचि आत्स्याद्यजुषि कठशाखायाम्। देवायन्तो यजमानाः। सुम्नायन्तो हवामहे। इह यजुःशब्दो न मन्त्रमात्रपरः किन्तु वेदोपलक्षकः। तेन ऋगात्मकेऽपि मन्त्रे यजुर्वेदस्थे भवति। किं च ऋग्वेदेऽपि भवति। स चेन्मन्त्रो यजुषि कठशाखायां दृष्टः। यजुषीति किम्? देवाञ्जिगाति सुम्नयुः। बह्वृचानामप्यस्ति कठशाखा, ततो भवति, प्रत्युदाहरणमिति हरदत्तः॥

'देवसुम्नयोः' यो समस्त षष्ठचन्त प्रथम पद, 'यजुषि' यो सप्तम्यन्त द्वितीय पद र 'काठके' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"क्यचि च" बाट 'क्यचि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– यजुर्वेदको कठशाखामा 'क्यच्' पर भएमा 'देव' तथा 'सुम्न'शब्दको अन्त्यको स्थानमा आकार आदेश हुन्छ, हो ।

देवायन्तो यजमानाः । देवायन्तः = आत्मनः देवमिच्छन्तः, यस विग्रहमा 'क्यच्' अनुबन्धलोप, सनाद्यन्तत्वात् धातुसंज्ञा "सुपो धातु ०" ले 'सुप्'को लुक् "देवसुम्नयो ०" ले वकारोत्तरवर्ती अकारको स्थानमा आकार लट्, शतृ, 'शप्' पूर्वरूप र स्वादिकार्य भएर 'देवायन्तः' रूप सिद्ध हुन्छ ।

सुम्नायन्तो हवामहे । सुम्नायन्तः = आत्मनः सुम्नमिच्छन्तः, यस विग्रहमा द्वितीयान्त 'सुम्न' शब्ददेखि पूर्ववत् कार्य हुन्छन् । "देवसुम्नयो ०" सूत्रमा पढिएको 'यजुस्'शब्द केवल यजुर्वेदका मन्त्रको मात्र बोधक होइन अपितु वेदमात्रको बोधक हो । तसर्थ यजुर्वेदमा पढिएका ऋग्वेदका मन्त्रमा र ऋग्वेदमा पढिएका तर यजुर्वेदको कठशाखामा देखिएका मन्त्रमा पनि यो नियम लागू हुन्छ । सूत्रमा 'यजुष्'शब्दको प्रयोग भएको हुँदा अन्यत्र आकार आदेश हुँदैन । जस्तै – **देवाञ्जिगाति सुम्नयुः । सुम्नयुः** = आत्मनः सुम्नमिच्छन्तः, यस विग्रहमा द्वितीयान्त 'सुम्न' शब्ददेखि 'क्यच्' "क्याच्छन्दसि" ले 'उ'प्रत्यय "अतो लोपः" ले 'अ'को लोप र स्वादिकार्य भएर 'सुम्नयुः' रूप सिद्ध हुन्छ । यहाँ आकार आदेश भएन ।

ऋग्वेदमा पनि कठशाखा छ तर त्यहाँ यो नियम लागू हुँदैन केवल यजुर्वेदको कठशाखामा मात्र यो नियम लागू हुन्छ, तसर्थ यो प्रत्युदाहरण सम्भव छ । यो हरदत्तको भनाइ हो ।

२१६ कव्यध्वरपृतनस्यर्चि लोपः । ७ । ४ । ३९ ॥ एषामन्त्यस्य लोपः स्यात् क्यचि ऋग्विषये । सपूर्वया निविदा कव्यतायोः । अध्वर्युं वा मधुपाणिम् । दमयन्तं पृतन्युम् ॥

'कव्यध्वरपृतनस्य' यो षष्ठचन्त प्रथम पद, 'ऋचि' यो सप्तम्यन्त द्वितीय पद र 'लोपः' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "क्यचि च" बाट 'क्यचि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– ऋग्वेदमा 'क्यच्'प्रत्यय पर भएमा कवि, अध्वर तथा पृतना शब्दको अन्त्यावयवको लोप हुन्छ, हो ।

सपूर्वया निविदा कव्यतायोः । कव्यतायोः = आत्मनः कविमिच्छति, यस विग्रहमा कवि शब्ददेखि 'क्यच्' अनुबन्धलोप 'सुप्'को लुक् "कव्यध्वरपृ ०" ले वकारोत्तरवर्ती इकारको लोप, लोट् 'ल्'को स्थानमा मध्यम पुरुषको बहुवचन थ,"तस्थस्थ ०" ले 'थ'को स्थानमा 'त' 'शप्' र पररूपबाट 'कव्यत' रूप सिद्ध हुन्छ । कव्यत+आयोः मा दीर्घ भएर 'कव्यतायोः' हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्वर्युं वा मधुपाणिम्। अध्वर्युः = अध्वरमात्मनः इच्छति, विग्रहमा द्वितीयान्त 'अध्वर'शब्ददेखि 'क्यच्' सनाद्यन्तत्वात् धातुसंज्ञा सुप्को लुक् "कव्यध्वरपृ०" ले 'अ'को लोप "क्याच्छन्दसि"ले 'उ'प्रत्यय "अतो लोपः"ले 'अ'को लोप र स्वादिकार्य भएर 'अध्वर्युः' रूप सिद्ध हुन्छ।

दमयन्तं पृतन्युम्। पृतन्युम् = पृतनामात्मनः इच्छति, यस विग्रहमा द्वितीयान्त 'पृतना'शब्ददेखि 'क्यच्' प्रत्यय अनुबन्धलोप 'सुप्'को लुक् "कव्यध्वरपृ ०" ले नकारोत्तरवर्ती आकरको लोप "क्याच्छन्दसि" ले 'उ'प्रत्यय "अतो लोपः"ले यकारोत्तरवर्ती 'अ'को लोप र स्वादिकार्य भएर 'पृतन्युम्' रूप सिद्ध हुन्छ।

'दधातेर्हिः' 'जहातेश्च क्त्वि ॥' २१७ विभाषा छन्दसि। ७। ४। ४४ ॥ हित्वा शरीरम्। हीत्वा वा ॥

'विभाषा' यो प्रथमान्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "दधातेर्हिः" बाट 'हिः' को र "जहातेश्च क्त्वि" बाट 'क्त्वि' को अनुवृत्ति र पदसंयोजन गरेपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'क्त्वा'प्रत्यय पर भएमा हा'धातुको स्थानमा 'हि'आदेश विकल्पले हुन्छ, हो। **हित्वा** = अनुबन्धविनिर्मुक्त 'हा' (ओहाक् त्यागे, जुहोत्यादि) धातुदेखि "समानकर्तृक ०"ले 'क्त्वा' "विभाषा छ ०" ले 'हा'को स्थानमा विकल्पले 'हि'आदेश र स्वादिकार्य भएर 'हित्वा' सिद्ध हुन्छ। पक्षमा 'हात्वा' हुन्छ। "घुमास्थागापाजहातिसां हलि" ले आकारको ईत्व भएको पक्षमा 'हीत्वा' पनि हुन्छ।

२१८ सुधितवसुधितनेमधितधिष्वधिषीय च। ७। ४। ४५ ॥ सु वसु नेम एतत्पूर्वस्य दधातेः क्तप्रत्यये इत्वं निपात्यते। गर्भं माता सुधितं वक्षणासु। वसुधितमग्नौ। नेमधिता न पौंस्या ॥ क्तिन्यपि दृश्यते (वा०) ॥ उत श्वेतं वसुधितिं निरेके। धिष्व वज्रं दक्षिण इन्द्र हस्ते। धत्स्वेति प्राप्ते। सुरेता रेतो धिषीय। आशीर्लिङि इट्। इटोऽत्। धासीये ति प्राप्ते ॥

सुधित, वसुधित, नेमधित यी अनुकरणात्मक कृदन्तपदको धिष्व, धिषीय, यी अनुकरणात्मक तिङन्त पदसँग भेदको विवक्षामा समास भएपछि अनुकरणात्मक समुदायलाई अभेद मानेर प्रातिपदिकको अभावमा रूपमा कुनै परिवर्तन नभएको 'सुधितवसुधितनेमधितधिष्वधिषीय' यो समस्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "विभाषा छन्दसि" बाट 'छन्दसि' को अनुवृत्ति गरेपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा सुधित, वसुधित, नेमधित, धिष्व तथा धिषीय शब्द निपातनद्वारा सिद्ध हुन्छन्, हो।

गर्भं माता सुधितं वक्षणासु। सुधितम् = अनुबन्धविनिर्मुक्त 'सु'पूर्वक 'धा' (डुधाञ् धारणपोषणयोः, जुहोत्यादि) धातुदेखि "निष्ठा" ले 'क्त'प्रत्यय "दधातेर्हिः।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७। ४। ७२ ॥" ले 'धा'को स्थानमा 'हि'आदेश प्राप्त थियो त्यसलाई निषेध गरेर "सुधितवसु ०" ले धकारोत्तरवर्ती आकारको स्थानमा निपातनद्वारा इत्व र स्वादिकार्य भएर 'सुधितम्' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'सुहितम्' हुन्छ। **वसुधितम्** = 'वसु'पूर्वक 'धा'धातुदेखि पूर्ववत् कार्य हुन्छन्। **नेमधिता न पौंस्या। नेमधिता** = 'नेम'पूर्वक 'धा'देखि पूर्ववत् कार्य हुन्छन्।

(वा०)वैदिक संस्कृतमा 'क्तिन्' प्रत्यय पर भएमा पनि 'धा'धातुको आकारको स्थानमा निपातनद्वारा इत्व हुन्छ। **उत श्वेतं वसुधितिं निरेके। वसुधितिम्** = 'वसु'पूर्वक 'धा' धातुदेखि "स्त्रियां क्तिन् ३। ३। ९४ ॥" ले 'क्तिन्' अनुबन्धलोप "क्तिन्यपि दृश्यते ०"ले निपातनद्वारा धकारोत्तरवर्ती 'आ'को इत्व भएर 'वसुधितम्' रूप सिद्ध हुन्छ।

धिष्व वज्रं दक्षिण इन्द्र हस्ते। धिष्व = धा' धातुदेखि लोट् 'ल्' को स्थानमा मध्यम पुरुषको एकवचन थास्, "थासः से। ३। ४। ८० ॥"ले 'थास्' को स्थानमा 'से' "सुधितवसु ०" ले निपातनद्वारा धकारोत्तरवर्ती 'आ'को इत्व "सवाभ्यां वामौ। ३। ४। ९१ ॥" ले सकारोत्तरवर्ती 'ए' को स्थानमा 'व' "आदेशप्रत्यययोः" ले षत्व भएर 'धिष्व' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'धत्स्व' बन्छ।

सुरेता रेतो धिषीय। धिषीय = 'धा' धातुदेखि आशीर्लिङ् 'ल्' को स्थानमा उत्तम पुरुषको एकवचन इट्, "इटोऽत्। ३। ३। १०६ ॥" ले 'इट्'को स्थानमा 'अत्' आदेश "लिङः सीयुट्। ३। ४। १०२ ॥" ले 'सीयुट्' आगम, "सुधितवसु ०" ले निपातनद्वारा धकारोत्तरवर्ती 'आ'को इत्व तथा "आदेशप्रत्यययोः" ले षत्व भएर 'धिषीय' सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'धासीय' बन्छ।

"अपो भि ॥" मासश्छन्दसीति वक्तव्यम् (वा०) ॥ माद्भिः। शरद्भिः ॥

वैदिक संस्कृतमा भकारादि प्रत्यय पर भएमा 'मास्'शब्दको 'स्'को स्थानमा 'त्' आदेश हुन्छ। लौकिक संस्कृतमा भकारादि प्रत्यय पर भएमा 'मास्'शब्दको 'स्'को स्थानमा 'त्'आदेश हुँदैन। **माद्भिः** = 'मास्'शब्ददेखि तृतीयाको बहुवचन 'भिस्' "पद्दन्नोमास्हृन्निशसन्यूषन्यकञ्छकन्नुदन्नासञ्छस्प्रभृतिषु। ६। १। ६३ ॥" ले मासको स्थानमा 'मास्'आदेश "मासश्छन्दसी ०" ले 'स्'को स्थानमा 'त्' आदेश जश्त्व, रुत्व र विसर्ग भएर 'माद्भिः' रूप सिद्ध हुन्छ।

स्वदःस्वतवसोरुषसश्चेष्यते (वा०) ॥ स्ववद्भिः। अवतेरसुन्। शोभनमवो येषां तैः। तु इति सौत्रो धातुस्तस्मादसुन्। स्वं तवो येषां तैः स्वतवद्भिः। समुषद्भिरजायथाः। मिथुनेऽसिः। वसेः किच्चेत्यसि प्रत्यय इति हरदत्तः। पव्वपादीरीत्या तु 'उषः किदि'ति प्राग्व्याख्यातम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैदिक संस्कृतमा भकारादि प्रत्यय पर भएमा स्ववस्, स्वतवस् तथा उषस् शब्दको 'स्'को स्थानमा 'त्'आदेश हुन्छ। **स्ववद्भिः** = अव् (अव रक्षणगत्यादिषु, भ्वादि) धातुदेखि 'असुन्'प्रत्यय भएर बनेको 'अवस्'शब्दको शोभनमवो येषां तैः, यस विग्रहमा सुसँग बहुव्रीहि समास भएर निष्पन्न भएको 'स्ववस्'शब्ददेखि तृतीया विभक्तिको बहुवचन 'भिस्' "स्ववःस्वतव०" ले 'स्'को स्थानमा 'त्' आदेश जश्त्व रुत्व र विसर्ग भएर 'स्ववद्भिः' रूप सिद्ध हुन्छ।

स्वतवद्भिः = तु (तु सौत्रः) धातुदेखि 'असुन्'प्रत्यय र गुण भएर बनेको 'तवस्' शब्दको 'स्व'शब्दसँग बहुव्रीहि समास भएर निष्पन्न भएको 'स्वतवस्' शब्ददेखि तृतीया विभक्तिको बहुवचन 'भिस्' "स्ववःस्वत०" ले 'स्'को स्थानमा 'त्' आदेश जश्त्व रुत्व विसर्ग भएर उक्त रूप सिद्ध हुन्छ।

समुषद्भिरजायथाः। समुषद्भिः = पदमञ्जरीकार हरदत्तले "मिथुनेऽसिः"उणादि सूत्रबाट 'असि' को अनुवृत्ति गरेर "वसेः किच्च" (उ०सू०) ले 'वस्'धातुदेखि 'असि' प्रत्यय, कित्त्वात् "वचिस्वपियजादीनां किति" ले सम्प्रसारण र षत्व भएर 'उषस्' शब्दको निष्पत्ति हुन्छ भनेका छन् तर वर्तमान समयमा उपलब्ध उणादिसूत्रमा "वसेः किच्च" सूत्र छैन। तसर्थ वर्तमान समयमा उपलब्ध पञ्चपादी उणादि "उषः कित्" सूत्रले 'सम्'पूर्वक 'उष्' दाहे, धातुदेखि 'असि'प्रत्यय भएर बनेको 'समुषस्'शब्ददेखि तृतीया विभक्तिको बहुवचन 'भिस्' "स्ववस्स्वत०" ले 'स्'को स्थानमा 'त्' आदेश जश्त्व रुत्व र विसर्ग भएर 'समुषद्भिः' रूप सिद्ध हुन्छ।

न कवतेर्यङि ॥ २१९ कृषेश्छन्दसि । ७ । ४ । ६४ ॥ यङि अभ्यासस्य चुत्वं न । करीकृष्यते ॥

'कृषेः' यो षष्ठ्यन्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "न कवयतेर्यङि" बाट 'यङि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'यङ्'प्रत्यय पर भएमा 'कृष्'धातुको अभ्यासको चुत्व हुँदैन, हो। लौकिक संस्कृतमा 'यङ्'प्रत्यय पर भएमा 'कृष्' धातुको अभ्यासको चुत्व हुन्छ।

करीकृष्यते = कृष् (कृष विलेखने, भ्वादि) धातुदेखि पुनः पुनरतिशयेन वा कर्षति, यस विग्रहमा "धातोरेकाचो हलादेः क्रियासमभिहारे यङ्। ३। १। २२ ॥" ले 'यङ्' "सन्यङोः। ६। १। ९ ॥" ले द्वित्व अभ्यासादि कार्य "कुहोश्चुः" ले चुत्व प्राप्त थियो त्यसको "कृषेश्छन्दसि" ले निषेध "रीगृदुपधस्य। ७। ४। ९० ॥" ले 'रीक्'आगम अनुबन्धलोप, 'करीकृष्य' को "सनाद्यन्ता धातवः। ३। १। ३२ ॥" ले धातुसंज्ञा, लट् 'ल्'को स्थानमा प्रथम पुरुषको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकवचन त तथा एत्व भएर 'करीकृष्यते' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'चरीकृष्यते' रूप हुन्छ।

२२० दाधर्तिदर्धर्तिदर्धर्षिबोभूतुतेतिक्तेऽलर्ष्याऽऽपनीफणत्संसनिष्यदत् करिक्रत्कनिक्रदद्भरिभ्रद्दविध्वतोदविद्युतत्तरित्रतःसरीसृपतंवरी - वृजन्मर्मृज्याऽऽगनीगन्तीति च । ७ । ४ । ६५ ॥ एतेऽष्टादश निपात्यन्ते । आद्यास्त्रयो धृङे, धारयतेर्वा । भवतेर्यङ्लुगन्तस्य गुणाभावः । तेन भाषायां गुणो लभ्यते । तिजेर्यङ्लुगन्तात्तङ् । इयर्तेर्लिटि हलादिःशेषापवादो रेफस्य लत्वमित्वाभावश्च निपात्यते । अलर्षि युध्म खजकृत्पुरन्दरम् । सिपा निर्देशो न तन्त्रम् । अलर्ति दक्ष उत । फणतेराङ्पूर्वस्य यङ्लुगन्तस्य शतरि अभ्यासस्य नीगागमो निपात्यते । अन्वा पनीफणत् । स्यन्देः संपूर्वस्य यङ्लुकि शतरि अभ्यासस्य निक् । धातुसकारस्य षत्वम् । करोतेर्यङ्लुगन्तस्याभ्यासस्य चुत्वाभावः । क्रन्देर्लुङि च्लेरङ् द्विर्वचनमभ्यासस्य चुत्वाभावो निगागमश्च । कनिक्रदज्जनुषम् । अक्रन्दीदित्यर्थः । बिभर्तेरभ्यासस्य जश्त्वाभावः । वि यो भरिभ्रदोषधीषु । ध्वरतेर्यङ्लुगन्तस्य शतरि अभ्यासस्य विगागमो धातोर्ऋकार लोपश्च । दविध्वतो रश्मयः सूर्यस्य । द्युतेरभ्यासस्य सम्प्रसारणाभावोऽत्वं विगागमश्च । दविद्युतद्दीद्यच्छोशुचानः । तरतेः शतरि श्लौ, अभ्यासस्य रिगागमः । सहोर्जा तरित्रतः । सृपेः शतरि श्लौ, द्वितीयैकवचने रीगागमोऽभ्यासस्य । वृजेः शतरि श्लावभ्यासस्य रीक् । सृजेर्लिटि णल् अभ्यासस्य रुक् धातोश्च युक् । गमेराङ्पूर्वस्य लटि श्लावभ्यासस्य चुत्वाभावो नीगागमश्च । वक्ष्यन्ती वेदाऽगनीगन्ति कर्णम् ॥

दाधर्ति, दर्धर्ति, दर्धर्षि, बोभूतु, तेतिक्ते, अलर्षि, यी तिङन्त पद, 'आपनीफणत्, संसनिष्यदत्, करिक्रत्, कनिक्रदत्, भरिभ्रत्, दविध्वतः, दविद्युतत्, त्तरित्रतः, सरीसृपतम्, वरीवृजत्, यी प्रथमान्त (शत्र्यन्त) पद, मर्मृज्य, आगनीगन्ति, यी तिङन्त पद, 'इति' यो अव्यय पद र 'च' यो अव्यय पद गरी यस सूत्रमा अनेक पद छन्। अथवा 'दाधर्तिदर्धर्तिदर्धर्षिबोभूतुतेतिक्तेऽलर्ष्याऽऽपनीफणत्संसनिष्यदत्करिक्रत् - कनिक्रदद्भरिभ्रद्दविध्वतो दविद्युतत्तरित्रतःसरीसृपतंवरीवृजन्मर्मृज्याऽऽगनीगन्ति' यो अनुकरणात्मक प्रथम पद 'इति' यो अव्यय द्वितीय पद र 'च' यो अव्यय तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "कृषेश्छन्दसि" बाट 'छन्दसि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा दाधर्ति, दर्धर्ति, दर्धर्षि, बोभूतु, तेतिक्ते, अलर्षि, आपनीफणत्, संसनिष्यदत्, करिक्रत्, कनिक्रदत्, भरिभ्रत्, दविध्वतः, दविद्युतत्, तरित्रतः, सरीसृपतम्, वरीवृजत्, मर्मृज्य, आगनीगन्ति शब्दहरू निपातनद्वारा सिद्ध हुन्छन्, हो। पहिलेका तिन ओटा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूप 'धृङ्'अवध्वंसने, भ्वादि, 'धृङ्'अवस्थाने, तुदादि या णिजन्त 'धारि'धातुबाट सिद्ध हुन्छन् ।

दाधर्ति = अनुबन्धविनिर्मुक्त 'धृ' (धृङ् अवध्वंसने, भ्वादि) धातुदेखि लट् व्यत्ययद्वारा 'ल्'को स्थानमा परस्मैपद 'तिप्' व्यत्ययद्वारा 'श्लु' "श्लौ" ले द्वित्व "उरत्" ले अभ्यासको अत्व रपरत्व हलादिशेष "अभ्यासे चर्च"ले जश्त्व "सार्वधातुकार्ध ०" ले गुण तथा "दाधर्तिदर्धर्ति ०" ले निपातनद्वारा अभ्यासको दीर्घ भएर 'दाधर्ति' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'धरते' हुन्छ ।

दर्धर्ति = 'धृ' धातुदेखि लट्, तिप्, व्यत्ययद्वारा 'श्लु' "श्लौ" ले द्वित्व "उरत्" ले अभ्यासको अत्व रपरत्व हलादिशेष "अभ्यासे चर्च"ले जश्त्व "सार्वधातुकार्ध ०" ले गुण "दाधर्तिदर्धर्ति ०" ले निपातनद्वारा अभ्यासको 'रुक्' भएर 'दर्धर्ति' सिद्ध हुन्छ । **दर्धर्षि** = 'धृ' धातुदेखि लट्, सिप्, अरू कार्य पूर्ववत् भएर 'दर्धर्षि' सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'धरसे' हुन्छ ।

बोभूतु = 'भू' धातुदेखि "धातोरेकाचो ०" ले 'यङ्' "यङोऽचि च । २ । ४ । ७४ ॥" ले 'यङ्'को लुक् लोट्, 'ल्'को स्थानमा तिप्, 'शप्' यङ्लुङन्तको अदादिमा पाठ भएको हुँदा "अदिप्रभृतिभ्यः शपः" ले 'शप्'को लुक् प्रत्ययलक्षणद्वारा यङन्त मानेर "सन्यङोः" ले द्वित्व अभ्यासादि कार्य, "गुणो यङ्लुकोः" ले गुण "एरुः । ३ । ४ । ८६ ॥" ले तकारोत्तरवर्ती 'इ'को उत्व "सार्वधातुकार्ध ०" ले गुण प्राप्त थियो त्यसको "दाधर्तिदर्धर्ति ०" ले निपातनद्वारा निषेध भएर 'बोभूतु' रूप सिद्ध हुन्छ ।

तेतिक्ते = तिज् (तिज निशाने, भ्वादि) धातुदेखि 'यङ्' 'यङ्'को लुक्, लट्, "दाधर्तिदर्धर्ति ०" ले निपातनद्वारा आत्मनेपद 'त' द्वित्व अभ्यासादि कार्य "चोः कुः" ले 'ज्'को 'ग्' "खरि च" ले 'ग्'को 'क्'तथा एत्व भएर 'तेतिक्ते' रूप सिद्ध हुन्छ । **अलर्षि युष्म खजकृत्पुरन्दरम् । अलर्षि** = ऋ (ऋ गतौ, जुहोत्यादि) धातुदेखि लट्, सिप्, 'शप्' "जुहोत्यादिभ्यः श्लुः" ले 'शप्'को श्लु "श्लौ" ले द्वित्व गुण भएपछि प्राप्त हलादिशेषलाई निषेध गरेर "दाधर्तिदर्धर्ति ०" ले 'र्' को 'ल्', अर्तिपिपर्त्योश्च । ७ । ४ । ७७ ॥" ले प्राप्त अभ्यासको इत्वको पनि उक्त सूत्रले निपातनद्वारा निषेध भएर 'अलर्षि' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'इयर्षि' हुन्छ ।

अलर्ति दक्ष उत । अलर्ति = 'ऋ'धातुदेखि लट्, तिप्, 'शप्' 'श्लु' अरू कार्य पूर्ववत् हुन्छन् । **अन्वा पनीफणत् । आपनीफणत्** = 'आङ्'पूर्वक फण् (फण गतौ, भ्वादि) धातुदेखि "धातोरेकाचो ०" ले 'यङ्' "यङोऽचि च"ले 'यङ्'को लुक्, लट्, "लटः शतृशानचा ०"ले 'शतृ' द्वित्व अभ्यासादि कार्य "दाधर्तिदर्धर्ति ०" ले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निपातनद्वारा अभ्यासको 'नीक्'आगम र स्वादिकार्य भएर उक्त रूप सिद्ध हुन्छ।

संसनिष्यदत् = अनुबन्धविनिर्मुक्त 'सम्'पूर्वक स्यन्द (स्यन्दू प्रस्रवणे, भ्वादि) धातुदेखि 'यङ्' निक्, लट्, शतृ "अनिदितां हल उपधायाः क्ङिति" ले 'न्'को लोप, द्वित्व अभ्यासादि कार्य (संसस्यद् अत्) "दाधर्तिदर्धर्ति ०"ले निपातनद्वारा अभ्यासको 'निक्' आगम, षत्व र स्वादिकार्य भएर उक्त रूप बन्छ।

करिक्रत् = अनुबन्धविनिर्मुक्त 'कृ' (डुकृञ् करणे, तनादि) धातुदेखि "धातोरेकाचो ०"ले यङ्, "यङोऽचि च" ले 'यङ्' को लुक्, लट् "लटः शतृशानचा ०" ले शतृ द्वित्व अभ्यास संज्ञा "गुणो यङ्लुकोः" ले अभ्यासको गुण हलादिशेष "दाधर्तिदर्धर्ति ०" ले निपातनद्वारा अभ्यासको 'रिक्'आगम तथा "कुहोश्चुः" ले प्राप्त अभ्यासको चुत्वको अभावपछि "इको यणचि"ले 'यण्' र स्वादिकार्य भएर उक्त रूप बन्दछ।

कनिक्रदज्जनुषम्। कनिक्रदत् = अनुबन्धविनिर्मुक्त 'क्रन्द्' (क्रदि आह्वाने, रोदने च, भ्वादि) धातुदेखि लुङ् 'ल्' को स्थानमा प्रथम पुरुषको एकवचन तिप्, 'च्लि' 'च्लि'को स्थानमा 'अङ्' निपातनद्वारा 'अट्'को अभाव तथा द्वित्व अभ्यासादि कार्य "कुहोश्चुः"ले प्राप्त चुत्वको "दाधर्तिदर्धर्ति ०" ले निपातनद्वारा निषेध तथा अभ्यासको 'निक्'आगम "अनिदितां ०"ले 'न्'को लोप भएर 'कनिक्रदत्' रूप सिद्ध हुन्छ। लौकिक संस्कृतमा 'अक्रन्दीत्' हुन्छ।

वि यो भरिभ्रदोषधीषु। भरिभ्रत् = अनुबन्धविनिर्मुक्त 'भृ' (डुभृञ् धारणपोषणयोः, जुहोत्यादि) धातुदेखि "धातोरेकाचो ०" ले यङ्, "यङोऽचि च"ले 'यङ्'को लुक्, लट् "लटः शतृशानचा ०" ले शतृ, द्वित्व, अभ्यासादि कार्य "दाधर्तिदर्धर्ति ०" ले निपातनद्वारा अभ्यासको 'रिक्'आगम तथा अभ्यासको जश्त्वको अभावपछि "इको यणचि" ले 'यण्' र स्वादिकार्य भएर 'भरिभ्रत्' रूप सिद्ध हुन्छ।

दविध्वतो रश्मयः सूर्यस्य। दविध्वतः = ध्वृ (ध्वृ हूर्च्छने, भ्वादि) धातुदेखि "धातोरेकाचो ०" ले 'यङ्' "यङोऽचि च" ले 'यङ्'को लुक्, लट्, "लटः शतृशानचा ०" ले 'शतृ' द्वित्व, अभ्यासादि कार्य "दाधर्तिदर्धर्ति ०" ले निपातनद्वारा अभ्यासको 'विक्' आगम तथा धातुको ऋकारको लोप र स्वादिकार्य भएर 'दविध्वतः' रूप सिद्ध हुन्छ।

दविद्युतद्दीद्यच्छोशुचानः। दविद्युतत् = द्युत् (द्युत दीप्तौ, भ्वादि) धातुदेखि "धातोरेकाचो ०" ले 'यङ्' "यङोऽचि च" ले 'यङ्'को लुक्, लट्, "लटः शतृशानचा ०" ले 'शतृ' द्वित्व "द्युतिस्वाप्योः सम्प्रसारणम्। ७। ४। ६७॥" ले प्राप्त अभ्यासको सम्प्रसारणको "दाधर्तिदर्धर्ति ०" ले निपातनद्वारा निषेध तथा धातुको उकारको अकार एवम् निपातनद्वारा अभ्यासको 'विक्'आगम र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वादिकार्य भएर 'दविद्युतत्' रूप सिद्ध हुन्छ ।

सहोर्जा तरित्रतः । तरित्रतः = तॄ (तॄ प्लवनतरणयोः, भ्वादि) धातुदेखि लट्, 'लट्'को स्थानमा "लटः शतृशानचा ०" ले 'शतृ' 'शप्' "व्यत्ययो बहुलम्" ले 'शप्'को 'श्लु' द्वित्व,"उरत्" ले अत्व रपरत्व हलादिशेष "दाधर्तिदर्धर्ति ०" ले निपातनद्वारा अभ्यासको 'रिक्'आगम 'यण्' र स्वादिकार्य भएर 'तरित्रतः' रूप सिद्ध हुन्छ ।

सरीसृपतम् = अनुबन्धविनिर्मुक्त 'सृप्' (सृप्लृ गतौ, भ्वादि) धातुदेखि लट्, 'शप्' "व्यत्ययो बहुलम्" ले 'शप्'को 'श्लु' द्वित्व, हलादिशेष "दाधर्तिदर्धर्ति ०" ले निपातनद्वारा अभ्यासको 'रीक्' आगम स्वादिकार्य भएर 'सरीसृपतम्' रूप सिद्ध हुन्छ ।

वरीवृजत् = अनुबन्धविनिर्मुक्त 'वृज्' (वृजी वर्जने, रुधादि) धातुदेखि लट्, "लटः शतृशानचा ०" ले 'शतृ' शप्, "व्यत्ययो बहुलम्" ले 'शप्'को 'श्लु' द्वित्व, "उरत्"ले अत्व रपरत्व हलादिशेष "दाधर्तिदर्धर्ति ०"ले निपातनद्वारा अभ्यासको 'रीक्' आगम र स्वादिकार्य भएर 'वरीवृजत्' रूप सिद्ध हुन्छ ।

मर्मृज्य = अनुबन्धविनिर्मुक्त 'मृज्' (मृजू शुद्धौ, अदादि) धातुदेखि लिट् 'तिप्' णल्, द्वित्व अभ्यासादि कार्य "दाधर्तिदर्धर्ति ०" ले निपातनद्वारा अभ्यासको 'रुक्'आगम तथा धातुको 'युक्'आगम (मर्मृज्यअ) गुण र वर्णसंमेलन भएर 'मर्मृज्य' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'ममार्ज' हुन्छ ।

वक्ष्यन्ती वेदाऽगनीगन्ति कर्णम् । आगनीगन्ति = अनुबन्धविनिर्मुक्त 'आङ्' पूर्वक 'गम्' (गम्लृ गतौ, भ्वादि) लट् 'तिप्' 'शप्' व्यत्ययद्वारा 'श्लु' द्वित्व अभ्यासादि कार्य "दाधर्तिदर्धर्ति ०" ले निपातनद्वारा अभ्यासको 'नीक्' आगम तथा अभ्यासको चुत्वको अभाव "मोऽनुस्वारः" ले 'म्'को अनुस्वार तथा "अनुस्वारस्य ययि पर सवर्णः" ले परसवर्ण भएर 'आगनीगन्ति' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'आगच्छति' हुन्छ ।

२२१ ससूवेति निगमे । ७ । ४ । ७४ ॥ सूतेर्लिटि परस्मैपदं वुगागमोऽभ्यासस्य चात्वं निपात्यते । गृष्टिः ससूव स्थविरम् । सुषुवे इति भाषायाम् ॥

'ससूव' यो तिङन्त प्रथम पद, 'इति' यो अव्यय द्वितीय पद र 'च' यो अव्यय तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'ससूव' रूप निपातनद्वारा सिद्ध हुन्छ, हो । **गृष्टिः ससूव स्थविरम् । ससूव** = 'सू' (षूङ् प्राणिप्रसवे, दिवादि) धातुदेखि लिट् निपातनद्वारा परस्मैपद 'तिप्' णल्, द्वित्व, अभ्यासादि कार्य "ससूवेति ०" ले निपातनद्वारा अभ्यासको उकारको 'अ' तथा 'वुक्'आगम भएर 'ससूव' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'सुषुवे' हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२२२ बहुलं छन्दसि । ७ । ४ । ७८ ॥ अभ्यासस्य इकारः स्याच्छन्दसि । पूर्णा विवष्टि । वशेरेतद्रूपम् ॥ इति सप्तमोऽध्यायः ।

'बहुलम्' यो प्रथमान्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "भृञामित्" बाट 'इत्' को अनुवृत्ति र पदसंयोजन गरेपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा अभ्यासको अकारको स्थानमा बहुलतया इकार हुन्छ, हो । **पूर्णा विवष्टि । विवष्टि** = सूत्र १५मा सिद्ध गरिएको छ ।

इति शालिग्राम सुवेदीद्वारा विरचित 'रञ्जना' नेपाली व्याख्याको वैदिकी प्रक्रियाको सप्तम अध्याय ।

अथ अष्टमोऽध्यायः ।

२२३ प्रसमुपोदः पादपूरणे । ८ । १ । ६ ॥ एषां द्वे स्तः पादपूरणे । प्रपायमग्निः । संसमिद्युवसे । उपोप मे परामृश । किं नोदुदु हर्षसे ॥

'प्रसमुपोदः' यो षष्ठ्यन्त प्रथम पद र 'पादपूरणे' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "सर्वस्य द्वे" बाट 'द्वे' को अनुवृत्ति आएपछि पदसंयोजनबाट सूत्रको अर्थ :– वैदिक संस्कृतमा पादपूर्तिका लागि प्र, सम्, उप तथा उत् उपसर्गको द्वित्व हुन्छ । **प्रप्रायमग्निः** = प्र अयमग्निः, यहाँ "प्रसमुपोदः पा०" ले 'प्र' को द्वित्व "अकः सवर्णे ०"ले सवर्णदीर्घ भएर उक्त रूप सिद्ध हुन्छ ।

संसमिद्युवसे = सम् इद्युवसे यहाँ "प्रसमुपोदः पा ०" ले 'सम्'को द्वित्व "मोऽनुस्वारः" ले अनुस्वार भएर उक्त रूप सिद्ध हुन्छ ।

उपोप मे परामृश । उपोप = उप मे, यहाँ "प्रसमुपोदः पा ०" ले 'उप' को द्वित्व "आद् गुणः" ले गुण भएर उक्त सिद्ध हुन्छ । **किं नोदुदु हर्षसे** = न उत् उ हर्षसे, यहाँ "प्रसमुपोदः पा ०" ले 'उत्' को द्वित्व "आद् गुणः" ले गुण जश्त्व र वर्णमेलन भएर उक्त रूप सिद्ध हुन्छ ।

२२४ छन्दसीरः । ८ । २ । १५ ॥ इवर्णान्ताद्रेफान्ताच्च परस्य मतोर्मस्य वः स्यात् । हरिवते हर्यश्वाय गीर्वान् ॥

'छन्दसि'यो सप्तम्यन्त प्रथम पद र 'इरः' यो षष्ठ्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "मादुपधायाश्च मतोर्वोऽयवादिभ्यः" बाट 'मतोर्वः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा इकारान्त तथा रेफान्त शब्ददेखि पर रहेको 'मतुप्' प्रत्ययको मकारको स्थानमा 'व' हुन्छ, हो । **हरिवते** = हरयो विद्यन्ते यस्य, यस विग्रहमा 'हरि' शब्ददेखि "तदस्यास्त्यस्मिन्निति मतुप् । ५ । २ । ९४ ॥"ले 'मतुप्' प्रत्यय अनुबन्धलोप, तद्धितान्तत्वात् प्रातिपदिक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संज्ञा 'सुप्'को लुक् "छन्दसीरः ०" ले 'म्'को 'व्' आदेशपछि स्वादिकार्य भएर 'हरिवते' रूप सिद्ध हुन्छ ।

हरिवते हर्यश्वाय गीर्वान् । गीर्वान् = गिरो विद्यन्ते यस्य, यस विग्रहमा 'गिर्' शब्ददेखि "तदस्यास्त्यस्मिन्निति मतुप् । ५ । २ । ९४ ॥" ले 'मतुप्' प्रत्यय अनुबन्धलोप तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा र 'सुप्'को लुक् भएपछि "छन्दसीरः ०" ले 'म्'को 'व्' आदेशपछि "र्वोरुपधाया दीर्घ इकः । ८ । २ । ७६ ॥" ले उपधादीर्घ 'सु'विभक्ति "उगिदचां सर्वनामस्थानेऽधातोः । ७ । १ । ८० ॥" ले 'नुम्' "अत्वसन्तस्य चाधातोः । ६ । ४ । १४ ॥" ले उपधादीर्घ "हल्ङ्याब्भ्यो ०" ले 'सु'को लोप "संयोगान्तस्य लोपः" ले 'त्'को लोपपछि स्वादिकार्य भएर 'गीर्वान्' रूप सिद्ध हुन्छ ।

२२५ अनो नुट् । ८ । २ । १६ ॥ अन्नन्तान्मतोर्नुट् स्यात् । अक्षण्वन्तः । कर्णवन्तः । अस्थन्वतं यदनस्था ॥

'अनः' यो पञ्चम्यन्त प्रथम पद र 'नुट्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्ववत् 'मतोर्वः' को र "छन्दसीरः" बाट 'छन्दसि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'अन्' अन्तमा रहेका शब्ददेखि पर रहेको 'मतुप्'को 'नुट्' आगम हुन्छ, हो ।

अक्षण्वन्तः = अक्षीणि विद्यन्ते यस्य, यस विग्रहमा 'अक्षि'शब्ददेखि "तदस्यास्त्यस्मिन्निति मतुप् । ५ । २ । ९४ ॥"ले 'मतुप्'प्रत्यय अनुबन्धलोप तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक् 'जस्'विभक्ति "छन्दस्यपि दृश्यते । ७ । १ । ७६ ॥" ले 'अक्षि' शब्दको 'अनङ्'आदेश अनुबन्धलोप "मादुपधायाश्च मतोर्वोऽयवादिभ्यः । ८ । २ । ९ ॥" ले 'म्'को 'व्' (अक्षन् वत् जस्) यहाँ नकार को लोप तथा "अनो नुट्" ले 'नुट्' प्राप्त थियो तर नलोपको दृष्टिमा 'नुट्' असिद्ध भएको हुँदा पहिला "नलोपः प्रातिपदिकान्तस्य" ले 'न्'को लोप त्यसपछि "साम्प्रतिकाभावे भूतपूर्वगतिः" द्वारा "अनो नुट्" ले 'नुट्'आगम (अक्षन्वत् अस्) "रषाभ्यां ०"ले णत्व 'नुम्' वर्णमेलन रुत्व विसर्ग भएर उक्त रूप सिद्ध हुन्छ ।

२२६ नाद्धस्य । ८ । २ । १७ ॥ नान्तात्परस्य घस्य नुट् । सुपथिन्तरः ॥

'नात्' यो पञ्चम्यन्त प्रथम पद र 'घस्य' यो षष्ठचन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "छन्दसीरः" बाट 'छन्दसि' को र "अनो नुट्" बाट 'नुट्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा नकारान्त शब्ददेखि पर रहेको घ (तरप् तमप्) प्रत्ययको 'नुट्'आगम हुन्छ, हो ।

सुपथिन्तरः = अयमनयोरतिशयेन सुपन्थाः, यस विग्रहमा 'सु' पूर्वक प्रथमान्त 'पथिन्' शब्ददेखि "द्विवचनविभज्योपपदे तरबीयसुनौ । ५ । ३ । ५७ ॥" ले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'तरप्' प्रत्यय अनुबन्धलोप,'सुप्'को लुक्, यहाँ नकारको लोप तथा "नाद्धस्य" ले 'नुट्' प्राप्त थियो तर नलोपको दृष्टिमा 'नुट्' असिद्ध भएको हुँदा पहिला "नलोपः प्रातिप ०" ले 'न्'को लोप हुन्छ, त्यसपछि "साम्प्रतिकाभावे भूतपूर्वगतिः" द्वारा "नाद्धस्य" ले 'नुट्'आगम अनुस्वार परसवर्ण तथा समुदायबाट स्वादिकार्य भएर 'सुपथिन्तरः' रूप सिद्ध हुन्छ ।

भूरिदाब्नस्तुड्वाच्यः (वा०) ॥ भूरिदावत्तरो जनः ॥

वैदिक संस्कृतमा भूरिदावन् शब्ददेखि पर रहेको 'घ'प्रत्ययको 'तुट्' आगम हुन्छ। **भूरिदावत्तरो जनः । (भूरिदावा)** = भूरि पूर्वक 'दा' धातुदेखि "आतो मनिन् ०" ले वनिप् (वन्) तदन्तदेखि अयमनयोरतिशयेन भूरिदावा, यस विग्रहमा 'भूरि दावन्' शब्ददेखि 'तरप्' प्रत्यय अनुबन्धलोप, 'सुप्' को लुक्, "नलोपः प्रातिप ०" ले 'न्' को लोप "भूरिदाब्नस्तुड् ०"ले 'तुट्'आगम अनुबन्धलोप र स्वादिकार्य भएर यो रूप सिद्ध हुन्छ ।

ईद्रथिनः (वा०) ॥ रथीतरः । रथीतमं रथीनाम् ॥

वैदिक संस्कृतमा 'घ' प्रत्यय पर भएमा 'रथिन्' को इकारको स्थानमा 'ईत्' हुन्छ । लौकिक संस्कृतमा 'घ'प्रत्यय पर भएमा 'रथिन्'को इकारको स्थानमा ईत्व हुँदैन । **रथीतरः** =रथः अस्यास्ति, यस विग्रहमा 'रथ'शब्ददेखि "अत इनिठनौ । ५ । २ । ११५ ॥" ले इनि प्रत्यय अयमनयोरतिशयेन रथी, यस विग्रहमा प्रथमान्त 'रथिन्' शब्ददेखि 'तरप्' प्रत्यय, 'सुप्'को लुक्, "नलोपः प्रातिप ०" ले 'न्'को लोप "ईद्रथिनः" ले 'रथिन्'को इकारको स्थानमा 'ईत्' (रथ् ई तर) तथा स्वादिकार्य भएर 'रथीतरः' रूप सिद्ध हुन्छ ।

रथीतमं रथीनाम् । <u>रथीतमम्</u> = अयमेषामतिशयेन रथी, यस विग्रहमा "अतिशायने तमबिष्ठनौ" ले 'तमप्' अरू कार्य पूर्ववत् हुन्छन् ।

२२७ नसत्तनिषत्तानुत्तप्रतूर्त्तसूर्त्तगूर्त्तानि छन्दसि । ८ । २ । ६१ ॥ सदेर्नञ् पूर्वान्निपूर्वाच्च निष्ठायां नत्वाभावो निपात्यते । नसत्तमञ्जसा । निषत्तमस्य चरतः । असन्नं निषण्णमिति प्राप्ते । उन्देर्नञ् पूर्वस्यानुत्तम् । प्रतूर्त्तमिति त्वरतेः तुर्वीत्यस्य वा । सूर्त्तमिति सृ इत्यस्य । गूर्त्तमिति गुरी इत्यस्य ॥

'नसत्तनिषत्तानुत्तप्रतूर्त्तसूर्त्तगूर्त्तानि' यो समस्त प्रथमान्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा जम्मा दुई पद छन् । यहाँ सूत्रको अर्थ :– वैदिक संस्कृतमा नसत्त, निषत्त, अनुत्त, प्रतूर्त्त, सूर्त्त तथा 'गूर्त्त'शब्द निपातनद्वारा सिद्ध हुन्छन, हो ।

नसत्तमञ्जसा । <u>नसत्तम्</u> = अनुबन्धविनिर्मुक्त 'नञ्'पूर्वक 'सद्' (षद्लृ विशरणगत्यवसादनेषु, भ्वादि) धातुदेखि "निष्ठा" ले 'क्त'प्रत्यय प्रत्ययको 'त'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा धातुको 'द्'को स्थानमा "रदाभ्यां निष्ठातो नः पूर्वस्य च दः । ८ । २ । ४२ ॥" ले नत्व प्राप्त थियो त्यसको "नसत्तनिषत्ता ०" ले निषेध, "खरि च" ले चर्त्व "नलोपो नञः । ६ । ३ । ७३ ॥" ले प्राप्त नलोपको उक्त सूत्रले निपातनद्वारा निषेध भएर 'नसत्तम्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'असन्नम्' हुन्छ ।

निषत्तमस्य चरतः । निषत्तम् = 'नि'पूर्वक 'सद्' धातुदेखि 'क्त'प्रत्यय 'त' तथा 'द्'को स्थानमा "रदाभ्यां ०" ले प्राप्त नत्वको "नसत्तनिषत्ता ०" ले निपातनद्वारा निषेध "सदिरप्रतेः । ८ । ३ । ६६ ॥" ले षत्व र स्वादिकार्य भएर 'निषत्तम्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'निषण्णम्' हुन्छ ।

अनुत्तम् = अनुबन्धविनिर्मुक्त 'नञ्'पूर्वक 'उन्द्' (उन्दी क्लेदने, रुधादि) धातुदेखि "निष्ठा" ले 'क्त' प्रत्यय "अनिदितां हलः ०"ले 'न्'को लोप "नलोपो नञः" ले 'न्'को लोप, "तस्मान्नुडचि । ६ । ३ । ७४ ॥" ले 'नुट्'आगम प्रत्ययको 'त' तथा धातुको 'द्'को स्थानमा "रदाभ्यां निष्ठातो नः पूर्वस्य च दः । ८ । २ । ४२ ॥" ले नत्व प्राप्त थियो त्यसको "नसत्तनिषत्ता ०" ले निषेध "खरि च"ले चर्त्व र स्वादिकार्य भएर 'अनुत्तम्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'अनुन्नम्' हुन्छ ।

प्रतूर्त्तम् = 'प्र'पूर्वक त्वर् (ञ्त्विरा सम्भ्रमे, भ्वादि) धातुदेखि 'क्त' "ज्वरत्वर–श्रिव्यविभवामुपधायाश्च । ६ । ४ । २० ॥" ले धातुको वकारको स्थानमा 'ऊठ्' आदेश अनुबन्धलोप (प्रत्ऊर्त्) "अचो रहाभ्यां द्वे । ८ । ४ । ४६ ॥" ले 'त्'को द्वित्व र स्वादिकार्य भएर 'प्रतूर्त्तम्' सिद्ध हुन्छ । अथवा तुर्व (तुर्वी हिंसार्थः, भ्वादि) धातुदेखि 'क्त' प्रत्यय "राल्लोपः । ६ । ४ । २१ ॥" ले 'व्'को लोप "हलि च" ले दीर्घ "रदाभ्यां निष्ठातो ०" ले प्राप्त नत्वको "नसत्तनिषत्ता ०" ले निपातनद्वारा निषेध तथा स्वादिकार्य भएर उक्त रूप सिद्ध हुन्छ ।

सूर्तम् = सृ (सृ गतौ, भ्वादि) धातुदेखि 'क्त'प्रत्यय "नसत्तनिषत्ता ०" ले निपातनद्वारा सकारोत्तरवर्ती ऋकारको उत्व रपरत्व "हलि च" ले दीर्घ र स्वादिकार्य भएर 'सूर्तम्' रूप सिद्ध हुन्छ । **गूर्त्तम्** = अनुबन्धविनिर्मुक्त गुर् (गुरी उद्यमने, तुदादि) धातुदेखि 'क्त'प्रत्यय "हलि च"ले दीर्घ "अचो रहाभ्यां द्वे" ले द्वित्व र स्वादिकार्य भएर 'गूर्त्तम्' रूप सिद्ध हुन्छ । लौकिक संस्कृतमा 'गूर्णम्' बन्छ ।

२२८ अम्नरूधरवरित्युभयथा छन्दसि । ८ । २ । ७० ॥ रुर्वा, रेफो वा । अम्न एव । अम्नरेव । ऊध एव । ऊधरेव । अव एव । अवरेव ॥

'अम्नस्' 'ऊधस्' 'अवस्' यी प्रथमान्त पद, 'इति' र 'उभयथा' यी अव्यय पद र 'छन्दसि' यो सप्तम्यन्त पद गरी यस सूत्रमा अनेक पद छन् । अथवा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'अम्नरूधरवर्' यो अनुकरणात्मक प्रथम पद, 'इति' यो अव्यय द्वितीय पद, 'उभयथा' यो अव्यय तृतीय पद र 'छन्दसि' यो सप्तम्यन्त चतुर्थ पद गरी यस सूत्रमा चार पद छन्। यहाँ "ससजुषो रुः" बाट 'रुः' को र "रोऽसुपि" बाट 'रः' को अनुवृत्ति आएपछि पदसंयोजनबाट सूत्रको अर्थ :– वैदिक संस्कृतमा अम्नस्, ऊधस् तथा अवस् शब्दको 'स्'को स्थानमा 'रु' या रेफ विकल्पले हुन्छ, हो। **अम्न एव** = अम्नस् एव यहाँ "ससजुषो रुः" ले प्राप्त नित्य रुत्वलाई निषेध गरेर "अम्नरूधर ०" ले 'स्'को विकल्पले रुत्व भएपछि "भोभगोअघेअपूर्वस्य योऽशि। ८। ३। १७॥" ले 'र्'को स्थानमा 'य्' "लोपः शाकल्यस्य। ८। ३। १९॥" ले 'य्'को विकल्पले लोप भएर 'अम्न् एव' रूप हुन्छ।। लोप नभएको पक्षमा 'अम्नयेव'। रुत्व नभएर रेफ भएको अवस्थामा अम्नरेव। ऊध एव =ऊधस् एव, यहाँ पूर्ववत् कार्य हुन्छन्। अव एव =अवस् एव, यहाँ पूर्ववत् कार्य हुन्छन्।

२२९ भुवश्च महाव्याहृतेः। ८। २। ७१॥ भुव इति। भुवरिति॥

'भुवः' यो तिङन्त (छान्दस) प्रथम पद, 'च' यो अव्यय द्वितीय पद र 'महाव्याहृते :' यो षष्ठ्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "ससजुषो रुः" बाट 'रुः' को र "रोऽसुपि" बाट 'रः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा महाव्याहृत्यात्मक 'भुवस्'शब्दको 'स्'को स्थानमा 'रु' या रेफ विकल्पले हुन्छ, हो। **भुव इति** = भुवस् इति, यहाँ "भुवश्च महा ०" ले 'स्'को विकल्पले रुत्व "भोभगो ०" ले 'र्'को स्थानमा 'य्' "लोपः शाकल्यस्य। ८। ३। १९॥" ले 'य्'को विकल्पले लोप भएर 'भुव इति' रूप सिद्ध हुन्छ।

२३० ओमभ्यादाने। ८। २। ८७॥ ओम्शब्दस्य प्लुतः स्यादारम्भे। ओ३म् अग्निमीले पुरोहितम्। अभ्यादाने किम्? ओमित्येकाक्षरम्॥

'ओम्' यो प्रथमान्त प्रथम पद र 'अभ्यादाने' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "वाक्यस्य टेः प्लुत उदात्तः" बाट ' प्लुतः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– ऋचाको प्रारम्भमा उच्चरित 'ओम्'शब्दको प्लुत हुन्छ, हो।

ओ३म् अग्निमीले पुरोहितम् = यहाँ "ओमभ्यादाने" ले 'ओम्'को प्लुत। "प्लुतप्रगृह्या अचि नित्यम्। ६। १। १२५॥" ले प्रकृतिभाव भएर उक्त रूप सिद्ध हुन्छ। ऋचाको प्रारम्भमा उच्चरित नभएको हुनाले 'ओमित्येकाक्षरम्' मा प्लुत भएन।

२३१ ये यज्ञकर्मणि। ८। २। ८८॥ ये ३ यजामहे। यज्ञेति किम्? ये यजामहे॥

'ये' यो सप्तम्यन्त प्रथम पद र 'यज्ञकर्मणि' यो समस्त सप्तम्यन्त द्वितीय पद

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरी यस सूत्रमा दुई पद छन् । यहाँ "वाक्यस्य टेः प्लुत उदात्तः" बाट ' प्लुतः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– ऋचाको प्रारम्भमा यज्ञकर्ममा प्रयुक्त 'ये'को प्लुत हुन्छ, हो । **ये ३ यजामहे** = यहाँ "ये यज्ञकर्मणि" ले 'ये'को प्लुत हुन्छ । यज्ञकर्मबाहेक स्वाध्यायको समयमा प्लुत हुँदैन । जस्तै :- ये यजामहे ।

२३२ प्रणवष्टेः । ८ । २ । ८९ ॥ यज्ञकर्मणि टेरोमित्यादेशः स्यात् । अपां रेतांसि जिन्वतो३ म् । टेः किम् ? हलन्ते अन्त्यस्य मा भूत् ॥

'प्रणवः' यो प्रथमान्त प्रथम पद र 'टेः' यो षष्ठचन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "ये यज्ञकर्मणि" बाट 'यज्ञकर्मणि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– यज्ञविषयक कर्ममा मन्त्रको अन्तिम 'टि'को स्थानमा प्रणव (ओम्) आदेश हुन्छ, हो ।

अपां रेतांसि जिन्वतो३ म् । जिन्वतोऽ म् = जिन्व (जिवि प्रीणनार्थः, चुरादि) धातुदेखि लट्, तिप् ,'शप', 'टि'को स्थानमा "प्रणवष्टेः" ले 'ओम्' आदेश भएर उक्त रूप सिद्ध हुन्छ । "वाक्यस्य टेः प्लुत उदात्तः । ८ । २ । ८२ ॥" सूत्रबाट 'टेः'को अनुवृत्ति सम्भव हुँदाहुँदै पनि फेरि सूत्रमा 'टि' पढिएको हुँदा अजन्तको मात्र 'ओम्' आदेश हुन्छ, हलन्तको हुँदैन ।

२३३ याज्यान्तः । ८ । २ । ९० ॥ ये याज्या मन्त्रास्तेषामन्त्यस्य टेः प्लुतो यज्ञकर्मणि । जिह्वामग्ने चकृषे हव्यवाहा३ म् । अन्तः किम् ? याज्यानामृचां वाक्यसमुदायरूपाणां प्रतिवाक्यं टेः स्यात् । सर्वान्तस्य चेष्यते ॥

यस सूत्रमा 'याज्यान्तः' यो प्रथमान्त पद मात्र छ । यहाँ "वाक्यस्य टेः प्लुत उदात्तः" बाट ' टेः' र ' प्लुतः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– यज्ञविषयक कर्म (याज्याकाण्ड कुनै यज्ञमा प्रयुक्त हुने मन्त्रहरूको क्रमानुसारको संग्रह) मा पठित मन्त्रको अन्तिम 'टि'को प्लुत हुन्छ, हो ।

जिह्वामग्ने चकृषे हव्यवाहा३ म् । हव्यवाहा३ म् = यहाँ "याज्यान्तः" ले टि (आम्) को प्लुत हुन्छ । यस सूत्रमा अन्तिम 'टि'को प्लुत हुन्छ नभनेको भए वाक्यको समूहका रूपमा विद्यमान याज्या मन्त्रहरूको प्रत्येक वाक्यको 'टि'को प्लुत हुने थियो । सूत्रकारको तात्पर्य वास्तवमा अन्तिम वाक्यको 'टि'को मात्र प्लुत होस् भन्नु नै हो ।

२३४ ब्रूहिप्रेष्यश्रौषड्वौषडावहानामादेः । ८ । २ । ९१ ॥ एषामादेः प्लुतो यज्ञकर्मणि । अग्नयेऽनुब्रू३ हि । अग्नये गोमयानि प्रे३ ष्य । अस्तु श्रौ३ षट् । सोमस्याग्ने व्रीही वौ३ षट् । अग्निमा३ वह ॥

'ब्रूहिप्रेष्यश्रौषड्वौषडावहानाम्' यो षष्ठचन्त प्रथम पद र 'आदेः' यो षष्ठचन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "वाक्यस्य टेः प्लुत उदात्तः"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाट 'प्लुतः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– यज्ञविषयक कर्ममा ब्रूहि, प्रेष्य, श्रौषट् तथा आवह शब्दको आदि स्वर प्लुत हुन्छ, हो ।

अग्नयेऽनु ब्रू३ हि = यहाँ "ब्रूहिप्रेष्यश्रौ ०" ले 'ब्रू'को 'ऊ'को प्लुत । **अग्नये गोमयानि प्रे३ ष्य । प्रे३ष्य** = यहाँ उक्त सूत्रले आदि स्वरको प्लुत हुन्छ । **अस्तु श्रौ३ षट् । (श्रौ३षट्)** = यहाँ उक्त सूत्रले आदि स्वर 'औ'को प्लुत हुन्छ । **सोमस्याग्ने व्रीही वौ३ षट् । वौ३षट्** = यहाँ उक्त सूत्रले 'औ'को प्लुत हुन्छ । **अग्निमा३ वह** = यहाँ उक्त सूत्रले 'आ'को प्लुत हुन्छ ।

२३५ अग्नीत्प्रेषणे परस्य च । ८ । २ । ९२ ॥ अग्नीधः प्रेषणे आदेः प्लुतस्तस्मात्परस्य च । ओ३ श्रा३ वय । नेह अग्नीदग्नीन्विहर बर्हिस्तृणीहि ॥

'अग्नीत्प्रेषणे' यो समस्त सप्तम्यन्त प्रथम पद, 'परस्य' यो षष्ठचन्त द्वितीय पद र 'च' यो अव्यय तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'प्लुतः' को र "ये यज्ञकर्मणि" बाट 'यज्ञकर्मणि' को अनुवृत्ति आएपछि पदसंयोजन गर्दा सूत्रको अर्थ :– यज्ञविषयक कर्ममा अग्नि प्रज्वलित गर्ने व्यक्तिका लागि प्रेषण (प्रयुक्त) वाक्यको आदि स्वरको तथा त्यसदेखि पर रहेको स्वरको पनि प्लुत हुन्छ, हो ।

ओ ३ श्रा ३ वय = यहाँ आदि अच् 'ओ'को तथा त्यसदेखि पर रहेको 'श्रा' को आकारको "अग्नीत्प्रेषणे ०" ले प्लुत हुन्छ । अग्नीध्को नामोच्चारण गरेर प्रयुक्त वाक्यमा यो नियम लाग्दैन । तसर्थ अग्नीदग्नीन्विहर । बर्हिस्तृणीहि । आदिमा प्लुत हुँदैन । "छन्दसि सर्वे विधयो विकल्प्यन्ते" को अनुसार कहीँ कहीँ प्लुत नहुन पनि सक्छ । जस्तै 'बर्हिस्तृणीहि' यहाँ भएन ।

२३६ विभाषा पृष्टप्रतिवचने हेः । ८ । २ । ९३ ॥ प्लुतः । अकार्षीः कटम् । अकार्षं हि ३ । अकार्षं हि । पृष्टेति किम् ? कटं करिष्यति हि । हेः किम् ? कटं करोमि ननु ॥

'विभाषा' यो प्रथमान्त प्रथम पद, 'पृष्टप्रतिवचने' यो सप्तम्यन्त द्वितीय पद र 'हेः' यो षष्ठचन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "वाक्यस्य टेः प्लुत उदात्तः" बाट प्लुतः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा कसैले सोधेको पृष्ट (प्रश्न)को प्रतिवचन (उत्तर) दिनका लागि प्रयुक्त 'हि'को 'टि' विकल्पले प्लुत हुन्छ, हो ।

अकार्षं हि ३ = यहाँ "विभाषा पृष्ट०"ले हकारोत्तरवर्ती इकारको विकल्पले प्लुत हुन्छ । प्लुत नभएको पक्षमा 'अकार्षं हि' हुन्छ । प्रश्नोत्तरमा प्रयुक्त नभएको 'हि'को इकारको प्लुत हुँदैन । जस्तै 'कटं करिष्यति हि' मा प्लुत भएन । 'हि'बाहेक प्रश्नोत्तरमा प्रयुक्त अरू अव्ययको प्लुत हुँदैन । यथा 'कटं करोमि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ननु' मा प्लुत हुदैन ।

२३७ निगृह्यानुयोगे च । ८ । २ । ९४ ॥ अत्र यद्वाक्यं तस्य टेः प्लुतो वा । अद्यामावास्येत्यात्थ ३ । अमावास्येत्येवं वादिनं युक्त्या स्वमतात् प्रच्याव्य एवमनुप्रयुज्यते ॥

'निगृह्य' यो अव्यय प्रथम पद, 'अनुयोगे' यो सप्तम्यन्त द्वितीय पद र 'च' यो अव्यय तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'टेः' र 'प्लुतः' को तथा "विभाषा पृष्टप्रतिवचने हेः" बाट 'विभाषा' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– अर्काको मतलाई तर्कद्वारा खण्डन गरी पुनः उपहासका लागि दोहोऱ्याइएको त्यही वाक्यको अन्तिम शब्दको 'टि'को प्लुत विकल्पले हुन्छ, हो। **अद्यामावास्येत्यात्थ ३ । आत्थ ३** = यहाँ "निगृह्यानु ०" ले थकारोत्तरवर्ती अकारको विकल्पले प्लुत हुन्छ । पूर्वपक्षीद्वारा 'आज अमावास्या हो' भनिएको कुरालाई उत्तरपक्षीले प्रबल युक्तिद्वारा खण्डन गरी यति हुँदाहुँदै पनि अझ अमावास्य भन्छौ ? भनी उपहासका लागि प्रयुक्त 'अद्यामावास्येत्यात्थ' वाक्यको अन्तिम शब्द 'आत्थ'को टि (थकारोत्तरवर्ती 'अ')को प्लुत हुन्छ ।

२३८ आम्रेडितं भर्त्सने । ८ । २ । ९५ ॥ दास्यो ३ दास्यो ३ घातयिष्यामि त्वाम् । आम्रेडितग्रहणं द्विरुक्तोपलक्षणम् । चौर ३ चौर ३ ॥

'आम्रेडितम्' यो प्रथमान्त प्रथम पद र 'भर्त्सने' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'टेः' र 'प्लुतः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– हप्काउँदा प्रयुक्त आम्रेडित पदको अन्तिम 'टि'को प्लुत हुन्छ, हो । यद्यपि "तस्य परमाम्रेडितम् । ८ । १ । २ ॥" ले द्विरुक्तको द्वितीय शब्दस्वरूपको आम्रेडित संज्ञा हुन्छ तर यस सूत्रमा प्रयुक्त आम्रेडित शब्दको अर्थ द्विरुक्त (द्वितीय) शब्द नभई दुवै या सबै हो, तसर्थ दुवै शब्दको अन्तिम 'टि'को प्लुत हुन्छ । भर्त्सन चाहिँ अपकारवाचक शब्दहरूद्वारा भयको उत्पादन हो । "अपकार शब्दैर्भयोत्पादनम् भर्त्सनम्" काशिका ।

दास्यो दास्यो ३ घातयिष्यामि त्वाम् । दास्यो दास्यो ३ = यहाँ "वाक्यादेरामन्त्रितस्यासूयासम्मतिकोपकुत्सनभर्त्सनेषु । ८ । १ । ८ ॥" ले 'दास्यो' को द्वित्व "आम्रेडितं भ ०" ले यकारोत्तरवर्ती 'ओ'को प्लुत हुन्छ । **चौर चौर ३** = यहाँ "वाक्यादे ०" ले चौरको द्वित्व"आम्रेडितं भ ०" ले रकारोत्तरवर्ती 'अ'को प्लुत हुन्छ ।

२३९ अङ्गयुक्तं तिङाकाङ्क्षम् । ८ । २ । ९६ ॥ अङ्गेत्यनेन युक्तं तिङन्तं प्लवते । अङ्ग कूज ३ इदानीं ज्ञास्यसि जाल्म । तिङ् किम् ? अङ्ग देवदत्त मिथ्या वदसि । आकाङ्क्षं किम् ? अङ्ग, पच । नैतदपरमाकाङ्क्षति । भर्त्सन इत्येव । अङ्गाधीष्व भक्तं तव दास्यामि ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'अङ्गयुक्तम्' यो समस्त प्रथमान्त प्रथम पद र 'तिङाकाङ्क्षम्' यो समस्त प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्वसूत्रमा भ्मैं 'टेः' र ' प्लुतः' को अनुवृत्ति र पदसंयोजन गरेपछि सूत्रको अर्थ :– कुनै वाक्यमा भर्त्सना अर्थमा 'अङ्ग'शब्दले युक्त यदि आकाङ्क्ष तिङ् छ भने त्यसको 'टि'को प्लुत हुन्छ, हो । 'एक तिङन्तको त्यही वाक्यमा अर्को तिङन्तसँग सम्बन्ध छ भने त्यस्तो तिङन्तलाई आकाङ्क्ष तिङ् भनिन्छ ।'

अङ्ग कूज ३ इदानीं ज्ञास्यसि जाल्म । **अङ्ग कूज ३** = यहाँ "अङ्गयुक्तं ति ०" ले जकारोत्तरवर्ती अकारको प्लुत हुन्छ । वाक्यमा भर्त्सना अर्थ पनि छ, अङ्ग पनि छ, तर अङ्गयुक्त तिङ् छैन भने प्लुत हुँदैन । जस्तै – **अङ्ग देवदत्त मिथ्या वदसि** = यहाँ भर्त्सना अर्थ पनि छ, अङ्ग पनि छ, तर अङ्गयुक्त तिङन्त छैन तसर्थ प्लुत भएन । अङ्ग छ, तिङन्त पनि छ तर आकाङ्क्ष तिङन्त छैन भने पनि प्लुत हुँदैन । जस्तै – **अङ्ग पच** = यहाँ 'पच' तिङन्तले अरू कुनै तिङन्तको आकाङ्क्षा राख्दैन त्यसकारण प्लुत भएन । आकाङ्क्ष तिङन्त पनि छ 'अङ्ग'ले युक्त पनि छ तर भर्त्सना अर्थ छैन भने पनि प्लुत हुँदैन । जस्तै – **अङ्ग अधीष्व भक्तं ते दास्यामि** = यहाँ भर्त्सना अर्थ नभएकाले प्लुत भएन ।

२४० विचार्यमाणानाम् । ८ । २ । ९७ ॥ वाक्यानां टेः प्लुतः । होतव्यं दीक्षितस्य गृहा ३ इ । न होतव्य३ मिति । होतव्यं न होतव्यमिति विचार्यते । प्रमाणैर्वस्तुतत्त्वपरीक्षणं विचारः ॥

यस सूत्रमा 'विचार्यमाणानाम्' यो षष्ठ्यन्त पद मात्र छ । यहाँ "वाक्यस्य टेः प्लुत उदात्तः" बाट ' टेः' र ' प्लुतः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा विचारात्मक वाक्यको 'टि'को प्लुत हुन्छ, हो । प्रमाणद्वारा वस्तुतत्त्वको परीक्षणलाई विचार भनिन्छ ।

होतव्यं दीक्षितस्य गृहा ३ इ । गृहा ३ इ = यहाँ "एचोऽप्रगृह्यादूराद्धूते पूर्वस्यार्धस्याऽऽदुत्ततरस्येदुतौ । ८ । २ । १०७ ॥" ले विचारात्मक वाक्यको टि (गृहे मा हकारोत्तरवर्ती) एकारको "विचार्यमाणा ०" ले प्लुत हुन्छ । प्लुतको समयमा "एचोऽप्रगृह्या ०" ले 'ए'लाई 'आ' तथा 'इ'मा विभाजन गरी पूर्वार्द्ध 'आ' को प्लुत भएर 'गृहा ३ इ' सिद्ध हुन्छ ।। **न होतव्य३म्** = यहाँ "विचार्यमाणा ०" ले यकारोत्तरवर्ती 'अ' को प्लुत भएर 'न होतव्य ३ म्' सिद्ध हुन्छ । यस वाक्यमा दीक्षितको घरमा हवन गर्न हुन्छ या हुँदैन ? भन्ने विषयमा विचार गरिएको छ ।

२४१ पूर्वं तु भाषायाम् । ८ । २ । ९८ ॥ विचार्यमाणानां पूर्वमेव प्लवते । अहिर्नु ३ रज्जुर्नु । प्रयोगापेक्षं पूर्वत्वम् । भाषाग्रहणात् पूर्वयोगश्छन्दसीति ज्ञायते ॥

'पूर्वम्' यो प्रथमान्त प्रथम पद, 'तु' यो अव्यय द्वितीय पद र 'भाषायाम्' यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'टेः' र ' प्लुतः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– लौकिक संस्कृतमा विचारात्मक वाक्यहरूमा केवल पूर्ववाक्यको 'टि'को प्लुत हुन्छ, हो ।

अहिर्नु ३ रज्जुर्नु । अहिर्नु३ = यहाँ "पूर्वं तु भाषायाम्" ले विचारात्मक वाक्यको पूर्ववाक्यमा रहेको 'टि' (नकारोत्तरवर्ती उकार) को मात्र प्लुत भएर उक्त रूप सिद्ध हुन्छ । यहाँ उत्तरवर्ती 'रज्जुर्नु' वाक्यको 'टि'को प्लुत हुँदैन । प्रयोगको आधारमा पूर्वत्वको ज्ञान गर्नुपर्छ । अर्थात् यस सूत्रमा प्रयुक्त 'पूर्व' शब्दको अर्थ प्रयोगमा पूर्व प्रयुक्त भन्ने हो, पूर्वपक्षको भन्ने अर्थ होइन । तसर्थ 'रज्जुर्नु अहिर्नु' गर्न पनि सकिन्छ । यस सूत्रमा भाषा पदको ग्रहणबाट पूर्वका सूत्रहरू केवल वैदिक संस्कृतमा मात्र प्रयुक्त हुन्छन् ।

२४२ प्रतिश्रवणे च । ८ । २ । ९९ ॥ वाक्यस्य टेः प्लुतोऽभ्युपगमे, प्रतिज्ञाने, श्रवणाभिमुख्ये च । गां मे देहि भोः । हन्त ते ददामि ३ । नित्यः शब्दो भवितुमर्हति ३ । दत्त किमात्थ ३ ॥

'प्रतिश्रवणे' यो सप्तम्यन्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्ववत् 'टेः' र ' प्लुतः' को अनुवृत्ति आएपछि तिनको पदसंयोजन गर्दा सूत्रको अर्थ :– प्रतिश्रवण अर्थमा वाक्यको 'टि'को प्लुत हुन्छ, हो । प्रतिश्रवणका तिन ओटा अर्थ छन् १.अभ्युपगम (स्वीकार गर्नु), २.प्रतिज्ञान (प्रतिज्ञा गर्नु), ३ श्रवणाभिमुख (कुनै कुरा सुन्नका लागि उत्सुक या अभिमुख हुनु) हो ।

हन्त ते ददामि ३ । ददामि ३ = यहाँ स्वीकार अर्थमा मकारोत्तरवर्ती इकार को "प्रतिश्रवणे च" ले प्लुत हुन्छ । **नित्यः शब्दो भवितुमर्हति ३ । अर्हति ३** = यहाँ प्रतिज्ञा अर्थमा तकारोत्तरवर्ती इकारको "प्रतिश्रवणे च" ले प्लुत हुन्छ । **दत्त किमात्थ ३ । आत्थ ३** = यहाँ उत्सुकता अर्थमा थकारोत्तरवर्ती इकारको उक्त सूत्रले प्लुत हुन्छ ।

२४३ अनुदात्तं प्रश्नान्ताभिपूजितयोः । ८ । २ । १०० ॥ अनुदात्तः प्लुतः स्यात् । दूराद्धूतादिषु सिद्धस्य प्लुतस्याऽनुदात्तत्वमात्रमनेन विधीयते । अग्निभूत ३ इ । पटा ३ उ । अग्निभूते पटो एतयोः प्रश्नान्ते टेरनुदात्तः प्लुतः । शोभनः खल्वसि माणवक ३ ॥

'अनुदात्तम्' यो समस्त प्रथमान्त प्रथम पद र 'प्रश्नान्ताभिपूजितयोः' यो समस्त सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'टेः' र ' प्लुतः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– प्रश्न वाक्यको अन्तमा तथा अभिपूजित (प्रशंसा) अर्थमा प्रयुक्त वाक्यको अन्तिममा रहेको 'टि'को अनुदात्तत्वमात्र विधान हुन्छ, हो । "दूराद्धूते च ८ । २ । ८४ ॥" इत्यादि सूत्रद्वारा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विहित प्लुतको यस सूत्रले अनुदात्तत्वमात्र विधान गर्छ , किनकि "वाक्यस्य टेः प्लुत उदात्तः । ८ । २ । ८२ ॥" सूत्रबाट नै पादको समाप्तिसम्म प्लुत तथा उदात्तको अधिकार चल्छ ।

अगमः पूर्वान् ग्रामान् अग्निभूत ३ इ = यहाँ प्रश्नान्त वाक्यको अन्तमा रहेको "अग्निभूते" को टि (तकारोत्तरवर्ती ए)लाई "एचोऽप्रगृह्या ०" ले 'अ' तथा 'इ' मा विभाजन गरी "वाक्यस्य टेः प्लुत उदात्तः" ले प्राप्त उदात्तत्वविशिष्ट प्लुतलाई निषेध गरेर "अनुदात्तं प्रश्ना ०" ले पूर्वार्द्ध 'अ' को अनुदात्तत्व भएर 'अग्निभूत ३ इ' सिद्ध हुन्छ ।

अगमः पूर्वान् ग्रामन् पट ३ उ । पट ३ उ = यहाँ प्रश्नान्त वाक्यको अन्तमा रहेको "पटो"को टि (टकारोत्तरवर्ती ओ)लाई "एचोऽप्रगृह्या ०" ले 'अ' तथा 'उ'मा विभाजन गरी "वाक्यस्य टेः प्लुत उदात्तः" ले प्राप्त उदात्तत्वविशिष्ट प्लुतलाई निषेध गरेर "अनुदात्तं प्रश्ना ०" ले पूर्वार्द्ध 'अ'को अनुदात्तत्वविशिष्ट प्लुत भएर 'पटɜउ' सिद्ध हुन्छ । **शोभनः खल्वसि माणवक ३** = यहाँ अभिपूजित वाक्यको अन्तमा रहेको टिको "वाक्यस्य टेः प्लुत उदात्तः"ले प्राप्त उदात्तत्वविशिष्ट प्लुतलाई निषेध गरेर "अनुदात्तं प्रश्ना ०" ले 'अ'को अनुदात्तत्वविशिष्ट प्लुत भएर 'माणवकɜ' सिद्ध हुन्छ ।

२४४ चिदिति चोपमार्थे प्रयुज्यमाने । ८ । २ । १०१ ॥ वाक्यस्य टेरनुदात्तः प्लुतः । अग्निचिद्भाया ३ त् । अग्निरिव भायात् । उपमार्थे किम् ? कथञ्चिदाहुः । प्रयुज्यमाने किम् ? अग्निर्माणवको भायात् ॥

'चित्' यो प्रथमान्त प्रथम पद, 'इति' यो अव्यय द्वितीय पद, 'च' यो अव्यय तृतीय पद, 'उपमार्थे' यो समस्त सप्तम्यन्त चतुर्थ पद र 'प्रयुज्यमाने' यो सप्तम्यन्त पञ्चम पद गरी यस सूत्रमा पाँच पद छन् । यहाँ पूर्वसूत्रमा भ्रैं 'टेः' र ' प्लुतः' को तथा "अनुदात्तं प्रश्नान्ताभिपूजितयोः" बाट 'अनुदात्तम्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– यदि कुनै वाक्यमा उपमाको अर्थमा 'चित्' अव्ययको प्रयोग भएको छ भने त्यस वाक्यको 'टि'को अनुदात्तत्वविशिष्ट प्लुत हुन्छ, हो ।

अग्निचिद्भाया ३ त् = यहाँ यकारोत्तरवर्ती आकारको "वाक्यस्य टेः प्लुत उदात्तः" ले प्राप्त उदात्तत्वविशिष्ट प्लुतलाई निषेध गरेर "चिदिति चोप ०" ले अनुदात्तत्वविशिष्ट प्लुत भएर उक्त रूप सिद्ध हुन्छ । उपमार्थकदेखि भिन्न 'चिद्' शब्दको प्रयोगमा अनुदात्तत्वविशिष्ट प्लुत हुँदैन । **कथञ्चिदाहुः** = यहाँ प्रयुक्त, 'चिद्' शब्द अनिश्चयार्थक हो त्यसैले हकारोत्तरवर्ती 'उ'को अनुदात्तत्व भएन । वाक्यबाट उपमा अर्थ बुझिए तापनि यदि उपमा वाचक 'चित्'शब्द वाक्यमा प्रयुक्त छैन भने 'टि' को अनुदात्तत्वविशिष्ट प्लुत हुँदैन ।

२४५ उपरिस्विदासीदिति च । ८ । २ । १०२ ॥ टेः प्लुतोऽनुदात्तः स्यात् । उपरि–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्विदासी ३ त्। अधः स्विदासी ३ दित्यत्र तु विचार्यमाणानाम् इत्युदात्तप्लुतः॥ 'उपरिस्विदासीत्' यो अनुकरणात्मक प्रथम पद, 'इति' यो अव्यय द्वितीय पद र 'च' यो अव्यय तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ पूर्ववत् 'टेः' र ' प्लुतः' को तथा 'अनुदात्तम्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– 'उपरिस्वित् आसीत्' यस वाक्यको 'टि'को अनुदात्तत्व विशिष्ट प्लुत हुन्छ, हो। **उपरिस्विदासी ३ त्** = यहाँ "विचार्यमाणानाम्। ८। २। ९७॥" ले प्राप्त उदात्तत्वविशिष्ट प्लुतलाई बाँधेर "उपरिस्विदा ०" ले अनुदात्तत्वविशिष्ट प्लुत भएर उक्त रूप सिद्ध हुन्छ।। **अधःस्विदासी ३ त्** = यहाँ "विचार्यमा ०" ले उदात्तत्वविशिष्ट प्लुत हुन्छ।

२४६ स्वरितमाम्रेडितेऽसूयासम्मतिकोपकुत्सनेषु। ८। २। १०३॥ स्वरितः प्लुतः स्यामाम्रेडिते परेऽसूयादौ गम्ये। असूयायाम्। अभिरूपक ३ अभिरूपक रिक्तं ते आभिरूप्यम्। सम्मतौ। अभिरूपक ३ अभिरूपक शोभनोऽसि। कोपे। अविनीतिक ३ अविनीतिक इदानीं ज्ञास्यसि जाल्म। कुत्सने शाक्तीक ३ शाक्तीक रिक्ता ते शक्तिः॥

'स्वरितम्' यो प्रथमान्त प्रथम पद, 'आम्रेडिते' यो सप्तम्यन्त द्वितीय पद र 'असूयासम्मतिकोपकुत्सनेषु' यो समस्त सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ पूर्वसूत्रमा भैँ 'टेः' र ' प्लुतः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– असूया, ईर्ष्या, सम्मति, आदर, क्रोध तथा निन्दा अर्थमा आम्रेडित पर भएमा पूर्वको 'टि'को स्वरितत्वविशिष्ट प्लुत हुन्छ, हो।

अभिरूपक ३ अभिरूपक रिक्तं ते आभिरूप्यम्। अभिरूपक ३ अभिरूपक = यहाँ "वाक्यादेरामन्त्रित ०। ८। १। ८॥" ले 'अभिरूपक' को द्वित्व "तस्य परमाम्रेडितम्। ८। १। २॥" ले आम्रेडित संज्ञा, असूया अर्थमा "स्वरितमा०"ले ककारोत्तरवर्ती अकारको स्वरितत्वविशिष्ट प्लुत भएर उक्त रूप सिद्ध हुन्छ। **अभिरूपक ३ अभिरूपक शोभनोऽसि। अभिरूपक ३ अभिरूपक** = यहाँ "वाक्यादेरामन्त्रित ०। ८। १। ८॥" ले 'अभिरूपक' को द्वित्व "तस्य परमाम्रेडितम्। ८। १। २॥" ले आम्रेडित संज्ञा, सम्मति अर्थमा "स्वरितमा०" ले ककारोत्तरवर्ती अकारको स्वरितत्वविशिष्ट प्लुत भई उक्त रूप सिद्ध हुन्छ। **अविनीतिक ३ अविनीतिक इदानीं ज्ञास्यसि जाल्म। अविनीतिक ३ अविनीतिक** = यहाँ "वाक्यादेरामन्त्रित०। ८। १। ८॥" ले 'अविनीतिक' को द्वित्व "तस्य परमाम्रेडितम्। ८। १। २॥" ले आम्रेडित संज्ञा, कोप अर्थमा "स्वरितमा ०" ले ककारोत्तरवर्ती अकारको स्वरितत्वविशिष्ट प्लुत भएर उक्त रूप सिद्ध हुन्छ। **शाक्तीक ३ शाक्तीक रिक्ता ते शक्तिः। शाक्तीक ३ शाक्तीक** = यहाँ "वाक्यादेरामन्त्रित ०। ८। १। ८॥" ले 'शाक्तीक' को द्वित्व "तस्य परमाम्रेडितम्। ८। १। २॥" ले आम्रेडित संज्ञा निन्दा अर्थमा"स्वरितमा०"ले ककारोत्तरवर्ती

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अकारको स्वरितत्वविशिष्ट प्लुत भएर उक्त रूप सिद्ध हुन्छ ।

२४७ क्षियाशीःप्रैषेषु तिङाकाङ्क्षम् । ८ । २ । १०४ ॥ आकाङ्क्षस्य तिङन्तस्य टेः स्वरितः प्लुतः स्यादाचारभेदे । स्वयं ह रथेन यातिं ३ । उपाध्यायं पदातिं गमयति । प्रार्थनायाम् । पुत्रांश्च लप्सीष्ट ३ धनं च तात । व्यापारणे कटं कुरु३ ग्रामं गच्छ । आकाङ्क्षं किम् ? दीर्घायुरसि । अग्नीदग्नीन्विहर ॥

'क्षियाशीःप्रैषेषु' यो सप्तम्यन्त प्रथम पद र 'तिङाकाङ्क्षम्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्ववत् 'टेः' र ' प्लुतः' को तथा "स्वरितमाम्रेडितेऽसूयासम्मतिकोपकुत्सनेषु" बाट 'स्वरितम्'को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– क्षिया (आचारको उल्लङ्घन गर्नु), आशीः (विशेषप्रकारको प्रार्थना गर्नु) तथा प्रैष (प्रेरणा दिनु) अर्थमा साकाङ्क्ष तिङन्त पदको 'टि'को स्वरितत्वविशिष्ट प्लुत हुन्छ, हो ।

स्वयं हि रथेन यातिं ३ । उपाध्यायं पदातिं गमयति = यहाँ आचारभेद अर्थमा "क्षियाशीः प्रैष ०" ले (**यातिं ३)को** तकारोत्तरवर्ती इकारको स्वरितत्वविशिष्ट प्लुत हुन्छ ।

पुत्रांश्च लप्सीष्ट ३ धनं च तात = यहाँ प्रार्थना अर्थमा "क्षियाशीः प्रैष ०" ले **लप्सीष्ट ३ को** टकारोत्तरवर्ती अकारको स्वरितत्वविशिष्ट प्लुत हुन्छ । **कटं कुरु३ ग्रामं गच्छ** = यहाँ प्रेष्य अर्थमा क्षियाशीः प्रैष ०" ले कुरु को रकारोत्त– रवर्ती उकारको स्वरितत्वविशिष्ट प्लुत भएर उक्त रूप सिद्ध हुन्छ । साकाङ्क्ष तिङन्तको अभाव हुँदा दीर्घायुरसि । अग्नीदग्नीन्विहर । यहाँ उक्त सूत्रले स्वरितत्वविशिष्ट प्लुत हुँदैन ।

२४८ अनन्त्यस्यापि प्रश्नाख्यानयोः । ८ । २ । १०५ ॥ अनन्त्यस्याऽन्त्यस्यापि परस्य टेः स्वरितः प्लुत एतयोः । अगमः३ पूर्वा३ न् ग्रामा३ न् । सर्वपदानामयम् । आख्याने । अगम३ म् पूर्वा३न् ग्रामा३ न् ॥

'अनन्त्यस्य' यो समस्त षष्ठचन्त प्रथम पद, 'अपि' यो अव्यय द्वितीय पद र 'प्रश्नाख्यानयोः' यो षष्ठचन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ पूर्वसूत्रमा भैँ पूर्वोक्त सूत्रबाट 'टेः' र ' प्लुतः' को तथा 'स्वरितम्' अनुवृत्ति आएपछि सूत्रको अर्थ :– प्रश्न तथा आख्यान उत्तर/वस्तुस्थितिको वर्णनको बोधक वाक्यको अन्त्य पदको, तथा अनन्त्य पदको 'टि'को पनि स्वरितत्वविशिष्ट प्लुत हुन्छ, हो ।

अगमः ३ पूर्वा ३ न् ग्रामा ३ न् = यहाँ प्रश्नबोधक वाक्यको अन्त्य पदको टि (मकारोत्तरवर्ती आकार) को तथा अनन्त्य पदको टि(वकारोत्तरवर्ती आकार) को तथा मकारोत्तरवर्ती अकारको पनि "अनन्त्यस्यापि ०" ले स्वरितत्वविशिष्ट प्लुत हुन्छ । **अगम ३ म् पूर्वा ३ न् ग्रामा ३ न् =** यहाँ उत्तरबोधक वाक्यको अन्त्य तथा अनन्त्य पदका सबै 'टि'को स्वरितत्वविशिष्ट प्लुत हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२४९ प्लुतावैच इदुतौ । ८ । २ । १०६ ॥ दूराद्धूतादिषु प्लुतो विहितस्तत्रैव ऐचः प्लुतप्रसङ्गे तदवयवाविदुतौ प्लवेते । ऐ ३ तिकायन । औ ३ पगव । चतुर्मात्रावत्र ऐचौ सम्पद्येते ॥

'प्लुतौ' यो प्रथमान्त प्रथम पद, 'ऐचः' यो षष्ठचन्त द्वितीय पद र 'इदुतौ' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "दूराद्धूते च" बाट 'दूराद्धूते' को एवम् पूर्ववत् पूर्वोक्त सूत्रबाट 'टेः' र 'प्लुतः' को तथा 'स्वरितम्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– टाढाबाट बोलाउने आदि अर्थमा जहाँ 'ऐच्' को प्लुत हुने प्रसङ्ग आउँछ त्यहाँ 'ऐच्' को अवयव 'इ' तथा 'उ' को प्लुत हुन्छ, हो ।

ऐ ३ तिकायन = यहाँ "गुरोरनृतोऽनन्त्यस्याप्येकैकस्य प्राचाम् । ८ । २ । ८६ ॥" ले प्रथम गुरुवर्ण 'ऐ'को प्लुत प्राप्त भएपछि 'ऐ'को उच्चारणमा (अ तथा इ) दुईवटा वर्ण आउने हुँदा "प्लुतावैच इ ०"ले 'ऐ'को अवयव 'इ'को प्लुत भएर उक्त रूप सिद्ध हुन्छ । लेख्दा भने 'ऐ ३ तिकायन' नै लेखिन्छ ।

औ ३ पगव = यहाँ "गुरोरनृतोऽनन्त्यस्याप्येकैकस्य प्राचाम् । ८ । २ । ८६ ॥" ले प्रथम गुरुवर्ण 'औ'को प्लुत प्राप्त थियो 'औ'को उच्चारणमा (अ तथा उ) दुईवटा वर्ण आउने हुँदा"प्लुतावैच इ ०" ले 'औ' को अवयव 'उ' को प्लुत भएर यो रूप सिद्ध हुन्छ । लेख्दा भने 'औ ३ पगव' नै लेखिन्छ । लेख्दाखेरि ऐ ३ तिकायन तथा औ ३ पगव लेखिए तापनि ऐ (अ इ) तथा औ (अ उ) मा 'अ' को एकमात्रा तथा 'इ' र 'उ'को प्लुत हुँदा तिन मात्रा हुने हुँदा ऐ ३ तिकायन र औ ३ पगव मा चार मात्रा हुन्छन् ।

२५० एचोऽप्रगृह्यस्यादूराद्धूते पूर्वस्यार्धस्याऽऽदुत्तरस्येदुतौ । ८ । २ । १०७ ॥ अप्रगृह्यस्य एचोऽदूराद्धूते प्लुतविषये पूर्वस्यार्धस्याकारः प्लुतः स्यादुत्तरस्य त्वर्धस्य । इदुतौ स्तः ॥

'एचः' यो षष्ठचन्त प्रथम पद, 'अप्रगृह्यस्य' यो षष्ठचन्त द्वितीय पद, 'अदूराद्धूते' यो सप्तम्यन्त तृतीय पद, 'पूर्वस्य' यो षष्ठचन्त चतुर्थ पद, 'अर्धस्य' यो षष्ठचन्त पञ्चम पद, 'आत्' यो प्रथमान्त षष्ठ पद, 'उत्तरस्य' यो षष्ठचन्त सप्तम पद र 'इदुतौ' यो प्रथमान्त अष्टम पद गरी यस सूत्रमा आठ पद छन् । यहाँ पूर्वसूत्रमा झैं 'प्लुतः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– टाढाबाट बोलाउने अर्थलाई छोडेर अन्यविषयमा प्रगृह्यसंज्ञकदेखि भिन्न ए, ओ, ऐ, तथा औको यदि प्लुत गर्नु छ भने 'ए' र 'ऐ'लाई (अ/आ तथा 'इ' मा) एवम् 'ओ' र 'औ'लाई (अ/आ तथा 'उ'मा) विभाजन गरी पूर्वार्द्ध 'अ' या 'आ'को स्थानमा प्लुत हुन्छ । तथा उत्तरार्द्धमा 'इ' र 'उ' हुन्छन्, हो ।

प्रश्नान्ताभिपूजितविचार्यमाणप्रत्यभिवादयाज्यान्तेष्वेव (वा०) ॥ (वा०) प्रश्नान्ते ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अगमः ३ पूर्वा ३ न् ग्रामा३ न्। अग्निभूता ३ इ। अभिपूजिते। भद्रं करोषि पटा ३ उ। विचार्यमाणे। होतव्यं दीक्षितस्य गृहा ३ इ। न होतव्य ३ मिति। प्रत्यभिवादे। आयुष्मानेधि अग्निभूता ३ इ। याज्यान्ते। स्तोमैर्विधेमाग्नया ३ इ। परिगणनं किम्? विष्णुभूते घातयिष्यामि त्वाम्। अदूराद्धूत इति न वक्तव्यम्। पदान्तग्रहणं तु कर्तव्यम्। इह मा भूत्। भद्रं करोषि गौरिति। अप्रगृह्यस्य किम्? शोभने माले ॥

"एचोऽप्रगृह्या ०" सूत्रद्वारा प्रतिपादित नियम प्रश्नान्त तथा अभिपूजित अर्थमा "अनुदात्तं प्रश्नान्ताभिपूजितयोः। ८। २। १०० ॥" ले हुने प्लुतमा, विचार्यमाण अर्थमा "विचार्यमाणानाम्। ८। २। ९७ ॥" ले हुने प्लुतमा, प्रत्यभिवादन अर्थमा "प्रत्यभिवादेऽशूद्रे। ८। २। ८३ ॥" ले हुने प्लुतमा तथा याज्यान्तमा "याज्यान्तः। ८। २। ९० ॥" ले हुने प्लुतमा मात्र लागू हुन्छ।

प्रश्नान्तमा = **अगमः ३ पूर्वा ३ न् ग्रामा३ न्। अग्निभूता ३ इ।** अभिपूजितमा = **भद्रं करोषि पटा ३ उ।** विचार्यमाणमा = **होतव्यं दीक्षितस्य गृहा ३ इ। न होतव्य ३ मिति।** प्रत्यभिवादनमा = **आयुष्मानेधि अग्निभूता ३ इ।** याज्यान्तमा = **स्तोमैर्विधेमाग्नया ३ इ।** यीबाहेक अन्यत्र यो नियम लागू हुँदैन। परिगणना गरिएका सूत्रमा "दूराद्धूते च"को अनुवृत्ति नआउने हुँदा यस सूत्रमा 'अदूराद्धूते' पदको आवश्यकता छैन। पदान्त 'ऐच्'को उपर्युक्त कार्य होस् भन्नका लागि सूत्रमा पदान्त पदको आवश्यकता छ। भद्रं करोषि गौ ३ = यहाँ गकारोत्तरवर्ती 'औ' पदान्तमा नरहेको हुँदा उपर्युक्त कार्य भएन। किनकि यहाँ पदान्तमा विसर्ग छ। प्रगृह्यसंज्ञकदेखि भिन्न 'ऐच्'को उपर्युक्त कार्य हुन्छ भनिएको हुँदा **'शोभने माले'** यहाँ मकारोत्तरवर्ती 'ए'को उपर्युक्त कार्य भएन। किनकि मकारोत्तरवर्ती 'ए'को "ईदुदेद्विवचनं प्रगृह्यम्। १। १। ११ ॥" ले प्रगृह्य संज्ञा भएको छ। यहाँ प्रश्नान्तमा 'अग्निभूते'को टि (तकारोत्तरवर्ती 'ए')को "अनुदात्तं प्रश्ना ०" ले प्लुत हुँदैछ तसर्थ "एचोऽप्रगृह्य ०" ले 'ए' लाई दुई भाग (अ/आ)मा विभाजन गरी पूर्वार्द्ध (अ/आ)को प्लुत तथा उत्तरार्द्धमा 'इ' गरेर अग्निभूत ३ इ अथवा अग्निभूता इ। अन्यत्र पनि यस्तै बुझ्नुपर्छ।

आमन्त्रिते छन्दसि प्लुतविकारोऽयं वक्तव्यः (वा०) ॥ अग्ना ३ पत्नी वः ॥

उपर्युक्त प्लुतको विकार (एच्लाई दुईभागमा विभाजन) को कार्य सम्बोधनको एकवचनमा मात्र हुन्छ। **अग्ना ३ पत्नी वः** = यहाँ 'अग्ने'को "सामन्त्रितम्" ले आमन्त्रित संज्ञा "एचोऽप्रगृह्य ०" ले आ र 'इ'मा विभाजन तथा प्लुत भएर उक्त रूप सिद्ध हुन्छ।

२५१ तयोर्य्वावचि संहितायाम्। ८। २। १०८ ॥ इदुतोर्यकारवकारौ स्तोऽचि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संहितायाम् । अग्ना ३ याशा । पटा ३ वाशा । अग्ना ३ यिन्द्रम् । पटा ३ वुदकम् । अचि किम् ? अग्ना ३ इ वरुणी । संहितायां किम् ? अग्ना ३ इ इन्द्रः । संहितायामित्याध्यायसमाप्तेरधिकारः । इदुतोरसिद्धत्वादयमारम्भः । सवर्णदीर्घत्वस्य शाकल्यस्य च निवृत्त्यर्थः । यवयोरसिद्धत्वादुदात्तस्वरितयोर्यणः स्वरितोऽनुदात्तस्येत्यस्य बाधनार्थो वा ॥

'तयोः' यो षष्ठचन्त प्रथम पद, 'य्वौ' यो प्रथमान्त द्वितीय पद, 'अचि' यो सप्तम्यन्त तृतीय पद र 'संहितायाम्' यो पनि सप्तम्यन्त चतुर्थ पद गरी यस सूत्रमा चार पद छन् । यहाँ सूत्रको अर्थ :– संहिताको विषयमा पूर्वसूत्रले प्लुत विकार भएको 'इ'को स्थानमा 'य्' तथा 'उ'को स्थानमा 'व्'आदेश हुन्छ, अच् पर भएमा भन्ने हो ।

अग्ना ३ याशा = अग्ने आशा यहाँ एकारको प्लुत हुँदा आ र इ भएपछि 'अग्ना इ आशा' यस स्थितिमा "अनुदात्तं प्रश्नान्ता ०"ले प्लुत र "तयोर्य्वावचि ०" ले 'इ'को स्थानमा 'य्'आदेश भएर उक्त रूप सिद्ध हुन्छ ।

पटा ३ वाशा = पटा ३ उ आशा, यहाँ "तयोर्य्वावचि ०"ले 'उ'को 'व्' आदेश भएर उक्त रूप सिद्ध हुन्छ । **अग्ना ३ यिन्द्रम्** = अग्ने इन्द्रम् (अग्ना ३ इ इन्द्रम्) यहाँ "तयोर्य्वावचि ०"ले 'इ'को 'य्'हुन्छ । पटा ३ वुदकम् = पटो ३ उदकम् (पटा ३ उ उदकम्) यहाँ "तयोर्य्वावचि ०" ले 'उ'को 'व्' हुन्छ । पटा ३ वुदकम् । अच् पर नभएले 'अग्ना ३ इ वरुणौ' मा उपर्युक्त कार्य हुँदैन । संहिताको विषय नभएकाले 'अग्ना ३ इ इन्द्रः'यहाँ उपर्युक्त कार्य हुँदैन । संहिताको अधिकार अष्टम अध्याय समाप्तिसम्म चल्छ । अग्ना ३ इ आशा तथा पटा ३ उ आशा इत्यादि स्थलमा "इको यणचि । ६ । १ । ७७ ॥" ले 'यण्' भएर अग्ना ३ याशा, पटा ३ वाशा इत्यादि रूप सिद्ध हुन सक्ने स्थिति छँदाछँदै यस सूत्रको आवश्यकता किन पऱ्यो ? भन्ने प्रश्नको उत्तर मा पूर्वत्रासिद्धम् । ८ । २ । १ ॥" अधिकार सूत्रको अनुसार "इको यणचि"को दृष्टिमा "एचोऽप्रगृह्या ० ८ । २ । १०७ ॥" द्वारा विहित 'इत्' तथा 'उत्' असिद्ध हुन्छन् र 'यण्' हुन सक्तैन, तसर्थ यस सूत्रको आवश्यकता परेको हो भनिन्छ । अग्ना ३ इ आशा पटा ३ उ आशा आदि स्थलमा 'यण्'द्वारा रूप सिद्ध भए तापनि अग्ना ३ इ इन्द्रम् पटा ३ उ उदकम् इत्यादि स्थलमा "इको यणचि" लाई बाँधेर "अकः सवर्णे दीर्घः । ६ । १ । १०७ ॥" ले दीर्घ भएर अग्ना ३ ईन्द्रम् ,पटा२ ऊदकम् यस्ता रूप नबनून् तथा अग्ना ३ इ आशामा पनि 'यण्'लाई निषेध गरेर "इकोऽसवर्णे शाकल्यस्य ह्रस्वश्च । ६ । १ । १२७ ॥" ले प्रकृतिभाव नहोस् भन्नका लागि पनि यस सूत्रको आवश्यकता छ । अथवा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अग्ना ३ याशा मा यकारोत्तरवर्ती आकारको स्वरित स्वर नहोस् भन्नका लागि पनि यस सूत्रको आवश्यकता छ। किनकि अग्ना ३ इ आशा मा "इको यणचि" ले 'यण्' गरेर अग्ना ३ याशा रूप सिद्ध गर्ने हो भने "उदात्तस्वरितयोर्यणः स्वरितोऽनुदात्तस्य। ८। २। ४॥" ले यकारोत्तरवर्ती अकारको स्वरित प्राप्त हुन्छ। त्यसलाई रोक्नका लागि "तयोर्य्वावचि ०" सूत्रको आवश्यकता छ। किनभने अग्ना ३ इ आशा यहाँ "तयोर्य्वावचि ०" ले 'इ'को स्थानमा 'य्' गर्ने हो भने "पूर्वत्रासिद्धम्"को अनुसार "उदात्तस्वरितयो ०" को दृष्टिमा "तयोर्य्वावचि" ले गरेको 'य्' असिद्ध हुन्छ, र स्वरित हुँदैन।

२५२ मतुवसो रु संबुद्धौ छन्दसि। ८। ३। १॥ 'रु' इत्यविभक्तिको निर्देशः। मत्वन्तस्य वस्वन्तस्य च रुः स्यात्। अलोऽन्त्यस्येति परिभाषया नकारस्य। इन्द्र मरुत्व इह पाहि सोमम्। हरिवो मेदिनं त्वा। 'छन्दसीरः' इति वत्वम्॥

'मतुवसोः' यो षष्ठचन्त प्रथम पद, 'रु' यो अविभक्तिक द्वितीय पद, 'संबुद्धौ' यो सप्तम्यन्त तृतीय पद र 'छन्दसि' यो सप्तम्यन्त चतुर्थ पद गरी यस सूत्रमा चार पद छन्। यहाँ सूत्रको अर्थ :– वैदिक संस्कृतमा सम्बोधन पर भएमा मतुप् तथा क्वसु प्रत्ययान्त शब्दको अन्तिम वर्णको स्थानमा 'रु' आदेश हुन्छ, हो। सूत्रमा पठित 'रु' विभक्तिविनाको हो। विसर्गको अभावमा अविभक्तिक निर्देश मानिएको हो, सौत्रत्वात् प्रथमाको लुक् पनि हुनसक्छ।

इन्द्र मरुत्व इह पाहि सोमम्। <u>**मरुत्व इह**</u> = मरुतो यस्य सन्ति, यस विग्रहमा 'मरुत्' शब्ददेखि "तदस्यास्त्यस्मिन्निति मतुप्" ले 'मतुप्' प्रत्यय अनुबन्धलोप, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक् "झयः। ८। २। १०॥" ले 'म्'को स्थानमा 'व्'आदेश "तसौ मत्वर्थे। १। ४। १९॥" ले 'भ' संज्ञा हुनाले जश्त्वको अभावद्वारा बनेको 'मरुत्वत्'शब्ददेखि सम्बोधनको एकवचन 'सु'विभक्ति "उगिदचां सर्वनामस्थाने चाधातोः" ले 'नुम्' "हल्ङ्याब्भ्यो ०" ले 'सु'को लोप "संयोगान्तस्य०" ले 'त्'को लोपपछि 'मरुत्वन्' बन्छ। त्यसपछि "मतुवसो रु०" ले 'न्'को रुत्व "भोभगोअघोअपूर्वस्य योऽशि"ले 'र्'को 'य्' तथा "लोपः शाकल्यस्य"ले 'य्'को विकल्पले लोप भएर 'मरुत्व इह' सिद्ध हुन्छ।

हरिवो मेदिनं त्वा। <u>**हरिवः**</u> = हरयो विद्यन्ते यस्य, यस विग्रहमा "तदस्यास्त्यस्मिन् ०" ले 'मतुप्' अनुबन्धलोप, तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक् "छन्दसीरः" ले 'म्'को स्थानमा 'व्'भएर बनेको 'हरिवत्'शब्ददेखि सम्बोधनको एकवचन 'सु'विभक्ति "उगिदचां सर्वनामस्थाने चाधातोः" ले 'नुम्' "हल्ङ्याब्भ्यो ०" ले 'सु'को लोप "संयोगान्तस्य०" ले 'त्'को लोपपछि 'हरिवन्' बन्छ। त्यसपछि "मतुवसो रु ०" ले 'न्'को रुत्व "हशि च" ले उत्व "आद् गुणः" ले गुण भएर 'हरिवः' रूप

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिद्ध हुन्छ ।

२५३ दाश्वान्साह्वान्मीढ्वांश्च । ६ । १ । १२ ॥ एते क्वस्वन्ता निपात्यन्ते । मीढ्वस्तोकाय तनयाय ॥

'दाश्वान्' यो प्रथमान्त प्रथम पद, 'साह्वान्' यो प्रथमान्त द्वितीय पद, 'मीढ्वान्' यो प्रथमान्त तृतीय पद र 'च' यो अव्यय चतुर्थ पद गरी यस सूत्रमा चार पद छन् । यहाँ सूत्रको अर्थ :– लौकिक तथा वैदिक संस्कृतमा दाश्वान्, साह्वान् तथा मीढ्वान् शब्दको निपातनद्वारा सिद्धि हुन्छ, हो ।

मीढ्वस्तोकाय तनयाय= मिह् (मिह सेचने, भ्वादि) धातुदेखि लिट् 'ल्'को स्थानमा "क्वसुश्च । ३ । २ । १०७ ॥"ले 'क्वसु'प्रत्यय अनुबन्धलोप निपातनद्वारा द्वित्वको अभाव तथा 'ह्' को 'ढ्' उपधादीर्घ भएर बनेको 'मीढ्वस्' शब्ददेखि सम्बोधनको एकवचन 'सु' विभक्ति, निपातनद्वारा उपधादीर्घको अभाव भएपछि "उगिदचां ०" ले 'नुम्' 'स्' को लोप र संयोगान्तलोप भएर 'मीढ्वन्' बन्छ । त्यसपछि "मतुवसो ०" ले 'न्' को 'रु' अनुबन्धलोप "खरवसानयोर्विसर्जनीयः । ८ । ३ । १५ ॥" ले विसर्ग तथा "विसर्जनीयस्य सः । ८ । ३ । ३४ ॥" ले विसर्गको 'स्' भएर 'मीढ्वस्तोकाय' उक्त रूप सिद्ध हुन्छ ।

वन उपसंख्यानम् (वा०) ॥ क्वनिब्वनिपोः सामान्यग्रहणम् । अनुबन्धपरिभाषा तु नोपतिष्ठते । अनुबन्धस्येहानिर्देशात् । यस्त्वायन्तं वसुना प्रातरित्वः । इणः क्वनिप् ॥

'वन्'प्रत्ययान्त शब्द पनि निपातनद्वारा सिद्ध हुन्छन् । वार्तिकमा प्रयुक्त 'वन्' बाट 'क्वनिप्' तथा 'वनिप्' प्रत्ययको ग्रहण हुन्छ । कुनै अनुबन्ध नलागेको हुनाले "तदनुबन्धकग्रहणे नातदनुबन्धकस्य" परिभाषाको यहाँ प्रवृत्ति हुँदैन ।

यस्त्वायन्तं वसुना प्रातरित्वः । प्रातरित्वः = प्रातः एति, यस विग्रहमा 'इण्' धातुदेखि "अन्येभ्योऽपि दृश्यन्ते । ३ । २ । ७५ ॥" ले 'क्वनिप्' अनुबन्धलोप "ह्रस्वस्य पिति कृति तुक् । ६ । १ । ७१ ॥" ले 'तुक्' अनुबन्धलोप कित्त्वात् गुणको अभाव 'प्रातः इत्वन्' यहाँ "वन उपसंख्यानम्" द्वारा निपातनले 'न्' को रुत्व, विसर्ग भएर 'प्रातरित्वः' रूप सिद्ध हुन्छ ।

२५४ उभयथर्क्षु । ८ । ३ । ८ ॥ अम्परे छवि नकारस्य रुर्वा । पशूंस्तांश्चक्रे ॥

'उभयथा' यो अव्यय प्रथम पद र 'ऋक्षु' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "पुमः खय्यम्परे" बाट 'अम्परे' को, "नश्छव्यप्रशान्" बाट 'नः' को र 'छवि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'अम्' परक 'छव्' पर भएमा 'न्'को रु विकल्पले हुन्छ, हो ।

पशून्ताँश्चक्रे = पशून् तान् चक्रे, यहाँ "नश्छव्यप्रशान् । ८ । ३ । ७ ।" ले 'न्'को स्थानमा नित्य रुत्व प्राप्त थियो त्यसलाई बाँधेर "उभयथर्क्षु ०" ले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'न्'को विकल्पले रुत्व हुने हुँदा 'पशून्' को 'न्' को रुत्व भएन । 'तान्'को 'न्' को विकल्पले रुत्व, अनुबन्धलोप "अत्रानुनासिकः पूर्वस्य तु वा । ८ । ३ । २ ॥" ले 'रु'देखि पूर्ववर्ती वर्णको विकल्पले अनुनासिक भएर 'पशून्ताँश्चक्रे'रूप सिद्ध हुन्छ। अनुनासिक नभएको पक्षमा "अनुनासिकात् परोऽनुस्वारः । ८ । ३ । ४ ॥" ले 'रु' देखि पूर्ववर्ती वर्णको अनुस्वार "खरवसानयोर्विसर्जनीयः । ८ । ३ । ५५ ॥" ले 'र्'को विसर्ग, "विसर्जनीयस्य सः । ८ । ३ । ३४ ॥" ले विसर्गको 'स्' "स्तोः श्चुना श्चुः । ८ । ४ । ४० ॥"ले 'स्'को 'श्' भएर 'पशून्तांश्चक्रे' रूप सिद्ध हुन्छ।

२५५ दीर्घादटि समानपदे । ८ । ३ । ९ ॥ दीर्घान्निकारस्य रुर्वा स्यादटि, तौ चेन्नाटौ एकपादस्थौ स्याताम् । देवाँ अच्छा सुमती । महाँ इन्द्रो य ओजसा । उभयथेत्यनुवृत्तेर्नेह । आदित्यान्याचिषामहे ॥

'दीर्घात्' यो पञ्चम्यन्त प्रथम पद, 'अटि' यो सप्तम्यन्त द्वितीय पद र 'समानपदे' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "मतुवसो रु संबुद्धौ छन्दसि" बाट 'रु' को र "नश्छव्यप्रशान्" बाट 'छवि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– दीर्घदेखि पर रहेको पदान्त 'न्' को स्थानमा विकल्पले 'रु' आदेश हुन्छ, 'अट्' पर भएमा, यदि नकार र 'अट्' एकै पदमा छन् भने, भन्ने हो। **देवाँ अच्छा सुमती । देवाँ अच्छा** = देवान् अच्छा यहाँ "दीर्घादटि ०" ले 'न्' को विकल्पले रुत्व "आतोऽटि नित्यम् । ८ । ३ । ३ ॥" ले 'रु'देखि पूर्ववर्ती 'आ' को नित्य अनुनासिक "भोभगोअघोअपूर्वस्य योऽशि । ८ । ३ । १७ ॥" ले 'र्' को 'य्' "लोपः शाकल्यस्य" ले 'य्' को लोप भएर उक्त रूप सिद्ध हुन्छ ।

महाँ इन्द्रो य ओजसा = महान् इन्द्रः, यहाँ "दीर्घादटि ०" ले 'न्'को विकल्पले रुत्व "अत्रानुनासिकः पूर्वस्य तु वा । ८ । ३ । २ ॥" द्वारा विकल्पले प्राप्त अनुनासिकलाई बाँधेर "आतोऽटि ०" ले 'रु' देखि पूर्ववर्ती 'आ' को नित्य अनुनासिक "भोभगो अघो०"ले 'र्' को 'य्' "लोपः शाकल्यस्य"ले 'य्' को लोप भएर 'महाँ इन्द्रः' रूप सिद्ध हुन्छ। "उभयथर्क्षु" सूत्रबाट उभयथाको अनुवृत्ति आएको हुँदा कहीं 'न्' को रुत्व हुँदैन । जस्तै – **आदित्यान् याचिषामहे** । यहाँ 'न्' को रुत्व भएन ।

२५६ आतोऽटि नित्यम् । ८ । ३ । ३ ॥ अटि परतो रोः पूर्वस्यातः स्थाने नित्यमनुनासिकः । महाँ इन्द्रः । तैत्तिरीयास्तु अनुस्वारमधीयते । तत्र छान्दसो व्यत्यय इति प्राञ्चः । एवं च सूत्रस्य फलं चिन्त्यम् ॥

'आतः' यो षष्ठ्यन्त प्रथम पद, 'अटि' यो सप्तम्यन्त द्वितीय पद र 'नित्यम्' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "अत्रानुनासिकः पूर्वस्य तु वा" बाट 'अनुनासिकः' को र 'पूर्वस्य' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– अट् प्रत्यहार पर भएमा 'रु'देखि पूर्ववर्ती 'आ'को स्थानमा सधैँ अनुनासिक हुन्छ, हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महाँ इन्द्रः । पूर्ववत् । कृष्ण यजुर्वेदको तैत्तिरीय शाखाध्यायीले यस्ता ठाउँमा अनुनासिक नपढेर अनुस्वार नै पढ्छन् । प्राचीन वैयाकरणहरूले अनुस्वारयुक्त पाठलाई वैदिक व्यत्यय स्विकारेका छन् । यदि वैदिक व्यत्ययलाई स्वीकार गर्ने हो भने यस सूत्रको आवश्यकता रहँदैन ।

२५७ स्वतवान्पायौ । ८ । ३ । ११ ॥ रुर्वा । भुवस्तस्य स्वतवाँः पायुरग्ने ॥

'स्वतवान्' यो प्रथमान्त प्रथम पद र 'पायौ' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "नश्छव्यप्रशान्" बाट 'नः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– 'पायु' शब्द पर भएमा 'स्वतवान्' शब्दको 'न्'को स्थानमा रुत्व विकल्पले हुन्छ, हो ।

भुवस्तस्य स्वतवाँः पायुरग्ने । <u>स्वतवाँः पायुः</u> = तु (तु सौत्रः) धातुदेखि 'असुन्' प्रत्यय र गुण भएर बनेको 'तवस्' शब्दको 'स्व' शब्दसँग बहुव्रीहि समास 'सुप्' लुक् र स्वादिकार्य भई निष्पन्न 'स्वतवान्' शब्ददेखि 'पायु' शब्द पर भएमा "स्वतवान् ०" ले 'न्' को विकल्पले रुत्व "आतोऽटि०"ले 'रु'देखि पूर्ववर्ती 'आ' को अनुनासिक "खरवसानयोर्विसर्जनीयः । ८ । ३ । १५ ॥"ले 'र्'को विसर्गद्वारा उक्त रूप सिद्ध हुन्छ ।

२५८ छन्दसि वाऽप्राम्रेडितयोः । ८ । ३ । ४९ ॥ विसर्गस्य सो वा स्यात् कुप्वोः, प्रशब्दमाम्रेडितं च वर्जयित्वा । अग्ने त्रातर्ऋतस्कविः । गिरिर्न विश्वतस्पृथुः । नेह । वसुनः । पूर्व्यस्पतिः । अप्रेत्यादि किम् ? अग्निः प्र विद्वान् । पुरुषः पुरुषः ॥

'छन्दसि' यो सप्तम्यन्त प्रथम पद, 'वा' यो अव्यय द्वितीय पद र 'अप्राम्रेडितयोः' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "विसर्जनीयस्य सः" का सम्पूर्ण पदको तथा "कुप्वोः ≍ कः ≍ पौ च" बाट 'कुप्वोः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा विसर्गको स्थानमा 'स्'विकल्पले हुन्छ, कवर्ग र पवर्ग पर भएमा । प्र एवम् आम्रेडितसंज्ञक शब्दलाई छोडेर भन्ने हो ।

अग्ने त्रातर्ऋतस्कविः = ऋतः कविः, यहाँ "छन्दसि वाऽप्रा ०" ले विसर्गको स्थानमा विकल्पले 'स्' भएर उक्त रूप सिद्ध हुन्छ । **गिरिर्न विश्वतस्पृथुः =** विश्वतः पृथुः,मा पूर्ववत् कार्य हुन्छन् । विकल्पले हुने हुँदा **वसुनः पूव्यस्पति** = यहाँ विसर्गको 'स्' भएन । प्र तथा आम्रेडितसंज्ञक शब्द पर भएमा हुँदैन भनिएकाले **अग्निः प्र विद्वान् =** यहाँ 'प्र'शब्द पर रहेको हुनाले तथा **पुरुषः पुरुषः** = यो रूप वीप्सामा द्वित्व भएर बनेको हुँदा आम्रेडितसंज्ञक 'पुरुष'शब्द पर रहेको हुनाले पूर्वको विसर्गको 'स्' भएन ।

२५९ कःकरत्करतिकृधिकृतेष्वनदितेः । ८ । ३ । ५० ॥ विसर्गस्य सः स्यात् । प्र दिवो अपस्कः । यथा नो वस्यसस्करत् । सुपेशसस्करति । उरुणस्कृधि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सोमं न चारुं मघवत्सु नस्कृतम्। अनदितेरिति किम्? यथा नो अदितिः करत्॥ 'कःकरत्करतिकृधिकृतेषु' यो समस्त सप्तम्यन्त प्रथम पद र 'अनदितेः' यो षष्ठचन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "विसर्जनीयस्य सः" का सम्पूर्ण पदको अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा कः, करत्, करति, कृधि तथा कृत शब्द पर भएमा अदितिदेखि पर नरहेको विसर्गको 'स्' हुन्छ, हो। **प्र दिवो अपस्कः**। **अपस्कः** = अपः कः, यहाँ "कःकरत्करति ०" ले विसर्गको 'स्' भएर उक्त रूप सिद्ध हुन्छ। **वयस्यः करत्** = पूर्ववत्। **सुपेशः करति** = पूर्ववत्। **उरुणः कृधि** = पूर्ववत्। **नः कृतम्** = पूर्ववत्। अदितिः करत् = यहाँ विसर्ग 'अदिति'शब्ददेखि पर रहेको हुँदा 'स्' भएन।

२६० पञ्चम्याः परावध्यर्थे। ८। ३। ५१॥ पञ्चमीविसर्गस्य सः स्यादुपरिभवार्थे परिशब्दे परतः। दिवस्परि प्रथमं जज्ञे। अध्यर्थे किम्? दिवस्पृथिव्याः पर्योजः॥ 'पञ्चम्याः' यो षष्ठचन्त प्रथम पद, 'परौ' यो सप्तम्यन्त द्वितीय पद र 'अध्यर्थे' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "विसर्जनीयस्य सः" का सम्पूर्ण पदको अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा उपरि भवार्थक 'परि'शब्द पर भएमा पञ्चमी विभक्तिको विसर्गको स्थानमा 'स्' हुन्छ, हो। **दिवस्परि** = दिवः परि , यहाँ "पञ्चम्याः परा ०" ले विसर्गको स्थानमा 'स्' भएर उक्त रूप सिद्ध हुन्छ। **पृथिव्याः पर्योजः** = यहाँ 'परि'शब्द पर भए तापनि परि को अर्थ उपरिभवार्थक नभएको हुँदा विसर्गको 'स्' भएन।

२६१ पातौ च बहुलम्। ८। ३। ५२॥ पञ्चम्या इत्येव। सूर्यो नो दिवस्पातु॥ 'पातौ' यो सप्तम्यन्त प्रथम पद, 'च' यो अव्यय द्वितीय पद र 'बहुलम्' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "विसर्जनीयस्य सः" का सम्पूर्ण पदको र "पञ्चम्याः परावध्यर्थे" बाट 'पञ्चम्याः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा 'पातु'शब्द पर भएमा पञ्चमीको विसर्गको स्थानमा बहुलतया 'स्' हुन्छ, हो। **दिवस्पातु** = दिवः पातु यहाँ "पातौ च ब ०" ले विसर्गको 'स्' भएर उक्त रूप सिद्ध हुन्छ।

२६२ षष्ठ्याः पतिपुत्रपृष्ठपारपदपयस्पोषेषु। ८। ३। ५३॥ वाचस्पतिं विश्वकर्माणम्। दिवस्पुत्राय सूर्याय। दिवस्पृष्टं भन्दमानः। तमसस्पारमस्य। परिवीत इलस्पदे। दिवस्पयो दिधिषाणाः। रायस्पोषं यजमानेषु॥

'षष्ठ्याः' यो षष्ठचन्त प्रथम पद र 'पतिपुत्रपृष्ठपारपदपयस्पोषेषु' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "विसर्जनीयस्य सः" का सम्पूर्ण पदको अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा पति, पुत्र, पृष्ठ, पार, पद, पयस्, तथा पोष शब्द पर भएमा षष्ठीको विसर्गको स्थानमा 'स्' हुन्छ,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो। **वाचस्पतिम्** = वाचः पतिम्, यहाँ "षष्ठ्याः पति ०" ले विसर्गको 'स्' भएर उक्त रूप सिद्ध हुन्छ।

दिवस्पुत्राय = दिवः पुत्राय पूर्ववत्। **दिवस्पृष्टम्** = दिवः पृष्टम्, पूर्ववत्। **तमसस्पारमस्य** = तमसः पारम्, पूर्ववत्। **इलस्पदे** = इलः पदे, पूर्ववत्। **दिवस्पयः** = दिवः पयः, पूर्ववत्। **रायस्पोषम्** = रायः पोषम्, पूर्ववत्।

२६३ इडाया वा। ८। ३। ५४॥ पतिपुत्रादिषु परेषु। इलायास्पुत्रः। इलायाः पुत्रः। इलायास्पदे। इलायाः पदे॥

'इडायाः' यो षष्ठ्यन्त प्रथम पद र 'वा' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "विसर्जनीयस्य सः" का सम्पूर्ण पदको तथा "षष्ठ्याः पतिपुत्रपृष्ठपारपदपयस्पोषेषु" का सम्पूर्ण पदको अनुवृत्ति आएपछि पदसंयोजनबाट सूत्रको अर्थ :– वैदिक संस्कृतमा पति, पुत्र, पृष्ठ, पार, पद, पयस्, तथा पोष शब्द पर भएमा इला शब्ददेखि विहित षष्ठी विभक्तिको विसर्गको स्थानमा 'स्' विकल्पले हुन्छ, हो। **इलायास्पुत्रः** = इलायाः पुत्रः, यहाँ "इडाया वा"ले विसर्गको विकल्पले 'स्' भएर उक्त रूप सिद्ध हुन्छ। **इलायास्पदे** = इलायाः पदे, यहाँ "इडाया वा"ले विसर्गको विकल्पले 'स्' हुन्छ।

२६४ निसस्तपतावनासेवने ८। ३। १०२॥ निसः सकारस्य मूर्धन्यः स्यात्। निष्टप्तं रक्षो निष्टप्ता अरातयः। अनासेवने किम्? निस्तपति। पुनः पुनस्तपतीत्यर्थः॥

'निसः' यो षष्ठ्यन्त प्रथम पद, 'तपतौ' यो सप्तम्यन्त द्वितीय पद र 'अनासेवने' यो सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "अपदान्तस्य मूर्द्धन्यः" बाट 'मूर्द्धन्यः' को र "सहेः साडः सः" बाट 'सः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– अनासेवन (बारम्बार नहुने) अर्थमा निस्को 'स्'को 'ष्' हुन्छ। 'तपति'शब्द पर भएमा भन्ने हो।

निष्टप्तम् = निस् तप्तम्, यहाँ "निसस्तप ०" ले 'स्'को 'ष्' "ष्टुना ष्टुः"ले ष्टुत्व भएर उक्त रूप सिद्ध हुन्छ। बारम्बार हुने अर्थमा 'स्'को 'ष्' हुँदैन। जस्तै – **निस्तपति**। यहाँ निस्को 'स्'को 'ष्' हुँदैन।

२६५ युष्मत्तत्तक्षुष्वन्तः पादम्। ८। ३। १०३॥ पादमध्यस्थस्य सस्य मूर्धन्यः स्यात्तकारादिषु परेषु। युष्मदादेशाः त्वं त्वा ते तवाः। त्रिभिष्ट्वं देव सवितः। ते भिष्ट्वा। आभिष्टे। अप्स्वग्ने सधिष्टव। अग्निष्टद्विश्वम्। द्यावा पृथिवी निष्टतक्षुः। अन्तःपादं किम्? तदग्निस्तदर्यमा। यन्म आत्मनो मिन्दाभूदग्निस्तत्पुनराहार्जातवेदा विचर्षणिः। अत्राग्निरिति पूर्वपादस्यान्तो न तु मध्यः॥

'युष्मत्तत्तक्षुषु' यो सप्तम्यन्त प्रथम पद र 'अन्तःपादम्' यो प्रतमान्त द्वितीय पद

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्ववत् 'मूर्द्धन्यः' को र 'सः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– युष्मद् शब्दको स्थानमा भएका तकारादि आदेश (त्व, त्वा, ते तथा तव,) एवम् तकारादि तत् र ततक्षुस् शब्द पर भएमा ऋग्वेदका मन्त्रको पादको बिचमा रहेको 'स्'को 'ष्' हुन्छ, हो ।

त्रिभिष्ट्वम् = त्रिभिस् + त्वम् यहाँ "युष्मत्तत्तक्षु ०" ले 'स्'को 'ष्' "ष्टुना ष्टुः" ले ष्टुत्व भएर उक्त रूप सिद्ध हुन्छ । **तेभिष्ट्वा** = तेभिस् + त्वा, मा, **आभिष्टे** = आभिस् + ते, मा, पूर्ववत् कार्य हुन्छन् ।

सधिष्टव = सधिस् + तव, मा, **अग्निष्ट्वद्** = अग्निस् +त्वद्, मा, **निष्टतक्षुः** = निस् + ततक्षुः, मा, पूर्ववत् कार्य हुन्छन् । यदि 'स्' पादको बिचमा छैन भने 'ष्' हुँदैन । जस्तै – **तदग्निस्तदर्यमा । यन्म आत्मनो मिन्दाभूदग्निस्तत्पुनराहार्जातवेदा ।** इत्यादि स्थलमा 'स्'को 'ष्' भएन किनकि यहाँ 'अग्नि'पद प्रथम चरणको अन्तमा छ बिचमा छैन ।

२६६ यजुष्येकेषाम् । ८ । ३ । १०४ ॥ युष्मत्तत्ततक्षुषु परतः सस्य मूर्धन्यो वा । अर्चिभिष्ट्वम् । अग्निष्टे अग्रम् । अर्चिभिष्टतक्षुः । पक्षे अर्चिभिस्त्वमित्यादि ॥

'यजुषि' यो सप्तम्यन्त प्रथम पद र 'एकेषाम्' यो षष्ठचन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'मूर्द्धन्यः' को र 'सः' को तथा "युष्मत्तत्तक्षुष्वन्तः पादम्" बाट 'युष्मत्तत्तक्षुषु' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– कुनै आचार्यको मतमा यजुर्वेदमा पनि 'युष्मद्'शब्दका तकारादिरूप, तत् एवम् ततक्षुस् शब्द पर भएमा 'स्'को विकल्पले 'ष्' हुन्छ, हो । **अर्चिभिष्ट्वम्** = अर्चिभिस् + त्वम्, यहाँ "यजुष्येके ०" ले 'स्'को 'ष्' 'ष्टुना ष्टुः' ले ष्टुत्व भएर उक्त रूप सिद्ध हुन्छ । **अग्निष्टे** = अग्निस् + ते, मा, **अर्चिभिष्टतक्षुः** = अर्चिभिस् + ततक्षुः, मा, पूर्ववत् कार्य हुन्छन् । पक्षमा अर्चिभिस्त्वम् पनि हुन्छ ।

२६७ स्तुतस्तोमयोश्छन्दसि । ८ । ३ । १०५ ॥ नृभिष्टुतस्य । नृभिः स्तुतस्य । गोष्टोमम् गोस्तोमम् । पूर्वपदादित्येव सिद्धे प्रपञ्चार्थमिदम् ॥

'स्तुतस्तोमयोः' यो सप्तम्यन्त प्रथम पद र 'छन्दसि' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'मूर्द्धन्यः' को र 'सः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा कुनै आचार्यको मतमा स्तुत र स्तोम शब्द पर भएमा 'स्'को 'ष्' हुन्छ, हो ।

नृभिष्टुतस्य = नृभिस् + स्तुतस्य यहाँ "स्तुतस्तोम०" ले 'स्'को विकल्पले 'ष्' ष्टुत्व तथा 'स्तुतस्य'को आदिमा रहेको 'स्'को "झलो झलि । ८ । २ । २६ ॥" ले लोप भएर उक्त रूप सिद्ध हुन्छ । पक्षमा 'नृभिः स्तुतस्य' हुन्छ । **गोष्टोमम्** = गोस् + स्तोमम्, यहाँ "स्तुतस्तोम ०" ले 'स्' को विकल्पले 'ष्'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ष्टुत्व, 'स्तुतस्य'को आदिमा रहेको 'स्' को "झलो झलि । ८ । २ । २६ ।" ले लोप भएर उक्त रूप सिद्ध हुन्छ । पक्षमा गोः स्तोमम् । "स्तुतस्तोम ०" ले हुने काम "पूर्वपदात् ८ । ३ । १०६ ॥" ले सिद्ध हुने हुँदा यो सूत्र विस्तारका लागि मात्र पृथक् रूपमा पढिएको हो ।

२६८ पूर्वपदात् । ८ । ३ । १०६ ॥ पूर्वपदस्थान्निमित्तात्परस्य सस्य षो वा । यदिन्द्राग्नी दिविष्ठः । पूर्वपदात् किम् ? युवं हि स्थः स्वर्पती ॥

यस सूत्रमा 'पूर्वपदात्' यो पञ्चम्यन्त पद मात्र छ । यहाँ पूर्वसूत्रमा भैँ 'मूर्द्धन्यः' को र 'सः' को तथा "स्तुतस्तोमयोश्छन्दसि" बाट 'छन्दसि' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– पूर्वपदस्थ निमित्त (इण् र कवर्ग)देखि पर रहेको 'स्'को विकल्पले 'ष्' हुन्छ, हो ।

दिविष्ठः = दिवि तिष्ठति यस विग्रहमा "सुपि स्थः । ३ । २ । ४ ॥"ले 'क' प्रत्यय अनुबन्धलोप "उपपदमतिङ्"ले समास तथा प्रातिपदिक संज्ञा भएपछि 'सुप्'को लुक् प्राप्त थियो त्यसको "तत्पुरुषे कृति बहुलम् । ६ । ३ । १४ ॥" ले अलुक् भएपछि "आतो लोप इटि च" ले 'आ'को लोप "पूर्वपदात् ०" ले 'ष्' ष्टुत्व भएर उक्त रूप सिद्ध हुन्छ । यदि षत्वको निमित्त पूर्वपदस्थ छैन भने षत्व हुँदैन । जस्तै – **हि स्थ** । यहाँ 'हि' अलग 'स्थ' अलग पद हुन्, त्यसैले यहाँ षत्व भएन ।

२६९ सुञः । ८ । ३ । १०६ ॥ पूर्वपदस्थान्निमित्तात्परस्य सुञो निपातस्य सस्य षः । ऊर्ध्व ऊषु णः । अभी षु णः ॥

यस सूत्रमा 'सुञः' यो षष्ठ्यन्त पद मात्र छ । यहाँ पूर्वसूत्रमा भैँ 'मूर्द्धन्यः' को र 'सः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– पूर्वपदस्थ निमित्त (इण् र कवर्ग) देखि पर रहेको 'सुञ्'निपातनको 'सु'को 'ष्' हुन्छ, हो ।

ऊर्ध्व ऊषु णः = ऊश्च सुश्च, यस विग्रहमा "सुप्सुपा" ले समास प्रातिपदिक संज्ञा 'सुप्'को लुक् (ऊ सु नः) यहाँ "सुञः" ले 'स्'को ष्' तथा "नश्च धातुस्थोरुषुभ्यः । ८ । ४ । २७ ॥" ले 'न्'को 'ण्' भएर उक्त रूप सिद्ध हुन्छ । **अभी षु णः** = १५९ सूत्रमा सिद्ध गरिएको छ ।

२७० सनोतेरनः । ८ । ३ । १०८ ॥ गोषा इन्द्रो नृषा असि । अनः किम् ? गोसनिः ॥

'सनोतेः' यो षष्ठ्यन्त प्रथम पद र 'सनः' यो षष्ठ्यन्त द्वितीय प
द गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'मूर्द्धन्यः' को र 'सः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– पूर्वपदस्थ निमित्त (इण् र कवर्ग)देखि पर रहेको अनकारान्त 'सन्' धातुको 'स्'को 'ष्' हुन्छ, हो ।

गोषा = गां सनति, यस विग्रहमा गोपूर्वक सन् (षणु दाने, तनादि) धातुदेखि "जनसनखनक्रमगमो विट् । ३ । २ । ६७ ॥" ले 'विट्' सर्वापहारी लोप, उपपद समास तथा 'सुप्' को लुक् भएपछि "विड्वनोरनुनासिकस्यात् । ६ । ४ । ४१ ॥"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ले 'न्'को 'आ' "अकः सवर्णे०" ले दीर्घ "सनोतेरनः" ले 'स्'को 'ष्' तथा स्वादिकार्य भएर उक्त रूप सिद्ध हुन्छ ।

नृषा = नृन् सनोति, पूर्ववत् । सन्को 'न्' को लोप नभएको ठाउँमा यस सूत्रले 'स्' को 'ष्' हुँदैन । जस्तै – **गोसनिम्** । यहाँ 'सन्' धातुदेखि "छन्दसि वनसनर–क्षिमथाम् । ३ । २ । २७ ॥" ले 'इन्'प्रत्यय (सन् इ) सनि यहाँ 'सन्'को 'न्'को स्थिति रहेको हुँदा "सनोतेरनः"ले 'ष्' भएन ।

२७१ सहेः पृतनर्ताभ्यां च । ८ । ३ । १०९ ॥ पृतनाषाहम् । ऋताषाहम् । चात् ऋतीषाहम् ॥

'सहेः' यो षष्ठचन्त प्रथम पद, 'पृतनर्ताभ्याम्' यो पञ्चम्यन्त द्वितीय पद र 'च' यो अव्यय तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'मूर्द्धन्यः' को र 'सः' को अनुवृत्ति आएपछि पदसंयोजन गर्दा सूत्रको अर्थ :– पृतना र ऋत शब्ददेखि पर रहेको 'सह्' धातुको 'स्'को स्थानमा 'ष्' हुन्छ । सूत्रमा पढिएको चकारबाट 'ऋति'शब्दको पनि ग्रहण हुन्छ, हो ।

पृतनाषाहम् = पृतनां सहते, यस विग्रहमा सह् (षह मर्षणे, भ्वादि) धातुदेखि "छन्दसि सह । ३ । २ । ६३ ॥" ले 'ण्वि' सर्वापहारी लोप 'सुप्'को लुक् "अत उपधायाः" ले उपधावृद्धि "सहेः पृतन ०"ले 'स्'को 'ष्' र स्वादिकार्य भएर उक्त रूप सिद्ध हुन्छ । **ऋताषाहम् =** ऋतं सहते यस विग्रहमा पूर्ववत् सबै कार्य भएपछि । तकारोत्तरवर्ती 'अ'को "अन्येषामपि दृश्यते" ले दीर्घ भएर उक्त रूप सिद्ध हुन्छ । **ऋतीषाहम् =** ऋतिं सहते यस विग्रहमा सूत्रस्थ चकारबाट 'ऋति'शब्दको ग्रहण हुने हुँदा पूर्ववत् सबै कार्य भएपछि । तकारोत्तरवर्ती 'इ'को "अन्येषामपि दृश्यते" ले दीर्घ भएर उक्त रूप सिद्ध हुन्छ ।

२७२ निव्यभिभ्योऽड्व्यवाये वा छन्दसि । ८ । ३ । ११९ ॥ सस्य मूर्धन्यो वा स्यात् । न्यषीदत् । न्यसीदत् । व्यषीदत् । व्यसीदत् । अभ्यष्टौत् । अभ्यस्तौत् ॥

'निव्यभिभ्यः' यो पञ्चम्यन्त प्रथम पद, 'अड्व्यवाये' यो सप्तम्यन्त द्वितीय पद, 'वा' यो अव्यय तृतीय पद र 'छन्दसि' यो सप्तम्यन्त चतुर्थ पद गरी यस सूत्रमा चार पद छन् । यहाँ पूर्वसूत्रमा भैँ 'मूर्द्धन्यः' को र 'सः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा नि, वि तथा अभि उपसर्गदेखि पर रहेको स्'को निमित्त तथा नैमित्तिकको बिचमा 'अट्' प्रत्याहारद्वारा व्यवधान भए तापनि षत्व विकल्पले हुन्छ, हो । **न्यषीदत्** = नि+असीदत् यहाँ "निव्यभिभ्यो ०" ले 'स्'को विकल्पले 'ष्' तथा "इको यणचि" ले यण् भएर उक्त रूप सिद्ध हुन्छ । पक्षमा 'न्यसीदत्' हुन्छ । **व्यषीदत्** = वि+असीदत्, यहाँ पूर्ववत् कार्य हुन्छन् । अभ्यष्टौत् = अभि+अस्तौत्, यहाँ पूर्ववत् कार्य हुन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२७३ छन्दस्यृदवग्रहात्। ८। ४। २६॥ ऋकारान्तादवग्रहात्परस्य नस्य णः। नृमणाः। पितृयाणम्॥

'छन्दसि' यो सप्तम्यन्त प्रथम पद र 'ऋदवग्रहात्' यो पञ्चम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "रषाभ्यां नो णः समानपदे" बाट 'नो णः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा ऋकारान्त अवग्रहदेखि पर रहेको 'न्'को 'ण्' हुन्छ, हो। "अवगृह्यते विच्छिद्य पठ्यते इति अवग्रहः।" जसलाई छुट्याएर पढिन्छ त्यसलाई अवग्रह (पदपाठ) भनिन्छ। अवग्रहमा 'ऽ' चिह्नको प्रयोग हुन्छ। **नृमणाः** = नृमना यहाँ "छन्दस्यृदव ०" ले 'न्'को 'ण्' हुन्छ। पदपाठमा 'नृऽमणाः' हुन्छ। संहितापाठमा 'नृमणाः' हुन्छ। **पितृयाणम्** = पितृयानम्, यहाँ पूर्ववत् कार्य हुन्छन्। पदपाठमा 'पितृऽयानम्' हुन्छ। संहितापाठमा 'पितृयाणम्' हुन्छ।

२७४ नश्च धातुस्थोरुषुभ्यः। ८। ४। २७॥ धातुस्थात्। अग्ने रक्षा णः। शिक्षा णो अस्मिन्। उरु णस्कृधि। अभी षु णः। मो षु णः॥ इति अष्टमोऽध्यायः।

'नः' यो षष्ठचन्त प्रथम पद, 'च' यो अव्यय द्वितीय पद र 'धातुस्थोरुषुभ्यः' यो पञ्चम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "रषाभ्यां नो णः समानपदे" बाट 'णः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– वैदिक संस्कृतमा धातुस्थित निमित्त (र् ष् ऋ) देखि तथा उरु एवम् षु शब्ददेखि पर रहेको नस् को 'न'को 'ण्' हुन्छ, हो।

रक्षाणः = रक्ष+ नः, यहाँ 'रक्ष्' धातुको लोट् लकारको मध्यम पुरुषको एकवचन 'रक्ष'को "द्व्यचोऽतस्तिङः। ६। ३। १३५॥" ले दीर्घ तथा "नश्च धातुस्थो ०" ले 'न्'को 'ण्' भएर 'रक्षाणः' रूप सिद्ध हुन्छ। **उरुणस्कृधि** = उरु+ नः यहाँ उक्त सूत्रले 'न्'को 'ण्' भएर 'उरुणः' रूप सिद्ध हुन्छ।

अभी षु णः = अभि सु नः, यहाँ "इकः सुञि" ले भकारोत्तरवर्ती इकारको दीर्घ, "सुञः। ८। ३। १०७॥" ले षत्व, तथा "नश्च धातुस्थोरुषुभ्यः। ८। ४। २७॥" ले णत्व भएर 'अभी षु णः' रूप सिद्ध हुन्छ। **मो षु णः** = मो षु नः, यहाँ उक्त सूत्रले 'न्'को 'ण्' भएर उक्त रूप सिद्ध हुन्छ।

इति शालिग्राम सुवेदीद्वारा विरचित 'रञ्जना' नेपाली व्याख्याको वैदिकी प्रक्रियाको अष्टम अध्याय।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ स्वरप्रकरणम्

"अचः स्वराः" – अच्को स्वरसंज्ञा हुन्छ। "स्वयं राजन्ते इति स्वराः" – कसैको सहयोग विना स्वतः उच्चारित हुने र अर्थलाई स्पष्ट पार्ने वर्णलाई स्वर भनिन्छ। उदात्त, अनुदात्त, स्वरित आदि अच्का धर्म हुन्। तद्धर्मत्त्वात् उदात्त, अनुदात्त, स्वरित आदिलाई पनि स्वर भनिएको हो। "स्वरविधौ व्यञ्जनमविद्यमानवत्" परिभाषाद्वारा स्वरविधिमा व्यञ्जनको अविद्यमानवद्भाव हुँनाले स्वर गर्दा व्यञ्जनद्वारा व्यवधान हुँदैन। पाणिनीय व्याकरणमा उच्चारणको भेदले अच्को उदात्त, उदात्ततर,[१] अनुदात्त, अनुदात्ततर,[२] स्वरित, स्वरितस्थ उदात्त,[३] र एकश्रुति,[४] गरी सात भेद गरिएका छन् तापनि उदात्त, अनुदात्त, र स्वरित मुख्य मानिन्छन्।[५] स्वरप्रकरणलाई साधारणस्वर, प्रकृतिस्वर, प्रत्ययस्वर, समासस्वर तथा तिङन्तस्वर गरी पाँच भागमा विभाजन गरिएको छ।

२७५ उच्चैरुदात्तः । १ । २ । २९ ॥ तालवादिषु सभागेषु स्थानेषुर्ध्वभागे निष्पन्नोऽजुदात्तः संज्ञः स्यात् ॥

'उच्चैः' यो अव्यय प्रथम पद र 'उदात्तः' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "ऊकालोऽज्झ्रस्वदीर्घप्लुतः । १ । २ । २७ ॥" बाट 'अच्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– कण्ठ, तालु, मूर्धा आदि वर्णका उच्चारणस्थानको ऊर्ध्व भागबाट उच्चारण हुने अच्को उदात्त संज्ञा हुन्छ, हो।

२७६ नीचैरनुदात्तः । १ । २ । ३० ॥ तालवादिषु सभागेषु स्थानेष्वधोभागे निष्पन्नोऽजनुदात्तः संज्ञः स्यात् ॥

'नीचैः' यो अव्यय प्रथम पद र 'अनुदात्तः' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ पनि पूर्ववत् 'अच्' को अनुवृत्ति आएपछि सूत्रको

१.उच्चैस्तरां वा वषट्कारः । १ । २ । ३५ ॥

२.उदात्तस्वरितपरस्य सन्नतरः । १ । २ । ४० ॥

अनुदात्ततर, अनुदात्त र निघात पर्यायवाची शब्द हुन्।

३.तस्यादित उदात्तमर्धह्रस्वम् । १ । २ । ३२ ॥

४.एकश्रुति दूरात् सम्बुद्धौ । १ । २ । ३३ ॥ (एकश्रुति, उदात्तश्रुति र प्रचय पर्यायवाची शब्द हुन्।) "उदात्तादीनां स्वराणामविभागेनावस्थानमेकश्रुतिः ।" उच्चारणमा उदात्त-अनुदात्त-स्वरितादि स्वरको समस्थितिलाई एकश्रुति भनिन्छ।

५. क,उदात्तश्चानुदात्तश्च स्वरितश्च स्वरास्त्रयः । पाणिनीयशिक्षा, ११ । ख,स्वर उच्चः स्वरो नीचः स्वरः स्वरित एव च । ऋग्वेदभाष्यभूमिका ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ :– कण्ठ, तालु, मूर्धा आदि वर्णका उच्चारणस्थानको अधो(तल्लो) भागबाट उच्चारण हुने अच्को अनुदात्त संज्ञा हुन्छ, हो ।

२७७ समाहारः स्वरितः । १ । २ । ३१ ॥ उदात्तानुदात्तत्वे वर्णधर्मौ समाहियेते यत्र सोऽच् स्वरितः संज्ञः स्यात् ॥

'समाहारः' यो प्रथमान्त प्रथम पद र 'स्वरितः' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पनि पूर्ववत् 'अच्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– जुन अच्मा उदातत्व तथा अनुदात्व वर्णधर्मको समावेश हुन्छ त्यस अच्को स्वरित संज्ञा हुन्छ हो । अर्थात् कण्ठ, तालु, मूर्धा आदि वर्णका उच्चारणस्थानको बिच भागबाट उच्चारण हुने अच्को स्वरित संज्ञा हुन्छ ।

२७८ अनुदत्तं पदमेकवर्जम् । ६ । १ । १५८ ॥ परिभाषेयं स्वरविधिविषया । यस्मिन्पदे यस्योदात्तः स्वरितो वा विधीयते तमेकमचं वर्जयित्वा शेषं तत्पदमनुदात्ताच्कं स्यात् । गोपायतं नः । अत्र सनाद्यन्ता इति धातुत्वे धातुस्वरेण यकाराकार उदात्तः शिष्टमनुदात्तम् ॥

'अनुदात्तम्' यो प्रथमान्त प्रथम पद, 'पदम्' यो प्रथमान्त द्वितीय पद र 'एकवर्जम्' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ सूत्रको अर्थ :– यदि कुनै पदमा कुनै 'अच्'को उदात्त या स्वरित स्वर गरिएको छ भने त्यस 'अच्'लाई छोडेर त्यस पदका सबै 'अच्' अनुदात्त हुन्छन्, हो । यो सूत्र स्वरविधिविषयको परिभाषा सूत्र हो ।

गोपायतं नः = "भूवादयो धातवः । ३ । १ ॥"ले 'गुप्' (गुपू रक्षणे, भ्वादि)को धातुसंज्ञा 'गुप्'को गकारोत्तरवर्ती उकारको "धातोः । ६ । १ । १६२ ॥"ले उदात्त, 'गुप्'धातुदेखि "गुपूधूपविच्छिपणिपनिभ्य आयः । २ । १ । २८ ॥" ले 'आय' प्रत्यय "आद्युदात्तश्च । ३ । १ । ३ ॥" ले 'आय'को आकार उदात्त, "पुगन्तलघूपधस्य च । ७ । ३ । ८६ ॥"ले गुण वर्णमेलन 'गोपाय'को "सनाद्यन्ता धातवः । ३ । १ । ३२ ॥" ले धातुसंज्ञा भएपछि "धातोः" ले यकारोत्तरवर्ती अकार उदात्त हुन्छ । यो स्वर पहिले भएका धातुस्वर तथा प्रत्ययस्वर (उदात्त) हुँदाहुँदै विधान गरिएको हुँदा सतिशिष्ट स्वर हो , तसर्थ पहिलेका उदात्तभन्दा यो बलियो छ । 'गोपाय'देखि लोट् "तिप्तस्झि०" ले 'ल्'को स्थानमा मध्यम पुरुषको द्विवचन थस्, "तिङ्शित्सार्वधातुकम् । ३ । ४ । ११३ ॥" ले सार्वधातुक संज्ञापछि "कर्तरि शप् । ३ । १ । ६८ ॥" ले 'शप्' (अ) "अनुदात्तौ ०" ले 'शप्'को अकार अनुदात्त, "अतो गुणे । ६ । १ । ९७ ॥" ले पररूप "एकादेश उदात्ते ०" ले यकारोत्तर–वर्ती अकार उदात्त,"तस्थस्थमिपां तान्तन्तामः । ३ । ४ । १०१ ॥" ले 'थस्'को 'तम्' 'गोपायतम्'यहाँ "तास्यनुदात्ते ०" ले तकारोत्तरवर्ती अकार अनुदात्त छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस पदमा यकारोत्तरवर्ती 'अ'को स्वर सतिशिष्ट स्वर भएको हुँदा त्यसबाहेक यस पदका सबै उदात्त स्वर "अनुदत्तं पद ०" द्वारा अनुदात्तमा परिणत भएपछि "उदात्तादनुदात्त ०" ले तकारोत्तरवर्ती अकार स्वरित हुन्छ।

यथोद्देश्यपक्षाश्रयणद्वारा "अनुदात्तं पद ०" यो परिभाषा त्रिपादीमा प्रवृत्त नहुने हुँदा तकारोत्तरवर्ती अकारको स्वरित स्वरलाई 'सतिशिष्ट' स्वर मानेर पदका अरू अच् यस परिभाषाद्वारा अनुदात्तमा परिणत हुँदैनन्। यस विषयमा 'तव्यत्' को तित्त्व तथा "यतोऽनावः। ६। १। २१३॥" सूत्र ज्ञापक मानिन्छन्। यदि यो परिभाषा सूत्र त्रिपादीमा पनि प्रवृत्त हुन्थ्यो भने "आद्युदात्तश्च। ३। १। ३॥"ले तकारोत्तरवर्ती अकार उदात्त भएपछि "अनुदात्तं पद ०" यस परिभाषाद्वारा तकारोत्तरवर्ती 'अ'लाई छोडेर बाँकी 'अच्' अनुदात्त हुन्थे त्यसपछि "उदात्तादनुदात्त ०" ले उदात्त तकारोत्तरवर्ती 'अ'देखि पर रहेको यकारोत्तरवर्ती अनुदात्त 'अ'को स्वरित हुन्थ्यो त्यसका लागि 'तव्यत्'मा 'त्'को 'इत्'संज्ञाको आवश्यकता पर्दैनथ्यो। तर तित्का लागि 'तव्यत्'मा गरिएको 'त्'को 'इत्'संज्ञा व्यर्थ भएर ज्ञापित गर्छ कि "अनुदात्तं पद ०" यो परिभाषा त्रिपादीमा प्रवृत्त हुँदैन। तथा "यतोऽनावः। ६। १। २१३॥" "तित्स्वरितम्" को अपवाद सूत्र हो। "तित्स्वरितम्" को नै आवश्यकता रहँदैन भने अपवादको खाँचो पर्दैन। त्यसकारण "अनुदात्तं पद ०" यो परिभाषा त्रिपादीमा प्रवृत्त हुँदैन भन्ने विषयमा 'तव्यत्'को तित्त्व तथा "यतोऽनावः। ६। १। २१३॥" सूत्र ज्ञापक मानिन्छन्। कुनै पदमा उदात्त या स्वरित स्वर हुँदाहुँदै फेरि उदात्त या स्वरित स्वरको विधान गरिन्छ भने पछि विधान गरिएको उदात्त या स्वरित स्वरलाई 'सतिशिष्ट' स्वर भनिन्छ। **"यो हि यस्मिन् सति शिश्यते स सतिशिष्टस्वरः पूर्वविहितस्य स्वरस्य बाधको भवति"**को अनुसार बलवान् मानिन्छ। त्यसकारण 'गोपायतम्' यस उदाहरणमा 'गुप्'धातुको धातुस्वर तथा 'आय'प्रत्ययको प्रत्ययस्वर शेष रहँदैनन् अपितु यकारोत्तरवर्ती 'अ'को उदात्त स्वरमात्र बाँकी रहन्छ। अरू अनुदात्तमा परिणत हुन्छन्।

सतिशिष्टस्वरबलीयस्त्वमन्यत्र विकरणेभ्य इति वाच्यम् (वा०) ॥ तेनोक्तोदाहरणे गुपेर्धातुस्वर आयस्य प्रत्ययस्वरश्च न शिष्यते। अन्यत्रेति किम्? यज्ञं यज्ञमभिवृधे गृणीतः। अत्र सतिशिष्टोऽपि श्ना इत्यस्य स्वरो न शिष्यते, किन्तु तस एव ॥

विकरणस्वर 'सतिशिष्ट'स्वर भए तापनि बलवान् हुँदैन। अर्थात् विकरणस्वरमा सतिशिष्टको नियम "यो हि यस्मिन् सति शिश्यते स सतिशिष्टस्वरः पूर्वविहितस्य स्वरस्य बाधको भवति।" लाग्दैन। यथा **गृणीतः** = गृ (गृ शब्दे, क्र्यादि)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धातुदेखि लट्, तस्, 'शप्'लाई बाँधेर "क्र्यादिभ्यः श्ना । ३ । १ । ८१ ॥" ले श्ना "प्वादीनां ह्रस्वः । ७ । ३ । ८० ॥" ले ह्रस्व, "ई हल्यघोः । ६ । ४ । ११३ ॥" ले नकारोत्तरवर्ती 'आ'को ई, "ऋवर्णान्नस्य णत्वं वाच्यम्"ले 'न्'को 'ण्','स्' को रुत्व र विसर्ग भएर बनेको 'गृह्णीतः' पदमा सतिशिष्टको नियमानुसार णकारोत्तरवर्ती 'इ' उदात्त तथा गकारोत्तरवर्ती 'ऋ' एवम् तकारोत्तरवर्ती अकार अनुदात्त हुनु पर्ने हो तर णकारोत्तरवर्ती 'इ'को उदात्त स्वर सतिशिष्टस्वर भए तापनि विकरणस्वर भएको हुँदा "सतिशिष्टस्वरब०"को नियम यहाँ लागेन र तकारोत्तरवर्ती 'अ'को उदात्त स्वर नै बाँकी रहन्छ ।

२७९ अनुदत्तस्य च यत्रोदात्तलोपः । ६ । १ । १६१ ॥ यस्मिन्ननुदात्ते परे उदात्तो लुप्यते तस्योदात्तः स्यात् । देवीं वाचम् । अत्र ङीबुदात्तः ॥

अनुदात्तस्य' यो षष्ठचन्त प्रथम पद, 'च' यो अव्यय द्वितीय पद, 'यत्र' यो अव्यय तृतीय पद र 'उदात्तलोपः' यो प्रथमान्त चतुर्थ पद गरी यस सूत्रमा चार पद छन् । यहाँ "कर्षात्वतो घञोऽन्त उदात्तः" बाट 'उदात्तः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– जुन अनुदात्त पर भएमा पूर्व उदात्तको लोप हुन्छ, त्यस अनुदात्तको उदात्त हुन्छ ।

देवीं वाचम् = दिव् (दिवु क्रीडाविजिगीषाव्यवहारद्युतिस्तुतिमोदमदस्वप्नकान्तिगतिषु, दिवादि) धातुदेखि "नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः । ३ । १ । १३४ ॥" ले 'अच्' (अ) प्रत्यय "पुगन्तलघूपधस्य च" ले गुण वर्णमेलन "चितः । ६ । १ । १६३ ॥"ले वकारोत्तरवर्ती अकार उदात्त, पचादि गणमा 'देवट्' शब्दको पाठ भएको हुँदा स्त्रीत्वको विवक्षामा टित्त्वात् "टिड्ढाणञ्द्वयसज्दघ्नञ्मात्रच्तयप्ठक्ठञ्कञ्क्वरपः । ४ । १ । १५ ॥" ले 'ङीप्'(ई) "अनुदात्तौ ०" ले 'ङीप्'को 'ई' अनुदात्त छ । 'भ'संज्ञा "यस्येति च" ले अनुदात्त 'ई' पर भएमा वकारोत्तरवर्ती उदात्त अकारको लोपपछि "अनुदत्तस्य च ०" ले 'ङीप्' उदात्त छ । 'देवी'शब्ददेखि द्वितीयाको एकवचन 'अम्' "अनुदात्तौ ०"ले 'अम्'को 'अ' अनुदात्त, तथा "एकादेश उदात्ते ०"ले 'ई' उदात्त हुन्छ ।

२८० आमन्त्रितस्य च । ६ । १ । १९८ ॥ आमन्त्रितस्यादिरुदात्तः स्यात् । अग्न इन्द्र वरुण मित्र देवाः ॥

'आमन्त्रितस्य' यो षष्ठचन्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "कर्षात्वतो घञोऽन्त उदात्तः" बाट 'उदात्तः' को र "ञ्नित्यादिर्नित्यम्" बाट 'आदिः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– आमन्त्रितसंज्ञक शब्दको आदि 'अच्' उदात्त हुन्छ, हो ।

अग्न इन्द्र वरुण मित्र देवाः = यहाँ अग्न, इन्द्र आदि शब्दको "सामन्त्रितम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२।३।४८ ॥" ले आमन्त्रित संज्ञा भएपछि "आमन्त्रितस्य च" ले 'अग्ने'को 'अ' 'इन्द्र'को 'इ' वरुणमा वकारोत्तरवर्ती अकार, मित्रमा मकारोत्तरवर्ती इकार, र देवामा दकारोत्तरवर्ती एकार, को उदात्त हुन्छ ।

२८१ आमन्त्रितस्य च । ८ । १ । १९ ॥ पदात् परस्यापादादिस्थितस्यामन्त्रितस्य सर्वस्यानुदात्तः स्यात् । प्रागुक्तषाष्ठस्यापवादोऽयमाष्टमिकः । इमं मे गङ्गे यमुने सरस्वति । अपादादौ किम् ? शुतुद्रि स्तोमम् ॥

'आमन्त्रितस्य' यो षष्ठचन्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "पदात्" को तथा "अनुदात्तं सर्वमपादादौ" को सम्पूर्ण अनुवृत्ति आएपछि सूत्रको अर्थ :– पददेखि पर रहेको तथा पादको आदिमा रहेको आमन्त्रितसंज्ञक पदका सबै 'अच्' अनुदात्त हुन्छन्, हो । आठौँ अध्यायमा पढिएको यो सूत्र पहिले छटौँ अध्यायमा पढिएको "आमन्त्रितस्य च" को अपवाद हो ।

इमं मे गङ्गे यमुने सरस्वति = गङ्गे, यमुने तथा सरस्वति को "सामन्त्रितम्" ले आमन्त्रित संज्ञा भएपछि 'मे' पददेखि पर रहेका गङ्गे, यमुने, सरस्वति पदका सबै 'अच्' "आमन्त्रि ० ८ । १ । १९ ॥"ले अनुदात्त हुन्छन् । पददेखि पर भए तापनि पादको आदिमा रहेको आमन्त्रितसंज्ञक शब्दमा यो सूत्र लाग्दैन । **शुतुद्रि स्तोमम्** = यहाँ 'इमं मे गङ्गे यमुने सरस्वति' यो पहिलो पाद हो । 'शुतुद्रि स्तोमम् सचता पुरुष्ष्या' यो दोस्रो पाद हो । तसर्थ 'शुतुद्रि' शब्द पददेखि पर भए तापनि पादादिमा रहेको हुँदा यहाँका सबै 'अच्' अनुदात्त हुँदैनन् । अपितु पूर्व सूत्रले आद्युदात्त हुन्छन् ।

२८२ आमन्त्रितं पूर्वमविद्यमानवत् । ८ । १ । ७२ ॥ स्पष्टम् । अग्न इन्द्र वरुण । अत्रेन्द्रादीनां निघातो न पूर्वस्याविद्यमानत्वेन पदात्परत्वाभावात् ॥

'आमन्त्रितम्' यो प्रथमान्त प्रथम पद, 'पूर्वम्' यो प्रथमान्त द्वितीय पद र 'अविद्यमानवत्' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ सूत्रको अर्थ :– पूर्ववर्ती आमन्त्रितसंज्ञक पद अविद्यमानवत् हुन्छ, हो । अर्थात् पूर्वपद रहँदा जुन कार्य हुन्छ त्यो कार्य आमन्त्रितसंज्ञक पद पूर्वमा रहँदा हुँदैन । पूर्वपदलाई नमानेर हुने कार्य भने हुन्छन् । जस्तै – **अग्न इन्द्र वरुण** = यहाँ उक्त सूत्रले पूर्ववर्ती 'अग्ने' यो आमन्त्रितसंज्ञक पद अविद्यमानवत् हुँदा पददेखि पर नभएकाले 'इन्द्र'पदको, तथा 'इन्द्र'पद अविद्यमानवत् हुँदा, पददेखि पर नभएकाले 'वरुण'पदको आठौँ अध्यायमा पठित "आमन्त्रितस्य च" ले सर्वानुदात्त स्वर हुँदैन, अपितु छैटौँ अध्यायमा पठित "आमन्त्रितस्य च"ले आद्युदात्त हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२८३ नामन्त्रिते समानाधिकरणे सामान्यवचनम्। ८।१।७३॥ समानाधिकरणे आमन्त्रिते परे विशेष्य पूर्वमविद्यमानवन्न । अग्ने तेजस्विन् । अग्ने त्रातः। सामान्यवचनं किम् ? पर्यायेषु माभूत्। अघ्न्ये देवि सरस्वति ॥

'न' यो अव्यय प्रथम पद, 'आमन्त्रिते' यो सप्तम्यन्त द्वितीय पद, 'समानाधिकरणे' यो सप्तम्यन्त तृतीय पद र 'सामान्यवचनम्' यो प्रथमान्त चतुर्थ पद गरी यस सूत्रमा चार पद छन्। यस सूत्रमा माथिल्लो सूत्रबाट 'अविद्यमानवत्' को अनुवृति ल्याएपछि सूत्रको अर्थ :– समानविभक्तिक विशेषणवाची आमन्त्रित पद पर रहेमा पूर्ववर्ती विशेष्यवाची आमन्त्रित पद अविद्यमानवत् हुँदैन, हो ।

अग्ने तेजस्विन् = यहाँ अग्ने पदको "आमन्त्रितं पूर्व ०" ले प्राप्त अविद्यमानवद् भावको उक्त सूत्रले निषेध भएपछि "आमन्त्रितस्य च । ८ । १ । १९ ॥" ले 'तेजस्विन्' को सर्वानुदात्त हुन्छ। **'अग्ने त्रातः ।** मा पनि पूर्ववत् कार्य हुन्छ। पर्यायवाचक सम्बोधन पदमा पूर्ववर्ती आमन्त्रित पदको अविद्यमानवद्भाव हुँदैन। जस्तै – **'अघ्न्ये देवि सरस्वति'** = यहाँ अविद्यमानवद्भाव हुँदैन ।

२८४ सुबामन्त्रिते पराङ्गवत्स्वरे। २।१।२॥ सुबन्तमामन्त्रिते परे परस्याङ्गवत्स्वरे कर्तव्ये । द्रवत्पाणी शुभस्पती । शुभ इति शुभेः क्विबन्तात्षष्ठचन्तस्य, परशरीरानुप्रवेशे षाष्ठिकमामन्त्रिताद्युदात्तत्वम्। न चाष्टमिको निघातः शङ्घः। पूर्वामन्त्रितस्याऽविद्यमानत्वेन पादादित्वात्। यत्ते दिवो दुहितर्मर्त भोजनम्। इह दिवः शब्दस्याऽष्टमिको निघातः। परशुना वृश्चन् ॥

'सुप्' यो प्रथमान्त प्रथम पद, 'आमन्त्रिते' यो सप्तम्यन्त द्वितीय पद, 'पराङ्गवत्' यो अव्यय तृतीय पद र 'स्वरे' यो सप्तम्यन्त चतुर्थ पद गरी यस सूत्रमा चार पद छन्। यहाँ सूत्रको अर्थ :–स्वरविधिमा आमन्त्रितपद पर भएमा पूर्ववर्ती सुबन्तको पराङ्गवद्भाव (परीभाव) हुन्छ, हो ।

द्रवत्पाणी शभस्पती = शुभ् (शुभ दीप्तौ, भ्वादि) धातुदेखि "क्विप् च । ३ । २ । ७६ ॥" ले 'क्विप्'प्रत्यय सर्वापहारी लोप 'शुभ्'शब्ददेखि षष्ठीको एकवचन 'ङस्' अनुबन्धलोप वर्णमेलन रुत्व विसर्ग भएर सिद्ध भएको 'शुभः' पददेखि आमन्त्रित पद 'पती' पर भएमा शुभः शब्दको "सुबामन्त्रि ०" ले परवर्ती 'पती' शब्दसँग पराङ्गवद्भाव (परीभाव) भएपछि "षष्ठ्याः पति०"ले विसर्गको सत्व हुन्छ, अनि शुभस्पती समुदायलाई आमन्त्रित मानेर "आमन्त्रितस्य च । ६ । १ । १९८ ॥" ले आद्युदात्त हुन्छ। यहाँ "आमन्त्रितं पूर्वमविद्यमानवत्। ८ । १ । ७२ ॥" ले द्रवत्पाणी पद अविद्यमानवत् हुनाले अष्टम अध्यायको "आमन्त्रितस्य च । ८ । १ । १९ ॥" ले सर्वानुदात्त स्वर हुँदैन ।

यत्ते दिवो दुहितर्मर्त भोजनम् = यहाँ दिवः शब्दको परवर्ती 'दुहितृ'शब्दसँग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"सुबामन्त्रि ०" ले पराङ्गवद्भाव (परीभाव) भएपछि 'दिवो दुहितः' समुदायलाई आमन्त्रित मानेर "आमन्त्रितस्य च । ८ । १ । १९ ॥"ले सर्वानुदात्त हुन्छ । **परशुना वृश्चन्** = यहाँ परशुना शब्दको परवर्ती वृश्चन् शब्दसँग "सुबामन्त्रि ०" ले पराङ्गवद्भाव (परीभाव) भएपछि 'परशुना वृश्चन्' समुदायलाई आमन्त्रित मानेर "आमन्त्रितस्य च । ६ । १ । १९८ ॥" ले आद्युदात्त हुन्छ ।

२८५ उदात्तस्वरितयोर्यणः स्वरितोऽनुदत्तस्य । ८ । २ । ४ ॥ उदात्तस्थाने स्वरितस्थाने च यो यण् ततः परस्याऽनुदात्तस्य स्वरितः स्यात् । अभ्यभि हि । स्वरितस्य यणः । खलप्व्याशा । अस्य स्वरितस्य त्रैपादिकत्वेना-सिद्धत्वाच्छेषनिघातो न ॥

'उदात्तस्वरितयोः' यो समस्त षष्ठचन्त प्रथम पद, 'यणः' यो पञ्चम्यन्त द्वितीय पद, 'स्वरितः' यो प्रथमान्त तृतीय पद र 'अनुदात्तस्य' यो षष्ठचन्त चतुर्थ पद गरी यस सूत्रमा चार पद छन् । यहाँ सूत्रको अर्थ :– उदात्त या स्वरित स्वरको स्थानमा भएको 'यण्'देखि परवर्ती अनुदात्त स्वरित हुन्छ, हो ।

उदात्त यण्को उदाहरण – **अभ्यभि हि** = 'अभि'शब्दको "उपसर्गाश्चाभि ०। ४। ८१ ॥"(फि०सू०) ले आद्युदात्तको निषेध हुनाले "फिषोऽन्त०। १। १ ॥"(फि०सू०) ले अन्त्य (भकारोत्तरवर्ती 'इ')उदात्त हुन्छ । 'अभि'शब्दको "नित्यवीप्सयोः" ले द्वित्वपछि "तस्य परमाम्रेडितम्"ले आम्रेडित संज्ञा भएर "अनुदात्तञ्च । ८ । १ । ३ ।" ले द्विरुक्तको परको रूपको सर्वानुदात्त हुन्छ । "इको यणचि" ले 'यण्'भएपछि "उदात्तस्वरित ०" ले परवर्ती 'अभि'को अकार स्वरित हुन्छ, ।

स्वरित यण्को उदाहरण – **खलप्वाशा** = खलं पुनाति, यस विग्रहमा 'खल'उपपदक पू (पूञ् पवने, क्र्यादि) धातुदेखि "क्विप् च"ले 'क्विप्'प्रत्यय सर्वापहारी लोप, 'उपपदमतिङ्' ले समास र'सुप्' लुक् भएर बनेको 'खलपू'शब्दको पकारो-त्तरवर्ती ऊकार "गतिकारकोपपदात्कृत् । ६ । २ । १३९ ॥" ले उदात्त हुन्छ । 'खलपू' शब्ददेखि सप्तमीको एकवचन 'ङि' आएपछि "अनुदात्तौ ०" ले ङका-रोत्तरवर्ती 'इ'अनुदात्त हुन्छ, "ओः सुपि । ६ । ४ । ८३ ॥" ले 'यण्' भएपछि "उदात्तादनुदात्त ०" ले वकारोत्तरवर्ती 'इ' स्वरित हुन्छ, । यहाँ "उदात्त-यणोहल्पूर्वात् । ६ । १ । १७४ ॥" ले प्राप्त 'ङि'को उदात्तत्वलाई "नोङ्धातोः । ६ । १ । १७५ ॥" ले निषेध हुन्छ, । खलप्वि+आशा यहाँ "आशाया अदिगाख्या चेत् । १ । १८ ।"(फि०सू०) ले 'आशा'शब्द अन्तोदात्त भएको हुँदा परिशेषात् 'आशा'शब्दको आदि 'आ' अनुदात्त छ। "इको यणचि" ले वकारोत्तरवर्ती स्वरित 'इ' को 'यण्' भएपछि "उदात्तस्वरित ०" ले आशाको 'आ' स्वरित हुन्छ ।

यो सूत्र त्रिपादी भएको हुँदा यस सूत्रले विधान गरिएको 'आशा'शब्दको आदि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आकारको स्वरित स्वरलाई मानेर 'सतिशिष्ट' नियमको अनुसार "अनुदात्तं पदं ०" ले 'आशा'शब्दमा शकारोत्तरवर्ती 'आ' अनुदात्त हुँदैन ।

२८६ एकादेश उदात्तेनोदत्तः । ८ । २ । ५ ॥ उदात्तेन सहैकादेश उदात्तः स्यात् । क्व ? वोऽश्वाः । क्वावरं मरुतः ॥

'एकादेशः' यो प्रथमान्त प्रथम पद, 'उदात्तेन' यो तृतीयान्त द्वितीय पद र 'उदात्तः' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ सूत्रको अर्थ :– उदात्त स्वरसँग कुनै स्वरको एकादेश भएको छ भने त्यो एकादेश 'अच्' उदात्त हुन्छ, हो ।

क्व वोऽश्वाः = वः अश्वाः, "बहुवचनस्य वस्नसौ । ८ । १ । २१ ॥" मा "अनुदात्तं सर्वमपादादौ । ८ । १ । १८ ॥" को अनुवृत्ति आउने हुँदा 'वः' मा वकारोत्त–रवर्ती अकार अनुदात्त छ । अश् (अशू व्याप्तौ, सङ्घाते च, स्वादि) धातुदेखि "अशूप्रुषिलटिकणिखरिविशिभ्यः क्वन् । १४९ ।" (उ०सू०) ले 'क्वन्'प्रत्यय भएर 'अश्व'शब्दको निष्पत्ति भएको हुँदा "ञ्नित्यादिर्नित्यम् । ६ । १ । १८० ॥"ले अश्वको 'अ'उदात्त छ । 'वस् अश्वः' यहाँ 'स्'को रुत्व, "अतोरोरप्लुतादप्लुते । ६ । १ । ११३ ॥" ले उत्व "आद् गुणः"ले गुण, "एङः पदान्तादति । ६ । १ । १०९ ॥" ले पूर्वरूप एकादेश, भएपछि "एकादेश उदात्ते ०" ले वकारोत्तरवर्ती 'ओ' उदात्त हुन्छ ।

क्वावरं मरूतः = कस्मिन्, यस विग्रहमा सप्तम्यन्त किम् शब्ददेखि "किमोऽत् । ५ । ३ । १२ ॥" ले 'अत्' प्रत्यय भएपछि "क्वाति । ७ । २ । १०५ ॥" ले किम्को 'क्व' आदेश, "कृत्तद्धितसमासाश्च" ले प्रातिपदिक संज्ञा सुप् (ङि) को लुक् "अतो गुणे । ६ । १ । ९७ ॥" ले पररूप, वकारोत्तरवर्ती अकारको "तित्स्वरितम् । ६ । १ । १८५ ॥" ले स्वरित हुन्छ । "स्वाङ्गशिटामदन्तानाम् । २९ ।" (फि०सू०) ले 'अवर' शब्दको 'अ' उदात्त छ । "अकः सवर्णे दीर्घः" ले दीर्घ भएपछि "एकादेश उदात्ते ०" ले वकारोत्तरवर्ती 'आ'को उदात्त हुन्छ, ।

२८७ स्वरितो वानुदात्ते पदादौ । ८ । २ । ६ ॥ अनुदात्ते पदादौ परे उदात्तेन सहैकादेशः स्वरितो वा स्यात् । पक्षे पूर्वसूत्रेणोदात्तः । वी३ दं ज्योतिर्हृदये अस्य श्लोको दिवीयते । व्यवस्थितविभाषात्वादिकारयोः स्वरितः । दीर्घप्रवेशे तूदात्तः । किं च 'एङः पदान्तात्' इति पूर्वरूपे स्वरित एव । तेऽवदन् । सो३ यमागात् । उक्तं च प्रातिशाख्ये । इकारयोश्च प्रश्लेषे क्षैप्राभिनिहतेषु चेति ॥

'स्वरितः' यो प्रथमान्त प्रथम पद, 'वा' यो अव्यय द्वितीय पद, 'अनुदात्ते' यो सप्तम्यन्त तृतीय पद र 'पदादौ' यो सप्तम्यन्त चतुर्थ पद गरी यस सूत्रमा चार पद छन् । यहाँ "उदात्तस्वरितयोर्यणः स्वरितोऽनुदात्तस्य" बाट 'स्वरितः'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

को तथा "एकादेश उदात्तेनोदात्तः" बाट 'एकादेशः' र 'उदात्तेन' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– अनुदात्त 'अच्' आदिमा रहेको उत्तर पद पर भएमा पूर्ववर्ती उदात्त 'अच्'सँग एकीभाव भएको 'अच्' विकल्पले स्वरित हुन्छ, हो। **वी ३ दं ज्योतिर्हृदये** = 'वि इदम्' यहाँ "निपाता आद्युदात्ताः। ८०।" (फि०सू०) ले वकारोत्तरवर्ती इकार उदात्त छ। 'इदम्' मा "फिषोऽन्त ० १।१।"(फि०सू०) ले प्रातिपदिकको अन्त्य 'अच्' उदात्त हुने हुँदा दकारोत्तरवर्ती अकार बाहेक अरू 'अच्'को "अनुदात्तं पद ०" ले अनुदात्तत्व हुन्छ। अकः सवर्णे ०" ले दीर्घ भएपछि "स्वरितो वा ०" ले वकारोत्तरवर्ती ईकार स्वरित हुन्छ,।

दिवीयते = दिवि ईयते यहाँ 'दिव्'शब्ददेखि विहित सप्तमीको एकवचन 'ङि'को "अनुदात्तौ ०" ले प्राप्त अनुदात्तत्वलाई बाँधेर ऊदिदंपदाद्यप्पुम्रैद्युभ्यः। ६।१।१७१॥" ले उदात्त हुन्छ। **ईयते** = ईङ् (ईङ् गतौ, दिवादि) धातुदेखि लट्, त, श्यन्, अनुबन्धलोप एत्व 'ईयते'को तिङ्ङतिङः। ८।१।२८॥" ले सर्वानुदात्त हुन्छ। "अकः सवर्णे दीर्घः" ले दीर्घ भएपछि 'दिवीयते' यहाँ "एकादेश उदात्ते ०" ले वकारोत्तरवर्ती 'ई' स्वरित हुन्छ। यस सूत्रमा पठित 'वा'शब्दको अर्थ व्यवस्थित विभाषा भएको हुँदा जहाँ दुवै ह्रस्व इकारको एकीभाव हुन्छ त्यहाँ स्वरित, जहाँ दीर्घ र ह्रस्वको एकीभाव हुन्छ त्यहाँ उदात्त, तथा "एङः पदान्तादति। ६।१।१०९॥" ले पूर्वरूप एकादेश हुँदा स्वरित स्वर हुन्छ। **तेऽवदन्** = ते अवदन् यहाँ तकारोत्तरवर्ती एकार "फिषोऽन्त ०"(फि०सू०१.) ले उदात्त छ। "तिङ्ङतिङः। ८।१।२८॥" ले 'अवदन्'को सर्वानुदात्त स्वर भएपछि "एङः पदान्तादति। ६।१।१०९॥" ले पूर्वरूप एकादेश हुँदा "स्वरितो वा०"ले तकारोत्तरवर्ती एकार स्वरित हुन्छ।

सोऽयम् = सस्+अयम्, यहाँ "फिषोऽन्त ०"(फि०सू०१.)ले 'तत्'शब्द अन्तोदात्त छ। प्रथमाको एकवचन 'सु' अत्व पररूप, सकारादेश रुत्व, उत्व, गुण भएपछि "एकादेश उदात्ते ०" ले सकारोत्तरवर्ती 'ओ' उदात्त हुन्छ। इदम् शब्दको प्रथमाको एकवचन 'अयम्'को "फिषोऽन्त ०१।१" (फि.सू.)ले अन्तोदात्त हुँदा 'अयम्'को 'अ' अनुदात्त छ। "एङः पदान्तादति।६।१।१०९॥"ले पूर्वरूप एकादेश भएपछि "एकादेश ०" ले सकारोत्तरवर्ती 'ओ' उदात्त हुन्छ। यही कुरालाई ऋक्प्रातिशाख्यमा दुई ह्रस्व इकारको प्रश्लेष (गुण, वृद्धि र दीर्घ) क्षैप्र (यण्) तथा अभिनिहित (पूर्वरूप) सन्धिमा यदि पूर्व 'अच्' उदात्त तथा परवर्ती 'अच्' अनुदात्त छ भने शाकल्यको मतमा एकादेश स्वरित हुन्छ भनिएको छ। **२८८ उदात्तादनुदात्तस्य स्वरितः। ८।४।६६॥ उदात्तात्परस्यानुदात्तस्य स्वरितः स्यात्। अग्निमीले। अस्याप्यसिद्धत्वाच्छेषनिघातो न। तमीशानासः॥**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'उदात्तात्' यो पञ्चम्यन्त प्रथम पद, 'अनुदात्तस्य' यो षष्ठचन्त द्वितीय पद र 'स्वरितः' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ सूत्रको अर्थ :– उदात्तस्वरदेखि पर रहेको अनुदात्तस्वरको स्वरित स्वर हुन्छ, हो।

अग्निमीले = अग्निम्+ईले, यहाँ अग् (अगि गतौ, भ्वादि) धातुदेखि "इदितो नुम् धातोः। ७।१।५८॥" ले नुम् अनुबन्धलोप "अङ्गेर्नलोपश्च। ६।१।१६२।" (उ०सू०) ले धातुको 'न्'को लोप तथा 'नि' प्रत्यय भएर बनेको अग्नि शब्दमा "धातोः" ले 'अग्' धातुको 'अ' उदात्त तथा नकारोत्तरवर्ती इकार "आद्युदात्तश्च। ३।१।३॥" ले उदात्त भए तापनि सतिशिष्ट नियमको अनुसार 'इ' मात्र उदात्त हुन्छ। 'अग्नि' देखि द्वितीयाको एकवचन 'अम्', "अनुदात्तौ ०" ले 'अम्' अनुदात्त, "अमि पूर्वः" ले पूर्वरूप भएपछि "एकादेश उदात्ते ०" ले गकारोत्तरवर्ती 'इ' उदात्त हुन्छ।

ईले = ईड् (ईड स्तुतौ, अदादि) धातुदेखि लट् 'ल्'को स्थानमा उत्तम पुरुषको एकवचन इट्, 'शप्' "अदिप्रभृतिभ्यः शपः" ले 'शप्'को लुक् एत्व **"द्वयोश्चास्य स्वरयोर्मध्यमेत्य सम्पद्यते स डकारो लकारः"**द्वारा 'ड्'को 'ल्' भएर बनेको 'ईले' पदका सबै 'अच्' "तिङ्ङतिङः" ले अनुदात्त हुन्छन्। अग्निको गकारोत्तरवर्ती उदात्त 'इ'देखि पर रहेको 'ईले'को 'ई'को "उदात्तादनुदात्त ०" ले स्वरित हुन्छ। यहाँ "स्वरविधौ व्यञ्जनमविद्यमानवत्" परिभाषाद्वारा 'म्'को अविद्यमानवद्भाव हुनाले स्वरित स्वर गर्न 'अग्निम्'को 'म्'द्वारा व्यवधान मानिन्न। "तित्स्वरितम् ६।१।१८५॥" पछि यस सूत्रलाई पढेर स्वरितको अनुवृत्तिद्वारा कार्यसिद्धि हुन्थ्यो, यस सूत्रमा स्वरित पदको पाठ गर्नु पर्दैनथ्यो तर शेष निघातको नियमानुसार स्वरित स्वरमात्र बाँकी रहन्थ्यो , त्यस्तो नहोस् भनेर नै यस सूत्रमा स्वरित पद पढिएको हो। त्यसकारण त्रिपादीस्थ यस सूत्रले विहित स्वरित स्वर "अनुदात्तं पदमेकवर्जम् ६।१।१८५॥"को दृष्टिमा असिद्ध हुँदैन। स्वरित स्वरलाई मानेर शेषनिघात हुँदैन अपितु उदात्त तथा स्वरित दुवै स्वरको श्रवण रहन्छ।

तमीशानासः = तम् ईशानासः, यहाँ "फिषोऽन्त ०" (फि०सू०)ले 'तद्'को तकारोत्तरवर्ती अकार उदात्त छ। 'तद्'शब्ददेखि द्वितीयाको एकवचन 'अम्' "अनुदात्तौ ०" ले 'अम्' अनुदात्त छ। "अमि पूर्वः" ले पूर्वरूप भएपछि "एकादेश उदात्ते०"ले तकारोत्तरवर्ती अकार उदात्त हुन्छ। ईश् (ईश ऐश्वर्ये, अदादि) धातुदेखि लट् "लटः शतृशानचावप्रथमासमानाधिकरणे। ३।२।१२४॥" ले लट्को स्थानमा 'शानच्' अनुबन्धलोप र वर्णमेलनबाट बनेको 'ईशान'देखि प्रथमा विभक्तिको बहुवचन जस्, "आज्जसेरसुक्। ७।१।५०॥" ले 'असुक्'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आगम, अनुबन्धलोप, दीर्घ, रुत्व र विसर्ग, भएर बनेको 'ईशानासः' मा "धातोः" सूत्रद्वारा 'ई' तथा "चितः । ६ । १ । १६३ ॥" सूत्रद्वारा नकारोत्तरवर्ती 'अ' उदात्त छन् । "अनुदात्तं पद ०" ले 'अ'बाहेक अरू अच् अनुदात्त भएपछि "उदात्तादनुदात्त ०" ले उदात्त तकारोत्तरवर्ती 'अ'देखि पर रहेको 'ई'को स्वरित हुन्छ ।

२८९ स्वरितात्संहितायामनुदात्तानाम् । १ । २ । ३९ ॥ स्वरितात्परेषामनुदात्तानां संहितायामेकश्रुतिः स्यात् । इमं मे गङ्गे यमुने सरस्वति ॥

'स्वरितात्' यो पञ्चम्यन्त प्रथम पद, 'संहितायाम्' यो सप्तम्यन्त द्वितीय पद र 'अनुदात्तानाम्' यो षष्ठ्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "एकश्रुति दूरात् सम्बुद्धौ" बाट 'एकश्रुति' को अनुवृत्तिपछि सूत्रको अर्थ :– संहितामा स्वरितदेखि पर रहेका अनुदात्त स्वरको एकश्रुति हुन्छ, हो ।

इमं मे गङ्गे यमुने सरस्वति = 'इमम्'मा 'इदम्'शब्दको दकारोत्तरवर्ती अकार "फिषोऽन्त ०" ले उदात्त छ । "अनुदात्तौ ०" ले 'अम्' अनुदात्त छ । "त्यदादीनामः । ७ । २ । १०२ ॥" ले 'म्'को अकार भएपछि "अतो गुणे" ले पररूप, "अमि पूर्वः" ले पूर्वरूप र "दश्च" ले 'द्'को 'म्'भएपछि "एकादेश उदा ०"ले मकारोत्तरवर्ती अकार उदात्त छ । "अनुदात्तं सर्वमपादादौ"ले **'मे'**को मकारोत्तरवर्ती एकार अनुदात्त छ । त्यसको "उदात्तादनुदात्त ०"ले 'ए' स्वरित भएपछि "आमन्त्रितस्य च । ८ । १ । १९ ॥"ले **गङ्गे, यमुने** तथा **सरस्वति**का सबै 'अच्' अनुदात्त हुन्छन् र "स्वरितात्संहि ०" ले ती सबै 'अच्'अनुदात्ततर हुन्छन् ।

२९० उदात्तस्वरितपरस्य सन्नतरः । १ । २ । ४० ॥ उदात्तस्वरितौ परौ यस्मात्तस्यानुदात्तस्यानुदात्त तरः स्यात् । सरस्वति शुतुद्रि । व्यचक्षयत्स्वः ॥

'उदात्तस्वरितपरस्य' यो षष्ठ्यन्त प्रथम पद र 'सन्नतरः' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "स्वरितात्संहितायामनुदात्तानाम्" बाट 'अनुदात्तानाम्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– उदात्त या स्वरित स्वर पर भएमा पूर्ववर्ती अनुदात्तको अनुदात्ततर (सन्नतर) हुन्छ, हो । यहाँ 'सन्न'शब्दले अनुदातत्व लक्षित हुन्छ ।

सरस्वति शुतुद्रि = सरस्वति तथा शुतुद्रि दुवै सम्बोधनान्त आमन्त्रित पद हुन् । 'सरस्वति' प्रथम पादको अन्तिम पद हो भने 'शुतुद्रि' द्वितीय पादको प्रारम्भिक पद हो । "आमन्त्रितस्य च । ८ । १ । ९ ॥" ले सरस्वति पदका सबै 'अच्' अनुदात्त छन् भने 'शुतुद्रि'को शकारोत्तरवर्ती 'उ' "आमन्त्रितस्य च । ६ । १ । १९८ ॥" ले उदात्त छ । त्यसपछि "उदात्तस्वरित ०" ले शकारोत्तरवर्ती उदात्त 'उ' पर भएमा तकारोत्तरवर्ती अनुदात्त 'इ' अनुदात्ततर हुन्छ ।

व्यचक्षयत्स्वः = वि अचक्षयत् यहाँ "तिङ्ङतिङः"ले 'अचक्षयत्'पदका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबै 'अच्' अनुदात्त हुन्छन् । 'स्वः' पदको वकारोत्तरवर्ती अकार "न्यङ्स्वरौ स्वरितः । ४। ४७।" (फि०सू०) ले स्वरित छ। तसर्थ "उदात्तस्वरित ०"ले वकारोत्तरवर्ती स्वरित 'अ' पर हुँदा भकारोत्तरवर्ती अनुदात्त 'अ'को अनुदात्ततर हुन्छ।

२९१ धातोः । ६ । १ । १६२ ॥ अन्त उदात्तः स्यात् । गोपायतं नः । असि सत्यः ॥

यस सूत्रमा 'धातोः' यो षष्ठचन्त पद मात्र छ । यहाँ "कर्षात्वतो घञोऽन्त उदात्तः" बाट 'अन्तः' को र 'उदात्तः' को अनुवृत्ति आएपछि पदसंयोजन गर्दा सूत्रको अर्थ :– धातुको अन्त्य 'अच्' उदात्त हुन्छ, हो ।

गोपायतं न = २७५ सूत्रमा सिद्ध गरिएको छ। **असि सत्यः** = असि अस् (अस भुवि, अदादि) धातुदेखि लट्, सिप्, 'शप्' 'शप्'को लुक् "तासस्त्योर्लोपः । ७ । ४ । ५७ ॥" ले 'अस्'को 'स्'को लोप भएपछि "धातोः" ले 'असि'को 'अ' उदात्त छ। "अनुदात्तौ ०" ले सकारोत्तरवर्ती इकार अनुदात्त छ, तसर्थ "उदात्तादनुदात्त ०" ले 'इ' स्वरित हुन्छ।

२९२ लिति । ६ । १ । १९३ ॥ प्रत्ययात्पूर्वमुदात्तम् । चिकीर्षकः ॥

यस सूत्रमा 'लिति' यो सप्तम्यन्त पद मात्र छ । यहाँ "कर्षात्वतो घञोऽन्त उदात्तः" बाट 'उदात्तः' को तथा "भीह्रीभृहुमदजनधनदरिद्राजागरां प्रत्ययात् पूर्वात्" बाट ' प्रत्ययात्' र 'पूर्वात्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– लित् प्रत्यय पर भएमा प्रत्ययदेखि पूर्वको 'अच्' उदात्त हुन्छ, हो ।

चिकीर्षकः = सनन्त चिकीर्षको षकारोत्तरवर्ती अकार "धातोः" ले उदात्त छ। "ण्वुल्तृचौ । ३ । १ । ११३ ॥" ले 'ण्वुल्' प्रत्यय, "आर्धधातुकं शेषः । ३ । ४ । ११४ ॥" ले आर्धधातुक संज्ञा, "युवोरनाकौ ७ । १ । १ ॥" ले 'वु'को स्थानमा 'अक' आदेश, "अतो लोपः । ६ ।४ । ४८॥" ले षकारोत्तरवर्ती अकारको लोप भएपछि प्राप्त स्थानिवद्भावको "न पदान्त ०"ले निषेधपछि "लिति"ले ककारोत्तरवर्ती 'ई'उदात्त हुन्छ।

२९३ उञ्छादीनाञ्च । ६ । १ । १६० ॥ अन्त उदात्तः स्यात् । उञ्छादिषु युगशब्दो घञन्तोऽगुणो निपात्यते । कालविशेषे रथाङ्गवयवे च । वैश्वानरः कुशिकेभिर्युगे युगे । अन्यत्र योगे योगे तवस्तरम् । भक्ष -शब्दो घञन्तः । गावः सोमस्य प्रथमस्य भक्षः । उत्तमशश्वत्तमावपि । उदुत्तमं वरुण । शश्वत्तममीलते ॥

'उञ्छादीनाम्' यो षष्ठचन्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "कर्षात्वतो घञोऽन्त उदात्तः" बाट 'अन्तः' को र 'उदात्तः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– उञ्छादि गणमा पढिएका शब्दको अन्त्य 'अच्' उदात्त हुन्छ, हो । उञ्छादि गणमा कालविशेष (सत्य - द्वापर - त्रेता - कलि) को तथा रथादि अवयवको वाचक घञन्त 'युग' शब्दमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निपातनद्वारा गुणनिषेध भएर 'युग' हुन्छ भने अन्यत्र गुण भएर 'योग' हुन्छ ।

वैश्वानरः कुशिकेभिर्युगेयुगे । 'युज्' (युजिर् योगे, रुधादि) धातुदेखि 'घञ्'प्रत्यय र निपातनद्वारा गुणनिषेध भएर बनेको 'युग'शब्दमा ञित्त्वात् "ञ्नित्यादिर्नित्यम् । ६ । १ । १९७ ॥" ले प्राप्त आदि 'अच्'को उदात्तलाई निषेध गरेर "उञ्छादीनाञ्च" ले गकारोत्तरवर्ती अकार उदात्त हुन्छ ।

गावः सोमस्य प्रथमस्य भक्षः = 'भक्ष' (भक्ष अदने, चुरादि धातु)देखि 'घञ्'प्रत्यय भएर बनेको भक्ष शब्दमा ञित्त्वात् "ञ्नित्यादिर्नित्यम् । ६ । १ । १९७ ॥" ले प्राप्त आदि 'अच्'को उदात्तलाई निषेध गरेर "उञ्छादीनाञ्च" ले क्षकारोत्तरवर्ती अकार उदात्त हुन्छ । उत्तम तथा शश्वत्तम शब्द 'तमप्'प्रत्ययान्त हुन् । पित्त्व भएकोले "अनुदात्तौ ०" ले प्राप्त अनुदात्तलाई निषेध गरेर उदात्त गर्नका लागि यस गणमा पढिएका हुन् ।

उदुत्तमं वरुण शश्वत्तममीलते = यहाँ उदुत्तम तथा शश्वत्तम शब्दको मकारोत्तरवर्ती अकार "उञ्छादीनाञ्च"ले उदात्त छ । द्वितीयाको एकवचन 'अम्' "अनुदात्तौ ०" ले 'अम्'को अकार अनुदात्त छ । "अमि पूर्वः" ले पूर्वरूप भएपछि "एकादेश उदात्ते ०"ले मकारोत्तरवर्ती अकार उदात्त हुन्छ ।

२९४ ञ्नित्यादिर्नित्यम् । ६ । १ । १९७ ॥ ञिदन्तस्य निदन्तस्य चादिरुदात्तः स्यात् । यस्मिन्विश्वानि पौंस्या । पुंसः कर्मणि ब्राह्मणादित्वात् ष्यञ् । सुते दधिष्व नश्चनः । चायतेरसुन् (उ.सू.) 'चायतेरन्ने ह्रस्वश्च' इति चकारादसुनो नुडागमश्च ॥

'ञ्नित्यादिः' यो समस्त प्रथमान्त प्रथम पद र 'नित्यम्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "कर्षात्वतो घञोऽन्त उदात्तः" बाट 'उदात्तः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– ञिदन्त तथा निदन्त शब्दको आदि 'अच्' सधैँ उदात्त हुन्छ, हो ।

पौंस्याः = पुंसो भावः कर्म वा, यस विग्रहमा षष्ठ्यन्त 'पुंस्' शब्ददेखि "गुणवचनब्राह्मणादिभ्यः कर्मणि च । ५ । १ । १२४ ॥" ले 'ष्यञ्' (य) प्रत्यय 'सुप्'को लुक् "तद्धितेष्वचामादेः । ७ । २ । ११७ ॥" ले आदिवृद्धि, स्वादिकार्यबाट बनेको 'पौंस्याः' को पकारोत्तरवर्ती 'औ' "ञ्नित्यादिर्नित्यम्" ले उदात्त हुन्छ ।

नश्चनः = चाय् (चायृ पूजानिशामनयोः, भ्वादि) धातुदेखि अन्न अर्थमा "चायतेरन्ने ह्रस्वश्च । ६३९ ।" (उ.सू.)ले 'असुन्'प्रत्यय, धातुको ह्रस्व तथा 'नुट्' आगम (चयन्अस्) "लोपोव्योर्वलि । ६ । १ । ६६ ॥" ले 'य्'को लोप, वर्णमेलन र स्वादिकार्यबाट बनेको 'चनः' को चकारोत्तरवर्ती अकारको "ञ्नित्यादिर्नित्यम्" ले उदात्त हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२९५ यतोऽनावः । ६ । १ । २१३ ॥ यत्प्रत्ययान्तस्य द्वचच आदिरुदात्तो नावं विना । युञ्जन्त्यस्य काम्याः । कमेर्णिङन्तादचो यत् । अनावः किम् ? नवतिं नाव्यानाम् ॥

'यतः' यो षष्ठचन्त प्रथमान्त प्रथम पद र 'अनावः' यो षष्ठचन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "ञ्नित्यादिर्नित्यम्" बाट 'आदिः' को र "निष्ठा च द्वचजनात्" बाट 'द्वचच्' को अनुवृत्ति ल्याएर 'द्वचच्' लाई षष्ठचन्तमा विपरिणमन गरेपछि सूत्रको अर्थ :– 'यत्'प्रत्ययान्त 'नौ'शब्दलाई छोडेर, दुई 'अच्' भएको 'यत्' प्रत्ययान्त शब्दको आदि 'अच्' उदात्त हुन्छ, हो ।

युञ्जन्त्यस्य काम्याः = 'कमु' कान्तौ, धातुदेखि "कमेर्णिङ्" ले 'णिङ्' प्रत्यय, 'उपधा' संज्ञा "अत उपधायाः" ले उपधावृद्धि, वर्णमेलन भएर बनेको 'कामि' को "सनाद्यन्ता धातवः" ले 'धातु'संज्ञा, "अचो यत्" ले 'यत्'प्रत्यय "णेरनिटि । ६ । ४ । ५१ ॥" ले इकारको लोप स्त्रीत्वको विवक्षामा 'टाप्' सवर्णदीर्घ र स्वादिकार्य भएर बनेको 'काम्या' को ककारोत्तरवर्ती आकारको "यतोऽनावः" ले उदात्त हुन्छ ।

२९६ फिषोऽन्त उदात्तः । १ । १ ॥ (फि०सू० १.) प्रातिपदिकं फिट् । तस्यान्त उदात्तः स्यात् । उच्चैः ॥

फिट् सूत्रहरू शान्तनवाचार्यद्वारा प्रणीत हुन् । अव्युत्पन्न प्रातिपदिकलाई फिट् भनिन्छ, । धातु, प्रत्यय र प्रत्ययान्तलाई छोडेर अर्थवान् शब्दलाई प्रातिपदिक भनिन्छ । 'फिट्' पूर्वाचार्यप्रसिद्ध संज्ञा हो । 'फिषः' यो षष्ठचन्त प्रथम पद, 'अन्तः' यो प्रथमान्त द्वितीय पद र 'उदात्तः' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ सूत्रको अर्थ :– फिट्को अन्त्य 'अच्' उदात्त हुन्छ, हो । **उच्चैः** = यहाँ "फिषोऽन्त ०" ले चकारोत्तरवर्ती 'ऐ' को उदात्त हुन्छ ।

२९७ वर्णानां तणतिनितान्तानाम् । २ । ३३ ॥ (फि०सू०) आदिरुदात्तः । एतः । हरिणः । शितिः । पृश्निः । इरित् ॥

'वर्णानाम्' यो षष्ठचन्त प्रथम पद र 'तणतिनितान्तानाम्' यो षष्ठचन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "अथादिः प्राक् शकटेः" बाट 'आदिः' को र "फिषोऽन्त उदात्तः" बाट 'उदात्तः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– त, ण, ति, नि, तथा तकार अन्तमा रहेका वर्णवाची शब्दको आदि 'अच्' उदात्त हुन्छ, हो ।

एतः = यहाँ "वर्णानां तण ०" ले 'त' अन्तमा रहेको वर्णवाची एत शब्दको आदि 'अच्' उदात्त हुन्छ । **हरिणः** = यहाँ उक्त सूत्रले 'ण' अन्तमा रहेको वर्णवाची हरिण शब्दको आदि 'अच्' उदात्त हुन्छ । **शितिः** = यहाँ उक्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूत्रले 'ति' अन्तमा रहेको वर्णवाची शिति शब्दको आदि 'अच्' उदात्त हुन्छ। **पृश्निः** = यहाँ उक्त सूत्रले 'नि' अन्तमा रहेको वर्णवाची पृश्नि शब्दको आदि 'अच्' उदात्त हुन्छ। **इरित्** = यहाँ उक्त सूत्रले 'त्' अन्तमा रहेको वर्णवाची इरित् शब्दको आदि 'अच्' उदात्त हुन्छ।

२९८ निपाता आद्युदात्ताः। ४। ८० ॥ (फि०सू०) स्वाहा ॥

'निपाताः' यो प्रथमान्त प्रथम पद र 'आद्युदात्ताः' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ सूत्रको अर्थ :– निपातसंज्ञक शब्दको आदि 'अच्' उदात्त हुन्छ, हो। **स्वाहा** = यहाँ "चादयोऽसत्वे। १। ४। ५७॥" ले स्वाहाको 'निपात'संज्ञा भएपछि "निपाता आ ०" ले वकारोत्तरवर्ती 'आ'को उदात्त हुन्छ।

२९९ उपसर्गाश्चाभिवर्जम्। ४। ८१ ॥ (फि०सू०) ॥

'उपसर्गाः' यो प्रथमान्त प्रथम पद, 'च' यो अव्यय द्वितीय पद र 'अभिवर्जम्' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन्। यहाँ "निपाता आद्युदात्ताः" बाट 'आद्युदात्ताः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– 'अभि' उपसर्गलाई छोडेर अरू उपसर्गको आदि 'अच्' उदात्त हुन्छ, हो। 'अभि' उपसर्गको भने "फिषोऽन्तः ०" ले अन्त्य 'अच्' उदात्त हुन्छ।

३०० आद्युदात्तश्च। ३। १। ३॥ प्रत्यय आद्युदात्त एव स्यात्। अग्निः। कर्तव्यम्॥

'आद्युदात्ताः' यो प्रथमान्त प्रथम पद र 'च' यो अव्यय द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "प्रत्ययः" बाट 'प्रत्ययः' को अधिकार भएकाले सूत्रको अर्थ :– प्रत्ययको आदि 'अच्' उदात्त हुन्छ, हो।

अग्निः = अग् (अगि गतौ, भ्वादि) धातुदेखि "इदितो नुम् धातोः। ७। १। ५८॥" ले नुम् अनुबन्धलोप "अङ्गेर्नलोपश्च। ६। १। १६२।" (उ०सू०) ले धातुको 'न्'को लोप तथा 'नि' प्रत्यय भएर बनेको अग्निमा "धातोः" ले 'अग्' धातुको 'अ' उदात्त तथा नकारोत्तरवर्ती इकार "आद्युदात्तश्च। ३। १। ३॥" ले उदात्त छन्। तसर्थ सतिशिष्ट नियमको अनुसार 'अग्नि' को 'इ' उदात्त हुन्छ। **कर्तव्यम्** = अनुबन्धविनिर्मुक्त कृ (डुकृञ् करणे तनादि) धातुदेखि "तव्यत्तव्यानीयरः। ३। १। ९६॥" ले 'तव्य' प्रत्यय "आर्धधातुकं शेषः" ले आर्धधातुक संज्ञा "सार्वधातुकार्ध ०" ले गुण रपर र स्वादिकार्यबाट बने को 'कर्तव्यम्' मा धातुको 'ऋ'को धातोः"ले उदात्त तथा "आद्युदात्तश्च" ले तकारोत्तरवर्ती अकार उदात्त छन् तसर्थ सतिशिष्ट नियमको अनुसार तकारोत्तरवर्ती अकार उदात्त हुन्छ भने अरू 'अच्' अनुदात्त हुन्छन्।

३०१ अनुदात्तौ सुप्पितौ। ३। १। ४॥ पूर्वस्यापवादः। यज्ञस्य। न यो युच्छति। शप्तिपो -रनुदात्तत्वे स्वरितप्रचयौ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'अनुदात्तौ' यो प्रथमान्त प्रथम पद र 'सुप्तिौ' यो समस्त प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "प्रत्ययः" बाट 'प्रत्ययः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– 'सुप्' र 'तिप्' प्रत्यय अनुदात्त हुन्छन्, हो । यो सूत्र "आद्युदात्तश्च"को अपवाद हो ।

यज्ञस्य = यज् (यज देवपूजासङ्गतिकरणदानेषु, भ्वादि) धातुदेखि "यजयाचयतविच्छप्रच्छरक्षो नङ् । ३ । ३ । ९० ॥" ले 'नङ्' प्रत्यय (यज् न) "स्तोः श्चुना श्चुः" ले श्चुत्व "जञोर्ञः" को अनुसार ञत्व भएर बनेको 'यज्ञ'शब्ददेखि षष्ठी विभक्तिको एकवचन ङस्, "टाङसिङसामिनात्स्याः । ७ । १ । १२ ॥" ले 'ङस्'को स्थानमा 'स्य'आदेश 'यज्ञस्य' यहाँ यकारोत्तरवर्ती अकार "धातोः"ले उदात्त छ । "आद्युदात्तश्च" ले ञकारोत्तरवर्ती अकार उदात्त छ । तसर्थ सतिशिष्ट नियमानुसार ञकारोत्तरवर्ती अकार उदात्त हुन्छ । प्रत्यय भएकाले 'स्य'को अकारको "आद्युदात्तश्च" ले प्राप्त उदात्तत्वलाई निषेध गरेर "अनुदात्तौ ०" ले अनुदात्तत्व गरेपछि "उदात्तादनुदात्तस्य स्वरितः" ले स्वरित हुन्छ ।

युच्छति = युच्छ् (युच्छ प्रमादे, भ्वादि) धातुदेखि लट्, तिप् 'शप्' र वर्णमेलन भएर बनेको 'युच्छति'मा यकारोत्तरवर्ती 'उ' "धातोः" ले उदात्त, 'शप्'को अकार तथा 'तिप्'को इकार "अनुदात्तौ ०" ले अनुदात्त छन् तसर्थ "उदात्तादनुदात्त ०" ले 'शप्'को अकार स्वरित भएपछि "स्वरितात्संहि ०" ले 'तिप्'को प्रचय (एकश्रुति) हुन्छ । "उदात्तादीनां स्वराणामविभागेनावस्थानमेकश्रुतिः ।" उच्चारणमा उदात्त-अनुदात्त-स्वरितादि स्वरको समस्थितिलाई एकश्रुति भनिन्छ ।

३०२ चितः । ६ । १ । १६३ ॥ अन्त उदात्तः स्यात् ॥

यस सूत्रमा 'चितः' यो षष्ठचन्त पद मात्र छ । यहाँ "कर्षात्वतो घञोऽन्त उदात्तः" बाट 'अन्तः' को र 'उदात्तः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– चित् प्रत्ययको अन्त्य 'अच्' उदात्त हुन्छ, हो ।

चितः सप्रकृतेर्बह्वकजर्थम् (वा०) ॥ चिति प्रत्यये सति प्रकृतिप्रत्ययसमुदायस्याऽन्त उदात्तो वाच्य इत्यर्थः । नभन्तामन्यके समे । यके सरस्वतीमनु । तकत्सुते ॥

'बहुच्' तथा 'अकच्' प्रत्ययमा प्रकृतिप्रत्ययसमुदायको अन्त्य 'अच्' उदात्त हुन्छ । **नभन्तामन्यके समे** = **अन्यके** 'अन्य'शब्ददेखि "अव्ययसर्वनाम्नामकच् प्राक् टेः । ५ । ३ । ७१ ॥" ले 'अकच्'प्रत्यय अनुबन्धलोप (अन्य्अक्अ) वर्णमेलन, 'अन्यक'देखि प्रथमा विभक्तिको बहवचन जस्, "जसःशी । ७ । १ । ११७ ॥" ले 'जस्'को स्थानमा 'शी' आदेश, "आद् गुणः" ले गुण, 'अन्यके' यहाँ "चितः" द्वारा यकारोत्तरवर्ती अकारको उदात्तत्व प्राप्त थियो त्यसलाई बाँधेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"चितः सप्रकृते ०" ले ककारोत्तरवर्ती 'ए' उदात्त हुन्छ ।

यके = 'यत्'शब्ददेखि पूर्ववत् 'अकच्'प्रत्यय (य्अक्अत्) यकत्देखि 'जस्' "त्यदादीनामः । ७ । २ । १०२ ॥" ले 'त्'को 'अ' "अतो गुणे" ले पररूप, गुण यके, यहाँ "चितः" द्वारा यकारोत्तरवर्ती अकारको उदात्तत्व प्राप्त थियो त्यसलाई बाँधेर "चितः सप्रकृते ०" ले ककारोत्तरवर्ती 'ए' उदात्त हुन्छ । 'बहुच्'को उदाहरण बहुपटुः, इत्यादि ।

तकत् = 'तद्'शब्ददेखि 'अकच्' प्रत्यय भएर बनेको 'तकत्' शब्दमा "चितः सप्रकृते ०" द्वारा ककारोत्तरवर्ती अकार उदात्त हुन्छ ।

३०३ तद्धितस्य । ६ । १ । १६४ ॥ चितस्तद्धितस्यान्त उदात्तः । पूर्वेण सिद्धे नित्स्वरबाधनार्थमिदम् । कौञ्जायनाः ॥

यस सूत्रमा 'तद्धितस्य' यो षष्ठ्यन्त पद मात्र छ । यहाँ "कर्षात्वतो घञोऽन्त उदात्तः" बाट 'अन्तः' को र 'उदात्तः' को तथा "चितः" बाट 'चितः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– तद्धित 'चित्'प्रत्ययान्तको अन्त्य 'अच्' उदात्त हुन्छ, हो ।

कौञ्जायनाः = कुञ्जस्य बहूनि अपत्यानि, यस विग्रहमा कुञ्ज+अस् देखि "गोत्रे कुञ्जादिभ्यश्चफञ् । ४ । १ । ९८ ।" ले 'च्फञ्'प्रत्यय अनुबन्धलोप प्रातिपदिक संज्ञा सुप्को लुक् "तद्धितेष्वचामादेः । ७ । २ । ११७ ॥" ले आदिवृद्धि "आयनेयीनीयियः फढखछघां प्रत्ययादीनाम् । ७ । १ । २ ॥" ले 'फ्' को स्थानमा 'आयन्' आदेश 'भ'संज्ञा "यस्येति च" ले अकारको लोप वर्णमेलन, स्वादिकार्य भएर बनेको कौञ्जायनदेखि "व्रातच्फञोरस्त्रियाम् । ५ । ३ । ११३ ॥" ले 'ञ्य'प्रत्यय, 'सुप्'को लुक् "ञ्यादयस्तद्राजाः । ५ । ३ । ११९ ॥" ले 'ञ्य'को तद्राज संज्ञा "तद्राजस्य बहुषु तेनैवास्त्रियाम् । २ । ४ । ६२ ॥" ले 'ञ्य'को लुक् स्वादिकार्य भएर बनेको 'कौञ्जायनाः' मा "तद्धितस्य" ले नकारोत्तरवर्ती अकार उदात्त हुन्छ । चित् प्रत्ययान्तको अन्त्योदात्तता "चितः सप्रकृते ०" वार्तिकद्वारा सिद्ध भए तापनि "ञ्नित्यादिर्नित्यम् ६ । १ । १९७ ॥" ले प्राप्त आद्युदात्तको निवारणका लागि यस सूत्रको आवश्यकता छ ।

३०४ कितः । ६ । १ । १६५ ॥ कितस्तद्धितस्यान्त उदात्तः । यदाग्नेय ॥

यस सूत्रमा 'कितः' यो षष्ठ्यन्त पद मात्र छ । यहाँ "कर्षात्वतो घञोऽन्त उदात्तः" बाट 'अन्तः' को र 'उदात्तः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– तद्धित 'कित्'प्रत्ययान्तको अन्त्य 'अच्' उदात्त हुन्छ, हो ।

यदाग्नेय = अग्निर्देवता अस्य, यस विग्रहमा "अग्नेर्ढक् । ४ । २ । ३३ ॥"ले 'ढक्'प्रत्यय अनुबन्धलोप प्रातिपदिक संज्ञा 'सुप्'को लुक् "आयनेयी ०" ले 'ढ्' को स्थानमा 'एय्' आदेश "किति च । ७ । २ । ११८ ॥" ले आदिवृद्धि 'भ' संज्ञा "यस्येति च" ले 'इ' को लोप र स्वादिकार्यबाट बनेको 'आग्नेयः' मा "कितः"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ले यकारोत्तरवर्ती अकार उदात्त हुन्छ, ।

३०५ अष्टनो दीर्घात् । ६ । १ । १७२ ॥ शसादिर्विभक्तिरुदात्ता । अष्टाभिर्दशभिः ॥

'अष्टनः' यो पञ्चम्यन्त प्रथम पद र 'दीर्घात्' यो पञ्चम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "कर्षात्वतो घञोऽन्त उदात्तः" बाट 'उदात्तः' को तथा "अञ्चेश्छन्दस्यसर्वनामस्थानम्" बाट 'असर्वनामस्थानम्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– दीर्घान्त 'अष्टन्'शब्ददेखि पर रहेको असर्वनामस्थान विभक्ति उदात्त हुन्छ, हो ।

अष्टाभिः = 'अष्टन्'शब्ददेखि तृतीया विभक्तिको बहुवचन भिस्, "अष्टन आ विभक्तौ । ७ । २ । ८४ ॥" ले 'न्' को स्थानमा आत्व "अकः सवर्णे दीर्घः" ले दीर्घ, रुत्व र विसर्ग भएर बनेको 'अष्टाभिः' यहाँ "षट्त्रिचतुर्भ्यो हलादिः । ६ । १ । १७९ ॥" ले भकारोत्तरवर्ती इकारको उदात्तत्व प्राप्त थियो त्यसलाई बाँधेर "झल्युपोत्तमम् । ६ । १ । १८० ॥" ले टकारोत्तरवर्ती आकारको उदात्तता प्राप्त थियो । त्यसलाई निषेध गरेर "अष्टनो दीर्घात्" ले भकारोत्तरवर्ती इकार उदात्त हुन्छ, ।

३०६ तित्स्वरितम् । ६ । १ । १८५ ॥ निगदव्याख्यातम् । क्व नूनम् ॥

'तित्' यो प्रथमान्त प्रथम पद र 'स्वरितम्' यो प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "प्रत्ययः" बाट 'प्रत्ययः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– 'तित्'प्रत्ययको 'अच्' स्वरित हुन्छ, हो ।

क्व नूनम् = कस्मिन्, यस विग्रहमा सप्तम्यन्त किम् शब्ददेखि "किमोऽत् । ५ । ३ । १२ ॥" ले 'अत्' प्रत्यय "क्वाति । ७ । २ । १०५ ॥"ले किम्को स्थानमा 'क्व' आदेश "कृत्तद्धितसमासाश्च" ले प्रातिपदिक संज्ञा सुप् (ङि)को लोप "अतो गुणे । ६ । १ । ९७ ॥" ले पररूप भएर बनेको 'क्व'को वकारोत्तरवर्ती अकार को "तित्स्वरितम् । ६ । १ । १८५ ॥" ले स्वरित हुन्छ ।

३०७ तास्यनुदात्तेन्ङिददुपदेशाल्लसार्वधातुकमनुदात्तमह्न्विङोः । ६ । १ । १८६ ॥ अस्मात्परं लसार्वधातुकमनुदात्तं स्यात् । तासि । कर्ता । कर्तारौ । कर्तारः । प्रत्ययस्वरापवादोऽयम् । अनुदात्तेत् । य आस्ते । ङितः । अभिचष्टे अनृतेभिः । अदुपदेशात् । पुरुभुजा चनस्यतम् । चित्स्वरोऽप्यनेन बाध्यते । वर्धमानं स्वे दमे । तास्यादिभ्यः किम् ? अभि वृधे गृणीतः । उपदेशग्रहणान्नेह । हतो वृत्राण्यार्या । लग्रहणं किम् ? कतीह पचमानाः । सार्वधातुकं किम् ? शिश्ये । अह्न्विङोः किम् ? ह्नुते । यदधीते ॥

'तास्यनुदात्तेन्ङिददुपदेशात्' यो समस्त पञ्चम्यन्त प्रथम पद, 'लसार्वधातुकम्' यो प्रथमान्त द्वितीय पद, 'अनुदात्तम्' यो प्रथमान्त तृतीय पद र 'अह्न्विङोः'यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पञ्चम्यन्त चतुर्थ पद गरी यस सूत्रमा चार पद छन् । यहाँ सूत्रको अर्थ :– लुट् लकारमा विधान गरिएको 'तासि' प्रत्यय, अनुदात्तेत् धातु, 'ह्नुङ्' तथा 'इङ्' धातुदेखि भिन्न डिदुपदेश धातु तथा अदुपदेश धातुदेखि पर रहेको लकारको स्थानमा विहित सार्वधातुकसंज्ञक प्रत्यय अनुदात्त हुन्छ, हो ।

कर्ता = अनुबन्धविनिर्मुक्त धातुसंज्ञक 'कृ' (डुकृञ् करणे, तनादि) देखि लुट्, 'ल्'को स्थानमा 'तिप्' 'तासि', "लुटः प्रथमस्य डारौरसः । २ । ४ । ८५ ॥" ले 'तिप्' को स्थानमा 'डा' आदेश "टेः" ले 'टि' को लोप "सार्वधातुकार्ध ०" ले गुण रपर यहाँ "धातोः" ले ककारोत्तरवर्ती 'ऋ' को उदात्तत्व, तकारोत्तरवर्ती 'आ' को "अद्युदात्तश्च" ले उदात्त भएपछि सतिशिष्ट नियमको अनुसार प्राप्त 'आ'को उदात्ततालाई निषेध गरेर "तास्यनुदात्ते ०" ले अनुदात्तत्व हुन्छ ।

कर्तारौ = 'कृ' लुट् 'तस्', तासि, 'तस्'को स्थानमा 'रौ' आदेश "रि च । ७ । ४ । ५७ ॥" ले 'स्' को लोप, गुण, रपरत्व भएर सिद्ध भएको 'कर्तारौ' मा धातुको 'ऋ' उदात्त, तकारोत्तरवर्ती 'आ' उदात्त तथा रेफोत्तरवर्ती 'औ' उदात्त छन् । यहाँ सतिशिष्टको नियमानुसार प्राप्त 'आ' को उदात्तत्वलाई निषेध गरेर "तास्यनुदात्ते ०" ले अनुदात्तत्व हुन्छ ।

कर्तारः = 'कृ' लुट् 'झि', तासि, 'झि'को स्थानमा 'रस्' आदेश "रि च । ७ । ४ । ५७ ॥" ले 'स्'को लोप, गुण, रपरत्व, वर्णमेलन रुत्व र विसर्ग भएर सिद्ध भएको 'कर्तारः' मा धातुको 'ऋ' उदात्त, तकारोत्तरवर्ती 'आ' उदात्त तथा रेफोत्तरवर्ती 'औ' उदात्त छन् । सतिशिष्ट नियमानुसार प्राप्त 'आ'को उदात्तत्वलाई निषेध गरेर "तास्यनुदात्ते ०" ले अनुदात्तत्व हुन्छ ।

आस्ते = अनुदात्तेत् धातुसंज्ञक 'आस्' (आस उपवेशने, अदादि) देखि लट् 'ल्' को स्थानमा 'त', 'शप्' "अदिप्रभृति ०" ले 'शप्'को लुक् "टित आत्मनेपदानां टेरे । ३ । ४ । ७९ ॥" ले एत्व भएर बनेको 'आस्ते' मा "धातोः" ले "आ'को उदात्त, "आद्युदात्तश्च" ले प्राप्त "आद्युदात्तश्च"ले प्राप्त तकारोत्तरवर्ती 'ए'को उदात्तत्वलाई बाँधेर "तास्यनुदात्ते ०" ले अनुदात्तत्व हुन्छ ।

अभिचष्टे = 'अभि'पूर्वक धातुसंज्ञक डिदुपदेश 'चक्ष्' (चक्षिङ् व्यक्तायां वाचि, अदादि) देखि लट् 'त', 'शप्', लुक्, एत्व, "स्कोः संयोगाद्योरन्ते च । ८ । २ । २९ ॥"ले 'क्ष्' (क्+ष्)को 'क्'को लोप (चष्ते) "ष्टुना ष्टुः ॥" ले ष्टुत्व भएर बनेको 'अभिचष्टे' मा चकारोत्तरवर्ती 'अ' को "धातोः"ले उदात्त हुन्छ । "आद्युदात्तश्च"ले प्राप्त टकारोत्तरवर्ती 'ए' को उदात्तत्वलाई बाँधेर "तास्यनुदात्ते ०" ले अनुदात्तत्व हुन्छ ।

चनस्यतम् = अनुबन्धविनिर्मुक्त धातुसंज्ञक 'चाय्' (चायृ पूजानिशामनयोः,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भ्वादि) देखि "चायतेरन्ने ह्रस्वश्च" (उ०सू०) ले 'असुन्' प्रत्यय तथा धातुको 'आ' को ह्रस्व 'नुट्' आगम अनुबन्धलोप (चय्न्अस्) "लोपो व्योर्वलि । ६ । १ । ६६ ॥" ले 'य्'को लोप, चनसम् आत्मन इच्छति, यस विग्रहमा "सुप आत्मनः क्यच् । ३ । १ । ८ ॥" ले 'क्यच्' अनुबन्धलोप प्रातिपदिक संज्ञा सुप्को लुक् 'चनस्य'को "सनाद्यन्ता धातवः"ले धातुसंज्ञा लोट्, 'थस्', 'शप्', "अतो गुणे" ले पररूप "तस्थस्थमिपां ०" ले 'थस्'को स्थानमा 'तम्' चनस्यतम्। यहाँ "धातोः" ले यकारोत्तरवर्ती 'अ' उदात्त छ, "अनुदात्तौ ०" ले 'शप्'को 'अ' अनुदात्त छ । तकारोत्तरवर्ती 'अ'को "आद्युदात्तश्च" ले प्राप्त उदात्तत्वलाई निषेध गरेर "तास्यनुदात्ते ०" ले अनुदात्तत्व हुन्छ । चित् स्वरलाई पनि यस सूत्रले निषेध गर्छ ।

वर्धमानम् = वर्ध् (वृधु वृधौ, भ्वादि) धातुदेखि लट् "लटः शतृशानचा ०" ले 'ल्'को स्थानमा 'शानच्' अनुबन्धलोप सार्वधातुक संज्ञा 'शप्' "आने मुक् । ७ । २ । ८२ ॥" ले 'मुक्' आगम अनुबन्धलोप "पुगन्त ०" ले गुण रपर र स्वादिकार्यबाट 'वर्धमानम्' सिद्ध हुन्छ, यहाँ "धातोः" ले वकारोत्तरवर्ती अकार उदात्त छ । 'शप्'को 'अ' "अनुदात्तौ ०" ले अनुदात्त छ । "चितः" ले नकारोत्तरवर्ती 'अ'को उदात्तत्व प्राप्त थियो, त्यसलाई बाँधेर 'शप्'को 'अ'को योग हुनाले अदुपदेश धातु मानेर "तास्यनुदात्ते ०" ले 'शानच्'मा सर्वानुदात्त स्वर हुन्छ । 'तासि'देखि पर नभएकाले 'गृणीतः'मा तकारोत्तरवर्ती 'अ'को अनुदात्त भएन । अदुपदेश नभएको हुँदा 'हतः'मा तकारोत्तरवर्ती 'अ' अनुदात्त भएन । लकारका स्थानमा विहित भनिएको हुँदा 'पचमानाः' यहाँ अनुदात्त भएन । यहाँ "ताच्छील्यवयोवचनशक्तिषु चानश् ३ । २ । १२९ ॥" ले 'पच्' धातुदेखि 'चानश्' भएको हो, 'ल्' को स्थानमा होइन । सार्वधातुक भनिएको हुँदा 'शिश्ये'मा अनुदात्त भएन । यहाँ लिट्को आर्धधातुक संज्ञा हुन्छ । 'ह्नुङ्' र 'इङ्' धातुलाई छोडेर भनिएको हुँदा 'ह्नुते' तथा 'यदधीते'मा अनुदात्त भएन ।

३०८ उपोत्तमं रिति । ६ । १ । २१७ ॥ रित्प्रत्ययान्तस्योपोत्तममुदात्तं स्यात् । यदाहवनीये ॥

'उपोत्तमम्' यो प्रथमान्त प्रथम पद र 'रिति' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "कर्षात्वतो घञोऽन्त उदात्तः" बाट 'उदात्तः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– 'रित्' प्रत्ययान्त शब्दको उपोत्तम ('त्रिप्रभृतीनाम् अचाम् अन्त्यम् उत्तमम्, तस्य समीपे यत्तदुपोत्तमम् ।' अन्त्यदेखि पूर्वको) 'अच्' उदात्त हुन्छ, हो ।

यदाहवनीये = 'आङ्' पूर्वक हु ('हु' दानादनयोः, जुहोत्यादि) धातुदेखि बाहुलकात्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अधिकरण अर्थमा अथवा प्रीणनार्थात् कर्म अर्थमा "तव्यत्तव्यानीयरः । ३ । १ । ९६ ॥" ले 'अनीयर्' प्रत्यय अनुबन्धलोप आर्धधातुक संज्ञा "सार्वधातुकार्धं ०" ले गुण 'अव्' आदेश वर्णमेलन "कुगतिप्रादयः । २ । २ । १८ ॥" ले समास तथा स्वादिकार्य भएर बनेको 'आहवनीये' यहाँ "आद्युदात्तश्च" ले प्राप्त 'आनीयर्' को आकारको उदात्तत्वलाई निषेध गरेर "उपोत्तमं रिति" ले नकारोत्तरवर्ती ईकार उदात्त हुन्छ । "समासस्य" ले प्राप्त अन्तोदात्तत्वलाई बाँधेर "गतिकारकोपपदात्कृत् । ६ । २ । १३९ ॥" ले प्रकृति स्वर (अर्थात् नकारोत्तरवर्ती ईकार नै उदात्त) हुन्छ, ।

३०९ समासस्य । ६ । १ । २२३ ॥ अन्त उदात्तः स्यात् । यज्ञश्रियम् ॥

यस सूत्रमा 'समासस्य' यो षष्ठचन्त पद मात्र छ । यहाँ "कर्षात्वतो घञोऽन्त उदात्तः" बाट 'उदात्तः' को तथा "अन्तोऽवत्याः" बाट 'अन्तः' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– समस्तपदको अन्तिम 'अच्' उदात्त हुन्छ, हो ।

यज्ञश्रियम् = यज्ञस्य श्रीः, यस विग्रहमा "षष्ठी" ले षष्ठीतत्पुरुष समास "कृत्तद्धित ०" ले समासत्वाद् प्रातिपदिक संज्ञा 'सुप्'को लुक्, यज्ञश्री शब्ददेखि द्वितीया विभक्तिको एकवचन 'अम्' "इको यणचि" ले प्राप्त 'यण्'लाई बाँधेर "अचिश्नुधातु ०" ले 'इयङ्' भएर 'यज्ञश्रियम्' बन्छ । यहाँ यकारोत्तरवर्ती 'अ' तथा 'श्री'को 'ई' "धातोः"ले उदात्त थिए । समास भएपछि "समासस्य" ले 'इ' उदात्त हुन्छ र आन्तरताम्यात् 'इयङ्' उदात्त हुन्छ ।

३१० बहुव्रीहौ प्रकृत्या पूर्वपदम् । ६ । २ । १ ॥ उदात्तस्वरितयोगि पूर्वपदं प्रकृत्या स्यात् । सत्यश्चित्रश्रवस्तमः । उदात्तेत्यादि किम् ? सर्वानुदात्ते पूर्वपदे समासान्तोदात्तत्वमेव, यथा स्यात् समपादः ॥

'बहुव्रीहौ' यो सप्तम्यन्त प्रथम पद, 'प्रकृत्या' यो अव्यय द्वितीय पद र 'पूर्वपदम्' यो प्रथमान्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ सूत्रको अर्थ :– बहुव्रीहि समासमा उदात्त एवम् स्वरित स्वरले युक्त पूर्वपदको प्रकृति स्वर (समास हुनु पूर्व जुन स्वर थियो त्यही स्वर) हुन्छ, हो ।

चित्रश्रवस्तमः = अनुबन्धविनिर्मुक्त धातुसंज्ञक 'चि' (चिञ् चयने, भ्वादि) देखि "अमिचिमिदिशसिभ्यः क्त्रः ६०३ ॥" (उ०सू०) ले 'क्त्र' प्रत्यय भएर निष्पन्न 'चित्र'शब्दमा 'त्र'को अकार "आद्युदात्तश्च" ले उदात्त छ । अव्युत्पन्न पक्षमा "फिषोऽन्त ०" ले 'त्र'को अकार उदात्त छ । श्रूयते, यस विग्रहमा (श्रु श्रवणे, भ्वादि) धातुदेखि "सर्वधातुभ्योऽसुन्" (उ०सू०) ले 'असुन्'प्रत्यय, गुण, 'अव्' आदेश भएर निष्पन्न 'श्रवस्' शब्दमा 'श्र'को अकार "ञ्नित्यादिर्नित्यम् । ६ । १ । १९७ ॥" ले उदात्त, चित्रं श्रवो यस्य, यस विग्रहमा "अनेकमन्यपदार्थे । २ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१ । २४ ॥" ले समास प्रातिपदिक संज्ञा "सुपो धातुप्रातिपदिकयोः । २ । ४ । ७१ ॥" ले 'सुप्' को लुक् 'चित्रश्रवस्' यहाँ "समासस्य" ले प्राप्त वकारोत्तरवर्ती 'अ'को उदात्तत्वलाई बाँधेर "बहुव्रीहौ प्र ०" ले पूर्वपदको प्रकृति स्वर हुन्छ। अर्थात् 'त्र' को 'अ' उदात्त हुन्छ। त्यसपछि अयमेषामतिशयेन चित्रश्रवाः, यस विग्रहमा "अतिशायने तमबिष्ठनौ । ५ । ३ । ५५ ॥" ले 'तमप्' (तम) प्रत्यय "अनुदात्तौ ०"ले 'तमप्'को अनुदात्त भएपछि "उदात्तादनुदात्त ०"ले स्वरित हुन्छ र "स्वरितात्संहि ०" ले प्रचय हुन्छ। पूर्वपदमा उदात्त या स्वरित स्वर नभएको बहुव्रीहि समासमा "समासस्य" ले अन्तोदात्त हुन्छ। समौ पादौ यस्य स समपादः, यहाँ "समासस्य" ले दकारोत्तरवर्ती 'अ' उदात्त हुन्छ।

३११ तत्पुरुषे तुल्यार्थतृतीयासप्तम्युपमानाव्ययद्वितीयाकृत्याः । ६ । २ । २ ॥ सप्तैते पूर्वपदभूतास्तत्पुरुषे प्रकृत्या । तुल्यश्वेतः । 'कृततुल्याख्या अजात्या' इति तत्पुरुषः । किरिणा काणः किरिकाणः । पतयन्मन्दयत्सखम् । मन्दयति मादके इन्द्रे सखेति सप्तमीतत्पुरुषः । शस्त्रीश्यामा । मुहूर्तसुखम् । भोज्योष्णम् ॥

'तत्पुरुषे' यो सप्तम्यन्त प्रथम पद र 'तुल्यार्थतृतीयासप्तम्युपमानाव्ययद्वितीया कृत्याः' यो समस्त प्रथमान्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ "बहुव्रीहौ प्रकृत्या पूर्वपदम्" बाट 'प्रकृत्या' को र ' पूर्वपदम्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– तत्पुरुष समासमा तुल्यार्थक, तृतीयान्त, सप्तम्यन्त, उपमानवाचक, अव्यय, द्वितीयान्त तथा कृत्यप्रत्ययान्त शब्द पूर्वपदमा छन् भने प्रकृति स्वर हुन्छ, हो।

तुल्यश्वेतः = तुलया सम्मितम्, यस विग्रहमा "नौवयोधर्मविषमूलमूलसीता–तुलाभ्यस्तार्यतुल्यप्राप्यवध्यानम्यसमसमितसम्मतेषु । ४ । ४ । ९१ ॥" ले तुला शब्ददेखि 'यत्' प्रत्यय अनुबन्धलोप तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्' को लुक् 'भ'संज्ञा "यस्येति च"ले 'आ' को लोप र वर्णमेलनबाट बनेको 'तुल्य' शब्दमा "यतोऽनावः । ६ । १ । २१३ ॥" ले तकारोत्तरवर्ती 'उ' उदात्त छ। तुल्यश्चासौ श्वेतः, विग्रहमा "कृत्यतुल्याख्या अजात्या । २ । १ ॥ ८६ ।" ले समास, प्रातिपदिक संज्ञा 'सुप्'को लुक् स्वादिकार्य भएपछि बनेको 'तुल्यश्वेतः' मा "समासस्य" ले प्राप्त अन्तोदात्तत्वलाई निषेध गरेर "तत्पुरुषे तुल्या ०" ले प्रकृति स्वर अर्थात् तकारोत्तरवर्ती 'उ' उदात्त हुन्छ, ।

किरिकाणः = (कॄ विक्षेपे, तुदादि) धातुदेखि "कृगृशॄपॄकुटिभिदिछिदिभ्यश्च"(उ०सू०५८२) ले 'इ' प्रत्यय तथा 'इ'को कित्त्व "ऋत इद्धातोः । ७ । १ । १०० ॥" ले 'ऋ'को स्थानमा 'इ' रपरत्व स्वादिकार्य भएर बनेको 'किरि'शब्दमा प्रत्ययको इकार "आद्युदात्तश्च" ले उदात्त हुनाले अन्तोदात्त छ। किरिणा काणः, यस विग्रहमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"तृतीया तत्कृतार्थेन गुणवचनेन । २ । १ । ३० ॥" ले समास प्रातिपदिक संज्ञा 'सुप्'को लुक् र स्वादिकार्य भएर बनेको 'किरिकाणः'मा "समासस्य" ले प्राप्त अन्तोदात्ततालाई बाँधेर "तत्पुरुषे तुल्या ०" ले प्रकृति स्वर हुन्छ ।

मन्दयत्सखम् = अनुबन्धविनिर्मुक्त धातुसंज्ञक 'मद्' (मदि स्तुति–मोदमदस्वप्नकान्तिगतिषु, भ्वादि) देखि "इदितो नुम् धातोः । ७ । १ । ५८ ॥" ले 'नुम्' णिच् धातुसंज्ञा 'मन्दि'देखि लट् "लटः शतृशानचा ०" ले लट्को स्थानमा 'शतृ' "छन्दस्युभयथा । ६ । ४ । ८६ ॥" ले 'शतृ'को सार्वधातुक तथा आर्धधातुक दुवै संज्ञा, आर्धधातुकलाई मानेर 'शप्'को अभाव "छन्दसि दृष्टानुविधानात्" को अनुसार सार्वधातुकलाई मानेर 'णि'लोपको अभाव, "सार्वधातुकार्ध ०" ले गुण र 'अय्'आदेश भएर बनेको 'मन्दयत्'मा "आद्युदात्तश्च" ले 'शतृ'को 'अ' उदात्त हुनाले 'मन्दयत्'शब्द अन्तोदात्त छ । मन्दयति इन्द्रे सखा, यस विग्रहमा "सप्तमी शौण्डैः । २ । १ । ४० ॥" मा सप्तमीको योगविभाग गरेर समास प्रातिपदिक संज्ञा 'सुप्'को लुक् "राजाहःसखिभ्यष्टच् । ५ । ४ । ९१ ॥" ले 'टच्' 'अ'संज्ञा "यस्येति च" ले 'इ'को लोप भएपछि यहाँ "समासस्य" ले प्राप्त अन्तोदात्ततालाई निषेध गरेर "तत्पुरुषे तुल्या ०" ले प्रकृति स्वर हुन्छ ।

शस्त्रीश्यामा = गौरादिगणमा शस्त्र शब्दको पाठ हुनाले "षिद्गौरादिभ्यश्च । ४ । १ । ४१ ॥" ले 'ङीष्' प्रत्यय भएर बनेको हुँदा शस्त्री शब्दमा "आद्युदात्तश्च" ले 'त्र'को 'ई' उदात्त (अन्तोदात्ता) छ । शस्त्री इव श्यामा, यस विग्रहमा "उपमानानि समान्यवचनैः । २ । १ । ५५ ॥" ले समास प्रातिपदिक संज्ञा 'सुप्'को लोप र स्वादिकार्यले बनेको शस्त्रीश्यामा, यहाँ "समासस्य" ले अन्तोदात्त प्राप्त थियो त्यसलाई बाँधेर "तत्पुरुषे तुल्या ०" ले प्रकृति स्वर (मध्योदात्तता) हुन्छ ।

मुहूर्तसुखम् = मुहूर्त शब्द पृषोदरादिगणमा पठित हुनाले अन्तोदात्त छ । मुहूर्तं सुखम्, यस विग्रहमा "कालाध्वनोरत्यन्तसंयोगे । २ । ३ । ५ ॥" ले मुहूर्त शब्ददेखि द्वितीया विभक्ति, "अत्यन्तसंयोगे च । २ । १ । २९ ॥" ले समास प्रातिपदिक संज्ञा 'सुप्'को लुक् र स्वादिकार्यबाट बनेको मुहूर्तसुखम्, यहाँ "समासस्य" ले अन्तोदात्त प्राप्त छ । त्यसलाई बाँधेर "तत्पुरुषे तुल्या ०" ले प्रकृति स्वर हुन्छ ।

भोज्योष्णम् = भुज् (भुज पालनाभ्यव्यवहारयोः, रुधादि) धातुदेखि "ऋहलोर्ण्यत् । ३ । १ । १२४ ॥" ले 'ण्यत्'प्रत्यय अनुबन्धलोप "पुगन्त ०" ले गुण "चजोः कुघिण्ण्यतोः । ७ । ३ । ५२ ॥" ले प्राप्त कुत्वको "भोज्यं भक्ष्ये" ले निषेध हुन्छ । भोज्यमा यकारोत्तरवर्ती अकारको "तित्स्वरितम् । २ । १ । १८५ ॥" ले स्वरित हुन्छ । भोज्यं च तदुष्णञ्च, यस विग्रहमा "कृत्यतुल्याख्या अजात्या । २ । १ । ८६ ॥" ले समास प्रातिपदिक संज्ञा 'सुप्'को लुक् "आद् गुणः" ले गुण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र स्वादिकार्यबाट 'भोज्योष्णम्' बन्छ। यहाँ "समासस्य" ले अन्तोदात्त प्राप्त, त्यसलाई बाँधेर "तत्पुरुषे तुल्या ०" ले प्रकृति स्वर हुन्छ।

३१२ द्विगौ प्रमाणे। ६। २। १२॥ द्विगावुत्तरपदे प्रमाणवाचिनि तत्पुरुषे पूर्वपदं प्रकृतिस्वरम्। प्राच्यसप्तमः। सप्त समाः प्रमाणमस्य। प्रमाणे लो द्विगोर्नित्यम्। (वा०)॥ इति मात्रचो लुक्। प्राच्यशब्द आद्युदात्तः। प्राच्यश्चासौ सप्तसमश्च प्राच्यसप्तसमः। द्विगौ किम्? व्रीहिप्रस्थः। प्रमाणे किम्? परमसप्तसमम्॥

'द्विगौ' यो सप्तम्यन्त प्रथम पद र 'प्रमाणे' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ पूर्वसूत्रमा भैँ 'प्रकृत्या' को र 'पूर्वपदम्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– द्विगु समास उत्तरपद पर भएमा प्रमाणवाची तत्पुरुष समासमा पूर्वपदको प्रकृति स्वर हुन्छ, हो।

प्राच्यसप्तसमः = सप्तानां समानां समाहारः, यस विग्रहमा "तद्धितार्थोत्तर–पदसमाहारे च। २। १। ५१॥"ले समास प्रातिपदिक संज्ञा 'सुप्'को लुक् "नलोपः प्रातिपदिकान्तस्य" ले 'न्'को लोप "संख्यापूर्वो द्विगुः। २। १। ५२॥" ले द्विगुसंज्ञा, सप्तसमाः प्रमाणमस्य, यस विग्रहमा "प्रमाणे द्वयसज्दध्नञ्मात्रचः। ५। २। ३७॥" ले 'मात्रच्'प्रत्यय भएपछि "प्रमाणे लो द्वि ०" ले 'मात्रच्'को लुक् स्वादिकार्य भएपछि सप्तसमः, सिद्ध हुन्छ। प्राच्यश्चासौ सप्तसमश्च, यस विग्रहमा "विशेषणं विशेष्येण बहुलम्" ले समास प्रातिपदिक संज्ञा 'सुप्' को लुक् "समासस्य" ले प्राप्त अन्तोदात्तलाई बाँधेर "द्विगौ प्रमाणे"ले प्रकृति स्वर हुन्छ। द्विगु समास नभएको हुनाले 'व्रीहिप्रस्थः'मा तथा प्रमाणवाचकत्व नहुनाले 'परमसप्तसमम्'मा यस सूत्रले प्रकृति स्वर हुँदैन।

३१३ इगन्तकालकपालभगालशरावेषु द्विगौ। ६। २। २९॥ एषु परेषु पूर्वं प्रकृत्या। पञ्चारत्नयः प्रमाणमस्य पञ्चारत्निः। दश मासान् भूतो दशमास्यः। पञ्च मासान् भूतः पञ्चमास्यः। 'तमधीष्ट' इत्यधिकारे द्विगोर्यप्। पञ्चकपालः। पञ्चभगालः। पञ्चशरावः। नूः संख्यायाः। इति पञ्चन्शब्द आद्युदात्तः। इगन्तादिषु किम्? पञ्चाश्वः। द्विगौ किम्? परमारत्निः॥

'इगन्तकालकपालभगालशरावेषु' यो समस्त सप्तम्यन्त प्रथम पद र 'द्विगौ' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन्। यहाँ पूर्वसूत्रमा भैँ 'प्रकृत्या' को र 'पूर्वपदम्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– द्विगु समासमा इगन्त, कालवाचक, कपाल, भगाल तथा शराव शब्द पर भएमा पूर्वपदको प्रकृतिस्वर हुन्छ, (समास हुनु अघि जुन स्वर थियो त्यही स्वर हुन्छ) हो।

पञ्चारत्निः = पञ्चारत्नयः प्रमाणमस्य, यस विग्रहमा "तद्धितार्थोत्तर ०"ले समास प्रातिपदिक संज्ञा 'सुप्'को लुक् "नलोपः ०"ले 'न्' को लोप, "अकः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सवर्णे ०" ले सवर्णदीर्घ, "संख्यापूर्वो द्विगुः" ले द्विगुसंज्ञा "प्रमाणे द्वयसज् ०" ले 'मात्रच्' प्रत्यय, "प्रमाणे लो द्विगोर्नित्यम्" ले 'मात्रच्'को लुक् र स्वादिकार्यबाट 'पञ्चारत्निः' रूप सिद्ध हुन्छ । यहाँ "समासस्य" ले अन्तोदात्त प्राप्त थियो त्यसलाई बाँधेर "इगन्तकाल ०" ले पूर्वप्रकृति स्वर (अर्थात् "नृः संख्यायाः" (फि०सू०२८.) ले पञ्चन् शब्द आद्युदात्त भएको हुँदा चकारोत्तरवर्ती 'अ'को उदात्त) हुन्छ ।

दशमास्यः = दश मासान् भूतः, यस विग्रहमा "तद्धितार्थोत्तर ०" ले समास प्रातिपदिक संज्ञा 'सुप्' को लुक् 'नलोपः ०" ले 'न्'को लोप "संख्यापूर्वो ०" ले द्विगुसंज्ञा "द्विगोर्यप् । ५ । १ । ८२ ॥" ले 'यप्' प्रत्यय अनुबन्धलोप, 'भ'संज्ञा "यस्येति च" ले 'अ'को लोप स्वादिकार्यबाट 'दशमास्यः' रूप सिद्ध हुन्छ । दशमास्यः, यहाँ "समासस्य" ले अन्तोदात्त प्राप्त थियो त्यसलाई निषेध गरेर "इगन्तकाल ०" ले पूर्वप्रकृति स्वर (अर्थात् "नृः संख्याया"(फि०सू० २८.) ले 'दशन्'शब्द आद्युदात्त भएको हुँदा दकारोत्तरवर्ती 'अ' उदात्त) हुन्छ ।

पञ्चमास्यः = पञ्च मासान् भूतः, यस विग्रहमा पूर्ववत् कार्य हुन्छन् ।

पञ्चकपालः = पञ्चसु कपालेषु संस्कृतः, यस विग्रहमा "तद्धितार्थोत्तर ०" ले समास प्रातिपदिक संज्ञा 'सुप्'को लुक् "नलोपः ०" ले 'न्'को लोप "संख्यापूर्वो ०" ले द्विगुसंज्ञा "संस्कृतं भक्षाः । ४ । २ । १५ ॥" ले 'अण्' प्रत्यय "द्विगोर्लुगनपत्ये । ४ । १ । ८८ ॥" ले 'अण्'को लुक् र स्वादिकार्यबाट 'पञ्चमास्यः' रूप सिद्ध हुन्छ । यहाँ "समासस्य" ले अन्तोदात्त प्राप्त थियो । त्यसलाई बाँधेर "इगन्तकाल ०" ले पूर्वप्रकृति स्वर हुन्छ ।

पञ्चभगालः = पञ्चसु भगालेषु संस्कृतः, यस विग्रहमा पूर्ववत् कार्य हुन्छन् ।

पञ्चशरावः = पञ्चसु शरावेषु संस्कृतः, यस विग्रहमा पूर्ववत् कार्य हुन्छन् । इगन्तादि पर नभएकाले 'पञ्चाश्व'मा पूर्वप्रकृति स्वर भएन । तथा द्विगु समास नभएकाले 'परमारत्निः'मा यस सूत्रले पूर्वप्रकृति स्वर भएन अपितु "समासस्य" ले अन्तोदात्तता हुन्छ ।

३१४ राजन्यबहुवचनद्वन्द्वेऽन्धकवृष्णिषु । ६ । २ । ३४ ॥ राजन्यवाचिनां बहुवचनान्तानामन्धक -वृष्णिषु वर्तमाने द्वन्द्वे पूर्वपदं प्रकृत्या । श्वाफल्क–चैत्रकाः । शिनिवासुदेवाः । शिनिराद्युदात्तो लक्षणया तदपत्ये वर्तते । राजन्येति किम् ? द्वैप्यभैमायनाः । द्वीपे भवा द्वैप्याः । भैमेरपत्यं युवा भैमायनः । अन्धकवृष्णय एते न तु राजन्याः । राजन्यग्रहणमिहाऽभिषिक्तवंश्यानां क्षत्रियाणां ग्रहणार्थम् । नैते तथा । बहुवचनं किम् ? सङ्कर्षणवासुदेवौ । द्वन्द्वे किम् ? वृष्णीनां कुमाराः वृष्णिकुमाराः । अन्धकवृष्णिषु किम् ? कुरुपञ्चालः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'राजन्यबहुवचनद्वन्द्वे' यो सप्तम्यन्त प्रथम पद र 'अन्धकवृष्णिषु' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ पूर्ववत् 'प्रकृत्या' को र 'पूर्वपदम्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :–क्षत्रियवाचक बहुवचनान्त शब्दहरूको द्वन्द्व समासबाट यदि अन्धक, अथवा वृष्णिवंशको अभिधान हुन्छ भने पूर्वपदको प्रकृति स्वर (असमस्त अवस्थामा पूर्वपदको जुन स्वर थियो त्यही स्वर) हुन्छ, हो ।

श्वाफल्कचैत्रकाः = श्वफल्कस्य अपत्यम् , चित्रकस्य अपत्यम् पुमान्, यस विग्रहमा "ऋष्यन्धक -वृष्णिकुरुभ्यश्च । ४ । १ । ११४ ॥" ले 'अण्' प्रत्यय तद्धितान्तत्वात् प्रातिपदिक संज्ञा 'सुप्'को लुक् भएर बनेका 'श्वाफल्क' तथा 'चैत्रक'शब्दमा "आद्युदात्तश्च" ले 'अण्'को 'अ' उदात्त हुनाले अन्तोदात्तता छ। श्वाफल्काश्च चैत्रकाश्च, यस विग्रहमा "चार्थे द्वन्द्वः" ले समास प्रातिपदिक संज्ञा 'सुप्'को लुक् र स्वादिकार्यबाट 'श्वाफल्कचैत्रकाः' रूप सिद्ध हुन्छ। यहाँ "समासस्य" ले प्राप्त अन्तोदात्ततालाई निषेध गरेर "राजन्यबहुवच ०" ले पूर्वप्रकृति स्वर हुन्छ ।

शिनिवासुदेवाः = "वहिश्रिश्रुयुग्द्रुलाहात्वरिभ्यो नित् " (फि०सू.४९१.) ले बहुलतया 'शीङ्' स्वप्ने, धातुदेखि 'नि' प्रत्यय, धातुको 'ई'को ह्रस्व तथा 'नि'प्रत्ययमा निद्वद्भाव भएर बनेको एवम् लक्षणावृत्तिद्वारा अपत्यार्थक 'शिनि'शब्द "ञ्नित्यादिर्नित्यम् । ६ । १ । १९७ ॥" ले आद्युदात्त छ । वसुदेवस्य अपत्यं पुमान्, यस विग्रहमा "ऋष्यन्धक०"ले 'अण्' प्रत्यय र 'सुप्' को लुक् भएर बनेको 'वासुदेव'शब्द "आद्युदात्तश्च" ले अन्तोदात्त छ। शिनयश्च वासुदेवाश्च, यस विग्रहमा "चार्थे द्वन्द्वः" ले समास प्रातिपदिक संज्ञा 'सुप्'को लुक् र स्वादिकार्य भएपछि "समासस्य" ले अन्तोदात्त प्राप्त थियो त्यसलाई निषेध गरेर "राजन्यबहुवच ०" ले पूर्वप्रकृति स्वर हुन्छ । यस सूत्रमा पठित 'राजन्य'शब्दद्वारा (मूर्द्धाभिषिक्तो राजन्यो बाहुजः क्षत्रियो विराट्) अर्थात् राजकर्मरूप कर्ममा अभिषिक्त क्षत्रियको बोध हुने हुँदा तदभावमा 'द्वैप्यभैमायनाः' यहाँ "राजन्यबहुवच ०" ले पूर्वप्रकृति स्वर भएन । बहुवचनको अभावमा 'सङ्कर्षणवासुदेवौ'मा यस सूत्रले पूर्वप्रकृति स्वर भएन । द्वन्द्व समासको अभावमा 'वृष्णीनां कुमाराः वृष्णिकुमाराः', यहाँ यस सूत्रले पूर्वप्रकृति स्वर भएन । अन्धक तथा वृणिवंशको अभिधानको अभावमा 'कुरुपञ्चालः' यहाँ यस सूत्रले पूर्वप्रकृति स्वर भएन ।

३१५ संख्या । ६ । २ । ३५ ॥ संख्यावाचि पूर्वपदं प्रकृत्या द्वन्द्वे । एकादश । द्वादश । त्रयोदश । त्रेस्त्रयसादेश आद्युदात्तो निपात्यते ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस सूत्रमा 'संख्या' यो प्रथमान्त पद मात्र छ । यहाँ पूर्ववत् 'प्रकृत्या' को र 'पूर्वपदम्' को तथा "राजन्यबहुवचनद्वन्द्वेऽन्धकवृष्णिषु " बाट 'द्वन्द्वे' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– द्वन्द्व समासमा संख्यावाचक पूर्वपदको प्रकृति स्वर हुन्छ, हो । यहाँ एकादिमान सङ्ख्या हो ।

एकादश = इण् (इण् गतौ, अदादि) धातुदेखि "इण्भीकापाशल्यतिमर्चिभ्यः कन्"(उ.सू.३२३) ले 'कन्' प्रत्यय भएर निष्पन्न 'एक'शब्द "ञ्नित्यादिर्नित्यम् । ६ । १ । १९७ ॥"ले आद्युदात्त, एकश्च दश च, यस विग्रहमा "चार्थे द्वन्द्वः । २ । २ । २९ ॥" ले समास प्रातिपदिक संज्ञा 'सुप्'को लुक् "संख्याया अल्पीयस्याः" (वा०)ले 'एक'शब्दको पूर्वप्रयोग भएपछि "आन्महतः समानाधिकरणयोः । ६ । २ । ४६ ॥" सूत्रमा 'आत्'लाई विभक्त गरेर अथवा "प्रागेकादशभ्योऽच्छन्दसि । ५ । ३ । ४९ ॥" मा आत्वविधाननिर्देशद्वारा एकारोत्तरवर्ती अकारको आकार र स्वादिकार्य भएर बनेको 'एकादश'मा "समासस्य" ले अन्तोदात्त प्राप्त थियो त्यसलाई बाँधेर "संख्या" ले पूर्वप्रकृति स्वर हुन्छ ।

द्वादश = द्विशब्द "स्वाङ्गशिटामदन्तानाम्" (फि०सू०२९.) ले आद्युदात्त छ । द्वौ च दश च, यस विग्रहमा पूर्ववत् समास सुप्को लुक् "द्व्यष्टनः संख्यायामबहुव्रीह्यशीत्योः । ६ । ४ । ४९ ॥" ले 'इ'को स्थानमा आत्व र स्वादिकार्य भएर बनेको 'द्वादश'मा पूर्ववत् कार्य हुन्छ ।

त्रयोदश = त्रयश्च दश च यस विग्रहमा पूर्ववत् समास 'सुप्'को लुक् भएपछि "त्रेस्त्रयः । ६ । ३ । ४८ ॥" ले 'त्रि'को स्थानमा 'त्रयस्' आदेश (तथा 'त्रयस्' आदेशमा आद्युदात्तता) "ससजुषो रुः । ८ । ३ । ६६ ॥" ले रुत्व "हशि च । ६ । १ । १४४ ॥"ले उत्व "आद् गुणः" ले गुण र स्वादिकार्यले 'त्रयोदश' रूप सिद्ध हुन्छ । यहाँ "समासस्य" ले अन्तोदात्त प्राप्त थियो त्यसलाई बाँधेर "संख्या" ले प्रकृति स्वर हुन्छ । 'त्रयोदश च मे' इत्यादि स्थलमा आद्युदात्तको पाठ भएको हुँदा निपातनद्वारा 'त्रयस्' आदेश आद्युदात्त हुन्छ । कुनै पुस्तकमा 'अन्तोदात्तः' यस्तो पाठ पनि देखिने हुँदा 'त्रयोदश च मे' मा छान्दसत्वाद् आद्युदात्तता बुझ्नु पर्दछ ।

३१६ कारकाद्दत्तश्रुतयोरेवाशिषि । ६ । २ । १४८ ॥ सञ्ज्ञायामन्त उदात्तः । देवदत्तः । विष्णुदत्तः । कारकात् किम् ? सम्भूतो रामायणः । दत्तश्रुतयोः किम् ? देवपालितः । अस्मान्नियमादत्र "सञ्ज्ञायामना ०" इति न । "तृतीया कर्मणि"इति तु भवति । एवे किम् ? कारकावधारणं यथा स्यात् । दत्तश्रुतावधारणं माभूत् । अकारकादपि दत्तश्रुतयोरन्त उदात्तो भवति । संश्रुतः । आशिषि किम् ? देवैः खाता देवखाता । आशिष्येवेत्येवमत्रेष्टो नियमः । तेनाऽनाहतो नदति देवदत्त इत्यत्र न, शङ्खविशेषस्य सञ्ज्ञेयम् । 'तृतीया कर्मणीति पूर्वपदप्रकृतिस्वरत्वमेव भवति ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'कारकात्' यो पञ्चम्यन्त प्रथम पद, 'दत्तश्रुतयोः' यो समस्त षष्ठचन्त द्वितीय पद, 'एव' यो अव्यय तृतीय पद र 'आशिषि' यो सप्तम्यन्त चतुर्थ पद गरी यस सूत्रमा चार पद छन् । यहाँ "कर्षात्वतो घञोऽन्त उदात्तः" बाट 'उदात्तः' को, "अन्तः । ६ । २ । १४३ ॥" बाट 'अन्त'को र "संज्ञायामनाचितादीनाम्" बाट 'संज्ञायाम्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– संज्ञाविषयक तत्पुरुष समासमा आशीर्वाद अर्थ बुझिएमा संज्ञामा कारकदेखि पर रहेको क्तप्रत्ययान्त 'दत्त' तथा 'श्रुत'शब्दको मात्र अन्त्य 'अच्'को उदात्त हुन्छ, हो ।

देवदत्तः = देवा एनं देयासुः इत्येवं प्रार्थितैः देवैर्दत्तः, यस विग्रहमा दा (डुदाञ् दाने, जुहोत्यादि) धातुदेखि "क्तिच् क्तौ च संज्ञायाम् । ३ । ३ । १७४ ॥" ले 'क्त' प्रत्यय अनुबन्धलोप "दो दद्घोः । ७ । ४ । ४६ ॥" ले 'दा'को स्थानमा 'दद्' आदेश "खरि च" ले चर्त्व "कर्तृकरणे कृता बहुलम् । २ । १ । ३२ ॥"ले समास प्रातिपदिक संज्ञा 'सुप्'को लुक् र स्वादिकार्यले बनेको 'देवदत्तः' "कारकादृत्त ०"ले अन्तोदात्त छ ।

विष्णुश्रुतः = विष्णुः एनं श्रूयात् इति प्रार्थिते विष्णुना श्रुतः, यस विग्रहमा श्रु (श्रु श्रवणे, भ्वादि) धातुदेखि "क्तिच् क्तौ च संज्ञायाम् । ३ । ३ । १७४ ॥" ले 'क्त'प्रत्यय अनुबन्धलोप "कर्तृकरणे कृता बहुलम् । २ । १ । ३२ ॥" ले समास प्रातिपदिक संज्ञा 'सुप्'को लुक् र स्वादिकार्यबाट 'विष्णुश्रुतः' रूप सिद्ध हुन्छ । यहाँ "कारकादृत्त ०" ले अन्तोदात्त हुन्छ । यस सूत्रमा कारक पद नपढिएको भए "गतिकारकोपपदात् कृत् । ६ । २ । १३९ ॥ सूत्रबाट गति, कारक तथा उपपद तिनै पदको अनुवृत्ति हुन्थ्यो र गतिसंज्ञकदेखि पर रहेको क्तान्तमा पनि यस सूत्रको प्रवृत्ति हुन्थ्यो, त्यसलाई रोक्नका लागि यस सूत्रमा कारक पद पढिएको हो । त्यसकारण सम्पूर्वक 'भू'धातुदेखि "क्तिच् क्तौ च संज्ञायाम् । ३ । ३ । १७४ ॥" ले 'क्त' प्रत्यय भएर बनेको रामायणको वाचक 'सम्भूत'शब्दमा यस सूत्रको प्रवृत्ति हुँदैन अपितु "संज्ञायामनाचितादीनाम् । ६ । २ । १४६ ॥" ले 'सम्भूत'शब्द अन्तोदात्त हुन्छ । 'दत्त' र 'श्रुत'पदमा मात्र यस सूत्रको प्रवृत्ति हुन्छ तसर्थ 'देवपालितः' मा "संज्ञायामनाचितादीनाम् । ६ । २ । १४६ ॥" ले प्राप्त अन्तोदात्तको यस सूत्रले नियमन गर्ने हुँदा 'देवपालितः' मा "संज्ञायामना०" को प्रवृत्ति हुँदैन अपितु "तृतीया कर्मणि । ६ । २ । ४८ ॥" ले प्रकृति स्वर हुन्छ । यस सूत्रमा 'एव'शब्द विना पनि अन्ययोगव्यवच्छेदक अवधारणारूप एवकारार्थको प्रतीति हुँदाहुँदै पुनः उक्त सूत्रमा एव पदको प्रयोगले "सिद्धे सति आरभ्यमाणो विधिर्नियमाय कल्पते"को अनुसार कारकको मात्र अवधारण (नियन्त्रण) हुन्छ । दत्त र श्रुतको हुँदैन । तसर्थ अकारकदेखि पर रहेका दत्त तथा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रुत अन्तोदात्त हुन्छन् । जस्तै = संश्रुतः । आशीर्वाद अर्थ नहुनाले 'देवखाता'मा यस सूत्रको प्रवृत्ति हुँदैन । "तृतीया कर्मणि ०" ले पूर्वपदप्रकृति स्वर हुन्छ । आशीर्वाद अर्थमा नै यस सूत्रको प्रवृत्ति हुन्छ । तसर्थ 'अनाहतो वदति देवदत्तः' यहाँ यस सूत्रको प्रवृत्ति हुँदैन अपितु "तृतीया कर्मणि" ले पूर्वपदप्रकृति स्वर हुन्छ । देवदत्त शङ्खविशेषको (अर्जुनको शङ्खको) नाम हो ।

३१७ ययतोश्चाऽतदर्थे । ६ । २ । १५६ ॥ ययतौ यौ तद्धितौ तदन्तस्योत्तरपदस्य नञो गुणप्रतिषेधविषयात्परस्यान्त उदात्तः स्यात् । पाशानां समूहः पाश्या । न पाश्या अपाश्या । अदन्त्यम् । अतदर्थे किम् ? अपाद्यम् । तद्धितः किम् ? अदेयम् । गुणप्रतिषेधे किम् ? दन्त्यादन्यददन्त्यम् । 'तदनुबन्धकग्रहणे नातदनुबन्धकस्ये' ति । नेह । अवामदेव्यम् ॥

'ययतोः' यो षष्ठचन्त प्रथम पद, 'च' यो अव्यय द्वितीय पद र 'अतदर्थे' यो समस्त सप्तम्यन्त तृतीय पद गरी यस सूत्रमा तिन पद छन् । यहाँ "कर्षात्वतो घञोऽन्त उदात्तः" बाट 'उदात्तः' को, "अन्तः" बाट 'अन्त'को र "नञो गुणप्रतिषेधे सम्पाद्यर्हहितालमर्थास्तद्धिताः" बाट 'नञः' को र 'तद्धिताः' को अनुवृत्ति आएपछि पदसंयोजनबाट सूत्रको अर्थ :– गुणप्रतिषेधार्थक 'नञ्'देखि पर रहेको अतदर्थमा विहित तद्धित 'य' तथा 'यत्' प्रत्ययान्त शब्दको अन्त्य 'अच्' उदात्त हुन्छ, हो ।

पाशानां समूहः पाश्या । न पाश्या अपाश्याः = पाशानां समूहः, यस विग्रहमा "पाशादिभ्यो यः । ४ । २ । ४९ ॥" ले 'पाशा'शब्ददेखि 'यत्' प्रत्यय अनुबन्धलोप, सुब्लुक्, 'भ'संज्ञा "यस्येति च" ले 'आ'को लोप स्त्रीत्वको विवक्षामा 'टाप्' "अकः सवर्णे ०" ले सवर्णदीर्घ र स्वादिकार्य भएपछि पाश्या बन्छ, न पाश्या, यस विग्रहमा "नञ्" ले समास "नलोपो नञः" ले 'न्'को लोप र स्वादिकार्यपछि "ययतोश्च ०" ले 'अपाश्याः' को यकारोत्तरवर्ती 'आ'को उदात्त हुन्छ ।

अदन्त्यम् = दन्तेषु भवम्, यस विग्रहमा दन्तशब्ददेखि "शरीरावयवाच्च । ५ । १ । ६ ॥" ले 'यत्' प्रत्यय, अनुबन्धलोप, सुब्लुक्, 'भ'संज्ञा "यस्येति च" ले 'अ'को लोप स्वादिकार्यले 'दन्त्यम्' सिद्ध हुन्छ । न दन्त्यम्, यस विग्रहमा "नञ्" ले नञ्समास, सुब्लुक्, "नलोपो नञः"ले 'न्'को लोप र स्वादिकार्यले सिद्ध भएको 'अदन्त्यम्' मा "ययतोश्चा ०" ले यकारोत्तरवर्ती 'अ' उदात्त हुन्छ । "वामदेवाड्ड्यड्ड्यौ । ४ । २ । ९ ॥" सूत्रमा डित्करण व्यर्थ भएर ज्ञापित भएको "तदनुबन्धकग्रहणे नातदनुबन्धकस्य" परिभाषाद्वारा 'अवामदेव्यम्' मा यस सूत्रले अन्तोदात्त हुँदैन अपितु "अव्यये नञ्कुनिपातानाम्" वार्तिकको सहयोगले "तत्पुरुषे तुल्यार्थ०" ले अव्ययपूर्वपदप्रकृति स्वर हुन्छ । तदर्थ भएको हुनाले 'अपाद्यम्'मा यस सूत्रको प्रवृत्ति हुँदैन । तद्धित 'यत्' प्रत्यय नभएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुनाले 'अदेयम्'मा यस सूत्रको प्रवृति हुँदैन । गुणप्रतिषेधार्थक नञ् नभएको हुनाले दन्त्यादन्यद् 'अदन्त्यम्'मा यस सूत्रको प्रवृत्ति हुँदैन ।

३१८ तिङ्ङतिङः । ८ । २ । २८ ॥ अतिङन्तात्पदात्परं तिङन्तं निहन्यते । अग्निमीले ॥

'तिङ्' यो अनुकरणात्मक प्रथम पद र 'अतिङः' यो पञ्चम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "अनुदात्तं सर्वमपादादौ" बाट ' अनुदात्तम्' को अनुवृत्ति भएपछि सूत्रको अर्थ :– अतिङन्त पददेखि पर रहेको तिङन्त पदका सबै 'अच्' अनुदात्त हुन्छन्, हो ।

अग्निमीले = अग्नि शब्दमा नकारोत्तरवर्ती 'इ' तथा 'ईले'मा लकारोत्तरवर्ती 'ए' "आद्युदात्तश्च" ले उदात्त छन् । दुवै पदको एक वाक्यमा प्रयोग हुँदा "तिङ्ङतिङः"ले 'ईले'का सबै 'अच्'अनुदात्त हुन्छन् ।

३१९ गतिर्गतौ । ८ । १ । ७० ॥ अनुदात्तः । अभ्युद्धरति । गतिः किम् ? दत्तः प्रपचति । गतौ किम् ? आमन्द्रैरिन्द्र हरिभिर्याहि मयूररोमभिः ॥ इति स्वरप्रकरणम् ।

'गतिः' यो प्रथमान्त प्रथम पद र 'गतौ' यो सप्तम्यन्त द्वितीय पद गरी यस सूत्रमा दुई पद छन् । यहाँ "पूजनात्पूजितमनुदात्तं काष्ठादिभ्यः" बाट 'अनुदात्तम्' को अनुवृत्ति आएपछि सूत्रको अर्थ :– गतिसंज्ञक पर रहेमा पूर्ववर्ती गतिसंज्ञकको अनुदात्त हुन्छ, हो ।

अभ्युद्धरति = अभि उत् हरति, यहाँ गतिसंज्ञक 'उत्' पर रहेमा पूर्ववर्ती 'अभि'को "गतिर्गतौ"ले अनुदात्त हुन्छ । पूर्वस्थित गतिसंज्ञक नभएको हुँदा दत्तः 'प्रपचति' मा यस सूत्रको प्रवृति हुँदैन । गति पर नभएको हुँदा 'आमन्द्रैरिन्द्रहरिभिर्याहि मयूररोमभिः' यहाँ यस सूत्रको प्रवृत्ति हुँदैन ।

इति शालिग्राम सुवेदीद्वारा विरचित 'रञ्जना' नेपाली व्याख्याको स्वरप्रकरण समाप्त ।

अथ स्वरसञ्चारप्रकारः

अथ वैदिकवाक्येषु स्वरसञ्चारप्रकारः कथ्यते । अग्निमील इति प्रथमा ऋक् तत्राग्निशब्दोऽव्युत्पत्तिपक्षे फिष् इत्यन्तोदात्तः इति माधवः । वस्तुतस्तु घृतादित्वात् । व्युत्पत्तौ तु निप्रत्ययस्वरेण । अम् सुप्त्वादनुदात्तः । अमि पूर्व इत्येकादेशस्त्वेकादेश उदात्तेनेत्युदात्तः । ईले । तिङ्ङतिङ इति निघातः । संहितायां तूदात्तानुदात्तस्येतीकारः स्वरितः । स्वरितात्संहितायामिति ले इत्यस्य प्रचयापरपर्याया एकश्रुतिः । पुरःशब्दोऽन्तोदात्तः पूर्वाधरावराणामित्यसिप्रत्यय–स्वरात् । हितशब्दोऽपि धात्वो निष्ठायां दधातेर्हिरिति ह्यादेशे प्रत्ययस्वरेणान्तो–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दात्तः । पुरोऽव्ययमिति गतिसंज्ञायां कुगतीति समासे समासान्तोदात्ते तत्पुरुषे तुल्यार्थैत्यव्ययपूर्वपदप्रकृतिस्वरे गतिकारकोपपदात्कृदिति कृदुत्तरपदप्रकृतिस्वरे थाथादिस्वरे च पूर्वपूर्वोपमर्देन प्राप्ते गतिरनन्तर इति पूर्वपदप्रकृतिस्वरः । पुरश्शब्दोकारस्य संहितायां प्रचये प्राप्ते उदात्तस्वरितपरस्य सन्नतर इत्यनुदात्ततरः । यज्ञस्य नङः प्रत्ययस्वरः । विभक्तेः सुप्त्वादनुदात्तत्वे स्वरितत्वम् । देवम् । पचाद्यच् । फिट्स्वरेण प्रत्ययस्वरेण फिट्स्वरेण चित्स्वरेण वान्तोदात्तः । ऋत्विक्शब्दः कृदुत्तरपदप्रकृतिस्वरेणान्तोदात्तः । होतृशब्दस्तृन्–प्रत्ययान्तो नित्स्वरेणाद्युदात्तः । रत्नशब्दो नब्विषयस्येत्युदात्तः । रत्नानि दधातीति रत्नधाः । समासस्वरेण कृदुत्तरपदप्रकृतिस्वरेण वान्तोदात्तः । तमपः पित्वादनुदात्तत्वे स्वरितप्रचयावित्यादि यथाशास्त्रमुन्नेयम् ॥ इति स्वरसञ्चार–प्रकार : ।

अग्निम् = व्युत्पन्न पक्षमा अग्नि शब्द "अङ्गेर्नलोपश्च"(उ०सू०४९०)ले 'नि' प्रत्यय तथा 'न्'को लोप भएर बनेको हुँदा "आद्युदात्तश्च" ले नकारोत्तरवर्ती इकार उदात्त छ । अव्युत्पन्न पक्षमा "फिषोऽन्त उदात्तः" (फि०सू०१) या "घृतादीनाञ्च" (उ०सू ०२१)ले नकारोत्तरवर्ती इकार उदात्त छ । अग्नि शब्ददेखि द्वितीयाको एकवचन 'अम्', "अनुदात्तौ सुप्पितौ । ३ । १ । ४ ॥" ले 'अम्'को अकार अनुदात्त छ । "अमि पूर्वः । ६ । १ । १०७ ॥" ले पूर्वरूप भएपछि "एकादेश उदात्तेनोदात्तः । ८ । २ । ५ ॥"ले नकारोत्तरवर्ती इकार उदात्त हुन्छ । अनुदात्तं पदमेकवर्जम् । ६ । १ । १८५८ ॥" ले अवशिष्ट अग्निको अकारको अनुदात्त हुन्छ ।

ईले = 'ईड्' स्तुतौ धातुदेखि लट् 'ल्'को स्थानमा उत्तम पुरुष एकवचन 'इट्' "टित आत्मनेपदानां टेरे । ३ । ४ । ७९ ॥" ले एत्व तथा "द्वयोश्चास्य स्वरयोर्मध्यमेत्य सम्पद्यते स डकारो लकारः" ले 'ड्'को स्थानमा 'ल्' भएर बनेको 'ईले' पदमा "धातोः" ले धातुको इकार उदात्त छ । लकारोत्तरवर्ती एकार "आद्युदात्तश्च" ले उदात्त छ । 'सतिशिष्ट'नियमको अनुसार अवशिष्ट धातुको इकार अनुदात्त हुन्छ ।

पुरोहितम् = "पूर्वाधरावराणामसि पुरधवश्चैषाम्" ले पूर्व शब्ददेखि 'असि' प्रत्यय तथा 'पूर्व'को स्थानमा 'पुर्' आदेश भएर बनेको पुरस् शब्द अन्तोदात्त छ । 'धा'धातुदेखि 'क्त' प्रत्यय तथा 'धा'को स्थानमा "दधातेर्हिः" ले 'हि' आदेश भएर बनेको हित शब्द पनि अन्तोदात्त छ । पुरस्को "पुरोऽव्ययम्" ले गतिसंज्ञा भएपछि पुरो हितम्, यस विग्रहमा "कुगतिप्रादयः । २ । २ । १८ ॥" ले समास, प्रातिपदिक संज्ञा 'सुप्'को लुक् र स्वादिकार्य भएर बनेको पुरोहित पदमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्तोदात्तादि स्वरलाई बाँधेर "गतिरनन्तरः" ले पूर्वप्रकृतिस्वर भएर रेफोत्तरवर्ती ओकारको उदात्त हुन्छ। अवशिष्ट 'अच्'को 'सतिशिष्ट' नियमको अनुसार "अनुदात्तं पद०"ले अनुदात्त हुन्छ। "उदात्तादनुदात्तस्य स्वरितः। ८। ४। ६६॥" ले हकारोत्तरवर्ती इकारको स्वरित हुन्छ। "स्वरितात् संहितायामनुदात्तानाम्। १। २। ३९॥" ले तकारोत्तरवर्ती अकारको प्रचय प्राप्त थियो त्यसलाई बाँधेर "उदात्तस्वरितपरस्य सन्नतरः" ले पकारोत्तरवर्ती उकारको अनुदात्ततर हुन्छ।

यज्ञस्य = 'यज्' धातुदेखि "यजयाचयतविच्छप्रच्छो 'नङ् ३। ३। ९०॥"ले 'नङ्' प्रत्यय, श्चुत्व, तथा ञत्व भएर बनेको यज्ञ शब्दमा यकारोत्तरवर्ती अकार "धातोः"ले उदात्त छ। "आद्युदात्तश्च" ले ञकारोत्तरवर्ती अकार उदात्त, 'सतिशिष्ट' नियमको अनुसार "अनुदात्तं ०"ले ञकारोत्तरवर्ती अकार उदात्त बाँकी 'अच्' अनुदात्त छ। यज्ञ शब्ददेखि षष्ठीको एकवचन 'ङस्' (स्य) यकारोत्तरवर्ती अकार "अनुदात्तौ०"ले अनुदात्त छ। त्यसको "उदात्तादनुदात्तस्य ०" ले स्वरित हुन्छ।

देवम् = 'दिव्' धातुदेखि "नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः। ३। १। १३४॥" ले 'अच्' प्रत्यय भएर बनेको 'देव'शब्दमा "चितः"ले वकारोत्तरवर्ती अकार उदात्त छ। 'सतिशिष्ट' नियमको अनुसार "अनुदात्तं ०" ले बाँकी 'अच्' अनुदात्त छन्। देव शब्ददेखि द्वितीयाको एकवचन अम्' "अनुदात्तौ ०" ले अनुदात्त छ। "अमि पूर्वः" ले पूर्वरूप भएपछि "एकदेश उदात्तेन ०"ले वकारोत्तरवर्ती अकार उदात्त हुन्छ। 'सतिशिष्ट'नियमको अनुसार बाँकी 'अच्' अनुदात्त हुन्छन्।

ऋत्विजम् = ऋतुषु यजति, यस विग्रहमा ऋतुपूर्वक 'यज्' धातुदेखि "ऋत्विग्दधृक्स्रग्दिगुष्णिगञ्चुयुजिक्रुञ्चां च। ३। २। ५९॥"ले 'क्विन्' प्रत्यय सर्वापहारी लोप 'सुप्'को लुक् "वचिस्वपियजादीनां किति। ६। १। १५॥" ले सम्प्रसारण पूर्वरूप "इको यणचि। ६। १। ७७॥" ले 'यण्' भएर बनेको ऋत्विज् शब्दमा वकारोत्तरवर्ती इकार "धातोः" ले उदात्त छ। 'सतिशिष्ट' नियमको अनुसार "अनुदात्तं पद ०" ले बाँकी 'अच्' अनुदात्त छन्। ऋत्विज् शब्ददेखि द्वितीयाको एकवचन 'अम्' "अनुदात्तौ ०" ले अनुदात्त, "उदात्तादनुदात्त ०" ले 'अम्'को अकार स्वरित बनेपछि 'सतिशिष्ट' नियमको अनुसार "अनुदात्तं पद ०" ले बाँकी 'अच्' अनुदात्त हुन्छन्।

होतारम् = 'हु' दानादनयोः, धातुदेखि "नप्तृनेष्टृत्वष्टृहोतृपोतृभ्रातृजामातृपितृदुहितृ॥"(उ०सू०)" ले 'तृन्' प्रत्यय पछि गुण भएर बनेको होतृ शब्दमा "धातोः"ले हकारोत्तरवर्ती ओकार उदात्त छ। "आद्युदात्तश्च" ले प्राप्त उदात्तलाई निषेध गरेर "ञ्नित्यादिर्नित्यम्। ६। १। १९७॥" ले उदात्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएपछि 'सतिशिष्ट' नियमको अनुसार "अनुदात्तं पद ०" ले बाँकी 'अच्' अनुदात्त छन् । होतृ शब्ददेखि द्वितीयाको एकवचन 'अम्' "अनुदात्तौ ०" ले 'अम्'को अकार अनुदात्त छ । "उदात्तादनुदात्तस्य ०" ले 'अ'को स्वरित भएपछि "स्वरितात् संहितायाम् ०" ले प्रचय हुन्छ ।

रत्नधातमम् = रत्नानि दधाति, यस विग्रहमा "उपपदमतिङ् । २ । २ । १९ ॥" ले समास प्रातिपदिक संज्ञा 'सुप्'को लुक् "अतिशायने तमबिष्ठनौ । ५ । ३ । ५५ ॥" ले अतिशायन अर्थमा 'तमप्' प्रत्यय "अनुदात्तौ ०" ले 'तमप्' को अनुदात्त हुन्छ । 'रत्नधा'मा धकारोत्तरवर्ती आकारको "गतिकारकपदयोः पूर्वपदप्रकृतिस्वर–त्वञ्च ॥" (उ०सू०६६६)ले प्रकृतिस्वर (उदात्त) हुन्छ । "उदात्तादनुदात्तस्य ०" ले तकारोत्तरवर्ती अनुदात्त अकारको स्वरित भएपछि "स्वरितात् संहितायाम् ०" ले मकारोत्तरवर्ती अकारको प्रचय आदि जान्नुपर्दछ ।

इति शालिग्राम सुवेदीद्वारा विरचित 'रञ्जना' नेपाली व्याख्याको स्वरसञ्चारप्रकार ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूत्रसूची

सू.सं.	सूत्रम्	
२३५	अग्नीत्प्रेषणे ०	८ । २ । ९२ ॥
८३	अग्राद्यत्	४ । ४ । ११६ ॥
१७६	अङितश्च	६ । ४ । १०३ ॥
१४४	अङ्ग इत्यादौ च	६ । १ । ११९ ॥
२३९	अङ्गयुक्तं ति ०	८ । २ । ९६ ॥
१००	अद्भिः संस्कृतम्	४ । ४ । १३४ ॥
२४८	अनन्त्यस्यापि ०	८ । २ । १०५ ॥
१२७	अनसन्तान्न ०	५ । ४ । १०३ ॥
२७५	अनुदात्तं पद ०	६ । १ । १५८ ॥
२४३	अनुदात्तं प्रश्ना ०	८ । २ । १०० ॥
२७६	अनुदात्तस्य च ०	६ । १ । १६१ ॥
१४५	अनुदात्ते च कु ०	६ । १ । १२० ॥
३०१	अनुदात्तौ ०	३ । १ । ४ ॥
२२५	अनो नुट्	८ । २ । १६ ॥
४१	अन्येभ्योऽपि दृ०	३ । ३ । १३० ॥
१६२	अन्येषामपि ०	६ । ३ । १३७ ॥
२०३	अपरिहृताश्च	७ । २ । ३२ ॥
१३४	अपस्पृधेथा ०	६ । १ । ३६ ॥
१७	अभ्युत्साद ०	३ । १ । ४२ ॥
१२५	अमु चच्छन्दसि	५ । ४ । १२ ॥
१८५	अमो मश्	७ । १ । ४० ॥
२२८	अम्नरूधर ०	८ । २ । ७० ॥
४	अयस्मयादी ०	१ । ४ । २० ॥
६२	अवचक्षे च	३ । ४ । १५ ॥
१४६	अवपथासि च	६ । १ । १२१ ॥
३०	अवयाः श्वेत ०	८ । २ । ६७ ॥
२९	अवे यजः	३ । २ । ७२ ॥
१४१	अव्यादवद्या ०	६ । १ । ११६ ॥
२१४	अश्वाघस्यात्	७ । ४ । ३७ ॥
९३	अश्विमानण्	४ । ४ । १२६ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३०५	अष्टनो दीर्घात्	६ । १ । १७२ ॥
९०	असुरस्य स्वम्	४ । ४ । १२३ ॥
१४७	आङोऽनुना ०	६ । १ । १२६ ॥
१९५	आज्जसेरसुक्	७ । १ । ५० ॥
४८	आत ऐ	३ । ४ । ९५ ॥
२५६	आतोऽटि ०	८ । ३ । ३ ॥
३२	आतो मनिन् ०	३ । २ । ७४ ॥
५५	आदृगमहन ०	३ । २ । १७१ ॥
३००	आद्युदात्तश्च	३ । १ । ३ ॥
१४३	आपो जुषाणो ०	६ । १ । ११८ ॥
२८२	आमन्त्रितम् ०	८ । १ । ७२ ॥
२७७	आमन्त्रितस्य च	६ । १ । १९८ ॥
२७८	आमन्त्रितस्य च	८ । १ । १९ ॥
२३८	आम्रेडितं भ ०	८ । २ । ९५ ॥
१५९	इकः सुञि	६ । ३ । १३४ ॥
३१३	इगन्तकाल ०	६ । २ । २९ ॥
२६३	इडाया वा	४ । ३ । ५४ ॥
४५	इतश्च लोपः ०	३ । ४ । ९७ ॥
१९१	इदन्तो मसि	७ । १ । ४६ ॥
७	इन्धिभवति ०	१ । २ । ६ ॥
१७०	इरयो रे	६६ । ४ । ७६ ॥
१९३	इष्ट्वीनमिति च	७ । १ । ४८ ॥
१९९	ई च द्विवचने	७ । १ । ७७ ॥
६०	ईश्वरे तोसुन् ०	३ । ४ । १३ ॥
२७५	उच्चैरुदात्तः	१ । २ । २९ ॥
२९३	उञ्छादीनाञ्च	६ । १ । १६० ॥
२९०	उदात्तस्वरित ०	१ । २ । ४० ॥
२८५	उदात्तस्वरितयो ०	८ । २ । ४ ॥
२८८	उदात्तादनुदात्त ०	८ । ४ । ६६ ॥
२४५	उपरिस्विदा ०	८ । २ । १०२ ॥
५०	उपसंवादा ०	३ । ४ । ८ ॥
११६	उपसर्गाच्छ ०	५ । १ । ११८ ॥
३०८	उपोत्तमं रिति	६ । १ । २१७ ॥
२५४	उभयथर्क्षु	६८ । ३ । ८ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१५८	ऋचि तुनुघ ०	६ । ३ । १३३ ॥
१३०	ऋतश्छन्दसि	५ । ४ । १५८ ॥
१७९	ऋत्व्यवास्त्व्य ०	६ । ४ । १७५ ॥
२८६	एकादेश उदात्ते ०	८ । २ । ५ ॥
२५०	एचोऽप्रगृह्य ०	८ । २ । १०७ ॥
९७	ओजसोऽहनि ०	४ । ४ । १३० ॥
२३०	ओमभ्यादाने	८ । २ । ८७ ॥
१५७	ओषधेश्च ०	६ । ३ । १३२ ॥
२५९	कः करत्करति ०	८ । ३ । ५० ॥
६९	कद्रुकमण्ड ०	४ । १ । ७१ ॥
२१६	कव्यध्वरपृ ०	७ । ४ । ३९ ॥
२५	कव्यपुरीष ०	३ । २ । ६५ ॥
३१६	कारकाद्दत्त ०	६ । २ । १४८ ॥
३०४	कितः	६ । १ । १६५ ॥
६१	कृत्यार्थे तवै ०	३ । ४ । १४ ॥
२०	कृमृदृरुहि ०	३ । १ । ५९ ॥
२१९	कृषेश्छन्दसि	७ । ४ । ६४ ॥
१८३	क्त्वापिच्छ ०	७ । १ । ३८ ॥
१९२	क्त्वो यक्	७ । १ । ४७ ॥
३६	क्वसुश्च	३ । २ । १०७ ॥
२४७	क्षियाशीःप्रैषे ०	८ । २ । १०४ ॥
१३५	खिदेश्छन्दसि	६ । १ । ५२ ॥
३१९	गतिर्गतौ	८ । १ । ७० ॥
१८	गुपेश्छन्दसि	३ । १ । ५० ॥
१९७	गोः पादान्ते	७ । १ । ५७ ॥
२०५	ग्रसितस्कभि ०	७ । २ । ३४ ॥
८४	घच्छौ च	४ । ४ । ११७ ॥
१७३	घसिभसोर्ह ०	६ । ४ । १०० ॥
२०८	घोर्लोपो लेटि ०	७ । ३ । ७० ॥
१०	चतुर्थ्यर्थे ब ०	२ । ३ । ६२ ॥
१३३	चायः कि	६ । १ । ३५ ॥
३०२	चितः	६ । १ । १६३ ॥
२४४	चिदिति चोप ०	८ । २ । १०१ ॥
४०	छन्दसि गत्य ०	३ । ३ । १२९ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

११५	छन्दसि घस्	५ । १ । १०६ ॥
११२	छन्दसि च	५ । १ । ६७ ॥
१२९	छन्दसि च	५ । ४ । १४२ ॥
१५५	छन्दसि च	६ । ३ । १२६ ॥
७०	छन्दसि ठञ्	४ । ३ । १९ ॥
२१	छन्दसि निष्ट ०	३ । १ । १३२ ॥
११८	छन्दसि परि ०	५ । २ । ८९ ॥
५	छन्दसि परे ०	१ । ४ । ८१ ॥
१	छन्दसि पुन०	१ । २ । ६१ ॥
३४	छन्दसि लिट्	३ । २ । १०५॥
४२	छन्दसि लुङ् ०	३ । ४ । ६ ॥
२२	छन्दसि वन ०	३ । २ । २७ ॥
२५८	छन्दसि वाप्रा ०	८ । ३ । ४९ ॥
५१	छन्दसि शाय ०	३ । १ । ८४ ॥
२३	छन्दसि सहः	३ । २ । ६३ ॥
२२४	छन्दसीरः	८ । २ । १५ ॥
१६८	छन्दस्यपि ०	६ । ४ । ७३ ॥
१९८	छन्दस्यपि ०	७ । १ । ७६ ॥
५४	छन्दस्युभयथा	३ । ४ । ११७ ॥
१६३	छन्दस्युभयथा	६ । ४ । ५ ॥
१७१	छन्दस्युभयथा	६ । ४ । ८६ ॥
२७३	छन्दस्यृदव ०	८ । ४ । २६ ॥
२७	जनसनखन ०	३ । २ । ६७ ॥
१६५	जनिता मन्त्रे	६ । ४ । ५३ ॥
२९४	ञ्नित्यादिर्नित्यम्	६ । १ । १९७ ॥
७६	ढश्छन्दसि	४ । ४ । १०६ ॥
३७	णेश्छन्दसि	३ । २ । २३७ ॥
३११	तत्पुरुषे तुल्या ०	६ । २ । २ ॥
३०३	तद्धितस्य	६ । १ । १६४ ॥
९२	तद्वानासाम् ०	४ । ४ । १२५ ॥
१७२	तनिपत्योश्छ ०	६ । ४ । ९९ ॥
१९०	तप्तनप्तनथ ०	७ । १ । ४५ ॥
१२०	तयोर्दार्हिलौ ०	५ । ३ । २० ॥
२५१	तयोर्य्वावचि ०	८ । २ । १०८ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१८९	तस्य तात्	७।१।४४॥
३०७	तास्यनुदात्ते ०	६।१।१६८॥
३१८	तिङ्ङतिङः	८।१।२८॥
३०६	तित्स्वरितम्	६।१।१८५॥
८२	तुग्राद् घन्	४।४।११५॥
१३१	तुजादीनां दी ०	६।१।७॥
५६	तुमर्थे सेसेन ०	४।४।९॥
१२३	तुश्छन्दसि	५।३।५९॥
८	तृतीया च ०	२।३।३॥
११७	थट् च छन्दसि	५।२।५०॥
१२१	था हेतौ च ०	५।३।२६॥
२२०	दाधर्तिदर्धर्ति ०	७।४।६५॥
२५३	दाश्वान्साह्वा ०	६।१।१२॥
६८	दीर्घजिह्वी ०	४।१।५९॥
२५५	दीर्घादटि ०	८।३।९॥
२१३	दुरस्युर्द्रविण ०	७।४।३६॥
८७	दूतस्य भाग ०	४।४।१२०॥
२००	दृक्स्ववस्स्व ०	७।१।८३॥
५८	दृशये विख्ये च	३।४।११॥
२१५	देवसुम्नयो ०	७।४।३८॥
३१२	द्विगौ प्रमाणे	६।२।१२॥
९	द्वितीया ब्रा ०	२।३।६०॥
७४	द्व्यचश्छन्दसि	४।३।१५०॥
१६०	द्व्यचोऽत ०	६।३।१३५।
२९१	धातोः	६।१।१६२॥
१८७	ध्वमो ध्वात्	७।१।४२॥
१०७	नक्षत्राद्धः	४।४।१४१॥
२१२	न छन्दस्य ०	७।४।३५॥
२७४	नश्च धातुस्थो ०	८।४।२७॥
२२७	नसत्तनिषत्ता ०	८।२।६१॥
२२६	नाद्धस्य	८।२।१७॥
२८३	नामन्त्रिते ०	८।१।८३॥
२३७	निगृह्यानु ०	८।२।९४॥
६६	नित्यं छन्दसि	४।१।४६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२११	नित्यं छन्दसि	७ । ४ । ८ ॥
१६१	निपातस्य च	६ । ३ । १३६ ॥
२७२	निव्यभिभ्यो ०	८ । ३ । ११९ ॥
२६४	निसस्तप ०	८ । ३ । १०२ ॥
२७६	नीचैरनुदात्तः	१ । २ । ३० ॥
१८२	नेतराच्छन्दसि	७ । १ । २६ ॥
७५	नोत्वद्वर्धबि ०	४ । ३ । १५१ ॥
१९	नोनयतिध्वन ०	३ । १ । ५१ ॥
२६०	पञ्चम्याः प ०	८ । ३ । ५१ ॥
१५३	पथि च ०	६ । ३ । १०८ ॥
१२२	पश्चपश्चा च ०	५ । ३ । ३३ ॥
२६१	पातौ च ब ०	८ । ३ । ५२ ॥
७८	पाथोनदीभ्यां ०	४ ।४ । १११ ॥
१५०	पितरामातरा ०	६ । ३ । ३३ ॥
२४१	पूर्वं तु भाषायाम्	८ । २ । ९८ ॥
२६८	पूर्वपदात्	८ । ३ । १०६ ॥
९९	पूर्वैः कृतमनि ०	४ । ४ । १३३ ॥
१४०	प्रकृत्यान्तः पाद ०	६ । १ । ११५ ॥
२३२	प्रणवष्टेः	८ । २ । ८९ ॥
२४२	प्रतिश्रवणे च	८ २ । ९९ ॥
१२४	प्रत्नपूर्वविश्वे ०	५ । ३ । १११ ॥
५७	प्रयै रोहिष्यै ०	३ ।४ । १० ॥
२२३	प्रसमुपोदःपा ०	८ । १ । ६ ॥
२४९	प्लुप्तावैच इ ०	८ । २ । १०६ ॥
२०६	बभूथाऽतत ०	७ । २ । ६४ ॥
८६	बर्हिर्षि दत्तम्	४ । ४ । ११९ ॥
१२८	बहुप्रजाश्छ ०	५ । ४ । १२३ ॥
१२	बहुलं छन्दसि	२ । ४ । ३९ ॥
१४	बहुलं छन्दसि	२ । ४ । ७३ ॥
१५	बहुलं छन्दसि	२ । ४ । ७६ ॥
३३	बहुलं छन्दसि	३ । २ । ८८ ॥
१२२	बहुलं छन्दसि	५ । २ । १२२ ॥
१३२	बहुलं छन्दसि	६ । १ । ३४ ॥
१८०	बहुलं छन्दसि	७ । १ । ८ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१८१	बहुलं छन्दसि	७ । १ । १० ॥
२०१	बहुलं छन्दसि	७ । १ । १०३ ॥
२१०	बहुलं छन्दसि	७ । ३ । ९७ ॥
२२२	बहुलं छन्दसि	७ । ४ । ७८ ॥
१६९	बहुलं छन्दस्य ०	६ । ४ । ७५ ॥
३१०	बहुव्रीहौ प्र ०	६ । २ । १ ॥
२३४	ब्रूहिप्रेष्यश्रौ ०	८ । २ । ९१ ॥
१३९	भय्यप्रवय्ये ०	६ । १ । ८३ ॥
७७	भवेश्छन्दसि	४ । ४ । ११० ॥
६३	भावलक्षणे ०	३ । ४ । १६ ॥
११०	भावे च	४ । ४ । १४४ ॥
३८	भुवश्च	३ । २ । १३८ ॥
६७	भुवश्च	६ ४ । १ ।४७ ॥
२२९	भुवश्च महा ०	८ । २ । ७१ ॥
२५२	मतुवसो रु ०	८ । ३ । १ ॥
१०२	मतौ च	४ । ४ । १३६ ॥
९५	मत्वर्थे मास ०	४ । ४ । १२८ ॥
१०५	मधोः	६ ४ । ४ । १३९ ॥
९६	मधोर्ञ च	६४ । ४ । १२९ ॥
१६	मन्त्रे घस ०	२ । ४ । ८० ॥
३९	मन्त्रे वृषेष ०	३ । ३ । ९६ ॥
२८	मन्त्रे श्वेत ०	३ । २ । ७१ ॥
१७७	मन्त्रेष्वाङ्या ०	४ । ४ । १४१ ॥
१५६	मन्त्रे सोमा ०	६ । ३ । १३१ ॥
१०४	मये च	४ । ४ । १३८ ॥
९१	मायायामण्	४ । ४ । १२४ ॥
२०९	मीनातेर्नि ०	७ । ३ । ८१ ॥
१८८	यजध्वैन ०	६७ । १ । ४३ ॥
१४२	यजुष्युरः	६ । १ । ११७ ॥
२६६	यजुष्येके ०	८ । ३ । १०४ ॥
११	यजेश्च करणे	२ । ३ । ६३ ॥
२९५	यतोऽनावः	६ । १ । २१३ ॥
३१७	ययतोश्चा ०	६ । १ । १५६ ॥
२३३	याज्यान्तः	८ । २ । ९० ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१६७	युप्लुवोर्दी ०	६ । ४ । ५८ ॥
२६५	युष्मत्ततक्षु ०	८ । ३ । १०३ ॥
२३१	ये यज्ञकर्मणि	८ । २ । ८८ ॥
८८	रक्षोयातूनां ०	४ । ४ । १२१ ॥
३१४	राजन्यबहुवच ०	६ । २ । ३४ ॥
६५	रात्रेश्चाजसौ	४ । १ । ३१ ॥
८९	रेवतीजगती ०	४ । ४ । १२२ ॥
४३	लिङर्थे लेट्	३ । ४ । ७ ॥
५३	लिङ्याशिष्यङ्	३ । १ । ८६ ॥
२९२	लिति	६ । १ । १९३ ॥
३५	लिटः कानज्वा	३ । २ । १०६ ॥
४६	लेटोऽडाटौ	३ । ४ । ९४ ॥
१८६	लोपस्त आ ०	७ । १ । ४१ ॥
११३	वत्सरान्ताच्छ ०	५ । १ । ९१ ॥
९४	वयस्यासु ०	४ । ४ । १२७ ॥
७१	वसन्ताच्च	४ । ३ । २० ॥
१०६	वसोः समूहे ०	४ । ४ । १४० ॥
२४	वहश्च	३ । २ । ६४ ॥
१३७	वा छन्दसि	६ । १ । १०६ ॥
१७५	वा छन्दसि	६ । ४ । ८८ ॥
१६४	वा षपूर्वस्य ०	६ । ४ । ९ ॥
२४०	विचार्यमाणा ०	८ । २ । ९७ ॥
३१	विजुपे छन्दसि	३ । २ । ७३ ॥
१७८	विभाषर्जोश्छ ०	६ । ४ । १६२ ॥
२१७	विभाषा छ ०	७ । ४ । ४४ ॥
२३६	विभाषा पृष्ट ०	८ । २ । ९३ ॥
२	विशाखयोश्च	१ । २ । ६२ ॥
१२६	वृकज्येष्ठा ०	४ । ४ । ४१ ॥
७९	वेशन्तहिम ०	४ । ४ । ११२ ॥
९८	वेशोयशआदे ०	४ । ४ । १३१ ॥
४९	वैतोऽन्यत्र	३ । ४ । ९६ ॥
५२	व्यत्ययो बहुलम्	३ । १ । ८५ ॥
६	व्यवहिताश्च	१ । ४ । ८२ ॥
५९	शकि णमुल्क ०	३ । ४ । १२ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१६६	शमिता यज्ञे	६ । ४ । ५४ ॥
१०९	शिवशमरिष्ट ०	४ । ४ । १४३ ॥
१३६	शीर्षश्छन्दसि	६ । १ । ६० ॥
१३८	शेश्छन्दसि ०	६ । १ । ७० ॥
७३	शौनकादि ०	४ । ३ । १०६ ॥
१९६	श्रीग्रामण्यो ०	७ । १ । ५६ ॥
१७४	श्रुशृणुपॄकृ ०	६ । ४ । १०२ ॥
३	षष्ठीयुक्तश्छ ०	१ । ४ । ९ ॥
२६२	षष्ठ्याः पति ०	८ । ३ । ५३ ॥
४७	स उत्तमस्य	३ । ४ । ९८ ॥
८१	सगर्भसयूथ ०	४ । ४ । ११४ ॥
१५२	सधमादयस्थयो ०	६ । ३ । ९६ ॥
२०७	सनिंससनि ०	७ । २ । ६९ ॥
२७०	सनोतेरनः	८ । ३ । १०८ ॥
१११	सप्तनोऽञ्छ ०	५ । १ । ६१ ॥
३१५	संख्या	६ । २ । ३५ ॥
१५१	समानस्य ०	६ । ३ । ८४ ॥
२७७	समाहारः ०	१ । २ । ३१ ॥
३०९	समासस्य	६ । १ । २२३ ॥
८५	समुद्राभ्राद् ०	४ । ४ । ११८ ॥
११४	संपरिपूर्वा ०	५ । १ । ९२ ॥
१०८	सर्वदेवत्ता ०	४ । ४ । १४२ ॥
२२१	ससूवेति ०	७ । ४ । ७४ ॥
१०१	सहस्रेण ०	४ । ४ । १३५ ॥
२७१	सहे पृतन ०	८ । ३ । १०९ ॥
१५४	साढ्यै सा ०	६ । ३ । ११३ ॥
४४	सिब्बहुलं ०	३ । १ । ३४ ॥
२६९	सुञः	८ । ३ । १०७ ॥
२१८	सुधितवसु ०	७ । ४ । ४५ ॥
१८४	सुपां सुलुक् ०	७ । १ । ३९ ॥
२८४	सुबामन्त्रि ०	२ । १ । २ ॥
६४	सूपितृदोः ०	३ । ४ । १७ ॥
१०३	सोममर्हति ०	४ । ४ । १३७ ॥
२०४	सोमे ह्वरितः	७ । २ । ३३ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२६७	स्तुतस्तोम ०	८ । ३ । १०५ ॥
१९४	स्नात्व्यादय ०	७ । १ । ४९ ॥
१४८	स्यश्छन्दसि ०	६ । १ । १३३ ॥
८०	स्रोतसो वि ०	४ । ४ । ११३ ॥
२५७	स्वतवान् ०	८ । ३ । ११ ॥
२४६	स्वरितमा ०	८ । २ । १०२ ॥
२८९	स्वरितात्संहि ०	१ । २ । ३९ ॥
२८७	स्वरितो वा ०	८ । २ । ६ ॥
२६	हव्येऽनन्तः ०	३ । २ । ६६ ॥
१३	हेमन्तशिशि ०	२ । ४ । २८ ॥
७२	हेमन्ताच्च	४ । ३ । २१ ॥
१४९	ह्रस्वाच्चन्द्रो ०	६ । १ । १५१ ॥
२०१	ह्रुह्वरेश्छन्दसि	७ । २ । ३१ ॥

फिट्सूत्राणि

२९९	उपसर्गाश्चाभि ०	४ । ८१ ॥
२९८	निपाता आ ०	४ । ८० ॥
२९६	फिषोऽन्त ०	१ । १ ॥
२९७	वर्णानां तण ०	२ । ३३ ॥

वार्त्तिकसूची

अपुत्रादीनामिति ०	(वा०)॥ पृ.१२६
अक्षरसमूहे छ ०	(वा०) ॥ पृ.६५
आङ्याजयारा ०	(वा०) ॥ पृ.१०९
आमन्त्रिते छ ०	(वा०) ॥ पृ.१५१
आविष्टचस्यो ०	(वा०) ॥ पृ.५१
इयाडियाजी ०	(वा०) ॥ पृ.१०८
ईद्रथिनः	(वा०) ॥ पृ.१३९
ईषाअक्षादीनां ०	(वा०) ॥ पृ.८७
उभयसंज्ञान्य ०	(वा०) ॥ पृ.४
ऋचि त्रेरुत्तरप ०	(वा.) ॥ पृ.७८
एमन्नादिषु ०	(वा०) ॥ पृ.८३
एरजधिकारे ०	(वा०) ॥ पृ.२९
क्तिन्यपि दृश्यते	(वा०) ॥ पृ.१३०
गुग्गुलुमधुज ०	वा०) ॥ पृ.५१
चितः सप्रकृते ०	(वा०) ॥ पृ.१७८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन्दसि परे ।	(वा०) ॥ पृ.२९
छन्दसि वेति ।	(वा०) ॥ पृ.७७
छन्दसि स्त्रियां ।	(वा०) ॥ पृ.८९
छन्दसीवनिपौ ।	(वा०) ॥ पृ.७२
छन्दोविन्प्रक ।	(वा०) ॥ पृ.७१
जसादिषु छ ।	(वा०) ॥ पृ.१२५
तन्वादीनां छ ।	(वा०) ॥ पृ.९९
दृशेरग्वक्तव्यः	(वा०) ॥ पृ.३९
नभोऽङ्गिरोमनुषां ।	(वा०) ॥ पृ.३
पावकादीनां छ ।	(वा०) ॥ पृ.१२३
प्रमाणे लो द्वि ।	(वा०) ॥ पृ.१८६
प्रश्नान्ताभिपू ।	(वा०) ॥ पृ.१५०
बहुलं छन्दसीति ।	(वा०) ॥ पृ.१२५
भूरिदाब्नस्तुड् ।	(वा०) ॥ पृ.१३९
मासश्छन्दसी ।	(वा०) ॥ पृ.१३१
मुद्गलाच्छ ।	(वा०) ॥ पृ.५०
युष्मदस्मदोः ।	(वा०) ॥ पृ.६८
रयेर्मतौ बहुलम्	(वा०) ॥ पृ.७८
वन उपसंख्यानम्	(वा०) ॥ पृ.१५४
विंशतश्चेति ।	(वा०) ॥ पृ.६८
वृषण्वस्वश्वयोः	(वा०) ॥ पृ.४
शन्शतोर्डिनि ।	(वा०) ॥ पृ.६७
श्वेतवहादीनां ।	(वा.) ॥ पृ.२४
षष्ठ्यर्थे चतु ।	(वा०) ॥ पृ.८
सतिशिष्टस्वरब ।	(वा०) ॥ पृ.१६५
सिब्बहुलं णि ।	(वा०) ॥ पृ.३३
स्ववःस्वतव ।	(वा०) ॥ पृ.१३१
हिरण्य इति ।	(वा०) ॥ पृ.१९
हृग्रहोर्भश्छन्दसि	(वा०) ॥ पृ.३५
हृदय्या उप ।	(वा०) ॥ पृ.८३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्याख्याकार
डा. शालिग्राम सुवेदी

नाम :डा शालिग्राम सुवेदी
जन्ममिति :४/९/१९६२ ई.सं.
जन्मस्थान :पुतली बजार नगरपालिका १० मुसिडाँडा स्याङ्जा
हाल :पोखरा उपमहानगरपालिका १७ बिरौटा
माता :दुर्पदा सुवेदी
पिता :स्व.मुक्तिनाथ सुवेदी
पत्नी :गीता सुवेदी
शिक्षा :नव्यव्याकरणाचार्य (सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय वाराणसी) पिएच्.डी. :(नेपाल संस्कृत विश्वविद्यालय)
पेशा :प्राध्यापन
सम्प्रति :सहप्राध्यापक विन्दुवासिनी संस्कृत विद्यापीठ पोखरा
सम्पर्कसूत्र :९८४६१०३७०३
सम्पादन :अवधारणा २०७१ भदौ
सम्पादन :भारावत गीति काव्य एवम् निर्णय संग्रह
शिक्षासेवा : श्री विश्वनाथ संस्कृतमहाविद्यालय दिल्लीमा १/८/१९८९ ई देखि १४/४/१९९१ ई सम्म तथा २०४८/१/३ देखि हालसम्म नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गतका विद्यापीठमा व्याकरणाध्यापन। विभागाध्यक्ष: विन्दुवासिनी सस्कृत विद्यापिठ पोखरा २०५३ मंसिर १३ देखि २०५६ भदौ मसान्तसम्म
प्राचार्य : विन्दुवासिनी संस्कृत विद्यापिठ, पोखरा (२०६६/४/१ – २०७०/३/३१)
संलग्नता : आजीवन सदस्य श्री रामसन्दिर सञ्चालक समिति बिरौटा। आजीवन सदस्य श्री पुष्करेश्वर शिव (महादेव) मन्दिर मासवार। सृजनशील लोकतान्त्रिक प्रतिष्ठान पोखरा सचिव (२०६९ मङ्सिर देखि २०७१ असौज ४) तथा आजीवन सदस्य। आजीवन सदस्य स्याङ्जाली सम्पर्क सदन पोखरा।

978-9937-2-9339-6

Jayatu Sanskritam, Kathmandu, Nepal